# विचार र अनुभूति

कपिल लोहनी

KRIPA
PUBLICATION
HOUSE

**प्रकाशक :**

**कृपा पब्लिकेशन हाउस**
३७, तुलसी मार्ग, काठमाडौं, नेपाल

**फोन :** ०१-४४१४४५९, ०१-४४३३२०२
**ईमेल :** kripapublicationhouse@gmail.com
**वेबसाइट :** www.kapillohani.com

कृपा पब्लिकेशन हाउसद्वारा प्रकाशित, वैशाख २०७५

सर्वाधिकार © कपिलप्रसाद लोहनी

**ISBN :** 978-9937-0-3886-7

"BICHAR RA ANUBHUTI" BY KAPIL LOHANI

# समर्पित



ममतामयी माता
स्व. रूचिलावाला देवी लोहनी



हृदयेश्वरी पत्नी
स्व. रजनी थापा लोहनी

मा

# प्रकाशक कथन

कृपा पब्लिकेशन हाउसले आफ्नो प्रकाशनको प्रारम्भ कपिल लोहनीको पुस्तक "विचार र अनुभूति" बाट गरेको छ । लोहनीले प्रस्तुत पुस्तकमार्फत सामाजिक, पारिवारिक तथा वैयक्तिक सम्बन्ध, मुलुकको भू-यथार्थ, राज्यसञ्चालन नीति, विदेश-छिमेक नीति, विकास योजना औ आयोजना, देश-विदेशका विविधता, चलन, अपचलन, संस्कृतिका फेहरिस्तदेखि व्यक्तिको वयसन्धि काल एवम् तन्नेरी अवस्थाका अल्लारे प्रवृत्तिजन्य भोगाइहरूसम्मलाई नजिकबाट छाम्ने प्रयत्न गरेको पाइन्छ । लोहनीको लेखनधर्ममा यस पुस्तकमा वर्णित कुनै पनि घटना-परिघटनाले कुनै पनि पात्र निरपेक्ष पक्ष वा इतरपक्ष छैन । प्रस्तुत पुस्तकमा एकै व्यक्ति वा पक्षबाट समयक्रममा मुलुक वा समाजका लागि भए गरेका सकारात्मक कामको प्रशंसा तथा गलत कामको आलोचना गर्न लोहनी हिच्किचाएका छैनन् । यस हिसाबले प्रस्तुत पुस्तकमा लोहनीको लेखन पक्षधर वा इतर होइन, नितान्त सन्तुलित छ । पुस्तकमा एकातिर योजनाकारहरूका निम्ति मुलुक विकासको मार्गचित्र निर्माणमा काम लाग्ने महत्त्वपूर्ण सूत्रहरू समावेश छन् भने अर्कातिर ठाउँ-ठाउँमा युवा तथा तन्नेरीहरूको जम्काभेट घतलाग्दा घटनाप्रसंगहरूसँग हुनेछ । अधिकांश यथार्थ घटनामा आधारित यस पुस्तकमा हेर्लिंदै जाँदा प्रस्तुत कुनै प्रसंगले पाठकका मुहारमा उन्मुक्त हाँसो ल्याउनेछन् भने कतै लेखकले भोगेका पीडादायी क्षणहरूको वर्णनक्रममा पाठकको मन द्रवित हुनेछ । अत्यन्तै सरल भाषामा लेखिएको यो पुस्तक सबैका लागि पाच्य र ग्रहणीय त छँदैछ, सबै विधा-विचारधाराका पाठकका लागि केही न केही रोचक विषयको पनि अवश्य छ । कृपा पब्लिकेशन हाउस आफ्नो प्रकाशनको थालनी कपिल लोहनीको कृति "विचार र अनुभूति" बाट गर्न पाएकोमा ज्यादै हर्षित छ । कृपा, कपिल लेखनीको निरन्तरताको कामना गर्दछ !

**कृपा पब्लिकेशन हाउस**
३७, तुलसी मार्ग, काठमाडौँ, नेपाल

# शुभकामना

हाम्रो यस क्लब फिफ्टीका सक्रिय सदस्य श्री कपिलप्रसाद लोहनीले निकै मेहनतका साथ प्रकाशनमा ल्याउनुभएको यो पुस्तक मलगायत हाम्रा अन्य धेरै साथीले पढ्ने मौका पायौँ । निकै सरल भाषामा लेखिएका विभिन्न विषयका महत्त्वपूर्ण लेखहरूलाई कपिलजीले यस पुस्तकमा रोचक तवरले प्रस्तुत गर्नुभएकाले यो पुस्तकले पाठकहरूसामु निकै ख्याति पाउनेछ भन्ने कुरामा हामी विश्वस्त छौँ ।

क्लब फिफ्टीका विभिन्न प्रकाशनमा पनि कपिलजीका लेखहरू बराबर छापिइरहन्छन् । उहाँको लेखनशैली निकै परिष्कृत छ भने लेख्ने विषयमा पनि उहाँ राम्रो ज्ञान राख्नुहुन्छ । वास्तवमा आफूले हासिल गरेका ज्ञान तथा अनुभवलाई लेख तथा पुस्तकका रूपमा अन्य पाठकसम्म पुऱ्याउनु अत्यन्तै ठूलो कुरा हो । यसको निम्ति कडा मेहनत तथा निकै धेरै समय खर्चेका हुन्छन् लेखकहरूले ।

यसरी आफ्नो अमूल्य समय रचनात्मक लेखनमा व्यतीत गरेर हाम्रा परममित्र श्री कपिलप्रसाद लोहनीले यो पुस्तक प्रकाशन गर्नुभएकोमा हामी सबै क्लब फिफ्टीका सदस्य गौरवान्वित भएका छौँ । कपिलजी लेखन कार्यमा बाहेक गीत-सङ्गीत तथा खेलकुद र भ्रमणमा पनि निकै चाख राख्नुहुन्छ । उहाँ र भाउजु रजनी थापा लोहनी दुवैजना यस क्लबका सक्रिय सदस्य हुनुहुन्थ्यो तर दैवको नियतिका अगाडि हाम्रो केही लागेन र त्यही भएर हाम्री रजनी भाउजुलाई हामी सबैले केही महिनाअघि गुमाउनुपऱ्यो । उहाँको आत्माको चिर शान्तिका लागि हामी सदा कामना गरिरहन्छौँ र हाम्रा मित्र कपिलजीलाई सधैँ साथ दिई यस्ता रचनात्मक कार्यहरूमा लागि रहने प्रेरणा पनि प्रदान गरिरहनेछौँ ।

यो पुस्तकको विमोचन कार्यमा क्लब फिफ्टीले सक्रियताका साथ भाग लिन पाएको तथा कार्यक्रमको सफलताका लागि यस क्लबका सदस्यहरूले सहयोगी हातहरू अघि सारेकोमा क्लबका सम्पूर्ण साथीलाई धन्यवाद तथा कपिलजीलाई मुरी-मुरी शुभकामना ।

चैत्र २०७४

**दमन बस्नेत**
अध्यक्ष
क्लब फिफ्टी, काठमाडौं

# मेरो शुभकामना

यस पुस्तकको लेखक कपिलप्रसाद लोहनी मेरो कनिष्ठ सुपुत्र हो । उसले यस पुस्तकमार्फत विभिन्न विषयमा आफ्ना विचार र अभिव्यक्ति प्रस्तुत गरेकोमा मलाई निकै खुशी लागेको छ । हालै मैले उसको पुस्तकको पाण्डुलिपि पढ्दा मलाई मेरा आफ्नै विगतका केही कुराहरू झल्झल्ती आँखाअगाडि आए । उसले वर्णन गरेजस्तै हरेक बिहान म मेरी पत्नी तथा छोराछोरीसँग चिया पिउँदै त्यतिबेला आफूले पढेका र भोगेका कुराहरू सुनाउँदथेँ । सानैदेखि ममा लेखपढ गर्ने आदत बसेकाले मेरा फुर्सदका बेलाहरू सधैँ अध्ययन र लेखनमा नै बित्दथे । कलिलो युवावस्थामा नै मैले पाँचओटा पुस्तक प्रकाशित गरिसकेको थिएँ भने मेरा सयौँ लेख पनि प्रकाशित भइसकेका थिए । त्यस्तै उमेरतिर मेरो सम्पादनमा केही पत्रिका पनि प्रकाशित भइसकेका थिए । घरमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याइरहेका व्यक्तिहरू मलाई भेट्न आइरहने तथा मेरा अधिकांश खाली समय लेखपढमा नै बित्ने भएकाले मेरा सबै बालबच्चा पनि बिस्तारै लेखपढमा रमाउन थाले ।

कपिलले पुस्तकमा उल्लेख गरेजस्तै मेरा नजिकका इस्टमित्रहरू सुशिक्षित थिए । हाम्रो पिँढीका सबैजसा विद्यार्थी त्यतिबेला अध्ययनका निम्ति भारतका वनारस, पटना, कलकत्ताजस्ता ठाउँहरूमा जाने गर्दथे । मेरो अध्ययन पनि त्यतिबेला वनारसमा नै भएको हो । मेरा मामाका छोराछोरीहरू डा. यादवप्रसाद पन्त, कृष्णप्रसाद पन्त, अङ्गुरवावा जोशीलगायत मेरा बालसखाहरू कृष्णप्रसाद भट्टराई (किशुनजी), देवेन्द्रराज उपाध्याय, सुरेन्द्रराज शर्मा, विश्वबन्धु थापा, मनमोहन अधिकारी, मदनमणि दीक्षित आदि हामी सबैले वनारसमा नै अध्ययन पूरा गरेका हौँ ।

डा. हर्कबहादुर गुरुङ मेरा अभिन्न मित्र थिए । उनका बारेमा छुट्टै अध्याय लेखेर कपिलले उनीबारेका तथ्यहरू निकै रोचक ढङ्गले प्रस्तुत गरेको रहेछ । हर्क गुरुङ वास्तवमा नै निकै विद्वान्, खुला मनका र हक्की स्वभावका व्यक्ति थिए । हामी राष्ट्रिय योजना आयोगमा छँदा हाम्रो विकासबारेको अवधारणा निकै मिल्दोजुल्दो भएकोले हाम्रो समूहका हामी डा. बद्रीप्रसाद श्रेष्ठ, डा. मोहनमान सैँजु, तथा डा. रत्नशमशेर राणालगायतलाई हप्ता–दश दिनमा विकास निर्माणका योजनाका खाकाबारे

छलफल गर्न राजा वीरेन्द्रले बराबर रात्रिको खाना खानेगरी बोलाइरहन्थे । नेपालको विकासका योजना तथा संरचना निर्माणमा हामीले बिताएका ती समय आज पनि निकै रोमाञ्चक लाग्दछन् ।

आज ९० वर्षमा पाइला राख्दा पनि मेरो अध्ययनको क्रम रोकिएको छैन । ज्ञान हासिल गरिरहनु र ज्ञानगुनका कुराहरूमा मन लगाइरहनुको आनन्द नै अर्कै हुन्छ । मेरो यस्तै आदतलाई पछ्याएर छोरा कपिलले आफ्नो पहिलो पुस्तक प्रकाशनमा ल्याएकोमा मलाई निकै खुशी लागेको छ ।

पुस्तकमा कपिलले आर्थिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक तथा अन्य विभिन्न पक्षमा सरल भाषामा लेखेका लेखहरू निकै रोचक र समयसापेक्ष छन् । उसको यो पुस्तकबारे पाठकहरूको राम्रै प्रतिक्रिया आउलाजस्तो मलाई लागेको छ । आउँदा दिनहरूमा पनि यस्तै अनेकन रोचक विषयहरूमा उसले कलम चलाइरहोस् भन्ने मेरो शुभकामना छ ।

**गोविन्दप्रसाद लोहनी**
घट्टेकुलो, डिल्लीबजार, काठमाडौं

चैत्र, २०७४

# सम्झना सहित पुस्तकबारे दुई शब्द

कपिलप्रसाद लोहनीले यस "विचार र अनुभूति" नामक पुस्तकमार्फत विभिन्न विषयमा आफ्ना विचार र अनुभव पाठकहरूबीच राख्नुभएको छ । मैले उहाँलाई विक्रम संवत् २०४४ मा चिनेयता हामीबीच दाजुभाइको जस्तो गहिरो पारिवारिक सम्बन्ध छ । हामीले अध्ययन तथा अनुसन्धानका काममा पनि सहकार्य गर्दै आएका छौँ ।

विगततर्फ फर्केर हेर्दा विक्रम संवत् २०४४ तिर म काठमाडौंको डिल्लीबजार, घट्टेकुलोमा बस्थेँ । त्यतिबेला मलाई अनुसन्धानको काममा सघाउन एकजना अनुसन्धानकर्ताको आवश्यकता परेको थियो । मेरा विश्वविद्यालयदेखिका मित्र–दम्पती रविराज पन्त तथा सरिता पन्तसँग एउटा समारोहमा भेट हुँदा मैले त्यस्तो एक अनुसन्धानमूलक र लगनशील युवा तपाइँहरूको नजरमा कोही छन् कि भनेर जिज्ञासा राख्दा उहाँहरूले कपिलजीको नाम लिनुभयो । पछि उहाँ मेरो अनुसन्धानको काममा संलग्न हुनुभयो । त्यति नै बेला म उहाँको प्रतिभा, मेहनत र कम्प्युटर सम्बन्धी अद्यावधिक ज्ञानबाट निकै प्रभावित भएको थिएँ । वास्तवमा आफ्ना पिताका कतिपय बौद्धिक प्रतिभाको झल्को मैले उहाँमा पाउने गरेको छु । त्यस खोजअन्तर्गत नेपालले प्रजातन्त्र पुनर्स्थापनापश्चात्को वातावरणमा निर्यातमूलक तथा आयात प्रतिस्थापन गर्ने कस्ता खालका उद्योगहरू खोल्न र प्रवर्द्धन गर्न बढी जोड दिनुपर्छ भन्नेबारे गहिरो परिमाणात्मक अध्ययन गरिएको थियो । सो समयमा करिब दुईवर्षको अवधिभर कपिलजीसँग अर्थशास्त्रका व्यवहारिक पक्षहरूबारे धेरै छलफल गर्ने अवसर पनि मिलेको थियो । पछि म राष्ट्रिय योजना आयोगमा सल्लाहकार हुँदा विश्व बैंकको विशेषज्ञका रूपमा र विक्रम संवत् २०५१–५२ मा म राष्ट्रिय योजना आयोगको सदस्य हुँदा बजेटको तीनवर्षे क्रमागत कार्यक्रममा परामर्शदाताका रूपमा समेत उहाँले योगदान गर्नुभएको थियो । सो आयोजनामा कार्यरत छँदा बेला–बेलामा विभिन्न विकास कार्यक्रमबारे टिपोटहरूसमेत दिने गर्नुहुन्थ्यो । उहाँका कैयन् यस्ता अभिनव विचार पढ्दा मलाई निकै गर्व लाग्थ्यो ।

केही समयपछि कपिलजीले "द माइलस्टोन" नामको अङ्ग्रेजी द्वैमासिक पत्रिका प्रकाशन गर्न लागेको र त्यसको सल्लाहकार समूहमा बसिदिनुपर्‍यो भनेर आग्रह

गर्नुभयो । कपिलजीको बौद्धिक क्षमताका बारेमा निकै परिचित मैले त्यो प्रस्ताव सहर्ष स्वीकार गरेँ । सो पत्रिकामा उहाँका पिता गोविन्दप्रसाद लोहनीलगायत विभिन्न क्षेत्रका करिब आधा दर्जन बुद्धिजीवी सल्लाहकार हुनुहुँदो रहेछ । पत्रिकाको प्रत्येक अंकमा कुनै एउटा जल्दोबल्दो विषयमा सम्बन्धित व्यक्तिहरू र सल्लाहकार टोलीबीच अन्तर्क्रिया कार्यक्रम गर्ने गरिएको थियो, जुन म अहिले पनि सम्झन्छु । सो पत्रिकाका प्रमुख सम्पादक कपिल लोहनी नै हुनुहुन्थ्यो ।

अहिले पनि कपिलजीसँग बौद्धिक कुराकानी र छलफल निरन्तर भइरहन्छ । हालै उहाँले आफूले केही वर्षसम्म मेहनत गरेर लेखेको पुस्तकको कम्प्युटर प्रिन्ट मलाई पढ्न दिनुभएको थियो । पढ्दै जाँदा मलाई उहाँले लेखेका विषयहरूभित्र प्रवेश गर्दा निकै रोचक र ज्ञानप्रद अनुभव भयो । सरल लेखनशैलीले मलाई निकै प्रभाव पार्‍यो । पुस्तकमा नेपालको विकासका विभिन्न पाटा र समयहरूको खूबै रोचक तरिकाले वर्णन गरिएको छ । त्यस्तै विदेशमा बस्ने नेपालीहरूका बारेमा लेखेका कुरा पनि निकै अध्ययन गरेर लेखेको मैले पाएँ । डा. हर्क गुरूङ तथा डा. चन्द्र गुरूङजस्ता बौद्धिक हस्तीका बारेमा लेखिएका लेखहरू पुराना तथा नयाँ दुवै पिँढीका पाठकलाई निकै लाभदायी हुने मैले विश्वास लिएको छु । भूकम्पीय क्षेत्रमा अवस्थित नेपालमा कहिले–कहिले महाभूकम्प गए र तिनको असर कस्तो रह्यो भन्ने कुराहरूको तथ्यगत विश्लेषण निकै मार्मिक तरिकाले प्रस्तुत गरिएको छ ।

समग्रमा कपिल लोहनीको यो प्रयास निकै उत्कृष्ट भएको मैले पाएको छु । आशा छ, पाठकहरूले यो पुस्तकलाई मन पराउनुहुनेछ । मेरो धेरै–धेरै शुभकामना कपिल लोहनीलाई ।

**डिल्लीराज खनाल (पी.एच.डी.)**
कुलेश्वर, बल्खु, काठमाडौं

चैत्र २०७४

# शुभकामनाका केही शब्द

कपिलप्रसाद लोहनीद्वारा लिखित नयाँ पुस्तक "विचार र अनुभूति" सरसर्ती हेर्ने मौका पाएँ । पुस्तक निकै सरल भाषामा र सबै खालका पाठकले सजिलैसँग पढ्न र बुझ्न सक्ने खालको तथा निकै ज्ञानवर्द्धक रहेछ । कपिल मेरो कलेजदेखिकै साथी हो । हामी कलेजको विद्यार्थीजीवनमा रत्नराज्य कलेजमा अध्ययन गर्ने साथीहरूमध्ये एउटा यस्तो समूह थियो, जुन समूह पाठ्यक्रमअनुसारको अध्ययनबाहेक विभिन्न विधामा सक्रिय थियो । हाम्रो त्यो बेलाको समूहमा साहित्य, गीत, सङ्गीत, अभिनय, विभिन्न विषयमा लेखन गर्ने तथा पुस्तकहरू पढेर तीबारे छलफल गर्न रूचाउने साथीहरू थिए । तर कपिलचाहिँ बहुप्रतिभाको धनी थियो । ऊ पढाइमा पनि तीक्ष्ण अनि गीत, सङ्गीत र लेखनमा पनि त्यतिकै प्रतिभाशाली भएका कारण साथीहरूमाझ अत्यन्तै लोकप्रिय थियो । आज उसको प्रतिभाको एकपक्ष पुस्तकाकाररूपमा अभिव्यक्त भएको देख्दा मलाई असाध्यै खुशी लागेको छ ।

हामीले कलेजमा सँगै पढेको पनि झन्डै ३५ वर्ष भइसकेछ । यस दौरान हामीमध्येका कतिपय साथी आआफ्ना क्षेत्रका विज्ञ नै भइसके भने कति साथी आज कता छन् र के गर्दैछन् भन्ने थाहा नै छैन । कपिलले प्रकाशनमा ल्याएको पुस्तकमा मैले विभिन्न किसिमका लेख पाएँ । आजको समयमा निकै सान्दर्भिक यी लेखहरू पढ्दा कता-कता धेरै वर्षपछि भेट हुँदा पनि विद्यार्थी जीवनमा सँगै अध्ययन गरेका मिल्ने साथीहरूको विचारधारा पछिसम्म पनि मिल्दोजुल्दो नै भइराख्दो रहेछ भन्ने महसुस भयो । पुस्तकमा लेखिएका कैयन् विचार मैले आफ्नै विचारसँग पनि मिल्ने खालका पाएकोले यो पुस्तक पढ्दा अझ बढी आनन्दको अनुभूति भयो ।

मलाई लाग्छ, पाठकहरूले यो पुस्तक निकै नै रोचक र ज्ञानवर्द्धक भएको महसुस गर्नुहुनेछ र मित्र कपिललाई यस्तै विभिन्न विषयका पुस्तकहरू लेख्न हौस्याउनुहुनेछ । अन्त्यमा, कपिल, हाम्री मित्र र दिवङ्गत भएकी तिम्री जीवनसङ्गिनी रजनी थापाको आत्मालाई चिर शान्ति मिलोस् ! उनको प्रेम र स्नेहले तिमीलाई बाँकी जीवनभरि पीडा होइन प्रेरणा दिइरहोस् ! तिमीलाई मेरो पनि धेरै-धेरै शुभकामना !

चैत्र, २०७४

**रविन्द्र मिश्र**
संयोजक, विवेकशील साझा पार्टी
ललितपुर

# मेरा दुई शब्द

कपिल र मेरो परिवारको लामो पारिवारिक सम्बन्ध छ । हाम्रा पिताजीहरू देवेन्द्रराज उपाध्याय र गोविन्दप्रसाद लोहनी बालककालदेखि अर्थात् भारतको वनारसमा विद्यालयस्तरको अध्ययन गर्दादेखिका अभिन्न मित्रहरू हुनुहुन्थ्यो । हामी दुवैका पिताजीहरू बौद्धिक धरातलमा निकै उच्चस्थान राख्ने व्यक्तिहरू हुनुभएकाले उहाँहरूको पछि-पछिसम्म पनि भेटेर बौद्धिक कुराकानी गर्ने र त्यस्ता जमघट गरिरहने आदत थियो । मेरा पिताजीको करिब पन्ध्रवर्षअघि हृदयाघातका कारण देहावसान भयो भने कपिलका पिताजीसँग आजको दिनसम्म पनि भेट्न पाउँदा आफ्नै पिता वा अभिभावकलाई भेटेजस्तो मनमा आनन्दको अनुभूति हुन्छ ।

कपिल र मेरो मित्रता हाम्रो कलेजको पढाइको समयदेखि गाढा हुँदै गएको हो । हामी कलेजमा छँदा शिक्षादेखि लिएर सङ्गीत साधना र बौद्धिक कुराकानीका क्षणहरूसम्म सधैँ सँगै हुन्थ्यौँ । त्यतिबेला म आफ्नो परिवारसँग पुतलीसडकको घरमा नै बस्ने भएकाले कलेजमा पढाइ सकिएपछि बेलुकीपख तथा बिदाका दिनहरूमा पनि मेरो घरमा कपिल तथा अन्य नजिकका साथी आइरहन्थे र हामी मेरो कोठामा बसेर विभिन्न विषयमा कुरा गर्ने गर्दथ्यौँ । म आफू पनि सानै उमेरदेखि विभिन्न विषयका पुस्तक तथा पत्रपत्रिकाहरू पढेर फुर्सदको समयको सदुपयोग गर्ने व्यक्ति भएकाले कपिलका त्यस्तै किसिमका स्वभाव मलाई मन पर्दथ्यो र त्यसै कारणले पनि हाम्रो मित्रता गाढा हुँदै गएको थियो । हाम्रा कलेजका अन्य मित्र पनि प्रायः हाम्रोजस्तै विचारधाराका नै थिए ।

कलेजको पढाइको समयमा पनि कपिल बेला-बेलामा पत्रपत्रिकामा लेखहरू प्रकाशित गरिरहन्थ्यो । पछि उसले एउटा अङ्ग्रेजी पत्रिका "द माइलस्टोन" को सम्पादनसमेत गरेको थियो । मेरो व्यावसायिक क्यारियर पनि पत्रकारिताबाटै सुरु भएकोले करिब दुईदशकअघि कपिल र मैले सहकार्य गरेर नेपाल टेलिभिजनमार्फत "अर्थको अर्थ" भन्ने आर्थिक कार्यक्रमको पनि थालनी गरेका थियौँ, जुन पछि हाम्रो कार्यव्यस्तताले गर्दा हाम्रा मित्रहरूबीच हस्तान्तरण हुँदै आज आएर पत्रकारमित्र हृदयराज गौतमको सक्रियतामा अझै सञ्चालित छ ।

केही वर्षअघिदेखि नै कपिलले आफूले एउटा पुस्तक लेख्दै गरेको र यसमा विभिन्न समसामयिक तथा आफूले अनुभव गरेका कुराहरू समावेश गर्ने कुरा हाम्रो भेटका समयमा व्यक्त गर्ने गरेको थियो । अहिले आएर जब मैले उसको पुस्तकको पाण्डुलिपि पढ्ने मौका पाएँ, तब मलाई यस पुस्तकमा उल्लेखित कैयन् कुरा र घटनाक्रम आफूले पनि अनुभव गरेको भएर होला, निकै रोचक लाग्यो । पुस्तकमा कपिलले मुलुकका केही समसामयिक मुद्दाबारे पनि निकै अध्ययन गरेर रोचक पारामा प्रस्तुत गरेको छ । मलाई आशा छ कि यो पुस्तक सबै प्रकारका पाठकले मन पराउनुहुनेछ र यसबाट मित्र कपिललाई अझ यस्ता धेरै पुस्तक लेख्न हौसला मिल्नेछ । मेरो अग्रिम शुभकामना ।

**राजीव उपाध्याय**
जावलाखेल, ललितपुर

चैत्र २०७४

# प्राक्कथन

मैले यो पुस्तक लेख्न थालेको झन्डै पाँच वर्ष हुन लागेछ । सधैँ व्यस्त भइरहनुपर्ने अर्काको जागिरले गर्दा आफ्ना विचार र अनुभूतिहरूलाई कापी र कम्प्युटरमा उतारेर राख्ने समय निकाल्न निकै कठिन हुँदो रहेछ । बल्ल-बल्ल समय निकालेर जाँगरका साथ थालिएको लेखन कार्य अनेकन् अल्झनले गर्दा बीचैमा विराम लागिहाल्ने । त्यसपछि फेरि त्यो जाँगर बटुल्न निकै परिश्रम गर्नुपर्ने । त्यसमाथि मेरो यो पहिलो प्रयास । के लेख्ने, केकस्ता कुराले पाठकलाई मेरा रचनाहरू पढूँ-पढूँ लाग्ला भनेर निकै घोरिनुपऱ्यो । कार्यालयका सहकर्मी, मित्र र परिवारजनलाई आफ्ना कृतिहरू पढेर सुनाएपछि उनका प्रतिक्रिया सुन्ने गर्थें र लेखनमा केही सुधार पनि गर्थें । यस्तैक्रमले गर्दा मेरो यो पुस्तक लेखनले निकै समय लियो । पाठकहरूसामु जाँदा आफ्नो लेखनको स्तर तल्लो दर्जाको साबित होला भन्ने भयले गर्दा सकेसम्म यसलाई माझेर प्रस्तुत गर्ने सोचले पनि ठूलै स्थान पायो । कुनै पनि विषयमा लेख्नुपर्दा सोबारे निकै अध्ययन गर्नुपर्ने हुन्छ । आफ्नो सोच र विचारलाई अन्य विद्वत्वर्गले निकै अनुसन्धान गरेर रेकर्ड गरिसकेका तथ्यहरूसँग सम्मिश्रण गरी पाठकहरूसामु पुऱ्याउन पाए अझ राम्रो हुन्थ्यो कि भन्ने मेरो धारणा हो ।

यो पुस्तकमा प्रस्तुत व्यक्तित्वद्वय डा. हर्कबहादुर गुरूङ र डा. चन्द्रप्रसाद गुरूङबारेका लामो वर्णन मैले यस अर्थमा पनि गरेको हुँ कि उनीहरूले आफ्नो अध्ययन र अनुभवका कारण ठूलै धनराशी र पद हात पार्न सक्नेस्थिति बारम्बार अगाडि आएको भए तापनि उनीहरूको प्राथमिकता आफ्नो विषयमा निरन्तर अनुसन्धान गरिरहने र यही पेशामा रमाएर मुलुकको सेवा गरिरहने भन्ने नै रह्यो । आखिर अनुसन्धान र अध्ययनलाई नै जिउनुको मूलाधार मानेर हिँड्दाहिँड्दै उनीहरूले आफ्नो अमूल्य जीवन अकालमा गुमाए । यस्ता मूर्धन्य व्यक्तित्वहरूलाई सलाम गर्दै यिनका काम र लगनशीलताका सत्यकथाहरू सकेसम्म धेरैजनासम्म पुऱ्याइदिनु नै आफ्नो कर्तव्य होजस्तो लाग्यो मलाई । यसपछि लेखिने सोचमा रहेका अन्य पुस्तकमा पनि यस्तै असाधारण व्यक्तित्वहरूका बारेमा केही पन्ना नभरी मेरो धीत मर्लाजस्तो लाग्दैछ ।

२०७२ सालको महाभूकम्पको धुकधुकी अझसम्म पनि ताजा नै छ । ठूलो विनाश गर्नुका साथै महात्रासदी मच्चाएको त्यो भूकम्प नेपालमा पहिलो होइन । विगतमा

पनि निकैचोटि गइसकेका यस्ता भयानक भूकम्पहरूले यो क्षेत्रमा धेरै क्षति पुऱ्याउँदै आएका छन् । तर हामी भूकम्प गएको केही समयसम्म मात्र यो र यसबाट हुन सक्ने हानीनोक्सानी र यसबाट बच्न लिनुपर्ने सावधानीबारे सोच्छौँ अनि छिटै बिर्सिहाल्छौँ । यो पुस्तकमा मैले भूकम्पका बारेमा पनि केही रोचक तथ्य प्रस्तुत गर्ने जमर्को गरेको छु । विगत सयौँ वर्षमा नेपालमा केकस्ता भूकम्पनहरू रेकर्ड गरिए, तिनबाट केकस्ता हानीनोक्सानी भए र तत्-तत् बेला पुनर्निर्माणका काम कसरी भएका थिए भन्ने तथ्यहरू पनि विभिन्न स्रोतहरूबाट पढेर र सुनेर यसमा उतारेको छु ।

नेपालबाट अन्यत्र मुलुकमा विदेशिएका नेपालीहरूका बारेमा यो पुस्तकमा केही वर्णन गरेको छु । नेपालीहरू विभिन्न कारणले विदेशमा गएर बसोबास गर्न थालेको पनि झन्डै चारसय वर्ष भइसकेछ । आज विश्वका टाढा-टाढाका मुलुकमा पनि नेपालीहरू आफ्नो पहिचान र संस्कृति बचाएर बसोबास गरिरहेका छन् भने कामको खोजीमा विदेशिने नेपाली पनि लाखौँको संख्यामा छन् र दिनहुँ विदेशिनेक्रम जारी छ अनि यिनकै कमाइले मुलुक वास्तवमा चलायमान छ आज । यिनका बारेमा केही लेख्ने जमर्को पनि मैले यो पुस्तकमा गरेको छु ।

यस्तै, कामका सिलसिलामा धरानमा चारवर्ष बस्दाखेरिका अनुभव, देशका विभिन्न ठाउँमा समय-समयमा भ्रमण गर्दा देखिएका परिवर्तन र यस्तै समसामयिक विषयहरूमा केन्द्रित रहेर लेखिएका विचार र अनुभूतिहरूलाई मैले यस पुस्तकमा अभिव्यक्त गरेको हुँ ।

मेरो उमेर बीसको दशकमा गुज्रिरहँदा मलाई पत्रकार, राजनीतिज्ञ, बुद्धिजीवी तथा पिताजीका अन्य साथीभन्दा पनि आफ्नै उमेरका युवा, युवतीसँग भेट्दा र खेलकुद तथा सङ्गीतमा रमाउँदा आनन्द लाग्थ्यो । तर पिताजीले रोजैजसो अकस्मात् मलाई यहाँ पुऱ्याइदे, वहाँ पुऱ्याइदे भनिरहनुहुन्थ्यो र गन्तव्यमा पुगेपछि एकैछिन हो, सँगै फर्कौंला भनेर रोकेर राख्नुहुन्थ्यो । मन नपरी-नपरी पनि उहाँका कुरा मान्न मलाई करै लाग्थ्यो तर उहाँसँग धेरैजना नेता तथा विद्वान्कहाँ जाँदा-जाँदा र त्यहाँ भएका कुराहरू सुन्दा-सुन्दा त्यसले ममा पनि एक किसिमको प्रभाव जमायो । त्यतिबेला यानि २०४६ सालभन्दा केही समयअगाडिसम्म मैले पिताजीको चालक बनेर अक्सर भेट्न जाने सम्झेसम्मका व्यक्तिहरूमा मातृकाप्रसाद कोइराला, गिरिजाप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, टंकप्रसाद आचार्य,

मनमोहन अधिकारी, कीर्तिनिधि विष्ट, डा. डिल्लीरमण रेग्मी, डा. तुलसी गिरि, जोगमेहर श्रेष्ठ, साहना प्रधान, भीमबहादुर पाँडे, डा. भेषबहादुर थापा, मरिचमान सिंह, लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा, परशुनारायण चौधरी, पशुपतिशमशेर राणा, विष्णुबहादुर मानन्धर, शम्भुराम श्रेष्ठ, डा. मृगेन्द्रराज पाण्डे, डा. देवेन्द्रराज पाण्डे, नारायणमान विजुक्छे, पद्मरत्न तुलाधर, शैल उपाध्याय, प्रदीप गिरि, गणेशराज शर्मा, विश्वनाथ उपाध्याय, डा. हर्कबहादुर गुरूङ, देवेन्द्रराज उपाध्याय, मदनमणि दीक्षित, राधाप्रसाद घिमिरे, दुर्गा सुवेदी, श्रीभद्र शर्मा, विश्वकान्त मैनाली, कृष्णप्रसाद भण्डारी, सान्दाइ, शैलेन्द्रकुमार उपाध्याय, डी.पी. अधिकारी, आनन्ददेव भट्ट, निलाम्बर आचार्य, बद्रीप्रसाद खतिवडा, कुवेर शर्मा, छिन्नलता, गोविन्दबहादुर मल्ल, विजयबहादुर मल्ल, केदारमान व्यथित, बार्बरा एडम्स, पारिजात, अम्बर गुरूङ, बालमुकुन्ददेव पाण्डे, चीन, भारत र पाकिस्तानका राजदूत तथा उच्चपदाधिकारी आदि थिए ।

यस्तै भेटहरूमा सुनेका कुरामध्ये कैयन् कुरा निकै महत्त्वका थिए । तीमध्ये केही कुरा मैले यस पुस्तकमा समावेश गर्ने कोसिस गरेको छु । यसमा छुटेका र पछि याद आउने कुराहरू अर्को पुस्तकमा समेटूँला भन्ने मेरो मनमा छ ।

बेला–बेलामा फाटफुट लेखहरू पत्रपत्रिकामा छपाइराख्थेँ म । केही समय आफ्नै सम्पादकत्वमा "द माइलस्टोन" भन्ने अङ्ग्रेजी पत्रिका पनि निकालेको थिएँ । प्रत्येक दुई महिनामा निस्कने यो पत्रिकाले एकताका राम्रै नाम कमाएको थियो र यसका ग्राहकहरू दक्षिण एसियाका विभिन्न मुलुकमा समेत थिए । तर त्यतिबेला पत्रिकामा सहयोग गर्ने सम्पादकहरूको कमी, न्यून पाठक संख्या र छपाइ लागत धेरै भएकाले यसलाई अढाइ वर्षभन्दा बढी बचाउन सकिनँ मैले । यो पत्रिकाका सल्लाहकार मण्डलीमा मेरा पिताजी गोविन्दप्रसाद लोहनी, डा. भेषबहादुर थापा, डा. विश्वम्भर प्याकुर्‍याल, डा. मदनकुमार दाहाल, डा. मधुनिधि तिवारी, डा. डिल्लीराज खनाल र डा. भोलाराज जोशीलगायत थिए । प्रत्येकअङ्कमा कुनै एउटा जल्दोबल्दो मुद्दामा हाम्रा सल्लाहकार र विषयविज्ञहरूबीच अन्तरक्रिया गरिन्थ्यो । यस्ता कैयन् अन्तरक्रिया सञ्चालन गरेकाले समेत ममा निकै विषयबारे ज्ञान बढ्दै गयो । एउटा "बिजनेश एज" नामक पत्रिकाका कैयन् अङ्कमा पनि मैले बैंक तथा वित्तीयस्थिति सम्बन्धी समसामयिक लेखहरू लेखेँ भने मेरा अन्य कैयन् लेख विभिन्न पत्रपत्रिकामा छापिएका छन् ।

जागिरे जीवनमा लेख्ने र पढ्ने फुर्सद बिरलै पाइने भएर होला म बिस्तारै लेखपढमा पछाडि पर्दै गएको थिएँ, तर जब मेरो चिनाजानी धरानका एकजना अग्रज रमेश राईसँग भयो, त्यसपछि फेरि उनले मलाई पुस्तकहरू पढ्न हौस्याए । चार वर्षको धरान बसाइमा मैले निकै पुस्तक पढेछु । धरानबाट फर्केर केन्द्रीय कार्यालय, काठमाडौंमा केही समय काम गर्ने अवसर पाउँदा त्यहाँ चिन्तनराज पाण्डेसँग भेट भयो । नेपाल राष्ट्र बैंकबाट अवकाश पाएपछि उनलाई पृथ्वीबहादुर पाँडेले आफ्नो बैंकमा जनसम्पर्क अधिकृतको रूपमा करारमा नियुक्ति दिएका रहेछन् । उनको लेखन शैली अति नै उत्तम थियो भने उनी खाली समयमा विभिन्न विषयका पुस्तक पढेर बसिरहन्थे । नाताले उनी पत्रकार बालमुकुन्ददेव पाण्डेका भान्जा थिए । मेरा कान्छा मामा मदनराज पाण्डेका बालसखा यी चिन्तनले मलाई अति नै स्नेहका साथ हेर्ने गर्थे र मलाई पुस्तकहरू पढ्न निकै हौस्याउँथे । यी चिन्तनराज पाण्डेप्रति म निकै आभारी छु । आज उनी भौतिकरूपमा भने हामीमाझ छैनन् । यसरी पुनः सुरु भएको पुस्तक पढ्ने बानीलाई मैले अझैसम्म जीवित राखेको छु । वास्तवमा विश्वमा जेजस्ता नयाँ प्रविधि आए पनि पुस्तक पढ्ने बानीलाई प्रविधिले विस्थापित गर्न निकै मुश्किल होला । किनकि, जब मानिसमा पुस्तक पढ्ने नशा लाग्छ, उसले सारा विश्व बिर्सन्छ र सो पुस्तक पढुञ्ज्यालसम्म कहिल्यै नदेखेको भए पनि लेखकसँग उसकोसाक्षातकार भइरहेको भान हुन्छ । यो नै एउटा निकै रोमाञ्चक क्षण हो पुस्तक पढाइ र लेखाइको पनि ।

कामको सिलसिलामा पनि म हिमालयशमशेर राणा, पृथ्वीबहादुर पाँडे, डा. डिल्लीराज खनाल, विनोदविक्रम सिजापती, ज्योतिप्रसाद लोहनी र रविराज पन्तबाट निकै प्रभावित थिएँ । यी सबै हस्ती काममा निकै मेहनती र लेखपढ तथा अध्ययनमा विशेष रुचि राख्ने खालका भएकाले लामो-लामो समयसम्म यी व्यक्तित्वहरूसँग निकट भएर काम गर्ने र सिक्ने मौका पाउँदा मेरो व्यावसायिक दक्षता र लेखनशैलीमा ठूलो सुधार आयो । यीविद्वत् व्यक्तित्वहरूलाई म सधैँ नमन गर्दछु ।

केटाकेटी छँदादेखि आजसम्ममा बेला-बेलामा गरी विश्वका धेरै नभए पनि केही मुलुकको भ्रमण गर्ने अवसर मिल्यो । थरी-थरीका रीतिरिवाज र संस्कृति बोकेका एसिया, युरोप र अस्ट्रेलिया महादेशका मुलुकहरूको भ्रमण गरेपछि आर्थिक विकास, संस्कृति, प्रकृति संरक्षण, पर्यटन विकास, कल्याणकारी कार्य तथा समाजमा आएका परिवर्तनहरूबारे निकै कुरा सिकियो । विभिन्न मुलुकमा बसोबास गर्ने नेपालीहरूसँग

पनि भेटेर कुरा गर्ने अवसर मिल्यो । घुम्न बाँकी अझै धेरै मुलुकमा भविष्यमा पुग्ने अवसर आउने हो वा होइन निश्चित नभए पनि सूचना प्रविधिले ठूलो फड्को मारेको यो युगमा विश्वका सबैजसा मुलुकहरूको विवरण चित्र भने घरैमा बसेर ग्रहण गर्न सकिने भएकाले खासै सुर्ता छैन ।

यिनै अनुभव, पढे-सुनेका र देखेका कुराहरूलाई पुस्तकको रूपमा प्रकाशन गर्न पाउँदा मनमा एक प्रकारको छुट्टै आनन्द आइरहेको छ । यति लेख्नसमेत बर्सौँ लागिसकेछ । एकनाससँग लेख्न बस्दा पनि महिनामा ८-१० पेज लेखिसक्न निकै कठिन हुँदो रहेछ । हुन त मेरा एकजना पढैया साथीको भनाइअनुसार विदेशका नामी लेखकहरूले पनि महिनामा त्यस्तै आठ-दश पन्नाजति मात्र लेखेर सिध्याउँछन् अरे !

कृतज्ञता प्रकट गर्नेक्रममा म भारी मनका साथ हालै मात्र दिवङ्गत भएकी मेरी अर्धाङ्गिनी रजनी थापा लोहनीलाई सम्झन चाहन्छु । मेरो लेखन कार्य र सिर्जनशील कामहरूमा उनले मलाई सधैँ साथ दिएकी थिइन् र बेला-बेलामा पिताको पदमार्गमा अलिकति भएपनि हिँड्न घच्घच्याउँथिन् । निष्ठुरी दैवले उनलाई टपक्क टिपेर लगी हामीलाई टुहुरो बनाएको केही दिनअघिसम्म पनि उनी मलाई "तिम्रो यही चाला हो भने तिमीले पुस्तक प्रकाशन गर्न सक्तैनौ, किनकि तिमीमा अलिकति पनि समय व्यवस्थापन गर्ने खूबी छैन" भनेर गाली गरिरहन्थिन् । तर उनलाई यो कुरा सायदै थाहा थियो होला कि उनको रोग पत्ता लागेदेखि झन्डै सात महिनासम्म म भित्र-भित्र जलेर जिउँदो मूर्दा बनेर हिँडिरहेको थिएँ, भलै बाहिर म साधारण व्यवहार देखाएर हाँसिरहन्थेँ । तैपनि उनको कुरालाई मैले निकै महत्त्वका साथ लिएर छिटो से छिटो यो पुस्तक उनी हुँदा खेरी नै छपाउन लागिपरेको थिएँ तर म असफल भएँ । खैर !

धन्यवाद दिने नै क्रममा म मेरी छोरी कृपा लोहनी थापा, ज्वाइँ साहेब विशाल थापा र छोरा कृपेश लोहनीलाई हार्दिक धन्यवाद दिन चाहन्छु, जसले मलाई बारम्बार घच्घच्याएर यो पुस्तक लेखेर प्रकाशित गर्न ठूलो ऊर्जा प्रदान गरे । मेरो यो पुस्तकको जन्म हुनुभन्दा केही महिनाअघि मात्र मेरी नातिनीको जन्म भएको हो । काश्यपी रजनी थापा नामाकरण भएको छ उसको ।

म मेरा पिताजी गोविन्दप्रसाद लोहनीको बौद्धिक धरातलदेखि निकै प्रभावित भएको

मान्छे, उहाँले युवावस्थामा नै गरेका आफ्ना सिर्जना र विचारहरूको प्रकाशनका कार्य म बल्ल यो उमेरमा आएर गर्दैछु । तैपनि मेरा प्रेरणाको ठूलो स्रोत उहाँ नै हो । त्यस्तै मेरा धर्मबा बनेका स्वर्गीय रमेश राई जसले मलाई सदा लेखपढ गरिरहन प्रेरणा दिए र जसले बारम्बार मलाई गाली गर्दा "यस्तो प्रतिभाको धनी मान्छे त्यसै समय खेर फालेर हिँड्छ" भनिरहन्थे, उनीप्रति पनि म निकै आभारी छु ।

मेरी स्वर्गीय माता स्नेचिलावाला देवी लोहनी, जसले एकताका म अलिक बाटो बिराएर हिँडेको बेला उहाँकहाँ आएर "कपिल निकै बिग्रिएर हिँडेको छ" जस्ता अभिव्यक्ति दिनेहरूलाई "होइन होइन अहिले उसको उमेर नै अल्लारे हो, मेरो छोरोले एक दिन बाउको पदचिन्ह जरूर पछ्याउनेछ" भनेर भन्नुहुन्थ्यो, उहाँ वास्तवमै निकै शालीन आमा हुनुहुन्थ्यो । यस्ती आमाको गर्भबाट जन्मन पाएकोमा निकै ठूलो गर्व छ मलाई, तर बिस्मात यो कुरामा छ कि उहाँले अल्पायुमा नै हामीलाई छाडेर जानुभयो र उहाँको सेवा गर्ने अवसरबाट म वञ्चित भएँ । हामीसामु हुनुभएको भए उहाँ आज ८० वर्षको हुनुहुने थियो । अस्पतालमा देहत्याग गर्नुभन्दा केही घण्टाअघि "पिताजीको ख्याल राम्रोसँग राख्नू, उहाँ व्यवहारिक हुनुहुन्न, इमानदारिता, ज्ञान, विद्या, बुद्धि र अध्ययन भन्दाभन्दै उहाँ कहिल्यै व्यवहारिक हुन सक्नुभएन, एकोहोरो हुनुहुन्छ, भनेको मान्नुहुन्न, आफूखुशी गर्नुहुन्छ" भन्नुभएको थियो । आमाले ठिकै भन्नुभएको रहेछ, हाम्रा पिताजीसँग व्यवहार गर्न जोकोहीले सक्तैन रहेछ । उहाँ धेरै विषयका ज्ञाता हुनुहुन्छ, आफैँ डाक्टर हुनुहुन्छ, धेरै बोल्नुहुँदैन, पहिलाभन्दा अलिक नाति-नातिनासँग घुलमिल गर्ने भने हुनुभएको छ, यो ९० वर्षको उमेरमा आएर । तर उहाँ नराम्रो मान्छे भने कहिल्यै होइन । उहाँलाई कि त हाम्री आमाले चिन्नुभएको थियो कि हामी सन्ततिले चिनेका छौँ, कि त उहाँसँग निकै सङ्गत गरेका केही नातेदार र हितैषीहरूले चिनेका छन् । पिताजीको विद्वत्ताको कदर मात्र नभएको हो । किनकि उहाँको विद्वत्ता र विचारधाराको धरातलमा पुग्न सकेका तथा उहाँका विचारलाई मनन गर्न सक्ने क्षमताका व्यक्तिहरू नेपालमा धेरै छैनन् । मलाई राम्ररी थाहा छ कस-कसले उहाँलाई बुझ्न सक्थे र बुझ्छन् भनेर । कुनैबेला योबारे फेरि लेखौँला । अहिले खाली यत्ति भन्न चाहन्छु कि यस्ता प्रकाण्ड विद्वान् र इमानदार महर्षिको छोरा भएर उहाँको सेवा गर्न पाएकोमा म अति नै गौरवान्वित छु ।

मेरा बालसखा किशोर डंगोल, सदा हितचिन्तक अनुयायी भाइहरू राजीव सापकोटा,

सञ्जीव पाण्डे, नीर भण्डारी, सिद्धार्थ शर्मा, राजेन्द्र सुवेदी, राजन अर्याल, देवेश भट्टराई, आत्मा गौतम, सन्दिप सिंह, कृष्ण थापा, राजन अर्याल, रामेश्वर श्रेष्ठ, सुजन रिसाल, विष्णु उपाध्याय, विकास खड्का, रञ्जित श्रेष्ठ, नवीन राजभण्डारी, विनोद देवान, वासुदेव बराल, गोविन्द शर्मा, बासुदेव बराल, असिम के.सी. र रेवन्तबहादुर सिंहलाई लेखनकार्य सुरु हुँदाका दिनदेखि समय निकालेर मेरा रचनाहरू सुनिदिएको तथा सधैँ "कहिले निकाल्ने हो, छिटो गर्नुपर्‍यो" भन्दै हौस्याइरहेकामा धेरै-धेरै धन्यवाद !

पटक-पटक मेरो लेखनका अंशहरू पढिदिएर मलाई हौस्याउने मित्र रविन्द्र मिश्र, राजीव उपाध्याय, प्रकाश सायमी, राजेश शर्मा र प्रकाश रिमाललाई पनि मुरी-मुरी धन्यवाद !

मेरो लेखनको निकै मेहनतका साथ सम्पादन गरी यो रूपमा ल्याइदिने मेरा मित्र तथा दाजु उदयचन्द्र खनाललाई हृदयदेखि धन्यवाद दिन चाहन्छु । त्यस्तै श्रीमती इन्दु पन्तले मेरो पुस्तकको आवरणको डिजाइन गरिदिनु भएकोमा उहाँप्रति हार्दिक आभारी छु भने क्लासिक प्रिन्टिङ सर्भिस र सुदिप न्यौपाने तथा पुस्तकका पानाहरू आकर्षक कम्प्युटर सेटिङ गर्ने भाइ सूर्य बुढाथोकीमा पनि यो पुस्तक छपाइमा विशेष मद्दत गरिदिनु भएकोमा म आभार व्यक्त गर्न चाहन्छु । कृपा पब्लिकेशन हाउसलाई पनि धेरै-धेरै धन्यवाद !

यो पुस्तक विमोचनको समयमा अधिकांश सदस्यको रचनात्मक सहभागिताले गर्दा समारोह भव्यताका साथ सम्पन्न गर्न योगदान दिने क्लब फिफ्टीका सदस्यहरू तथा यसका अध्यक्ष श्री दमन बस्नेत भाइलाई पनि धेरै-धेरै धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, मेरा रचनाहरूलाई आफ्ना केही अमूल्य समय व्यतीत गरेर पढिदिनु भएर यसमा भएका त्रुटिहरू सच्याउन सल्लाहसुझाव पठाइदिनु भए मलाई अर्को पुस्तक लेख्न प्रेरणा मिल्ने थियो भनि समस्त पाठकवर्गसमक्ष साग्रह विनम्र अनुरोध गर्दछु ।

**कपिल लोहनी**
डिल्लीबजार, काठमाडौं ।
इमेल : kapillohani@gmail.com

# विषय सूची


| | |
|---|---|
| प्रकाशक कथन | ङ |
| शुभकामना | छ |
| मेरो शुभकामना | झ |
| सम्झना सहित पुस्तकबारे दुई शब्द | ट |
| शुभकामनाका केही शब्द | ड |
| मेरा दुई शब्द | ण |
| प्राक्कथन | थ |
| बाल्यकालका केही रोचक प्रसंग | १ |
| महाभूकम्पको त्रासद अनुभूति | ४८ |
| राजधानी स्थानान्तरणको सोच र सम्भाव्य प्रभाव | ६३ |
| डा. हर्कबहादुर गुरूङको सम्झनामा | ७२ |
| डा. चन्द्रप्रसाद गुरूङलाई पनि सम्झँदा | ८८ |
| विदेशिएका नेपालीहरूको नालीबेली | १०० |
| धरानको बसाइ | १२६ |
| चाडपर्व र धर्ममा विज्ञान तथा प्रविधिको प्रभाव | १६० |
| नेपालको विकासक्रम | १७६ |
| केही रमाइला क्षणहरू | २२१ |
| मेरो प्रेम कथा | २५२ |

# बाल्यकालका केही रोचक प्रसंग

मेरो जन्म विक्रम संवत् २०२० फागुन ५ गते सोमबारका दिन भएको हो । पिता गोविन्दप्रसाद लोहनी र माता स्वर्गीय स्नेचिलावालादेवी लोहनीको कनिष्ठ पुत्रको रूपमा यस धरतीमा टेक्ने अवसर पाएको म, मेरा मभन्दा अलिकपहिले नै जन्मेका एक दिदी र दुई दाजुमध्ये माहिला दाजु हरिशले हामीलाई छाडेर परलोकबास गरिसके भने मेरी दिदी सरीता र दाजु प्रदीप भने आआफ्ना परिवारसहित राम्रै जिन्दगी व्यतीत गरिरहेका छन् । मेरो जन्म हुँदासम्म अस्पतालमा भन्दा पनि घरैमा बच्चा जन्माउने चलन थियो । म पनि घरैमा जन्मेको हुँ । सानै छँदादेखि म, मेरा दिदी र दाजुहरू तथा हाम्री ममतामयी माता प्रत्येक बिहानको चिया पिउने समयमा हाम्रा पिताजी गोविन्दप्रसाद लोहनीको पढ्ने कोठामा जम्मा हुन्थ्यौँ र हाम्रा पिताजीबाट विभिन्न विषयका कुरा सुन्न पाउँथ्यौँ । ती कुराहरूमा उहाँका बाल्यावस्थाका रोचक घटनाहरू, विश्व इतिहास, चलचित्र, संगीत तथा कला, महान् व्यक्तित्वका अनुभव तथा विकासका धारणा र उहाँका औपचारिक कामका विभिन्न कुरा पर्दथे । उहाँ यी कुराहरू निकै रोचक तरिकाले हामीलाई सुनाउनुहुन्थ्यो र कामकाजी कुरा सुनाउने बेलामा भने गोपनीयता कायम गर्नुपर्ने कुराहरू छन् भने उहाँ "गोप्य कुरा पनि भए, ती कुरा अहिले तिमीहरूलाई सुनाउनुहुँदैन" भनेर हाँस्नुहुन्थ्यो र हामी एक अर्काको मुख हेरेर मुस्कुराउँथ्यौँ तर निकै कौतुहल भए पनि ती गोप्य कुरा निकाल्नका लागि कोट्याउने हिम्मत हामी कसैमा थिएन र हामी चुपचाप बस्थ्यौँ । त्यस्तै उहाँलाई भेट्न घरमा विभिन्न क्षेत्रका विद्वान्, पत्रकार, राजनीतिज्ञ, साहित्यकार, विद्यार्थी, विदेशी, आदि हरेक दिनजसो आइरहन्थे । घरमा बस्दा पनि उहाँ अधिकांश समय लेखपढमा नै व्यतीत गर्नुहुन्थ्यो ।

काठमाडौँको डिल्लीबजारस्थित बाटुलेघरबाट उत्तरतिरको गल्ली हुँदै कुमारीस्थान पुगेर दक्षिणतिर घुम्नेबित्तिकै हाम्रो तीनतले पुरानो ढाँचाको टायलको छाना भएको घर आउँथ्यो । सोही घरको दोस्रो तलामा हामी बस्दथ्यौँ भने पहिलो तलामा बैठक र पिताजीको लेखपढ गर्ने कोठा थिए । भुइँ तलामा भने घरमा खाना पकाउने तथा अन्य काममा सघाउने मानिसहरू बस्दथे र सोही तलामा नुहाउने, कपडा धुने तथा शौच गर्ने सफा ठाउँ पनि बनाइएको थियो । त्यतिबेलाको हाम्रो घरको बैठकमा सोफा थिएनन् । सुकुल, सतरञ्जा, राडीपाखी र चकलाहरू ओछ्याइएका हुन्थे । पछिमात्र केही सोफा थपिए । घरको सबैभन्दा माथिल्लो भागमा भान्सा, भण्डार कोठा, पूजा कोठा, कौसी, र भाडा माझ्ने सानो बार्दली थिए । पुरानै घरको एकापट्टि प्रत्येक तलामा एउटा फराकिलो नयाँ कोठा र घाम ताप्ने बार्दली बनाइएको थियो र यो भागको माथिपट्टि कौसी । शनिबारका दिनहरूमा दिउँसो पिताजी अक्सर कौसीमा बिछौना लगाएर रेकर्ड बजाई गाना सुन्दै लेखपढ गर्नुहुन्थ्यो । पुरानो वास्तुकलामा आधारित घर भए पनि यसमा त्यतिबेलाका आधुनिक घरमा हुनुपर्ने आधारभूत सुविधाहरू सकेसम्म थप गर्ने प्रयास गरिएको थियो ।

घरको चारैतिर मनग्य जग्गा भएकाले बगैँचा र तरकारी तथा फलफुल बारी पनि ठूलै थिए । हलुवाबेद, भोगटे, ज्यामिर, कागती, नास्पाती, पपिता, आलुबखडा, दाख, अनार, अम्बा, आदि फलहरू आआफ्ना समयमा फलिरहन्थे । त्यस्तै मौसमी साग-सब्जीहरू पनि लगाइन्थे । घरको पछाडि एउटा निकै व्यवस्थित बगैँचा पनि थियो विभिन्न किसिमका फूलका बिरुवाहरूले भरिपूर्ण । मेरी माता तथा दिदी र दाजुहरूसमेत बारी र बगैँचाको हेरचाहमा केही समय बिताउँथे ।

म जन्मेको केही समयसम्म हाम्री आमाका कान्छा मामा होमप्रसाद लोहनी सपरिवार हाम्रो घरमा करिब १४ वर्ष बसेका रहेछन् । सरकारी सेवामा निकै वर्ष बिताएका उनी हाम्रा माता-पिताका अभिभावक भएरै बसेकाले सो घरको हेरचाह र व्यवस्थापन उनकै हिसाबले हुने गर्दथ्यो । उनी फूल तथा बोट-बिरुवाका निकै सौखिन भएकाले त्यहाँ पनि एउटा निकै राम्रो बगैँचा बनाएका थिए । मेरा दिदी र दुई दाजुको बाल्यकालको लालनपालनमा समेत हाम्री माताका यी मामा तथा माइजुको ठूलो भूमिका रहेको रहेछ । हाम्रा पिताजी राजनीति र पछि जागिरमा लागेको तथा घर-व्यवहारमा भन्दा पनि उहाँको अधिकतम समय बौद्धिक लेखन, पठन-पाठन र चिन्तन-मननमा नै बित्ने गर्दथ्यो । हाम्री माताले मेरा दिदी र जेठा दाजुलाई जन्माउँदा उहाँ २० वर्षभन्दा कम

उमेरकी कलिली आमा नै भएकोले पनि आफ्ना मामा र माइजु त्यतिबेला आफूसँगै बसिदिएकाले निकै सजिलो भएको थियो । मेरी माता १३ वर्षकी हुँदा मेरा पिताजीसँग बिहे भएको रहेछ । बिहे भएको केही समयपछि नै उहाँहरू पुर्खौली घर छाडेर यो नयाँ घरमा बस्नुपर्ने अवस्थाको सिर्जना भएको रहेछ । हाम्री माताका मामामाइजुका एकमात्र पुत्र पुष्कर लोहनी, जो उमेरले हाम्री माताका नै हाराहारीका हुन्, उनले पनि हाम्रा पिताको संगतले गर्दा कालान्तरमा साहित्य क्षेत्रमा राम्रै नाम कमाउन सके । उनले आज पनि मसँग कुरा गर्दा "हेर बाबु, मलाई व्यवहारिक शिक्षा मेरा बुवाले दिएका हुन् भने म फ्रायडवादी साहित्यकार बनेको नै भिनाजुको संगत र शिक्षाले हो" भन्ने गर्छन् । हुन पनि त्यतिबेला मेरा पिताजी जोसँग भेट्न जाँदा पनि यिनैलाई लिएर जानुहुँदो रहेछ र उनलाई मनोविज्ञान, दर्शन र अर्थ-राजनीतिका विभिन्न पाटाबारे दिनहुँजसो कुरा सुनाउनुहुँदो रहेछ । लेखहरू रचना गरेर प्रकाशनमा पठाउनुअघि पनि यिनै पुष्कर लोहनीलाई राखेर सबैभन्दापहिले सुनाउनुहुँदो रहेछ । बिस्तारै उनी आफैँ पनि साहित्य रचना गर्न सक्ने हैसियतका भएछन् र छिटै एउटा खारिएका लेखक र त्यसमा पनि यौन-मनोविज्ञानबारे लेख्ने कमै साहित्यकारमध्ये आफूलाई स्थापित गर्न सकेछन् । अहिले पनि हामी काठमाडौँको घट्टेकुलोमा मामा-भाञ्जा र साँध जोडिएका छिमेकीको हैसियतले नै सँगसँगै बस्छौँ । आफ्ना गुरु तथा भिनाजुलाई भेट्न उनी हाम्रो घरमा बराबर आइरहन्छन् ।

हाम्री आमाका जेठा मामा प्रोफेसर फडिन्द्रप्रसाद लोहनी हुन् । उनी निकै विद्वान् व्यक्ति थिए र त्रिचन्द्र कलेजमा अध्यापन गर्नुका साथै प्रिन्सिपल पनि भएका थिए । उनका एकजना छोरा प्रोफेसर श्रीधर लोहनी पनि अङ्ग्रेजी भाषा र साहित्यको अध्यापन गर्दथे र अहिले अवकाशप्राप्त जीवन व्यतीत गर्दैछन् । अर्का छोरा शम्भु लोहनी पनि अध्यात्मवादका ज्ञाता छन् । हाम्री आमाका यी मामापट्टिकी छोरीहरूमध्ये दुर्गा भने उहाँकी दिदीमात्र नभई निकै मिल्ने साथी पनि हुन् ।

हाम्रो डिल्लीबजार, कुमारीस्थानको घरको वरिपरि खनाल परिवारका घरहरू थिए । हाम्री माताका कान्छा बुवा प्रयागराज पाण्डे वन मन्त्रालयमा काम गर्थे र पछि वन सचिवसमेत भए । उनैको कार्यालयका सहकर्मी एकजना गुणनाथ उपाध्याय खनाल थिए । प्रयागराज पाण्डेलाई दाजु काशीराज पाण्डेले "नानी (हाम्री मातालाई माइतीमा बोलाउने नाम) लाई एउटा घरको सख्त जरूरत छ, तैँले खोजी दे घर, अनि छर-छिमेक पनि राम्रो हुनुपर्छ है" भनेपछि माताका कान्छाबाले आफ्नो कार्यालयका

विश्वासपात्र गुणनाथ उपाध्यायसँग "तपाइँले नै एउटा राम्रो घर बनाउनुभएको छ क्यार, त्यो घर किन्न पाए भतिजी र ज्वाइँलाई सजिलो हुने अनि उनीहरू सुरक्षित पनि हुने थिए" भनेपछि उनले "अब हजुरले भनिहाल्नुभयो, मैले हुन्न भन्न नै अप्ठ्यारो पर्‍यो, ठीकै छ हजुरको परिवार मेरो पनि परिवारसरह नै त हो नि, नानी र ज्वाइँका लागि मेरो घर दिन तयार छु" भनेछन् । यसरी त्यतिबेलाको आठ हजार रुपैयाँमा सो घर खरिद भएको रहेछ । गुणनाथ उपाध्याय पनि दाजुभाइमध्ये कान्छा नै भएकाले उनलाई सबैले "कान्छाबा" नै भनेर बोलाउँथे । मेरी माताका कान्छाबाले टोलका कान्छाबाकै घर खोजिदिएका रहेछन् । पछिसम्म पनि मेरा पिताजी, माता र हामीहरू टोलका कान्छाबा, कान्छी आमा र परिवार, माहिलाबा, माहिली आमा र परिवार, काहिँलाबा, काहिँली आमा र परिवार अनि ठाइँलाबा, ठाइँली आमा र परिवारलाई आफ्नै परिवारका सदस्यजस्तो गरेर हेर्दथ्यौँ र आज हामी त्यो टोलबाट सरेर घट्टेकुलोमा बसेको पनि ४० वर्ष भइसकेछ, तर हाम्रो पारिवारिक सम्बन्ध जस्ताको तस्तै छ । यही परिवारका हरिशचन्द्र, सुवासचन्द्र, रञ्जु, अञ्जु, विनीता, विमला, विनोद र सञ्जु त मेरा साथी नै हुन् भने दाजुहरू महेश्वर, ध्रुव, केशव, पूर्णचन्द्र, उदयचन्द्र, र विश्व हाम्रा दाजुहरूका साथी अनि दिदीहरू उर्मिला, अम्बिका, निरु आदि हाम्री दिदीका साथीहरू थिए । हामीभन्दा साना राम, लक्ष्मण, अजित, अनुज, पुष्पा, राजु, राजन, सुनिल, सुशील, कुन्दन, मुन्दन, प्रमोद, प्रवीण, आदि त हाम्रैअगाडि जन्मेका भाइबहिनीहरू हुन् । यो परिवारमा उमेरको हिसाबले हाम्रा माता, पिताका हाराहारीका खनालबन्धुहरूमा बद्री, केदार, रामेश्वर, द्वारका, बलराम, माधव, ऋषि, मधु, मोहन, आदि तथा उनका पत्नीहरू थिए । नाममात्र सुन्दा त सम्पूर्ण देवदेवीको धाम नै यही खनाल कोलोनीमा नै छजस्तो । हुन पनि यहाँ पञ्चकुमारी र शिवजीका त ठूलै मन्दिरहरू छन् । ठाइलाबा, कान्छाबा, माहिली आमा, काहिँली आमा, आर्की आमा, ठाइँली आमा र कान्छी आमाहरू सबैजनाका अभिभावकजस्ता थिए । हामी यी बूढाबा तथा बुढीआमाहरूलाई निकै आदरका साथ हेर्दथ्यौँ । केटाकेटीहरू मलाई पनि कपिल खनाल नै भन्दथे । हाम्रा पिताजीले केही खनाल बन्धुहरूलाई आफ्नै भाइजस्तो सम्झेर ठाउँ-ठाउँमा जागिरका लागि योग्यताअनुसार सिफारिस पनि गरिदिनुभएको थियो ।

यही टोलमा काभ्रेपलाञ्चोकका खरेलहरू पनि बस्दथे । उनीहरूमध्ये गोपीकृष्ण खरेलका छोराहरू यादव, श्याम, राम, र अच्युत, तथा छोरीहरू निला र सीता

खरेलसँग हाम्रो विशेष सम्बन्ध थियो । यादव खरेल नेपालका प्रख्यात वरिष्ठ चलचित्र निर्देशक, प्रोड्युसर, रेडियो नेपाल र बीबीसीका पत्रकार तथा गीतकार हुन् भने अच्युतकृष्ण खरेल डिल्लीबजारको महावीर क्लबका प्रख्यात फुटबल खेलाडी तथा नेपाल प्रहरीको इतिहासमा अति नै गतिशील महानिरीक्षक भएका व्यक्ति । त्यस्तै राम खरेल पनि गीत रचना गर्नुका साथै गाउँथे पनि ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको पुर्ख्यौली घर पनि कुमारीस्थानमा नै हो । बस्नेतहरूको पनि ठूलो परिवार यो टोलमा बसोबास गर्दथ्यो । नेपालका महिलामध्ये विद्यावारिधि गर्ने प्रथम महिला डा. प्रभा बस्नेत यही टोलकी हुन् । उनका भाइ मधुकर बस्नेत रेडियो नेपालका प्रख्यात समाचारवाचक थिए । साहित्यमा निकै नाम कमाएका कुमार नेपाल, महिला प्रशासक लीला पाठक, पत्रकार प्रेमकृष्ण पाठक, गायकजोडी कल्याण र बिजु रिमाल, वरिष्ठ अधिवक्ता गणेशराज शर्मा, पूर्वमहालेखा परीक्षक विमलराज बस्नेत, राजनीतिज्ञ कमल थापा, फुटबलर गणेश थापा, पत्रकार मणिराज शर्मा, त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति दीपराज शर्मा, प्रख्यात प्राध्यापक तथा महाकविका भाइ मित्रनाथ देवकोटा, साहित्यकार तथा चिन्तक गोविन्द भट्ट, राजनीतिज्ञ राधाप्रसाद घिमिरे, पत्रकार होमनाथ दाहाल, र पुराना साहित्यकारद्वय टुकराज र पद्मराज मिश्र पनि यही टोलका बासिन्दा हुन् । सरकारी सेवामा केही वर्षअघि सचिव भएका शम्भु खनाल र नबिल बैंकका अध्यक्ष शम्भु पौडेल पनि यही टोलका बासिन्दा हुन् । हास्य कलाकार मदनकृष्ण श्रेष्ठ पनि सपरिवार केही समय यो टोलमा बसेका थिए । निकै मिलनसार नन्ददेव भट्टराई र उनको बौद्धिक परिवार पनि यही टोलमा बसोबास गर्दथे ।

एउटा प्रख्यात गुरुकुल थियो यो टोलमा, जहाँ टाढा-टाढादेखि मानिसहरू पढ्न आउँथे । पछिसम्म पनि यो अनौपचारिक शिक्षालय सञ्चालित थियो । गुरु भनेर चिनिने ठाकुरप्रसाद रिमालसँग नपढेका डिल्लीबजार सेरोफेरोका त्यतिबेलाका मानिसहरू बिरलै भेटिन्छन् होला । हातमा लट्ठी लिएर सबै कक्षाका विद्यार्थीलाई उनी घरको छिँडीको एउटै कोठामा सुकुलमा लस्करै बसाएर पढाउँथे । उनका जेठा छोरा रविन्द्र ट्राभल र टुर व्यवसायमा लागे भने कान्छा छोरा मुनिन्द्र, जसको कलिलै उमेरमा मृत्यु भयो, उनी एक कुशल अभिनय गर्नसक्ने कलाकार थिए ।

कुमारीस्थानमा नै खोकनातिरबाट बसाइँ सरेका जीतबहादुर डंगोलको ठूलो परिवार

बस्दथ्यो । सरकारी सेवामा कार्यरत उनका छोराहरू सिंहबहादुर (बाबुकाजी) र पद्मबहादुर (सानोकाजी) टोलका हर्ताकर्ता नै थिए । निकै रमाइलो गर्नुपर्ने यो घर-परिवारमा घुलमिल गर्न टोलका सबैजसा युवा त्यहाँ गइरहन्थे । दुई दाजुभाइका छोराहरू रामभक्त, गोपालभक्त, हरिभक्त, शान्तभक्त, ध्रुव, उत्तम, किशोर, किरण, र छोरीहरू कोपिला, विमला, अल्पना, विना, विन्दु सबै नै निकै रमाइला थिए । घरमा बँदेल, माछा, हाँस, कुखुरा, कुकुर आदि पालेको र ठूलो खेतबारी र बगैँचा भएकाले हामी पनि गइरहन्थ्यौँ । धान काटेपछि पराल चुलाएर राखेको ठाउँमा गएर परालको धुस्नुमा हामी लडिबुडी गरेर खेल्दथ्यौँ ।

साहुजी र साउनी भाउजुका छोराछोरी नारायण, मदन, र मैया महर्जन, सँगसँगैको घरका श्याम, विश्व, नानीछोरी र भगवती कारन्जित, शशी थापा, बर्षर्तु रेग्मी, धमेन्द्र मल्ल, मिलनदेव भट्टराई, किशोर बस्नेत, रामगोपाल, हरिगोपाल, त्रिलोचन र जनार्दन गौतमहरू तथा उनीहरूपछिका सुरेन्द्र र देबु गौतम तथा उनका साना भाइबहिनीहरू, सञ्जय बस्नेत र उसका भाइबहिनीहरू, विनोद खरेल र उसका भाइबहिनीहरू, लुना भट्ट, विना उप्रेती, नवीन, प्रवीण, र सितु रिमाल, कौस्तुभ नेपाल, चिरञ्जीवी र कमल पाण्डे, शरण र विमल पाठक, आदिसँगको उठबससँगै मेरो बाल्यकालको ठूलो हिस्सा व्यतीत भएछ । नारायण महर्जन (नारन दाइ) ले मलाई चित्रकलाको प्रारम्भिक सीप सिकाएका हुन ।

राजा-रानीका जन्मदिन पारेर र दशैँ-तिहारतिर काठमाडौँको भृकुटीमण्डपमा रमाइलो मेला लाग्दथ्यो । यस्ता मेलाहरूमा त्यहाँ विभिन्न प्रकारका खेल तथा मनोरञ्जनका स्टल राखिएका हुन्थे । बेलुन तथा बेलुनमा हावा भरी बनाइने विभिन्न आकृति, सिट्ठीहरू, मुरली तथा अन्य बाजा, बम्बेशनका हावादारी लड्डु, चना चटपटे र पानीपुरी आदिका साना-साना स्टलहरू ठाउँ-ठाउँमा राखिएका हुन्थे । त्यस्तै नक्कली सिकार खेल्ने ठाउँ, रिंग फ्याँकेर सामानमा पार्ने, विभिन्न सामान जित्ने चिट्ठा र लुगाफाटा र जुत्ताका पसलहरू पनि त्यहाँ लाग्दथे । जादु देखाउने, नाच-गान गर्ने, हँसाउने तथा यस्तै अन्य कला जानेकाले पनि आआफ्ना स्टल राखेका हुन्थे । ठूला मान्छेहरूका लागि बेलुकी-बेलुकी बिङ्गो पनि खेलाइन्थ्यो । त्यस्तै रोटे पिङ, घोडचढी तथा अन्य खेल पनि राखिएका हुन्थे त्यहाँ । भृकुटीमण्डपभित्र रेल पनि चढ्न पाइन्थ्यो । बच्चाहरूलाई चढाउने बहानामा ठूलाहरू पनि रेलको आनन्द लिन्थे । मेलास्थलमा बगैँचा र पार्क पनि थिए । चलचित्र संस्थान र अन्य सरकारी

निकायले बेलुकीपख सिनेमा र डकुमेन्ट्रीहरू पनि देखाउँथे । राजा वीरेन्द्रको शुभराज्याभिषेकको समयमा यानि विक्रम संवत् २०३१ तिर भृकुटीमण्डपलाई अझै राम्रो बनाइएको थियो । भारत सरकारले पनि यो परिसरमा एउटा आधुनिक प्रदर्शनी हल बनाइदिएको थियो र आज सोही हलमा विभिन्न प्रदर्शनीहरू लागिरहेका हुन्छन् ।

मेला नलागेका बेला यो पूरै परिसर बन्द रहन्थ्यो र बगैंचामा काम गर्ने कर्मचारी र कुरुवाहरूमात्र हुन्थे त्यहाँ । कहिलेकाहीँ हाम्रा दाजुहरू र उनका साथी भृकुटी मण्डपको रेल चढ्ने ठाउँमा अवस्थित बगैंचाको ठूलो पोखरीमा पौडी खेल्न जान्थे । यसो गर्नका निम्ति उनीहरूले त्यहाँको कुरुवालाई चिया-चुरोट पिउने थोरै पैसा दिएका हुन्थे । एकचोटि मलाई पनि लिएर गएका थिए उनीहरूले । म सानै थिएँ । उनीहरू निकैबेर पौडी खेलिरहे भने म उनीहरूले खेलेको हेरिरहेको थिएँ । अचानक एकजना मान्छे दौड्दै र हामीलाई "पख तिमीहरूलाई" भनेर कराउँदै हामीतिर आउँदै थियो त्यो देखेर हाम्रा दाजुहरू पानीबाट निस्केर आआफ्ना लुगा च्याप्दै नाङ्गै भाग्न थाले । मलाई पनि दाजुको एउटा साथीले समाएर कुदायो । हामी बल्लतल्ल भृकुटी मण्डपको पर्खाल नाघेर बाहिर निस्केका थियौं । अनि उनीहरूले सडकमा बसेर आफ्ना कपडा लगाएका थिए ।

पछि-पछि बालबालिकाहरूका लागि आयोजना गरिने यस्ता रमाइला मेलाहरू कम हुँदै गए भने यो ठाउँका प्रदर्शनीका लागि बनाइएका स्टलहरू बिस्तारै खुद्रा पसल तथा रेस्टुरेन्टहरूलाई भाडामा दिने, विभिन्न सङ्घको कार्यालय बनाउने, खाली जग्गाहरूमा पालैपाल टाँगेर लामा-लामा गुफाजस्तामा पसलहरू थाप्नेजस्ता लापरवाहीहरू हुनथाले । हामी रत्नराज्य कलेजमा अध्ययन गर्दा भृकुटीमण्डपको सुनसान पार्क प्रेमी-प्रेमिकाहरू भेट्ने थलो पनि बनेको थियो । भृकुटी मण्डपको तीनतिरका छेउमा बनाइएका पालैपालका गुफाभित्रका पसलहरूमा कदाचित आगलागी भयो भने हजारौं मानिसको ज्यान जान सक्छ । साना व्यवसायीहरूको हितका लागि अन्य कतै व्यवस्थित ठाउँ बनाइदिन नसकुञ्ज्यालसम्मका लागि यदि यही ठाउँमा यस्ता पसलहरू राख्नुपर्ने हो भने सम्बन्धित निकायले भृकुटी मण्डपको पुनः एउटा खाका बनाएर यस्ता छेउछाउमा खाली भएका जग्गाहरूमा व्यवस्थित तथा हेर्दा पनि राम्रा देखिने टहराहरू, शौचालय तथा खानपिनको व्यवस्था, चारैतिर हिंडेर घुम्न मिल्ने बाटा, पानी-बिजुली र सुरक्षाको राम्रो व्यवस्था गर्नु अति जरुरी छ । दशकौंदेखि बालबच्चाहरूको मनोरञ्जनको स्थल बनिरहेको यो ठाउँलाई फन पार्कको रूपमा

नै विकास गरेर यहाँ स्टल ओगटेर खोलिएका सबैखाले कार्यालय तथा पसलहरू हटाइदिनुपर्छ । त्यस्तै भृकुटी मण्डपको सीमित जग्गा ओगटेर बनाइएको पर्यटन बोर्ड तथा सूचना केन्द्रलाई पनि त्यहाँबाट अन्यत्र सारेर यो भवनलाई पनि बाल मनोरञ्जन तथा वृत्ति विकास केन्द्रकै रूपमा परिणत गर्नु राम्रो हुन्छ ।

हालको बालमन्दिरलाई कतै चाहिनेजति जग्गा उपलब्ध गराएर अनाथ बालबालिकाहरूका सबै आवश्यकता पूरा हुने खालका निर्माणहरू गरी यस बालमन्दिर परिसर, नक्सालमा अवस्थित पुरानो भवनलाई मर्मत गर्नुका साथै यसले ओगटेको विशाल जमिनमा नेपाल पर्यटन बोर्डको भवन, उसैको मातहतको एउटा स्तरीय होटल, होटल व्यवस्थापन र पर्यटन तालिम केन्द्र तथा अन्य सम्बन्धित पर्यटकीय कार्यालयहरू राख्न सकिँदैन र ?

हामी बालसखाहरू त्यतिबेला फुटबल, ब्याडमिन्टन, डण्डी-बियो, तेलकासा, आसपास, गट्टा, ह्वाग्रा, पाङ्ग्रा गुडाउने आदि खेल्दथ्यौँ । बेलुकीपख र विद्यालय बिदा भएका दिनहरूमा भने कसै न कसैको घरमा गएर हामीभन्दा ठूलाबाट कथा तथा रोचक कुराहरू सुन्ने गर्दथ्यौँ । भूतप्रेतका कथा सुनेपछि भने धेरै दिनसम्म निकै डर लाग्दथ्यो । बाल्यावस्थामा नै मीनपचासको लामो छुट्टी हुँदा हामी अलिक बिग्रिएर पर-परसम्म घुम्न जाने, गुच्चा र ह्वाग्रा खेल्ने, खोपी र पत्ती खेल्ने, अर्काको बारीमा मूला, भोगटे, अम्बा आदि चोर्न जाने तथा अर्को टोलका बच्चाहरूसँग लडाइँ-झगडा गर्ने पनि गर्दथ्यौँ । आजका बच्चाबच्चीहरूलाई जस्तो टेलिभिजन हेर्ने, मोबाइल चलाउने, भिडियो गेम खेल्ने, इन्टरनेट चलाउने, युट्युबमा सिनेमा हेर्ने आदि अवसर हामीलाई थिएन । हामीले बिताएका बचपना आजका बच्चाबच्चीलाई सुनाउँदा उनीहरूलाई पत्यार नै लाग्दैन ।

पुरानो टोल कुमारीस्थानबाट घट्टेकुलो सरेपछि मेरा खेलहरूमा पनि बदलाव आए । हामी फुटबल खेल्न टुँडिखेल जान्थ्यौँ भने ब्याडमिन्टन खेल्न दाजुहरूसँग त्रिचन्द्र कलेज जाने गर्दथेँ । हाम्रा दिदी र दुवैजना दाजुहरू ब्याडमिन्टन राम्रो खेल्दथे । यस्तै उमेरतिर गोपाल गुरूङसँग बिहान-बिहान उनको घरमा कराते सिक्न थाल्यौँ हामी साथीहरू । त्यतिबेला जुडो, करातेजस्ता कला प्रहरी र सेनाले मात्र सिक्न पाउँदथे र आम नागरिकहरूले लुकेर सिक्नुपर्दथ्यो । गोपाल गुरूङ आफैँ पनि करातेका निपुण खेलाडी थिए भने उनको घरमा स्थानेस्वर राईजस्ता खारिएका खेलाडी पनि आएर हामीलाई बेला-बेलामा आफ्नो खेल देखाउने गर्दथे । हाम्रा पिताजी प्रत्येक

बिहान टहल्न जाने भएकाले म र मेरा दाजुहरू पनि उहाँसँग यस्ता हिँडाइहरूमा गइरहन्थ्यौँ । बिहान-बिहान हिँड्ने बानी मेरो त्यहीबेलादेखि बसेको हो र आजसम्म पनि कायमै छ ।

पिताजीका रोचक कुरा नियमितरूपमा सुनेर, घरमा आउने प्रायः विद्वान्हरूसँगका कुरा सुनेर तथा पिताजीका सौखहरूलाई पछ्याउँदै हामी सबै दिदी तथा दाजुभाइमा समेत लेखपढ गर्ने बानी बस्यो भने समाजमा केही राम्रो काम गर्नुपर्दो रहेछ भन्ने हेक्का पनि रह्यो । सदा बौद्धिक क्रियाकलापमा नै रमाउने, कर्तव्यनिष्ठ तथा इमानदार व्यक्ति भएकाले हाम्रा पिताजीका राम्रा दिनहरू पनि अभावमा नै बित्दथे । छोराछोरीको शिक्षा, व्रतबन्ध, बिहे, तथा अन्य सामाजिक कार्यका लागि तलबी आम्दानीमात्र, त्यसमा पनि घरकर्जा कट्टी भएपछि हात पर्ने रकमबाट सबैथोक पु-याउन निकै कठिन हुन्थ्यो । त्यसैले नयाँ घर तयार भएपछि पनि केही वर्ष त्यसलाई बहालमा नै दिनुपऱ्यो, मासिक १ हजार रूपैयाँमा । तलब पनि घरकर्जा कटाएपछि १ हजार रूपैयाँजतिमात्र हात पर्दथ्यो । त्यतिबेला विदेशका प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाहरूमा काम गर्ने प्रस्ताव बारम्बार आए पनि मातृभूमिको सेवा गर्ने प्रबल इच्छाले गर्दा त्यस्ता प्रस्तावहरू नकार्न कर लाग्यो उहाँलाई । पछि आर्थिक अवस्था निकै नै कमजोर भएकाले र त्यतिबेला पाकिस्तानका लागि नेपाली राजदूत भएर काम गर्न तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले पनि प्रस्ताव गरेकाले उहाँले सो प्रस्तावलाई सहर्ष स्वीकार गरेर कूटनीतिक सेवातर्फ मोडिनुभएको हो । त्यतिबेलादेखि भने आर्थिकरूपले उहाँ केही हदसम्म बलियो नै बन्दै जानुभयो ।

कलिलै उमेरमा घर छाड्न बाध्य हुनुपरेको र त्यसपछि पत्नीको माइतीले किनिदिएको घरमा लामो समयसम्म बस्नुपर्दा उहाँलाई एक प्रकारको ग्लानिजस्तो भइरहन्थ्यो । पछि घरकर्जामार्फत आफ्नै बलबुताले जग्गा खरिद गरेर नयाँ घर बनाएपछि भने उहाँको मनोबल निकै बढेको थियो । पुर्ख्यौली सम्पत्तिको अंशबण्डा हुने बेलामा उहाँले आफ्नो भागमा परेको घरको अंश पनि दुईजना भाइलाई नै छोडिदिनुभएको हो । यस्ता कुरामा हाम्री माताले पनि उहाँको सधैँ साथ दिनुहुन्थ्यो ।

मेरा जिजुबुवा (पिताजीका बुवा) पण्डित दिपकेश्वर शर्मा लोहनीले बनारसबाट दर्शनमा आचार्य उत्तीर्ण गरेका थिए । संस्कृतका प्रकाण्ड विद्वान् उनी कैयन् भाषाका ज्ञाता पनि थिए । विक्रम संवत् १९५२ मा जन्मिएका उनी त्यतिबेलाका नाम चलेका साहित्यकार

थिए र कविता लेखनमा पनि राम्रो दखल थियो उनको । पण्डित दिपकेश्वरको न्यौखा टोलस्थित घरमा दुईकोठाभरि टनाटन पुस्तकहरू हुन्थे र भारतबाट निस्कने अङ्ग्रेजी, उर्दू र हिन्दी पत्रिकाहरू उनीकहाँ नियमित आउँथे । घरमा गोपाल पाण्डे असीम, नयराज पन्त, टुकराज मिश्र, लेखनाथ पौड्याललगायतका विद्वान्हरूको जमघट भइरहन्थ्यो । उनी विद्वान्हरूको जमघट, चिन्तनमनन र लेखनमै रमाउँथे । कविता वाचनको कार्यक्रम त्यतिबेला कहिले कसको घरमा त कहिले कसकहाँ भइराख्थ्यो । त्यतिबेला कविहरूको एक "जोगमण्डली" नामक मण्डली खडा भएको रहेछ । यसको नाम त्यति बेलाका प्रख्यात साहित्यकार तथा अझै पनि नेवारी साहित्यका महाकवि भनेर चिनिने जोगवीरसिंह उदासको नामबाट राखिएको रहेछ । यस साहित्य मण्डलीका सहभागीहरूमध्ये जोगवीरसिंह उदास, चक्रपाणि चालिसे, शम्भुप्रसाद ढुंगेल, दधिराम मरासिनी, लेखनाथ पौड्याल, दिपकेश्वर लोहनी, पुण्यनाथ लोहनी, बाबुराम आचार्य, चित्तधर हृदय आदि प्रमुख थिए ।

कवि मोतीराम भट्टले पनि योभन्दा धेरैपहिले बनारसमा छँदा मोती मण्डली बनाएका थिए । साहित्यमा उस्तै खाले विचार राख्ने व्यक्तिहरू मिलेर त्यतिबेला साहित्यिक र कवि मण्डली खोलेर एक-अर्कालाई आफ्नो रचना सुनाउने मञ्च बनाउने परिपाटी रहेछ । बनारस, इलाहावाद, कलकत्ता, पटना, आदि ठाउँबाट काठमाडौं आएपछि उताकै चलनअनुसार स्रष्टाहरूले यस्ता मण्डली बनाएका हुनुपर्छ । जोग मण्डलीको बैठक जोगवीरसिंह उदासको मछिन्द्रबहालस्थित कपडा पसलमा बस्ने भए पनि यसका अगुवा भने बनारसबाट फर्केका चक्रपाणि चालिसे नै थिए भन्ने कुरा एउटा पुस्तकमा उल्लेख गरिएको छ ।

त्यतिबेला यानि राणाशासनको समयमा शासकहरूको नजिक हुने व्यक्तिहरूलाई तल झार्न अनेक किसिमका षड्यन्त्रका जाला बुनिन्थे । यस्तामा सीधासाधा र आफ्नै लहडमा चल्ने व्यक्तिहरू सहजै त्यस्ता जालमा फस्दथे भने कुटिल तथा षड्यन्त्रकारीहरू विभिन्न खाले आवरण धारण गर्नुका साथै सोझासाझालाई फसाएर आफ्नो अस्तित्व कायम राखिरहन सफल हुन्थे । वास्तवमा आजसम्म पनि यस्तै मानिसहरूको नै बोलबाला हुने गरेको छ समाजमा । यसैगरी पण्डित दिपकेश्वर शर्मा लोहनीको अस्वाभाविक प्रतिभा देखेर डराएकाहरूले उनलाई विभिन्न किसिमका षड्यन्त्र गरेर तत्कालीन राणा सरकारको नजरबाट गिराइकन देश निकाला गरिएको रहेछ । उनको यस्तो हालतपश्चात् उनी भारतको बनारसमा गएर बसोबास गर्न थाले

जहाँ उनले आफ्नो बाल्यकाल र अध्ययनको समय व्यतीत गरेका थिए । त्यसपछि मेरा पिताजीलगायत काकाहरूको निकै वर्षसम्मको लालनपालन मामाघरमा नै भयो । विद्रोह गर्ने र अत्याचारको विरोधमा लड्ने बानी हामीले पुर्ख्यौली विरासतबाट नै पाएका रहेछौँ र यस्तो स्वभाव हाम्रो रगतमा नै रहेछ । मेरा पिताजी पनि यस्तै स्वभावका हुनुभएकोले समाजका लागि बोल्दा र लेख्दा नै धेरैको आँखाको कसिङ्गर बन्नुभयो भने मैले पनि नातावाद, कृपावादको सख्त विरोध गरेकाले र आम नेपालीको हितका लागि आवाज उठाउने गरेकाले बराबर यस्तै परिस्थितिको सामना गर्न र खराब व्यक्तिको रूपमा चित्रित भएर विभिन्न झुठा आरोपहरू खेप्न बाध्य हुनुपरेको छ भने आर्थिकरूपले पनि शोषित हुनुपरेको छ ।

गलत कुरा, अन्याय र अत्याचारको विरोध र आम जनताका हित र असल कार्य गर्न कहिल्यै छाड्नुहुन्न भन्ने कुरामा म दृढ छुँ र यस्ता इमानदार र कर्मठ पिता र जिज्यूबुवाको सन्तान हुन पाएकोमा निकै गौरवान्वित पनि छुँ । गौतम बुद्ध, महात्मा गान्धी तथा नेल्सन मण्डेलाजस्ता महान् मानवहरूले आफ्नै लागिमात्र काम गरेका भए उनीहरूले पुस्तौँपुस्तालाई पुग्ने धन कमाएर सुखी जिन्दगी बिताउन सक्ने थिए । तर उनीहरूले लोकको हितका लागि आवाज उठाएर आफ्नो शरीरको समेत वास्ता नगरेकाले नै अरबौँ मानवले उनलाई सम्झन्छन् र पुज्दछन् । त्यसैले साधारण होइन, असाधारण मानव भएर जिउन सिक्नुपर्छ । तर असाधारण मानव हुन त्यति सजिलो भने छैन । अरूको हितका लागि काम गर्ने असाधारण मानवले सबैभन्दा बढी दुख झेल्दछ जिन्दगीमा । तर उसले अरूको निम्ति गर्ने त्यागको आनन्द नै अर्कै हुन्छ । त्यस्तो स्वर्गीय आनन्द दिने अर्को कुनै पनि बाटो छैन ।

हाम्रा जिज्यूबुवाको पालामा हाम्रा अधिकांश नातागोताहरूको घर रत्नपार्कबाट पश्चिमतिर यानि त्यतिबेलाको शहरभित्र नै हुन्थे । हाम्रा पिताजीको जिज्यूबुवाले पनि सुरुमा काठमाडौंको न्यौखाटोलमा घर बनाएका रहेछन् जहाँ हाम्रा पिताजी र उहाँका भाइहरूको बाल्यकालका केही वर्ष बितेका रहेछन् । एकपटक म सानै छँदा पिताजीले मलाई त्यो घर देखाउनुभएको थियो । पछि, हाम्रा जिज्यूबुवाले डिल्लीबजारमा घर बनाएर त्यता सरेका रहेछन् । हाम्री हजुरआमा अलिक कडा स्वभावकी थिइन् र उनको दिनचर्या धेरैजसो धर्मकर्म र प्रवचनहरूमा नै बित्दथ्यो । मेरा पिताजीको विवाह भएको केही दिनपछि नै घरमा खटपट परेर मेरा पिताजीले आफ्नी नवविवाहिता पत्नीसहित बुवाआमाको घर छोड्नुभएको रहेछ । कहिलेकाहीँ म सानो छँदा मेरी

मातासँग हाम्री हजुरआमालाई भेट्न उनको घरमा जान्थ्यौँ । अन्य केटाकेटीलाईजस्तै उनी मलाई पनि औधी माया गर्दथिन् । हजुरआमाको निधन भएको केही समयपछि हाम्रा पिताजीले हजुरबुवालाई हाम्रो घरमा ल्याएर राख्नुभयो । उनी निकै बिरामी भएका थिए र हिँडडुल पनि गर्न सक्तैनथे । आँखा पनि नदेख्ने भएका थिए । तर मलाई छामेर निकै स्नेहका साथ माया गर्दथे । अलिकति स्वास्थ्य बिग्रनेबित्तिकै "मलाई घाटमा लग, म त्यहाँ देहत्याग गर्न चाहन्छु" भनेर जिद्दी गर्दथे । यस्तो परिस्थितिमा निकै धर्मसङ्कट परेपछि घाटेवैद्यलाई बोलाएर उनको स्वास्थ्य परीक्षण गराएर वैद्यकै सल्लाहमा तीन पटक पशुपतिनाथको मन्दिरस्थित वागमतीको घाटमा लगेर पछि फेरि स्वास्थ्यलाभ हुँदै आएपछि घर फर्काइएका थिए उनी । तर चौँथोचोटि भने कहिले नफर्कने गरी उनले हामी सबैलाई छाडेर वागमती किनारको घाटमा नै देहत्याग गरे । म सानै भए पनि उनको काजक्रिया सकेर पिताजी, काकाहरू र दाजुहरू घर फर्केपछि मलाई निकै दुख लागेको थियो । म बेला-बेलामा "बूढा बाजे" भनेर उनको कोठामा जाँदा आँखा नदेखे पनि मलाई समाएर अङ्ग्रेजीमा कुरा गर्थे उनी ।

काठमाडौँको घट्टेकुलोमा बनाइएको हाम्रो आधुनिक घर धेरै वर्षसम्म प्रधानन्यायाधीश रत्नबहादुर विष्टको सरकारी निवास बन्यो । उनी बसुञ्जेल यो घरमा नेपालको झन्डा लहराइरहृयो । प्रधानन्यायाधीशको सरकारी निवास बालुवाटारमा बनेर उनी त्यहाँ सरेपछि करिब २०३२ सालतिर हामी घट्टेकुलोको यो घरमा सर्‍यौँ । पिताजीले यो घरमा अझ व्यवस्थित अध्ययन कक्ष बनाउनुभयो । फुर्सदको बेला म त्यहीँ बसेर आफूले बुझ्ने पुस्तकहरू पढ्थ्यौँ र कैयन् पत्रिकामा भएका चित्रहरूमात्र भए पनि अवलोकन गर्थौं । आफू जन्मेको टोल छाडेर अर्कै ठाउँमा सर्दा निकै न्यास्रो लाग्दो रहेछ । त्यतिबेलाको घट्टेकुलो निकै थोरै जनघनत्व भएको र घरहरू पनि थोरै नै भएको ठाउँ थियो । हाम्रो घरको छतबाट पूर्व र दक्षिणतिर हेर्दा धान रोपेका खेतबारीहरू टाढा-टाढासम्म देखिन्थे । धोबीखोला बगिरहेको पनि हाम्रो घरबाटै देखिन्थ्यो । हाम्रो घरको पश्चिममा हाम्री माताको मामाघर नै थियो भने उत्तरमा बद्रीप्रसाद आचार्य, लक्ष्मणराज जोशी, प्रोफेसर नरबहादुर थापाका घर थिए । अन्य छिमेकी भने शिवकाजी कुँवर, चेतराज पाठक, भरतराज मन्थलीय, हरिबहादुर सुब्बा, विद्यानाथ घिमिरे, मानबहादुर श्रेष्ठ आदि थिए । थोरै घर-धुरी भएकाले सबैजना एकअर्कासँग परिचित थिए । मेरा पनि विपुलराज जोशी, प्रदीप आचार्य, जयकिशन जोशी, विनय नेपाल, गोपी उप्रेती, शंकरराज पाठक, राजेन्द्र अर्याल, नरेन्द्र प्यासी,

तथा अन्य थुप्रै नयाँ साथी बने यो टोलमा पनि ।

बिदाका बेलामा र साँझपख विद्यालयबाट फर्केपछि हामी विभिन्न खेल खेल्ने, गितार बजाएर नाचगान गर्ने तथा कहिलेकाहीँ बदमासी पनि गर्ने गर्दथ्यौँ । पार्क गरेर टोलको सडकमा छाडा छोडिएका मोटरगाडी तथा मोटरसाइकलका साँचो मिलाएर घुमेर आउने, रात परेका बेला टोलका गल्लीमा विभिन्न भेषमा लुकेर बसेर बटुवाहरूलाई तर्साएर आनन्द लिने, अर्को टोलका केटाहरूलाई थर्काउने, धोबीखोलाको फाँटमा गएर नजाने पनि खोक्दै चुरोटबिँडी तान्ने, धोबीखोलाको बालुवामा कुस्ती, कबर्दी आदि खेल्ने तथा खोलामा पौडी खेल्ने इत्यादि गर्दथ्यौँ ।

यस्तै बेलातिर हाम्रा दाजुहरूका साथी मनहरि भण्डारीले हाम्रो छिमेकमा नै एउटा नाटकको अभ्यास गराउने गरेका रहेछन् । मलाई पनि मेरा जेठा दाजुले "बाल कलाकारको आवश्यकता परेको छ, तँ खेल बाबु" भनेर लिएर गए । योभन्दापहिले म विद्यालयका विभिन्न कार्यक्रममा गायन, नाटक तथा कविता सम्मेलनहरूमा भाग लिइरहन्थेँ । "अन्धकारको दियालो" नामक सो नाटकमा बाल अभिनेताको रूपमा मैले धेरै समयसम्म अभ्यास गरेँ अनि तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा नाटक महोत्सव हुँदा हाम्रो नाटक पनि मञ्चन भयो । त्यसपछि मैले कैयन् नाटकमा अभिनय गर्ने मौका पाएँ भने गाईजात्रा महोत्सवका हाँस्यव्यङ्ग्यहरूमा पनि सहभागी भएँ । त्यतिबेला हरिवंश आचार्य, मदन कृष्ण श्रेष्ठ, सन्तोष पन्त, कृष्ण मल्ल, रविन्द्र खड्का, तारा थापा, वसन्त श्रेष्ठ, आदिजस्ता आजका वरिष्ठ कलाकारका सुरूका दिनका कलाकारिताहरू पनि मैले हेर्न पाएँ र यस्ता महान् हस्तीहरूलाई त्यतिबेलादेखि नै चिन्न पाएँ । त्यति नै बेला मैले प्रज्ञा भवनमा सत्यमोहन जोशी, प्रचण्ड मल्ल, लैनसिंह बाङ्गदेल, अम्बर गुरूङ, लक्ष्मण लोहनीजस्ता हस्तीहरूलाई देखेको र चिनाजानी गरेको हुँ ।

घट्टेकुलो विभिन्न मन्त्रालय, सिंहदरबार, संसद् सचिवालय, सर्वोच्च अदालत, अन्य महत्त्वपूर्ण निकाय, पशुपतिनाथको मन्दिर, र किनमेल गर्ने ठाउँहरूमा जान पनि निकै पायक पर्ने टोल भएकाले सरकारी सेवाका विभिन्न तप्काका मानिस तथा सांसद्हरू, विभिन्न पार्टीका पदाधिकारीका साथै पत्रकार र वकिलहरूको पनि मूल वासस्थान थियो निकै समयसम्म । अब त यस्ता अधिकांश उच्चपदस्थ कर्मचारी, नेता तथा अन्य सरोकारवालाका काठमाडौँ उपत्यकाका मुख्य-मुख्य ठाउँहरूमा आलिशान बङ्गलाका

साथै चिल्ला गाडीहरू हुने भएकाले घट्टेकुलो तल्ला वा मध्यम दर्जाका कर्मचारी र नवआगन्तुकहरूको थलोमा सीमित भएको छ । तर हामी घर सर्दा यो ठाउँ जति खुला थियो अहिले त्यति नै गुचुमुच्च तरिकाले घरहरू बनेका छन् यहाँ । पहिलेका सम्पूर्ण धान खेत घरैघरले भरिएका छन् भने कुनैबेला हामीले पौडी खेल्ने धोबीखोला साँघुरिँदै दुर्गन्धित ढलमा परिणत भएको छ । आज हामी पुराना बासिन्दा पनि यो ठाउँमा बिराना भएका छौँ । तर यो हालत घट्टेकुलोको मात्र नभएर सम्पूर्ण उपत्यकाको नै यस्तै अवस्था छ आजकल । यसो हुनुको मुख्य कारण हाम्रो देशमा शिक्षा, स्वास्थ्य, व्यापार, तथा सम्पूर्ण सेवा, सुविधा अझै पनि राजधानी केन्द्रित नै छ, यसले गर्दा मुलुकभरबाट यहाँ विभिन्न कारणवश बसाइँ सर्नुपर्ने बाध्यता सबै देशवासीलाई छ ।

मीनपचासको बिदाका बेला हामी टोलका साथी डिल्लीबजारका प्रेमदाइ र कुमादाइको पसलबाट साइकल भाडामा लिएर सिंहदरबारको पूर्वी पर्खालको सानो गल्ली हुँदै माइतीघर, तीनकुने र कहिलेकाहीँ त जोरपाटी, थिमी, र लगनखेलजस्ता टाढा–टाढाका ठाउँहरू पनि जाने गर्दथ्यौँ । तर रमाइलो कुराचाहिँ त्यतिबेला सडकहरू खाली–खाली हुन्थे र वातावरण पनि अत्यन्त स्वच्छ थियो । एकचोटि त साथी विपुल जोशी र म दुईवटा साइकल लिएर दक्षिणकालीसम्म गएका थियौँ । फर्पिङ पुग्ने बेलामा प्यास लागेर हामी सडक किनाराको एउटा छाप्रोमा पसेका थियौँ । सो छाप्रोबाट एकजना व्यक्ति निस्केर "हामी दमाईँ हौँ, हजुरहरूलाई पानी चल्दैन" भने । तर हामी दुवैजना उदार घरमा हुर्केका भएर हामीले केही फरक पर्दैन भनेर उनीसँग अम्खोरा मागेर पानी पियौँ ।

त्यस्तै एकजना टोलको साथीको सानैदेखि जोगी तथा सन्यासीहरूसँग संगत थियो । सायद उसको घरमा त्यस्ता मानिसहरू आइरहने भएकाले हो कि किन हो कुन्नि ! ऊ हामीभन्दा उमेरले अलि जेठो पनि हो, एकदिन हामी दुईजना साइकलमा बौद्ध, जोरपाटी हुँदै अलि–अलि गर्दै साँखु नै पुगेछौँ । तल एउटा घरमा साइकल राखेर हामी भऱ्याङका खुड्किला चढ्दै बज्रयोगिनीको मन्दिर पुग्यौँ । हाम्री इष्टदेवी पनि भएर मैले मन्दिरमा गएर विशेष दर्शन गरेँ । मलाई मनमा अलिक डर पनि लागिरहेको थियो, त्यति टाढा गएको र घरका मानिसहरूलाई त्यति टाढा गएको बारे जानकारी नभएकाले । ऊ भने निस्फिक्री टाढा–टाढाका पहाड र हरिया फाँटहरू हेरेर रमाइरहेको थियो । वास्तवमा नै त्यो उचाइबाट तल दक्षिणपट्टि निकै मनोरम दृश्य देखिइरहेको थियो । केहीबेर बसेर हामी पुनः तल झर्न थाल्यौँ । केही तल

ओर्लिएपछि ऊ एकजना सन्यासीसँग गफ गर्न बस्यो । सन्यासीले गफैगफको सुरमा गाँजा मोल्न थाल्यो अनि चिलिममा राखेर गाँजा सल्कायो । मेरो साथीले पनि केही पटक चिलिम समाएर राम्रैसँग धुवाँ आउने गरी गाँजाको आनन्द लियो । अब भने मलाई झनै डर लाग्न थाल्यो, किनकि त्यस्तो गाँजा खाएको मानिसले साइकल कसरी चलाउला र कहीँ फर्कन पनि मान्ने हो वा होइन भनेर । बल्लतल्ल हारगुहार गरेर मैले उसलाई भोलि फेरि बिहानै त्यता आउने शर्तका साथ त्यहाँबाट उम्काउन सफल भएँ । साँखु बजारमा आएपछि एक-एक कप चिया पिउने कुरा भयो । चिया पिउँदापिउँदै मेरो साथीले नजिकैको पसलमा गएर एउटा ठूलो पाकेको फर्सी किन्यो अनि डोरीले साइकलको क्यारियरमा बाँध्न थाल्यो । अब फेरि अर्को फसाद आइलाग्यो । त्यो फर्सीलाई बाटोमा बचाउन अब साइकल एकदम बिस्तारै चलाएर फर्कनुपर्ने भयो । बाटो भने ज्यादै लामो, उबडखाबड भएको र अनकन्टार ठाउँबाट जानुपर्ने भएकोले दिउँसै पनि डरलाग्दो थियो । हामी साँखु बजार छाड्दा करिब बेलुकीको चार बजिसकेको थियो । म आत्तिरहेको थिएँ तर उसलाई कुनै डर नै थिएन । करिब डेढ घण्टामा बल्ल गोकर्ण आइपुग्यो । अब त जति राती भए पनि घर पुगिइहालिन्छ भन्ने ठानेर लामो सास फेरेर ऊसँग अब आइन्दा कतै नजाने प्रण गरेँ ।

आजकल बिहानको हिँडाइमा जान पनि निकै होस पुऱ्याउनुपर्ने भएको छ । सुरक्षाको कारणले भन्दा पनि प्रदूषणले गर्दा । विज्ञहरूको भनाइअनुसार चिसोले प्रदूषणका जडहरू जस्तै उद्योग, अस्पताल, मोटरगाडी, सडक आदिबाट निस्कने धूलो, धुवाँ र विषादिलाई जमिनको सतहमा नै रोकेर राख्नाले यस्तो विषाक्त हावामा खासगरी बिहानको समयमा विनामास्क सयर गर्नाले फोक्सो, दिमाग, मुटु र शरीरको जुनसुकै भागलाई पनि नराम्ररी हानी पुऱ्याउँछ । एक तथ्याङ्कअनुसार सन् २०१५ मा मात्र भारतमा प्रदूषणका कारण २५ लाख मानिसले ज्यान गुमाउनुपऱ्यो । हामी सानो छँदा काठमाडौँको चोभारस्थित हिमाल सिमेन्ट कारखाना र केही इँटाभट्टा अनि भित्री धुले सडकहरूले प्रदूषण गर्ने गरेको कुरा सुनिन्थ्यो । तर तिनलाई रोक्ने त कुरै छाडौँ आज काठमाडौं बस्नै नसकिने ठाउँमा परिणत भइसकेको छ । मजदुर हडताल र जीर्ण मेसिनरीका कारण हिमाल सिमेन्ट बन्द भए पनि चारैतिर पहाडले घेरिएको काठमाडौँजस्तो उपत्यकामा जथाभावी उद्योग सञ्चालन गर्न दिनु, सडकको क्षमताभन्दा कैयन् गुणा बढी गाडीहरू चलाउन दिनु, अधिकांश सडक जीर्ण हुँदा पनि मर्मत नगर्नु, जथाभावी र जहाँतहीँ उद्योग तथा अस्पताल आदिबाट निस्कने

रसायन तथा विषादि फ्याँक्नु, नदीनाला र पानीका स्रोतहरूमा प्रदूषण गर्नु, खाली र खेतीयोग्य जमिन पूरै घर बनाएर सक्नु, रूखपात बेहिसाब काट्नु, प्लास्टिक र कागज अनि क्यान, बोतल, काँच आदि फ्याँक्ने विधि र स्थान नतोक्नु, फोहर समयमा नउठाउनु आदिले गर्दा उपत्यकाको प्रदूषणको मात्रा दिन पर दिन बढ्दैछ । प्रदूषणकै कारण अस्पताल धाउनुपर्ने बाध्यता पनि दिनहुँ बढ्दैछ खासगरी बालबच्चा र बूढाबुढीहरूलाई ।

प्राथमिक विद्यालयको अध्ययन सीता इङ्ग्लिस प्रिपरेटरी स्कुलमा सकेर म निम्नमाध्यमिक तहमा महाराजगञ्जमा अवस्थित भानुभक्त स्मारक माध्यमिक विद्यालयमा भर्ना भएँ र कक्षा आठसम्म त्यहीँ पढेँ । विद्यालयको पढाइका दौरान प्राथमिकतिरका शिक्षिकाहरू टेरी कुँवर, भावा थापा र अमेरिकी स्वयम्सेविका विक्की ब्राउनबाट मैले धेरै व्यवहारिक कुराहरू सिक्ने मौका पाएँ भने माध्यमिक तहमा अध्ययन गर्दा विरेन प्रकाश वाङ्देल, मोहिनी शर्मा, शैलेन्द्र खनाल र झुमा लामा जस्ता शिक्षकशिक्षिकाबाट निकै कुरा जान्न पाएँ । विद्यालयमा पनि धेरै साथी बने । देशका विभिन्न भागबाट अध्ययन गर्न आएका साथीहरूसँग त्यहाँ भेट हुने मौका मिल्यो । आज यिनै विद्यालयमा सँगै पढेका साथीहरू विभिन्न क्षेत्रका अगुवा भएर राष्ट्र विकासमा लागि परिरहेका छन् । कोही–कोही सेनाका जर्नेल भइसके भने कोही प्रहरीका महानिरीक्षकसम्म पनि भए त कोही विश्वविद्यालयका प्राध्यापक तथा अरू कतिजना नाम चलेका चिकित्सक, इन्जिनियर, सञ्चारविज्ञ, नेता, अभिनेता, खेलाडी, संगीतकार, उद्योगी, व्यापारी, बैंकर, प्रशासक, आदि भए । सानो छँदा उनीहरूसँग खेलेका, ठट्टा गरेका तथा कहिलेकाहीँ साना कुरामा झैझगडा भएका घटनाहरू सम्झँदा निकै रमाइलो महसुस हुँदो रहेछ । सानो छँदा सँगै पढेका साथीसँगीहरू वास्तवमा नै दाजुभाइ–दिदीबहिनीसरह नै हुँदा रहेछन् जिन्दगीभर । अहिले पनि हाम्रो भेटघाट भइरहन्छ बेलाबेलामा । त्यस्तो भेटघाटको रमाइलो नै अर्कै हुन्छ । पुराना कुरा सम्झने, एकले अर्कालाई सम्झाउने, सबै मिलेर विभिन्न सामाजिक कार्य गर्ने, हँस्सीठट्टा गर्ने, कस्तो रमाइलो !

प्राथमिकतहमा नै अध्ययन गरिरहेको बेलामा सन् १९७१ तिर हाम्रा पिताजीले एकदिन उहाँ भारतको नयाँ दिल्लीमा कोलम्बो प्लानको बैठकमा भाग लिन जान लागेको र हामी पूरै परिवारलाई पनि साथमा लिएर जाने कुरा बताउनुभयो । धेरैजना भएकाले पटनासम्म हवाईजहाजमा र त्यहाँबाट दिल्ली रेलमा जाने निधो भएछ । म त्यतिबेला करिब ७ वर्षको थिएँ होला । हाम्रा माहिला दाजुको एसएलसीको

परीक्षा आउन लागेकोले उनी घर कुरेर बस्ने भए भने बाँकी हामी हवाईजहाजमा पटनाका लागि रवाना भयौँ । यो मेरो पहिलो हवाईजहाजको सफर थियो । एभ्रोजत्रै इन्डियन एयरलाइन्सको भाइकाउण्ट भन्ने विमानमा हामी पटना गएको अझैसम्म याद छ मलाई । त्यहाँ एकरात बसेर हामी भोलिपल्ट दिल्लीका लागि रेलमा चढेका थियौँ । त्यतिबेला भारतका लामो दूरीका रेलहरू कोइलाबाट चल्दथे । करिब दुई रातजतिको यात्रापछि हामी दिल्ली पुग्यौँ । भारतका रेल स्टेशनहरू निकै फोहर हुन्थे त्यो समयमा । गरिबी पनि अति नै । विकलांग, बच्चाबच्ची, बूढा-बुढी र गरिब पुरूष-महिला तथा जोगी र सन्यासीहरू स्टेशनभरि हुन्थे । बगलीमारा र चोरहरूको पनि बिगबिगी थियो । जताततै पान खाएर थुकेको, फोहर फ्याँकेको, दिसा-पिसाब गरेको र राजनैतिक पार्टीहरूको ब्यानर र पोस्टर टाँसेको, अनि ठूला-ठूला स्वरमा देहाती र हिन्दी गीतहरू घन्काएको । कोइलाको गन्ध आइरहने । रेल रोक्न पाएको छैन माटाका साना-साना प्यालामा चिया बेच्न ल्याउँथे । रेलको भित्र पनि फोहर र निकै भीडभाड हुने । वास्तवमा त्यतिबेला भारतको रेलवे निकै अस्तव्यस्त थियो । आज त्यस्तो अवस्थामा निकै कमी आएको छ । आज भारतको रेलसेवामा कायापलट नै भएको छ भने विश्वमा नै भारतको रेल सञ्जाल अमेरिका, रूस र चीनपछिको सबैभन्दा ठूलो हो । तर महानगर जाने रेलहरूमा प्रत्येक दिन कामको सिलसिलामा ७५-८० किलोमिटरसम्म ओहोरदोहोर गर्ने यात्रुहरूको भीड भने ज्यादै हुन्छ, खासगरी बिहान र बेलुकीको समयमा । कैयन् ठूला महानगरहरूमा भूमिगत मेट्रो रेलहरू पनि सञ्चालनमा आएका छन् र ती पनि निकै सफा र व्यवस्थित छन् आजकल । लामो दूरीका रेलहरू बिस्तारै विद्युत्बाट चल्ने भइसकेका छन् । भारतीय रेलवे भारतको गर्वको पर्याय भइसकेको छ ।

तर के गर्ने, दुईदिन र दुईरात लगातार रेलको सफर गरेपछि मलाई त रेल नराम्ररी लागेछ । दिल्ली पुगिसकेपछि पनि हिँड्दा, सुत्दा र बस्दा पनि रेलमा छक् छक् छक् छक् गुडिरहेको जस्तो भान हुने । पिताजीसँग हाम्री माता, दिदी, जेठा दाजु र म दिल्ली गएका थियौँ । दिल्लीको बीचमा अवस्थित कनट प्लेसको एउटा साधारण होटलमा हामी बसेका थियौँ । केहीदिन लामो-लामो बैठक हुँदा माता र पिताजी त्यहाँको आलिशान होटल अशोकामा गएर बस्नुभयो र पछि फेरि हामी सबै एउटै होटलमा बस्यौँ ।

कनट प्लेस सन् १९३३ मा बेलायती राजपरिवारका सदस्य ड्युक अफ कनटको

यादमा किनमेल गर्ने व्यापारिक थलोको रूपमा घोडाको टापको आकारमा बनाइएको थियो । आज पनि यो ठाउँलाई पहिलाकै रूपमा संरक्षण गरेर राखिएको छ । सेता-सेता दुईतले बेलायती पुरातन शैलीका घरहरू र पेटीहरू ती घरका मुनिपट्टि बनाइएका । अहिले कनट प्लेसको बाहिरपट्टि ठूला-ठूला गगनचुम्बी घरहरू बनेका छन् । रेलको मुख्य स्टेशन पनि यसैको बाहिर छ ।

करिब दुईहप्ताको दिल्ली बसाइमा हामी शाहजहाँले बनाउन लगाएको लाल किल्ला, कुतुवद्दीन ऐवकले सन् १,११३ मा बनाउन लगाएको कुतुव मिनार, महाराजा जय सिंहले सन् १,७२४ मा बनाउन लगाएको जन्तर मन्तर, महात्मा गान्धीको स्मारकस्थल राजघाट, पुरानो दिल्ली आदि ठाउँमा घुम्न गयौँ । कुतुव मिनार चढेर दिल्लीको पर-परसम्म हेर्ने अवसर पनि मिल्यो त्यतिबेला । त्यस्तै राष्ट्रपति भवन, इन्डिया गेट, मन्त्रीपरिषद् भवन र संसद् भवन पनि हेर्न पायौँ । हाम्री दिदी शाकाहारी भएकी प्रायः जसो हामी शाकाहारी खाना नै खान्थ्यौँ तर निकै स्वादिलो गरेर बनाउने । पुरानो दिल्लीमा खाएको मूलीको पराठा र तन्दुरी कुखुराको स्वाद आजसम्म पनि बिर्सेको छैन मैले । तर पुरानो दिल्ली अति नै भीडभाड हुने ठाउँ थियो ।

दिल्लीबाट पटना फर्कनेक्रममा हामी आगरा र मथुरा पनि गयौँ । आगरामा ताजमहल हेर्न गएका थियौँ । एउटा अद्वितीय कलाकारिताको नमुना हो ताजमहल । यमुना नदीको किनारामा निर्मित ताजमहल शाहजहाँले आफ्नी रानी मुम्ताजमहलको यादमा सोह्रौँ शताब्दीमा बनाउन लगाएका थिए । सिंगमर्मरले बनेको यो स्मारकको मुनिपट्टि उनकी रानी मुम्ताजमहललाई दफनाइएको छ । बाटोमा हामी मथुरा पनि गयौँ । यो प्राचीन शहरमा भगवान् श्रीकृष्णको जन्म भएको कथन छ । हामीले त्यहाँ विश्रामघाट, वृन्दावन तथा द्वारका मन्दिर आदि घुम्यौँ । फर्केर काठमाडौँ आएपछि कैयन् दिनसम्म विद्यालयमा शिक्षिकाहरूले कक्षामा भारत भ्रमणको वर्णन गर्न आग्रह गरेका थिए ।

म करिब ४-५ वर्षको छँदा डा. यादवप्रसाद पन्तले हप्तामा एकाध पटक मेरा पिताजीलाई फोन गर्दथे । उनी हाम्रा पिताका सहोदर मामाका छोरा हुन् । मलाई निकै माया गर्थे । पिताजीलाई फोन गर्दा म दौडेर गएर फोन उठाउँथेँ । उनी मसँग जिस्किँदै अँग्रेजीमा कुरा गर्थे । मलाई गीत गाउन लगाउँथे र निकै रमाउँथे मसँग कुरा गरेर । कोही अरूले फोन उठायो भने पनि कपिल खै भनेर मलाई नै फोन दिन आग्रह गर्दथे । कहिलेकाहीँ मलाई पनि लिएर पिताजी उनको कालिकास्थानको घरमा

जानुहुन्थ्यो । मलाई देख्नेबित्तिकै हाम्री ठूलीआमालाई उनी "रमा चकलेट ल्याऊ यहाँ एउटा एकदम प्यारो बच्चा आएको छ" भन्थे । म पनि दङ्ग परेर चकलेटको आनन्द लिन्थैँ । एकदिन खेल्दाखेल्दै पिताजीको चियाको ग्लास मैले घोप्टाइदिएछु । कहिल्यै नपिट्ने मान्छेले मलाई एक थप्पड मार्नुभयो । म रून थालेँ अनि यादव काकाले मलाई बोकेर "ए गोविन्द, मेरो भतिजोलाई किन पिटेको हँ" भनेर जिस्कँदै मलाई थम्थम्याए । उनी हाम्रा बुवाका दाइ भए पनि हामी यादव काका नै भन्थ्यौँ । सायद हाम्रा बुवाका उनीभन्दा पनि जेठा दाइ श्यामकृष्णका छोरा मुन्नुदाजु (वासुदेवप्रसाद लोहनी) ले उनलाई यादव काका भनेर बोलाउने गरेकाले हामीले पनि त्यस्तै सिकेको हुनुपर्छ ।

ताराप्रसाद पन्तका दुई पत्नीमध्ये जेठी पत्नीतिरबाट विष्णुप्रसाद पन्त र तीनवटी छोरीहरू शिव कुमारी, दुर्गा कुमारी र गंगा कुमारी र कान्छीतिरबाट रोहिणी, पिताम्बर र देवीप्रसाद पन्तको जन्म भएको थियो । विष्णुप्रसाद पन्तका एउटै छोराका रूपमा डा. यादवप्रसाद पन्तको जन्म भयो भने ताराप्रसादकी जेठी छोरीबाट मेरा ठूलाबुवा श्यामकृष्ण लोहनी, माहिली छोरीबाट मेरा पिताजी गोविन्दप्रसाद, वटुकप्रसाद र विश्वराज लोहनी र कान्छी छोरीबाट गोकुल, पोषण पाण्डे र तीनजना छोरीहरूले जन्म लिएका थिए ।

हाम्रा बाजे पण्डित दिपकेश्वर शर्मा लोहनीले डा. यादवप्रसाद पन्तकी ठूली फुपूसँग बिहे गरेका थिए र उनैको कोखबाट हाम्रा बुवाका दाजु श्यामकृष्ण लोहनीको जन्म भएको थियो । श्यामकृष्णको लालनपालन धेरैजसो मामाघरतिरै यानि काठमाडौँको कालिकास्थान र खेती हुने ठाउँ परासीमा अनि बनारसमा भएको थियो भने उनको विवाह पनि भारतकै एक ब्राह्मण कन्यासँग भएको थियो । हाम्रा पिताकी ती भाउजुले विवाहपश्चात् नै नेपाली भाषा सिकेकीले आफ्नो एकमात्र छोरा वासुदेवप्रसाद लोहनीलाई "मुन्ना" भनेर बोलाउँथिन् । पछि सबैले उनलाई माया गरेर "मुन्नु" भनेर बोलाउन थालेछन् । श्यामकृष्ण अति नै रमाइलो गर्नुपर्ने, राम्रो लुगा लगाउनुपर्ने, र मीठामीठो खाना खानुपर्ने मान्छे थिए र हाम्रा बुवाका दाजु भए पनि उहाँभन्दा करिब २०-२५ वर्ष नै जेठा रहेछन् । यसरी उमेरमा ठूलो भिन्नता हुनुको रहस्य के रहेछ भने उनी वयस्क हुँदा उनकी ममतामयी माताको निधन भएकोले हाम्रा बाजेले यादवप्रसाद पन्तकी अर्की फुपू यानि श्यामकृष्णकै सानी आमासँग बिहे गरेछन् र पछि हाम्रा बुवालगायत अन्य दुई भाइ वटुकप्रसाद लोहनी र विश्वराज लोहनीको

जन्म भएको रहेछ । श्यामकृष्णले हाम्रा बुवालाई निकै माया गर्दा रहेछन् । उमेरले बाउछोराजस्ता देखिने भए पनि श्यामकृष्णले हाम्रा बुवालाई बोकेर बनारसका गल्ली–गल्ली र बजारमा लिएर जाने र धेरै खेलौनाहरू किनिदिने गर्थे रे ! उनका छोरा मुन्नुदाजु र मेरा बुवाको उमेरमा दश वर्षको फरक छ भने हाम्रा दुई काकाका त यी भतिजा साथीजस्ता नै हुन् । मेरी स्वर्गीय माता र मुन्नुदाजु एउटै उमेरका हुन् तर मेरी मातालाई स्न्चिला काकी भनेर निकै आदर गर्थे उनले । मेरी मातासँग बिहे भएपछि मेरा पिताकै पहलमा आफ्ना दुई सालीमध्ये माहिली सुशीलाको मुन्नुदाजुसँग र कान्छी शारदाको साहिँला मामाका छोरा महेशप्रसाद पन्तसँग बिहे भयो । कसैसँग पनि नडराउने हाम्रा काकाहरू र यी मुन्नुदाजु डा. यादवप्रसाद पन्त र हाम्रा बुवाको अगाडि निकै अदबका साथ पेश हुन्थे । आज यादव काका र कान्छा काका विश्वराज (सानोबच्चा) यो धरतीमा नभए पनि उनीहरूको सम्झना हाम्रो परिवारका सदस्यहरूले बेला–बेलामा तथा विभिन्न समारोहमा भेला भएपिच्छे गर्ने गर्छन् ।

यिनै मुन्नु दाजुका चार छोरा र एक छोरीमध्ये कान्छा छोरा शिवदीप निकै बौद्धिक तथा व्यवसायमा पक्का व्यक्ति छन् । अर्का भतिज कमलदीपकी पत्नी समिना खनाल लोहनी भने साहित्यमा राम्रै दख्खल राख्छिन् । भतिजी सन्तोषी पाण्डेका पती उमेश पाण्डे पनि ग्रामीण खानेपानी परियोजनाहरूबारेका ज्ञाता छन् भने राम्रा गायक पनि हुन् । पिताजीका भाइ बटुकप्रसाद लोहनीकी पुत्री उषा लोहनी पनि पत्रकारिता जगत्मा निकै ख्याति प्राप्त महिला हुन् ।

डा. यादवप्रसाद पन्तका पिता विश्णुप्रसाद पन्तले मेरा पितालाई निकै माया गर्दथे । आफू पनि निकै नाम कहलिएका जमिन्दार ताराप्रसाद पन्तका छोरा थिए । "जिल्लामा बारा र सुब्बामा तारा" भन्ने त त्यतिबेलाको उक्ति नै थियो । उनीहरूको जमिनदारी बारा, पर्सा, नवलपरासी र कपिलवस्तुसम्म नै थियो । मेरा पिताजी पनि धेरैजसो मामाघरमा नै हुर्कनुभएको हो र उहाँको अधिकांश शिक्षादीक्षा बनारसमा नै भएको हो । साहित्यका प्रकाण्ड विद्धान् स्व. गोपाल पाँडे 'असीम' हाम्रै हजुरबुवा दीपकेश्वर शर्मा लोहनीका भान्जा थिए ।

डा. यादवप्रसाद पन्त नेपालका गनिएका अर्थशास्त्री थिए र राजनीतिमा पनि निकै सक्रिय व्यक्ति । केन्द्रीय बैंकका गभर्नर, राजनीतिज्ञ, अर्थ, उद्योग, जलस्रोत मन्त्रीदेखि बैंकरसमेत भएका मान्छे उनी जापानका लागि नेपाली राजदूतसमेत भए

भने परिवारजनमा उनी निकै दयालु र गुणी व्यक्तिको रूपमा पुजिन्थे । जीवनको उत्तरार्द्धमा उनी राजनीतिमा निकै सक्रिय भए अनि राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ नेता भएर लामो समयसम्म काम पनि गरे । त्यति उच्च व्यक्तित्व भएर पनि उनी निकै सरल र ठट्टा गरिरहनुपर्ने स्वभावका थिए । एकचोटि उनी जापानको राजदूतको कार्यकाल सकेर नेपाल फर्केपछि बुवा र म भेट्न गएका थियौँ । उनले कस्तो रमाइलो पाराले जापान र त्यहाँका विभिन्न परिवेशबारे वर्णन गरेका थिए । टोकियो पुगेकै दिन आफू बस्ने घर निकै काँप्न थालेपछि घरबाट बाहिर निस्के पनि अरू कोही पनि त्यसरी आत्तिएको देखिएन रे ! पछि बुझ्दा त उनी बस्ने घरको मुनिबाट भूमिगत रेल चल्दो रहेछ र बेला-बेलामा यस्तो कम्पन भइराख्दो रहेछ । कहिलेकाहीँ त यस्तै रेलले हल्लाएको होला भनेर चुप लागेर बस्दा साँच्चैको भूकम्प पनि आएको हुँदो रहेछ अरे !

राजाको जापान भ्रमणको बेलाको वर्णन गर्दै उनले मलाई हँसाउन भनेका थिए कि, एकदिन उनलाई पनि त्यतिबेला जापानका सम्राटको दरबारमा राजाहरूसँगै बस्ने अवसर मिलेको थियो रे ! त्यो दरबार यति भव्य थियो रे कि कोठामा जोडिएको बाथरूम पनि पूरै ऐना नै ऐना लगाएर बनाएको रहेछ रे ! शौच गर्दा पनि चारैतिर आफू नै आफू देखिएर लाजै लाग्ने रे ! आजसम्म पनि मलाई यी कुराहरू सम्झेर निकै हाँसो उठ्छ ।

उनको देहावसान हुनुभन्दा केही समयअघि उनी निकै बिरामी भएर नर्भिक अस्पतालमा भर्ना भएका थिए । म मेरा पिताजीलाई लिएर उनीसँग भेट्न अस्पताल पुगेँ । मेरा पिताजीलाई देखेर उनी निकै खुशी भएर "मेरो गोविन्द आएछ" भनेर धेरै बेरसम्म सकिनसकी कुरा गरे, अनि मलाई देखाएर "यो कपिल होइन ? यो केटाकेटीदेखि नै विलक्षणको मान्छे हो, यहाँ नजिक आइज बाबु" भनेर मलाई सुम्सुमाउँदै निकै आशीष दिए । उनी बैंक अफ काठमाडौँका अध्यक्ष हुँदा पनि म बेला-बेलामा उनको कार्यालयमा गएर भलाकुसारी गरिरहन्थेँ । आज हामीसामु उनको सम्झनामात्र बाँकी छ । यादवकाकाका छोराछोरीहरू गिरीश, मिरा, भुवनेश, र राधेश सबै बौद्धिक जगत्का हस्ति नै छन् ।

यस्तै बेलातिर पिताजीका सहकर्मी र अन्य साथी हाम्रो घरमा आइरहन्थे । म घरमा सबैभन्दा सानो भएकाले उनीहरू मलाई "पिकनिक जाने होइन बाबु ?", "धरहरा

चढ्न जाने होइन ?" भनेर जिस्काइरहन्थे । त्यतिबेला नेपाल राष्ट्र बैंकमा थोरै कर्मचारी थिए र बेला–बेलामा वनभोज तथा बालुवाटार र थापाथली कार्यालयमा भोज भइरहन्थ्यो बिदाका दिनहरूमा । पिताजीसँग हामी केटाकेटीहरू यस्ता अवसरमा जाने गर्दथ्यौँ ।

हाम्रा पिताजी फोटो खिच्न निकै रूचाउनुहुन्थ्यो । सुरुमा उहाँसँग रसियन क्यामरा थियो । पछि जापानी क्यामरा प्रयोग गर्न थाल्नुभयो । फोटो खिच्न पाएको छैन, तुरन्तै फोटो निस्कने पोलराइड क्यामरा पनि अन्तर्राष्ट्रिय बजारमा आउनेबित्तिकै उहाँले पनि ल्याउनुभयो । उहाँले कार्यालयको काममा विभिन्न ठाउँको भ्रमण गर्दा खिच्नुभएका फोटाहरू आज हेर्दा त्यो बेला र अहिले ती ठाउँहरूमा आएको बदलावबारे राम्रै ज्ञान प्राप्त हुन्छ ।

एकचोटि हाम्रा पिताजीले बैंकबाट केही दिनका निम्ति भिडियो टेप रेकर्डर ल्याउनुभएको थियो । यो सायद आजको भिडियो प्रणालीको पहिलो व्यवसायिक उत्पादन थियो । डेस्क टप कम्प्युटरको सीपीयूजस्तोमा ५–६ इन्चको श्वेत–श्याम पर्दामा भिडियो हेर्न सकिने । हामी निकै रोमाञ्चित भएका थियौँ त्यसमा भिडियो हेरेर । हामी साना छँदासम्म भल्भ जडित रेडियोहरूको चलन थियो । यी रेडियो बिजुलीमा जोडेपछि यिनको भित्र जडान गरिएका चिमजस्ता भल्भहरू बलेर तातेपछिमात्र रेडियो बज्न सुरु हुन्थ्यो । केही समयपछि ट्रान्जिस्टर रेडियोको जमाना आयो । हाम्रा पिताजी यस्ता चीजहरूका सौखिन हुनुका साथै बैंकको काममा विदेश गइरहनुपर्ने भएकाले नयाँ चीज बजारमा आउनेबित्तिकै किनेर ल्याइहाल्नुहुन्थ्यो । ट्रान्जिस्टर रेडियो भल्भ रेडियोभन्दा सानो हुन थाल्यो र त्यसको केही समयपछि फेरि प्रविधिमा थप विकास भएर इन्टिग्रेटेड सर्किट जडित झनै साना रेडियोहरू आउन थाले । त्यस्तै स्पुल टेप र बडेमानका रेकर्ड प्लेयरहरूलाई विस्थापित गर्दै चिट्ट परेका तथा निकै सुमधुर आवाज फ्याँक्ने रेकर्ड प्लेयरहरू ७० को दशकमा बजारमा आए भने तिनलाई क्यासेट प्लेयरले बिस्तारै विस्थापित गरेर निकै समय बजारमा क्यासेट छाएर बस्यो । एकताका वाकम्यान भन्ने सानो क्यासेट प्लेयर कम्मरमा झुण्डाएर हेडफोन कानमा राखी सुन्दै हिंड्ने विश्वव्यापी फेसन नै आएको थियो । हुँदा–हुदाँ मोटरसाइकलमा साना–साना स्पिकर राखेर वाकम्यानमार्फत संगीत सुन्दै सवार हुने फेसन पनि आयो । तर समयसँग यसको पनि के लाग्ने र ! केही समयपश्चात् नै कम्प्याक्ट डिस्कले क्यासेटको आधिपत्य हटाइछाड्यो । र आज आएर कम्प्याक्ट डिस्क पनि पुरानो

भइसक्यो । स्मार्ट मोबाइलले फोन, क्याल्कुलेटर, क्यामेरा, रेडियो, सिडी, घडी, क्यालेन्डर, पात्रो, पत्र-पत्रिका, कापी, नक्सा, फोटो अलबमलगायत सधैँ प्रयोग गर्ने धेरै वस्तुलाई पुरानो बनाइदिइसक्यो । अझ आउँदा दिनहरूमा विज्ञान र प्रविधिले केकस्तो फड्को मार्ने हो हेर्न बाँकी नै छ ।

पिताजीका साहिँला मामा पिताम्बरप्रसाद पन्तको ज्ञानेश्वरस्थित घरमा पनि हामी केटाकेटी छँदा गइरहन्थ्यौँ । साहिँला मामा संगीतमा निकै सौखिन मान्छे । हिन्दी र नेपाली गीतका रेकर्डहरू प्रशस्त थिए उनीकहाँ । माता र पिता दुवैतर्फबाट नातो पर्ने यो परिवारसँग पनि हाम्रो विशेष सम्बन्ध छ । पिताजीका साहिँला मामापट्टिका भाइ कृष्णप्रसाद पन्त नेपालको कानुन क्षेत्रका एक हस्ति थिए र वरिष्ठ अधिवक्ताका रूपमा निकै चर्चित पनि । व्यक्तिगतरूपमा निकै रमाइला थिए तथा खानपिनका धूमधाम सोखिन थिए र शायरी भन्न र ठट्टा गर्न अति नै रुचाउने । जीवनको उत्तरार्द्धमा मुटु तथा मृगौला रोगका कारण केही लामै समय अस्पतालमा बिताएका यी हँसिला व्यक्तित्वलाई कोही भेट्न गयो भने पहिले उनी नै भेट्न जाने मान्छेलाई "कस्तो छ स्वास्थ्य" भनेर हाँस्ने गर्थे । आखिर उनले आफ्नो शरीर मृत्युपर्यन्त चिकित्सा शास्त्रका विद्यार्थीहरूको अनुसन्धान हेतु शिक्षण अस्पताललाई दान गर्ने मनसायपत्रमा हस्ताक्षर गरेकाले उनको इच्छा मुताबिक नै परिवारजनले पनि अति उदार मनका साथ उनको पार्थिव शरीर शिक्षण अस्पताल, महाराजगञ्जमा लगेर बुझाएका थिए । मेरा पिताजी र म पनि सो हस्तान्तरण कार्यक्रममा सरिक थियौँ र उनको शरीर सैनिक अस्पतालबाट शिक्षण अस्पतालको शवगृहको चिसो च्याम्बरमा लगेर राखेर भारी मनका साथ हामी फर्किएका थियौँ । यो नै नेपालमा यस प्रकारको पहिलो दान होला । सुशिक्षित परिवारजनले पनि सबै रीतिरिवाज छाडेर त्यतिबेला निकै आँटका साथ उनको यो इच्छा पूरा गरिदिएका थिए । उनका दुई सुपुत्र दिनेश र राजेश पन्त र एक सुपुत्री अञ्जु शर्मा, जो मेरा दाजुहरू र दिदी हुन्, सबै सुशिक्षित छन् र समाजमा प्रतिष्ठित व्यक्तित्वका रूपमा चिनिन्छन् ।

पिताजीका साहिँला मामाका कान्छा छोरा महेशप्रसाद पन्त मेरा काका पनि हुन् र मेरी माताकी कान्छी बहिनीसँग उनको बिहे भएकोले उनी हाम्री सानीमाका पति पनि हुन् । नेपालबाट विदेश गएर कृषि सम्बन्धी उच्चअध्ययन गर्ने सुरुआती समूहका सदस्य होलान् उनी । उर्दू साहित्यबाट निकै प्रभावित हाम्रा महेशकाका निकै खारिएका शायर हुन् भने संगीतका पनि पारखी । उनका दुई छोरा ब्रजेश र

शैलेश तथा एक छोरी बन्दना सबै उच्चशिक्षा हासिल गरेर मुलुकभित्र र बाहिर निकै सक्रियरूपमा कार्यरत छन् । बहिनी बन्दना बैंकिङ क्षेत्रको उच्चतम ओहदामा पुग्ने महिलाहरूमध्ये पर्दछिन् ।

पिताजीका साहिँला मामातर्फकै मेरी दुई फुपू र फुपाजुहरू सबै सुशिक्षित र ख्यातिप्राप्त व्यक्तित्वहरू हुन् । यीमध्ये जेठी फुपू अंगुरबाबा जोशीले निकै ख्याति कमाइन् । उनी नेपालको शिक्षण संस्थाको इतिहासमा नै प्रथम महिला प्रिन्सिपल भइन् । त्यस्तै महिला हक र अधिकारको विषयमा आजसम्म पनि आफ्नो मत राखिराख्ने अधिकारकर्मी पनि हुन् उनी । उनका पति डा. बलराम जोशी नेपालका नाम चलेका वैज्ञानिक थिए । यस्तै पिताजीका काइला मामा रोहिणीप्रसाद पन्तका सन्तानमध्ये छोरी छायाँ शर्मा महिला उद्यमीका साथै राजनीतिमा पनि निकै सक्रिय छिन् ।

गोकुल (ध्रुव) पाण्डे र पोषण पाण्डे हाम्रा पिताजीका सानीआमाका छोराहरू थिए । उनीहरूको घर इन्द्रचोकमा साहु हनुमानप्रसादको कोठीअगाडि थियो । हामी साना छँदा त्यहाँ गइरहन्थ्यौँ । पछि ध्रुव बुवाको परिवार विशालनगरमा सऱ्यो भने पोषण काकाको परिवार भने चाबहिलमा बसोबास गर्न थाल्यो । गोकुल पाण्डे एक असल व्यक्तित्व थिए र उनले आफ्ना भाइ पोषण, हाम्रा पिताजी तथा काकाहरू र बहिनीहरूको अभिभावकको भूमिका खेलेका थिए । उनका सुपुत्र डा. निर्मल पाण्डे नाम चलेका अर्थविद् हुन् र राष्ट्रिय योजना आयोगका सदस्यसमेत भए । पोषण पाण्डे नेपालका खारिएका साहित्यकारहरूमध्ये पर्दथे । उनकी छोरीहरू पनि साहित्य र प्राध्यापनमा नै रमाइरहेका छन् ।

पिताजीका आफ्नै आमातर्फ कुनै छोरी नभएकाले सानी आमाका तीन छोरीहरूले तिहारमा तेल हाली भाइटीका लगाइदिन्थे । दिदी मिठ्ठुको साहित्यकार भीमनिधि तिवारीसँग, अर्की दिदी महारानीको फडिन्द्रवल्लभ पन्तसँग र कान्छी बहिनीको जगन्नाथ तिवारीसँग बिहे भएको थियो । पिताजीका भिनाजु फडिन्द्रवल्लभ पन्तले हाम्रा जिज्यूबुवा बनारसमा हुँदा पनि पिताजीको अभिभावकको रूपमा उहाँलाई धेरै दिशानिर्देश गरेको कुरा पिताजीबाट सुनेको थिएँ । पछि–पछिसम्म पनि उहाँहरू एकअर्कालाई भेट्ने र लामो कुराकानी गर्ने गरिरहनुहुन्थ्यो । उनै भिनाजुका छोरा यानि पिताजीका भाञ्जा अच्युतवल्लभ पन्तका गुरु तथा अभिभावक हाम्रा पिताजी नै हुनुभएको रहेछ बनारसमा छँदा धेरै वर्षसम्म । पिताजीका यी भान्जाका

छोरा/छोरीहरू सबै उच्च अध्ययनसहित विभिन्न व्यवसायमा लागेका छन् । कनिष्ठ सुपुत्र सुनिल एउटा विमा कम्पनीको प्रमुख कार्यकारीको रूपमा नै कार्यरत छ । पिताजीका यिनै भान्जाले हालै मात्र मलाई दिएको वि.सं. २०१० मा मेरा पिताजीद्वारा उनका पितालाई लेखिएको पत्रअनुसार पिताजीको पहिलो पुस्तक "नेतृत्वको भोक" त्यस्तै वि.सं. २००९ तिर बनारसबाट प्रकाशन हुँदा नेपालस्थित पुस्तक बिक्रेताहरूले पुस्तक बिक्रीको रकम नपठाउँदा बनारसको उक्त प्रकाशकले दिनहुँ पिताजीसँग ताकेता गर्ने गरेकाले उहाँले निकै लाजमर्दो परिस्थितिको सामना गर्नुपरेको रहेछ । सो चिठीमा उहाँले आफ्ना भिनाज्यूलाई प्रकाशकलाई तिर्नुपर्ने रकम १ सय पचास रहेको र सो पठाइदिन अनुरोध गर्नुभएको रहेछ । यसबाट हामी त्यतिबेलाको मूल्यस्थितिको लेखाजोखा गर्न सक्छौं । आफ्ना माहिला भाइ वटुक, भाञ्जा अच्युत र भतिजा वासुदेवलाई उच्च शिक्षा हासिल गर्न र ठीक बाटो समाउन मद्दत गर्न मेरा पिताजीले निकै धेरै मेहनत गर्नुभएको रहेछ । मेरी माताकै उमेर हाराहारीका उहाँका यी देवर र भतिजाहरू आज पनि मेरा पिताजीलाई भगवान्सरि पुज्दछन् ।

आमाको माइती यानि हाम्रो मामाघर काठमाडौंको खिचापोखरीमा थियो । हाम्रा हजुरबुवा काशीराज पाण्डे नेपालका अग्रणी विद्युतीय इन्जिनियर थिए । झन्डै ६ फिट कदका गोरा, हट्टाकट्टा व्यक्तित्वका धनि उनी जुद्धशमशेर श्री ३ छँदादेखि नै प्रख्यात थिए । त्यतिखेर सीमित ठूलाबडाको घरमा मात्र रेडियो राख्न पाउने अनुमति हुन्थ्यो र रेडियो पनि बडेमानको यानि कोठाको एउटा भित्ताभरिको हुन्थ्यो रे ! बिग्रेको रेडियो मर्मत गर्न सक्ने कुशल इन्जिनियर त्यो बेला सायद उनीमात्र थिए । रेडियो मर्मत खिचापोखरीस्थित घरबाटै हुँदो रहेछ । सन् १९४० को पूवार्द्धमा जर्मनी र जापानले विश्वयुद्धमा विजय हासिल गर्दै गएको खबर आम जनतासम्म नपुगोस् भनेर जुद्धशमशेरले केही नजिकका भारदारबाहेक सबैको रेडियो सिंहदरबारमा बुझाउन हुकुम दिए । त्यसबेला करिब चारसय ओटा रेडियो सिंहदरबारमा बुझाइएको भनाइ छ । पछि विश्ययुद्धपश्चात् ती रेडियो फिर्ता गरिएको थियो रे ! तर यो अवधिमा पनि काशिराज पाण्डेको रेडियो भने उनीसँग राख्न दिइएको थियो । कारण उनले अन्तर्राष्ट्रिय घटनाहरू रेडियोमा सुनेर "दि न्युज रिल" नामक समाचारहरूको निचोड टाइप गरेर जुद्धशमशेर र अन्य उच्चपदस्थ राणाहरूलाई दिनुपर्दथ्यो । हुँदा-हुदाँ तत्कालीन गोरखापत्रका सम्पादकले समेत यही दस्तावेजलाई आधार मानेर अन्तर्राष्ट्रिय समाचार छाप्ने गरेका रहेछन् । पद्मशमशेर सत्तामा आएपछि श्रावण २००३

मा उनले सर्वसाधारणले रेडियो राख्न पाउने घोषणा गरे । सुरुमा रेडियो भएकाले भारतीय स्टेशनबाट प्रसारित समाचार तथा अन्य कार्यक्रममात्र सुन्न पाउँथे । तर इन्जिनियर तथा रेडियोको प्रविधि राम्ररी बुझेका हाम्रा हजुरबुवा काशीराजले दोस्रो विश्वयुद्धमा प्रयोग भएका पुराना वायरलेस सेटलाई परिमार्जित गरेर रेडियो प्रसारण सुरु गरे । आफू काम गर्ने बिजुली अड्डा (हालको नेपाल विद्युत् प्राधिकरण, रत्नपार्क) बाट उनले २००३ सालमा नेपाल ब्रोडकास्टिङ्को नाममा प्रसारण सुरु गरेका थिए र सुरुमा उनी आफैँ उद्घोषकसमेत भएर काम गरे । बिजुली अड्डा परिसरको अन्तिम पुरानो घर, जहाँ उनको कार्यालय थियो, त्यो पनि २०७२ सालको भूकम्पमा भत्किन पुग्यो ।

मोरङ हाइड्रोदेखि पनौती जलविद्युत् केन्द्र बनाउँदासम्म प्रमुख भूमिका खेलेका हाम्रा हजुरबुवा हामी सबै नातीनातिनालाई निकै माया गर्थे । उनको इन्जिनियरिङ् पेशाबाहेक जुद्धशमशेरले उनलाई एउटा अर्को काम पनि दिएका रहेछन् । हरेक दिन रेडियोमा विश्वका विभिन्न देशका खबरहरू सुन्ने । खासगरी दोस्रो विश्वयुद्धसँग सम्बन्धित खबरहरू । तत्कालीन राणा सरकारलाई बेलायत युद्धमा हार्ला र खासगरी जापानले यो क्षेत्रमा प्रभुत्व जमाउला भन्ने ठूलो चिन्ता थियो । भारतका केही स्वतन्त्रता सेनानी, खासगरी सुभाषचन्द्र वोश भारतलाई बेलायतको उपनिवेशबाट मुक्त गर्न जापानको पक्षमा थिए र लडी पनि रहेका थिए । हाम्रा हजुरबुवाको दैनिक कामहरूमध्ये एउटाचाहिँ प्रत्येक अपराह्ण श्री ३ ले खाना खाने बेलामा विश्व समाचारको सारांश उनलाई सुनाउने थियो ।

हाम्रा हजुरबुवाले हामीलाई सुनाएअनुसार जुद्धशमशेर खानाका निकै पारखी थिए रे ! खासगरी बिहानको खाना अपराह्न खाने र त्यो पनि धेरै किसिमका मीठा व्यञ्जनसहित घण्टौँ लगाएर गफ गर्दै खाने । अन्तिममा मुखमा बुझो लगाउन अलिकति मकैको ढिँडो नभई नहुने अरे ! उनकै खान्गीदेखि प्रभावित भएर होला, हाम्रा हजुरबुवाको खवाइ पनि हेर्न लायकको हुन्थ्यो । ठूलो काँटीको शरीर भएका उनी चौकामा बसेपछि औसानी र आचमनपश्चात् बडेमानको चरेसको थालमा मसिनो भात, विभिन्नथरिका तरकारी तथा ठूलो कचौरामा दाल खान्थे । अन्त्यमा आफ्नै घरमा पालेका उच्चनश्लका गाईको दूध र दही ।

खिचापोखरीस्थित हाम्रो मामाघर आजकल व्यवसायिक भवनझैँ भएको छ, र सायद हालैको भूकम्पले केही प्रभावितसमेत भयो क्यार ! त्यहाँ बस्ने हाम्रा मामाहरूको परिवार

हाल अन्यत्रै बस्ने गरेका छन् । हालको पशुपति प्लाजादेखि चौधरी ग्रुपको कार्यालय रहेको घरसम्म पन्ध्र झ्याल र चार तला । निकैभित्रसम्म चौडा यो घरमा दुईओटा चोक थिए । खाली-खाली कोठाहरू भएको यस घरका कुनाकाप्चामा जानसमेत डर लाग्ने खालको थियो । हिन्दी फिल्ममा देखाइने हबेलीजस्तै । दशैंमा मामा, दाजुहरूले चंगा उडाएको हामी निकै रमाइलो मानी छतमा बसेर हेर्थ्यौं । घरको एकातर्फको चोकमा झन्डै सयको हाराहारीमा स्वदेशी तथा विदेशी नश्लका गाई पालिएका थिए । हामी माथिको बार्दलीबाट गाईहरू र तिनलाई स्याहार गर्न राखेका मानिसका कामहरू हेर्ने गर्थ्यौं । त्यसबेलाको खिचापोखरी र नयाँसडक पनि प्राय खाली-खाली नै हुन्थे । तर पछि करिब २०३०-३१ सालतिरदेखि बिस्तारै खिचापोखरीमा पनि भीड बढ्न थाल्यो । हाम्रो मामाघरको भुइँतलामा गीत-संगीतका रेकर्डहरू बेच्ने (सायद काठमाडौँकै एकमात्र) पसल थियो । त्यस्तै त्यहाँ साइकल र मोटरसाइकल भाडामा दिने पसलहरू पनि थिए । हिप्पीहरू आउने समय यानि ७० को दशकमा उनीहरू त्यहाँबाट साइकल र मोटरसाइकल भाडामा लग्थे भने कहिलेकाहीँ गएपछि फिर्ता नै आउँदैनथे । पछि मोटरसाइकल भने स्वयम्भूको झाडीतिर वा अन्य अनकन्टार ठाउँमा फ्याँकिएको अवस्थामा पाइन्थ्यो । हाम्रो मामाघरको ठीकअगाडि अन्य मारवाडीहरूको पसलका साथसाथै प्रसिद्ध उद्योगपति श्री लुनकरणदास चौधरीको पसल "अरूण इम्पोरियम" थियो । यो दुकान उनको सायद पहिलो दुकान थियो र यसमा खासगरी साडीहरू बिक्री गरिन्थे । घर जोडिएकाले उनीहरू हाम्रा मावलीका नजिकका छिमेकी पनि थिए । उनकी जेठी छोरी कुसुम हुन् जो हाम्री दिदीहरूकी साथी । साडीका स्याम्पल पिसबाट रुमाल बनाएर उनले हाम्रा दिदीहरूलाई उपहार दिएको अझ पनि सम्झना आउँछ । अरूण इम्पोरियमसँगैको अर्को पसलको मारवाडी परिवारकी एक छोरीसँग मेरी माताले मीत लगाउनुभएको थियो रे ! तर हामीले उनलाई देख्न पाएनौं, किनकि उनको विवाह भारतको गुजराततिर कतै भएको रहेछ । तर उनका दाजुभाइहरू जो निकै भद्र थिए, उनीहरूलाई हामी मामा नै भन्थ्यौं र उनका छोराहरूलाई दाइ । हामी सबै दाजुभाइलाई उनीहरू निकै माया गर्थे । उनीहरू अझै पनि त्यहीँ व्यापार गरेर बसिरहेका छन् ।

हाम्री हजुरआमाको वर्षभरि चाहिने सबै लत्ताकपडा किन्ने पसल इन्द्रचोकमा थियो । हनुमान साहुको दोकान भनेर चिनिने यो ठूलो पसलमा काठमाडौँ र टाढा-टाढाबाट समेत लत्ताकपडा किन्न मानिसहरू आउने गर्थे । वास्तवमा यो नै त्यतिबेलाको

सबैभन्दा ठूलो पसल थियो होला ! हनुमान साहुको निधन धेरैपहिले नै भइसकेको थियो । उनी निकै धर्मात्मा र आफ्नो इमानमा बस्ने खालका थिए रे ! गरिबगुरुवाको निकै ख्याल राख्थे रे ! हामीले भने उनका छोराहरूले पसल चलाएको मात्र देख्यौँ । एकजना मङ्गु भन्ने छोरा थिए र अर्काको नाम थाहा भएन । निकै भलाद्मी स्वभावका । जेठा छोरा भने कपडाको व्यापार छाडेर अरू नै व्यापारमा लागेछन् निकैपहिलेदेखि । कालान्तरमा उनी नेपाली उद्योग-वाणिज्य क्षेत्रमा निकै स्थापित र सफल व्यक्तित्वसमेत बने । उनको नाम हो वनवारीलाल मित्तल । उनको निधन हालै केही वर्षअघि भएको हो । मुलुकको सबभन्दा ठूलो हेलिकप्टर कम्पनी श्री एयरलाइन्स उनले नै खोलेका हुन् भने हाल उनका छोरा र छोरीले यो कम्पनीको बागडोर सम्हाल्न थालेका छन् र जेट विमानमार्फत आन्तरिक उडानसमेत थालेका छन् । आफ्ना सबै छोराछोरीलाई यिनले उच्च शिक्षा हासिल गर्न निकै मेहनत गरेका थिए ।

काशीराज पाण्डेका चारजना छोरामध्ये जेठा राम मामाको म जन्मनुभन्दा केही समयअघि नै देहावसान भएको रहेछ टाइफाइड भएर, विवाह भएको तीन महिनापछि नै ! तर हाम्री जेठी माइजुले घर र माइती दुवैतिरको प्रोत्साहनले गर्दा उच्चशिक्षा हासिल गरेर सरकारी जागिरको निकै उच्चस्थानसम्म पुग्न सफल भइन् । अन्य तीन मामाका सम्पूर्ण परिवार आज उच्चशिक्षा हासिल गरेर विभिन्न क्षेत्रमा कार्यरत छन् । माहिला मामा लक्ष्मण कुनै बेला नारायणी तथा जनकपुर अञ्चलका अञ्चलाधीश पनि भएका थिए । त्यस्तै साहिँला मामा भरत आफ्ना बाबुजस्तै विद्युतीय इन्जिनियर भएर विद्युत् प्राधिकरण मातहतका धेरै आयोजनामा काम गरे । उनकी पत्नी, हाम्री माइजु जनकनन्दिनीले त्रिभुवन विश्वविद्यालयमा अंग्रेजीकी प्राध्यापक भएर अवकाश पाइन् । हाम्रा कान्छा मामा मदनले औपचारिक तवरबाट कतै काम नगरे पनि उनी नेपालको तत्कालीन उच्च प्रशासकीय तहमा कार्यरत सबैजसा व्यक्तिबीच परिचित थिए र राजा वीरेन्द्रसँग पनि उनको राम्रो हिमचिम थियो । उनकी पत्नी यानि हाम्री कान्छी माइजु सुशीला पनि कुनै बेला समाजसेवामा निकै अग्रसर थिइन् र उनले रानी ऐश्वर्यसँग निकै नजिक भएर लामो समय सामाजिक क्षेत्रमा काम गरेकी हुन् । उनी मेरा पिताका कान्छाबाकी जेठी छोरी भएकीले हाम्री फुपू पनि हुन् । मेरो बाल्यकाल यिनै नातेदारहरूसँग नै बितेको हो । डिल्लीबजार र नयाँसडकस्थित खिचापोखरीको सेरोफेरोमा नै बाल्यकालको अमूल्य समय बित्यो, तर निकै अनुभव बटुलेर ।

म आठ-नौ वर्षको छँदा पिताजी नेपाल राष्ट्र बैंकका मुख्य आर्थिक सल्लाहकार

हुनुहुन्थ्यो । विक्रम संवत् २०१३ मा नेपाल राष्ट्र बैंकको स्थापना हुनमा हिमालयशम्शेर राणा, मेरा पिता गोविन्दप्रसाद लोहनी र विश्वनाथ उपाध्यायको ठूलो योगदान थियो । विश्व बैंकका अमेरिकी आर्थिक सल्लाहकार र मेरा पिताजीको समूहले त्यतिबेला मुलुकको खासगरी भारतसँगको अधिकांश खुला सीमा क्षेत्रका बजारमा महिनौँ लगाएर गरेको शोधको आधारमा भारतीय रुपैयाँ १०० को नेपाली रुपैयाँ १६० सटही दर तोकिएको हो, जुन आजसम्म पनि कायमै छ । त्यस्तै नेपाली मुद्रालाई आजको अवस्थामा सर्वत्र मुलुकभरि चल्ने बनाउन पनि उहाँहरूको ठूलो मेहनत र योगदान छ । नेपाल राष्ट्र बैंकमा अनुसन्धान विभाग खडा गर्न पनि उहाँको ठूलो योगदान रहेको थियो भने निकै वर्षसम्म बैंकको मौद्रिक नीति बनाउन उहाँहरूको समूहले धेरै मेहनत गरेको थियो । उहाँसँग सहकार्य गर्ने समूहमा त्यतिबेला धीरविक्रम शाह, युधिरशमशेर थापा, भरतबहादुर प्रधान, विजयबहादुर प्रधान, हिरण्यलाल बज्राचार्य, हरिशंकर त्रिपाठी, गणेशबहादुर थापा, डा. मिना आचार्य, नवराज चालिसे, वासुदेवराम जोशी, डा. हरिहरदेव पन्त, भरतकृष्ण शर्मा, आदि थिए । नेपाल राष्ट्र बैंकलाई शैशवकालबाट आजको अवस्थामा पुऱ्याउन यी हस्तीहरूको ठूलो योगदानका साथै मेहनत परेको छ ।

विक्रम संवत् २०२८ माघ १७ गते राजा महेन्द्रको मुटुको रोगका कारण चितवनको दियालो बङ्गलामा देहावसान भयो । उनका छोरा युवराज वीरेन्द्र सोही दिन राजा घोषित भए २६ वर्षको उमेरमा । म त्यतिबेला कक्षा दुईमा अध्ययन गर्दथेँ, काठमाडौँको हात्तिसारस्थित सीता इङ्गिलस स्कुलमा । बर्माबाट नेपाल आएका नेपालीहरूले स्थापना गरेको यो विद्यालयमा अधिकांश शिक्षकशिक्षिका बर्मिज नेपाली नै थिए भने केही विद्यार्थी पनि उतैबाट आएका मानिसका छोराछोरी थिए । पढिरहेको बेला अकस्मात् एउटी शिक्षिका आएर "राजा त ढल्यो त, स्कुल बन्द गर्नुपर्छ होला" भनिन् । उनको कुरा म तथा मेरा कक्षाका अन्य विद्यार्थीले बुझ्न सकेका थिएनन् । त्यति नै बेला हाम्रो घरमा काम सघाउने तथा मलाई विद्यालयसम्म पुऱ्याउने तथा लिन आउने महिलाले हाम्री शिक्षिकासँग राजा परलोक भएकाले सबै कार्यालय तथा विद्यालय बन्द गर्न थालिसकेकाले मलाई लिन आएको कुरा बताइन् । अनि बल्ल एकछिनको सल्लाहपश्चात् हाम्रो विद्यालय पनि बिदा भयो । घर पुग्नेबित्तिकै मेरा पिताजीले राजाको शव हेलिकप्टरमा राखेर भरतपुरबाट काठमाडौँ ल्याउन लागेको कुरा बताउनुभयो र मलाई पनि विमानस्थल लाने कुरा भन्नुभयो । विमानस्थलको

त्यतिबेलाको आन्तरिक टर्मिनल भवनको विमान पार्क गर्ने ठाउँमा हामी लामबद्ध भएर बसेका थियौँ । त्यतिकैमा हेलिकप्टर हामी भएभन्दा अलिक पर अवतरण गऱ्यो । राजाको शवसँगै प्रधानमन्त्री कीर्तिनिधि विष्ट र अन्य उच्चपदस्थ कर्मचारी र सेनाका उच्चपदाधिकारीहरू बिरहको धुन बजाउँदै बन्दुकको नाल तलतिर झारेर अघि बढिरहेको सैनिकको टुकडीको पछि–पछि लाग्न थाले । राजा महेन्द्रको शव राखेको गाडीमा उनको मुहार प्रष्ट देख्न सकिन्थ्यो, चिर निन्द्रामा भएको जस्तो । केहीबेरमा उनको शवयात्रा पशुपतिनाथको आर्यघाटमा पुगेर उनको अन्त्येष्टि गरियो । तेह्र दिनको राष्ट्रिय शोक घोषणा भयो । जेठा छोरा वीरेन्द्रले सोही दिन राजा घोषित भएर राज्यारोहण गरे भने माहिला र कान्छा छोरा ज्ञानेन्द्र र धीरेन्द्र थापाथलीस्थित कालमोचन घाटमा बुवाको क्रियामा बसे ।

त्यतिबेलाका दरबारका उच्चपदाधिकारीहरूले भनेको भनेर आएका कुराअनुसार आफ्ना बुवाको शासनको शैली ठीक भएन भनेर तत्कालीन युवराजाधिराज वीरेन्द्र पिता महेन्द्रसँग कचकच गरिरहन्थे रे र महेन्द्रले उनलाई "तिमीले विदेशी शिक्षामात्र पाएकाले यहाँको भूराजनीति बुझ्न बाँकी छ बाबु" भन्ने गर्थे रे ! पूर्व–पश्चिम राजमार्ग बनाउन सुरु भएपछि राजा महेन्द्रले यो राजमार्गको सेरोफेरोमा जमिन उपलब्ध गराएर भूतपूर्व सैनिक, बर्मेली नेपाली, र विभिन्न जातजातिहरूलाई त्यता बसोबास गराएका थिए । उनी बाँचुञ्ज्यालसम्म मुलुकका जति पनि क्षेत्रमा पूर्व–पश्चिम राजमार्ग बने, ती सबै क्षेत्रमा यस्ता किसिमका बस्तीहरू बस्न सके भने उनको मृत्युपछि भने यो कामलाई जारी नराख्नाले आज महेन्द्रले बसोबास गराएका क्षेत्रमा निकै शान्ति र सद्भावका साथ विभिन्न जातजाति बसोबास गरे तापनि उनको निधनपछि बनेको यो राजमार्गका खण्डहरूको सेरोफेरोमा नै बेलाबखत बढी अशान्ति हुने गर्छ । राजा महेन्द्रकै शासनकालमा धेरै राष्ट्रसँग नेपालको कुटनैतिक सम्बन्ध स्थापित भयो । उनकै शासनकालमा विभिन्न राष्ट्रले नेपालमा आधारभूत कलकारखाना खोल्न मद्दत गरे । वास्तवमा त्यतिबेलाका इजिप्टका राष्ट्रपति नासेर, पाकिस्तानका राष्ट्रपति अयुव खान, भारतका प्रधानमन्त्री जवाहरलाल नेहरू, इन्डोनेसियाका राष्ट्रपति सुकार्नो, बर्माका राष्ट्रपति नेविन, युगोस्लाभियाका राष्ट्रपति जोसेफ ब्रोज टिटो, चीनका प्रधानमन्त्री चाउ एन लाई र नेपालका राजा महेन्द्र, यी सबै नै उस्तै–उस्तै खालका विचारधारा राख्ने नेता थिए र यिनीहरूले आ–आफ्ना मुलुकमा पूर्वाधारहरूको विकास गर्न धेरै काम पनि गरे । त्यस्तै असंलग्न राष्ट्रहरूको संगठन बनाउन पनि यीमध्ये

धेरैको ठूलो योगदान थियो ।

राजा महेन्द्र कूटनीतिमा चतुर भएकाले उनले छिमेकीहरूसँग झगडा गर्नुको साटो अनेक तरिका निकालेर मित्रता कायम राख्न जानेका थिए । मुलुकको चारैतिरका सिमानामा काम केही नभए पनि छोटी भन्सारका कार्यालयहरू स्थापना गराएर कर्मचारीहरू राखेका थिए । यसो गर्नुको मुख्य कारण नै खासगरी खुला सिमाना भएको मुलुकमा ठूलो राष्ट्रले सानो राष्ट्रको भूभाग अतिक्रमण गर्न नसकोस् भन्ने थियो । तर उनको निधनपछि यस्ता काम नलाग्ने छोटी भन्सार खोलेर खर्चमात्र बढेको भन्दै बिस्तारै पञ्चायती र बहुदलीय सबै सरकारले यस्ता छोटी भन्सारहरू क्रमशः बन्द गर्दै गए । आज मुलुकको सिमानामा अवस्थित पहिलेका त्यस्ता कैयन् छोटी भन्सार कार्यालय र घरहरू मुलुकभन्दा निकैबाहिर पुगिसके भनेर पत्रपत्रिकाहरूमा यदाकदा पढ्न पनि पाइन्छ तर ती भूभागहरू नक्सामा चाहिँ अझै पनि नेपालभित्र नै पर्छन् । महेन्द्रले राजकाज गर्दा नै नेपालमा विदेशी सहयोगमा धेरै उद्योग र आधारभूत संरचना बन्न थालेका हुन् । उनैले भूमिसुधारका निम्ति पहल गर्न सुरु गरेका हुन् भलै यो सफल भएन । महेन्द्रले विभिन्न मुलुकसँग दौत्य सम्बन्ध स्थापना गर्नुका साथै ती मुलुकहरूमा योग्य व्यक्तिहरू राजदूतका रूपमा पठाएर र त्यस्ता मुलुकहरूको आफैँले भ्रमणसमेत गरेर आपसी सम्बन्ध झनै मजबुत बनाए । यस्तै किसिमका कूटनीतिक पहलहरू विश्वेश्वरप्रसाद कोइराला र टंकप्रसाद आचार्यले पनि गरेका थिए ।

राजा महेन्द्र र विश्वेश्वरप्रसाद कोइरालाका बीचमा निकैपहिलेदेखि नै एक प्रकारको शङ्काको भावना, असमझदारी र वैमनस्यता रहिरऱ्यो । वी.पी. असल व्यक्ति भएर पनि अलिक अहम्कारी स्वभावका नै थिए भने राजा महेन्द्र धेरै नबोल्ने तर भित्र-भित्र कुटिलपना भएका मानिस थिए । एकले अर्कोलाई कहिल्यै विश्वास गर्न सकेनन् वी.पी. र महेन्द्रले । त्यसैले बिचौलियाहरूले खेल्ने र धोखाधडीको राजनीति गर्ने अवसर पाए त्यतिबेला । यही नै हाम्रो मुलुकको आधुनिक कालखण्डमा सबैभन्दा ठूलो अभिशाप हुन गयो । प्रजातन्त्रको उदयपछि नै नेपालले विश्वमा खुला राष्ट्रको रूपमा पहिचान बनाउन थालेको थियो र विभिन्न मुलुकसँग दौत्य सम्बन्ध पनि स्थापना हुन थाल्यो । नेपालको विकासक्रम पनि यही बेलादेखि सुरु भएको हो । सधैँ स्वतन्त्र भए पनि भर्खरै प्रजातन्त्र आएको मुलुक नेपालमा त्यतिबेला विश्वेश्वरप्रसाद कोइरालाको प्रभाव अधिकतम थियो । उनी त्यतिबेला निकै कम उमेरका भए पनि एक गतिशील

तथा खारिएका राजनीतिज्ञ थिए, तर अलिकति अहम्को भावना थियो उनमा, सायद त्यतिबेला परिपक्वताको कमीले गर्दा होला ! राजदरबारलाई नजिकबाट चिनेका वी.पी. लाई राजा त्रिभुवनको खुकुलोपना र राजा महेन्द्रको कुटिलपनाका बारेमा राम्रो जानकारी थियो । त्यसैले उनी राजा महेन्द्रबाट सधैँ सतर्क रहन्थे । यदि यी दुई हस्तीबीच त्यतिबेला राम्रो सम्बन्ध र सद्भाव हुन सकेको भए, यी दुईको मित्रता र एकआपसको सहयोगले नेपालमा प्रजातन्त्र फस्टाउनुका साथै निकै धेरै विकास भइसकेको हुने थियो आज नेपालको । यी दुईको एकआपसमा भएको असमझदारीले गर्दा नै नेपालको राजनीति तथा नेपाल राष्ट्र नै निकै कमजोर हुन पुग्यो । वी.पी. एकदम तेजिला र राष्ट्रभक्त नेता भए पनि उनले जीवनमा कहिल्यै सुख पाएनन्, जीवनका महत्त्वपूर्ण समय जेलमा नै बिताउन कर लाग्यो । घाँटीको क्यान्सरले गर्दा धेरै बिरामी पनि परे उनी र आखिर उनको दुखद् निधन भयो । उता महेन्द्र राष्ट्रभक्त र विकासप्रेमी हुँदाहुँदै पनि वी.पी. र उनको पार्टीको पत्ता कसरी साफ गर्ने भन्ने चिन्तामा रुमल्लिँदारुमल्लिँदै अल्पायुमा नै मुटुको रोग लागेर दिवङ्गत भए ।

आफू राजा भएलगत्तै वीरेन्द्रले नयाँ तरिकाले शासन गर्ने विचारले विभिन्न राष्ट्रका विश्वविद्यालयबाट अध्ययन गरेर आएका र अन्य नयाँ मान्छेहरूलाई नियुक्ति दिन थाले । वीरेन्द्र ज्यादै सरल, शालीन, सोझा, निष्कपट, अध्ययनशील, देशभक्त र विकासप्रेमी राजा थिए । उनको प्रत्यक्ष शासनकालमा उनले नेपाललाई शान्ति क्षेत्रको घोषणा गरी सयभन्दा बढी मुलुकको समर्थन जुटाउन सफल भएका थिए तर भारतले यो प्रस्तावको कहिल्यै पनि आधिकारीकरूपमा समर्थन गरेन भने वि.सं. २०४६ को बहुदलीय व्यवस्थाका लागि भएको आन्दोलनको सफलतासँगै त्यो प्रस्ताव पनि तुहिएर इतिहास बन्न पुग्यो । त्यस्तै उनका "विकासको मूल फुटाऔँ" र "गाँस, बास, कपास" भन्ने नाराहरूले निकै ख्याति पाए । उनको सोझोपनाको फाइदा उठाएर केही समयपछिदेखि नै दरबारका सचिव, भाइ–भारदार र पञ्चायतका उपल्लो तहका व्यक्तिहरू सबै खाले नीति निर्माणमा हावी हुन थाले भने जनमत संग्रहको घोषणापश्चात् बिस्तारै बडामहारानी ऐश्वर्य स्वयम् मुलुककी अप्रत्यक्ष शासक हुन पुगिन् । वास्तवमा त्यतिबेला कोतपर्वअघिको परिदृश्य फेरि मञ्चन हुँदै थियो । फरक यतिमात्र कि, आफ्नै भलादमीपनाले गर्दा भित्री तवरले शक्तिको दुरूपयोग अरूले गरे तापनि राजा वीरेन्द्रलाई सम्पूर्ण नेपालीले असल राजाकै रूपमा हेरेका थिए । २०४६ सालको जनआन्दोलनपश्चात् पुनर्वहाली भएको बहुदलीय प्रजातान्त्रिक प्रणालीबाट सरकार प्रमुख बनेका सम्पूर्ण नेताले पनि राजा वीरेन्द्र अति नै असल, देश, जनता र प्रजातन्त्रप्रति

बफादार र सरकारलाई सधैँ सहयोग गर्ने खालका राजा थिए भनेर भन्ने गर्दथे । आफू संवैधानिक राजा भएपछि वास्तवमा उनले कहिले पनि निरङ्कुशताको प्रदर्शन गरेनन् । भन्ने नै हो भने त त्यतिबेला उनी वास्तविक संवैधानिक राजा भएकाले सरकारका भूलहरूमा उनलाई कहिल्यै दोष आउँदैनथ्यो । बरु पञ्चायतको पछिल्लो अराजक समयमा भने उनी संवैधानिक राजाजस्तै शक्तिहीन तथा मूकदर्शक भएर आफ्नी रानी र भारदारहरूले उनको नाममा गरेका कुशासनका सबै दोष आफ्नो टाउकोमा लिन बाध्य थिए । कतिसम्म भने उनको हातमा पुग्ने पत्र-पत्रिकासमेत सेन्सर गरेरमात्र पढ्न दिइँदो रहेछ । एकचोटि मेरा पिताजीलाई उनले भेट्न बोलाउँदा पिताजीले त्यतिबेला पत्र-पत्रिकामा छापिएका विचार र समाचारहरू लगेर देखाउँदा, "यस्तो भइरहेको छ र ? मकहाँ त यी समाचारहरू कुनै पनि आएका छैनन्" भनेछन् । मुलुकमा बहुदलीय व्यवस्था आएपछि पनि स्थिरता आउन सकेन, यस्तै परिस्थितिको फाइदा उठाएर विभिन्न कोणबाट प्रजातन्त्रको सफाया गरेर बेला-बेलामा पुनः निरङ्कुश शासन फर्काउन खोजियो तथा यस्ता कार्यमा राजा वीरेन्द्रको सहयोग कहिल्यै नपाइने छाँटकाँट देखिएपछि आखिर उनको निर्मम हत्या नै गरियो । युवराज दीपेन्द्रको हातबाट यस्तो डरलाग्दो कार्य भएको भए पनि उनलाई कसकसले उकास्ने गरेका थिए, त्यो पनि कहिल्यै पत्ता नलाग्ने रहस्य बन्न पुग्यो । हामी नेपालीहरूका लागि योभन्दा ठूलो विडम्बना र अभिशाप अरू के नै हुन सक्छ र ! बेल्जियम, डेनमार्कजस्ता सुसंस्कृत राजनीति भएका राष्ट्रका राजा हुन सुहाउने असल राजा वीरेन्द्रलाई छलकपटले भरिपूर्ण मुलुकमा के बाँच्न दिन्थे र ! उनको मृत्युको खबर खुनेपछि मलाई निकै रुन आएको थियो । कपाल पनि कटाएँ ।

राजा वीरेन्द्र राजनीतिमा आफ्ना बाबुजस्ता चतुर नभए पनि मुलुकलाई गरिबीबाट माथि उठाउनुपर्छ र सबै देशवासीलाई सुखी बनाउनुपर्छ भन्ने कुरामा दृढ र चिन्तित थिए र राजा भएको केही समयसम्म उनले गर्न खोजेका कामहरूको राम्रै खाका बनाउन उनी सफल भएका थिए । नेपाललाई सुरुमा चार र केहीपछि पाँच विकास क्षेत्रमा विभाजन गरेर विकास योजनाहरू बनाउन थालिएको उनैको परिकल्पनामा हो । उनी एउटा समूह बनाउन चाहन्थे, जसको मद्दतले उनले गर्न खोजेको मुलुकको विकासको योजना र खाका तयार र साकार हुन सकोस् । उनले एकदिन हाम्रा पिताजीलाई बोलाएर जाँचबुझ केन्द्रमा बस्न भनेछन् तर केही दिनपछि नै राष्ट्रिय योजना आयोगको सदस्यमा नियुक्त गरेछन् । सो आयोगमा उनको विचारलाई ऊर्जा दिन सक्ने डा. हर्कबहादुर गुरूङ, डा. बद्रिप्रसाद श्रेष्ठ, तथा डा. मोहनमान सैँजुलाई

पनि उनले नियुक्त गरेका रहेछन् र केही समयपछि डा. रत्नशमशेर राणालाई पनि थपे उनले । केन्द्रीय बैंकबाट मेरा पिताजी काजमा योजना आयोग जानुभयो । यस्तै समयतिर पिताजीका भ्रमणहरूका बेला पोखरा, वीरगञ्ज, विराटनगर, आदि र भारतका पटना, आग्रा, मथुरा, तथा नयाँ दिल्लीसम्म घुम्ने अवसर मिले मलाई पनि ।

राष्ट्रिय योजना आयोगमा छँदा आयोगको पूरै टिम वर्षमा एक पटकजस्तो झन्डै डेढ-दुई महिनाको भ्रमणमा देशका विभिन्न भागमा जान्थ्यो । धेरैजसो यस्ता भ्रमण विकट ठाउँहरूमा नै हुने गर्दथे । गुण्टा कसेर आवश्यक रसदपानीसमेत सँगै लिएर जाने यस्ता भ्रमणहरूमा पिताजीको समूहले धेरै दिनसम्म हिँड्नुपर्दथ्यो । यस्तै भ्रमणहरूको फलस्वरूप उहाँले मुलुकका अधिकांश भूभागमा पुग्ने अवसर पनि पाउनुभयो । डा. हर्क गुरुङ आफैँ भूगोलविद् भएका र योजना आयोगमा आउनुभन्दापहिलेदेखि नै यस्ता भ्रमणमार्फत मुलुकका सबै भाग घुमिसकेका र राजा वीरेन्द्रका भूगोलका गुरुजस्तै व्यक्ति भएकाले उनीसँग यस्ता भ्रमणमा जाँदा हाम्रा पिताजी निकै रमाउनुहुन्थ्यो । यता माता भने उहाँ फर्केर नआउञ्ज्यालसम्म चिन्ता गरेर बसिरहनुहुन्थ्यो । राजा वीरेन्द्र पनि पिताजीहरूको टोलीको दुर्गमस्थान भ्रमणकै बेला अकस्मात् हेलिकप्टरमा त्यस्ता विकट ठाउँमा पुगेर उहाँहरूसँग केही समय बिताएर फर्कन्थे रे !

राजा वीरेन्द्रले राष्ट्रिय योजना आयोगको यो समूहलाई निकै मन पराउँथे । प्रत्येक दुई हप्ताजस्तोमा राजदरबारमा रात्रिभोज गरिरहन्थे । यस्ता भोजहरूमा योजना आयोगका सदस्य र राजारानी तथा राजाका भाइहरूमात्र हुन्थे रे ! दीपेन्द्र सानै थिए त्यतिबेला । एकचोटि त केही मन्त्रीलाई पनि बोलाइएको रहेछ यस्तै शान्त रात्रिभोजमा । दीपेन्द्र १०-१२ वर्षका हुँदा हुन् । प्रधानमन्त्री कीर्तिनिधि विष्टको अगाडि दौडँदै आएर "मन्त्रीहरूले भुस खान्छन् रे हो ?" भनेर सोधेछन् । दुई-तीन पटक सोधेपछि कीर्तिनिधि विष्टले पनि जिस्किँदै "जे पनि खान्छन् सरकार यिनीहरू" भनेछन् । उपस्थित सबैजना हाँसेछन् तर राजा वीरेन्द्रले भने रानीतिर हेरेर अंग्रेजीमा केटाकेटीको अगाडि यस्ता कुरा गरेपछि उनीहरूले यसरी नै टिप्छन् भनेछन् ।

जेठा दाजु प्रदीप गीत-संगीत तथा साहित्य र अभिनयमा पनि सौख राख्ने भएकाले उनी रेडियो नेपालमा गीत गाउने तथा वाद्यवादन गर्ने उनका साथीहरूलाई घरमा बोलाएर आफ्नो कोठामा साधना गरिरहन्थे । म पनि यस्ता बेला दाजुको कोठामा बसेर त्यस्ता गायन र वाद्यवादन निकै अभिरुचिका साथ अवलोकन गर्दथेँ अनि एक्लै हुँदा

गाउने र वाद्ययन्त्रहरू बजाउने प्रयास गर्दथ्यौं । दाजुले कविता तथा नाटकहरू लेखेर हामीलाई सुनाउँथे । उनी अभिनयमा पनि माहिर थिए । उनको लेखनशैलीबाट म निकै प्रभावित थिएँ । उनी पहिरनमा पनि निकै सौखिन थिए त्यतिबेला अनि निकै रोमान्टिक पनि । विभिन्न युवतीसँग चक्कर चलिरहेका कहानीहरू हामीलाई सुनाइरहन्थे । अनि हामी भने उनी कस्ता भाग्यमानी, जे पनि जानेका, राम्रा पनि, र अभिनेताजस्ता भनेर कल्पेर बस्दथ्यौं । माहिला दाइ पनि कलेजमा एउटा विषय संगीत नै लिएर अध्ययन गर्दै थिए । उनले घरमा गृहकार्यको रूपमा राग र भजनहरूको अभ्यास गरेको पनि म निकै चाख लिएर सुन्ने गर्दथ्यौं । हाम्री दिदी पनि गीत, संगीत र नृत्यमा निकै चाख राख्ने । दिदीको नृत्यकलामा राम्रो दखल थियो । पिताजी गीत-संगीत सुन्न एकदम रूचाउने तथा युवावस्थामा बाँसुरी पनि बजाउनुहुन्थ्यो रे ! हाम्री माता त खाना पकाउने बेलामा पुराना हिन्दी फिल्मका र तारादेवीका नेपाली गीतहरू खुबै राम्ररी गाउनुहुन्थ्यो । उहाँलाई दिप श्रेष्ठ, तारादेवी र नारायणगोपालका पुराना गीतहरू पनि खुबै मन पर्दथे । परिवारका पूरै सदस्यबाट प्रेरणा पाएर म पनि बिस्तारै कलाकारितातिर ढल्केको हुँ । मैले आधा दर्जनजति नाटकका प्रमुख भूमिकामा अभिनय पनि गरेको छुँ भने गायन र संगीतमा त आजसम्म पनि मलाई शौक छ, र गाउँछु अनि बजाउँछु पनि । मेरो संगीतमा कैयन् गायकले स्वर रेकर्ड गरेका छन् ।

मेरा पिताजी हरेक दिनका क्रियाकलापहरू डायरीमा लेख्नुहुन्थ्यो । यसरी करिब ५५ वर्षजति उहाँले डायरी लेख्नुभयो । मैले पनि सन् २००० देखि करिब २०१२ सम्म डायरी लेख्ने गरेको थिएँ तर पछि योक्रम भंग भयो । फेरि सुरु गर्नुपर्नेछ, किनकि डायरी लेखनले एकातिर दैनिकरूपमा भएका घटनाहरूको रेकर्ड अङ्कन हुन्छन् भने, अर्कोतिर आफ्ना मनका कुराहरू पोख्ने काम पनि हुन्छ । जसले गर्दा मन हलुका हुनुका साथै लेख्ने आदत पनि बस्छ । पिताजीको डायरीको अध्ययन सुरु गर्ने विचार गर्दैछु र यी डायरीहरूको सूक्ष्म अध्ययनपश्चात् पाठकहरूलाई धेरै बौद्धिक खुराक दिन सक्ने कुरामा म विश्वस्त छु ।

२०३५ सालमा पिताजी पाकिस्तानका लागि नेपाली राजदूत भएपछि हाम्रो परिवार करिब चार वर्ष चानचुन उतै बस्यो । मेरो विद्यालय र दाजुहरूको विश्वविद्यालयस्तरको पढाइ उतै सकियो । पिताजी पाकिस्तानमा पनि फुर्सदको बेला लेखपढमा नै व्यस्त रहनुहुन्थ्यो भने हाम्रो बिहानको चियाभेला कायमै थियो । त्यहाँ पनि पत्रकार, बुद्धिजीवी तथा राजनीतिज्ञहरूको ओइरो लाग्थ्यो र म धेरै यस्ता बातचित सुनेर बस्दथ्यौं । पन्ध्र-पन्ध्र

दिनमा कूटनीतिक डाँकबाट नेपालका गोरखापत्र तथा अन्य पत्रपत्रिकाका एक चाङ आउँथे । त्यस्तै पिताजीले त्यहाँस्थित भारतीय राजदूतलाई आग्रह गरेकाले भारतीय छापा तथा पत्रिकाहरू उनले हेरेपछि उहाँलाई पठाइदिन्थे । दूतावासले नै किन्ने गरेका पत्रपत्रिका पनि निकै थिए । यसरी त्यतिबेला पढ्ने सामग्री प्रशस्त हुन्थे । यीबाहेक विभिन्न कथा तथा युवा पत्रिका र कमिक्स त म आफैँ पनि किनेर पढ्दथेँ । त्यतिबेला अहिलेजस्तो इन्टरनेट, सामाजिक सञ्जाल, आदिको त कल्पना पनि थिएन । त्यतिबेला पाकिस्तानमा रङ्गीन र भारतमा श्वेत-श्याम टेलिभिजन थिए । नेपालमा टेलिभिजन आइसकेको थिएन र भिडियो फिल्म देखाउने प्रचलनचाहिँ सुरु हुँदै थियो । सुरुमा काठमाडौँका मखन, असन, ठमेल, बानेश्वर, बौद्ध आदि ठाउँहरू र पछि-पछि जताततै हिन्दी र अंग्रेजी तथा अश्लील भिडियो प्रदर्शन गर्ने ठाउँहरू खुलेका थिए । हाम्रो घरमा पनि भिडियो क्यासेट रिकर्डर ल्याइएपछि हामी प्रत्येक दिन खानापश्चात् एउटा सिनेमा हेर्दथ्यौँ । अक्सर हिन्दी ।

पाकिस्तानमा म "इस्लामाबाद कलेज फर ब्वाइज" नामक विद्यालयमा भर्ना भएँ । अंग्रेजी माध्यमको सो विद्यालयको प्रवेश परीक्षामा सामेल हुनुअघि एकजना बङ्गाली शिक्षकसँग घरैमा मैले करिब दुई महिना पढेँ । नेपालमा नयाँ शिक्षा योजनाअन्तर्गत नेपाली माध्यममा अध्ययन गरेको मलाई सुरुमा त्यहाँ निकै कठिन भयो । तर ती बङ्गाली शिक्षकले मेरो कठिनाइ छिटै बुझेर मलाई दुई महिनामा नै त्यहाँको विद्यालयमा अंग्रेजी माध्यममा अध्ययन गर्न सक्ने बनाइदिए । उक्त विद्यालय इस्लामाबाद र रावलपिन्डीका केही उत्कृष्ठ विद्यालयमध्येको थियो । मेरा सहपाठीहरूमा पाकिस्तानीदेखि लिएर दक्षिण कोरिया, श्रीलंका, घाना, बङ्गलादेश, अफगानिस्तान आदिका राजदूतका छोराहरू थिए । त्यस्तै एकजना राजा त्रिदेव राय भन्ने हालको बङ्गलादेशको रांगामटीस्थित चक्मा आदिवासीहरूको राजाका छोराहरू पनि हामीसँगै अध्ययन गर्दथे । भारतको मिजोरामसँग जोडिएको चिट्टगोङ पहाडी इलाकामा अवस्थित रांगामटीका चक्मा आदिवासीहरूको धर्म, संस्कृति र जीउडाल भारतको मिजोरमतिरका बासिन्दासँग नै मिल्ने भए पनि भारतको विभाजन हुने बेलामा यो भूभाग कसरी पूर्वीपाकिस्तानतिर पर्न गएछ, खै कुन्नि ! पछि पूर्वीपाकिस्तान स्वतन्त्र भएर बङ्गलादेश बनेपछि राजा त्रिदेव राय उनका दुई छोरा शिवशिश र इन्द्रशिश रायलाई लिएर पाकिस्तान आएर बसोबास गर्न थाले भने उनकी रानी, छोरी र जेठा छोरा उतै रांगामटीमा बसेछन् । अझै पनि उनका जेठा छोरा त्यो

कबिलाका राजाकै रूपमा पुजिन्छन् भने राजा त्रिदेव राय पटक-पटक पाकिस्तानमा अल्पसंख्यकहरूको प्रतिनिधित्व गर्दै मन्त्री भए । उनका छोराहरूसँग मेरो घनिष्ठ सम्बन्ध थियो र हामी त्यतिबेलादेखि नै संगीतमा लागेका थियौं । विद्यालयपश्चात् बेला-बेलामा हामी इस्लामाबादको अत्याधुनिक सिनेमा हलमा गएर नयाँ अङ्ग्रेजी चलचित्रहरू हेर्दथ्यौं ।

म ब्याडमिन्टन राम्रो खेल्ने भएकाले विद्यालय समयपछि बेलुकी-बेलुकी केही शिक्षकसँग ब्याडमिन्टन खेल्दथेँ, सोही विद्यालयको हलमा । इस्लामाबाद जाडो मौसममा निकै जाडो र गर्मीमा पनि निकै गर्मी हुने ठाउँ हो । त्यसैले त्यहाँ विद्यालय ८ बजेदेखि दिउँसो २ बजेसम्म सञ्चालन हुन्थ्यो । त्यहाँको पढाइ र साथीहरूसँगको घुलमिलका क्षणहरू निकै अविष्मरणीय रहे । बाल्यकालको झन्डै चार वर्ष त्यहाँ बितेकाले पाकिस्तानको माया मनमा सधैँ बसिरहेको छ ।

बिदाका दिनहरूमा म मेरी मातासँग घरमा आवश्यक सामानहरू खरिद गर्न बजार जान्थेँ । मेरी माताको त्यहाँ पनि महिनाभरिको खाद्य तथा अन्य सामग्री किन्ने खास पसलहरू थिए । माताले लिस्ट झिकेर दिएपछि केही समयमा सबै सामान तयार हुन्थे । सुरुमा मासु बेच्ने ठाउँहरूमा गाईको मासु झुण्डाएको देखेर निकै दुख लाग्थ्यो तर पछि बानी पर्दै गयो । तर हामी कहिल्यै पनि लसपस हुने गरी मासु किन्दैनथ्यौं । कृषिमा पाकिस्तान निकैअगाडि छ । वास्तवमा पाकिस्तान कृषिप्रधान देश नै हो । त्यसैले त्यहाँका अधिकांश उद्योग कृषिसँग नै सम्बन्धित छन् । एकजना मुजफ्फर भन्ने बूढा कर्मचारी हाम्रो निवासमा काम गर्दथे । उनी वृद्ध भए पनि सम्मान गरेर दिउँसोको चौकीदारको रूपमा उनलाई दूतावासले जागिर दिएको थियो । खासै काम गर्नुपर्दैनथ्यो उनलाई । भारतमा ब्रिटिश राज सकिने बेलासम्म उनी कुनै गोराको घरमा खाना पकाउँदा रहेछन् । त्यसैले उनमा पाककलाको ठूलो महारथ थियो । फुर्सदको समयमा उनी हाम्रो भान्सामा आएर पनि विभिन्न व्यञ्जन बनाउँथे । उनले हाम्री मातालाई पाकिस्तानका नामुद व्यञ्जनहरू बनाउन पनि सिकाएका थिए ।

हाम्री माताले घरको पछाडि सानो करेसा बारी पनि बनाउनुभएको थियो । काठमाडौंदेखि बीउ लगेर उहाँ त्यो बारीमा आफूलाई खान मन लागेको तरकारी रोप्नुहुन्थ्यो । अरू त ठीकै थियो तर बकुला भने सायद हाम्रा चौकीदारहरू र चालक शाहवरले पहिले खाएका रहेनछन् क्यार, उनीहरूले यसको बीउ लिएर गएर आफ्ना गाउँमा पनि रोपेछन् ।

विद्यालयस्तरको शिक्षा सकिएपछि म नेपालमा कलेज भर्ना हुनका लागि फर्कें भने परिवारका अन्य सदस्य पिताजीको कार्यकाल सकिएपछि यानि म फर्केको करिब डेढ वर्षजतिपछिमात्र फर्के । सबैजना फर्कनुअघि मेरा जेठा दाजु नेपाल आएको मौका छोपेर उनीसँग म फेरि एकचोटि पाकिस्तान गएँ । यो पटक हामी पटनासम्म हवाईजहाजमा र त्यहाँबाट दुई रातसम्म रेल चढेर अमृतसर गयौँ । शिख धर्मावलम्बीहरूको प्रख्यात तीर्थस्थल स्वर्ण मन्दिरको दर्शन गरेपछि हामी भारत र पाकिस्तानको सिमाना वागाहामा पुग्यौँ र पाकिस्तानतिर पार गऱ्यौँ । स्वर्ण मन्दिरको सरसफाइ र त्यहाँ भक्तजनहरूलाई खुवाइने प्रसाद र खानाको बन्दोबस्ती देखेर म दङ परेको थिएँ । धार्मिकस्थल भनेको त त्यस्तो पो हुनुपर्छ । हामीसँग कूटनैतिक राहदानी भएकाले र पिताजीले इस्लामाबादस्थित भारतीय राजदूतावासबाट विशेषपत्र पनि बनाइदिनुभएकोले हामीलाई दुवै देशका सिमानाका भन्सार चौकीहरूमा खासै झण्झट मोल्नुपरेन । त्यसै पनि नेपालीहरूलाई भारत र पाकिस्तान दुवैतर्फका कर्मचारीले राम्रो नजरले हेर्दा रहेछन् ।

पाकिस्तान र भारतबीचको सिमाना एकजना सर सिरिल रेड्क्लीफ भन्ने इन्जिनियरको अध्यक्षतामा निर्धारण गरिएको भएर यी दुई देशबीचको सिमानालाई रेड्क्लीफ लाइन पनि भनिन्छ । सन् १९४७ मा भारतको पूर्वी र पश्चिमी भागमा नयाँ राष्ट्र पाकिस्तान बनेको भएर यो रेड्क्लीफ लाइन दुवैतिर थियो । पछि सन् १९७१ मा भारत र पाकिस्तानको युद्धपश्चात् पूर्वीपाकिस्तानलाई टुक्राएर बङ्गलादेश बनाइएपछि भने पूर्वतिरको रेड्क्लीफ लाइनले आज भारत र बङ्गलादेशलाई छुट्याउने गरेको छ ।

सिमानाबाट पाकिस्तानभित्र पसेपछि हामी आधा घण्टा बसमा सफर गरेर लाहोर पुग्यौँ । लाहोरमा दिउँसोको खाना खाँदा सो रेस्टुरेन्टको टेलिभिजनमा क्रिकेट हेरिरहेका थिए मानिसहरू । भारत र पाकिस्तानमा वर्षौँदेखि क्रिकेटको ठूलो आकर्षण छ भने अन्य दक्षिण एसियाली देशमा पनि यो लत सरेको छ आजकल । लाहोरबाट गुज्रनवाला हुँदै हामी रावलपिन्डी र त्यसपछि इस्लामाबाद करिब पाँच घण्टामा पुगेका थियौँ । फर्कने बेलामा भने कराँची र दिल्ली हुँदै हवाई मार्गबाट हामी काठमाडौँ आइपुगेका थियौँ ।

कराँचीमा काशिम छाप्रा नामका व्यक्ति नेपाली कन्सल जेनरलको रूपमा कार्यरत थिए । उनी त्यहाँका ठूलै व्यापारी रहेछन् । उनी र उनका अर्का साथी अनवर अजानी मिलेर नेपालको कन्सुलेट कार्यालय चलाउँदथे कराँचीमा । पछि काशिमका

छोरा मुश्ताक छाप्रा कन्सल जेनरलमा नियुक्त भए । उनलाई मैले नेपालमा पनि निकै पटक भेटेको छु ।

सन् ६० को दशकमा बन्न सुरु भएको इस्लामाबाद एउटा निकै व्यवस्थित शहर हो । कराचीबाट राजधानी रावलपिन्डी हुँदै इस्लामाबादमा सारिएको हो । यो शहर विस्तृत योजनाका साथ निर्माण गरिएको भएर यहाँका विभिन्न भागलाई शैक्षिक क्षेत्र, प्रशासनिक क्षेत्र, कूटनीतिक क्षेत्र, औद्योगिक क्षेत्र, आवासीय क्षेत्र, व्यापारिक क्षेत्र, हरित क्षेत्र र ग्रामीण क्षेत्र गरी आठ क्षेत्रमा विभाजन गरिएको छ । यसको उत्तरतिर काठमाडौँको उत्तरमा अवस्थित शिवपुरीजस्तै मार्गेला हिल भन्ने पहाड छ, जसलाई राष्ट्रिय निकुञ्जकै रूपमा विकास गरिएको छ । मार्गेला हिल काठमाडौँको शिवपुरीको दाँजोमा निकै व्यवस्थित र मनोरम छ भने दिनहुँ त्यहाँ हजारौँ मानिस घुम्न जान्छन् । केही घण्टाको पदयात्रा गर्ने मार्गहरू पनि त्यहाँ बनाइएका छन् । विभिन्न जीवजन्तु पनि भेटिन्छन् त्यो जङ्गलमा । त्यस्तै इस्लामाबादको दक्षिणपट्टि सक्खरपडिया भन्ने सानो पहाड छ, जुन पहाडलाई हराभरा पार्कको रूपमा विकास गरिएको छ । यही पहाडमा हेलिकप्टर ओरालेर पर-परसम्मको अवलोकनपश्चात् त्यहाँका तत्कालीन शासकहरूले इस्लामाबादमा राजधानी बनाउनेबारे निर्णय गरेका थिए रे ! यसैको फेदमा रावल ड्याम छ । यो बाँध बनाएर एउटा कृत्रिम तालको निर्माण गरिएको छ त्यहाँ । यो तालले रावलपिन्डी र इस्लामाबादलाई पानीको आपूर्ति पनि गर्छ भने यो एउटा आकर्षक जलक्रीडास्थल र पार्कको रूपमा पनि निकै प्रसिद्ध छ । रावल ड्यामकै नजिक इस्लामाबाद क्लब छ, जहाँ सदस्यता लिएर सरकारी सेवाका उच्चपदस्थ कर्मचारीदेखि कूटनीतिज्ञ र धनाढ्यहरू टेनिस, गल्फ, पौडी, बिलियर्ड, आदि खेल्न र शारीरिक सुगठन तथा आराम गर्न जाने गर्छन् । इस्लामाबादको पूर्वीछेउमा विश्वविद्यालय, कूटनीतिक नियोगहरूका लागि छुट्याइएका भूभाग तथा राष्ट्रपति भवन, व्यवस्थापिका, मन्त्रीपरिषद् सचिवालय अनि सर्वोच्च अदालत रहेका छन् भने बीच भागमा आवासीय भवनका लागि योजनाबद्ध प्लटहरू बनाइएका छन् । जतातते पार्कहरू र हरियाली छ इस्लामाबादमा । विश्वकै ठूलोमध्येको फैजल मस्जिद पनि यहीँ बनेको छ । यहाँ प्रजातन्त्र र राष्ट्रिय स्मारकस्थल पनि भव्य पार्कको रूपमा बनाइएको छ । मुगल र ब्रिटिशहरूको शासनकालदेखिको पुरानो शहर रावलपिन्डी इस्लामाबादबाट पन्ध्र मिनेटजतिमात्र दक्षिणमा पर्छ भने अब त दुवै शहर एउटैजस्तो भएर जोडिन लागिसके । राजधानीको अन्तर्राष्ट्रिय विमानस्थल यानि बेनजीर भुट्टो

अन्तर्राष्ट्रिय विमानस्थल पनि रावलपिन्डीमा नै छ । इस्लामाबाद वास्तवमा नै विश्वकै अति रमणीय, सुविधायुक्त तथा सुरक्षित राजधानीहरूमध्येमा पर्दछ । काठमाडौंमा जस्तो इस्लामाबादमा जथाभावी सडक खन्ने वा रूख काट्ने काम गर्न पाइन्न । त्यहाँ क्यापिटल डेभलपमेण्ट अथरिटी छ, जसले सडक, टेलिफोन, बिजुली, ग्यास आदिसँग सम्बन्धित सबै निकायसँग समन्वय कायम गरेर यस्ता कामहरू गर्ने गर्दछ ।

इस्लामाबादबाट करिब आधा घण्टाको मोटरगाडीको सफरपछि "मरी" भन्ने हिल स्टेशन आउँछ । यो हिल स्टेशन ब्रिटिशहरूले दार्जिलिङ र सिम्लाजस्तै पश्चिममा गर्मी छल्ने ठाउँको रूपमा विकास गरेका हुन् । यहाँ जाडोमा बाक्लो हिउँ नै पर्छ भने गर्मीमा निकै ठन्डा महसुस हुन्छ । यहाँबाट "च्यर लिफ्ट" भनिने फलामे डोरीमा झुण्डिएर दुईजनासम्म बोक्न सक्ने खुला केबलकारजस्तोमा बसेर पहाडको टुप्पोसम्म पुग्न सकिन्छ । योस्थलबाट भारतको काश्मिरसमेत देखिन्छ । मरीबाट अझै अलिकतिमाथि गएपछि नथियागल्ली भन्ने ठाउँ आउँछ । योस्थल झनै रमणीय छ ।

इस्लामाबादबाट करिब ३४ किलोमिटर उत्तर-पश्चिममा शिखहरूको ठूलो तीर्थस्थल हसन अब्दालनिर तक्षशिला भन्ने निकै पुरानो शहर अवस्थित छ, जुन विश्व सम्पदा सूचीमा समेत पर्दछ । पाली भाषामा तक्कशिला र संस्कृतमा तक्षशिला भनिए पनि पछि यसको नाम अपभ्रंशित भएर यहाँ शासन गरेका ग्रीकहरूको पालामा टेक्सीला रहन गयो । दशरथका साहिँला छोरा भरतले आफ्ना छोरा तक्शको नामबाट यो शहरको निर्माण गरेका भन्ने पनि किंवदन्ती छ । आजभन्दा तीन हजार वर्षजतिपहिले स्थापित यो शहरमा विश्वमा नै सुरू-सुरूमा खोलिएको विश्वविद्यालयको भग्नावशेष पनि भेटिएको छ, जुन ग्रीक शासक अलेक्जेन्डरको कब्जामा टेक्सीला परेपछि उनीसँगै आएका ग्रीकहरूले खोलेको अनुमान छ । अलेक्जेन्डरपछि तक्षशिला तथा वरपरका भूभाग चन्द्रगुप्त मौर्यको साम्राज्यमा पर्न गएको थियो भने उनका महान् सल्लाहकार कौटिल्यले पनि यो विश्वविद्यालयमा अध्यापन गरेको कथन छ । पछि यो भूभाग सम्राट अशोकको अधीनमा आयो भने यही बेलातिरदेखि यो बौद्ध धर्मको अध्ययन केन्द्र बन्न पुग्यो र यहाँ स्तूप तथा गुम्बा र बुद्धका ठूला-ठूला मूर्तिहरू स्थापित भए । तक्षशिलामा कुशान साम्राज्यका कनिश्कले पनि शासन गरे । पछि हुँडहरूले आक्रमण गरेर तक्षशिलाका कलाकृतिहरू पूरै ध्वस्त पारे भने आज हामीले त्यहाँस्थित संग्रहालयमा हेर्न पाउने कलाकृतिहरू भने केही बचेखुचेका मात्र हुन् । त्यसमा पनि सबै टाउको काटिएका मूर्ति नै धेरै भेटिन्छन् । ब्रिटिश राजको समयमा

बेलायती पुरातत्वविद् अलेक्जेन्डर कनिङ्घामले यहाँ आएर उत्खनन गरेपछि आजको तक्षशिलाको भग्नावशेष भेटिएको हो । तक्षशिलाको मतलब "पत्थर ताछेर लेखिएका शिला" भन्ने पनि बुझिन्छ । समग्रमा यो शहरलाई अलेक्जेन्डरदेखि लिएर पाटलीपुत्र (विहार) तथा पुश्कलावती (पेशावर) र मध्यएसियाका शासकहरूले समेत राज्य गरे । तक्षशिलाकै नजिकमा अवस्थित "वाह्" भन्ने शहरमा पाकिस्तानको ठूलो हतियार कारखाना छ ।

इस्लामाबादबाट ११० किलोमिटर उत्तरमा अबोटाबाद भन्ने पहाडी शहर छ, जुन ब्रिटिश फौजले पञ्जाबलाई जितेपछि फौजी अड्डाको रूपमा खडा गरेको थियो । बेलायती फौजमा भर्ती हुने गोर्खालीहरूको पनि अबोटाबाद मुख्य तालिम केन्द्र बनेको थियो निकै समयसम्म । यो शहर पनि गर्मी छल्न जाने गन्तव्यहरूमध्येकोमा नै पर्छ पाकिस्तानमा आजकल ।

पाकिस्तानको करिब चार वर्षको बसाइमा इस्लामाबाद, रावलपिन्डी, लाहोर, कराची, पेशावर, वागाहास्थित भारत-पाकिस्तान सीमा, तोर्खामस्थित पाकिस्तान-अफगानिस्तान सीमा, आदि महत्त्वपूर्णस्थलहरूको भ्रमण गर्ने अवसर मिल्यो । पाकिस्तानको अफगानिस्तानसँगको सिमाना सन् १८९३ मा अफगान अमिर अब्दुल रहमान खान र ब्रिटिश भारतका विदेश मन्त्री मोर्टीमर डुरान्डबीच सम्झौतामा हस्ताक्षर भएपछि निर्धारण गरिएको हो । यो सीमारेखालाई तत्पश्चात् डुरान्ड लाइन भनिन थालियो ।

विद्यालयको शिक्षाका दौरान उर्दूको बदलामा विदेशी छात्रहरूले पाकिस्तानी संस्कृति पढ्नुपर्दथ्यो । तर यो विषय पाकिस्तानी संस्कृतिमा मात्र सीमित नभएर पाकिस्तानका छिमेकी राष्ट्रहरू, दक्षिणएसिया, दक्षिण-पूर्वीएसिया, अरब र युरेसियन राष्ट्रहरूबारे पनि पढ्नुपर्दथ्यो । त्यस्तै इस्लामियात विषयको सट्टा गैरमुस्लिम विद्यार्थीहरूले नागरिक शास्त्र पढ्नुपर्दथ्यो । नागरिक शास्त्र पढ्ने विद्यार्थी निकै कम भएकाले होला, यो विषय पढाउने शिक्षक अक्सर आउँदैनथे, त्यसैले हामीलाई इस्लामियातकै कक्षामा राखिन्थ्यो । उर्दू बुझ्ने भएकोले त्यतिबेला सो कक्षामा बसेर मैले इस्लाम धर्मका बारेमा निकै धेरै कुरा जान्ने मौका पाएँ ।

हाम्रो पाकिस्तान बसाइको दौरान इस्लामाबादमा खासगरी संयुक्त राष्ट्र सङ्घमा काम गर्ने नेपालीका केही परिवार बसोबास गर्दथे । महिनामा दुईचोटिजसो बिदाका

दिन कहिले कसको घरमा त कहिले कसको घरमा दिनभरि जमघट हुने गर्दथ्यो । यस्ता नेपालीहरूमा हिमालयशमशेर राणा, उत्तम राणा, जगबहादुर बुढाथोकी, नरेश उपाध्याय, रामशरण महत, आदि थिए । त्यस्तै नेपाली राजदूतावासमा कार्यरत माधवप्रसाद खनाल, प्रद्युम्नविक्रम शाह तथा शंकरप्रसाद कट्टेल र उनका परिवार निकै रमाइला थिए । हिमालयशमशेर राणाको हाम्रा पिताजीसँग निकै पुरानो सम्बन्ध छ । नेपाल राष्ट्र बैंकको स्थापना हुनुभन्दापहिलेदेखि नै दुईजनाबीच राम्रो सम्बन्ध थियो । पाकिस्तानमा हिमालयशमशेर राणा संयुक्त राष्ट्र सङ्घका आवासीय प्रतिनिधि भएर आएका थिए । दिनहुँजसो नै उहाँहरूको भेट भई नै रहन्थ्यो । उनकी पत्नी र हाम्री आमाको पनि निकै राम्रो दोस्ती थियो । समय–समयमा उनकी पत्नी काठमाडौँमा घर निर्माणको क्रममा जाँदा उनी अक्सर साँझपख हाम्रो घरमा नै बुवासँग गफ गर्ने तथा रातीको खाना खाने गर्थे भने हाम्रा पिताजी पनि उनको घरमा गइरहनुहुन्थ्यो । उनको निवास हाम्रोभन्दा एक ब्लक पर थियो । एकचोटि प्रधानमन्त्री सूर्यबहादुर थापा पाकिस्तानको औपचारिक भ्रमणमा छँदा हाम्रो घरमा पनि रात्रिभोजका निम्ति आएका थिए । वास्तवमा हिमालयशमशेर राणा, सूर्यबहादुर थापा र हाम्रा पिताजी उस्तै उमेरका र युवावस्थादेखिकै साथी–साथी थिए । उनका छोरा सुनिलबहादुर थापा र हिमालय राणाकी छोरी संगीता राणाको बिहे हुने पक्कापक्कीजस्तै भइसकेको रहेछ । त्यही अवसरमा उनले हाम्रा पिताजीलाई भोलि एकछिन यही घरलाई दुलाहाको घरजस्तो गरेर यहाँबाट हिमालय राणाको घरमा छोरी माग्ने र बिहे छिन्ने विधि पूरा गर्नेबारे कुरा गरे । भोलिपल्ट हाम्रो घरबाट प्रधानमन्त्री सूर्यबहादुर थापा, उनकी पत्नी, हाम्रा पिताजी, हाम्री आमा, हामी दाजुभाइ, राजदूतावासका कर्मचारी र प्रधानमन्त्रीसँग आएका पदाधिकारीहरू हिमालयशमशेर राणाको घरमा हिँडेर गयौँ । पाकिस्तानी सरकारले सुरक्षा व्यवस्था पनि कडा गरेको थियो हाम्रा घरहरूतिर । त्यहाँ पुगेर बिहे छिन्ने काम सम्पन्न भयो र सबैलाई टीकाटालो गरेर बिदा गरे हिमालय राणाले । त्यतिबेला हुनेवाला बेहुला र बेहुली विदेशमा अध्ययन गर्दै थिए ।

विदेशीसँग बिहे गरेर कामको सिलसिलामा पाकिस्तान आएका नेपाली महिलाहरू मेरी र लक्ष्मीसँग पनि यस्ता जमघटमा भेट हुने गर्दथ्यो । मेरीको बिहे क्यानाडेली कूटनीतिज्ञ रव वेल्ससँग भएको रहेछ, जो त्यतिबेला त्यहाँस्थित क्यानाडेली दूतावासमा कार्यरत थिए । उनीहरूको छोराको नाम रवी वेल्स राखिएको थियो । त्यस्तै लक्ष्मीको बिहे स्विस नागरिकसँग भएको थियो र उनी स्विस राजदूतावासमा कार्यरत थिए ।

स्विस सरकारले नेपालको लामोसाँघु-जिरी सडक बनाउने समयमा जिरीमा चीज बनाउने तालिम पनि दिएको रहेछ त्यहाँका स्थानीय बासिन्दाहरूलाई र लक्ष्मीका पति पनि चीजको तालिम र उद्योग स्थापना गरिदिन नेपाल आएका रहेछन् र त्यहीबेला लक्ष्मीसँग चिनाजानी भएर उनीहरूको बिहे भएको रहेछ । मेरी र लक्ष्मी दुवैजना हाम्री आमालाई आमासरि नै मान्दथे र हाम्रो घरलाई माइत ठान्दथे । लक्ष्मीको छोरा जन्मेर उनी सुत्केरी हुँदा त कैयन् दिनसम्म हाम्रो घरमा नै बसेकी थिइन् आमाको स्याहार पाएर । पाकिस्तानका विभिन्न ठाउँमा रहेका शिक्षण संस्थामा अध्ययन गर्ने नेपाली विद्यार्थीहरू बिदाको बेला हाम्रो घरमा बस्न आउँदथे । यस्ता सबै विद्यार्थीका लागि हाम्रो घर सधैँ खुला हुने गर्दथ्यो । नेपाली सेनाका अफिसरहरू पनि त्यहाँ तालिम सकिएपछि एकाध दिनका निम्ति हामीकहाँ बस्न आउँदथे ।

पाकिस्तानको राजदूतको कार्यकाल सकेर नेपाल फर्केपछि पिताजीलाई अन्य धेरै महत्त्वपूर्ण पदको प्रस्ताव आएको थियो तर उहाँले त्यति वास्ता गर्नुभएन नियमित काममा, बरु ती पदहरूका लागि उपयुक्त व्यक्तिहरूको नाम सिफारिस गरिदिनुभयो । पाकिस्तानबाट फर्किएपछि उहाँ खासगरी लेखनमा व्यस्त हुनुभयो भने बिस्तारै उहाँमा पञ्चायती प्रणालीमाथि नै वितृष्णा जागेर निर्दलीय पञ्चायती व्यवस्थाको साटो दलीय पञ्चायती व्यवस्था ल्याउन सके पञ्चायतइतरका नेता तथा पार्टीहरू पनि यसमा समाहित हुने थिए कि भन्ने विचार उहाँमा पलाउन थाल्यो । राजासँग भेट हुँदा पनि एकाधपटक यो कुरा राखेको र उनले यो राम्रो सुझाव भएको बताएका थिए भनेर उहाँ भन्नुहुन्थ्यो । तर दरबारनिकट पञ्चायतका रैथानेहरूलाई यो कुरा पच्ने कुरै थिएन । उनीहरू रानी ऐश्वर्यको सहायताले हाम्रा पिताजस्ता विद्वान् र हितचिन्तकहरूलाई राजासँग भेट्न बन्देज लगाउनुपर्ने राय दरबारका सचिवहरूलाई दिन्थे रे !

मेरा पिताजी पाकिस्तानको राजदूत छँदा नै २०३५ सालको अन्त्यतिर पञ्चायत र बहुदलको जनमत सङ्ग्रहको घोषणापश्चात् राजा वीरेन्द्र क्युबाको राजधानी हवानामा हुने असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमा भाग लिन जाँदा पाकिस्तानको कराँचीमा केही समय प्राविधिक कारणले रोकिने कार्यक्रमअनुसार त्यहाँ पुगेपछि उनको स्वागतका निम्ति तत्कालीन राष्ट्रपति जियाउल हक स्वयम् रावलपिन्डीदेखि कराँची पुगेका थिए । राजा वीरेन्द्रले निकैपटक विदेश यात्राका क्रममा चीन र पाकिस्तानमा विमानको इन्धन भर्नेजस्ता प्राविधिक अवतरण गराएर भारतलाई चिढाएका थिए ।

जिया पनि १,००० किलोमिटरको यात्रा गरेर आधा घण्टा राजाको स्वागत गर्न कराँची पुगेका हाम्रो देशसँग धूमधामको सम्बन्ध भएरमात्रभन्दा पनि भारतलाई इख्याउन नै थियोजस्तो लाग्छ मलाई । एकातिर राजा वीरेन्द्र अति नै असल व्यक्ति र विकासप्रेमी भएर पनि भारतसँग उनका बुवाले खेलेको जस्तो कूटनीतिक खेल खेल्न नजानेकाले कमिलाले हात्ती जिस्काएझैँ मूर्ख र उग्र व्यवहारको प्रदर्शन बारम्बार भइरह्यो भने आज त्यसको ठीकविपरीत भारतलाई अन्तर्राष्ट्रिय मञ्चमा सघाउने, चीनसँगको सम्बन्ध राम्रो बनाउनलाई मद्दत गर्ने र नेपाललाई अनेक खाले खेल खेल्ने मैदान बन्नबाट चोखो राख्नेभन्दा पनि ऊसँग पूरै लत्रिने खालको भूमिकाको प्रदर्शन हुने गरेको छ ।

हाम्रो भूराजनीतिक अवस्थितिले हामीलाई दुई विशाल राष्ट्रका बीचमा यति लामो सिमानाका साथ मध्यस्तकर्ताको भूमिका खेल्ने अवसर दिँदा पनि हामीले आफ्नो महत्त्व बुझ्न सकिरहेका छैनौँजस्तो लाग्छ ।

कराचीमा इन्धन भर्ने कार्य सकिएर जियासँग भेटेपछि राजा वीरेन्द्रले मेरा पिताजीलाई पनि कराँचीबाट कुवेतसम्म जान आग्रह गरेछन् । हवाईजहाजमा उनले "लोहनी, मैले जनमत सङ्ग्रहको घोषणा गरेको तिमीलाई कस्तो लाग्यो", भनेर सोधेछन् । मेरा पिताजीले "सरकार, योभन्दा एकचोटि विश्वेश्वरप्रसाद कोइरालालाई भेटेर उनीसँग कुराकानीपश्चात् बहुदलीय पञ्चायती व्यवस्थाको घोषणा नै गरेको भए राम्रो हुने थियो कि, किनकि ढिलोचाँडो प्रजातन्त्रवादीहरूको नै जीत हुने निश्चित छ आजको विश्वको राजनीतिलाई नियाल्दा । मैले विश्वेश्वरप्रसाद कोइरालालाई नजिकबाट चिनेको छु र मलाई लाग्छ, उनी राजसंस्था विरोधी पनि होइनन् र सरकार तथा सरकारको बुवा तथा उनको विकास र राजनीति सम्बन्धी सोच पनि उस्तै-उस्तै नै छ । खाली एकअर्काको अहम् र शङ्काले गर्दा दुवैतिर निकै समयसम्म फाटो आइरह्यो । यदि आजको यस्तो जटिल समयमा सरकारबाट उनीसँग मिलेर आन्दोलन गरिरहेका प्रमुख पार्टीका नेताहरूसँग छिटै वार्ता गर्न सके र बहुदलीय पञ्चायती व्यवस्थाका खाका तयार गरेर घोषणा गर्न सके सबै पक्षको यसमा मञ्जुरी र सहभागिता हुने थियो र राजाले जनताको इच्छामुताबिक पञ्चायती प्रजातान्त्रिक प्रणालीलाई अझ सहभागितामूलक र प्रजातान्त्रिक बनाएको भनेर चौतर्फी प्रशंसा पनि हुने थियो । र यसमा मैले मध्यस्तता गरिदिनुपर्छ भने पनि म अहिले नै तयार छु र सरकार हवानाबाट नेपाल फर्कँदासम्म म नेपाल गएर वार्ताको माहौल तयार पारेर राख्ने प्रयत्नसमेत गर्नेछु" भन्नुभएछ । यो सुनेर

राजाले गम्भीर मुद्रामा टाउको हल्लाएर सहमति जनाएझैँ गरेछन् । तर त्यही जहाजमा कुरा सुनेर बसेका परराष्ट्रमन्त्री पद्मबहादुर खत्री र अन्य उच्चपदस्थ व्यक्तिहरू निकै रिसाएर पिताजीलाई आँखा तरेछन् ।

२०४६ सालअघि पनि कैयन्पटक यस्ता मेलमिलापका जुक्तिहरू मेरा पिताजीले सुझाउनुभएको थियो तर ती सबै कुराको अन्त्य त्यसबेलाका पञ्चायतइतरका राजनीतिज्ञबाट नभएर दरबारियाहरूबाट नै भएको थियो । चरम भ्रष्टाचार गर्न पल्केका र सत्ताको मातले मातिएका त्यसबेलाका भारदारहरूले मेरा पिताजस्ता राजा र प्रजातान्त्रिक नेताहरू दुवै पक्षबीच राम्रो सम्बन्ध भएका र यी दुवै पक्षका बीच मेलमिलाप गराउन सक्ने खुबी भएका मान्छेहरूलाई अति नै घृणाको दृष्टिले हेर्दथे । टंकप्रसाद आचार्य, यदुनाथ खनाल, डिल्लिरमण रेग्मी र अन्य धेरै यस्तै व्यक्तिलाई राजदरबारमा बोलाएर बेइज्जत गरेर नै पठाइएको थियो । आज कैयन् व्यक्ति जो पहिले बडामहारानीकै नजिक भएर प्रजातन्त्रवादीहरूसँग कुरा धुत्ने र दरबारमा नानाथरीका कुरा सुनाउँदै राजा र पञ्चायतइतरका नेताहरूबीचको दरारलाई झनै फराकिलो बनाउन सक्रिय थिए, त्यस्तै व्यक्तिहरू विभिन्न राजनैतिक नेताका निकट भएर महाप्रजातन्त्रवादी र आफूलाई विद्वान् कहलाएर हिँडेको देख्दा मलाई अचम्म लाग्छ । यस्ता कुराहरू यहाँमात्र हुन्छन् कि अन्यत्र पनि यस्तै हुन्छ कुन्नि ! हुन त जताका मानिस पनि उस्तै प्रकृतिका त हुन् नि !

राष्ट्रपति जियाले हाम्रा पितालाई बेला-बेलामा रावलपिन्डीस्थित उनको निवासमा बोलाएर विभिन्न विषयमा छलफल गर्ने र सल्लाह लिने काम गरिरहन्थे । त्यतिखेर अफगानिस्तानमा सोभियत सङ्घको फौज पसेपछि त्यहाँ उत्पन्न युद्ध र अशान्तिका कारण हजारौँ अफगानी शरणार्थीका रूपमा पाकिस्तानसँगको सीमा क्षेत्रमा आएर बसेका थिए । एकचोटि जियाले हाम्रा पिताजीलाई ती शरणार्थी शिविरहरूमा पठाएर तिनीहरूको उचित हेरविचार र तिनलाई बिस्तारै आफ्नो मुलुक फर्कने वातावरण कसरी बनाउन सकिन्छ भनेर अध्ययन गर्न पनि अनौपचारिकरूपमा आग्रह गरेका थिए र हाम्रा पिता केहीदिन सो क्षेत्रको भ्रमणमा पनि जानुभएको थियो । त्यस्तै उनैले एकपटक हाम्रा पिताजीलाई नेपाल त्यत्रो जलस्रोतको धनी मुलुक भएर पनि यो क्षेत्रमा त्यति प्रगति गर्न नसकेको र यदि नेपालले यसमा राम्रो लगानी गर्न सके केकस्ता आयोजनाहरू नेपालमा बन्न सक्थे भन्ने कुराको अध्ययन गर्न पाकिस्तानका तार्वेला, मङ्गलाजस्ता विशाल जलस्रोत आयोजनाहरूको निरीक्षण गर्न पनि पठाएका

थिए । एकचोटि राजाको पाकिस्तान भ्रमण हुँदा हाम्रा पिताजीले यिनै आयोजनाहरू अवलोकन गर्ने कार्यक्रम पुनः बनाइदिनुभएको थियो । त्यस्तै अर्कोचोटि राजा वीरेन्द्रको पाकिस्तान भ्रमणका बेला राष्ट्रपति जियाले राजासँग यी राजदूत मेरो भाइसमानका हुन्, मलाई आर्थिक विकासका कुराहरूमा सरसल्लाह पनि दिइरहन्छन्, कृपया यिनलाई छिटो सरुवा नगर्नूस् है महाराज भनेर हाँसेका थिए रे, र जवाफमा राजा वीरेन्द्रले पनि मुस्कुराएर टाउको हल्लाएका रहेछन् ।

राजा वीरेन्द्रको पाकिस्तानको एउटा भ्रमणका बेला उनी हाम्रो राजदूतावासमा रात्रिभोजमा सरिक भएका थिए । उनको भ्रमणभन्दा केही हप्ताअघिदेखि राजदूतावास सजाउने कार्यको थालनी भयो । नेपालबाट अति नै कम बजेट प्राप्त भएकाले केही नयाँ कार्पेटको खरिद र रङरोगन तथा पुराना फर्निचरहरूको मर्मत गरी कपडा फेरिएका थिए । त्यहीक्रममा एउटा निकै ठूलो र राम्रो सोफामा राजारानीलाई बसाउनका निम्ति त्यसको मर्मत गरेर त्यसमा रातो मखमलको कपडाले मोरिएको थियो । तर जब राजा हाम्रो दूतावासमा आए, उनी बैठक कोठाको सानो सोफामा गएर बसिदिए । रानी, हाम्री माता र अन्य महिला भने त्यो ठूलो सोफामा बसे । बैठकमा आउनासाथ उनलाई हाम्रा पिताजीले त्यहाँ उपस्थित दूतावासका कर्मचारी र परिवार तथा राजारानीको स्वागत गर्न आएका नेपाली समुदायसँग भेट गराउनुभयो । मसँग चिनापर्ची हुँदा राजाले मेरो विद्यालय र त्यहाँ हुने पढाइ र विषयहरूबारे जानकारी लिन खोजे, मैले पनि छोटकरीमा बताएँ र पिताजीले थप कुराहरू भनिदिनुभयो । राजा वीरेन्द्र वास्तवमा निकै सरल, शालीन तथा हँसिला स्वभावका थिए । उनको अनुहार धपक्क बलेको हुन्थ्यो । हातमा सिगार पक्रेर ह्विस्की पिउँदै सबैसँग जिस्केर कुरा गर्दा उनी निकै रमाइला देखिन्थे । तर बेला–बेलामा रानीले "कति रक्सी पिएको" भनेर कराएपछि उनी झस्किएर मुसुक्क हाँस्दथे । त्यतिबेला उनी झनै राम्रा देखिन्थे । जाने बेलामा बैठकबाहिरको ढोकामा पुगिसकेका उनी फरक्क फर्केर आई त्यो समारोहमा खानाको इन्तजाम गर्ने हलिडे इन होटलका मेनेजरसँग हात मिलाएर उनलाई "खाना एकदम मीठो थियो, धेरै-धेरै धन्यवाद" भनेर बिदा भए । होटलको त्यो मेनेजर निकैबेरसम्म अचम्मित भएर जाने बेलामा उसले "मैले कैयन् मुलुकका राष्ट्राध्यक्षलाई खाना खुवाएँ तर यस्ता भलाद्मी र हँसिला व्यक्ति आजसम्म देखेको थिइनँ" भन्यो । हुन पनि राजा वीरेन्द्रको व्यक्तित्व र स्वभाव अति नै मनमोहक र अद्वितीय थियो ।

पाकिस्तानमा त्यतिबेला करिब एकसय पच्चीसजति मुलुकका राजदूतावास थिए । इस्लामाबाद राजधानी नै बनाउन भनेर निर्माण गरिएको नयाँ शहर भएकोले त्यहाँ दूतावासहरूका निम्ति भिन्दै क्षेत्रको विकास गरिएको थियो । तर त्यो क्षेत्रमा निकै कम मुलुकले मात्र आफ्ना नियोग बनाएर सरिसकेका थिए । अधिकांश मुलुकका दूतावास अर्कै क्षेत्रमा थिए । नेपालले पनि जग्गासम्मचाहिँ खरिद गरेर राखेको रहेछ तर त्यसमा निर्माण हुने घरको नक्सा बनाउने इन्जिनियरलाई भने वर्षौंदेखि भुक्तानी गरेको रहेनछ । प्रत्येक दिनजसो कुनै न कुनै मुलुकको राष्ट्रिय दिवस पर्दथ्यो र हाम्रा मातापिता दिनहुँजसो बेलुकी यस्ता समारोहहरूमा सरिक हुन जानुहुन्थ्यो । हामी तीनभाइमात्र रातीको खाना खान्थ्यौँ र गफ गरेर बस्थ्यौँ । पाकिस्तानमा मदिरापान वर्जित भएकाले पिउन खोज्ने मानिसहरू विभिन्न दूतावासका पदाधिकारीसँग मित्रता गाँस्न खोज्दथे र यी मुलुकको राष्ट्रिय दिवसका समारोहहरूमा नबोलाए पनि सामेल भइदिन्थे ।

काठमाडौँ फर्केपछि पनि मेरा पिताजीको यहाँस्थित पाकिस्तानी राजदूतहरू तथा अन्य उच्चपदाधिकारीसँग भेट भइरहन्थ्यो । मन मिल्ने अबुल फजल र फौजिया नसरिनजस्ता राजदूतहरू हुँदा बाक्लिएको भेटघाट पछि–पछि पातलिँदै गयो । पिताजी पनि अन्य कार्यमा व्यस्त हुन थाल्नुभयो ।

यस्तै समयमा रेडियो नेपाललाई मेरा पिताजीले पाकिस्तानी गीत र गजलहरूका थुप्रै एल्बम उपहार दिनुभएकाले एकताका रेडियो नेपालबाट यस्ता गीतहरू निकै बज्ने गर्दथे । उहाँकै तदारुकतामा विश्वप्रख्यात पाकिस्तानी गजल गायकहरू मेहदी हसन र गुलाम अली आदिले नेपालमा आएर आफ्ना गीत–गजलको प्रस्तुति दिएका थिए । त्यतिबेला नेपाल–पाकिस्तान मैत्री सङ्घ पनि सांस्कृतिक क्रियाकलापमा निकै सक्रिय थियो ।

यो अध्यायमा मैले सकेसम्म आफ्ना बाल्यकालका धेरै रोचक कुराहरू समेट्न खोजेँ । अहिले याद नआएका र हाल सान्दर्भिक नदेखिएका घटना र विषयहरूलाई पछि अरू पुस्तकमा पारौँला ।

# महाभूकम्पको त्रासद अनुभूति

हरेक वर्षझैँ, २०७१ चैत्र ३० गते नयाँ वर्ष आगमनको तयारीमा नयाँ उत्साह र उमङ्गका साथ धेरैले नाचगानसहित देशभित्र र विदेशमा समेत जमघट गरे । नयाँ सालको पहिलो दिन वैशाख १ गते पनि धूमधामका साथ मनाए । कसैको मनमा अलिक पनि शङ्का थिएन होला कि त्यसको दुईहप्ता पनि नबित्दै एउटा भयानक प्राकृतिक बिपत्तिको सामना गर्नुपर्ने घडी आउँदैछ भनेर । नयाँ वर्षको थालनीमा नै सधैँझैँ भक्तपुरवासीहरूले धूमधामका साथ बिस्केट जात्रा पनि मनाए । सदाझैँ थिमीमा जिब्रो छेड्ने पर्व पनि मनाइयो । ५ गते शनिवारको दिन आमा हुनेले आमाको दर्शन गरे भने नहुनेले मातातीर्थ र अन्य धार्मिकस्थलमा गएर आमालाई सम्झने र दिवङ्गत आत्माको चिरशान्तिको कामना गरे । यस्तै ११ गतेका दिन लोकतन्त्र दिवससमेत राष्ट्रिय बिदाका साथ मनाइयो । नेताजीहरूले ठाउँ-ठाउँमा मुलुक समृद्धितिर उन्मुख भइरहेको र नयाँ संविधान पनि छिटै बन्ने आश्वासन दिइरहेका थिए, तर उनीहरू पनि पूरै अनभिज्ञ थिए कि लोकतन्त्र दिवसको ठीक भोलिपल्टै लोकले ठूलो प्रलयकारी त्रासदीको सामना गर्नुपर्ने बेला आउँदै छ भनेर ।

प्रत्येक अंग्रेजी महिनाको अन्तिम शुक्रवार साँझ हुने गरेको क्लब ५० को बैठक र तत्पश्चात् हुने रात्रिभोजको माहौल निकै रमाइलो थियो सांग्रिला होटलको बगैँचामा लोकतन्त्र दिवसको दिन, वैशाख ११ गते । क्लब फिफ्टीका तत्कालीन अध्यक्ष दीपक मल्होत्रा, उपाध्यक्ष दमन बस्नेत, पूर्व अध्यक्षहरू तथा पुरुष र महिला सदस्यहरूको राम्रै जमघट भएको थियो त्यो साँझ । करिब १२ बजेसम्म गानाबजाना र रमाइला गफपश्चात् घर फर्किएका थियौँ हामी । भोलिपल्ट वैशाख १२ गते शनिवारको

बिहान ढिलो क्लब गएर व्यायामपश्चात् साउनाबाथ गरी घर फर्किएर अर्धाङ्गिनीसँग भलाकुसारी गर्दै मीठो खाना खाएर शयन कक्षमा केहीबेर पल्टिएको थिएँ । व्यस्तताले गर्दा नउठाइएका कलहरूको फेहरिस्त मोबाइल सेटमा हेरेर पहिलो कलमात्र के गरेको थिएँ, धरती काम्न सुरु भइहाल्यो, बिजुली तै बन्द भयो र आगलागी हुनबाट बचायो, तर धरती काम्नेक्रम निकै बढ्दै भयानकरूप लिन थाल्यो । सानातिना तथा अलिक शक्तिशाली भूकम्पको धक्का विगतमा महसुस गरे तापनि यस्तो भयानक तरिकाले सम्पूर्ण घर र धरती नै हल्लिएको अवस्था अपत्यारिलो र बिलकुलै नयाँखाले लाग्यो । झण्डै एक मिनेटसम्म भएको यो शक्तिशाली कम्पन नरोकिइञ्ज्याल आफ्नोबाहेक कसैको चिन्ता लागेन, तर भूकम्प रोकिएपछि भने वृद्ध बुवा, पत्नी, छोरी–ज्वाइँ, साथीको घरमा एकरात बस्न गएको छोरा, तथा निकटतम नातेदारहरू र साथीभाइको अवस्थाबारे चिन्ता लाग्न थाल्यो । यो महाभूकम्पन सुरु हुँदा बिहानको ११ बजेर ५६ मिनेट गएको रहेछ र यसको केन्द्रविन्दु गोरखाको बारपाक भन्ने विकट क्षेत्रबाट करिब ८ किलोमिटर जमिनमुनि रहेछ । विभिन्न निकायबाट गरिएको भूकम्पमापन प्रतिवेदनअनुसार यो महाभूकम्प ७ दशमलव ८ रिक्टर स्केलको थियो । यो महाभूकम्पमा ९ हजारजनाले ज्यान गुमाए भने करिब २२ हजार घायल भए, अनि करिब ३५ लाख घरबारविहीन भए । भूकम्पमा करिब ८९ विदेशीले पनि ज्यान गुमाए । शनिवारको बिदाको दिन परेकाले धेरैजना खासगरी स्कुले नानीहरू यो भयानक भूकम्पबाट बचे भने गाउँघरमा पनि मध्यदिनमा घरबाहिर र खेतबारीमा काम गरिरहेकाले पनि धेरैको ज्यान बच्यो ।

यो भूकम्पको धक्का भारतको आसाम, सिक्किम, पश्चिम बङ्गाल, झारखण्ड, उत्तराखण्ड, विहार, उत्तर प्रदेश, गुजरात र नयाँ दिल्लीसम्म महसुस भएको रहेछ । त्यस्तै चीनतिर तिब्बतदेखि छेङ्दुसम्म र पाकिस्तान, बङ्गलादेश, र भुटानसम्म पनि यो भूकम्पको धक्का महसुस गरिएको थियो । भूकम्पबाट भारतमा ७८, चीनमा २५ र बङ्गलादेशमा ४ ले ज्यान गुमाए ।

इन्डियन प्लेट धसिँदै युरेसियन प्लेटभित्र घुस्दै जाने र युरेसियन प्लेट माथितिर धकेलिनेक्रममा जम्मा भएर बसेको प्रचुरमात्राको ऊर्जा यदि बिस्तारैबिस्तारै विभिन्न समयमा निस्कन पायो भने स–साना भूकम्पसँगै धसिनेक्रम मिल्दै जाने हो तर पूरै हिमालयमा हुने यस्तो भयानक घर्षण ठूलै भूकम्प र त्यसपछि हुने पराकम्पनविना कम हुनै सक्दैन किनकि यो धसिनेक्रम लाखौँ वर्षदेखि जारी छ र यसैगरी प्रत्येक

शताब्दीमा एकाध ठूला भूकम्पको तरंगसँगै केही सेन्टिमिटर धसिने र बढ्नेक्रम जारी छ । योक्रममा युरेसियन प्लेट माथितिर उठ्ने र इन्डियन प्लेट भित्रतिर धसिने भएकोले हिमालको उचाइ पनि थोरै बढ्दै गएको हुन्छ । भूगर्भशास्त्रीहरूका भनाइअनुसार ३० सेकेण्डभन्दा बढी समयको सो भूकम्पमा काठमाडौं करिब ३ मिटर दक्षिणतिर धकेलियो ।

हिमालय क्षेत्रमा महाभूकम्पहरू निकैपटक गइसकेका छन् । नजिकको कुरा गर्दा सन् १८९७ मा भारतको सिलङमा ८ दशमलव ७, १९०५ मा भारतकै काँगडामा ८, १९३४ मा नेपालको काठमाडौं क्षेत्रमा ८ दशमलव ४, १९५० मा भारतको असममा ८ दशमलव ६, र सन् २००५ मा पाकिस्तानको हिमाली क्षेत्रमा ७ दशमलव ४ रेक्टर स्केलका महाभूकम्पहरू गए अनि यी सबै भूकम्पमा परेर हजारौँ मानिस र चौपायाको मृत्यु पनि भयो । भूगर्भविद्हरू जो भूकम्पको अनुसन्धानमा रातौँदिन खटिइरहेका छन्, उनीहरूको भनाइअनुसार भूकम्पले बनाएका दरार भएका ठाउँहरूको उत्खनन गरेर हेर्दा धेरै महत्त्वपूर्ण तथ्य फेला परेका छन् । हिमालयका विभिन्न ठाउँमा भूकम्प सम्बन्धी गरिएका भौगर्भिक अध्ययनहरूबाट निकै पहिले यानि सन् १०३१, ११००, १२५५, १२९४, १३२१, १४१३, १४२३, १५०५ मा पनि महाभूकम्पहरू गएका थिए भन्ने निर्क्योल गरिएको छ ।

ठूला-ठूला पराकम्पन सो भयानक भूकम्पपछि पनि आइनै रहे भने पहिलो भूकम्पको ३४ मिनेटपछि नै ६ दशमलव ६ रेक्टर स्केलको पराकम्पन भयो । भोलिपल्ट बिहान १२ बजेर ५४ मिनेट जाँदा ६ दशमलव ९ रेक्टर स्केलको र वैशाख २९ गते बिहान १२ बजेर ५० मिनेट जाँदा ७ दशमलव ३ रेक्टर स्केलका ठूला पराकम्पनहरू गए । यो पछिल्लो भयानक पराकम्पनको केन्द्रविन्दु सिन्धुपाल्चोकमा भएकोले त्यो भेगमा निकै ठूलो मानवीय र भौतिक क्षति हुन गयो । झण्डै २०० जनाले ज्यान गुमाए भने २,५०० जनाजति घाइते भए । पहाडहरूमा विस्फोट भएका आवाजहरू र पूरै पहाड पहिरोले खसिरहेका डरलाग्दा दृश्यहरू त्यतिबेला साधारण भएका थिए । दोलखाको चरीकोट करिब-करिब पूरै ध्वस्त भएको थियो । पुराना घरका त कुरै छाडौं, फलामे छड र सिमेन्टका पिलर हालेर बनाइएका घरहरूसमेत जमिनमा आएर ढले ।

पहिलो केही दिन प्रत्येक आधा घण्टाजस्तोमा पराकम्पन भए पनि पछि बिस्तारै यसको क्रम घट्दै गयो । एक अमेरिकी भौगर्भिक सर्वेक्षणअनुसार पहिलो भूकम्पको

एक वर्षभित्र करिब ४५९ पराकम्पन ४-५ रेक्टर स्केलका गएछन् भने ४ रेक्टर स्केलभन्दा कमका करिब २० हजार पराकम्पन गएछन् । मानिसहरू पराकम्पन भएको थाहा पाएपछि "ए आयो आयो" भनेर सुरक्षित ठाउँतिर भाग्थे भने कति दिनसम्म आफ्नो घरमा नित्यकर्म र शौच गर्न जानसमेत डराएका थिए । यतिबेला देखियो कि मानिसलाई आफ्नो ज्यान कति प्यारो लाग्दो रहेछ र ऊ कति डरपोक प्राणी रहेछ । कस्ता-कस्ता कथित धनीहरूको बेहाल देखियो यस महाभूकम्पमा । तर मान्छेलाई ईश्वरले एउटा ठूलो शक्ति दिएको हुँदो रहेछ जिउनका निम्ति । त्यो हो बिर्सने शक्ति । जस्तै दुःख, आपत्-विपत्-शंकटबाट गुज्रे पनि मान्छेले यी सब निकै छिटो बिर्सन्छ र ऊ फेरि आफ्नो पहिलेकै स्वरूपमा फर्कन सक्छ । भूकम्पपछि नयाँ जीवन पाएँ, अब म बाँकी जीवन लोककल्याणका निम्ति बिताउँछु भन्ने धेरै मान्छे फेरि आफ्नो र आफ्ना नजिककाको कल्याणमा नै फर्किसके । यस्तै छ दुनियाँ !

भूकम्पन हुनेबित्तिकै सबैजना घरबाहिर र सडकमा जम्मा हुन्थे अनि सबैको अनुहारमा एकप्रकारको त्रास र अन्यौल । फोन लाग्दै नलाग्ने । ठाउँ-ठाउँका नयाँ, पुराना घरहरू र पूरै गाउँ-शहर नै ध्वस्त भएर ठूलै सङ्ख्यामा मान्छे तथा चौपाया हताहत भएका खबरहरू आउन थाले । डर र त्रासले जोकोही पनि मानसिकरूपले बिरामी भइरहेको अवस्था । काठमाडौंका खुला जमिन र सम्पूर्ण पार्टी प्यालेस शरणार्थी शिविरमा परिणत भए । भाग्यले नै भन्नुपर्‍यो, यो भूकम्प शनिवारको बिदाको दिन गएछ, नत्र असङ्ख्य स्कुले नानीहरूको जीउज्यानको क्षति हुनसक्थ्यो । भूकम्प प्रभावित क्षेत्रहरूमा दर्जनौँ विद्यालयहरू धरासायी भएका समाचारहरू आएका थिए, तर बिदाको दिन परेकाले यी घरहरूले किचिएर ज्यान गुमाउनेहरूको सङ्ख्या निकै न्यून रह्यो । तर बिदाकै दिन परेकाले करिब १८० को सङ्ख्यामा काठमाडौंको दृश्यावलोकन गर्न धरहरा चढिसकेका मध्ये एकाध छोडेर केटाकेटीदेखि वृद्ध-वृद्धासम्मका सबैले धरहरासँगै ज्यान गुमाए । त्यस्तै, यो महाभूकम्पको मुख्य केन्द्रविन्दु परेकाले सबैभन्दा ठूलो धक्का खेपेको गोरखाको बारपाक गाउँका सम्पूर्ण घर पाताल भए ।

काठमाडौं, पाटन र भक्तपुरका अधिकांश ऐतिहासिक दरवार तथा मठ-मन्दिरमा ठूलो क्षति पुग्यो भने राणाकालीन सबैजसो दरवार मरम्मत गर्न नसकिने गरी क्षतिग्रस्त भए । काष्ठमण्डप र धरहरासमेत धरासायी भए भने कैयन् ऐतिहासिक धरोहर भूकम्पले गर्दा चिरा-चिरा परे । स्वयम्भू र बौद्धनाथ मन्दिरहरूमा पनि निकै क्षति

भयो । यस्तै ऐतिहासिक गोरखा दरवार, नुवाकोट दरवार, रानीमहल र मनकामनाका मन्दिरमा पनि ठूलो क्षति भयो । चाँगुनारायण, बज्रयोगिनी, पलाञ्चोक भगवती, चुरीयामाई, दोलखा भीमसेन मन्दिरहरूको पनि यस्तै हाल हुन गयो भने जानकी मन्दिरमा समेत केही क्षति हुन गयो । १९९० सालको महाभूकम्पमा क्षतिग्रस्त भएको काठमाडौंको घण्टाघरले भने यसपटकको महाभूकम्प गजबैसँग थेग्यो । त्यस्तै विगतमा झैँ पशुपतिनाथ र गुह्येश्वरीको मन्दिरमा भूकम्पको कुनै असर परेन ।

काठमाडौंका बालाजु, स्वयम्भू, सीतापाइला, कलंकी, गोंगबु, चावहिल, बौद्धनाथ, साँखु, भक्तपुर, थिमी, कौशलटार, बुङमती, पाटन दरवार क्षेत्र, कीर्तिपुर, हनुमानढोका दरवार क्षेत्र, सुनधारा, असन, भोटाहिटी, नक्साल, महाराजगञ्ज, बालुवाटार, सिंहदरवार, भद्रकाली आदि क्षेत्रहरू भूकम्पको चपेटामा सबैभन्दा बढी परे । कौशलटारमा त बाटो नै चिरा परेर ठूलो क्षेत्र धसिएको थियो । त्यस्तै भक्तपुर शहरभित्रका धेरै घर भत्किएका थिए ।

सगरमाथा र लाङटाङ हिमाल क्षेत्रमा पनि भूकम्पका कारण ठूलो हिमपहिरो गयो । सगरमाथा चढ्न गएका करिब २१ जनालाई हिमपहिरोले सोहोरेर लग्यो भने लाङटाङ उपत्यकामा त पूरै गाउँ हिमपहिरोसँगै विलीन हुन पुग्यो । गाउँमा त्यतिबेला भएका करिब २५० जना मानिस र धेरै चौपाया तथा सम्पूर्ण घर बेपत्ता भए ।

२०७२ सालको भूकम्पको बढी असर पश्चिममा गोरखादेखि पूर्वमा सिन्धुपाल्चोक जिल्लासम्म पर्न गयो । हुन त कास्कीदेखि झण्डै सुनसरी जिल्लासम्म नै ठूलो भूकम्पनको महसुस गरिएको थियो, र यसको असर भारतको नेपालसँगको उत्तरी सीमाक्षेत्र, चीनको नेपालसँगको दक्षिणी सीमाक्षेत्र र बङ्गलादेशको उत्तरी क्षेत्रसम्म पर्न गएको थियो । क्षति भने अधिकतममात्रामा गोरखादेखि सिन्धुपाल्चोक जिल्लासम्म नै भयो ।

भूकम्प र यसपछिका धेरै पराकम्पनले गर्दा अधिकांश भूकम्प प्रभावित क्षेत्रका बासिन्दामा एक प्रकारको मानसिक तनाव नै पैदा भएको थियो । शौच गर्न घरभित्रको शौचालयमा जाँदा पनि डर र त्रास, अनि परिवारको कुनै सदस्य घरबाहिर गयो भने पनि ऊ घर नफर्केसम्म चिन्ता । खासगरी रात पर्न थालेपछि घरभित्र गएर सुत्ने आँट पनि कसैमा थिएन भने राती फेरि भूकम्प गए के गर्ने भन्ने त्रास । खाली ठाउँ

कतै नभएका कैयन् टोल रित्ता नै भएका थिए निकै समयसम्म । काठमाडौंबाहिर घर भएका धेरै मानिस बिस्तारै घरतिर फर्कन थाले भने अधिकांश भारतीय मजदुर पनि घरै (भारत) गए । ठूला घर हुनेहरूलाई आफ्नै घर राक्षसजस्तो लाग्न थालेको थियो । के धनी, के गरिब सबै सडक र खुला जमिनमा पुगेको अवस्था !

त्रिभुवन विमानस्थलमा भूकम्पको खासै असर नपरेकाले पूरै विश्वबाट राहत सामग्री लिएर ठूला-ठूला विमानहरू रातौँदिन काठमाडौं आउन थाले । तिनका घरै थर्काउने आवाजले पनि रातमा एक किसिमको डर पैदा गर्थ्यो । भूकम्पपश्चात् सरकारले गर्नुपर्ने न्यूनतम कार्यहरू पनि गर्न नसकेको देख्दा अचम्म लाग्यो । विमानस्थलमा राहत सामग्रीहरूको डङ्गुर त्यसै अलपत्र परिरहेको र भूकम्प प्रभावित क्षेत्रमा कुनै यस्ता सहयोग पुग्न नसकेका समाचारहरू पनि पाइयो । आपत्-विपत्को बेलामा फटाफट निर्णय लिएर काम गर्न नसक्नुजस्तो लाचारी केहीमा पनि हुँदैन ।

सुरक्षा निकायहरूले भने यो समयमा निकै उदाहरणीय काम गरेका थिए । नेपाली सेना, सशस्त्र प्रहरी बल, र नेपाल प्रहरीले भूकम्पको लगत्तै भत्किएका संरचनाबाट जीवितहरूको उद्धार गर्ने कामदेखि लिएर प्रभावितहरूलाई राहत, प्राथमिक उपचार र सुरक्षासमेत दिन थालेका थिए । कुनै पनि मुलुकमा त्यहाँको जनसङ्ख्याको करिब २ प्रतिशतजति सुरक्षा बलमा भर्ती गरिनुपर्ने अन्तर्राष्ट्रिय मान्यता नै छ । यसो गर्नु भनेको लडाइँ वा सीमा सुरक्षाकै लागिमात्र नभई मुलुकमा पर्न सक्ने अनेकन दैवीप्रकोपको सामना गर्न तयारीरूपमा रहनु पनि हो । छिमेकी राष्ट्र भारतले भूकम्प गएको केही समयमा नै हेलिकप्टर तथा सेनाका प्राविधिक टोलीहरू पठाएर उद्धार र राहत वितरण कार्यमा ठूलो मद्दत पुऱ्यायो । भूकम्पका बेला भारतले पुऱ्याएको सहयोग अविस्मरणीय थियो । त्यस्तै चीन, अमेरिका, बेलायत, पाकिस्तान, बाङ्लादेश, तथा अन्य मुलुकले पनि ठूला सहयोग गरे । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले पनि सकेजति मद्दत नेपाली जनतालाई त्यतिबेला गरेका हुन् ।

वि.सं. १९९० माघ २ गते यानि २०७२ वैशाख १२ गतेको महाभूकम्पभन्दा ८२ वर्षपहिले भारतको विहार राज्यको सीतामढी र मधुबनीको बीचलाई केन्द्रविन्दु बनाई २०७२ को महाभूकम्पको भन्दा पनि ठूलो धक्का महसुस गरिएको थियो भने त्यतिबेला पनि काठमाडौंवरिपरि अधिक क्षति हुनुका साथै पूर्वीनेपाल, वीरगञ्ज र भारतको विहारमा निकै धनजनको क्षति भएको थियो । सो महाभूकम्प नेपाली समयअनुसार

दिउँसोको २ बजेर २४ मिनेट २२ सेकेण्डमा गएको र करिब २ मिनेटसम्म रहेको अनुमान गरिएको छ । भारतीय भूगर्भविद्‌हरूको हिसाबमा त्यो महाभूकम्प करिब ८ दशमलव ४ रेक्टर स्केलको थियो । त्यो महाभूकम्प विगत ८०० वर्षमा नेपालमा गएका भूकम्पहरूमध्ये दोस्रो सबैभन्दा ठूला थियो भने १५६२ आषाढमा कर्णालीमा केन्द्रविन्दु रहेको ८ दशमलव ८ रेक्टर स्केलको भूकम्प भने सबैभन्दा शक्तिशाली थियो । १९९० सालतिर काठमाडौंको शहरी भाग भनेर टुँडिखेलबाट पश्चिमतिरका वस्ती यानि गणवहाल, लगन, हालको जुद्धसडक, हनुमानढोकाको सेरोफेरो, इन्द्रचोक, असन र भोटाहिटीजस्ता ठाउँहरूलाई मात्र चिनिन्थ्यो । यो भूकम्पका कारण मर्नेहरूको सङ्ख्या ८,५१९ पुगेको थियो, जसमा महिलाको सङ्ख्या ४,६६९ थियो ।

९० सालको त्यो महाभूकम्पको अघिल्लोदिन माघे संक्रान्ति परेकोले सबैजना चाडपर्व र भोजको आनन्दमा थिए भने जाडो पनि निकै बढिसकेकाले दिन पनि छोट्टिँदै गएको थियो । अचानक सुरु भएको महाभूकम्पले गर्दा उत्पन्न एक किसिमको नौलो र भयानक आवाज र पूरै जमिन बेस्सरी हल्लँदा मान्छेमात्र होइन, पशुपन्छीसमेत डरले कराउन थालेका थिए र रूखबिरूवा निकै मच्चेका थिए रे ! घरबाट बाहिर निस्किसकेका कैयन् महिला आफ्ना बालबच्चा र आफन्तको मायामोहले फेरि घरभित्र जाँदा धेरैको मृत्यु भएको रहेछ । काँचा इँटाले बनेका शहरका अधिकांश घर भत्कँदा निस्केको धूलोले निस्सासिएर पनि कति मान्छे मूर्छा परेछन् भने शहरभित्रबाट निस्केको धूलोले निकैबेरसम्म टुँडिखेलमा पनि कुहिरो लागेको जस्तो अवस्थाको सिर्जना भएको रहेछ । भूकम्प र धूलोको त्रासले भाग्दा साँघुरा गल्लीहरूमा धेरै मान्छे घरहरूले थिचिएर मरे भने कैयन् घाइते भए । धरहरा र घण्टाघर पनि भत्केर पातालमा मिले । टुँडिखेल, बालाजु र शङ्खमूलका कैयन् ठाउँमा जमिन चिरा-चिरा परेर लामा तथा ३-४ मिटर गहिरा खाडल बनेछन् भने त्यहाँबाट पानी, कालीमाटी र बालुवासमेत निस्किएछन् । वागमती, विष्णुमती तथा अन्य नदीहरूमा कालो र मैलो पानी बग्न थालेछ ।

त्यो भूकम्पले काठमाडौं उपत्यकामा सबैभन्दा धेरै नोक्सानी भएका क्षेत्रहरूमा वुङ्गमती, चापागाउँ, हरिसिद्धी, बाँडेगाउँ, गोदावरी, सिस्नेरी, सिपाडोल, लुभु, थिमी, भक्तपुर, लगन, गणबहाल, सुन्धारा, खिचापोखरी, इन्द्रचोक, हनुमानढोका, असन, भोटाहिटी, पकनाजोल, क्षेत्रपाटी, म्हेपी, सामाखुशी, नारायणहिटी, हाँडीगाउ, महाराजगञ्ज, वागबजार, घण्टाघर, थापाथली, त्रिपुरेश्वर, नैकाप, वलम्बु, सीतापाइला थिए ।

तर बूढानीलकण्ठ, बालाजु, जीतपुर, चावहिल, बौद्ध, सुन्दरीजल, गोकर्ण, साँखु, नगरकोट, चाँगुनारायण, थली, बोडे, कोटेश्वर, धोवीखोला, मच्छेगाउँ, चन्द्रागिरी, थानकोट, फर्पिङ, साँगा आदि क्षेत्रमा भने महाभूकम्पको क्षति न्यून रह्यो ।

काठमाडौंबाहिर भोजपुर र उदयपुरसम्म भूकम्पले निकै नोक्सानी गरायो । भूकम्प गइरहेको बेलामा त यी इलाकामा निकै बेर पहिरोको धूलोले गर्दा एक प्रकारको अँध्यारो अवस्था सिर्जना भएको रहेछ र धूलो उड्न बन्द भएपछि हेर्दा अघिसम्म हराभरा देखिने पहाड सबै पहिरोले जर्जर भएर सेताम्मै भएका रहेछन् । पहिरोका कारणले धेरै खोलानाला पुरिएर पानीको समेत हाहाकार भएको रहेछ भने धेरै महिनासम्म ती जर्जर भएका पहाडहरूमा पहिरो गइरहने भएछ । पूर्वीपहाडमा झण्डै ४ हजारजनाको ज्यान गएको थियो भने पश्चिममा ६५ जनाजतिको । पूर्वमा इलाम, धनकुटा, विराटनगर र झापासम्म नै भूकम्पले ठूलो प्रभाव पारेको थियो । पश्चिममा सो भूकम्पको प्रभाव बुटवल, पाल्पा र कास्कीसम्म परे पनि गोरखा र नुवाकोट इलाकामा भने बढी क्षति भयो । त्यस्तै दक्षिणतर्फ मकवानपुरका चित्लाङ, कुलेखानी, भीमफेदी, टिस्टुङ, पालुङ आदि ठाउँमा धनजनको निकै क्षति भयो भने वीरगञ्जमा समेत धेरै नोक्सानी भयो । काठमाडौंको उत्तरतिरको कुरा गर्दा भने रसुवादेखि कोदारीसम्म नै निकै क्षति पुग्यो ।

माघ २ देखि एकहप्तासम्म विभिन्नखाले दुई दर्जनभन्दा बढी पराकम्पन गएछन् र जसमध्ये केही निकै ठूला थिए रे ! यी पराकम्पनले गर्दा त्यतिबेला माघको ठन्डीमा पनि अधिकांश भूकम्प अतिप्रभावित क्षेत्रका बासिन्दा धेरै समयसम्म खुला आकाशमा नै बसेछन् । शहरका मान्छेहरू टुँडिखेल, जमल, हालको भृकुटीमण्डप, सभागृह, ल, रत्नराज्य र संस्कृत क्याम्पस भएका खाली ठाउँमा र छाउनीतिरका खाली जग्गामा पाल टाँगेर बसेछन् भने बारी–बँगैचा हुनेहरू आफ्नै घरका खाली जग्गामा बसेछन् ।

१९९० सालताका मुलुकमा निर्माणका आजजस्ता आधुनिक उपकरणहरू केही थिएनन् । तै पनि प्रधानमन्त्री जुद्धशमशेर, उनका भारदार, सेना र जनताहरू मिलेर सो महाभूकम्पको सामनामात्र गरेनन् बरु पुनः निर्माणसमेत अधिकतम प्राथमिकताका साथ छोटो समयमा नै गरे । भूकम्पको समयमा जुद्धशमशेर महाकालीतिर जाडो छल्न र सिकार खेल्न गएका थिए । माघ २ गतेको महाभूकम्पको खबर उनलाई तारमार्फत माघ ६ गते साँझमात्र पुगेछ । भारतको रेलको पुल पनि वीरगञ्जपारि

भत्केर रेलसेवा बन्द भएकाले जुद्धशमशेरलाई राजधानी फर्कन झण्डै तीनहप्ता लाग्यो । बाटोमा उनले वीरगञ्जका विभिन्न भूकम्प प्रभावित क्षेत्रको पनि निरीक्षण गरे । माघ २२ गते काठमाडौं आउनासाथ टुँडिखेलको खरीको बोटबाट उनले त्यहाँ उपस्थित जनसमुदायलाई सम्बोधन गरेर भूकम्पबाट भएको क्षतिको पुनः निर्माण राष्ट्रकै स्रोत र साधनबाट तत्काल सुरु गर्ने घोषणा गरे । त्यतिबेला जनतालाई भत्केका घर पुनः निर्माणका निम्ति तत्कालीन सरकारले ऋण दिएर पछि सो ऋणसमेत मिनाहा गरिदियो । त्यसबेलाका ऋणका कागजातहरू पछि भूगोलपार्क र जुद्धशमशेरको सालिकमुनि गाडिदिएको कुरा पनि सुन्नमा आएको थियो । त्यतिबेला केही विदेशी राष्ट्रले मद्दत गर्न खोज्दा तत्काललाई नेपाल आफैं सक्षम भएको भनी ती मुलुकहरूलाई धन्यवाद ज्ञापन गरेको थियो रे नेपाल सरकारले !

काठमाडौंको नयाँसडक, जुन जुद्धसडक भनेर पनि चिनिन्छ, यो विक्रम संवत् १९९० को भूकम्पपछि जुद्धशमशेरले बनाउन लगाएका हुन् । आफ्नो सालिक पनि राख्न लगाएर उनले सालिकको चारैतिर यानि पूर्वमा टुँडिखेल, पश्चिममा कुमारीघर, उत्तरमा इन्द्रचोक र दक्षिणमा नगरपालिकाको पुरानो कार्यालयसम्म चौंडा सडक र उस्तैखाले तीनतले सेता घरहरू बनाउन लगाएका हुन् । यस्तै पीपलबोटदेखि रणमुक्तेश्वर र नयाँसडकदेखि खिचापोखरीसम्म पनि चौंडा बाटो त्यहीबेला बनेका हुन् । त्यसपछि नै यो ठाउँ बिस्तारै व्यापारिक केन्द्र बन्दै गएको हो । हालको भूगोलपार्क पनि त्यति नै बेला बनाएर त्यसको बीचमा पृथ्वीको आकृति र त्यसमाथि शिवजीको मूर्ति स्थापना गराए जुद्धले । यसो गर्नुको उद्देश्यचाहिँ अब आइन्दा भूकम्पले दुनियाँलाई हल्लाउन खोज्यो भने शिवजी यसमाथि बसेकाले हल्लाउन नसकोस् भन्ने थियो रे ! यो पार्कको दक्षिणमा अवस्थित पोखरीलाई पुरेर निकै ठूला मैदान र त्योभन्दा पर हालको नेपाल बैंक लिमिटेडको भवन बनाइएको रहेछ त्यतिबेला । भूगोलपार्कको दक्षिण-पूर्वमा चाहिँ गोरखापत्रको भवन बनाइयो भने दक्षिण-पश्चिममा जुद्ध वारूणयन्त्र । यस्तै उत्तरपट्टि जनसेवा सिनेमा हल बन्यो आजको विशालबजार भएको ठाउँमा ।

वि.सं. १८९० भाद्र १२ गते सोमबार पनि साँझ ६ बजेतिर सुरु भएको भूकम्पको धक्काले आधारातमा महाभूकम्पकै रूप लिएको रहेछ । साँझदेखि आधारातसम्म चारपटक भयानक धक्काहरू महसुस गरिएको मध्ये चौंथो धक्का जुन ७ दशमलव ९ रेक्टर स्केलको थियो, त्यसले भने निकै ठूलो क्षति गराएको रहेछ । रातभरमा २३ वटा पराकम्पन महसुस गरिएको रहेछ । राजा रणबहादुर शाहले यो भूकम्पभन्दा ३५

वर्षअगाडि टुँडिखेलनिर बनाउन लगाएको जगन्नाथको मन्दिर र यसका वरिपरि बनाइएका सय फिट अग्ला बुर्जा सबै भत्किएका रहेछन् । भीमसेन थापाले सुन्धारामा आफ्नो दरवारको दुईतिर बनाएका धरहराहरूमध्ये एउटा पूरै भत्किएछ भने अर्कोको माथिल्लो भागमात्र भत्किएछ । पछि बाँकी रहेको एउटा धरहराको मात्र मर्मत गरिएको रहेछ । काठमाडौं, पाटन र भक्तपुर तथा वरिपरिका गाउँहरू पूरै ध्वस्त भएका रहेछन् त्यतिबेला पनि । यीमध्ये पनि सबैभन्दा बढी असर भक्तपुर र थिमीलाई परेको रहेछ । तर पशुपतिनाथ, गुह्येश्वरी, मीननाथ र चण्डेश्वरीजस्ता देवीदेवताका महत्त्वपूर्ण मन्दिरहरूमा कुनै हानी-नोक्सानी भएनछ । यो भूकम्पले नेपालमा पश्चिममा गोरखा, पूर्वमा धरान-विजयपुर, दक्षिणमा मकवानपुर र उत्तरमा कुतीसम्म अधिक नोक्सान गरेछ । त्यसबखतका राजा राजेन्द्रवीरविक्रम शाहले काठमाडौं, पाटन र भक्तपुरमा गएर भूकम्प प्रभावित क्षेत्रको निरीक्षण गरी केही राहत सामग्री पनि वितरण गरेका रहेछन् । त्यतिबेलासम्म घर बनाउन चाहिने सबै सामग्री मुलुकभित्र नै बन्ने हुनाले र विकासको परिभाषा नै अहिलेको भन्दा फरक यानि मठमन्दिर बनाउने र गोरेटो, पाटी, पौवा बनाउनेजस्ता कार्यमा सीमित भएकाले पनि पुनः निर्माण कार्य छिटो हुने गर्दथ्यो । १८९० सालको भूकम्पले पनि भारतको विहारमा नै धेरै नोक्सानी गराएको थियो ।

विगत ८०० वर्षअघिदेखिको भूकम्पको फेहरिस्त हेर्ने हो भने विक्रम संवत् १३१२ आषाढमा पनि २०७२ को जस्तै ७ दशमलव ८ रेक्टर स्केलको भूकम्प गएको रहेछ । सो भूकम्पमा परेर कान्तिपुरका तत्कालीन राजा अभय मल्ल र करिब एकतिहाइ जनताले ज्यान गुमाएका रहेछन् । यो भूकम्पको पराकम्पन १५ दिनसम्म निकै पटक भएको रहेछ र त्यसपछिमात्र यो कम हुँदै गएछ । विक्रम संवत् १३१२ देखिको भूकम्पको मात्र विश्लेषण गर्दा नेपालमा औसतन प्रत्येक १०० वर्षमा एउटा महाभूकम्प जाने गरेको देखिन्छ । महाभूकम्पको शक्तिका अन्य जे मापदण्ड र परिभाषा भए पनि मेरो विचारमा हाम्रो मुलुकको भौगर्भिक बनौट र संरचनाहरूको लेखाजोखा गर्दा ७ रेक्टर स्केल वा सोभन्दामाथिका भूकम्पलाई महाभूकम्पको वर्गमा राख्न सकिन्छ, किनकि त्यति मापन-वर्गका भूकम्प नै धेरै विनाशकारी साबित भएका छन् । भूकम्पन जमिनको सतहबाट कतिमुनि सुरु भएको छ, त्यो जमिनभित्रको बनोट कस्तो प्रकारको माटो, बालुवा, चट्टान वा पानीबाट भएको छ, त्यसबाट पनि यसको शक्ति आँक्न सकिन्छ ।

विक्रम संवत् १३१२ देखि २०७२ सम्म ७ रेक्टर स्केलभन्दा माथिका १२ वटा महाभूकम्प गएछन् । यीमध्येको सबैभन्दा शक्तिशाली र डरलाग्दो भूकम्प भने १५६२ आषाढमा कर्णालीमा केन्द्रविन्दु बनाएर ८ दशमलव ८ रेक्टर स्केलको गएको रहेछ । त्यसपछिको सबैभन्दा भयानक भूकम्पचाहिँ १९९० सालको ८ दशमलव ४ रेक्टर स्केलको नै हो । यस्तै १७३७ पौष र १८९० भाद्रमा ८ रेक्टर स्केलका भूकम्पहरू गएका थिए भने १४६५ भाद्रमा ८ दशमलव २ रेक्टरको । ७ देखि ८ रेक्टर स्केलका भूकम्पहरूको कुरा गर्दा १३१२ असारमा ७ दशमलव ८, १३१७ मा ७ दशमलव १, १४०१ मा ७ दशमलव ८, १८२४ श्रावणमा ७ दशमलव ९, १९७३ भाद्रमा ७ दशमलव ७, २०७२ वैशाखमा ७ दशमलव ८ र ७ दशमलव ३ रेक्टर स्केलका भूकम्पहरू गए ।

२०४५ साल भाद्रमा गएको ६ दशमलव ६ रेक्टर स्केलको भूकम्पले पनि भक्तपुर र धरानजस्ता शहरहरूमा धनजनको ठूलै नोक्सानी गरायो भने २०६८ आश्विनको ६ दशमलव ९ रेक्टर स्केलको भूकम्पले भने खासै नोक्सानी नगरे पनि महाभूकम्प जान लागेको जनाउ दिएर गएको रहेछ, तर कसरी बुझ्नू र उसको जनाउलाई ! हुन त संयुक्त राष्ट्र सङ्घ, जापानी नियोग, तथा विभिन्न गैरसरकारी संस्था र भूकम्पविद्हरूले विगत केही वर्षअघिदेखि बेला-बेलामा भूकम्पन हुँदा क-कसो गरेर आफू र अरूलाई बचाउन सकिन्छ भनेर विभिन्न अड्डा, विद्यालय तथा सङ्घ-संस्थामा गएर शिक्षामूलक तालिमहरू दिइनै रहेका थिए, तर यो सब उनीहरूले भूकम्प आउने कुरा निश्चित भइसकेको भएर गरेका होइनन् । भूकम्पको पूर्वानुमान आजसम्म न त ज्योतिषशास्त्रले गर्न सकेको छ न त वैज्ञानिक खोजले नै । तर विगतको भूकम्पनको प्रवृत्तिको अध्ययन गरेर कुनै पनि इलाकामा औसतन कति समयमा भूकम्प जान सक्छ भन्ने अनुमानसम्म गर्न सकिन्छ । यस्तै विगतको भूकम्पका सूचनाका आधारमा नेपालमा प्रत्येक १०० वर्ष वा सोभन्दा केही कम समयमा ठूला भूकम्पहरू गएको तथ्यलाई विचार गरेर अब कुनै पनि बेला महाभूकम्प जानसक्छ भनेर उनीहरूले जनमानसलाई सचेत गराउन खोजेका थिए । मैले पनि यस्ता केही कार्यक्रममा सक्रियरूपले भाग लिएको भएर २०६८ र २०७२ का गरी त्यतिबेलाका चार ठूला भूकम्पनमा आफूमा भएको डरलाई काबूमा राखेर अरूलाई मद्दत गरेको थिएँ । तर मैले उल्लेख गरिहालेँ नि, यस्तो बेला आफ्नोबाहेक कसैको पनि माया लाग्दैन रहेछ यो पापी मनलाई !

हाम्रो "पर्पल इभेण्ट नेपाल डट कम" भन्ने संस्थाको माध्यमबाट हामीले पनि राहतका विभिन्न कार्यक्रम गर्‍यौं । बालसखा तथा कलाकार किशोर डंगोल एवम् अर्को युवा

असिम के.सी. को सक्रियतामा धेरै देशी-विदेशी स्वयम्सेवकले हाम्रो संस्थामार्फत भूकम्प प्रभावित क्षेत्रहरूमा गएर राहतका कामहरू गरे । खासगरी गोर्खा, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक तथा काठमाडौं उपत्यकाका विभिन्न विकट ठाउँमा गएर पाल, खाद्य पदार्थ, प्राथमिक उपचार तथा स्वास्थ्य परीक्षणदेखि लिएर चर्पी तथा धारा निर्माणमा समेत सघायौँ हामीले । त्यस्तै संगीतकार अम्बर गुरूङका माहिला सुपुत्र संगीतकार राजु गुरूङको सक्रियतामा ठाउँ-ठाउँका विद्यालयमा संगीतमार्फत भूकम्पले भयग्रस्त केटाकेटीहरूलाई मनोचिकित्सा पनि प्रदान गऱ्यौँ । यी सब कार्यमा हाम्रो संस्थाका अति सक्रिय सदस्य मेरी पत्नी रजनी, सुपुत्री कृपा, सुपुत्र कृपेश, धर्मपुत्री चाँदनी र उनका साथीहरूको ठूलो योगदान रह्यो ।

हाम्राजस्ता अन्य अनगिन्ती संस्थाले आफूले गर्न सक्नेजति काम र सेवा त्यतिबेला गरेका थिए । तर नेपालको सरकार अति नै किंकर्तव्यविमूढ भएर टोलाएर बसिरह्यो र अझसम्म पनि भूकम्प पिडीतहरूको भत्किएका घर, सरकारी कार्यालय, सार्वजनिक मठ-मन्दिर र अन्तर्राष्ट्रियस्तरका सम्पदाहरूको समेत पुनर्निमार्ण गर्न सकेको छैन । धरहराको बचेको सानो भाग पनि घाम-पानीमा त्यसै छाडिदिएकाले पातालमा मिल्ने बेला भइसक्यो । यति ठूलो महत्त्वको धरोहरमा पनि कस्तो मौनता, कस्तो बेवास्ता ! हुन त पुनः निर्माण प्राधिकरण पनि खडा गरेका छन् तर त्यसको काम कछुवागतिमा पनि छैन । हाल आएर केही सम्पदाको पुनर्निमार्ण बल्ल सुरु हुन थालेको छ । बरु धुर्मुस-सुन्तलीको जोडीले कस्ता-कस्ता ठूला कामहरू गरेर सबैलाई चकित पारिदिए । त्यस्तै भक्तपुर र ललितपुरमा त्यहाँका नगरपालिका, गुठी तथा स्थानीय जनताको तदारुकतामा धमाधम मठ-मन्दिरहरू पुनर्निमार्ण हुँदैछन् । विपद् व्यवस्थापन गर्न सक्नु पनि विकासमा फड्को मारेको संकेत नै हो तर हामी यति सक्षम भइसकेका छैनौँ किनकि यसो गर्नका लागि पैसाभन्दा पनि व्यवस्थापकीय खूबीले ठूलो महत्त्व राख्छ ।

हामी आजका पिँढी के दुर्भाग्यले आजको समयमा यो नेपालरूपी धरतीमा जन्मेका रहेछौँ कुन्नि, राम्रै नाम कमाएका र काम गरेका प्यारा राजा वीरेन्द्रको वंश नै खतम हुने गरी हाम्रै पालामा विभत्स हत्याकाण्ड भयो र लगत्तै भाइराजाको चरम महत्त्वाकांक्षाले गर्दा वर्षौँदेखि चल्दै आएको राजतन्त्र नै माटोमा मिल्यो ! राजा ज्ञानेन्द्रले राजा छदाँ धेरै गल्तीहरू गरे तापनि राजाबाट हटेपछि भने उनी निकै असल र व्यवहारिक भएका छन् । यस्तै कुरा अलि पहिल्यै भएको भए कति राम्रो हुने थियो । २०४६ सालको जनआन्दोलनपश्चात् बिस्तारै सुमधुर भएर आएको

राजा, सरकार, पार्टीहरू, र जनताबीचको सम्बन्ध भताभुङ्ग भयो । त्यस्तै भूकम्पको अति जोखिमयुक्त क्षेत्रका बासिन्दा हामी नै हुनुपर्‍यो र हाम्रो यही पुस्तालाई यसको कहर खेप्नुपर्‍यो । त्यति धेरै ज्यान गएको अनि महत्त्वपूर्ण र गौरवशाली संरचनाहरू धरासायी भएको यी सब हामीले मूकदर्शक भएर आफ्नै आँखाले हेर्न कर लाग्यो ।

यी घटनाका वाबजुद, सकारात्मक भएर नै सोच्ने हो भने यस्ता अकल्पनीय अवस्थाहरूले हामीलाई अझै धेरै ऊर्जा दिएका छन् र जस्तै कठिन परिस्थितिको पनि सामना गर्न सक्ने भएका छौँ अब हामी । मर्नेहरूको जीवन नै समाप्त भयो र घरपरिवारमा चरम बिचल्ली भयो तर बाँच्नेहरूको धन सम्पत्तिमा धक्का लागे पनि तिनले अझै बाँच्न पाए, यस्तो बिपत्तिको पनि सामना गर्न सिके, सके । यो भने एउटा निकै कम मान्छेले अनुभव गर्न पाउने सकारात्मक कुरा हो ।

आजको युगको सर्वोत्कृष्ठ राजनैतिक प्रणालीको रूपमा मानिएको प्रजातन्त्र यानि लोकतन्त्रको पनि दुरूपयोग नै धेरै भएकाले नेपाली जनताले निकैवर्ष भइसक्यो सकस भोगिरहेको । बन्द, हडताल, द्वन्द्व, झडप, हत्या, हिंसाजस्ता शब्दहरू हाम्रा दैनिकी भइसके । आशा गरौँ बिस्तारै प्रजातन्त्रले पनि छिटै जनहितमा काम गर्न थाल्नेछ भनेर । तर एउटा अति नै उत्साहजनक काम यस अवधिमा के भयो भने, दुई पटक संविधान सभाको चुनाव भएरै भए पनि हाम्रो संविधान बन्यो । संविधान सभाको चुनावको अनुभव पनि निकै कम देश र मानिसले मात्र गर्न पाएका छन् । संविधानसभाका दुईओटा चुनावमा अन्तर्राष्ट्रिय पर्यवेक्षक भएर मैले पनि ठूलो अनुभव बटुलेँ । सन् १९९४ देखि मैले सबै चुनावमा पर्यवेक्षकको रूपमा काम गरेको छु । संविधानमा भएका कमी-कमजोरीहरू समय-समयमा संशोधन गरेर सच्याउन सकिन्छ । भारतको संविधान पनि सयभन्दा बढी पटक संशोधन भइसकेको छ ।

भूकम्पको चपेटामा परेको नेपाललाई तुरन्तै विभिन्न प्रकारले राहत तथा ठूलो सहयोग गरेको भारतले पनि केही महिना नबित्दै संविधान घोषणा गर्दा ऊसँग सल्लाह नगरेको वा उसको सल्लाह नमानेको झोकमा निकै समयसम्म अघोषित आर्थिक नाकाबन्दी लगाइदियो । सबै छिमेकी राष्ट्रसँग बेला-बेलामा कटु सम्बन्ध भइराख्ने भारतको, भुटानलाई छाड्ने हो भने नेपालसँगमात्र अधिक समय सुमधुर सम्बन्ध रहिआएको हो । बहुसंख्यक जनताको धार्मिक, सांस्कृतिक, भाषिक समानता तथा रहनसहन मिल्दोजुल्दो भएको अति निकट छिमेकी भएर पनि भारतले सायद दक्षिण एसियाको सबैभन्दा

ठूलो राष्ट्र भएको उन्मादले होला, बेला–बेलामा सबै नाता र सम्बन्ध बिर्सेर हामीलाई नाकाबन्दी र सकस दिइरहन्छ । उसको यस्तो क्रियाकलापले गर्दा उसैले हामीलाई गरेका कतिपय मद्दत तथा उपकार सबै बिर्सिइन्छ, माटोमा मिल्न जान्छ । हामीमा ऊप्रति घृणाभन्दा पनि बेला–बेलामा आश्चर्य लागेर आउँछ, हामी अन्यौलमा पर्छौं ।

हुन त उसमा नेपालले सबै कुरा हामीलाई सोधेरमात्र गरोस् भन्ने आकांक्षा जगाउने हाम्रै नेताहरू हुन्, सरकारमा पुग्यो कि पूरै भारतको नतमस्तक हुन पुग्ने र सरकारबाट बाहिरिएपछि धोती नै फुस्कने गरेर गाली गर्ने । भारत वा चीन दुवै अति नै निकट मित्रराष्ट्रहरूसँग असल सम्बन्ध आफ्नो अस्मिता जोगाएर पनि कायम गर्न सकिन्छ । दुई देशको असल सम्बन्धमा देशको क्षेत्रफल वा जनसङ्ख्या र धनसम्पत्तिले भन्दा पनि कुशल कूटनीतिले ठूलो भूमिका खेल्छ भन्ने कुरा हाम्रा मान्छेले अझै पनि बुझेजस्तो लाग्दैन । यही कमजोरीले गर्दा अरूले हामीलाई सजिलै किन्ने गर्छन् । हाम्रो मूल्य, मान्यता, कूटनीति, विकास, राजनीति, धर्म, संस्कृति सबै बिकाउमा छन् । यस कारणले हाम्रो वजन तथा मोल घट्दै गइरहेको छ दिनानुदिन । कमजोर सरकार र लाचार नेताबाट निराश जनतामाथि त्यो बेलाको नाकाबन्दी र त्यसले सिर्जना गरेको असहज परिस्थितिमा समेत सरकारी र अन्यस्तरमा पनि अति आवश्यकीय वस्तुहरू कालोबजारी गर्नेलाई के भन्नु र ? मुलुकमा कानुनी राजको अन्त्य नै भइसके जस्तो अवस्था थियो त्यतिबेला ।

भारत र नेपाल सरकारबीच बेला–बेलामा हुने खिचातानीले दुई देशका जनताबीच वैरभाव हुनुहुँदैन र अझ त्यस्तोस्थिति नै आउन नदिन नेपालले विशेष ध्यान पुऱ्याउनुपर्छ । विभिन्न देशका सरकारबीच यस्ता कटुता भइरहन्छन्, तर यस्ता कुराले ती देशका निमुखा जनतालाई असर पर्ने अप्ठ्याराहरू सिर्जना हुनुहुँदैन र यो कुरामा चाहिँ विशाल राष्ट्र भएको नाताले भारतले पनि आफ्नो विशाल हृदयको प्रदर्शन गर्न सक्नुपर्छ ।

दुई विशाल राष्ट्र भारत र चीनको बीचमा बसेर कसरी यी दुवै राष्ट्रसँगको सम्बन्ध सुदृढ बनाउने, र सकिन्छ भने यी दुई देशबीचको कटु सम्बन्धलाई सपारेर यिनलाई एकले अर्काप्रति परम मित्रराष्ट्रको भावना जगाउन नेपालले के गर्नसक्छ, त्यो पनि हामीले सोच्नु निकै जरूरी छ । हाम्रै मुलुकको माध्यम यी दुई राष्ट्रले आफ्नो व्यापार बढाउन सक्छन्, यही धरतीमा चीनले बिजुली छिटोछरितो तवरले उत्पादन गर्न सघाएर सो ऊर्जा भारतले किन्ने माहौल बनाइदिन सक्छ र हाम्रो यही धरती

उनीहरूबीच नमिलेका कुराहरू मिलाउन भेट्ने उपयुक्तस्थल पनि हुन सक्छ । यी दुवै राष्ट्रले यिनको बिचमा नेपाल अवस्थित भएकोले आठ सय किलामिटरभन्दा बढी सीमा क्षेत्रमा सुरक्षा फौज राख्न परेको छैन । यी दुवै राष्ट्रका सुरक्षाका लागि प्रत्येक किलोमिटर सीमा क्षेत्रमा कति खर्च हुने गरेको छ र नेपाल बीचमा भएकोले यिनीहरूले कति रकम बचाउन सकेका छन्, हो त्यसको १० प्रतिशत मात्रै यी दुवै मुलुकले नेपाललाई प्रत्येक वर्ष दिने हो भने पनि हाम्रो विकासमा कति टेवा पुग्ने थियो । हाम्रा नेताहरूले यस्ता प्रस्ताव राख्न सकेको खै ? सायद राजा वीरेन्द्रले शान्ति क्षेत्रको प्रस्ताव राख्दा भारतले यो कुरो बुझ्न नसकेर र यसको अनर्थ लगाएर त्यतिबेला भूल गरेको जस्तो लाग्छ ।

अन्त्यमा, सकारात्मक सोच राखेर भन्नै पर्दा नेपालीका लागि विगत २५ वर्षको उथलपुथलपूर्ण वातावरण र २०७२ सालको महाभूकम्प अनि त्यसपछिका अशान्त अवस्थाहरूले वास्तवमा ठूलो पाठ सिक्ने मौका दिएका छन् । प्राकृतिक प्रकोपको सामना गर्न तथा यस्तो बेला हुने क्षतिलाई न्यून गर्न सेना, प्रहरी, युवा, विद्यार्थी तथा समाजका सबै पक्षलाई आवश्यक तालिम र शिक्षा निरन्तर प्रदान गर्नु अति आवश्यक छ । स्वदेशमा नै आवश्यक वस्तुहरूको उत्पादन बढाउनुपर्दो रहेछ, कच्चा पदार्थभन्दा पनि तयारी उत्पादनहरूको निर्यात बढाउनुपर्दो रहेछ, प्राकृतिक ऊर्जासहित सबै प्रकारका सम्भावित वैकल्पिक ऊर्जाको विकास र यातायात सञ्जाललाई प्रमुख प्राथमिकता दिनुपर्दो रहेछ, यसका निम्ति मुख्यतया भारत र चीनकै सहयोग र सहभागिता खोज्नुपर्दो रहेछ, सबै जातजातिबीचको सम्बन्ध अझै प्रगाढ बनाउँदै जानुपर्ने रहेछ, स्थानीय, प्रान्तीय र केन्द्रीयस्तरको सरकारको निर्वाचन भइसकेको अवस्थामा बाँकी रहेका प्रजातान्त्रिक प्रक्रियाहरू पनि छिटो पूरा गरेर विकास कार्यलाई तीब्रता दिनुपर्ने रहेछ, जुनै पार्टीको सरकार आए तापनि राष्ट्रियता, परराष्ट्र मामिला, कूटनीति, भारत र चीनसँगको विशेष सम्बन्ध, विकासका मूलयोजना तथा नीतिहरू, आतंकवाद र खासगरी भारत र चीनविरोधी क्रियाकलापविरूद्ध सदा पहलकदमी, आदि अहम् विषयमा राष्ट्रिय सहमति कायम गरेर यी मुद्दामा एउटै बाटो अपनाएर अगाडि बढ्नुपर्दो रहेछ ।

आशा गरौँ, आगामी दिनहरू हाम्रा लागि फापिला हुँदै जानेछन् र दुःखमा पनि हाँस्ने हामी नेपाली विश्वमा नै सुखी तथा उदाहरणीय भएर गर्वका साथ जिउन र अन्य दुःखी तथा निमुखा समुदायलाई विश्वको जुनैसुकै कुनामा गएर पनि सेवा गर्न सक्नेछौँ ।

# राजधानी स्थानान्तरणको सोच र सम्भाव्य प्रभाव

राजा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामा विजय हासिल गरेपछि यही उपत्यकालाई उनले राजधानी बनाएर आफू पनि यतै सरे । तत्पश्चात् हाम्रो एकीकृत मुलुकको राजधानी आजसम्म काठमाडौंमा नै छ । त्यतिबेला मुलुकको जनसङ्ख्या पनि कम भएको अवस्था र पहाडी इलाकामा सबैभन्दा ठूलो उपत्यका भएका कारण काठमाडौंमा राजधानी राख्नु प्रशासनिक, राजनैतिक र सुरक्षाका दृष्टिले पनि निकै उपयुक्त कदम नै थियो । कतैबाट कदाचित् नाकाबन्दी भएको खण्डमा समेत काठमाडौं उपत्यकाले आफूसँग प्रशस्त उर्वर जमिन र पानी भएकोले गर्दा त्यतिबेलाका राजधानीका सम्पूर्ण बासिन्दा तथा मुलुकको राजनैतिक र प्रमुख प्रशासनिक केन्द्रमा काम गर्नेहरूलाई सजिलै खुवाइ–पिलाइकन पाल्न सक्ने हैसियत राख्दथ्यो । तर आजको बदलिँदो परिस्थितिमा पूरै मुलुक हाँक्ने राजधानी काठमाडौं वास्तवमा नै निकै साँघुरो र अपायक ठाउँ भएको छ । आजको कोलाहलपूर्ण वातावरणमा यो उपत्यकामा दैनिक ठूलो मात्रामा खाद्य र पेय पदार्थ, निर्माण सामग्री, सवारी साधन, तथा अन्य बन्दोबस्तीका सामान बाहिरबाट भित्रिइरहेका हुन्छन् भने यहाँबाट बाहिर जानसक्ने भनेको फोहरमैलाबाहेक केही छैन र त्यो पनि राम्ररी व्यवस्थापन गर्न सकिएको अवस्था छैन र यतै विसर्जन गरिन्छ ।

काठमाडौं शहरले आजसम्म धेरै महाभूकम्पका धक्का सहिसकेको छ । तर अब यो शहर जति–जति ठूलो र अव्यवस्थित हुँदै जान्छ, त्यति नै धेरै क्षति अब आउने भूकम्पहरूमा यो शहरले व्यहोर्नुपर्ने पक्कै छ । भूकम्पीय अति जोखिम क्षेत्रमा अवस्थित यस्तो शहरमा राजधानीजस्तो महत्त्वपूर्ण ठाउँ अझै पनि राखिरहने सोच बनाइरहनु

भनेको हामीमा अझै संवेदनशीलता र परिपक्वताको विकास हुन नसकेको संकेत हो र विपत्को बेलामा स्थितिको सामना र विपत् व्यवस्थापन गर्न आफैँ घाइते भएको राजधानीको केन्द्रीय प्रशासनलाई निकै गाह्रो पर्न जाने पक्का छ ।

देशको मुख्य प्रशासनिक केन्द्र हुनुका साथै शिक्षा, स्वास्थ्य र सबै प्रकारका सुविधा निकै वर्षसम्म काठमाडौंमा मात्र केन्द्रित भएकाले हेर्दाहेर्दै हाम्रो मुलुकको राजधानी काठमाडौं एउटा बसिनसक्नुको भीडभाडरूपी खाडल बन्न पुग्यो । भन्ने नै हो भने, प्रशासन, राजनीति, शिक्षा, स्वास्थ्य, रोजगारी, पर्यटन, आदि सबै कुराको केन्द्र नै काठमाडौं भएपछि यता मान्छे नओइरिए कता नै ओइरिने हो र ! जनसङ्ख्याको तीव्र वृद्धिसँगै सफा पानी बग्ने नदीहरू पूरै ढल र रछान भए भने हरिया फाँट तथा खेतहरू घना धुलेवस्तीमा परिणत भए ।

कार्पेट र गार्मेन्ट उद्योग घर-घरमा खुल्न थालेपछि पनि अव्यवस्थित तरिकाले जनसङ्ख्या बढ्दै गयो भने स्वच्छ खोलानालामा विषादी बग्न थाले अनि बिस्तारै हत्या र हिंसाका घटनाहरू पनि बढ्न थाले । हामी आफैँ कल्पना गरौँ कि काठमाडौंमा माथि उल्लेखित सबै प्रकारका उद्योग सञ्चालन गर्न थालिएपछि यिनमा श्रमशक्तिको आवश्यकता के-कति हिसाबले बढ्यो होला । कैयन् श्रमिक तथा जागिरेका परिवारका सदस्य पनि यतै बसोबास गर्न थाले होलान् र तिनका लागि बस्ने, खाने, कपाल काट्नेदेखि कपडा सिलाउने ठाउँहरू, सार्वजनिक यातायातका साधन, किराना पसल, मनोरञ्जन, शिक्षा र स्वास्थ्य संस्थाहरू तथा तिनमा चाहिने अतिरिक्त श्रमशक्ति कति थपिए होलान् ! त्यस्तै यी सबै नयाँ बासिन्दा तथा थपिइँदै गएका उद्योग तथा व्यवसायलाई थप बिजुली, पानी, टेलिफोन तथा अन्य अथाह सेवाहरू पुऱ्याउनको निम्ति जनशक्ति, पुँजी र समय कति खर्चिइयो होला ! यी सबै श्रमशक्तिदेखि आवश्यक सम्पूर्ण वस्तुको आपूर्ति काठमाडौंबाहिरबाट नै भएको हो भने यो महान् प्रक्रियाबाट काठमाडौंले थप नयाँ बालबालिका र फोहरका डङ्गुरबाहेक खासै केही पनि उत्पादन गर्न सकेन । उद्योग-धन्दाको कुरा गर्दा उत्पादित वस्तुहरूभन्दा पनि यिनीहरूबाट भएको प्रदूषणले नै धेरै जितेको देखिन्छ । भरिभराउ ट्रकहरूमार्फत दैनिक आवश्यकीय वस्तु, खानका लागि पशु-पञ्छी, खाद्यान्न, साग-सब्जी, लुगाफाटा, इन्धन, निर्माण सामग्री, आदि, इत्यादि काठमाडौं भित्रिन यही बेलादेखि सुरु भएको हो भने यताबाट ती अधिकांश कन्टेनर खाली-खाली नै बाहिरिन बाध्य भएको अवस्थासमेत सिर्जना भयो । र यसको परिणाम भनेको फेरि राजमार्गमा जाम नै हो ।

सरकारले नै सन् ६० को दशकपछिदेखि राजधानीभित्र औद्योगिक क्षेत्रहरू खोलेर र पछि त झनै अति प्रदूषणकारी हिमाल सिमेन्ट कारखाना नै खोलिदिएर निकै प्रदूषित हुनथाल्यो राजधानी । जनसङ्ख्यासँगै बढेका इँटाभट्टाहरूबाट निस्कने कोइला र दाउराको धुवाँको मुस्लो त्यत्तिकै छ । कपजस्तो आकारको काठमाडौं उपत्यकाको धुवाँ र धूलो सफा गर्न मार्च महिनामा चल्ने हावाहुरी र मनसुनी वर्षालाईसमेत हम्मे पर्न थालेको छ आजकल ।

जनसङ्ख्याको तीब्र वृद्धिसँगै पानीको अभावले गर्दा भूमिगत जलस्रोतको समेत दोहन हुन थाल्यो र त्यसको सतह घट्दै गयो भने वर्षाको पानी सोसिएर जमिनमुनि जाने खुला ठाउँहरू पनि अतिक्रमण भएको र रहल-पहलका साना जमिनहरूमा पनि सिमन्टी लगाएर माटो भएको भूभाग पूरै छोप्नाले घटेको पानीको भरपाइ हुन सकेन । शहरमा सदियौँदेखि पानी आपूर्ति गरिरहेका अधिकांश ढुंगेधारा सुकेर इतिहास बने भने कैयन् अरू फोहर भरिएर निकै कुरूप भए ।

मलाई अहिलेसम्म याद छ, म सन् १९८३ मा यस्तै श्रावण महिनातिर पाकिस्तानबाट विद्यालयको शिक्षा सकेर काठमाडौं फर्कँदा जहाज जब काठमाडौं उपत्यकाभित्र पस्यो, तब यहाँको हराभरा भीर, कान्ला, र खेतहरू देखेर म निकै मोहित भएको थिएँ । हरिया धानका खेतहरूसँगै रातोमाटो पोतेका घरहरू र हरियालीले भरिएको पूरै उपत्यका । म एउटा नेपाली र यही धरतीमा जन्मेकोलाई त त्यो दृश्यले त्यति आकर्षित गरेको थियो भने देश-विदेशबाट आएका पर्यटकहरूलाई कस्तो हुन्थ्यो होला ! सुनिएअनुसार कैयन् विदेशी त त्रिभुवन विमानस्थलमा ओर्लनेबित्तिकै उत्तेजित भएर भुइँमा चुम्थे रे ! सफा तथा प्रदूषणरहित वातावरण र विमानस्थलबाट नै हरिया पहाडहरू पारी सेता चाँदीजस्ता हिमालहरू र नीलो आकाश देख्दा कसको मन प्रफुल्लित हुँदैन थियो होला र !

कम जनसङ्ख्या, हराभरा खेतबारीहरू, खुला ठाउँहरू धेरै भएकोले होला त्यतिबेला काठमाडौंको तापक्रम आजको जस्तो धेरै हुँदैनथ्यो । जाडोको बेलामा त घरबाहिर राखेको पानी जम्नुको साथै हरियो चौरमा सेतो तुसारो नै पर्थ्यो र बिहान अबेलासम्म बाक्लो कुहिरो लाग्थ्यो । यो सब अब एकादेशको कथाजस्तो भइसक्यो आज । जनसङ्ख्याको तीब्र वृद्धिले गर्दा बाक्लिएको जनघनत्व, अनियोजित निर्माण र रूखपातको निर्मम कटान, जल तथा खेतियोग्य जमिनको अप्राकृतिक दोहन तथा

उद्योग-धन्दा र धूलोबाट प्रदूषित वातावरणले गर्दा काठमाडौंको तापक्रम हेर्दाहेर्दै नाटकीय तवरले बढेर गयो । गर्मीमा पंखासमेत नचाहिने यो उपत्यकामा आज बिस्तारै धेरै कार्यालय, होटल, रेस्टुरेन्ट तथा उच्चमध्यमवर्ग र धनीहरूका घरमा एयर कण्डिसनर राख्न थालिसके ।

सन् १९८० अघितिरसम्म खिचिएका काठमाडौंका तस्वीरहरू र काठमाडौंलाई केन्द्र मानेर लेखिएका नेपाली र विदेशी उपन्यास तथा पुस्तकहरूमा यहाँको सौन्दर्यको निकै धेरै वर्णन गरिएको पाइन्छ । तर आज ती पुस्तकहरू पढ्दा हाम्रा अग्रज कति भाग्यमानी रहेछन् भन्ने कल्पना गर्नेबाहेक अरू केही बाँकी देखिँदैन । हो, आज काठमाडौंमा पहिलेको भन्दा निकै सुखसुविधा छ, तर त्यो सबै पाउन हामीले यो उपत्यकालाई कुरूप नै पारेर छाड्यौँ ।

सन् ७० को दशकमा डा. हर्क गुरूङजस्ता खारिएका विद्वान्ले पनि राजधानी काठमाडौंबाट भरतपुर वा अन्यत्र सानुपर्ने कुरामा वहस नै चलाएका थिए । तर राजधानी सार्ने यत्ति ठूलो काम गर्ने साहस नै नपुगेर हो वा त्यतिबेलासम्म पनि नेपाली शासकहरूको मनमा राजधानी काठमाडौंबाट अन्यत्र सारेमा खतरा हुन्छ भन्ने भयले हो, यो कुराले त्यति महत्त्व पाएन । बरु भरतपुरमा राजधानी सारेपछि त्यहाँ अन्तर्राष्ट्रिय विमानस्थल बनाउनुपर्ने हुन्छ र विमानहरूको चर्को आवाजले चितवन राष्ट्रिय निकुञ्जका जीव-जन्तुहरूलाई नकारात्मक असर पर्न जान्छ भन्ने समस्यामात्र देखाएर अन्य विकल्पबारे केही सोचिएको देखिएन । यसरी राजधानी सार्ने कुरा बिस्तारै सेलाउँदै गयो ।

इजिप्टको सरकारले केही समयअघिमात्र आफ्नो राजधानी कायरोबाट ५० किलोमिटर पूर्व सार्न लागिएको कुराको घोषणा गरेको छ । यसरी राजधानी सार्नुपर्ने मुख्य कारण नै कायरोको व्यस्त जनजीवन र सधैँजसो हुने ट्राफिक जाम नै हो । नयाँ राजधानी बन्ने ठाउँ ७०० वर्गकिलोमिटरमा फैलिनेछ । राजधानी सरेपछि धेरै कार्यालय नयाँ ठाउँमा सर्ने भएकाले कायरोको जनसङ्ख्या पनि केही हदसम्म कम हुने र ट्राफिक प्रणालीमा पनि केही सुधार आउने आशा गरेका छन् त्यहाँका अधिकारीहरूले । कायरो पनि निकै पुरानो शहर हो, र यो व्यवस्थित हुनसक्यो भने त्यहाँ आउने पर्यटकको सङ्ख्या निकै बढाउन सकिन्छ । कायरोको जनसङ्ख्या हाल २ करोड छ भने यो सङ्ख्या अर्को ४० वर्षमा दोब्बर हुने अनुमान छ । नयाँ राजधानी बनाउन लाग्ने

१२ अर्ब डलरमध्ये २५ प्रतिशत विभिन्न अरब कम्पनीले लगानी गर्ने मनसाय प्रकट गरिसकेका छन् । नयाँ ठाउँबाट भविष्यमा हुनसक्ने फाइदाका बारेमा लगानीकर्ताहरूले लेखाजोखा गरिरहेका हुन्छन् ।

पाकिस्तानको राजधानी पनि आजभन्दा ५० वर्षपहिले सन् १९६७ मा कराचीबाट १४ सय किलोमिटर उत्तरमा रावलपिण्डीनजिकै इस्लामाबाद नामक नयाँ शहर बसालेर सारिएको हो । सन् १९४७ मा पाकिस्तानको जन्म भएदेखि १९६० सम्म यसको राजधानी कराचीलाई बनाइएको थियो भने त्यसपछिका ७ वर्ष रावलपिण्डीलाई अन्तरिम राजधानीको रूपमा उपयोग गरियो किनकि रावलपिण्डी नयाँ बन्दै गरेको राजधानी शहर इस्लामाबादको निकैनजिक थियो र यसको निर्माणको निरीक्षण र बनिसकेका कार्यालयहरू सार्नसमेत सजिलो थियो रावलपिण्डीबाट । आज आएर इस्लामाबाद र रावलपिण्डी करिब-करिब एउटै शहरजस्तो बिस्तारै जोडिइँदै गएका छन् । राजधानीको विमानस्थल पनि रावलपिण्डीमा नै छ । इस्लामाबाद विश्वमा नै एउटा व्यवस्थित, सुन्दर र हराभरा राजधानी शहरमा गनिएको छ । यो शहरको विस्तृत योजना तथा नक्शाङ्कन प्रख्यात ग्रीक वास्तुविद् कन्स्टेनटिनोज अपोस्टोलु डक्सीयाडिसले गरेका थिए ।

बर्मा यानि म्यानमारको राजधानी पनि याङ्गुनबाट सन् २००५ देखि ३६८ किलोमिटर उत्तरमा नेइपिटाउ नामक नयाँ शहर बसालेर सऱ्यो । यो शहरले ठूलो क्षेत्रफल ओगटेको छ र यसमा एउटा राजधानीलाई चाहिने सबै प्रकारका सुविधा प्रदान गर्ने योजना बनाइएको छ । सुरुमा त्यहाँको सैनिक सरकारले नयाँ राजधानी बनाउने काम जे कारणले अगाडि बढाएको भए तापनि आजको प्रजातान्त्रिक र खुला म्यानमारमा विदेशी लगानी पनि तीव्र गतिमा भित्रिइरहेको र विकास कार्यहरूले गति लिएको परिप्रेक्ष्यमा नयाँ र व्यवस्थित राजधानीबाट कार्य गर्न पाउनु म्यानमारको संसद् र सरकार दुवैका लागि अति राम्रो कुरा भएको छ ।

इजिप्ट तथा अन्य ठाउँका नयाँ शहरहरूमा आउन सक्नेजस्तै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीहरू नेपालले पनि आकर्षित गर्नसक्छ यदि राजधानी अन्यत्र सार्ने हो भने । विमानस्थल, अस्पताल, शपिङ्ग मल, होटल, रेस्टुरेन्ट, सिनेमाघर तथा मनोरञ्जनका अन्य स्थल, रंगशाला तथा सार्वजनिक यातायात, आदि इत्यादिमा लगानी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा आउने सम्भावना निकै छन् आजकल, मात्र मुलुकमा शान्ति

र स्थायित्व चाहिन्छ । हामीले म्यानमार वा इजिप्टले गरेझैँ नयाँ ठाउँमा पूरै नयाँ संरचना पनि बनाउनुपर्दैन, अहिले भएकै हेटौँडा, भरतपुर वा अन्य कुनै शहरलाई नै स्तरोन्नति गरेर राजधानी ५ वर्षभित्रै सार्न सकिन्छ । भरतपुर पानी, भू-बनोट, पर्याप्त जमिन र सबैतिरबाट सजिलोसँग पुग्न सकिने ठाउँ पनि भएकोले यो क्षेत्र नै सबैभन्दा उपयुक्त ठाउँ मानेका थिए डा. हर्क गुरूङले । यो क्षेत्र वन्यजन्तुहरूको आरक्ष भएको स्थल भए पनि निजगढतिरै विमानस्थल बनाएर अहिलेको हेटौँडा-नारायणघाट सडकलाई नै स्तरोन्नति गरेर द्रुतमार्गमा रूपान्तरण गर्न पनि सकिन्छ । हेटौँडा र भरतपुरको दूरी धेरै नभएकोले कैयन् सेवा र सुविधाको व्यवस्था यी दुवै शहरमा भाग लगाएर गर्न पनि सकिन्छ ।

अर्को विकल्प हेटौँडा आफैँ पनि हुन सक्छ । हेटौँडाको पनि चारैतिर जग्गाजमिनको कमी छैन भने निजगढ विमानस्थल र विदेशसँग व्यापार हुने सबैभन्दा ठूलो र महत्त्वपूर्ण शहर वीरगञ्ज पनि यहाँबाट निकैनजिक पर्न जान्छ । त्यस्तै काठमाडौं जाने द्रुतमार्ग पनि यहीँबाट सुरु हुने भएकोले यो शहर मुलुकको सबैभन्दा ठूलो शहर काठमाडौं उपत्यकाबाट पनि नजिक छ । यो ठाउँ वास्तवमा नै सबै दृष्टिले उपयुक्त छ । पूर्व-पश्चिम राजमार्ग र छिटै बन्ने पूर्व-पश्चिम रेलमार्ग पनि यी शहरहरूलाई छोएर नै जाने भएकाले पनि यी शहरहरूको महत्त्व र भविष्य उज्ज्वल छ । मुलुकको प्रशासनिक र आर्थिक व्यवस्थापनका लागि हेटौँडा वा भरतपुर राजधानी बन्नका निम्ति सबै हिसाबले पायक पर्ने ठाउँ हुन् । अलिक टाढा नभएको भए त दाङ उपत्यका पनि राजधानी वा ठूलो शहरको निम्ति उपयुक्त स्थान हो । राजधानी हेटौंडामा सारेर बरु प्रदेश राजधानी हालको काठमाडौंको सिंहदरबारमा अवस्थित भवनहरूमा सार्दा पनि बेसै होला नि !

भर्खरै केही वर्षअघि गएको महाभूकम्पको कारण काठमाडौंका खासगरी पुराना दरवारहरूमा राखिएका धेरै सरकारी कार्यालय, राष्ट्रपतिको कार्यालय र निवास, सर्वोच्च अदालत, सिंहदरवार, संसद्को पुरानो भवन, राष्ट्र बैंक, सेनाको मुख्यालय, प्रहरी मुख्यालय, अस्पताल, संग्रहालय, पुस्तकालय, बालमन्दिर तथा कैयन् भवन कामै नलाग्ने गरेर भत्किएका वा चर्किएका र कैयन् यस्ता कार्यालय अझै पनि त्रिपालबाट नै सञ्चालन भइरहेका बेला यी सबै भवन फेरि काठमाडौंमा नै बनाउनुभन्दा त हेटौंडा वा भरतपुर, वा अन्य पायक पर्ने ठाउँमा राजधानीलाई बिस्तारै सार्दै जान पाए निकै राम्रो हुने थियो सुदूरभविष्यसम्मका लागि । ऐतिहासिक महत्त्व बोकेका

काठमाडौंका सुन्दर दरवारहरू जस्तै सिंहदरवारको मूलभवन, ग्यालरी बैठक, राष्ट्र बैंकका भवनहरू, शितल निवास, आदिलाई रिट्रोफिटको माध्यमबाट जस्ताको तस्तै बनाएर यिनको कलाकौशलको अवलोकनमात्र गर्ने गरी किन सम्वर्द्धन नगर्ने !

माइतीघरबाट अलिकपूर्वतिर अवस्थित बबरमहललाई पनि भूकम्पले नराम्ररी क्षति गर्‍यो तर यो दरवार कलाकारिताको दृष्टिले त्यति राम्रो नभएकाले, यस्ता दरवारहरूलाई भत्काएर सो ठाउँमा यी दरवारबाट निस्कने इँट, काठपात तथा अन्य सामग्री नै प्रयोग गरेर पुरानै ढाँचाका साना नमुना दरवारहरू बनाई यस्ता कुनै स्थानमा पार्क तथा वृद्धहरूले विश्राम तथा भेटघाट गर्ने सुविधा सम्पन्न स्थान त कतै पार्क र खुला रंगमञ्चहरूको विकास गरेर नेपाली संस्कृति झल्कने कार्यक्रमहरू देखाउन कलाकारहरूलाई हौस्याउने काम गर्न सकिन्छ । भनाइको मतलब घर भत्काएर अर्को घर बनाइहाल्ने होइन बरु सो घरको सम्झना पनि सधैँ रहिरहने गरेर खुला, हराभरा तथा सांस्कृतिक पहिचान दिने ठाउँहरूको विकास गर्दै जाने । डिल्लीबजारको चारखाल अड्डा, जुन एउटा इतिहास बोकेको भवन हो, यसलाई पनि भत्काएर पार्क बनाउने र बीच भागमा सानो नमुना चारखाल अड्डा बनाएर यसको इतिहास पनि जोगाउने । यस्ता धेरै ठाउँ छन् जहाँ हामी यस्ता किसिमका पुनर्निर्माण गरेर इतिहास जोगाउनुका साथै खुला सार्वजनिक ठाउँहरूको पनि विकास गरेर एउटा सुन्दर काठमाडौं बनाउन सक्छौँ ।

काठमाडौंबाट राजधानी अन्यत्र सारेर यो एउटा सम्पदा शहरको रूपमा विकास हुँदै गएको कल्पना गर्दा पनि कति आनन्द आउँछ । शहरभित्र पर्यटकलाई घुमाउने खुला बस, मोनो रेल, केबलकार र विद्युतीय वाहनहरू ठाउँ-ठाउँमा चलिरहेका, साइकलवालाहरू आफ्नो लेनमा साइकल चलाएर आनन्द लिइरहेका, सबै मठ-मन्दिर, पाटी-पौवा, दरवार, बगैँचा, पोखरी, घाट, नदी, धारा र पार्कको विकास र जीर्णोद्धार भएको, बागमतीमा ठाउँ-ठाउँमा बाँध बनाएर पानी जमाई नौका विहार गरिरहेको, हरियाली र खुला ठाउँहरू निकै थपिएको, विभिन्न चाडपर्वमा प्रस्तुत गरिने नाचगान र भेषभूषाको प्रदर्शन भइरहेको र यथेष्ट होटल र रेस्टुरेन्टहरू खुलेर ग्राहकलाई सेवा पस्किरहेका - यो एक कल्पना हो, आँटे योजना पनि हो ।

सिंहदरवारको पश्चिम-उत्तरमा अवस्थित खाली जग्गामा पुराना गाडी, दमकल, साइकल, मोटरसाइकल, ट्रलीबस, हिप्पी जमानाका बसहरू, राजा-महाराजाले

चढेका गाडीहरू र यस्तै सवारीका साधन अनि यिनीहरू काठमाडौं कसरी ल्याइए, त्यतिबेलाका सडकहरू कस्ता थिएजस्ता ऐतिहासिक तथ्यहरू झल्कने गरी संग्रहालय बनाइए स्वदेशी-विदेशी सबै अवलोकनकर्तालाई कति रोमाञ्चक हुने थियो । हनुमान ढोकामा अवस्थित प्रहरी कार्यालय बसेको भवन पनि भूकम्पले नराम्ररी चर्किएको छ । यसलाई पनि भत्काएर इँट्टाढुंगा छापी त्यहाँ खुला ठाउँ नै बनाएर राख्न मिल्दैन र ?

त्यस्तै नारायणहिटी संग्रहालय परिसरमा पुराना राजा-महाराजाका पहिरन लगाएर बग्गी र घोडा चढी पुरानो समयमा फर्केको अनुभव गर्न पाउने आफ्नै तरिकाको फन पार्कको विकास, जहाँ राजा-रानीले लगाउने विभिन्न अवसरका कपडा लगाएर एकदिनका निम्ति राजा-रानी बन्ने तथा त्यस्तै सेवासत्कार पाउनेसमेत बन्दोबस्त भए कस्तो होला ! टुँडीखेलभित्र कैद गरी राखिएका राणा प्रधानमन्त्री तथा आन्दोलनताका भत्काएर बेवारिसे बनाइएका राजाहरूका सालिक नारायणहिटी संग्रहालय परिसरभित्रै एउटा सालिक पार्क बनाएर यिनको विवरणसहित शिलामा लेखेर राख्न पाए नेपाली कलाकारिताको कदर पछिसम्म पनि भइरहन्थ्यो कि !

नारायणहिटी राजदरवारका केही भाग, गोकर्ण र नागार्जुनका दरवार, भरतपुरको दियालो बंगला, पोखराको रत्न मन्दिर तथा हेटौँडा र अन्य ठाउँमा रहेका राजदरवारहरूलाई महँगा विलासी होटलहरूमा रूपान्तरण गरेर विश्वका अति धनाढ्यहरूलाई राजर्षि शौक पूरा गर्ने स्थलका रूपमा उपयोग गरी नयाँ किसिमले पर्यटनको विकास गर्न पनि सकिन्छ ।

त्यस्तै रानीपोखरीवरिपरिका सबै कुरूप भवन भत्काएर विश्वज्योति सिनेमा हलअगाडि अवस्थित कानुन कार्यालय बसेको पुरानो सेतोघरमात्र बाँकी राखेर बृहत् रानीपोखरी पार्क तथा सम्पदास्थल बनाउन सके कति राम्रो हुन्थ्यो होला ! त्रिचन्द्र कलेजको पुरानो भवन, घण्टाघर परिसर र दरवार हाईस्कुल भवनहरूलाईचाहिँ जीर्णोद्धार गरेर शैक्षिक संग्रहालय र परम्परागत बाजा संग्रहालयमा परिणत गरी सँगैको ब्याडमिन्टन कोर्टको हललाई त्यस्ता लोक धुनहरू श्रवण गर्ने ठाउँ बनाउन पाए निकै राम्रो हुने थियो ।

यसैगरी केशर महलको पनि पुनर्निर्माण गरेर हालको गार्डेन अफ ड्रिमको विस्तार गरी केशरशमशेरले बनाउन लगाएको बगैँचा र उनले नै संग्रह गरेका पुस्तकहरूसहितको पुस्तकालयलाई पुनर्जीवन दिएर सो भवनको उपयोग पुराना चित्रकला र सोसँग

सम्बन्धित सामग्रीहरूको संग्रहित थलोका रूपमा पनि गर्न सके सुनमा सुगन्ध थपिएजस्तै हुने थियो ।

यस्ता धेरै-धेरै नयाँ योजना बनाएर काठमाडौंलाई एउटा सुन्दर शहरको रूपमा विकास गर्न कुनै मुस्किल छैन । धार्मिक, ऐतिहासिक र प्राकृतिक, तथा शैक्षिक र स्वस्थ पर्यटन केन्द्रका रूपमा काठमाडौं उपत्यका तथा वरिपरिका क्षेत्रलाई विकास गर्न सके नेपालमा पर्यटक आगमन सङ्ख्यामा निकै वृद्धि गर्न सकिन्छ । मुलुकको राजधानी यो शहरबाट अन्यत्र सार्न सकेको खण्डमा काठमाडौंमा बन्द र हडतालसमेत नहुने सम्भावना बढी भएकोले पर्यटन व्यवसाय पनि निकै हदसम्म स्थिर र दिगो हुने थियो ।

राजधानी अन्यत्र सार्न सके काठमाडौंमा तीब्रताका साथ प्रत्येक साल थपिँदै ठडिने गरेका कंक्रिट जङ्गलरूपी घरहरू बन्नेक्रम पनि केही हदसम्म थामिन्थ्यो होला ! नेपालको प्रशासनिक राजधानी नभई यो शहर पर्यटकीय राजधानीको रूपमा विकास गर्न पाए साँच्चै नै भानुभक्तले बयान गरेजस्तै "अलकापुरी, कान्तिपुरी नगरी" नै हुने थियो काठमाडौं । त्यसपछिमात्र यो वास्तवमा नै विश्व सम्पदा शहरको रूपमा चिनिने थियो ।

हामी एकपल्ट फेरि नयाँ राजधानीको कल्पना गरौँ एकछिन, जहाँ जनताका प्रतिनिधि, नीतिनिर्माता, सरकारी तथा निजी सेवाप्रदायक तथा कानुन लागू गर्ने सरकारी निकाय, कर्मचारीहरू सबैले व्यवस्थित तवरले योजना बनाउन सक्छन्, कार्य सम्पादन गर्न सक्छन् र जनताको बृहत्तर हितका लागि विभिन्न असल कदम चाल्न सक्छन् । मुलुकको प्रशासनिक कार्य गर्ने मन्त्रालय तथा सचिवालयहरू सबै शहरको एकै क्षेत्रमा निर्माण गरेर काम गर्न सहज वातावरणको सिर्जना गर्न सकिन्छ । यसरी सरकारी कामकाजका लागि एउटा क्षेत्र, कूटनीतिक नियोगहरूका लागि अर्को क्षेत्र, खेलकुद, मनोरञ्जन, व्यापार, स्वास्थ्य, शिक्षा, किनमेल आदिका लागि बेग्ला-बेग्लै ठाउँहरू विकास गरेर व्यवस्थित राजधानी बनाउन सकिन्छ । अन्य धेरै मुलुकमा पनि यस्तै किसिमको व्यवस्था गरिएको हुन्छ ।

तर प्रश्न एउटैमात्र उठ्छ "के हामीले सोचेको जस्तो लोक कल्याणकारी राजधानी हामीले बनाउन सकौँला ? कि अर्को महा-प्रकोप नआउञ्ज्यालसम्मका लागि हामीले राम्रा योजनाहरू सोच्न हाललाई बिर्सिसक्यौँ ? यस्ता धेरै विषयहरूमा चरणबद्धरूपमा पटक-पटक गम्भीर बहसहरू हुनु अति नै जरूरी छ ।

# डा. हर्कबहादुर गुरूङको सम्झनामा

सन् २००६ को घटस्थापनाको एकदिनअघिको उडानबाट म केही दिनको बिदामा पूर्वाञ्चलबाट काठमाडौं आएँ । त्यस बखत म हिमालयन बैंक लिमिटेडको धरान शाखाको प्रबन्धक थिएँ । एकाध महिनामा एकपटक काठमाडौंमा परिवारसँग भेटघाटका लागि आउँदा मन निकै प्रसन्न हुन्थ्यो । दशैंको पूजाको सुरुआत पनि हुने र टोलमा एउटा मन्दिर बनाएर टोलवासीहरूले सो मन्दिरको उद्घाटन र विशेष पूजाको लागि निम्तो दिएकाले पनि म घर फर्केको थिएँ । सन् १९९६ मा आमाको स्वर्गारोहण भएको एक वर्षपछि मैले घरमा दशैंमा नवदुर्गाको पूजा र जमरा राख्ने काम सुरु गरेको हुँ । हुन त म त्यति आस्तिक पनि होइन, तैपनि आफ्नो परम्परा र संस्कृतिसमेत जोगियोस् भनेर मैले यो काम सुरु गरेको हुँ । मेरा बुवा, बाजे, बराजु तथा उहाँहरूभन्दा अघिका पितृहरू सबै पढेलेखेका विद्वान् र त्यसबेलाका दरवारनिकटका अथवा अर्को अर्थमा भन्नुपर्दा आफ्नो समयका प्रभावशाली व्यक्तिहरू नै हुनुहुन्थ्यो । विगत ५० वर्षमा मुलुक, विश्व तथा सम्पूर्ण समाजले एक प्रकारको फड्को नै मारेको छ । विगत १०० वर्षमा विज्ञानको द्रुत गतिमा विकास र ५० वर्षमा कम्प्युटर र सूचना प्रविधिको विकासले गर्दा विश्व नै एउटा सानो गाउँजस्तो हुनपुग्यो र समाजमा सबै प्रकारको रहन-सहन मिसिँदै गयो भने आफ्ना परम्परागत मूल्य र मान्यताहरू ओझेलमा पर्दै गए । हाम्रो धर्म, संस्कृति, पूरातन मूल्य र मान्यता पनि बिस्तारै हराउँदै गएका छन् । हामी केटाकेटी छँदा चाडपर्वहरूमा जति रमाइलो हुन्थ्यो, त्यो अब बिस्तारै कम वा परिमार्जित हुँदै गएको छ । दशैंको लामो बिदाको सदुपयोग धेरै परिवारले घुमफिर गरेर गर्न थालेका छन् । वर्षको एकपटक सबै नातेदारहरूसँग टीका लगाउने बहानामा भेटघाट गर्ने परम्परा घट्दै गएको छ भने नयाँ पिँढीले आफ्ना नजिकका

ईष्टमित्रहरूसमेत नचिन्ने भइसकेका छन् । अन्तरजातीय विवाहले विभिन्न संस्कार र संस्कृतिहरूलाई जोड्दै लगेको छ । मेरो पनि ३१ वर्षपहिले अन्तरजातीय विवाह भएको हो । म एक ब्राह्मण परिवारमा जन्मिएको मान्छे हुँ भने उनी मगर बाबु र गुरुङ आमाको कोखबाट जन्मिएकी हुन् । मेरा बाजे दीपकेश्वर शर्मा लोहनी निकै कट्टर तथा सुशिक्षित ब्राह्मण हुनुहुन्थ्यो रे, तर मेरा बुवा गोविन्दप्रसाद लोहनी भने युवा अवस्थामा काङ्ग्रेस पार्टी स्थापनामा संलग्न तथा पछि कम्युनिस्ट विचारधाराबाट प्रभावित, विविध दर्शनका ज्ञाता तथा विदेशका धेरै मुलुकहरूको भ्रमण गरिसकेकोले होला मैले देखेदेखि नै आधुनिक, नरमपन्थी र धार्मिक हिसाबले नास्तिकभन्दा पनि फरक नपर्ने प्रकारको हुनुहुन्छ, तर सांस्कृतिक धरोहर तथा रीतिथितिको वर्णन गर्नुपर्ने र नयाँ पीढीँले पनि नयाँ किसिमले भए पनि आफ्नो संस्कृति जोगाउनुपर्ने कुरामा विश्वास राख्नुहुन्छ । चीनजस्तो कम्युनिस्ट राष्ट्रले पनि आफ्ना पुराना संस्कार र इतिहासको खोज, अन्वेषण र जगेर्ना गर्ने उपायहरू अवलम्बन गरेको छ । यिनै कुराहरूले गर्दा मेरा सन्ततिहरूले पनि आफ्नो परम्परा, धर्म, संस्कृतिलाई वरण गरेर हुनसक्नेसम्मका व्यवहारिक कुराहरूको संरक्षण र सम्वर्द्धन गरून् भनेर दशैं, तिहार तथा अन्य प्रमुख चाडपर्वहरूमा आफूले सकेसम्मको पूजाआजा तथा सोसँग सम्बन्धित रमाइलो गर्ने गरेको छु । यसै सिलसिलामा म घटस्थापनाको दिनदेखि नवमीसम्मको नवरात्रिको पूजाका लागि घडास्थापना गर्न र जमरा रोप्न आएको थिएँ । त्यसपछिका नौ दिनसम्म प्रत्येक बिहान सबेरै पूजाआजा गर्ने र नवौं दिन कुभिन्डोको बलि दिएर पूजा विसर्जन गर्ने परम्परा बसाएको थिएँ । पशुबलि मानव जातिको एक क्रूर संस्कार भएकोले मेरो घरमा यो वर्जित छ ।

सन् २००६ को दशैंको पहिलो दिन बिहान सबेरै उठेर चारै बजे पुरोहितबाजेसँग बसेर म र मेरी पत्नीले नवरात्रिको पूजा सुरु गर्‍यौं । घडास्थापना गरियो, जमराको लागि बीउ-विजन रोपियो र पूजापाठ गरियो । सेप्टेम्बर २३ तारिखमा असोज महिना भएर पनि बिहान निकै पानी पर्‍यो । पूजापाठ सकेर चियापश्चात् म र बुवा टोलको मन्दिर उद्घाटन समारोहमा सँगै गयौं । टोलवासीहरू दशैंको शुभकामना आदानप्रदान पनि गर्दै थिए । हामीले पनि सो मन्दिर निर्माणका लागि सानो रकम निर्माण समितिलाई प्रदान गरेका थियौं । सोही समारोहमा बस्दाबस्दै कसैले खबर ल्यायो कि आज बिहान ताप्लेजुङबाट डा. हर्क गुरुङसहित करिब डेढ दर्जन स्वदेशी तथा विदेशी भूगोलविद्हरू चढेको हेलिकप्टरको नागरिक उड्डयनको कन्ट्रोल टावरबाट सम्पर्क विच्छेद भयो र सो

हेलिकप्टरको अवस्थाबारे केही थाहा हुन नसकेको तथा मोबाइल फोन बोकेका कसैसँग पनि सम्पर्क हुन नसकेको दुःखद समाचार पनि सुन्नमा आयो । बुवा र म निकै गम्भीर हुनपुग्यौँ भने त्यहाँ उपस्थित र अन्य धेरै व्यक्तिहरूलाई आज र केही दिनका लागि 'सन्सनिखेज' खबरको खुराकी मिल्यो । हवाई यातायातका साधन सम्पर्कविहीन हुनु भनेको ९९ प्रतिशत दुर्घटना हुनु नै हो । एक प्रतिशतमात्र सञ्चार उपकरणको गडबडीले गर्दा सम्पर्कविहीन हुन सम्भव होला !

यो समाचारको सायद दुई दिनपछि होला सो हेलिकप्टर ताप्लेजुङको घुन्सा भन्ने ठाउँमा दुर्घटनाग्रस्त अवस्थामा फेला परेको र त्यसमा सवार सबै यात्रुहरूको मृत्यु भएको खबर प्राप्त भयो ।

यी दुई दिनमा मेरा पिताजीले डा. हर्क गुरूङसँग बिताएका पलहरूबारे धेरै कुराहरू हामीलाई सुनाउनुभयो, मैले पनि बाल्यकालदेखि देखेका-सुनेका कुराहरू एकपटक सबै सम्झने प्रयत्न गरेँ । डा. गुरूङ हाम्रो परिवारका अभिन्न मित्र भएकाले हामी सबैलाई निकै ठूलो आघात परेको थियो । उनी एक वरिष्ठ भूगोलविद्का साथसाथै विकासविद्, योजनाविद्, संस्कृतिविद् र एक अति अध्ययनशील विद्वान् थिए ।

सन् १९३९ मा लम्जुङको एउटा गाउँमा जन्मिएका गुरूङको परिवार साधारण किसानी पेशामा संलग्न थियो । उनका बुवा प्रथम विश्वयुद्धमा यूरोप र मध्यपूर्वमा खटिएर लडाइँ लडेका सफल योद्धा थिए । उनका दाजुहरूले समेत दोस्रो विश्वयुद्धमा बर्मा तथा वोर्नियोको घनाजङ्गलमा लडाइँ लडिसकेका थिए । बाल्यकाल गाउँमा खेलेर नै बिताएका गुरूङले ढिलै भए पनि पढ्ने अवसर पाए फलस्वरूप भारतको देहरादून, जालन्धर र नोयडाजस्ता ठाउँमा स्कुलको पढाइ सकेर उनले काठमाडौंको त्रिचन्द्र कलेजबाट आई.ए. मा सर्वश्रेष्ठ हुने मौका पाए । तत्पश्चात् सन् १९५९ मा पटना विश्वविद्यालयबाट भूगोलमा प्रथम श्रेणीमा स्नातक अनर्स गरी बेलायतको एडिन्वरा विश्वविद्यालयबाट उनले सन् १९६५ मा भूगोलशास्त्रमा विद्यावारिधि गरेर उतै अध्यापनमा व्यस्त हुन थाले ।

एक दिन हाम्रो घरमा रात्रिको खाना खाने कार्यक्रममा आउँदा उनले हामी दाजुभाइसँग ठट्टा गर्दै भनेका थिए "हेर बाबु हो मैले ढिलै भए पनि निकै मेहनत गरेर यतिसम्म पढेछु । हुन त विकसित मुलुकमा गएर डक्टरेट गर्नु भनेको थोरै पढाइ त पक्कै होइन,

तर आफूलाई समयसापेक्ष राख्न जिन्दगीभर निरन्तर अध्ययन गरी नै राख्नुपर्छ ।" हुन पनि हामीहरूमध्ये कतिले विश्वविद्यालयस्तरको डिग्री प्राप्त गरेपछि अब पढ्ने काम सकियो भनेर दंग पर्छौँ । तर हामी यो कुरा बिर्सन्छौँ कि यो औपचारिक शिक्षा हासिल गरेको जागिर खानमात्र नभई सो विषयका गहन शोधकार्य तथा उच्च विचारधाराहरू ग्रहण गर्ने क्षमता अभिवृद्धि गर्नसमेत हो । औपचारिक शिक्षाविना यस्ता गहन अध्ययन तथा तिनलाई राम्ररी बुझेर ग्रहण नै गर्न सकिँदैन । अनि सो गर्न नसके आफ्नो दिमागका नयाँ सोचहरू पनि प्रतिपादन गर्न सकिँदैन । कुराकै सिलसिलामा डा. गुरूङले भनेका थिए कि यदि पढ्न नसकेका भए उनी त्यतिबेला आफ्नो गाउँमा भैँसी चराएर बसिरहेका हुन्थे होलान्, रे ! वा, सम्भावना यो पनि थियो कि उनी ब्रिटिश, भारतीय वा नेपाली सेनामा भर्ती हुन सक्थे । अध्ययनकै कारण उनी आफूजस्तै गाउँले तथा आमजनताको जीवनस्तर कसरी उकास्न सकिन्छ भनेर जीवनभर खोजमा नै लागे ।

देश-विदेश, कुना-कन्दरा, उकाली-ओराली घुमी-घुमी प्रकृतिको आनन्द लिनुपर्ने तथा प्रकृति संरक्षण कसरी गर्न सकिन्छ भनेर सोच राखिरहने उनको शिक्षा र कार्यनीति पनि भूगोल र समाजमा नै केन्द्रित भयो । उनले नेपालमा नघुमेको ठाउँ बिरलै होला र नेपालका जातजातिबारे अध्ययन गर्ने व्यक्तिमा पनि उनी निकै थोरै विद्वान्‌हरूमध्येमा पर्दथे । विकासका बारेमा जति शास्त्र र पुस्तकहरूको अध्ययन गरे पनि मुलुकको भौगोलिक बनौट र त्यहाँ बस्ने मानिसहरूका बारेमा सूक्ष्म ज्ञान नभएसम्म विकासको खाका कोर्न, योजना बनाउन र सही बाटो अवलम्बन गर्न सकिँदैन र सकिए पनि त्यो गलत साबित हुने सम्भावना निकै प्रबल हुन्छ । आज डा. गुरूङ हाम्रासामु छैनन् । उनी जीवितै भएका भए आज बहुचर्चित सङ्घीयता, मुलुकको पुनः संरचनाको कुरा, आउने दिनहरूमा मुलुकलाई छिटोभन्दा छिटो लग्नुपर्ने बाटोका बारेमा गहन वहस भइरहेको बेलामा उनको अनुभव र तर्कबाट मुलुकले निकै नै धेरै फाइदा लिन सक्थ्यो होला ! उनको असामयिक निधन हाम्रा लागि विडम्बना नै सावित भएको छ ।

डा. हर्क गुरूङ सानैदेखि चित्रकलाका सौखिन थिए । उनले धैरैजनाको अनुहार सिसाकलमले कागजमा दुरूस्त बनाएको कुरा उनकै मुखबाट सुन्ने मौका पाएको थिएँ धेरै वर्षपहिले । पिताजीसँग म धेरैपटक उनको महाराजगञ्जस्थित घरमा गएको छुँ । उनको अध्ययन कक्षमा किताबहरू र दस्तावेजहरूको थुप्रो नै लागेको हुन्थ्यो

र हामी जहिले जाँदा पनि उनी तिनै किताब र कागजहरूको बीचमा रहेको उनको अध्ययन टेबलमा किताब राखेर, पावरवाला चश्मा लगाएर घोत्लिइरहेका हुन्थे, मानौँ कि यिनको जन्म अध्ययन गर्नकै निम्तिमात्र भएको हो । बेलुकीको समय भए त्यहीँ कुनामा राखेको रमको बोतलबाट दुईओटा ग्लासमा रम खन्याएर पिताजी र उनी पिउन बस्थे । उनी रम निकै मन पराउँथे ।

राजा वीरेन्द्र र सरदार यदुनाथ खनालका चित्र पनि डा. हर्क गुरूङले कोरेका थिए । बालकृष्ण समजस्ता कलाकारले पनि डा. गुरूङको चित्रकारिताको कदर स्वरूप उनलाई यो विधाबारे धेरै कुरा सिकाएका थिए अरे ! डा. गुरूङले राजा महेन्द्रको राज्याभिषेकमा प्रकाशित भएका हुलाक टिकटहरूमा डाँफे र मुनाल बनाएका रहेछन् । खासगरी उनी चराहरूकै चित्र बनाउन रूचाउँथे, रे !

डा. गुरूङकै बारेमा सोच्दा–सोच्दै मलाई करिब २०३२/३३ सालतिर आयोजित प्रधानमन्त्री एघार र राष्ट्रिय पञ्चायत अध्यक्ष एघारबीचको फुटबल खेलको याद आयो । मैले हेरेका यस्ता खेलहरूमध्ये एउटा पोखरामा र एउटा काठमाडौंमा आयोजना गरिएका थिए । दशरथ रंगशालामा भएको खेलमा राजा वीरेन्द्र स्वयम् खेल अवलोकन गर्न आएका थिए र निकै रूचि र हाँसोसहित खेल हेरेका थिए । मन्त्रीहरूका तर्फबाट संवैधानिक अंगका प्रमुखहरूले पनि खेलेका थिए । डा. गुरूङ पनि त्यतिबेला योजना आयोगमा भएकाले उनीलगायत मेरा पिताजीले पनि प्रधानमन्त्री एघारबाट खेल्नुभएको थियो । तर राष्ट्रिय पञ्चायत अध्यक्ष एघारमा कम उमेरका हट्टाकट्टा नौजवानहरू धेरै भएको र प्रधानमन्त्री एघारमा अधबैंसे, बूढा र मोटा मान्छेहरूको बाहुल्य भएकोले गुरूङजस्ता कुशल खेलाडी हुँदा पनि यो समूहले लज्जास्पद हार व्यहोर्नुपर्‍यो । वरिष्ठ अधिवक्ता तथा केही दिन पर्यटन मन्त्री पनि भएका कृष्णप्रसाद पन्त त चरम मोटापाका कारण सात मिनेट पनि खेल मैदानमा टिक्न सकेनन् र सबैको आकर्षणको केन्द्रविन्दु र हाँसोका पात्र नै भएका थिए । यो खेललगायत पोखराको खेलमा पनि डा. गुरूङले निकै राम्रो खेल प्रदर्शन गरे र केही गोलसमेत गरे ।

त्यो दिन बेलुकी पिताजीसँग डा. गुरूङकै बारे अन्य कुरा भयो, खासगरी उनी योजना आयोगमा छँदाका रोचक घटनाहरू । डा. हर्क गुरूङ सन् १९६८ देखि १९७५ सम्म योजना आयोगको सदस्य र पछि उपाध्यक्ष भए । मेरा पिताजी सन् १९७१ देखि १९७९ सम्म योजना आयोगमा सदस्य हुनुहुन्थो । डा. गुरूङ उपाध्यक्ष छँदा

सदस्यमा मेरा पिताजी, डा. बद्रीप्रसाद श्रेष्ठ, डा. मोहनमान सैंजु र डा. रत्नशमशेर राणा थिए । योजना आयोगको यो समयको जस्तो राम्रो टीम तथा योजना पछिल्लो समयमा निकै कम देख्न पाइयो । आजका दिनमा आएर त योजना आयोग पनि पार्टीहरूको तथाकथित बुद्धिजीवी भर्ती गर्ने केन्द्र भइसकेको छ । विकास क्षेत्रको अवधारणा, कृषि, स्वास्थ्य, शिक्षा र यातायातको सुरुआती अवधारणाहरू र राजा वीरेन्द्रको विकास निर्माणमा देखिएको अपूर्व जोश र जाँगरले शिखर छोएको बेलाको योजना आयोग भएकोले यो अति नै गतिशील र शक्तिशाली पनि थियो । योजना आयोगद्वारा आयोजना हुने राष्ट्रिय विकास परिषद्को बैठक तथा राजाका त्यतिबेलाका विकास क्षेत्रका भ्रमणहरूले विकासका योजनाहरू बनाउन निकै मद्दत पुग्थे । खासगरी जनमत संग्रहपछि भने बिस्तारै राजाको यस्तो भ्रमणले राजनीतिक रूप लिन थाल्यो । राजा वीरेन्द्रमा पनि तत्पश्चात् विकास गर्ने हौसला कम हुदैं गएको देखियो । त्यतिबेलादेखि उनी बिस्तारै दरवारिया र आफ्नै रानी ऐश्वर्यको खेलामा परिसकेका थिए र करिब-करिब संवैधानिक राजाजस्तै शक्ति खोसिएका नाममात्रका राजा भइसकेका थिए । १९९० पछि उनको शक्ति जनताले पाएका थिए भने त्योभन्दा पहिले अर्थात् जनमत संग्रहपछि रानी र दरवारिया भारदारहरूले अप्रत्यक्ष रूपमा खोसेका थिए । १९९० पछि पनि यी दरवारिया शक्तिहरू नेपालको राजनीतिमा हावी भइ नै रहे । सर्सर्ति भन्नु पर्दा राजा वीरेन्द्रले राज्यारोहण (वि.सं. २०२८) गरेदेखि जनमत संग्रह (वि.सं. २०३६) तिरसम्म राष्ट्रको विकासका निम्ति निकै काम गरे ।

राजा वीरेन्द्र राजदरवारमा विभिन्न क्षेत्रका व्यक्तिहरूलाई रात्रिभोजमा बोलाएर उनीहरूसँग गफ तथा छलफल गर्न रुचाउँथे । आफू विकासप्रेमी भएकाले र तत्कालीन योजना आयोगमा राजा वीरेन्द्रसँग विकासका अवधारणाहरूमा ताल मिल्ने व्यक्तिहरू भएकाले उनी धेरैजसो डा. गुरुङ र उनका टीम सम्मिलित रात्रिभोजमा धेरै रमाइलो मान्थे । महिना-दुई महिनामा डा. गुरुङ र योजना आयोगका सदस्यहरूलाई बोलाएर शान्त रात्रिभोजको आयोजना गरिरहन्थे । डा. गुरुङ तथा त्यसताकाका योजना आयोगका सबै सदस्यहरू उनीसँग बसेर मदिरापान गर्दा गौरवान्वित महसुस गर्थे । राजा पनि खाऊँ-खाऊँ लाऊँ-लाऊँ उमेरका, अर्थात् त्यसबखत उनको उमेर तेस्रो दशकमा चलिरहेकाले खानपिन र रमाइलो गर्न उनी पनि निकै रुचाउँथे । कहिले राजाको आफू बस्ने बङ्गलामा त कहिले दरवारको बगैंचामा हुने त्यस्ता शान्त

रात्रिभोजमा राजा सबैको ग्लासमा सकेसम्म आफैं रक्सी हाल्न रूचाउँथे नत्र रानीलाई लगाउँथे । २०३६ साल अघिसम्म रानी ऐश्वर्य राजनीतिक क्रियाकलापबाट निकै टाढा रहने गरेको कुरा उनलाई नजिकबाट चिन्नेहरूले भन्ने गर्थे, रे ! त्यसैले उनी यस्ता रात्रिभोजहरूमा त्यतिबेला गृहिणीकै रूपमा प्रस्तुत हुन्थिन् रे र राजाको साथमा बसेर यस्ता जमघटको आनन्द पनि लिन्थिन् अरे ! पिताजीकै भनाइअनुसार राजा वीरेन्द्र र उनका परिवार दरबारमा निकै साधारण तरिकाले बस्थे रे ! साधारण कमिज र सुरुवाल वा पाइन्टमा हुन्थे रे वीरेन्द्र पनि ! खाना पनि हाम्रै घरमा खाने जस्ता नै हुन्थे रे ! राजा वीरेन्द्र आफूलाई मनपर्ने व्यक्तिहरूलाई अलिक धेरै मदिरा पिलाएर उनीहरूको त्यसपछिका निस्फिक्री कुराहरू र विभिन्न हरकतहरू हेरेर हाँस्न निकै रूचाउँथे रे ! यसमा पनि डा. गुरूङलाई अलिक धेरै पिलाएर उनी उनको विनाहिचकिचाहटको प्रष्ट कुरा सुनेर र अनेक घटनाहरूका रमाइला विवरण सुनेर मज्जा लिन निकै रमाउँथे रे ! डा. गुरूङ अलिक धेरै रक्सी पिएपछि धुम्रपान गर्दै निकै हाँसो उठ्ने कुराहरू सुनाउँथे रे ! कहिलेकाहीँ त घर जाने बेलामा राजा आफैँले अँगालो हालेर गाडीसम्म छोडेर आउँथे रे !

विद्वताका खानी डा. गुरूङलाई राजा वीरेन्द्र निकै सम्मानका साथ हेर्थे । जापानको टोकियो विश्वविद्यालय, बेलायतको ईटन कलेज र संयुक्त राज्य अमेरिकाको हार्भर्ड विश्वविद्यालयमा अध्ययन गरेकाले होला राजा वीरेन्द्रले दरवारमा पनि केही सचिव र पदाधिकारीहरू विश्वका विभिन्न विश्वविद्यालयबाट डिग्री लिएर आएका व्यक्तिहरूमध्येबाट छानेका थिए । तर ती अधिकांशमा विदेशको पढाइको भन्दा स्वदेशको पुर्खौंदेखि चल्दै आएको चाकडी, चुक्ली र चाप्लुसीको प्रभाव निकै थियो । त्यसैले यिनीहरू हाइब्रीड नोकरशाही अर्थात् उन्नत नश्लका नोकर–चाकरजस्ता मात्र थिए । राजा आउनेबित्तिकै पूरै झुकेर अभिनन्दन गर्ने, रानीलाई खुशी पार्न विभिन्न भाव–भङ्गीमामा प्रस्तुत हुने र जोक्करजस्तो भएर हँसाउने तथा सरकारका मन्त्री–सचिवहरूलाई अप्रत्यक्षरूपमा त्रासमा राखेर बडामहारानीको नाममा ठूलाठूला दाम मागेर अकूत सम्पत्ति जोड्न नै व्यस्त हुन्थे । उनीहरूलाई मन नपर्ने व्यक्तिहरूले राजाको "दर्शनभेट" पाउन निकै हम्मे पर्थ्यो । यी सचिवहरू राजाभन्दा पनि रानीतिर बढी बफादार थिए, किनकि राजा वीरेन्द्र शक्तिको हिसाबले लाचार छायाँमात्र थिए र उनलाई गुमराहमा राख्न रानी ऐश्वर्य अनेक प्रपञ्च रचिरहन्थिन् ।

अर्कोतिर डा. गुरूङ तथा उनीजस्तै केही बुद्धिजीवीहरू भने ठूलाठूला– विदेशी संस्थाहरू

जस्तै विश्व बैंक, आईएमएफ, एडीबी, यूएनडीपी, आदिबाट रोजगारीको अवसर आउँदा पनि देशको विकास गर्न आफ्नो यहाँ आवश्यकता भएको भनेर स्वदेशमै बस्न रूचाउँथे तथा चाकडी, चुक्ली र चाप्लुसीप्रथाबाट पनि टाढै रहन्थे । तर दरवारको षड्यन्त्र तथा त्यहाँ जरो गाडेर बसेका उन्नत नश्लका नोकरचाकरको षड्यन्त्रबाट कालान्तरमा धेरै कर्मठ र स्वाभिमानी नेपालीहरू अनेकन झमेला झेल्न बाध्य भए र पछि उनीहरू पनि प्रजातिन्त्रक प्रक्रियामा बिस्तारै लाग्न थाले । पञ्चायत र राजतन्त्रकै अवसान हुनमा दरवारका सचिवहरू र दरवारनिकट भाइभारदारहरू पनि प्रमुख कारक हुन् ।

यहाँ उल्लेख भएजस्तै तत्कालीन दरवारका सबै सचिव र पदाधिकारीहरू षड्यन्त्रकारी र खराब भने थिएनन् । त्यहाँ असल स्वभाव तथा राम्रा नियतका पदाधिकारीहरूको पनि कमी थिएन । कुरा खाली यत्तिमात्र हो कि बडामहारानीका नजिकका विश्वासपात्रहरूमा तिनै खराबमध्येकै व्यक्तिहरू धेरै भएकाले असलहरू त्यहाँ पनि ओझेलमा पर्दथे । खराब मान्छेको बाहुल्य भएपछि असल मान्छेहरूलाई पनि त्यही आँखाले हेरिने चलन त जहाँ पनि उस्तै नै हुँदो रहेछ । तर यहाँ उनीहरूलाई खराब मान्छेहरूसँग दाँज्न खोजिएको छैन । कुनै बेला अर्को पुस्तकमा वा कुनै लेखमार्फत दरवारका असल व्यक्तिहरूका बारेमा पनि जानकारी दिने प्रयास गरिनेछ र खराबहरूको खराबीका बारेमा भने कुनै उल्लेख नगरौँला ।

राजाका अति नै मन परेका मान्छे, भूगोलशास्त्रका त राजाका गुरूजस्तै भएर बसेका डा. गुरूङ जसले शिक्षा, उद्योग, वाणिज्य, पर्यटनजस्ता मन्त्रालयहरू पनि मन्त्रीको रूपमा चलाए, उनी पनि दरवारका खराब मानिसहरूको सिकार भएर पछि राजाबाट टाढा बनाइए र मन्त्री पदबाट पनि हटाइए । उनी पनि हक्की मान्छे न परे, केही समय एउटा होटलमा नक्साहरू बनाएर बसिदिए । मन्त्री भएको मान्छेले त्यस्तो काम गर्नुहुँदैन भनेर दरवारबाट दबाब पार्न थालेछन् तर उनले तिम्रो नोकर भएर बस्नुभन्दा यही सानो मेरो पेशामा म खुशी छुँ भनेर खबर पठाएछन् । त्यसपछि उनले कहिल्यै सरकारी पद स्वीकारेनन् र राजासँगको भेट पनि नगण्य हुनथाल्यो उनको । पछि उनी न्यू एरा, विश्व बैंक र मलेसियास्थित एसिया-प्यासिफिक डेभलपमेन्ट सेन्टर, डब्लू डब्लू एफ् आदिमा संलग्न भएर बसे ।

कान्तिपुर प्रकाशनको मुख्य कार्यालय तीनकुने (अहिले थापाथलीमा सरेको) मा करिब ३५ वर्षअघि लन टेनिस खेल्ने २ वटा कोर्टहरू थिए । रातो चुनसुर्की बिछ्याएर

बनाइएको त्यो कोर्टमा डा. गुरूङ, डा. भेषबहादुर थापा, डा. तुलसी गिरी, हेम लामालगायत धेरैजना टेनिस खेल्न आउँथे । अहिलेको सडकबाट खेल भैइरहेको दृश्य पूरै देखिन्थ्यो । सो सडकमा सवारीसाधन र मान्छेको चाप त्यतिबेला निकै कम हुन्थ्यो र सडक सफा पनि थियो । काठमाडौंको चक्रपथ चिनियाँ सहयोगमा निमार्ण भएको हो र यो करिब १९७५ तिर पूरा भएको हो । त्यतिबेला यो सडक बेकारमा किन बनाएको होला, यसको साटो अरू महत्त्वपूर्ण ठाउँहरूमा सडक बनाएको भए हुन्थ्यो, यहाँ कहिले सवारी साधनको भीड लाग्ने होला ? भनेर मानिसहरू कुरा गर्ने गदर्थे । हुन पनि चक्रपथको अधिकांश भाग दिउँसै पनि डरलाग्दो प्रकारले खाली-खाली हुन्थ्यो । उपत्यका र पाटनका धेरैजसो शहरी क्षेत्र यस चक्रपथबाट निकैभित्र पर्दथ्यो । यसको निर्माणपश्चात् छिटपुट घरहरू सडकबाहिरका छेउछाउहरूमा बन्न सुरु भयो । अहिले आएर चक्रपथ पूरै घरहरूको भीडमा हराइसकेको छ भने यसको विस्तार अति नै आवश्यक भैसकेको छ । तर छिमेकी राष्ट्रले मायाले बनाइदिएको सडक मर्मत तथा सम्भारसमेत गर्ने ह्याउ नभएका हामी यसको विस्तारका लागिसमेत उसैसँग गुहार मागिरहेका छौँ भने उसले पनि हाम्रो आग्रहलाई स्वीकार गरेर विस्तारकार्य थालिसकेको छ । माइतीघरदेखि तीनकुने र भक्तपुर हुँदै चिनियाँ सिमाना कोदारीसम्मको बाटो पनि चिनियाँ सहयोगमा बनेको हो । माइतीघर-तीनकुने सडक भने विमानस्थलसँग जोडिएकाले केही चल्तीको थियो । यसको निर्माणलगत्तै बबरमहलतिरको सरकारी जग्गामा सरकारले विभिन्न कार्यालयहरू निर्माण गऱ्यो । त्यतिबेला धोबीखोला, वागमती, मनहरा तथा विष्णुमतीको पानी निकै सफा हुन्थ्यो र यी नदीहरूको सेरोफेरोको खेतबारी निकै उर्वर थियो । जनसङ्ख्या र घरहरू कम भएकाले र ध्वनि प्रदूषणसमेत कम भएकाले होला, त्यतिबेला विमानस्थलमा अवतरण र उडान गर्ने तथा मर्मत हुँदै गरेका विमानहरूको आवाज र कन्ट्रोल टावरको साइरनको आवाज टाढा-टाढासम्म प्रष्ट सुन्न सकिन्थ्यो । साथै घण्टाघरको प्रत्येक घण्टापिच्छे बज्ने मीठोधून पनि काठमाडौंको टाढा-टाढासम्म सुन्न सकिन्थ्यो । तीनकुनेदेखि भक्तपुर र सूर्यविनायकसम्मको बाटो त झनै सुनसान हुन्थ्यो । राजा वीरेन्द्रको राज्याभिषेकको समय पारेर चीन सरकारले काठमाडौंको त्रिपुरेश्वरदेखि भक्तपुरको सूर्यविनायकसम्म विद्युतीय ट्रलिबसको पूर्वाधार बनाएर सञ्चालनमा ल्याइदियो । यस्तो विद्युतीय आधुनिक बस सेवा त्यतिबेला दक्षिण एसियाको कुनै पनि मुलुकमा थिएन । विद्युतीय ट्राम सेवा भने भारतका केही महानगरहरू जस्तै कलकत्तामा थियो । तर के गर्नु र ? सरकारी बेवास्ता र लापरवाही तथा अन्य यातायातका

साधनसँगको प्रतिस्पर्धामा पछि परेर यो सेवा केही वर्षपहिले बन्द भयो ।

सन् १९८३ तिर जनसङ्ख्या परामर्श दातृ समिति गठन भएको थियो, जसमा पूर्वप्रधान्यायाधीश रत्नबहादुर विष्टको संयोजकत्वमा मेरा पिताजी र डा. हर्कबहादुर गुरूङ सदस्य थिए । सो समितिलाई डा. गुरूङले बुझाएको बसाइँ–सराइसम्बन्धी प्रतिवेदनले त्यतिबेला सनसनी नै मच्चायो । सो प्रतिवेदनमा उनले ७० बुँदे सुझाव पेश गरेका थिए, जसमध्ये दुईवटा सुझावहरूमा निकै बहस चल्यो त्यतिबेला । उनले नेपाल र भारतका सिमानाहरूमा दुई देशका नागरिकहरू अहिलेजस्तो खुल्ला ओहोर–दोहोर गर्न दिनेभन्दा पनि केही प्रक्रिया पुऱ्याएरमात्र ओहोर–दोहोर गर्न दिनुपर्ने उल्लेख गरेका थिए । नत्र हामीले परिवार नियोजनमा गरेको ठूलो लगानी र प्रयत्न त्यसै खेर गएर छिटै नेपालमा परापूर्वकालदेखि बस्दै आएका वासिन्दाहरू 'अल्पसङ्ख्यक' मा दरिँदै दोस्रो दर्जाका नागरिकमा परिणत हुन सक्ने खतराको उनले त्यतिबेलै संकेत दिएका थिए । आज नेपालमा त्यस्तै नै हुँदै गइरहेको छ । उनको कुरामा नेपाल र भारतका सरकारहरूले हेक्का राखेका भए, भारतमा बराबर नेपालको बाटोबाट हुने गरेका आतंककारी घटना पनि यति धेरै हुने थिएनन् होला ! त्यस्तै उनले आफ्नो प्रतिवेदनमा भारतीयहरूलाई पनि अन्य विदेशीसरह वर्क पर्मिट लिएरमात्र काम गर्न पाउने व्यवस्था हुनुपर्ने उल्लेख गरेका थिए । यसो भएको भए सबै विदेशीहरू जो नेपालमा काम गर्छन्, उनीहरूको लगत बन्थ्यो र साथमा उनीहरूको नागरिकताको कागजात पनि रेकर्डमा बसिरहन्थ्यो । उनकै भनाइमा नेपालमा जुन किसिमको जनशक्तिको खाँचो छ, त्यही मुताविक वर्क पर्मिटमार्फत जनशक्ति आयात गर्न र नेपालीलाई सो कामबारे तालिम दिन पनि यो व्यवस्थाले मद्दत पुऱ्याउन सक्थ्यो । उनको लक्ष्य खालीसिसी, पुरानोकागज र प्लास्टिक उठाउनेलाई भगाउने भन्ने जुन प्रचारबाजी भयो, त्यो भने थिएन । तर आज हाम्रै घरअगाडि कुनै बेला केरा, सुन्तला, तरकारी बेच्न आउने भारतीय साना व्यापारी अहिले नेपाली नागरिकताका साथ कैयन् तले घर बनाएर ठूलै व्यापारी भएर ठाँटसँग टोल सुधार समिति र अन्य संस्थाको सदस्य भएर बसेका छन् भने हामीमध्ये कैयन् निमुखा नेपाली उनीहरूजस्तैको घरमा डेरावाल र उनीहरूकै जागिरे गुलाम भएर बस्न बाध्य छौँ । छिट्टै यस्तो दिन पनि अवश्य आउनेछ कि मुलुकका अधिकांश उच्चपदस्थ कर्मचारीहरू, मन्त्री, सचिवहरू पूर्वभारतीयहरू वा उनका सन्तानहरू नै हुनेछन् । यसमा भारतलाई दोष दिने कुनै ठाउँ नै छैन । यो हाम्रै कमजोरी, गलत कूटनीति र नोकरशाही राजनीतिको फल

हो । भुटानले त्यही भारतसँग मिलेर, उसलाई विभिन्न संवेदनशील कुराहरूमा आश्वस्त पारेर आफ्नो अस्मिता जोगाउन र मुलुकको विकासमा भारतको ठूलो सहयोग जुटाउन सफल हुन सक्छ भने नेपाल किन सधैँ फेल हुन्छ ? राजाहरू सधैँ भारतसँग हरेक कुरामा टक्कर नै लिन खोज्ने, राजनैतिक पार्टीहरू सधैँ सरकारमा पुग्नेबित्तिकै भारतको सरकारलाई जसरी भए पनि कसरी खुशी पार्ने भनेर चिन्तित हुने, र सरकारमा नहुँदा भने के-के निहुँ खाजेर भारतलाई गाली गरिरहने चलन किन चल्यो नेपालमा ? ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भौगोलिक, राजनैतिक र आर्थिक सबै कुराले हामीसँग अति नै नजिक अभिन्न छिमेकीराष्ट्र भारतसँग हामीले कस्तो मित्रता गाँस्न सक्छौँ, एक अर्कामा कस्तो विश्वासको जरो गाड्न सक्छौँ भन्ने कुराको यहाँ सोच राख्ने चलनै छैन । भारतमा जुनसुकै पार्टीको सरकार आए पनि उनीहरूको विदेश नीति, आर्थिक, सामाजिक नीति तथा परराष्ट्रका अन्य गौड विषयहरूमा खासै परिवर्तन हुँदैन किनकि भारतीय राजनीति र शासन व्यवस्था यति मजबुत र परिपक्व भइसक्यो कि उनीहरूमा राष्ट्रिय हिसाबले महत्त्वपूर्ण विषयहरूमा राष्ट्रिय सहमति नै बनेको हुन्छ, र यस्ता नीति सरकार बदलिएपिच्छे बदलिँदैनन् । अर्को कुरा त्यत्रो विश्वकै दोस्रो सबैभन्दा बढी जनसङ्ख्या भएको मुलुकले नेपालमा हालको हाम्रो जनसङ्ख्याजति नै मान्छे पठायो भने पनि उसको जनसङ्ख्यामा कुनै कमी आउँदैन ।

डा. गुरूङको प्रतिवेदनलाई आधार बनाएर सरकारले त्यतिबेला भारतसँग ती कुराहरू राखेको भए उसले सायद सकारात्मक ढंगले पनि लिन सक्थ्यो होला ! तर खोक्रो राष्ट्रवादमा अडेको राजतन्त्रात्मक तत्कालीन सरकार र उसका चम्चेअधिवक्ता, केही दुईजिब्रे, पीत, पञ्चेपत्रकार तथा तथाकथित चाटुकार बुद्धिजीवीहरूले यो कुरालाई निकै उछालेर डा. गुरूङलाई फाँसी दिनुपर्नेसम्मका कुराहरू गरे । सरकार समर्थकहरूबाहेक तत्कालीन सोभियत सङ्घसँग सम्बद्ध कम्युनिस्टहरू पनि उनका कट्टर विरोधी भएका थिए, किनकि त्यतिबेला भारत र सोभियत सङ्घको घनिष्ट सम्बन्ध थियो र त्यसैले उनीहरू भारतलाई चिढाउन चाहँदैनथे । सोही समय लम्जुङबाट राष्ट्रिय पञ्चायत सदस्यमा चुनाव लडेका उनलाई त्यतिबेला नराम्ररी हराइएको थियो । आज मुलुकमा प्रजातान्त्रिक परिपाटी छ, तर डा. गुरूङका यी सुझावहरूमा भारतसँग कुराकानी गर्नेबारे अझै पनि कुनै सरकारले पहल वा आँट गर्न खोजेको पाइएको छैन ।

नेपालमा हरेक वर्ष भारतीयहरू थपिनेक्रम जारी नै छ । हामी नेपाली अति नै सोझा जाति हौँ र छिटै माया र विश्वास जगाउँछौँ जो कोहीलाई पनि । धेरै भारतीयहरू

हाम्रा घरहरूमा बहाल तिरेर बस्छन् र हाम्रै सहयोगमा वा अन्य प्रकारले केही रकम खर्चेर नेपाली नागरिकता बनाउँछन् । यस्तो कुरा थाहा पाएर पनि हामी भइगयो गरिखाओस् भनेर चुपचाप बसिदिन्छौँ । तर कैयन् नेपालीले पाउनुपर्ने नागरिकता नपाउँदा पनि उनलाई मद्दत गरिदिने कोही हुँदैनन् ।

एउटा सत्य कुरा के छ भने, भारतीयमूलका मान्छेको सङ्ख्या जति नै बढे पनि उनीहरू र उनका सन्ततिमा नेपाल अखण्ड तथा स्वतन्त्र राष्ट्र नै रहिरहोस् भन्ने मनोकामना हुन्छ, किनकि सानै भए पनि एउटा राष्ट्रको नागरिक बनेर बसेपछि त्यही राष्ट्र नै आफ्नो मातृभूमि र कर्मभूमि हुन्छ । वर्ण र धर्मकर्म तथा संस्कृति र प्राचीन थलोको आधारमा राष्ट्र गाभिँदै जाने भए त दक्षिण एसिया एउटै देश हुन्थ्यो होला, त्यस्तै अफ्रिकाको अधिकांश भाग एउटा राष्ट्र हुन्थ्यो होला । प्रत्येक मान्छेले आफूलाई कहाँ धेरै अवसर प्राप्त हुन्छ भनेर सोच्छ । त्यसमाथि चरम गरिबीले गर्दा राष्ट्रियता नै थाती राखेर ऊ एकठाउँबाट अर्कोठाउँ बसाइँ सर्न बाध्य हुन्छ । आर्थिकस्थिति मजबुत भएर आएपछि ऊ आफ्नो मूलसंस्कृति कसरी जोगाउने र आफ्नो जातिको उत्थान कसरी गर्ने भनेर सोच्न थाल्छ तर ऊ जहाँ बसिरहेको छ, त्यो ठाउँको मायाले पनि उसको मुटुमा ठाउँ लिइसकेको हुन्छ । फलस्वरूप ऊ त्यही नयाँ ठाउँलाई माया गर्न थाल्छ । भारतबाट नेपाल बसाइँ सरेका र हाल कृषि, व्यापार तथा राजनीतिमा लागेकाहरू भारतमा फर्के भने त्यो भीडमा कहाँ हराउँछन् होला ! आज एउटा सानै भएपनि स्वतन्त्र राष्ट्रका नागरिक भएर मानसम्मान पाउनु भनेको त ठूलो उपलब्धि हो । आजका नेपालका ठूला उद्योगीव्यापारीहरू र ठूला नेताहरू नै भारतमा भए त्यहाँका प्रान्तका जिल्लामा पनि ओझेलमा पर्छन्, हाम्रा छिमेकी राष्ट्र भारत र चीनको जनसङ्ख्या र अर्थतन्त्र त्यति विशाल छ ।

डा. गुरूङले पनि यो वास्तविकता नबुझेका होइनन् तर उनमा खाली चिन्ता केको थियो भने अनियन्त्रित बसाइँ-सराइका कारण कहीँ भारतीय मूलका मान्छेहरूको विशाल भीडले परापूर्वकालदेखि बस्दै आएका बासिन्दाहरूलाई चरम अल्पमतमा पुऱ्याउने त होइन ?

डा. हर्क गुरूङ फुर्सदको समयमा तास खेल्न पनि रूचाउँथे, तर बाह्रमासे जुवाडेहरूसँग होइन । उनी कुमार खड्गविक्रम शाहजस्ता सम्भ्रान्त, भद्र तथा प्राज्ञ व्यक्तिहरूसँग कहिलेकाहीँ फुर्सदमा तास खेल्दथे । यस्तैक्रममा एकचोटि उनी उद्योग, वाणिज्य तथा

आपूर्ति मन्त्री छँदा कुमार खड्गविक्रम शाहकहाँ रात्रिभोजमा गएका रहेछन् । त्यसबखतका नेशनल ट्रेडिङ्ग लिमिटेडका महाप्रबन्धक पनि सो भोजमा सरिक रहेछन् । कुमार खड्ग राजा महेन्द्रका माहिला ज्वाइँ थिए । पञ्चायतकालमा दरवारका नजिकका व्यक्तिहरू तथा नजिकका नातेदारहरू र बाबुसाब, लाडसाबहरू कुनै-न-कुनै सरकारी संस्थान, खेलकुद परिषद्, समाज कल्याण परिषद्, आदिको प्रमुखमा नियुक्त हुन्थे र मन्त्रीभन्दा पनि शक्तिशाली भएर बस्थे । हुन त अहिले पनि पार्टीहरूका आसेपासेहरूको नै यस्ता पदहरूमा बाहुल्यता छ । ती तत्कालीन नेशनल ट्रेडिङ्गका महाप्रबन्धक पनि कुमार साहेबहरूसँग डटेर तास खेल्न बसेछन् । डा. गुरूङ करिब रु १,५०० हारेछन् जुन रकम त्यतिबेलाको मन्त्रीको करिब एक महिनाको तलब हुन्थ्यो । अहिलेको हिसाबमा त्यो रकम करिब रु ६०-७० हजारको हाराहारीमा हुन्छ होला । सँगै खेल्न बसेका महाप्रबन्धक करिब रु ५,००० हारेछन् तर उनी अलिकति पनि पिरमर्का नलिई दिल खोलेर हाँसेको र पार्टीको भरपूर मज्जा लिएर बसिरहेको देखेर डा. गुरूङ छक्क परेछन् । त्यतिबेला नै डा. गुरूङले भेउ पाएछन् कि दुःख गरेर कमाएको पैसा र सजिलोसँग टेबुलमुनिबाट प्राप्त गरेको रकम वा गलत ढंगले कमाएको अकूत सम्पत्तिमा कति फरक हुँदो रहेछ भनेर । उनी मन्त्री भएर पनि पैसा हार्दा भित्र-भित्र जलिरहेका थिए भने उनकै मातहतको निकायका महाप्रबन्धक महोदयलाई भने उनलेभन्दा कैयन् गुणा बढी पैसा हार्दा पनि कुनै फरक परेको थिएन, किनकि उनका लागि आमदानी निकै सुलभ थियो भने डा. गुरूङले रू. १,५०० कमाउन एक महिना काम गर्नुपर्दथ्यो । उनीसँगै मन्त्री भएका धेरैजनाका लागि पनि सजिला आम्दानीका स्रोतहरू धेरै थिए, फलस्वरूप त्यसबेलाका उच्चपदस्थ अधिकांश कर्मचारीहरू, दरवारका उच्चपदाधिकारीहरू, र धेरै पूर्वपञ्चहरू आज पनि सुख-सयलपूर्वक बाँकी जिन्दगी बिताइरहेका छन् भने उनका सन्ततिको शिक्षा-दीक्षा विदेशमा भएको छ र स्वदेशमा पनि विभिन्न इलम, व्यापार, धन्दा गरेर बसेका छन् । केही इमानदार र सोझा व्यक्तिहरूमात्र साधारण जीवनयापन गर्न बाध्य छन् । जनआन्दोलन र प्रजातन्त्र पुनर्स्थापनापश्चात् इमान्दार र असल व्यक्तिहरूको पनि दिन आउनेछ भन्ने आशा थियो सबैतिर, तर आज पनि लुच्चा लफङ्गाहरूकै हातमा डाडु-पन्यूँ छ र उनीहरू नै राष्ट्रिय ढुकुटीको पहरेदार भएर बसेका छन् अनि पद र अख्तियारको दुरूपयोग गर्दै राष्ट्रिय सम्पत्तिको लुटपाटमा सक्रियरूपमा संलग्न छन् पनि । सबै राजनैतिक पार्टीहरूमा इमान्दार, कर्मठ तथा त्यागी नेता तथा कार्यकर्ताहरू छन् तर उनीहरू सबैजसो ओझेलमा परेका छन् र हाटहुटे, बाठा र फटाहा तथा धूर्तहरू नै अग्रपंक्तिमा छन् अनि अकूत धन कमाएर ठूला ठालु भएर बसेका छन् ।

कहिलेकाँही म सकारात्मक तवरले सोच्छु कि के मुलुकमा हुने गरेको चरम भ्रष्टाचारले नेपालको अर्थतन्त्र तहस–नहसमात्र भएको छ त ? भ्रष्टाचार धेरै हुने र सजायचाहिँ कहिलेकाहीँ निरीहले मात्र पाउने मुलुकमा विकासको नाममा पैसाको खोलो बगाउँदा त सहयोगी संस्थाका पदाधिकारीहरूलाई पनि निकै फाइदा हुँदो होला नि, ती पनि त गंगाजीमा नुहाएर आएका चोखामान्छे त होइनन् होला ! सन् ८० को दशकमा लेखिएको अंग्रेजी पुस्तक 'लर्डस् अफ पोभर्टी' त्यस्सै अधिक बिक्री हुने पुस्तक बनेको थिएन त्यतिबेला । दुवैतर्फका विशेषज्ञ र विकासप्रेमी भनाउँदाहरूले रोटीको अधिकांश भाग आफूले खाएर केही टुक्रामात्र जनतालाई फ्याँके पनि आखिर बाहिरको पैसा देशमा भित्रिएर भागबण्डा भएबाट यसको उपयोग पूर्वभ्रष्टहरूले उद्योगधन्दा, शिक्षण तथा स्वास्थ्य संस्था खोल्न, सन्तानलाई उच्चशिक्षा दिन र आफ्नै फाइदाका निम्ति भए पनि व्यवसायिक रूपमा विकासका पूर्वाधारहरू निर्माण गर्न खर्चे त गलत तरिकाले भए पनि देशको आर्थिक क्रियाकलापमा वृद्धि होला, रोजगारी बढ्ला र चेतनामा अभिवृद्धि हुँदै जाला । यहाँ मैले नकारात्मकताभित्र पनि सकारात्मक कुरा खोज्ने चेष्टा गरेको मात्र हुँ । विगतमा भएका भ्रष्टाचार तथा आर्थिक अनियमितताहरूले पनि देशमा आज एक किसिमले नयाँ उद्योगीहरूलाई जन्म दिएको छ । हजारौँ नेपाली विदेशमा शिक्षा हासिल गरेर फर्केर विभिन्न क्षेत्रमा काम गर्दैछन् भने निजी क्षेत्रको पुँजी परिचालनमा यसले ठूलो भूमिका खेलेको छ । पञ्चायतका तथा हालका पनि धैरै-धेरै नेताहरूले भ्रष्टाचारको आम्दानीबाट आफ्ना छोराछोरीहरू विदेशमा पढ्न पठाएका छन् भने कति पढेर उतै बसे र कति फर्केर विभिन्न पेशामा लागेका छन् । त्यस्तै हजारौँ सरकारी कर्मचारीका छोराछोरीहरू पनि विदेश तथा स्वदेशका शिक्षण संस्थाहरूमा पढेर आज विभिन्न तवरले राष्ट्रको सेवामा लागेका छन् । आज राजनीति अति नै फोहोरी भएको छ तर आउँदा दिनहरूमा यिनै नयाँ पीढी जो चाहे भ्रष्टाचारको रकमले शिक्षा हासिल गर्न पाएका हुन् वा रगत–पसिनाको कमाइले शिक्षित भएका हुन्, यिनैले बिस्तारै पुरानालाई विस्थापित गर्दै सबै क्षेत्रमा नेतृत्व गर्ने अवसर पाएमा बिस्तारै मुलुकले ठीक बाटोमा अगाडि बढ्न थाल्नेछ भन्ने कुरामा विश्वास गर्न सकिन्छ ।

चाडबाडमा हाम्रो घरमा पनि डा. हर्क गुरूङ, डा. रत्नशमशेर राणा, डा. मोहनमान सैँजु, डा. बद्रीप्रसाद श्रेष्ठ आदि जम्मा हुन्थे । तास खेल्ने, खानपिन गर्ने कामहरू हुन्थे भने रमाइला हँस्सीठट्टाहरू पनि सुन्न पाइन्थ्यो । मेरी आमाले पकाएका विभिन्न परिकारहरू

खान सबैजना रुच्याउँथे । डा. गुरूङ त कार्यालयको काम सकेर पिताजीसँग बेला–बेलामा हामीकहाँ आमाले बनाएका परिकारहरूको स्वाद लिन आउँथे र आज यस्तो खाना खान मन छ भाउजु भनेर भलाकुसारी नै गदर्थे । एकचोटि राजदरवारमा राजासँग के कुरामा चित्त नबुभ्रेर हो कुन्नि बेलुकी राजाले पर्ख भन्दाभन्दै मुर्मुरिएर सीधा हामीकहाँ आएछन् । घर गयो भने मान्छे लिन पठाउँछन् भनेर त्यसो गरेको रे ! पछि दरवारका सचिवहरूले कतै नभेटिएपछि मेरो बुवालाई फोन गरेछन् । तर डा. गुरूङले आफू हामीकहाँ भएको कुरा नभन्नू भनेकीले बुवाले पनि भ्रूठो बोल्नुपरेको थियो । त्यतिबेलाको परिस्थितिमा राजासँग त्यसरी अड्डी लिन सक्ने मान्छे सायदै कोही थिए होलान् । तर उनी राजासँग अति नै नजिक भएका र उनीसँग कुरा मिल्ने मान्छे भएकाले उनलाई यस्तो गरेवापत अप्ठ्यारो परिस्थितिको सामना गर्नुपर्दैनथ्यो । फुर्सदको समयमा राजा वीरेन्द्र स्वयम् उनको घरमा गइरहन्थे भनेर डा. गुरूङ सुनाउँथे । डा. गुरूङ माछा पाल्न पनि निकै सौखिन थिए । माछा हेर्न पनि राजा गइरहन्थे रे उनको घरमा ! एकाधपटक त मेरो बुवाले उनले मगाएका माछाहरू विदेशबाट प्लास्टिकको भ्रोलामा बोकेर निकै जतनका साथ ल्याइदिनुभएको थियो ।

आफ्नी पत्नी र छोराछोरीलाई डा. गुरूङ निकै माया गर्थे । म हिमालयन बैंकको ठमेल शाखामा कार्यरत हुँदा उनी विदेशमा हुने सभा–सम्मेलनमा भाग लिन जानुअघि विदेशी मुद्रा सटही गर्नुपरेमा उनको खाता भएको सोही शाखामा आएर मलाई भेट्ने गर्थे । चिर–परिचित विद्वान् हुनुका साथै थुप्रै स्वदेशी तथा विदेशी संस्थाहरूसँग सम्बद्ध उनी देशविदेशको भ्रमणमा धेरै नै निस्कन्थे । अमेरिका तथा अन्य मुलुकहरूका कैयन् विश्वविद्यालयहरूले त उनलाई स्थायीरूपमा नै विभिन्न लेक्चर कार्यक्रममा बोलाइरहन्थे । अमेरिका जाने यस्तै अवसरहरूमा उनी आफ्नो भ्रमणखर्चबाहेक बेलाबेलामा पाँच–पाँच सय डलर नगद छुट्टै साटेर लग्थे । एकदिन उनले मलाई भने कि "मेरा छोरा र छोरी सबै अमेरिकामा पढ्छन् र अब त राम्रै कमाइ पनि गर्छन् तर म बाबु भएकोले अहिले पनि म उनीहरूलाई उता गएर भेट्दा केही रकम दिन्छु र उनीहरू पनि यसमा साना नानीजस्तै निकै खुशी हुन्छन् । अर्को अर्थमा यो सानो उपहारले म, मेरी पत्नी र मेरा छोराछोरीमा एकअर्काप्रति प्रगाढ माया र भरोसा भ्रल्काउने काम गर्छ । यो हाम्रो मौलिक सुसंस्कृतिको एउटा गहन पक्ष हो ।"

मेरो विवाह सन् १९८६ मा भएको हो । अन्तर्जातीय विवाह र त्यसमाथि पनि मेरी पत्नीको माइती मगर–गुरूङ संस्कृतिको भएकोले डा. हर्क गुरूङ मेरो विवाहको अवसरमा आयोजित

रात्रिभोजमा निकै प्रसन्न देखिन्थे । सगरमाथा आधार शिविरबाट भर्खरैमात्र फर्केर हिउँले खाएको अनुहार सफा हुन पनि नपाउँदै उनी मेरो विवाह भनेर हर्षित भएर श्रीमतीसहित हाम्रो घरमा आएका थिए । त्यो क्षण मेरो मन-मस्तिष्कमा सधैँ ताजा रहिरहनेछ ।

दरवारमार्गको प्रहरी कार्यालयसँगै हालको रोयल साइनो रेस्टुरेन्ट भएको ठाउँमा सन् १९९० ताका एउटा ह्विन्जेइङ्ग पम (Whinseing Pom) भन्ने रेस्टुरेन्ट थियो । त्यो रेस्टुरेन्ट ब्रिटिश आर्मीका पूर्वअधिकृतहरूले चलाएका थिए । मेरा ससुराज्यू पनि ब्रिटिश आर्मीका पूर्वअधिकृत नै भएको र रेस्टुरेन्ट खोल्ने व्यक्तिहरू र उहाँ सेनामा एउटै समयमा काम गरेका साथीहरू भएकाले उहाँ पनि त्यहाँ गइरहनुहुन्थ्यो । सो रेस्टुरेन्टको माथिल्लो तल्लामा मेरो एउटा कार्यालय पनि थियो, जहाँ बसेर मैले अङ्ग्रेजी पत्रिकाको काम पनि गर्थें । सो रेस्टुरेन्टमा धेरैजसो ब्रिटिश सेनाबाट अवकाश पाएका व्यक्तिहरू नै आउँथे । एकजना मेजर टिट्ली भन्ने ब्रिटिश पनि त्यहाँ आइरहन्थे । उनी पनि ब्रिटिश सेनाबाट अवकाश पाएका व्यक्ति र गोरखाली पल्टनसँग नै धेरैवर्ष काम गरेकाले नेपाली भाषा राम्रै बोल्दथे । म त्यतिबेला योजना आयोगमा एउटा प्रोजेक्टमा काम गर्थें र मेरो निकटतम हाकिम एक अमेरिकी फिल च्याम्बरलेन थिए । उनी पनि प्रत्येक साँझ बीयरको मज्जा लिन त्यहीँ आउने गर्दथे । त्यहाँको माहौल निकै रमाइलो थियो । डा. हर्क गुरूङ त्यहाँ बेलाबेलामा आइराख्थे र भूतपूर्व सैनिकहरूसँग उनको निकै लामो गफ चल्थ्यो । वास्तवमा परिवारका अधिकांश सदस्य सेनाका जागिरे भएर होला उनी सेनाका मान्छेहरूसँग राम्रै घुलमिल गर्थे ।

यस्ता बहुआयामिक व्यक्तित्वको हेलिकप्टर दुर्घटनामा परेर असामयिक निधन हुँदा राष्ट्र र विश्वले पनि एउटा कर्मठ मानव गुमाउनुपर्‍यो । अझ, सुन्नमा त के आएको थियो भने सोही हेलिकप्टरमा सवार एकजना मन्त्रीले आफ्ना कार्यकर्ताहरूसँग भेट्न धेरैबेर लगाएकोले राम्रो मौसम हुँदा विमान उडाउन पाइएन र पछि मौसम खराब भएर पाइलटले उडाउन हुँदैन भन्दाभन्दै मन्त्रीजीले जिद्दी गरेर उडाउन लगाए । उनको जिद्दीले आफूलगायत त्यत्रा विद्वान्हरूको ज्यान गयो ।

पोखराको रातोपहिरोस्थित अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा डा. हर्क गुरूङलाई समर्पित गरेर उनले अध्ययन गर्दा प्रयोग गर्ने गरेका धेरै वस्तुहरू प्रदर्शनमा राखिएको छ । राष्ट्रले उनलाई चिन्न र सम्मान गर्न नसके पनि उनीसँग काम गरेका र उनलाई नजिकबाट चिन्ने व्यक्ति र संस्थाहरूले भने उनलाई सधैँ सम्झिरहनेछन् ।

# डा. चन्द्रप्रसाद गुरूङलाई पनि सम्झँदा

अघिल्लो अध्यायमा हामीले सन् २००६ को सेप्टेम्बर २३ तारिख अर्थात् घटस्थापनाको दिन ताप्लेजुङको घुन्सामा भएको हेलिकप्टर दुर्घटनामा परी डा. हर्कबहादुर गुरूङ दिवङ्गत भएको कुराबारे केही लेखेका थियौँ । त्यही दुर्घटनामा अन्य २२ जना विद्वान्हरूका साथसाथै अर्का एक अति नै प्रतिभाशाली व्यक्तिको पनि मृत्यु भएको थियो । उनको नाम थियो डा. चन्द्र गुरूङ । त्यतिबेला उनी विश्व वन्यजन्तु कोष (डब्लू.डब्लू.एफ्.) का नेपाल प्रतिनिधि थिए । कञ्चनजङ्घा संरक्षण क्षेत्र आयोजनाको सफल कार्यान्वयनपश्चात् यस क्षेत्रका हिमाल, पहाड, नदीनाला, बोटबिरूवा, वनजंगल, जीवजन्तु तथा चराचुरूङ्गीको अब आइन्दा स्थानीय जनताले नै संरक्षण गर्ने गरी उनीलगायत सो क्षेत्रको प्रतिनिधित्व गर्ने तत्कालीन मन्त्री गोपाल राई अनि स्वदेशी र विदेशी गरी झन्डै दुई दर्जन संरक्षणविद् तथा भूगर्भविद् र अन्य सहयोगीहरू हस्तान्तरण समारोहमा सहभागी हुन घुन्सा पुगेका थिए । हस्तान्तरण समारोहपछि ताप्लेजुङ बजारको लागि उडेको हेलिकप्टर घण्टौँसम्म पनि गन्तव्यमा नपुगेपछि ताप्लेजुङ बजारमा पर्खिबसेका अन्य सरोकारवालाहरू झस्किएका थिए । झन् काठमाडौंबाट प्राप्त सिम्रिक एयरको पुष्ट्याईँसहितको रेडियो सन्देशले हेलिकप्टर सञ्चार सम्पर्कमा नरहेको खबर पाएपछि त त्यहाँको माहौलमा चरम नैराश्यता छाएको थियो । त्यस्तो खराब मौसममा त्यसमाथि जहाज सम्पर्कविहीन हुनुको अर्थ सबैले बुझिसकेका थिए । अर्थात् दुर्घटना । अब खाली त्यसमा सवार व्यक्तिहरू सहीसलामत छन् कि छैनन् भन्ने कुरामात्र निर्क्योल गर्न बाँकी थियो ।

उता घुन्सामा हेलिकप्टर उडेको केही समयपछि दुई पटक ठूलो-ठूलो विष्फोटको

आवाज सुनिएको तर बादल र कुहिरोले गर्दा केही नदेखिएको खबर स्थानीयवासीहरूले दिएछन् । खोजीको निम्ति तत्काल टोली पठाइए पनि भोलिपल्टमात्र ग्याल्वा भन्ने अनकन्टार ठाउँमा करिब चारहजार मिटरमाथिको भीरमा हेलिकप्टर देखापर्‍यो । तर त्यो स्थानमा पुग्न जो-कोहिले सक्दैनथ्यो । त्यसको भोलिपल्ट अर्थात् २५ तारिखका दिन काठमाडौंबाट भीरमा चढ्न सिपालु हिमाल आरोहीहरू त्यस ठाउँमा उक्लेपछिमात्र कोही पनि नबाँचेको कुरा थाहा लाग्यो । २६ तारिखको दिन भने यस्ता धेरै आरोहीहरूको मद्दतले सबैजनाको शव निकालेर काठमाडौं पठाइयो । घुन्सा र वरिपरिका जनताहरूको मन आफ्ना प्रिय पाहुनाहरूको यस्तो हविगत भएकोमा निकै रोएको थियो, धेरै दिनसम्म ।

चन्द्र गुरूङको जन्म सन् १९४९ मा कास्कीको सिक्लेस भन्ने अनकन्टार गाउँमा भएको थियो । उनका पिता रतनसिंह गुरूङ गाउँका मुखिया थिए । उनका माता-पिता दुवै नै साक्षर भएकाले उनीहरूले आफ्ना सन्तानलाई पढाउने निधो गरेका थिए ।

रतनसिँह र कृष्णकुमारी गुरूङका चार छोरीमध्ये हुमकालीमात्र लामो आयुकी रहिछन् तर उनी शिक्षातिर धेरै ध्यान नदिएर घरको काममा नै रमाएर बसिन् र पछि नजिकैको गाउँका एक स्वजातिसँग बिहे भयो उनको, र हाल पोखरामा बस्छन् उनीहरू । उनका बालबच्चा भने राम्रो शिक्षा पाएकाले देश-विदेशमा छन् । रतनसिंहका जेठा छोरा चित्रबहादुर पनि लेख्न र पढ्न त्यति रूचाउँदैनथे र आखिर कृषिमा नै जीवन व्यतीत गर्दैछन् आफ्नै गाउँमा । तर माहिला छोरा तोत्रमान र कान्छा चन्द्र दुवैले कालान्तरमा निकै धेरै शिक्षा हासिल गरे । विद्यावारिधि गरेका तोत्रमान हाल संयुक्त राज्य अमेरिकाको बोस्टनतिर बस्छन् ।

सुरूमा तोत्र र चन्द्र दुवै गाउँको विद्यालयमा पढे । त्यहाँको पढाइ सकिएपछि दुवैजना दाजुभाइलाई पोखरामा पढ्न पठाए मातापिताले । तोत्र र चन्द्र सन् १९६० को दशकमा पोखरामा अध्ययन गर्दा पोखरा आजको जस्तो जिउँदो शहर थिएन । त्यो त एउटा गाउँजस्तोमात्र थियो । सडक यातायात शहरभित्र मात्र सीमित भएको त्यो पोखरा पुग्न काठमाडौंबाट हवाईमार्गमात्र थियो र त्यो पनि घाँसेमैदानजस्तो कच्ची विमानस्थल । निकै गर्मी र औलोको खतरा भएको ठाउँ । त्यतिबेलासम्म बिजुली पनि पुगेको थिएन पोखरामा । हिँडेर जाँदा पनि हप्तौं लाग्थ्यो काठमाडौंबाट । उनीहरू भर्ना भएको विद्यालय भने अवकाशप्राप्त भारतीय सेनाका नानीहरूका लागि

खुलेकोले त्यहाँ भारतीयस्तरको नै पाठ्यक्रम थियो । चन्द्र सबै विद्यार्थी साथीहरूसँग मेलमिलापका साथ रहन्थे र विद्यालयका अतिरिक्त क्रियाकलापहरू गायन, नृत्य तथा खेलकुदमा पनि उनको सक्रिय सहभागिता रहन्थ्यो । पढाइमा त उनी निकै दिल लगाउँथे । विद्यालयको पढाइ सकिएपछि चन्द्र विज्ञान शिक्षा हासिल गर्ने हेतुले त्रिचन्द्र कलेजमा प्रवेश परीक्षा दिन काठमाडौं आएका थिए तर उनको नाम विज्ञान संकायमा निस्किएन । अनि उनी हतार-हतार पोखरा फर्केर पृथ्वीनारायण कलेजमा भूगोल शास्त्र संकायमा भर्ना भए । हाल दर्जनौ विषयमा पढाइ हुने यो ठूलो क्याम्पस त्यतिबेला निकै सानो थियो र विद्यार्थी पनि एकदम कम । यो तथा यस्तै कैयन् कलेजहरूको स्तरोन्नति हुनमा त्यसताका अमेरिकन पिस कर्प्सका स्वयम्सेवकहरूको ठूलो देन रहेछ । यिनै तथा अन्य देशबाट आएका शिक्षकहरूको संगतले गर्दा चन्द्रको अंग्रेजी पनि राम्रो हुँदै गयो । सन् ६० को अन्त्यतिर र ७० को सुरुका वर्षहरूमा नेपालमा खासगरी हिप्पी पर्यटकहरू खुबै आउन थाले र ती पर्यटकहरूको गन्तव्य पोखरा पनि हुन थाल्यो । चन्द्रले आफ्नो कलेजको पढाइका दौरान एकाध साना नोकरी पनि गरे भने भौगोलिक अन्वेषणका लागि कलेजबाट मुलुकका विभिन्न ठाउँहरूको स्थलगत भ्रमण पनि गरे । केही समय साझा सहकारी विभागमा काम गरेपछि उनले आफ्नै कलेजको पुस्तकालयमा पनि काम पाए । यसरी कलेजको पढाइकै बेला भएका सानातिना तर ज्ञानवर्द्धक कामहरू, विदेशीहरूसँगको संगत, औपचारिक शिक्षा र देशका विभिन्न ठाउँको भ्रमण र कलेजका लाइब्रेरीका पुस्तकहरूले गर्दा उनको सोचमा ठूलो परिवर्तन आउन थाल्यो । यति नै बेला उनको चिनाजानी एकजना पिस कर्प्सकी अमेरिकी स्वयम्सेविका डोरोथी मिएरोसँग भयो । त्यतिबेला ४५-४६ वर्षकी ती अधवैँशे महिला सो कलेजमा भूगोल पढाउँथिन् र पोखरामा एउटा प्राकृतिक विज्ञान संग्रहालय स्थापना गर्न चाहन्थिन्, ता कि खासगरी भूगोल, प्राणीशास्त्र र वनस्पति शास्त्रका विद्यार्थीहरूलाई थप व्यवहारिक ज्ञान लिन मद्दत मिलोस् ।

हालै मेरो पोखराको भ्रमणमा म सोही प्राकृतिक विज्ञान संग्रहालयमा पुगेको थिएँ । करिब २५ वर्षपहिले जाँदा र अहिले जाँदा सो संग्रहालय निकै जीर्ण हुँदै गएको महसुस भयो । तर आज पनि सो संग्रहालयमा पुतली तथा अन्य कीरा-फट्याङ्ग्रा,चरा तथा विभिन्न जीवहरूको संग्रह बाक्लै रहेछ र यसको सम्वर्द्धन पनि अन्नपूर्ण क्षेत्र संरक्षण आयोजनाले नै गर्दो रहेछ । कुनाको कोठामा अवस्थित सानो कार्यालयको

भित्तामा उनै डोरोथी मिएरोको फोटो अझै पनि टाँगिएको हेर्न पाउँदा भने निकै खुशी र सन्तोष लाग्यो ।

डोरोथीले चन्द्रलाई धर्मपुत्र नै बनाएकी थिइन् भने चन्द्र पनि उनलाई आमा नै भन्दथे । उनीबाट चन्द्रले धेरै ज्ञानगुनका कुराहरू सिक्ने अवसर पाए, अर्थात् व्यवहारिक शिक्षाकी उनी द्योतक नै भइन चन्द्रका निम्ति । आफ्नो देश फर्कने बेलामा डोरोथीले चन्द्रलाई पनि अमेरिका लैजाने निधो गरिन् र उनीहरू कोलोराडो पुगे । चन्द्रले करिब ६ महिना कोलोराडो कलेजमा पढे । अनेक किसिमका साथीहरू बनाएर अमेरिकाका कैयन् ठाउँहरू घुमेका उनी आखिर साथीहरूसँगै संयुक्त अधिराज्य (बेलायत) पुगे । साथीहरूसँग बेलायतका विभिन्न ठाउँहरू घुमेपछि उनी तिनै साथीहरूसँग त्यहाँदेखि स्थलमार्गबाट पुनः पोखरा फर्किए । उनी पनि साथीहरूकै जस्तो भेषमा लामा-लामा कपालसहित नेपाल भित्रिएका थिए ।

त्यतिबेला हिप्पी भनिने युवाहरू टर्की, अफगानिस्तान, इरान, पाकिस्तान, भारत हुँदै नेपाल आएर झोँछैं, वसन्तपुर र पोखरामा अति नै न्यून खर्चमा जीविका चलाएर बस्थे । लामा-लामा कपाल र दाह्री पाल्ने यी हिप्पीहरू गाँजा-चरेसको सर्वत्र उपलब्धताले गर्दा पनि नेपाल आउने गर्दथे । उताबाट चढेर आएका मिनीबस र बसहरू नेपालमा बेचेर उनीहरू आफ्नो गर्जो टार्थे । त्यतिले पनि नपुगे सायद उता घरबाट खर्च मगाउँथे होलान् । यिनले बेचेका मिनिबस तथा बसहरू काठमाडौं तथा अन्य ठाउँका विभिन्न रूटहरूमा अझैपनि चल्छन् र कैयन् ठूला ट्राभल एजेन्सीहरूले समेत यस्ता ठूला बसहरू किनेर निकै पछिसम्म पनि पर्यटकहरूलाई सेवा प्रदान गरेका थिए । प्रायः यस्ता गाडी वायाँतिर बसेर चलाउने खालका हुन्थे । एउटा कुरा के पनि प्रष्ट पार्नु जरूरी छ भने, सबै यसरी सडकमार्गबाट आफ्नै गाडीमा आउने पर्यटकचाहिँ हिप्पी नै हुँदैनथे ।

हिप्पी संस्कृति सन् १९६० को दशकमा उत्तरी अमेरिका र तत्कालीन पश्चिमी युरोपका विभिन्न मुलुकहरूका युवा-युवतीहरूले सुरु गरेका हुन् । त्यतिबेलाका यी मुलुकहरूमा विद्यमान मूल्य र मान्यताहरूसँग असहमत, वाक्स्वतन्त्रता, खुला प्रेम तथा यौन स्वतन्त्रता, तथा राजनीति र जीवनशैलीमा चरम स्वतन्त्रताका हिमायती यी हिप्पी समुदायका सबै सदस्यहरू लामा-लामा कपाल तथा दारी-जुङा पाल्ने, आफ्नै प्रकारका अनौपचारिक पहिरन लगाउने र राजनीति र समाजका विसंगतिविरोधी,

रक गीत-संगीत मन पराउने खालका थिए । यिनीहरू पूरै विश्वमा शान्ति तथा भ्रातृत्व छाओस्, विश्वका सबै क्षेत्रमा समानता होस् र युवायुवतीलाई जीवनका हर खुशीको अनुभव गर्ने स्वतन्त्रता होस् भन्ने चाहन्थे । प्रायः सबै हिप्पीहरू गाँजा, चरेस तथा अन्य लागू औषध सेवन गर्न रुचाउँथे । उनीहरूको जीवनशैलीलाई आधार मानेर अङ्ग्रेजी, हिन्दी तथा अन्य भाषामा धेरै चलचित्र तथा वृत्तचित्रहरू बनेका छन् भने विश्वभरि नै यस्ता विचारधाराका युवा-युवतीको सङ्ख्या त्यतिबेला निकै बढेको थियो । विश्व उदार हुँदै जानमा, सांस्कृतिक ऐक्यबद्धता तथा रहनसहन र पहिरनमा समता आउँदै जानमा र केही हदसम्म विकसित मुलुकका नेतृत्वतहमा समेत त्यतिबेला विद्यमान पुरातनवादी सोचहरूलाई परिमार्जन गर्नमा यी हिप्पीहरूको अभियान र यिनको प्रभावमा बनेका सोच परिवर्तनमूलक गीत र साहित्यले पनि ठूलै छाप पारेको हुनुपर्दछ ।

अमेरिका र बेलायतबाट फर्किएको केही समयपछि चन्द्र काठमाडौं आएर त्रिभूवन विश्वविद्यालयमा भूगोल संकायमा मास्टर्स डिग्री अध्ययनका लागि भर्ना भए । अन्य प्राध्यापकहरूको साथै उनले प्राध्यापक डा. पिताम्बर शर्मासँग पनि पढ्ने मौका पाए । त्यहीबेला उनको भेट एकजना सहपाठी सुमित्रा मानन्धरसँग हुन गयो । काठमाडौंको नेवार समुदायकी छोरी र सिक्लिस गाउँका गुरूङ केटाबीचको सम्बन्ध दिनानुदिन गाढा बन्दै गयो । दुवैजनामा एकअर्काबाट अलग हुनै नसक्ने गरी माया-प्रिति बस्यो । तर जब केटा र केटीका आमाबाबाको कानमा यो कुरा पर्‍यो, उनीहरूलाई पटक्कै पचेन यो सम्बन्धको कुरा । दुवै घरबाट सरासर यो प्रस्ताव बदर भयो ।

यति नै बेला पढाइकै सिलसिलामा चन्द्र थाइल्यान्डको राजधानी बैंककमा अवस्थित एसियन इन्स्टिच्यूट अफ टेक्नोलोजीमा "जनसहभागिता" विषयमा उच्चअध्ययनका लागि भर्ना भए । यो विषयमा अध्ययन सुरु भएदेखि नै उनको भविष्यको विकासे बाटोको रेखाङ्कन सुरु भयो । विश्वभर नै विकेन्द्रीकरणको हावा चलिरहेको त्यसबेला विकासकार्यको कार्यान्वयन स्थानीय जनताले नै कसरी गर्नुपर्छ, विकासमा स्थानीय निकाय र जनतालाई कसरी सहभागी गराउन सकिन्छ, र बनेका पूर्वाधार र संरचनाहरूको उपयोग र सम्वर्द्धन स्थानीयतहबाट नै कसरी गर्न गराउन सकिन्छ भन्नेबारे गहिरो अध्ययन गर्ने मौका चन्द्रले पाए ।

यदि हामीले २०४६ सालको जनआन्दोलनपछिको प्रजातान्त्रिक पद्धतिको इतिहासलाई

खोतलेर हेर्‍यौँ भने स्थानीयतहमा निर्वाचित प्रतिनिधिहरू र स्थानीय संरचनामार्फत ल्याइएका सबैजसा कार्यक्रमहरू सफलतापूर्वक कार्यान्वयन भएको पाउँछौँ । यो किन यस्तो रहेछ भन्दा यस्ता कार्यक्रमहरूमा सरोकारवाला स्थानीय जनताहरूको समेत बृहत् सहभागिता रहँदो रहेछ । रकम हिनामिनासमेत हुन कठिन हुने भएकाले बजेटको सही सदुपयोग हुन जाने रहेछ भने पढेकादेखि परेकासम्मको ज्ञान र सीपले त्यहाँ ठाउँ पाउने रहेछ । यस्तै उपभोक्ता समूहले सञ्चालन गरेका कृषि, वन, खानेपानी, बिजुली, बजार व्यवस्थापन आदि कार्यक्रमहरू पनि उदाहरणीय हुने गरेका छन् ।

यता नर्सिङको अध्ययन गरिरहेकी चन्द्रकी बहिनीको क्षयरोगको कारण अकस्मात् मृत्यु भयो । चन्द्रका दाजु तोत्रमान, जो आफ्नो कलेजस्तरको अध्ययनपश्चात् काठमाडौँको पिसकर्प्समा काम गर्थे, उनले विदशी डाक्टरको समेत सहयोग लिएर बहिनीलाई बचाउन गरेका सबै प्रयास विफल भए । चन्द्रको परिवारमा यो घटनाले ठूलो शोकको भुमरी नै ल्यायो । उनका बाबा–आमा आफ्ना सबै छोराछोरी पढेलेखेको देख्न चाहन्थे, तर योभन्दा पहिले पनि दुईवटी छोरी गुमाइसकेका उनीहरूमा पढाइ सक्न लागेकी छोरी लक्ष्मीको आकस्मिक निधनले थप ठूलो चोट लगाइदियो । यतिबेलासम्म चन्द्रको परिवारजनसँग सुमित्राको सम्पर्क हुन थालिसकेको थियो र लक्ष्मी बिरामी हुँदा पनि उनी उसको साथी बसिदिन्थिन् ।

चन्द्रको पढाइ सकिनुभन्दा केही महिनाअगाडि सुमित्राले पनि एसियन इन्स्टिच्यूट अफ टेक्नोलोजीमा भर्ना मिलाएर उता गइन् । त्यहीबेला उनीहरूले साथीभाइहरूको उपस्थितिमा बिहे गरे । चन्द्रलाई पढाइको अवसर पनि यस्तोसँग मिलेर आइरहेको थियो कि उनको मेहनतलाई साँच्चै नै भाग्यले पनि साथ दिइरहेको थियो । थाइल्यान्डबाट फर्कनेबित्तिकै अमेरिकाको हवाई विश्वविद्यालयको इस्ट वेस्ट सेन्टरमा चिकित्सा भूगोल विभागमा विद्यावारिधिको लागि भर्ना पाएछन् । प्राध्यापक पिताम्बर शर्माले चन्द्रको पढाइको खर्चका लागि पनि बन्दोबस्त दातृसँस्थाबाट गरिदिएछन् । वास्तवमा हर्कबहादुर गुरूङ, पिताम्बर शर्मा र चन्द्र गुरूङको कार्यक्षेत्र, शोधकार्यमा रूचि तथा अन्य समताहरूले गर्दा यी तीन हस्तीहरूबीच फरक–फरक उमेरका भए पनि निकै गहिरो सम्बन्ध विकास भएको थियो । हर्क र चन्द्रको अप्रत्याशित निधनले पिताम्बरलाई कति चोट पर्‍यो होला र उनीहरूको रिक्तता अझ पनि कति महसुस गर्दा होलान् उनी, कल्पना मात्र गर्न सक्छौँ हामी । चन्द्रले सन् १९८८ मा विद्यावारिधि गरेका थिए । उनले आफ्नो पढाइ सक्ने समयतिर नै सुमित्रा पनि थाइल्यान्डबाट

डिग्री हासिल गरेर उतै चन्द्रकै कलेजमा भर्ना हुन पुगिन् । त्यतिखेर चन्द्रको जीवनमा एउटा नसोचेका अप्ठ्यारो परिस्थिति आइपरेछ । हवाई विश्वविद्यालय पुगेको केही समयपछि नै उनको चिनाजानी एक जापानी विद्यार्थी युवती टोकिको सातोसँग भएछ । यो चिनाजानी दिन-पर-दिन गाढा हुँदै प्रेममा बदलिइसकेको दुवैले पछिमात्र महसुस गरे होलान् ! चन्द्र, जो विवाहित थिए, र आफ्नी पत्नीलाई निकै माया गर्थे, उनी ठूलो दोधारमा परे, न त सुमित्रालाई न नयाँ प्रेमिका टोकिको, कसैलाई छाड्न सक्ने हिम्मत उनमा आएन । आखिर कालान्तरमा सुमित्राको कोखबाट उनीहरूको एक छोरी आमन्डा र एक छोरा अधिशको जन्म भयो भने टोकिकोबाट दुई छोराहरू योइची र एइकी जन्मे । छोरा योइची सबैभन्दा जेठा हुन् ।

पढाइको सिलसिलामा हवाईमा बस्दा चन्द्र र सुमित्राको यिनै टोकिकोका कारण झगडा परिरहन्थ्यो । तर न त चन्द्र सुमित्रालाई छाडेर एक्लै बस्न सक्थे न सुमित्रा नै त्यसो गर्न सक्थिन् । वास्तवमा ठूलो मन भएका चन्द्रले सबैलाई ठाउँ दिन खोज्दा यसरी अप्ठ्यारोमा परेका थिए । समय, उमेर, परिस्थिति र स्थान आदिले यस्ता अकल्पनीयस्थिति मानव जातिमा ल्याइदिँदा रहेछन् ।

मृदुभाषी, अग्ला, राम्रो मुहारका चन्द्र सबैलाई रिझाउन सक्ने खूबी राख्दथे । बाल्यकालदेखि नै हँसिला, सरल, मेहनती यी केटाको एक प्रकारको आकर्षक व्यक्तित्वले गर्दा नै यिनलाई शिक्षित र सबल बनाउन धेरैले मद्दत गरिदिए । त्यतिबेला सिक्लिसजस्तो अनकन्टार गाउँबाट विदेशमा गएर विद्यावारिधि गर्ने मान्छे बिरलै भेटिन्थे । अमेरिकामा गएर उच्च शिक्षाको अध्ययन गरेका चन्द्र निकै थोरै यस्ता व्यक्तिहरूमा पर्लान् जो त्यहाँका सम्पूर्ण अवसरहरू छाडेर नेपालमा काम गर्ने हेतुले यतै फर्किन्छन् । विद्यावारिधिको शोधपत्रसमेत सिक्लिस र सेरोफेरोकै बारेमा लेखेका चन्द्रले नेपाल फर्केपछि अन्नपूर्ण क्षेत्र संरक्षण आयोजनालाई नै पहिलो कार्यक्षेत्र बनाए र आफूले थाइल्यान्ड र अमेरिकामा पढेका एकीकृत ग्रामीण विकासका मोडेलहरूको प्रत्यक्ष प्रयोग गर्न पाए । सन् १९८६ मा सुरु भएको यो आयोजना नेपालमा नै यस किसिमको वातावरण संरक्षण, वातावरणीय पर्यटन, दिगो ग्रामीण विकास, र सक्रिय स्थानीय सहभागितासहितको प्रथम सफल आयोजना बन्न पुग्यो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाभित्र हुने हरेक विकास कार्यमा चन्द्रले जनसहभागिताको ठूलो आवश्यकता महसुस गरेका थिए र सोहीअनुरूप काम गरेका पनि थिए ।

उदाहरणका लागि, यदि सो क्षेत्रको कुनै गाउँमा गोरेटोको मर्मत गर्नुपरेमा स्थानीय जनताले नै रकम संकलन गर्ने र नपुग रकम र प्राविधिक सहयोगको बन्दोबस्त आयोजनाले गरीदिने नीति थियो । यसरी स्थानीय जनतालाई नै आफ्नो क्षेत्रको विकास र संरक्षणको काम दिनाले आयोजना स्थायी र दिगो हुन्छ भन्ने चन्द्रको विश्वास थियो ।

आयोजनालाई आवश्यक पर्ने खर्चको जोहो गर्न काठमाडौंको ठमेलमा एक काउन्टर स्थापना गरी विदेशी पर्यटकहरू आयोजना क्षेत्रमा जाने परमिट बिक्रीको व्यवस्था गरिएको थियो, त्यो काउन्टर अझै पनि छ । अन्नपूर्ण हिमाल क्षेत्रका गगनचुम्बी चुचुराहरू निकै नजिकबाट देख्न सकिने यो क्षेत्रमा सयौँ जातका लोपोन्मुख जनावर, चरा-चुरुङ्गी तथा बोट-बिरुवाहरू छन् । पदयात्रा गर्ने कैयन् मार्गहरूलाई व्यवस्थित गर्न, ठाउँ-ठाउँमा सूचना पाटीहरू राखिदिन तथा पदयात्रीहरूलाई थकाइ मार्न र बास बस्न पाटी, होमस्टे तथा लजहरूको व्यवस्थापनमा पनि आयोजनाले ठूलो मेहनत गरेको थियो । खेतीका वैकल्पिक तरिकाहरू, वनउपयोगका तौरतरिकाहरू तथा आयोजनास्थलमा चाहिने शिक्षा, स्वास्थ्य, वैकल्पिक ऊर्जा, पिउने पानी, कृषि, स्थानीय नेतृत्व, महिला जागरूकता तथा सहभागिताजस्ता कैयन् विषयमा चन्द्रको नेतृत्वमा दिनरात काम भइ नै रह्यो, आयोजना अवधिभर । त्यसैको फलस्वरूप आज देशभित्र र बाहिरका हजारौँ पर्यटक यो क्षेत्रमा घुम्न जान्छन् । पहिलेको विकट यो क्षेत्रको आज निकै विकास र आयस्तरमा अभिवृद्धि भएको छ । यसैलाई मोडल मानेर तत्पश्चात् अरू थुप्रै संरक्षण आयोजनाहरू थालिए । यो र यस्तै धेरै आयोजनाहरूको रेखदेख आज राष्ट्रिय प्रकृति संरक्षण कोषले गर्दछ ।

केहीवर्षयतादेखि अन्नपूर्ण क्षेत्रमा मोटरबाटाहरू धेरै बनेका छन् । पहिले-पहिले १२-१५ दिनसम्म हुने गरेको पदयात्रा आजकल केही दिनमा नै तय गर्न सकिन्छ, बाटा-घाटाहरूले गर्दा । तर पर्यटक भित्राउने भन्दैमा ती भेगका जनतालाई यातायातको सुविधाबाट वञ्चित नै गराउनु पनि भएन । त्यसैले यस्ता पदयात्राका मार्गहरू अझै विकट तथा सुन्दर ठाउँहरूमा विकास गर्दै जानु उचित हुन्छ । तर एउटा कुरा के पनि देखिइरहेको छ भने, बाटो पुऱ्याउने नाममा जथाभावी खन्ने गर्नाले बोटबिरुवा कटान गर्ने, पहिरो निम्त्याउने, धूलो उडाउने तथा पर्यावरण नराम्रोसँग बिगार्ने काममा पनि हामी तीब्रता ल्याउँदैछौँ । राष्ट्रको विकासमा सबैभन्दा ठूलो महत्त्व यातायातले राख्छ, तर यसलाई योजनाबद्धरूपमा विकास गर्न सकिएन भने यसले नै अनेकन

समस्याहरूसमेत निम्त्याउन सक्छ ।

चन्द्र गुरूङले सुरुमा राष्ट्रिय प्रकृति संरक्षण कोषअन्तर्गतका आयोजनामा काम गरेको भए पनि पछि यसको सदस्यसचिव भएर पनि निकै काम गरे । उनी यही कोषमा कार्यरत हुँदा म र एकजना फिल च्याम्बरलेन नामका अमेरिकी कन्सल्ट्याण्ट उनलाई भेट्न र अन्नपूर्ण क्षेत्र संरक्षण आयोजनाको सफलताबारे कुराकानी गर्न कोषको जावलाखेलस्थित कार्यालयमा गएका थियौँ । योजना आयोगको आयोजना अनुगमन एकाइको लागि देशमा सञ्चालित उत्कृष्ट आयोजनाहरूको फेहरिस्त बनाउने सिलसिलामा हामी उनलाई भेट्न गएका थियौँ । उनले त्यतिबेला अन्नपूर्ण क्षेत्र संरक्षण आयोजनाका बारेमा र यसको सफलताका बारेमा निकै कुराहरू बताए । उनी यस्ता कार्यहरूमा प्रत्यक्ष सहभागी हुन पाएकोमा निकै खुशी देखिन्थे र उनमा जोश, जाँगर र ज्ञानसमेतको भण्डार नै भएको हामीले पायौँ । यस्तै राम्रा कार्यहरू गरेवापतको पुरस्कारस्वरूप उनलाई देशविदेशका निकै उच्चसम्मान तथा तक्माहरू प्राप्त हुनुका साथै नाम कहलिएका पत्र-पत्रिकाहरूले उनीबारे धेरै समाचार तथा उनका सफलताका कथाहरू छापेका रहेछन् । मैले पनि त्यति नै बेला डा. हर्क गुरूङको बिँडो थाम्ने सोही विधाका अर्का विद्वान्को जन्म भइसकेको महसुस गरेँ ।

प्रकृति संरक्षणमा लागेका चन्द्र र संरक्षणको काम पाएका तत्कालीन अधिराजकुमार ज्ञानेन्द्रको मतमतान्तरले गर्दा हेर्दाहेर्दै अन्नपूर्ण क्षेत्र संरक्षण आयोजनाको स्तर एकताका निकै खस्कियो । राजहठ बोकेका अधिराजकुमार र ज्ञान तथा अनुभवको भण्डार बोकेका संरक्षणविद्को कामकुरामा तालमेल हुन सकेनछ । उनीलगायत त्यहाँका स्थानीय संरक्षकहरूलाई बिदा गरेर काठमाडौंबाट गएका आसेपासेले आयोजना हेर्न थालेपछि यसको दुर्गतिको सुरूआत भएको रहेछ र झनै माओवादी जनयुद्धको समयमा यो आयोजना शाही आयोजना हो भन्ने ठहर गरेर उनीहरूले पनि यसको दुर्गतिमा मद्दत पुऱ्याएका रहेछन् । तत्कालीन राजा ज्ञानेन्द्रले राष्ट्रिय प्रकृति संरक्षण कोष तथा यस्ता सबैजसो सफल आयोजनाहरूको नेतृत्व आफ्ना निकटका मान्छेहरू (धेरैजसा जो यो क्षेत्रमा पोख्त थिएनन्) लाई दिएका रहेछन् । हुन त उनी आफैँ पनि अधिराजकुमार भएदेखि नै प्रकृति संरक्षणमा काम गरेका मान्छे, सबै बिगार्छु भनेर त किन सोच्थे होलान् र ! तर असहज परिस्थितिको राजनीतिमा आफ्ना मान्छेलाई विभिन्न पदहरूको भागबन्डा गर्दा वास्तविक संरक्षणविद्हरूको 'तौहिन' चाहिँ हुन गयो ।

चन्द्रले यी आयोजनाहरूमा निकै ठूलो काम गरेको भए पनि उनलाई भ्रष्टाचारीको आरोप लगाएर निकै सकस दिइएको रहेछ । असल मान्छेले मेहनतको नतिजा छिटो आओस् भनेर सरल र छिटो तर निष्कपट तरिकाले केही प्रशासकीय अल्झालाई नाघेर पनि काम गरेको हुन्छ तर छलछामका माहिरहरूलाई यस्ता असल व्यक्तिहरूलाई प्रमाण जुटाइ फसाउन यिनै कुराहरू काफी हुँदा रहेछन् । तर समयको फेरोसँगै सत्यको जीत सुनिश्चित हुन्छ भनेझैँ अन्नपूर्ण क्षेत्र संरक्षण आयोजनामा चन्द्रको योगदान र मेहनतको सबै क्षेत्रले सह्राहना गरे छोटै समयमा, उनी कोष र एक्यापमा भएको भनिएको अपचलनको आरोपबाट पनि चोखिए र माओवादीले समेत यसका सरोकारवाला स्थानीय पदाधिकारीहरूलाई आयोजनास्थलमा नै गएर विनाडर काम गर्न र आफूले पनि सकेको मद्दत पुऱ्याउने आश्वासन दिएछन् ।

बीचमा केही समय चन्द्रले संयुक्त राष्ट्र सङ्घको काठमाडौं वातावरण शिक्षा आयोजनामा समेत काम गरे । चन्द्रले सन् १९९९ मा उनका साथी तथा अर्का संरक्षणविद् मिङ्मा नोर्वु शेर्पाले विश्व वन्यजन्तु संरक्षण कोषको नेपाल कार्यालय प्रमुखको पद छाडेर अमेरिकास्थित यसैको कार्यालयमा काम गर्न जाने बेलामा उनैको जब्बर सिफारिसमा यो संस्थाको प्रमुखको रूपमा नयाँ कामको थालनी गरे । हुन त यो संस्थाको मुख्य प्रतिस्पर्धी भएर त्यतिबेला राष्ट्रिय प्रकृति संरक्षण कोष नै लागिपरेको थियो, किनकि एक त उनीहरूको छक्कापञ्जा नीतिसँग तालमेल मिलाउन नसक्ने चन्द्र विश्व वन्यजन्तु संरक्षण कोषको प्रमुख बनेका थिए भने उनीहरू शाही संरक्षणले गर्दा अन्य संस्थालाई मान्यता नदिने तथा आफूबाहेक अन्य संस्थाबाट संरक्षणका काम नहोस् भन्ने मनस्थितिमा थिए । उनीहरूले बिर्सेका थिए कि आफूहरू राजदरवारका आसेपासे भएरमात्र यस्ता गौरवशाली संस्थालाई दुहुन पाएका हुन्, सच्चा संरक्षणविद्हरू सबै बिस्तारै पलायन हुँदै अन्य संस्थामा गइसके भनेर । डा. हर्क गुरूङजस्ता दिग्गजसमेत यस्ता संरक्षकका नाममा आसीन शिकारीहरूबाट अवाक् भएका थिए । चन्द्रलाई सँधैझैँ पछिल्लो काममा समेत बेला-बेलामा हर्कले निकै सघाए । त्यस्तै, मिङ्माले अमेरिकामा बसेर चन्द्रका आयोजनाहरूका लागि निकै आर्थिक सहयोग जुटाइदिए । चन्द्र आफू पनि देशविदेश घुमेर आर्थिक सहयोग जुटाएर ल्याउँथे ।

सुरुमा चन्द्रले निकै अप्ठ्याराहरू सहन परे पनि केही समयपश्चात् यस्ता अप्ठ्याराहरूमा कमी आउँदै गयो । उनले एक्यापमा भएका गलतीहरू पनि यहाँ दोहोरिन दिएनन् भने सहकर्मीहरूलाई हौस्याउने र आफूजस्तै अथक काम गर्ने

बनाउन सबै किसिमका नीतिहरू अपनाए । हेर्दा सोझो देखिए पनि काम बिग्रन लाग्यो भने उनी निकै रिसाउँथे । विश्व वन्यजन्तु संरक्षण कोषले मिङ्मा र पछि चन्द्रको अगुवाइमा मुलुकका विभिन्न ठाउँहरूमा विश्वस्तरका आयोजनाहरू सञ्चालन गऱ्यो । सामुदायिक कृषिवन आयोजनादेखि उत्तरी पहाड संरक्षण आयोजना र पछि कञ्चनजङ्घा क्षेत्र संरक्षण आयोजना तथा तराईका कैयन् वन्यजन्तु आरक्षहरूको सम्वर्द्धनमा समेत डब्लू.डब्लू.एफ्. मार्फत कामहरू भए र अझै पनि हुँदैछन् । यीमध्ये कञ्चनजङ्घा क्षेत्र संरक्षण आयोजना सबैभन्दा महत्त्वपूर्ण तथा ठूलो र चन्द्रको चाखको आयोजना भएकोले उनी यसमा दिलोज्यानका साथ लागेका थिए । तर अघि उल्लेख भएजस्तै कहिले शाही आसेपासेले त कहिले आन्दोलन र जनयुद्धले गर्दा समस्या भोगिरहनुपऱ्यो र आयोजनाको स्वरूपमा समेत केही परिवर्तन गर्नुपऱ्यो ।

यही आयोजनाको समापनपश्चात् सन् २००६ मा यसलाई स्थानीय सरोकारवालाहरूलाई हस्तान्तरण गरेर फर्कँनेक्रममा ताप्लेजुङको घुन्सामा त्यो कहालीलाग्दो हेलिकप्टर दुर्घटनामा परि चन्द्र, हर्कसहित २२ जनाको असामयिक निधन भयो भने नेपाल र पूरै विश्वले हुनाहारका संरक्षणविद्हरू गुमायो, जसको परिपूर्ति गर्न निकै समय लाग्नेछ । चन्द्रकी आमा सन् १९९५ मा र बाबा सन् २००५ मा नै परलोक भएकाले उसको यस्तो निधन उनीहरूले हेर्नुपरेन ।

केही समयपहिले चन्द्रकी छोरी आमेन्डा मानन्धर गुरूङ मेरो कार्यकक्षमा आएकी थिइन् । उनले अन्नपूर्ण क्षेत्रकै विपन्न वर्गका केटाकेटीहरूलाई पढाउन एउटा संस्था चलाएकी रहिछन् । उनीसँग यही कामको सिलसिलामा एकाधपटक भेट भएको थियो । उनको कुरा सुन्दा, उनका कामहरूबारे बुझ्दा कहाँकहाँ बाबा–आमाजस्तै मेहनती र अध्ययनशील लागिन् उनी । हाल उनी चन्द्र गुरूङ संरक्षण कोषसँग आबद्ध भएर वातावरण संरक्षण सम्बन्धी धेरै कार्यक्रमहरूमा सक्रिय छिन् । आमेन्डाले संयुक्त राज्य अमेरिकाबाट जनस्वास्थ्य, मानव अधिकार र गरिबी तथा विकास विषयहरूमा उच्चअध्ययन गरेकी छन् । अमेरिकाको उच्चअध्ययन सकिएपछि उनी डब्लू.डब्लू.एफ्. ब्रसेल्समा करिब छ महिनाका लागि तालिममा गइन् । केही समय उनी एकीकृत पर्वतीय विकास सम्बन्धी अन्तर्राष्ट्रिय केन्द्र, इसिमोडसँग पनि आबद्ध थिइन् ।

चन्द्रकी जापानीमूलकी प्रेमिका टोकिको अहिले कता बस्छिन् त्यति थाहा हुन सकेन तर उनी पनि उच्चशिक्षा हासिल गरेकी व्यवसायिक महिला नै भएकीले जापान वा

अन्य कुनै देशमा कार्यरत नै होलिन् । उनका दुई छोराहरू योइची र एइकी भने जापानमा नै छन् भन्ने सुन्नमा आएको थियो ।

चन्द्रका अर्का छोरा अदिश मानन्धर गुरूङ भने संयुक्त राज्य अमेरिकाबाट फेशन डिजाइनिङ र शहरी विकास सम्बन्धी उच्चशिक्षा हासिल गरेर हाल प्रिफ्याब घरका नमुनाहरू विकास गर्छन् ।

जहाँसम्म सुमित्रा मानन्धर गुरूङको कुरा छ, उनी संयुक्त राज्य अमेरिकाको हवाईबाट सन् १९८६ मा सांस्कृतिक भूगोल विषयमा आफ्नो उच्चअध्ययन पूरा गरेर नेपाल फर्किएदेखि नै महिला तथा दलित वर्गको हितमा खुलेका संस्थाहरूसँग आबद्ध भएर काम गर्न थालिन् । सुस्मा महिलाहरूका लागि लघुवित्त संस्था खोलेर धेरै वर्षसम्म काम गरेकी उनले हाल महिला सहयात्रा विकास बैंक नै अगाडि ल्याएकी छिन् । चित्लाङमा मुख्य कार्यालय भएको यो विकास बैंकले कैयन् विकट जिल्लाहरूका महिलाहरूलाई वित्तीय पहुँच पुऱ्याउने तथा उद्यमशीलताका तालिमहरू दिने काम गर्छ ।

पहाडमा गह्राहरू बनाएर गरिने खेती (टेऱ्यास फार्मिङ) ले पहिरो निम्त्याउने तथा वातावरणमा नकारात्मक प्रभाव पार्ने सोचको विकास भइरहेको समयमा सुमित्राले ककनीमा हुने गरेको यस्तो खेतीको अनुसन्धानपश्चात् त्यो सोच गलत भएको साबित गरेकी थिइन् । जापान, चीन, भियतनाम, कोरिया तथा अन्य पहाडी भूभाग भएका धेरै देशहरूमा आधुनिक तवरले गरिएका यस्ता खेती विश्वमा नै उदाहरणीय भएका छन् ।

सुमित्राले संविधान निर्माण गर्दा जातपातको भेदभावले ठाउँ नपाओस् तथा सबै वर्ग र जातका नेपालीहरूलाई संविधानले उठ्ने मौका देओस् र विपन्न वर्ग तथा दलितहरूलाई अन्य जातिको समकक्षमा पुग्न विशेष पहल गरियोस् भन्ने हेतुले जातीय भेदभावविरूद्धको राष्ट्रिय सहमति कायम गर्ने सक्रिय संस्था नै खडा गरेकी थिइन् ।

चन्द्रजस्तै मुलुकका विकट ठाउँहरूमा जन्मे-हुर्केर स्वदेशको अध्ययनपश्चात् विश्वका विभिन्न ठाउँमा अध्ययन गर्ने मौका पाएका धेरै कर्णधारहरू छन् आज यो देशमा, जो आ-आफ्ना किसिमले जन्मभूमि र लोकको सेवामा आफ्नो सीप र समय खर्चिरहेका छन् । उनको सफलता र प्रेरणादायी कथाहरू पनि हामीले पढ्नु र सुन्नुपर्छ । पछिपछिका यस्तै संस्करणहरूमा यस्ता व्यक्तित्वहरूका बारेमा पनि लेख्ने प्रणसहित चन्द्र गुरूङलाई पटक-पटक सलाम गर्न चाहन्छु ।

# विदेशिएका नेपालीहरूको नालीबेली

नेपालीहरूले विदेशी भूमिमा गएर काम गर्न थालेको आज करिब ४०० वर्षजति भइसकेको भए पनि ठूलो सङ्ख्यामा विदेशिन थालेको भने करिब दुई सय पचास वर्षजति भएछ । सन् १८१५ को सुगौली सन्धिपश्चात् विरक्तिएर नेपाली सेनाका देहरादून क्षेत्रका कमान्डर बलभद्र कुँवर र धेरै नेपाली फौजी महाराजा रणजीत सिंहको गोर्खा रेजिमेन्टमा सहभागी हुन पञ्जाबको राजधानी लाहोर गए । बलभद्र सो रेजिमेन्टको कमान्डिङ्ग जनरल नै भए । सन् १८२२ मा सिख र अफगानी सेनाबीच भएको लडाइँमा पेशावरनजिक नौसेरा भन्ने ठाउँमा बलभद्र कुँवरले वीरगति प्राप्त गरे । यतिबेलादेखि सिखहरूको सेनामा भर्ती हुन लाहोर जानेहरूलाई लाहुरे र मुगलहरूको फौजमा भर्ती हुन जानेहरूलाई मुगलानी भन्न थालियो । सोही समयदेखि गोर्खालीहरूको ब्रिटिश इस्ट इन्डिया कम्पनीको फौजमा भर्ती हुनेक्रम पनि बढेको हो । निकैपछिसम्म पनि आजको पाकिस्तानको लाहोर भन्ने शहर गोर्खाली फौजहरूलाई तालिम दिने प्रमुख ठाउँ भएकोले विदेशी फौजमा काम गर्ने गोर्खालीहरूलाई लाहुरे भनेर चिन्न थालियो । लाहोरबाट आयातित भैँसीको एक नश्ललाई लाहुरे भैँसी भनिन्छ । झट्ट सुन्दा भैँसी पनि विदेशमा गएर लाहुरे भएजस्तो !

नेपालमा धेरैअगाडिदेखि नै राजनैतिक तनाव र अस्थिरता बढेर जीउ-ज्यान जोगाउन अन्त पलायन हुने परिपाटीको विकास भयो भने काशीवास गर्ने चलन पनि बस्यो । हिन्दुहरूको महान धार्मिकस्थल भएकोले मानिसहरू बाँकी जिन्दगी उतै बिताउन पनि काशीवास गर्थे । त्यस्तै बुढेसकालमा काशी गएर गंगाजीमा देहत्याग गर्न पाए स्वर्गमा वास पाइने आशाले पनि हुँदाखाँदाका वृद्धवृद्धाहरू काशीवासमा जाने गर्दथे ।

पृथ्वीनारायण शाहले काठमाडौं हमला गरेपछि भाद्गाउँका राजा रणजीत मल्लले पनि काशीवास गर्ने नै इच्छा प्रकट गरेका थिए र उनी तथा उनका निकट केही व्यक्तिलाई उता जान पूरा बन्दोबस्तीका साथ पठाइएको थियो ।

यहाँ एउटा प्रसंग उल्लेख गर्न चाहन्छु । सन् १७७१ देखि १७७४ सम्म राजा पृथ्वीनारायण शाहले लिम्बूवान राज्यहरूलाई गोर्खा राज्यमा एकीकरण गर्न पटक–पटक फौज पठाएर हमला गरेका थिए तर लिम्बू राज्यहरूले प्रत्येक हमलाको डटेर मुकावला गरे । पछि सन् १७७४ मा गोर्खाली र लिम्बूवान राज्यहरूबीच विजयपुर (हालको धरानमा पर्छ) मा गोर्खाको अधीनमा बस्ने तर लिम्बूवान राज्यहरूले पूरै स्वशासन गर्ने अधिकार पाउनुपर्ने शर्तमा सम्झौता भयो । यहाँ एउटा उल्लेखनीय कुरा के छ भने, प्रथम र दोस्रो विश्वयुद्धहरूमा भाग लिएर वीरता कमाउने गोर्खाली फौजमा मगर, गुरूङ र राई, लिम्बू नै मुख्य जाति हुन् । भन्नुको मतलब गोर्खालीहरू अझै शक्तिशाली भएका सन् १७७४ पछि आफ्नो फौजमा राई र लिम्बूहरूसमेत संलग्न भएपछि नै हो । सन् १७७५ मा राजा पृथ्वीनारायण शाहको निधनलगत्तै उनका छोरा राजा प्रतापसिंह शाहले सिक्किममा हमला गर्न गोर्खाली फौज पठाए । सो फौजमा लिम्बूहरू पनि सामेल भएकाले गोर्खाली लिम्बू र सिक्किमे लिम्बूहरूबीच भीषण युद्ध भयो । सन् १७७६ मा गोर्खाली फौजको ठूला आक्रमण सहन नसकेर सिक्किमे फौज उतैतिर फर्कन बाध्य भयो । त्यतिबेला सिक्किमलाई साथ दिने लिम्बूहरूलाई सजाय हुने कुराको घोषणा भएपछि करिब ३२,००० लिम्बूहरू लिम्बूवान क्षेत्र छाडेर सिक्किम, भुटान र आसामसम्म बसाइँ सरेका रहेछन् । पछि अन्य जाति पनि काम खोज्न आसाम तथा बर्मासम्म पुगेर बसोबास गर्न थाले । सन् १७८८ मा सिक्किम गोर्खा राज्यमा गाभिए पनि नेपाल र ब्रिटिश भारतबीचका लडाइँ र त्यसपछि भएको सुगौली सन्धिपछि सिक्किम नेपालबाट अलग हुन पुग्यो ।

सिक्किमको एकीकरणपछि गोर्खाली फौजले भुटानमा पनि हमला गरेका किस्साहरू सुन्नमा आएका छन् । तर हमलाको सिलसिलामा "जय दुर्गे" भनेर गोर्खाली फौज पहाड तरेर भुटान पस्न लाग्दा उता भुटानतर्फबाट पनि "जय दुर्गे" भनेर फौजीहरू कराएको आवाज आएछ । यो सुनेर गोर्खाली फौजका कमान्डरले आफ्ना दूत पठाएछन् भुटानतर्फ । पछि के पत्ता लागेछ भने गोर्खाली राजा द्रव्य शाहको पालामा भुटानलाई तिब्बतले हमला गर्दा भुटानको आह्वानमा गोर्खाली फौजको एउटा ठूलो टुकडी मद्दतको लागि त्यता पठाइएको रहेछ र ती अधिकांश फौजलाई भुटानले उतै

बस्न आह्वान गरेपछि ती सेना र कत्तिका परिवारहरूसमेत उतै गएर बसेका रहेछन् । पछि यसरी भुटानमा बसाइँ सर्नेको सङ्ख्या बढेर गएको रहेछ । द्रव्य शाहले गोर्खाका महाराजका रूपमा सन् १५५९ देखि १५७० सम्म राज्य गरे । यदि माथि उल्लेखित कथन सही हो भने त गोर्खालीहरू विदेशिन थालेको करिब ४५० वर्ष भइसकेछ । यो विषयमा थप अनुसन्धान र पुष्टि हुनु जरूरी छ ।

पूर्वीनेपालको एकीकरणमा काजी दामोदर पाँडेको ठूलो योगदान थियो । गोर्खामा जन्मिएका काजी दामोदर पाँडे पृथ्वीनारायण शाहका अति नै विश्वासपात्र काजी कालु पाँडेका कान्छा छोरा थिए । पृथ्वीनारायण शाहको निधनपछि सन् १७७५ मा उनका जेठा छोरा प्रतापसिंह शाह राजा भए तर उनी राजा भएको दुई वर्षमा नै सन् १७७७ मा उनको निधन भयो । बाबुको नेपाल एकीकरण अभियानलाई तीब्र गतिमा अघि बढाएका राजा प्रतापसिंह शाहले पूर्वतिरको जिम्मा दामोदर पाँडेलाई दिएका थिए । दामोदर पाँडेले सिक्किमसँगको लडाइँपश्चात् टिस्टा नदीमा खुकुरी धोएको कुरा सिक्किमे नेपालीहरू अझै पनि गर्वका साथ गर्छन् भने गोर्खालीले सिक्किममाथि विजय हासिल गरेपछि नै नेपालीमूलका धेरै मानिस त्यता बसाइँ सरेका थिए ।

प्रतापसिंह शाहपछि राजा भएका रणबहादुर शाह राजा हुँदा दुई वर्षका मात्र थिए । त्यसैले उनी वालिग नहोउञ्जेलसम्म उनकी माता रानी राजेन्द्रराज्यलक्ष्मी देवीले अभिभावकको रूपमा सन् १७७७ देखि आफ्नो मृत्युसम्म यानि १७८५ सम्म शासन गरिन् भने त्यसपछि रणबहादुरका काका बहादुर शाहले १७९४ सम्म शासन गरे । यही समयमा नेपालको पश्चिमतिरको एकीकरणले ठूला फड्को मारेको थियो । यही समयमा नेपालको सीमा पश्चिममा काँगडासम्म र दक्षिणमा गंगाजीको करिबसम्म विस्तार भएको थियो भने पूर्वमा टिस्टासम्म र उत्तरमा चीनको हमलाबाट जोगिन लामो लडाइँ भइरहेको थियो । बहादुर शाहको बढ्दो लोकप्रियता र प्रशासनमा पकड देखेर दरवारका भारदारहरू उनको इर्श्या गर्न थालेका थिए र युवा राजा रणबहादुर शाहलाई भड्काउनसमेत थालेका थिए । रणबहादुर वालिग भएपछि बहादुर शाहले राजपाठ उनलाई सुम्पेर अवकाशको जिन्दगी बिताउन थाले पनि भारदारहरूको चुक्लीका कारण राजाले उनी यानि आफ्नै काकालाई थुनामा राखे र केही समयपश्चात् थुनामा नै उनको बीभत्स हत्या भयो । आफ्ना बाबुबाजेले गरेको नेपाल एकीकरणको कार्यलाई प्राथमिकता दिनुभन्दा पनि मोजमज्जा र ऐशोआरामको जिन्दगी रुच्याउने खालका थिए रणबहादुर । यिनको सनकी स्वभाव र क्रियाकलापले

गर्दा यिनी पदच्युत भएका थिए र रानीसहित काशीवासमा पठाइएका थिए । यिनका छोरा राजा गीर्वाणयुद्धविक्रम शाह बालक नै भएकाले दामोदर पाँडेले मुख्तियार भएर केही वर्ष नेपालको प्रशासन सम्हालेका थिए । तर पछि फेरि रणबहादुर काशीबाट फर्किएर नेपाल आए र दामोदर पाँडे तथा कैयन् सपूतलाई मृत्यु दन्डसमेत दिए । काजी दामोदर पाँडेको भद्रकालीमा शिरच्छेदन गरिएको थियो ।

यहाँ के देखाउन खोजिएको हो भने, नेपालको एकीकरण ब्रिटिशसँग लड्न नसकेर रोकिएको कारणले हामीले जितिसकेको भूमि गुमाउनुपरेको होइन । यसको मुख्य कारण त त्यतिबेलादेखि नै शासनको जिम्मा लिएको दरवारमा षड्यन्त्र, चाकडी, चुक्ली र ऐशोआराम हावी हुन थालेर वीरहरूको कदर घटेको, जितेका भूभागमा सुशासन ल्याउन नसकेको, जितेका टाढा–टाढाका भूभागमा आवश्यक फौज र बन्दोबस्तीका सामान पुर्‍याउन नसकेको, विजय प्राप्तस्थानका जनतामा नेपालीत्वको बोध गराउन नसकेको र लडाइँका संवेदनशील रणनीति बनाउन असक्षम भएकोले त्यसो हुन गएको हो ।

सन् १८४६ को कोतपर्व पनि दरवारभित्रको यस्तै षड्यन्त्र, भारदारी राजनीति र बहुविवाहका कारण कुन महारानीको छोरा राजगद्दीको उत्तराधिकारी बन्नेजस्ता कुरा र महारानीहरूको सत्तामोहले गर्दा भएको हो । त्यतिबेलाको दरवारको त्यो हालको फाइदा उठाएर जङ्गबहादुरले ठूलो रक्तपातबीच नेपालको सत्ता आफ्नो हातमा पार्न सफल भएका हुन् । राष्ट्रको सार्वभौमिकता तथा आफ्नो सत्तासमेत टिकाउन जङ्गबहादुरले अङ्ग्रेजहरूसँग निकै राम्रो सम्बन्ध बनाएका थिए । जङ्गबहादुरले अङ्ग्रेजहरूको सहयोगार्थ भारतका लखनउ र अन्यस्थानमा आफ्नो फौज लिएर गएपछि तत्कालीन भारतको शासन गर्ने हौसला बढेर अङ्ग्रेजहरूले आफ्नो फौजमा नेपालीहरू भर्ती गर्दै गएका हुन् । इमान्दार, कर्तव्यनिष्ठ र अति नै सोझा पहाडिया बहादुरहरू भएकाले अङ्ग्रेजलाई हाम्रा गोर्खालीहरू प्रयोग गरेर भारतका राजा–रजौटालाई परास्त गर्न निकै सजिलो भयो । बदलामा बाँके, बर्दिया, कैलाली र कञ्चनपुर फिर्ता गरेर तत्कालीन शासकहरूलाई खुशी पारे पनि न त अङ्ग्रेजले सुगौली सन्धिअघिको हाम्रो भूभाग फिर्ता गर्‍यो, न त हाम्रा तत्कालीन शासकहरूले नै माग्ने चेष्टा गरे । बरु चार जिल्ला फिर्ता गरेको बिगुल फुकेर राष्ट्रवादी र वीरको संज्ञा पाए । बेलायतलाई भारत परास्त गर्न गरेको पटक–पटकको सैनिक मद्दतले गर्दा नै आजसम्म पनि शिक्षित भारतीयहरूको दिमागमा नेपालप्रति एक किसिमको चरम नकारात्मकता लुकेर बसेको

छ भने बेलायतले गुनको बदला जति गुन लाउनुपर्ने हो त्यो गरेको देखिँदैन । अझ गोर्खालीकै छोराछोरीलाई भिसा दिन र उता बसोबास गर्न बेलायतले निकै कडिकडाउ नीति अपनाएको छ । आज त्यहाँ आतंक मच्चाउने गोर्खाली नभई बेलायतले विश्वास गरेर बस्न दिएका अरू नै जाति छन् । बरु जति नै नेपाली उता बसोबास गर्छन्, उनीहरू निकै रचनात्मक कार्य गरेर असल व्यक्तिहरूको नामले नै चिनिएका छन् । नेपालले त्यतिबेला भारतमा बेलायतलाई मद्दत गर्नुमा केही बाध्यता पनि थियो । यस्तै मद्दतले गर्दा नै नेपाल स्वतन्त्र राष्ट्र भएर टिक्न सफल भएको थियो भने राणा शासकहरू पनि यही कारणले लामो समयसम्म टिकेका थिए त्यतिबेला ।

एकपटक जङ्गबहादुर बेलायत भ्रमणबाट फर्किएलगत्तै भारतको पञ्जाबका राजा रणजित सिंह र अन्य केही राजाले सामुहिक चिठी पठाएर जङ्गबहादुरलाई अङ्ग्रेज भगाउने निर्णायक लडाइँ लड्नुपर्ने र यदि नेपालले अङ्ग्रेजसँगको यस्तो लडाइँमा मद्दत पुऱ्याएको खण्डमा उसले सुगौली सन्धि गरेर गुमाएका सबै भूभाग फिर्ता पाउने र दक्षिणमा गंगाजीसम्म नेपालको सिमाना हुने प्रस्ताव गरेका रहेछन् । जङ्गबहादुरले पनि सबै भारदारलाई बोलाएर यो विषयमा बृहत् छलफल गरेछन् । छलफलको क्रममा कोही यो प्रस्तावको विरोधमा त धेरैजसो यसको समर्थनमा पाइएछन् । अन्त्यमा उनले आफ्ना कान्छा भाइ धीरशमशेर, जसलाई जङ्ग निकै माया र विश्वास गर्थे, उनलाई के गर्ने भनेर सोधेछन् । धीरले पनि भारतका राजाहरूलाई सहयोग गरेर बेलायतलाई परास्त गर्नुका साथै आफ्ना गुमेका भूभाग फिर्ता लिनुपर्ने र गंगा नदीसम्म नेपालको झण्डा फहराउनुपर्ने कुरा व्यक्त गरेछन् । धीरको यो अभिव्यक्ति सुन्नेबित्तिकै जङ्गबहादुर एकदम झोक्किएछन् र उनले "ए सान्नानी, तँ मसँग बेलायत गएर सबै कुरा देखेर आएको मान्छे होइनस् ? तँलाई अझै पनि अङ्ग्रेज कति बलिया र चतुर छन् भन्ने कुरा थाहा भएको छैन ? के एकपटक कदाचित अङ्ग्रेजहरू हारेछन् भने फेरि दलबलका साथ उनीहरू आउँदैनन् ? यी राजाहरूको लहै-लहैमा लागेर भोलि के हामी पनि सती जाने ? फेरि जीतपश्चात् यी राजाहरूले हामीलाई सबै गुमेको भूभाग फिर्ता गर्छन् भन्ने आधार के ? हामीले पहिला नेपाल एकीकरणका समयमा यिनै कैयन् राजासँग लडेका होइनौँ र ? अरूले त बोले बोले, तँचाहिँ के भएको नि ?" भनेछन् । र सो छलफलको निर्णय अङ्ग्रेजसँग लड्न नहुने र अहिलेकै कूटनीति अपनाउनुपर्ने भन्ने भएर टुङ्गेछ । सम्भवतः जङ्गबहादुरले गरेको यो निर्णय नै कूटनीतिक हिसावले त्यतिबेला सबैभन्दा राम्रो निर्णय थियो ।

किनकि अङ्ग्रेजले त्यति बेलासम्म भारतमा आफ्नो ठूलै सञ्जाल बुनिसकेको थियो र कदाचित हार खाएको भए ऊ पुनः तयारीका साथ हमला गर्न आइपुग्ने सम्भावना प्रशस्त थियो । अर्को कुरा साना-साना राज्यहरू एकीकरण गर्दै विशाल हुँदै गइरहेको नेपाल बेलायतीहरूको हमलाअघिसम्म यी राजाहरूका लागि निकै ठूलो खतरा बन्दै गएकाले यिनको मित्र नेपाल कहिल्यै थिएन । त्यसैले यिनले गुमेको भूभाग फिर्ता गर्ने सम्भावना त्यति थिएन र झनै गंगा नदीसम्मको समथर मैदान पाउने कुरा त निकै टाढाको थियो । अर्को कुरा गोर्खाली जनसङ्ख्या त्यति थोरै भएको नेपालले यदि गंगाजीसम्मको भूभाग पाएको भए र आजसम्म त्यो भूभाग नेपालमा नै भइरहेको भए गोर्खालीहरू आज कुल जनसङ्ख्याको बीस प्रतिशत पनि नभएर आज नेपालका अल्पसंख्यक जनता र हाम्रो वीरता एउटा दन्त्य कथामात्र भएर किताबमा लेखिएर बसेको अवस्था हुन्थ्यो होला ! कल्पना नै गर्न गाह्रो अवस्था । खैर !

सेनामा मात्र नभई त्यो बेलादेखि विभिन्न किसिमका काम गर्न पनि नेपालीहरू भारतमा जान थाले । योक्रम राणा शासकहरूद्वारा लखेटिएका भारदार र उनका नातेदार तथा नजिककाहरू भारत पलायन भएर त्यहाँका विभिन्न ठाउँमा गएर जीविकाका लागि इलम गर्न थालेपछि सुरु भएको हो । त्यस्तै ब्रिटिश सेनामा भर्ती भएकाले घर आउँदा उता भारतमा अन्य क्षेत्रमा पनि काम पाइने कुरा बताएपछि उनका नातेदार, छरछिमेकी र साथी-भाइ पनि मुग्लानमा कामको खोजीमा पसेका हुन् । यिनैमध्ये केही नेपाली भारतीयहरूसँगै फिजी, अफ्रिका, बेलायत तथा अन्य टाढा-टाढाका देशहरूमा काम गर्न गएर धेरैजसो उतै बस्न बाध्य भए । जङ्गबहादुर बेलायत भ्रमणमा जाँदा त्यहाँ पहिलेदेखि नै बसोबास गरिरहेका एकाध नेपालीसमेत भेटिएका थिए रे !

प्रथम र दोस्रो विश्वयुद्धताका लाखौँ गोर्खाली ब्रिटिश भारतको सेनामा भर्ती भए, अनि धेरैको लडाइँमा मृत्युसमेत भयो । युद्धपश्चात् कैयन् नेपाली यतै फर्कन सफल भए पनि धेरैजना भने विश्वका विभिन्न ठाउँमा अनेकन् कारणले गर्दा सधैँलाई उतै बस्न बाध्य भए । त्यो समयमा छुटेका व्यक्तिहरू सहजै फर्केर स्वदेश आउन त्यति सजिलो थिएन । विश्व इतिहास पढ्ने हो भने पनि विश्व विजय गर्न हिँडेका कैयन् देशका फौजी तथा व्यापारको सिलसिलामा टाढा-टाढा गएका कैयन् व्यापारी उतै बसेका किस्सा धेरै नै छन् । उदाहरणका लागि अलेक्जेन्डरको फौजका कैयन् जवान पनि लडाइँकै सिलसिलामा हालको उत्तर-पश्चिम पाकिस्तान र अफगानिस्तानसम्म आएर

त्यतै घरजम गरेर बसेका थिए भन्ने इतिहास पढ्न सकिन्छ । तिनका सन्तान आज पनि यी मुलुकहरूमा धेरै नै सङ्ख्यामा छन् र जो हेर्दा पनि युरोपियनजस्ता नै देखिन्छन् । ती फौजी यतैका चेलीहरू बिहे गरेर घरजम गरी बसेका थिए ।

ब्रिटिश भारतबाट अन्य कामको सिलसिलामा पनि भारतीयहरूसँगै धेरै नेपाली गोर्खाली फौजी विश्वका कुना-कन्दरामा गएर उतै बसेका छन् । तिनै विदेशमा बस्न बाध्य भएकाहरूका सन्तति विश्वका विभिन्न ठाउँमा त्यहीँका बासिन्दा भएर बसेका छन् भने बाउबाजेबाट ग्रहण गरेका हाम्रा रहनसहन र धर्म, संस्कृतिका कुराहरूलाई अपभ्रंशित रीतमै भए पनि अपनाउँदै अझै पनि आफ्नो नेपालीपन कायम राख्ने प्रयास गर्दैछन् । तर धन्य छ आजको वैज्ञानिक युगलाई । विश्वका कुनाकन्दरामा बसेका नेपालीहरूले सूचना प्रविधिमार्फत आज नेपालका विभिन्न पक्षबारे ज्ञान हासिल गर्ने मौका पाएका छन् भने पुर्खाबाट ज्ञान हस्तान्तरण भएर सिकिने माध्यममा मात्र भर पर्नुनपर्ने अवस्था आएको छ । आज जहाँ भए पनि नेपालीहरूले आफ्नो धर्म, संस्कृति, भाषा, साहित्य, कला, गीत-संगीत, भेषभूषा र रहनसहनबारे सहजै जानकारी लिन सक्छन् । हुँदा-हुँदा विभिन्न कर्मकाण्डका भिडियोहरू पनि बनेकाले तिनै भिडियोमार्फत कर्मकाण्डसमेत सम्पन्न हुन्छन् आजकल । त्यस्तै प्रख्यात मठ-मन्दिरका पूजा पनि विश्वको जुनसुकै कुनामा बसेर ई-पूजामार्फत गर्न सकिन्छ । गएको दशैँमा त झन् मेरा एकजना फेसबुक साथीले टिभीमा आफ्ना नातेदारलाई इन्टरनेटको सहारामा निम्त्याएर टीकासमेत लगाइदिएको देखियो । यसरी विश्व निकै साँघुरो र निकट भइसक्यो सूचना प्रविधिले फड्को मारेर । यो त सुरूआतमात्र हो, समयको प्रवाहसँगै अझ निकै चमत्कार देख्न बाँकी नै छ । निरोगी भएर लामो समयसम्म बाँच्नमात्र पर्ने रहेछ । हाम्रा अग्रजहरूले आशीर्वाद दिंदा "चिरञ्जीवी भवः" भन्ने गरेको त्यसै होइन होला ! तर के गर्ने आजको युगमा आफूले चाहेर पनि ठीक आहार र विहार पाउन गाह्रो छ र लामो जिन्दगी जिउने मान्छेहरू अपवादमात्र हुँदै गइरहेका छन् ।

युद्धको बेला उतै छुटेका नेपालीमध्ये कैयन् फिजीजस्ता टाढाका टापु मुलुकहरूसम्म पनि पुगेर बसे भने कति मलेसिया, सिङ्गापुर, बर्मा, भारत तथा अन्य नजिक र टाढाका मुलुकमा बस्न बाध्य भए । धेरैले स्थानीय महिलाहरूसँग बिहे गरेर नयाँ घरजमसमेत गरे । तर धेरै ठाउँमा यसरी गएर बस्न बाध्य भएका नेपालीहरूले पाएसम्म भारतीय मूलका महिलाहरूसँग बिहे गरेर बसेको पाइएको छ । यिनीहरू आफ्नो जीवनभरि नेपाल, घर, छिमेक, धर्म, संस्कृति, चाडपर्व तथा लोक भाकाहरू

सम्भँदै निकै भावविह्वल भएर बसे होलान् तर यी पहिलो पिँढीका नेपालीभन्दा पछिका पुस्ताले त्यति धेरै आफ्ना पिताहरूभैँ मातृभूमिलाई सम्भेनन् होला, किनकि, यिनीहरूको बाल्यावस्थादेखि पढाइलेखाइसम्म नयाँ घर तथा नयाँ परिस्थितिमा भएकाले पिता तथा नेपालबाट आएका अन्य पहिलो पुस्ताका व्यक्तिहरूले सुनाएका तथ्यका आधारमा मात्र यी नयाँ पिँढीले आफ्नो थातथलो यस्तो रहेछ भनेर कल्पना गरेका हुनुपर्छ । तैपनि, यी तथा यिनका पनि सन्ततिले बाउबाजेले सुनाएअनुसार नेपाली संस्कृतिको थोरै भए पनि सम्वर्द्धन गरेर जीवन निर्वाह गरिरहेका थिए । थाइल्यान्डको राजधानी ब्याङ्ककका मलहरूमा किनमेल गर्न जाँदा धेरै नेपाली मूलका बर्मेलीहरूसँग भेट भइरहन्छ । उनीहरू थाई, बर्मिज, अङ्ग्रेजी र नेपाली भाषा राम्ररी बोल्दा रहेछन् । कुराकानी हुँदा उनीहरू नेपाली अडियो र भिडियो गीत–संगीत निकै सुन्ने गरेको र नेपाल भ्रमण गर्ने ठूलै सपना रहेको बताउँछन् । बर्मामा करिब डेढलाख नेपालीहरू बसोबास गर्छन् ।

भारतबाट पाकिस्तान टुक्रनुअघि हालको बङ्गलादेश भएको भूभागमा पनि थुप्रै नेपालीहरू बसोबास गर्दा रहेछन् । पछि सन् १९४७ मा पूर्वीपाकिस्तानको रूपमा सो भाग बदलिएपछि यी नेपालीहरू पाकिस्तानी हुन पुगे भने फेरि सन् १९७१ देखि यिनीहरू बङ्गलादेशी भए । हालको एक आँकडाअनुसार बङ्गलादेशमा अहिले एक लाखको हाराहारीमा नेपालीहरू बसोबास गर्दछन् । सिल्हेट, पाब्ना र राङ्गामटी क्षेत्रमा नेपालीहरू धेरै बस्छन् भने ढाकानेरको नखलापाढा भन्ने वस्तीमा पनि धेरै नै सङ्ख्यामा नेपालीहरू बसोबास गर्छन् । बाल्यकालमा म पाकिस्तानमा छँदा इस्लामावादमा एकजना नेपाली बोल्ने व्यक्तिसँग प्राय त्यहाँको मेलोडी मार्केट भन्ने बजारमा भेट भइरहन्थ्यो । उसको भनाइअनुसार ऊ हालको बङ्गलादेशबाट उसको परिवारसँग सन् १९७१ मा पाकिस्तान गएको हो रे ! नेपालीमूलका उसको पिता त्यतिबेला पश्चिमी पाकिस्तानको पक्षमा भएकाले देश टुक्रेपछि उसका परिवारसँगै अन्य त्यस्तै विचारधारा भएका नेपाली परिवार र बङ्गालीमूलका तथा अन्य पूर्वीपाकिस्तानीहरू लाखौंको सङ्ख्यामा हालको पाकिस्तानमा गएर बसेका रहेछन् । हामी साना छँदा यानि सन् १९७१ तिरै बङ्गलादेशबाट भागेर आएका हजारौं शरणार्थीहरू काठमाडौं र अन्य शहरहरूमा निकै महिनासम्म बसेका थिए । भारत र पाकिस्तानको विभाजन हुने समयमा यानि अगष्ट १९४७ मा हालको बङ्गलादेशमा बस्ने कैयन् नेपाली पश्चिम बङ्गालतिर पनि बसोबास गर्न थालेका थिए र त्यसैले पश्चिम बङ्गालका खासगरी

कलकत्ता सेरोफेरोका ठाउँहरूमा यिनीहरूले आफ्ना बस्ती नै बसाएका थिए जुन आज प्रवासी नेपालीहरूको बाहुल्य रहेका साना शहरहरूमा परिणत भइसकेको छ ।

फिजीजस्तो टाढाको टापुमा गएर बसेका नेपालीका सन्तान दरसन्तानहरूबारे पढ्ने अवसर केही वर्षपहिले मिलेको थियो । त्यहाँ झन्डै एघार हजार नेपाली विभिन्न ठाउँहरूमा गाउँ-बस्ती नै बनाएर बसेका रहेछन् । एउटा गाउँको नाम त हिलिम्बु राखेका रहेछन् । भारतीयहरूसँग कामको सिलसिलामा उता पुगेका नेपालीका हालका अधिकांश सन्ततिलाई नेपाली पनि राम्ररी बोल्न आउँदैन रहेछ र नेपालको कुन ठाउँबाट आफ्ना पुर्खा त्यता पुगेका हुन् त्यो पनि थाहा रहेनछ ।

नेपालीहरू भारतीयहरूसँगै फिजी पुगेको १२० वर्ष भइसकेछ । सन् १८७९ मा पहिलो पटक ब्रिटिशहरूले केही भारतीयलाई उता लगेको भए तापनि सन् १८९६ मा भने दार्जिलिङका चिया बगानमा काम गर्ने नेपाली मजदुरहरूलाई पानी जहाजमा राखेर फिजी लगेका रहेछन् । यसरी चिया बगानका नेपाली मजदुर, विहार र उत्तर प्रदेशबाट उता जान लागेका भारतीयहरूसँग गएका नेपाली, काठमाडौंको सेरोफेरोबाट पुरोहितका रूपमा गएका नेपाली, गोर्खा रेजिमेन्टबाट लगिएका पुरोहित, र ब्रिटिश गोर्खाबाट फिजीमा नै खटिएका फौजीहरू पटक-पटक गरी फिजीमा बसोबास गर्न थालेका हुन् । सुरुमा उखु र चिया खेतीका लागि उता गए तापनि हाल यी नेपाली मूलका फिजियनहरू अन्य किसिमका कृषि व्यवसाय र पशुपालनमा समेत संलग्न छन् ।

आज कैयन् शिक्षित फिजियन नेपालीसँग मनग्गे धन-सम्पत्ति छ र उनलाई आफ्ना पुर्खाको मातृभूमि नेपालको भ्रमण गर्ने पनि इच्छा छ, तर आफ्ना पुर्खा नेपालको कुन ठाउँबाट आएका हुन् सो थाहा नभएकाले उनीहरू नेपाल आएर पनि आफ्नो गाउँ, नातेदार र छरछिमेकी भेट्न पाउने कुरामा आशावादी छैनन् । आजकल पढेलेखेका निकै फिजियन नेपाली पपुवा न्युगिनी, न्युजिल्यान्ड, अस्ट्रेलिया र अमेरिकातिर कामको सिलसिलामा बसोबास गर्न जाँदा रहेछन् । दशैं, तिहार र सेलरोटी भने यसरी विदेशमा गएर बसोबास गर्ने सबै नेपालीका परिचित चाड र खानेकुरा हुन् । त्यस्तै फिजीका नेपालीहरू गुन्द्रुक पनि निकै खाँदा रहेछन् ।

पहिलो पिँढीका बसाइँ-सराइ गर्नेमध्ये एकाध पुरोहित र खाना पकाउने पनि थिए

होलान्, जुन कुरा फौजमा लडाइँमा जाँदाको बन्दोबस्तीका लिस्टमा नै परेको हुन्छ । पुरोहितले पालना गर्नुपर्ने धर्म सम्बन्धी नीतिनियम तथा धर्मग्रन्थहरूमा पहिला र अहिले खासै के फरक आएको होला र ? त्यस्तै ठेट नेपाली खाना पहिले र अहिले उस्तै नै हो नि ! त्यस्तै हो भाषा पनि । अलिक ठाउँअनुसार अपभ्रंश भयो होला ! फौजमा जागिरे भएर जाँदा धेरै जातिका मान्छे सँगै गएकाले सबैको भाषा, खानपान तथा रहनसहन मिसिन गएर ठाउँपिच्छे फरक–फरक नेपालीपनको विकास हुँदै गयो । त्यस्तै आजकल विश्वभरि नै उस्तै खालको पहिरनको चलन छ, तैपनि नेपालीहरू विशेष अवसरमा दौरा–सुरुवाल, खुकुरीसहितको नेपाली टोपी तथा चौबन्दी चोलो र फरिया अनि मौलिक गरगहनामा ठाँटिएर हिँड्न रुचाउँछन् ।

पछिल्लो समयमा पढाइ तथा रोजगारीको सिलसिलामा विश्वका विभिन्न कुनामा गएर उतै घरजम गर्ने नेपालीको सङ्ख्या लाखौँमा छ । त्यसरी नेपाली जाने मुख्य थलोहरूमा भारत, अमेरिका, क्यानाडा, संयुक्त अधिराज्य, जापान, दक्षिण कोरिया, हङकङ, अस्ट्रेलिया, मलेसिया आदि हुन् भने अन्य मुलुक न्युजिल्यान्ड, जर्मनी, फ्रान्स, हल्यान्ड, स्पेन, स्विट्जरल्यान्ड, रुस आदिमा पनि हजारौँको सङ्ख्यामा नेपालीहरू स्थायीरूपमै बसोबास गरेका छन् । रोजगारीको सिलसिलामा अस्थायी तर अलिक लामो बसाइ गरिने मुलुकहरूमा सिंगापुर, मकाउ, चीन, ताइवान, अरब राष्ट्रहरू, इजरायल, तथा युरोपका अन्य राष्ट्र पर्दछन् ।

उच्च शिक्षा र प्राविधिक शिक्षाको अभावले कतिपय नेपाली विदेशमा गएर तल्लोस्तरका काममात्र गर्न बाध्य छन्, तिनको आय नेपालमा काम गर्दाको जति पनि हुँदैन कहिले–कहिले त । दुःख निकै सहनुपर्ने र शिक्षाकै कमीले गर्दा ठगिन पनि बाध्य हुन्छन् धेरै नेपाली । तर सुशिक्षित नेपालीहरूले भने विश्वका विभिन्न कुनामा गएर काम गरेर निकै नै प्रगति गरेका छन् भने कैयन् नेपाली त आफ्नो क्षेत्रका ज्ञाता भएर यश र धन दुवै कमाउन सक्षम भएका छन् । वास्तवमा उनीहरूले गरेको दुःखले आफ्ना बालबच्चालाई विदेशमा राम्रो शिक्षा हासिल गर्ने अवसर प्रदान गरेको छ । सबै नेपालबाहिरै सधैँ बस्छन् भन्ने पनि छैन । लाखौँको सङ्ख्यामा विदेश गएका नेपालीमध्ये उच्च शिक्षा हासिल गरेका केही हजार वा केही सयमात्र सन्ततिले सधैँका लागि वा बेला–बेलामा नेपाल फर्केर आफ्नो ज्ञानको केही अंशमात्र यता खर्चे भने पनि देशलाई ठूलो फाइदा पुग्न सक्छ र यस्तै नै भै पनि रहेको छ । विदेशमा कमाएको धनलाई स्वदेशमा लगानी गर्नेक्रम र सोच पनि बढ्दो छ । सरकारले पनि यो विषयमा गहिरो सोच

राखेर लगानीमैत्री वातावरण बनाइदिनुपर्छ र लगानीको सुरक्षासमेत गर्न सक्नुपर्छ । यस्ता विदेशमा बसेका नेपालीहरूलाई दोहोरो नागरिकताको समेत सुविधा दिनु जरूरी भइसकेको छ ।

उतिबेला एक पुस्ताबाट अर्को पुस्तामा सूचनाको हस्तान्तरण हुने माध्यमले नै सबैभन्दा महत्त्व राख्थ्यो भने आज आएर प्रविधिले ठूला फड्को मारेकाले नेपालमा नै बस्ने नेपालीको पनि मौलिकतामा परिवर्तन हुँदै गएर बिस्तारै फेरि विश्वभरिका नेपालीको रहनसहनदेखि लिएर बोलीचाली र लय एउटै हुँदै गएको छ । फरक यतिमात्र छ कि नेपालमा नै बस्न सबैलाई मन छ तर यहाँ रोजगारी र राम्रो आम्दानीका अवसर निकै कम छन् र विदेशमा बसेर आर्जन हुने न्यूनतम आयसमेत अधिकांश नेपालीको पहुँचबाट निकै टाढा छ । राजनैतिक भाँडभैलोले भने यो सुन्दर ठाउँलाई नरकतुल्य नै बनाइदिएको छ । अर्को चाखलाग्दो कुरा के पनि छ भने आफ्नै गाउँमा बसेर आधुनिक कृषिमार्फत वर्षभरिमा राम्रै आम्दानी घर भित्राइरहेका मानिसहरूका कथा पनि अक्सर सुनिन्छ भने दश–बाह्र हजार मासिक कमाइका लागि विदेश जानेको सङ्ख्या पनि दिनानुदिन बढ्दैछ । कारण के हुन सक्छ भने हामीकहाँ आम नेपालीलाई उत्पादन, प्रविधि तथा बजारबारे निरन्तर शिक्षा–दीक्षा दिने राम्रो निकाय सरकारी वा गैह्रसरकारी कुनैस्तरमा छँदैछैन, न त वैदेशिक रोजगार व्यवसायीहरूले विदेश जाने नेपालीलाई कुनै आधारभूत तालिम नै दिएका हुन्छन् ।

हाल नेपालबाट विभिन्न मुलुकमा बसोबास गर्न जाने नेपालीहरू खासगरी पाँच थरीका छन् । पहिलो कामदारको रूपमा विदेशिने, दोस्रो उच्चशिक्षा हासिल गर्न जाने, तेस्रो भूतपूर्व सैनिकले पाउने सुविधाअन्तर्गत सेनामा काम दिने देशमा बस्न जाने र सेनामा भर्ती भएर जाने, चौँथो विभिन्न देशमा स्थायी बासिन्दाका लागि दर्खास्त दिएर उता बस्न जाने, तथा पाँचौँ कुनै मुलुकमा गएर कानुनविपरीत बसोबास गर्ने । छैँठौँ कारण पनि बिस्तारै बन्दैछ, त्यो हो, केही ठूला–साना नेपाली उद्यमीले हालका दिनहरूमा भारतलगायत विभिन्न मुलुकमा विभिन्न उद्यम सञ्चालनमा ल्याएका छन् र तिनमा अधिकांश कर्मचारी उतैका नागरिक हुने भए तापनि केही मुख्य व्यक्ति भने आफ्ना विश्वासका राख्नुपर्ने भएकाले नेपालबाट नै लिएर जान्छन् । यसरी विदेशमा लामो समयसम्म काम गर्न जानेहरूको सङ्ख्या पनि दिनानुदिन बढ्दै गइरहेको छ ।

विभिन्न संस्थाले गरेका सर्भेक्षणहरूबाट यो थाहा हुन आएको छ कि नेपालको कुल

जनसङ्ख्यामध्ये आधा घरपरिवारको कम्तीमा एक सदस्य विभिन्न मुलुकमा काम वा अन्य सिलसिलामा जाने गर्छन् । यसरी विदेशिने नेपालीको सङ्ख्या ५० लाखभन्दा बढी नै छ र उनीहरूमध्ये करिब ४० प्रतिशत भारतमा, १० प्रतिशत विकसित राष्ट्रहरूमा र बाँकी ५० प्रतिशत अन्य मुलुकमा गएर बसोबास गर्ने गर्छन् । विप्रेषणको हकमा खाडी र मलेसियाबाट करिब ६० प्रतिशत, र भारत र विकसित मुलुकहरूबाट २०-२० प्रतिशत रकम बर्सेनि नेपाल भित्रिन्छ । विदेश गएका महिला कामदारहरूको सङ्ख्या पनि करिब ५ लाख पुगिसकेको छ र नेपालमा भित्रिने विप्रेषणमा उनीहरूको योगदान करिब १५ प्रतिशत छ । नेपालको कुल गार्हस्थ्य उत्पादनमा विप्रेषणले करिब ३० प्रतिशत हिस्सा ओगटिसकेको छ ।

विदेश जान विमानस्थल पुगेका निमुखा कामदारहरूलाई बहिर्गमनपत्र भर्ने तालिमसमेत नदिइएकाले त्यो भर्न नजानेर उनीहरू अन्यौलमा टोलाइरहेका हुन्छन्, उनलाई त्यसमा मद्दत गर्ने कुनै निकाय वा व्यक्ति भेटिँदैन र कदाचित् कुनै सहयोगीले एकजनालाई सो फारम भर्न सघायो भने उसकाअगाडि दर्शौं निरीह कामदारहरूको भीड लाग्छ, मद्दतका लागि । म पनि मद्दत गर्ने सिलसिलामा एकाधपटक फसेको छु । तर एक-दुईजनालाई मद्दत नगरी उम्कन मनले पनि मान्दैन । छोटकरीमा भन्नुपर्दा अधिकांश कामदार नेपालीको दुर्दशा र दुःख आफ्नै देशको विमानस्थलबाट सुरु हुन्छ । योभन्दा पनि पहिला जब उनीहरूको सम्पर्क विभिन्न वैदेशिक रोजगारी मिलाउने संस्थाका स्थानीय दलालसँग हुन्छ, त्यतिबेलादेखि नै उनीहरूलाई विभिन्नखाले सपना देखाउन थालिन्छ र दुर्दशाको सुरुआत हुन्छ । यस्ता रोजगारी मिलाउने सबै संस्था नराम्रा भने हुँदैनन् तर कैयन्को ठगी गर्ने धन्दाले गर्दा भने कामदार र उनका परिवार निकै महँगो ब्याजमा ऋण लिएर दुगुना-चौगुना बढी रकम तिरेर भए पनि विदेश जानका लागि तयार हुन्छन् । यदि यस्तो अवस्थामा उता पुगेर भनेजस्तो काम र पारिश्रमिक पाइएन भने त धन आर्जन गर्ने कुरा त परै जाओस्, लिएको ऋणसमेत कसरी तिर्नु र ?

प्रत्येक दिन त्रिभुवन विमानस्थलबाट मात्र सालाखाला १२-१५ सय नेपाली विदेशिन्छन् । त्यस्तै बिदामा वा सधैँका निम्ति नेपाल फर्कने नेपालीहरूको सङ्ख्या पनि दिनमा सयौँ हुन्छ । तर दुःखको कुरा दिनहुँजस्तो एकाध नेपालीका लाश पनि आइपुग्छन् विभिन्न देशबाट । अति नै गर्मी, चरम यातना, स्वस्थकर रहनसहन सम्बन्धी कुराको अनभिज्ञता, तथा दुर्घटना नै विदेशिएका नेपाली कामदारहरूको मृत्युका प्रमुख कारण

हुन् । धेरैजसा अशिक्षित कामदार गलत वैदेशिक रोजगारी मिलाउने संस्था तथा उनका स्थानीय दलालहरूको जालमा सजिलै पर्छन् र उता पुगेर अलपत्रमा पर्छन् । सम्बन्धित देशहरूले पनि यस्ता अलपत्र कामदारहरूलाई थुनामा राख्छन् । खासगरी अरब र मलेसियामा भएका हाम्रा दूतावास यस्तै अलपत्र कामदारहरूको रिहाइ र नेपाल फर्काउने समस्या सुल्झाउनमा नै धेरै जकडिइरहेका हुँदा रहेछन् । तर यसरी झुक्याएर मुग्लान पठाउने संस्था वा दलालहरूलाई हदैसम्मको सजाय भएको भने सुन्नमा आएको छैन ।

विदेशबाट नेपाल फर्कने खासगरी खाडी तथा मलेसियाजस्ता मुलुकमा काम गर्ने नेपाली कामदारहरूलाई त्रिभुवन विमानस्थल भन्सारका कर्मचारीहरूले अति नै सकस दिएको सो भन्सार पार गर्दै आउने जो-कोहीले देखेका हुन्छन् । नानाथरीका दुःख पाएर आर्जेको सानो रकमबाट घर फर्कँदा ल्याएका केही सामानमा समेत गिद्धेदृष्टि लगाएर रकम झार्ने अनेक प्रपञ्च रच्ने भन्सारका तथा अन्य कर्मचारीबाट धेरै यस्ता कामदार दिनहुँ शोषित हुन्छन् ।

आजकल वैदेशिक रोजगारीमा विदेश जाने नेपाली महिलाको सङ्ख्या पनि दिनानुदिन बढ्दैछ । कोरिया, जापान, अरब, इजरायल, साइप्रस र यीभन्दा परका राष्ट्रमा गएरसमेत काम गर्ने महिलाहरूको सङ्ख्या निकै छ । बेलाबखत उनीहरूलाई विभिन्न खाले हैरानीको सामना गर्नुपर्ने परिस्थिति पनि आउँछ । चरम हैरानीका धेरै किस्सा बेला-बेलामा सुनिन्छन् पनि । तर शिक्षाप्राप्ति र कार्यक्षेत्रमा भएका नेपाली समुदायसँग सम्पर्कमा भइराखे र हैरानीलाई नलुकाएर खुलासा गरे जहाँ बस्दा पनि उनीहरू खतरामुक्त हुन सक्छन् । महिलाहरूलाई सबैभन्दा बढी हैरानी केही कट्टरपन्थी अरब मुलुकमा हुँदा रहेछन् । अरबहरूको घरको कामकाजमा रोजगारी गर्ने धेरैजसो महिलालाई अनेकन सास्ती दिने, जबरजस्ती करणी गर्नेदेखि लिएर तलव नदिई थुनेर राख्ने र कुटपिटसमेत गर्ने गरेका कुरा यस्तै कैयन् महिलाले खुलासा गरेका छन् । सरकारले बेलाबखत यस्ता मुलुकमा महिलालाई जान नदिन विभिन्न कदम चालेको हुन्छ तर दलालहरूले एउटा देशमा रोजगारीका निम्ति लाने भनेर त्यहाँबाट अर्कै देश पुऱ्याउने गरेका पनि थाहा हुन आएको छ ।

मलेसियामा काम गर्ने कामदारहरूले घरमा रकम पठाउने क्वालालम्पुरको मेदान पासार भन्ने ठाउँ छ । त्यस्तै क्वालालम्पुरबाहिरका क्षेत्रमा काम गर्ने कामदारहरूको

घरमा रकम पठाउने व्यवस्था ती ठाउँहरूमा नै हुन्छन् । त्यहाँ प्रायः सबैजसा विप्रेषण प्रदायक संस्था र मुद्रा सटही गर्ने संस्थाका कार्यालय छन् । तलब पाएपछि अन्य मुलुकका कामदारदेखि नेपालीहरू पनि बिदाका दिन पारेर त्यहाँ पैसा पठाउन जाँदा रहेछन् । घरमा पैसा पठाएपछि कैयन् नेपाली साथीभाइहरूसँग कुराकानी गरेर आआफ्ना गन्तव्यतिर लाग्दा रहेछन् भने कतिचाहिँ त्यतै दिनभरि बसेर मद्यपान गर्ने, कोठीहरूमा जाने तथा बेहोसीमा पैसा र सामानसमेत लुटिएर चरम पश्चात्तापमा पर्ने कुरा सामान्य रहेछ । मलेसियामा लुटपाट अति नै धेरै हुने गर्दो रहेछ भने उता नोकरीमा लगाइदिने बहानामा लगेर श्रमशोषण गर्ने र विरोध गरे थुनामा पठाउने चलन सामान्य रहेछ । ठीक कम्पनीमार्फत गएका कामदारले भने राम्रै नोकरी पाएको भेटियो । ठूला-ठूला होटल तथा मलहरूमा विभिन्नखाले काम र तप्कामा कार्यरत भाग्यमानी नेपाली पनि भेटिए भने नेपाली दूतावासमा जाँदा त्यहाँ भेला भएका पीडित र उनलाई मद्दत गर्न आएका विभिन्न संस्थाका नेपालीहरू पनि भेटेँ मैले । यस्तोस्थिति यहाँमात्र हुने होइन, दक्षिण एसियाका सबै देशका कामदारहरूको यस्तै हाल रहेछ ।

माथि उल्लेख गरेजस्तै नेपालीहरूको अधिक मद्यपान गर्ने आदत र त्यसपछि हुने झैझगडाले गर्दा ठाउँ-ठाउँमा नेपाली कामदारले नचाहिँदा दुःख झेल्नुपर्ने अवस्था सिर्जित हुँदा रहेछन् । हालैको हङकङको भ्रमणमा केही दिन त्यहाँको जोर्डन भन्ने ठाउँमा बस्न गएँ । जोर्डनमा ठूलै सङ्ख्यामा नेपाली बसोबास गर्छन्, खासगरी भूतपूर्व गोरखा सैनिक र उनका सन्तान । अन्य दिनहरूमा निकै व्यस्त रहने यहाँका नेपालीमध्ये कतिजना बिदाको अघिल्लो दिन र लामा बिदाहरूमा अधिक मद्यपान गरेर झैझगडामा उत्रिँदा रहेछन् र झगडाले कहिलेकाहीँ त ठूलैरूप लिँदो रहेछ । मद्यपान निषेधित साउदी अरेबियाजस्ता मुलुकमा समेत नेपालबाटै मर्चा लुकाएर लगेर खतरनाक रसायनहरूमा मिसाई निम्नकोटीको विषादी रक्सी बनाई पिउनाले कति नेपालीको अकालमा मृत्यु भएको छ भने कतिजना खासगरी कलेजो र मृगौला रोगले थलिएका छन् । यसविपरीत कतिपय बुझेका शिक्षित नेपाली पनि छन् जो यस्ता कुकार्यबाट टाढा नै बस्छन् ।

विदेशमा उच्चशिक्षा हासिल गर्न जाने नेपालीहरूको सङ्ख्या पनि प्रत्येक वर्ष बढ्दैछ । भारत, चीन, पाकिस्तान, बाङ्लादेश, थाइल्यान्ड, फिलिपिन्स, अस्ट्रेलिया, न्युजिल्यान्ड, बेलायत, संयुक्त राज्य अमेरिका तथा अन्य मुलुकमा पढ्न जानेको सङ्ख्या धेरै हुन्छ । दक्षिण एसिया, चीन, थाइल्यान्ड, फिलिपिन्स आदिमा पढ्नेहरू

पढाइपश्चात् प्रायः स्वदेश फर्कन्छन् भने अन्य मुलुकमा जाने धेरैजसो उतै काम खोजेर बस्नेक्रम पनि बढ्दो छ । पढ्ने बहानामा विकसित मुलुकहरू पसेर उतै हराउनेको सङ्ख्या पनि निकै ठूलो छ । रूस र पूर्वसोभियत सङ्घका मुलुकहरूमा अध्ययन गर्न गएका धेरै नेपाली उतै व्यापार र अन्य व्यवसाय गरेर बसेका छन् भने कैयन्ले उतैका चेलीहरू बिहे गरेका छन् ।

हिजोआज ब्रिटिश सेनामा निकै कम नेपालीको भर्ती हुन्छ, तैपनि अवकाशप्राप्त सेना र उनका परिवार खासगरी हङकङ र संयुक्त अधिराज्यमा ठूलै सङ्ख्यामा बसोबास गर्छन् । सन् १९९७ पछि बेलायती सेनामा भर्ती भएका नेपालीहरू प्रायः बेलायतमा नै बस्छन् । सिंगापुर प्रहरीमा काम गर्ने नेपालीहरूको सङ्ख्या पनि ठूलै छ । ब्रिटिश सेना र सिंगापुर प्रहरीमा काम गरेका नेपालीलाई ब्रुनाईको राजप्रासाद सेवामा काम गर्ने अवसरसमेत मिल्ने गर्दछ । भूतपूर्व गोर्खा तथा नेपाली सेनाका भूतपूर्व सैनिकहरूको माग विभिन्न देशका सरकारी तथा गैरसरकारी निकायहरूको सुरक्षा गर्ने कार्यमा सधैँ रहन्छ ।

भारतीय सेनामा भएको गोर्खा रेजिमेन्टमा दुई किसिमका नेपालीले काम गर्दछन् - पहिलो, उतै बसोबास गरिरहेका नेपालीमूलका भारतीय र दोस्रो, नेपालबाट छानिएर गएका गोर्खालीहरूबाट । एक तथ्याङ्कअनुसार हाल भारतमा ३४ हजार नेपाली त्यहाँको सेनाको गोर्खा रेजिमेन्टमा काम गर्छन् भने अवकाश पाएर पेन्सन खाइरहेका पूर्वसैनिक वा उनका पत्नीहरूको सङ्ख्या करिब १ लाख २६ हजारको हाराहारीमा छ । भारत वा बेलायतमा भएका गोर्खा रेजिमेन्टमा काम गर्ने उताका गोरा र भारतीय अफिसरहरू प्रष्ट नेपाली बोल्न सक्ने हुन्छन् र उनीहरूमा नेपालप्रति निकै माया भएको पनि उनीहरूसँग कुरा गर्दा झल्किन्छ ।

ठूला-ठूला पानी जहाजहरूमा सुरक्षा तथा अन्य काम गर्न जाने नेपाली पनि धेरै नै हुँदा रहेछन् । अधिकांश समय समुद्रमा नै व्यतीत गर्नुपर्ने यस्ता काम गर्न त्यति सजिलो भने छैन रहेछ । एक त समुद्रको प्रवाह सधैँ एकैनासको हुँदैन, हप्तौँ, महिनौँसम्म जमिन, साथीभाइ, बजार र दोकान कतै देख्न नपाइने, खाली काम, काम र काममात्र ! धेरै मान्छेले केही समयमा नै यो काम छाड्दा रहेछन् ।

विदेशमा जन्मेका र उतै बस्ने आजका कैयन् नयाँ पिँढीलाई मौलिक संस्कारको

त कुरै छोडौँ नेपाली भाषासमेत बोल्न राम्ररी आउँदैन, थोरै बुझ्ने भए पनि । यसो हुनुमा उनका अभिभावकहरू नै दोषी हुन सक्छन् किनकि फुर्सद कम हुने भएर हो वा अन्य कारणले हो ती अभिभावकहरूले विदेशी संस्कार र भाषा नै घरव्यवहारमा समेत ल्याएकाले यो सब भएको हुन सक्छ । आफ्ना बालबच्चाले नेपाली भाषा नजानेर विदेशी भाषामात्र बोल्दा उनीहरू वास्तवमा गर्व पनि गर्दा रहेछन् । तर धेरै अभिभावकले भने आफ्ना बालबच्चालाई घरमा नेपाली भाषा र संस्कृति नै सिकाएका हुन्छन् । बाल्यकालदेखि विदेशी प्रभावमा ज्यादा परेका नेपालीहरूले मातृभूमि फर्केर सदाका लागि यतै बस्ने वा नेपाललाई सम्झिरहने या धेरै माया गर्ने कुरामा शङ्का नै गर्नुपर्ने हुन्छ । जे होस्, धेरै नकारात्मक सोच पनि नराखौँ । हामीले सोचेकै जस्ता पनि नहोलान् । किनकि आजका युवा हामीभन्दा निकैअगाडि छन् आकाशमा ज्ञानको भण्डार भएकाले ।

यदाकदा विदेश भ्रमण गर्ने अवसर मिलिरहन्छन् । धेरैअघिको कुरा नगरौँ, सन् २०१० मा न्युजिल्यान्डको भ्रमण गरेको थिएँ, भतिजीको बिहेको समारोहमा सरिक हुन । अस्ट्रेलियाको सिड्नीमाथितिरबाट पनि करिब अढाई घण्टा दक्षिणपूर्वतिर उडेपछि बल्ल अक्ल्यान्ड शहरमा जहाज अवतरण गऱ्यो । मेरा जेठा दाजु र उनको परिवार त्यता स्थायीरूपमा बस्न थालेको पनि १५ वर्ष नाघिसक्यो । सुदूरपूर्वी अनकण्टार समुद्रमा अवस्थित सो टापु राष्ट्रको भू-बनोट भने कता-कता नेपालसँग मिल्ने, भला नेपाल एक भूपरिवेष्ठित राष्ट्र नै होस् ।  एडमन्ड हिलारीको देश । सगरमाथा चढेको भएर नै उनलाई नेपाल मन परेको भने होइनजस्तो लाग्यो । मिल्दोजुल्दो दुई देशको परिवेशले पनि उनलाई नेपालमा आफूले सक्ने केही सहयोग गरौँ भन्ने भावना जागेको हुनुपर्छ, जस्तै स्विटजरल्यान्डका टोनी हेगनलाई ।

भतिजीको बिहेमा अक्ल्यान्ड र सेरोफेरोका अधिकांश नेपाली परिवार र अन्य भागमा बस्ने पनि धेरैजनाको सहभागिता थियो । त्यहाँ भेटिएका सबैजसा नेपाली उच्चशिक्षा हासिल गरेका जस्ता देखिन्थे र उनीहरूको रोजगारी पनि मध्यम वा उच्चस्तरको नै रहेछ, मतलब राम्रो कमाइ र इज्जतको । केही त्यस्ता नेपाली परिवारको घरमा गएको थिएँ । उनीहरूको जीवनस्तर राम्रै भएको पाएँ । उनका केटा-केटी अनुशासित देखिन्थे ।

नेपालबाट धेरै नै टाढा त्यो देशको उत्तरी भेगमा आदिवासी माओरीहरूको वर्चश्व

रहेछ र तिनीहरूको खानपिन र रहनसहन नेपालीको जस्तै । अति नै मोटा यी माओरी खानपिनमा निकै रुचि राख्दा रहेछन् । यिनको चरम मोटोपनले गर्दा अन्य न्युजिल्यान्डरहरूको औसत आयु निकै बढी भए पनि यिनको भने ५५ वर्षजस्तोमात्र मानिँदो रहेछ । नेपालीले रुचाउने कन्दमूलहरू यो समुदायमा पनि निकै प्रचलित रहेछ । अकल्यान्ड र न्युजिल्यान्डका अन्य उत्तरी भेगका गाउँ-शहरका महत्त्वपूर्ण ठाउँहरूको नामसमेत माओरी संस्कृतिअनुरूप नै राखिएको रहेछ ।

विवाहका केही दिन निकै नेपाली र उनका परिवारजनसँग भेट्ने अवसर पाइयो । कतिजना त मैले राम्रैसँग चिनेका मान्छे रहेछन्, जसलाई धेरै समयसम्म नदेखेकाले मैले बिर्सिसकेको थिएँ । उनीहरूको रहन-सहन तथा बालबच्चालाई दिइएको नेपालीपनको तालिमका फलस्वरूप तिनमा देखिएको अनुशासित व्यवहारले मन साँच्चै आनन्दित तुल्यायो । दाजुका एकजना भक्तपुरतिरका साथीले त विवाहको लागि "जुजु धौ" (भक्तपुरको विशेष दही) उतै तयार गरेका रहेछन् । भारतीय तथा पाकिस्तानी नपुगेको देश पनि कुनै नहुँदो रहेछ । उनीहरू बस्ने ठाउँहरूमा भने उनका मौलिक खाना तथा मर-मसला पाइने पसलहरू भइहाल्ने । नेपालीलाई मिल्ने खाद्य पदार्थ त्यहीँ उपलब्ध भइहाल्ने । अनि के चाहियो ! बिहेमा समेत भारतीय मन्दिर र पुरोहितको उपयोग गरी निकै तामझामका साथ बिहे सम्पन्न भयो ।

त्यहाँका घरहरू पनि यथेस्ट ठाउँ तथा बारी-बँगैचा भएका हुँदा रहेछन् । यस्ता ठूला-ठूला बस्ने ठाउँको सुविधा बेलायतका घरहरूमा पनि हुँदैनन् तर अमेरिका तथा अस्ट्रेलियाका कैयन् ठाउँमा भने नेपालीहरू यस्तै खाले खुला तथा ठूला घरमा बस्दा रहेछन् ।

न्युजिल्यान्डका गाउँघरतिर कृषि तथा पशुपालन पनि ठूलैस्तरमा हुँदो रहेछ । एकडका एकडमा एकै प्रकारको खेती, भेँडा तथा गाई पालन, अंगुर खेती, घाँसे मैदान आदि इत्यादि । त्यसैले पो यो देश ऊन र ऊनबाट बन्ने लुगा, दूध तथा सोबाट बन्ने खाद्य जस्तै चीज, मख्खन, धुलो दूध, वाइन, मासु आदिमा विश्व प्रसिद्ध रहेछ ।

जनसङ्ख्या निकै कम भएको यो राष्ट्रमा विदेशीहरूलाई अन्तजस्तो हेला गर्दा रहेनछन् । हाल उच्चशिक्षाका लागि न्युजिल्यान्ड पनि महत्त्वपूर्ण गन्तव्य बन्दैछ भने त्यहाँ स्थायी बसोबास गर्ने र विद्यार्थी सबै जोड्ने हो भने नेपालीहरूको सङ्ख्या लगभग १० हजारको हाराहारी पुगिसकेको रहेछ । न्युजिल्यान्ड जाने पहिलो नेपालीमा संस्कृतिविद् सत्यमोहन

जोशीलाई मानिँदो रहेछ । उनी सन् १९५० को दशकमा उता गएका रहेछन् ।

हालसालै म संयुक्त अरब इमिरेट्सको भ्रमणमा निस्केको थिएँ । सन् १९७१ मा सातओटा अमिरातहरू मिलेर बनेको यो राष्ट्र खाडीका राष्ट्रमा रोजगारीका निमित्त जाने नेपालीहरूको पहिलो रोजाइ हुन पुगेको छ । आबुधावी, अज्मान, दुबई, फुजइराह, रास अल खैमा, सारजाह र उम अल कुवाइन मिलेर बनेको यो देशमा खासगरी आबुधावी, दुबई र सारजाहमा धेरै नेपाली काम गर्दा रहेछन् । अकुत धन-सम्पत्ति भएको यो मुलुकका जनता पनि निकै शिक्षित र आरामदायी जिन्दगी बिताइरहेका रहेछन् भने सुविधाको हिसाबले यहाँका शहर युरोपका शहरहरूभन्दा कम रहेनछन् । १९५०-६० तिर तेलखानीहरू सञ्चालनमा आएपछि विकास हुन थालेका खाडीका मुलुकहरू मरुभूमिबाट सर्वसुलभ बस्तीहरूमा परिवर्तन हुँदै गएका धेरै भएको छैन । यस दौरान रहनसहनमा मात्र परिवर्तन नभई यी अरबहरू निकै शिक्षित पनि भइसकेको भेउ मैले यस पटकको भ्रमणमा पाएँ ।

संयुक्त अरब इमिरेट्समा मात्र करिब पाँचलाख नेपाली बसोबास गर्दारहेछन् । नेपाली कामदारहरू निकै इमान्दार र सोझा हुने भएकाले यिनलाई त्यहाँ निकै रुचाउँदा रहेछन् । आबुधावी र दुबईका सुरक्षा गार्ड तथा ट्याक्सी चालकमा नेपालीहरूको सङ्ख्या बिस्तारै बढ्दै गएको रहेछ । यस्तो काममा आम्दानी पनि राम्रै हुने रहेछ । ठूला-ठूला मल, फास्ट फुड पसल तथा बारहरूमा पनि नेपाली कामदारको माग निकै रहेछ । मलहरूका काउन्टरमा नेपाली महिला कर्मचारीहरू पनि निकै भेटेँ ।

धेरै नेपालीसँग कुरा गर्दा खानपिनका लागि समस्या नहुने, आम्दानी पनि राम्रै हुने तर कोठा भाँडा अति नै महँगो भएकाले सात-आठजनासम्म एउटै कोठामा बस्न बाध्य भएको कुरा बताए । तर कुनै-कुनै कम्पनीले भने बस्ने पनि सुविधा दिएका हुँदा रहेछन् । वातानुकूलितस्थानहरूमा काम गर्न निकै सजिलो भए पनि निर्माण क्षेत्र तथा खुला ठाउँमा काम गर्नेहरूले भने निकै सकस भोग्नुपर्दोरहेछ, किनकि गर्मीमा यहाँ ५२-५५ डिग्री सेन्टिग्रेडसम्म तापक्रम पुग्दोरहेछ । त्यस्तै, सबैले आफूले भनेजस्तै काम पनि पाउँदा रहेनछन् । यहाँबाट एउटा काम र तलब भनेर लैजाने र उता पुगेपछि अर्कै काम र निकै कम तलब र त्यो पनि समयमा नपाइने । यस्तो अवस्थाको सामना गर्नुपरेर दुःख पाएका तथा थुनामा समेत परेका नेपाली पनि हजारौँको सङ्ख्यामा रहेछन् । हुन त नेपालीहरूको कल्याण र मद्दतका लागि त्यहाँ नेपाली समुदायहरू

पनि खोलिएका रहेछन् तर जहाँतहीँ राजनीतिको प्रभावले गर्दा होला संयुक्त अरब इमिरेट्समा मात्र यस्ता समुदाय सयभन्दा धेरै सङ्ख्यामा रहेछन् । पार्टी, जिल्ला, जातपात, आदिका आधारमा आआफ्ना समुदाय । यस्ता समुदाय सबै एक भएर एउटा बृहत् महासङ्घ बनाउन सके ५ लाखभन्दा बढी कामदारको हितका लागि अझ धेरै काम गर्न सकिने थियो कि ?

विदेशमा गएको बेला नेपालीहरू खुशी भएर हिँडेका, विशाल बजार तथा अन्य ठाउँमा ठाटसँग काम गरिरहेका र बिदाका दिन खुशीसाथ घुमफिर गरिरहेका देख्दा जोकोहीलाई पनि रमाइलो लाग्नु स्वभाविक नै हो । कतारको दोहा विमानस्थलमा संयुक्त अरब इमिरेट्सका लागि विमान कुरेर बस्दा विमानस्थलभित्र सयौँ नेपाली दाजु-भाइ तथा दिदी-बहिनी सुरक्षादेखि वारूण यन्त्र र अन्य निकायका भिन्दा-भिन्दै पहिरनसहित हाँसखेल गरेर काम गरिरहेको देख्दा निकै खुशी लागेको थियो । त्यस्तै दुबईको र्‍याडिशन ब्लु भन्ने होटलमा बस्दा त्यहाँका तल्लादेखि मझौलातहसम्मका कैयन् कर्मचारी र त्यहाँको व्यायामशालाका एकजना गुरु नै पनि नेपाली भेट्दा खुशीले गद्गद भएको थियो मेरो मन ।

हालै पोखरा गएर फर्कन विमान कुर्नेक्रममा एकजना अमेरिकामा काम गरिरहेका अर्बुद रोगका वरिष्ठ विशेषज्ञ नेपाली चिकित्सकसँग भलाकुसारी गर्न पाउँदा निकै खुशी लाग्यो । उनकै भनाइमा उता विभिन्न रोगका वरिष्ठ विशेषज्ञ नेपाली चिकित्सक धेरै भएको र उनीहरूले निकै राम्रो काम गरिरहेको बताए । अन्य विधामा समेत नेपालीहरूले निकै विशेषज्ञता हासिल गरेर ख्याति पाइरहेको कुरा पनि उनले बताए । जति व्यस्त भएर उता काम गरे पनि बेलाबेलामा आफ्नो देश, गाउँ-घरको याद आइहाल्ने भएकाले यो पटक दशैँसमेत पारेर पोखरादेखि पुनहिलसम्मको पदयात्रामा समेत सरिक भएको उनले बताए ।

केही वर्षपहिले म संयुक्त अधिराज्यको भ्रमणमा गएको थिएँ । त्यहाँ भूतपूर्व गोरखा फौजीका परिवार ठूलै सङ्ख्यामा बस्छन् । लन्डनका धेरै क्षेत्रमा यस्ता नेपालीहरू बसोबास गर्छन् । पेन्सन पाएर बसेका भूतपूर्व गोरखा तथा उनका पत्नीहरूमध्ये धेरैजना अवकाशप्राप्त जीवन नै व्यतीत गरिरहेका छन् भने केही खासगरी परोपकारी कार्यहरूमा ज्यादा समय खर्चँदा रहेछन् । उनका छोराछोरीहरू कमाइमा लागेका छन् र निकै मेहनतका साथ काम गर्छन् भने नाति-नातिना जो धेरैजसो उतै जन्मे,

उनीहरू उतैका विद्यालयमा पढाइ-लेखाइ गरिहेका छन् । यसरी पुस्तैपिच्छेका आआफ्ना दिनचर्या छन् त्यहाँ । बेलायतमा हाल करिब डेढ लाखको हाराहारीमा नेपालीहरू बसोबास गर्छन् । हालै केही समयअघि बेलायतको केन्टस्थित स्वान्ली टाउन काउन्सिलमा त शंकर गैरे भन्ने नेपालीमूलका व्यक्ति मेयरसम्म भए ।

वृद्ध-वृद्धाहरूलाई धेरै प्रकारका सुविधा पनि दिँदो रहेछ त्यहाँको सरकारले । तर जति सेवा गोरखा सेनाले ब्रिटिश साम्राज्यका निम्ति गर्‍यो, त्यसको बदलाको सानो गुन लगाउन पनि बेलायतले कञ्जुस्याइँ गरेका उदाहरण धेरै छन् । बेलायतले नेपालीहरूलाई जति माया र सद्भाव देखाए पनि त्यो कम हुन्छ, किनकि लाखौँ नेपालीले बलिदान दिएर बेलायतलाई आजको यस्तो धनी र समृद्ध राष्ट्र बनाएका हुन् ।

बेलायत र फ्रान्सको सरकारीस्तरमा पहिलो भ्रमण तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर कुँवर राणा र उनको भ्रमण टोलीका पदाधिकारी, सुरक्षा गार्ड, वैद्य, चित्रकार, भान्से, तथा सहयोगीहरूसहित ४१ जनाले सन् १८५०-५१ मा गरेका हुन् । त्यतिबेला आजजस्तो हवाईजहाजमा बसेर १०-१२ घण्टामा बेलायत पुग्ने कल्पना पनि सायदै कसैले गरेका थिए होलान् । जङ्गबहादुरको टोलीलाई काठमाडौंबाट बेलायत पुग्न झन्डै अढाई महिना लागेको थियो । यात्राको सुरूमा थानकोट हुँदै चिसापानीगढी र त्यसपछि पत्थरघट्टासम्म उनी र उनका भ्रमण दल पाल्की, घोडा र पैदलयात्रा गरी गएका थिए । विश्रामका बेला त्यहाँ दुई हप्तासम्म शिकार खेल्न पनि उनले भ्याएका रहेछन् । त्यहाँबाट पटनासम्म पुग्न यो टोलीलाई ७ दिन लागेको थियो रे ! पटनादेखि कलकत्तासम्मको सफर गंगाजीमा स्टिमर चढेर सुन्दरवन र ढाका हुँदै ११ दिनमा पूरा गरेका रहेछन् । कलकत्ता शहर घुमिसकेपछि नै त्यहाँका कपडा तथा अन्य कलकारखाना र मनोरञ्जन दिने ठाउँहरू तथा कलकत्ता शहरको भव्यता देखेर जङ्गबहादुर तथा उनका टोली आश्चर्यचकित भइसकेका थिए । २२ दिनको कलकत्ताको बसाइमा उनले उडिसाको पुरीस्थित जगन्नाथको मन्दिरमा पूजा गर्नसमेत गए ।

जङ्गबहादुरको बेलायत यात्राको समयमा भारतमा मोटरगाडी वा रेल सेवा सुरू भएको थिएन । भारतमा रेल सेवा सुरू भएको सन् १८५३ मा हो । पहिलो रेल सेवा मुम्बईदेखि थानेसम्म सञ्चालन गरिएको थियो । आज भारतीय रेल विश्वकै ठूला रेल सेवा सञ्जालहरूमध्ये पर्दछ । करिब सवा एकलाख किलोमिटर रेलमार्गसहित ६७ हजार किलोमिटरको सेवा मार्ग, ७ हजारभन्दा बढी रेल बिसौनी भएको भारतीय

रेलमा १४ लाखभन्दा बढी कर्मचारी काम गर्छन् भने वर्षमा यो रेल प्रणालीले ८ अरबभन्दा बढी यात्रु ओसार्छ । दैनिक २० हजार रेल भारतभरि दौडिरहेका हुन्छन् भने तीमध्ये १२ हजार ५ सयओटाले यात्रु र बाँकीले सामान ओसार्छन् । डिजेल र विद्युतीय रेलहरू बराबरजस्तो सङ्ख्यामा छन् भने नगण्य करिब ५० वटा वास्पइन्जिनका रेल अझै पनि सञ्चालनमा छन् । भारतमा त्यतिबेला रेल नभए पनि जङ्गबहादुर र उनका भ्रमणदलले बेलायतको साउथ्याम्प्टनदेखि लन्डनसम्म पहिलो पटक रेलमा सफर गरेका थिए । तर त्यतिबेलासम्म बेलायतमा पनि मोटरगाडी थिएन । मोटरगाडीको व्यवसायिक थालनी सन् १८९० मा भएको हो ।

कलकत्ताबाट ठूलो पानीजहाजमा सवार भएर ६ दिनपछि उनीहरू भारतको दक्षिणपूर्वमा पर्ने चिनापट्टन (मद्रास/चेन्नाई) पुगे । रसद, पानी र जहाजलाई चाहिने कोइला भरेर जहाज भोलिपल्ट सिलोन (श्रीलङ्का) का लागि रवाना भयो । हावाले बेला-बेलामा पानीको विशाल लहर निकाल्दा जहाज पानीमा एकदम माथि-तल र दायाँ-वायाँ ढल्केर निकै हल्लन्थ्यो । धेरै यात्रु यस्तो बेलामा रिङ्गटा लागेर वमन गर्ने र बिरामी हुने गर्थे तथा उनमा खाना खाने रुचिसमेत घट्दै जान्थ्यो । बिछौनामा सुतेका कैयन् यात्रु त यस्तो अशान्त हावा-पानीले गर्दा हुत्तिएर भुइँमा लड्ने पनि गर्थे । खुला समुद्रमा कतै पनि आकाश र पानीबाहेक जमिन नदेखिने र यस्तो परिस्थितिको सामना नेपालीहरूले पहिलो पटक गरेकाले उनीहरूमा एक प्रकारको डर र त्रास नै पैदा भएको थियो । उनीहरूले ह्वेल र अन्य समुद्री प्राणी पहिलोचोटि देखेको पनि यही भ्रमणमा थियो । कुनै किसिमको काम नभएको यस्तो परिस्थितिमा हावापानी शान्त भएका बेला भने जङ्गबहादुरको दिनचर्या बातचित गर्ने, नाचगान हेर्ने र निशानाबाजीमा नै सीमित हुन्थ्यो । पानीमा खाली बोतल फ्याँकेर उनी दिनमा ३ सय राउन्डसम्म गोलीको निशाना हान्थे रे र अधिकांश ठीक ठाउँमा नै लागेको देखेर जहाजमा सवार सयौं बेलायती चकित पर्थे रे ! त्यतिबेला जङ्गबहादुरको उमेर ३३ वर्षको थियो । उनको जन्म सन् १८१७ मा भएको हो । जङ्गबहादुर चढेको सो जहाज ३ सय फिट लामो, ७५ फिट चौडा, तथा ७ तल्लाको थियो । यो जहाजमा करिब १२ सय यात्री अट्थे । त्यतिबेला पनि बेलायतले यति धेरै विकास गरिसकेको थियो भने भारतमा समेत आफ्नो वर्चश्व कायम गर्न र आर्थिक गतिविधि बढाउन खासगरी पूर्वाधार विकास र सैन्य विस्तारमा निकै ठूलो धनराशी खर्चेको थियो ।

चिनापट्टनबाट श्रीलङ्का पुग्न ७ दिन लागेको थियो । यी सबै ठाउँ पुग्दा त्यहाँका

गभर्नरहरूले उनको ठूलो स्वागत गरेका थिए भने हरेक ठाउँमा स्वागत गर्न र उनलाई हेर्न आउने मान्छे लाख–सवालाखको सङ्ख्यामा नै हुन्थे । दुईदिन श्रीलङ्कामा रोकिएको जहाज ८ दिनपछि त्यहाँबाट पश्चिममा अवस्थित अनकन्टार टापु एडेन पुगेको थियो । बेलायतको अधीनमा भएको यो टापुबाट ८ दिन लगाएर सो जहाज मिश्रको स्वेज पुग्यो । त्यतिबेला मिश्र स्वायत्त मुलुक भए पनि टर्कीको अट्टोमन साम्राज्यको अधीनमा नै पर्दथ्यो र अहिलेजस्तो स्वेज नहर नभएकाले भारतबाट गएका जहाजको अन्तिम गन्तव्य यही नै थियो । स्वेज नहर सन् १८६९ देखि सञ्चालनमा आएको हो । यो नहरले भूमध्यसागरलाई लाल सागरसँग जोड्ने काम गर्दछ ।

स्वेजदेखि कायरो हुँदै अलेक्जेन्ड्रियासम्मको ६० माइलको यात्रा छ घोडे बग्गीहरूमा र नाइल नदीमा ठूला डुङ्गाहरूमार्फत तय गरिएको थियो । त्यतिबेला भ्रमण टोलीले जता हेरे पनि अति नै गरम मरूभूमिसिवाय केही नदेखिने अवस्थाको पनि अनुभव गरे । अलेक्जेन्ड्रियामा पनि त्यहाँका राजाले जङ्गबहादुरको ठूलो स्वागत गरेका थिए । एकदिनको बसाइपश्चात् बेलायतबाट आएको ठूलो पानीजहाजमा बेलायतका लागि यात्रा फेरि सुरु भयो र ७ दिनसम्म भूमध्यसागरमा जहाज निरन्तर अघिबढेपछि उनीहरू माल्टा पुगे । माल्टाबाट जिब्राल्टर पुग्न ३ दिन लाग्यो भने त्यहाँबाट बेलायतको साउथ्याम्प्टन पुग्न अर्को ४ दिन । यसरी १५ जनवरी १८५० मा काठमाडौंबाट रवाना भएका जङ्गबहादुर र उनको भ्रमण दल २५ मे १८५० मा बेलायत पुग्यो । हेर्दा चार महिनाभन्दा बढी लागेको देखिए पनि करिब दुईहप्ता नेपालमा सिकार खेलेर बसेको र एक महिना भारतमा नै बसेकाले उनलाई बेलायत पुग्न लागेको खास समयचाहिँ अढाई महिनाजति हो । आज बेलायत पुग्न काठमाडौंबाट सीधा हवाईसेवा भएको भए एघार घण्टाजतिमा पुगिन्थ्यो भने हाल सीधा सम्पर्क नभएकाले दिल्ली, दोहा, मस्कट, दुबई, इस्तान्बुल वा यस्तै ट्रान्जिटमा जहाज बदल्ने समयसमेत जोड्दा करिब १३–१४ घण्टामा पुगिन्छ ।

रोजगारीकै निम्ति बेलायत पुगेका कैयन् नेपाली आफ्नै व्यवसाय चलाएर पनि बसेका छन् भने कतिचाहिँ अन्य काम गर्छन् । रेस्टुरेन्ट र ट्राभल एजेन्सी खोल्ने नेपाली पनि प्रशस्तै रहेछन् । संयुक्त अधिराज्यका प्रायः सबै ठाउँमा नेपालीहरू बसोबास गर्छन् । स्कटल्यान्डमा पनि ठूलै सङ्ख्यामा नेपाली सपरिवार बसोबास गर्छन् । कैयन् नेपाली वर्षौं–वर्ष विदेशमा राम्रैसँग स्थापित भएर बसे पनि उनले आफ्ना पत्नीलाई अझै पनि उता लग्न सकेका छैनन् भिसाको झमेलाले । विदेश गएका केही महिलाका

पतिहरूको पनि यस्तै अवस्था छ । यो समस्याले भने उनीहरूलाई निकै नै पिरोलेको छ भने कति यस्ता दम्पती पनि छन् जसले भने यस्तो विषम परिस्थितिको समेत फाइदा लिएर दुवैतिर आर्थिक उपार्जनका बाटाहरू समातेका छन् ।

दशैँ-तिहारको समयमा गएकाले त्यहाँ यो चाड मनाएको पनि हेर्न पाइयो । चाडबाडको बेला नेपालकै जस्तो माहोल नभए पनि उता विभिन्न सामाजिक तथा सांस्कृतिक जमघटहरू गर्दा रहेछन् नाच-गान तथा भोज-भतेर गरेर । दशैँको दिन आफ्ना नातेदार, अग्रज तथा साथीभाइकहाँ जम्मा भएर टीका-टालो गर्ने, खसीको मासु पकाउने, सेल-रोटी बनाउने, खानपिन गर्ने र मिलेमा तास पनि खेल्ने । अरू बेला सबैजना काममा एकदम व्यस्त हुने भएकाले यही बेला दुःख-सुखका कुरा गर्ने, हँसी-ठट्टा गर्ने गर्दा रहेछन् । नेपालमा जस्तो उता दशैँको लामो बिदा हुने त कुरै भएन । दशैँ मनाउन या त आफैँ बिदा लिनुपर्‍यो, वा बिहान र बेलुकीको समयमा काम गरेर दिउँसो खाली राख्नुपर्‍यो । केही परिवार नेपालतिर पनि जाँदा रहेछन् दशैँ-तिहार मनाउन । यहाँजस्तो दशैँको साइतमा टीका लगाउने कुराले त्यति माने राख्दैन रहेछ त्यता, बरु कतिले आफूले जानेको र सकेको हिसाबमा नवरात्रिको पूजा गरेर जमरासमेत राख्दा रहेछन् । नेपाली पुरोहित भएका ठाउँमा पुरोहित नै घरमा आउने वा आफू पुरोहितकहाँ गएर पहिलो टीका उनीसँग लगाउने पनि गर्दा रहेछन् ।

दशैँ, तिहार तथा अन्य चाडपर्व पारेर नेपालबाट साङ्गीतिक, नृत्य, अभिनय तथा अन्य मनोरञ्जनसहितका टोली विभिन्न मुलुकमा भ्रमण गरेर त्यहाँ बस्ने नेपालीहरूका सामु आफ्ना कला प्रदर्शन गर्ने गर्दछन् । यसरी नेपाली कलाकारहरू पनि यस्तै कामका सिलसिलामा विश्वका कैयन् मुलुकको भ्रमणमा गइसकेका छन् भने कैयन् कलाकार यस्तै कार्यक्रमहरूमा विदेश जाँदा उतै पलायन भएका छन् । हुँदा-हुँदा केही म्याराथुन धावक त एकपटक जापानमा दौड्दा-दौड्दै बेपत्ता भएको खबरसमेत आएको थियो ।

यस्तै हङकङमा क्रिसमसताका जाँदा मङ्सीर पूर्णिमाका दिन किरातीहरूको साकेला उधौलीपर्व भव्यतासाथ मनाएको हेर्न पाइयो । यस्तै वैशाख पूर्णिमामा उभौलीपर्व पनि यसैगरी मनाइन्छ । यी पर्वहरू किरातीहरूले प्रकृति र पुर्खाको पूजा गरेर मनाउँछन् । पर्वको दिनभन्दा केही समयअगाडिदेखि नै सुनका पारम्परिक गहना त्यहाँस्थित नेपाली गहना पसलहरूमा किन्न आउनेको भीड लाग्दो रहेछ । त्यस्तै किरातजातिको मौलिक लुगा-कपडाहरू सिलाउनेको पनि लस्कर । साकेला सिलीको प्रदर्शन तथा सांस्कृतिक

कार्यक्रममा भाग लिनका लागि केही समयअघिदेखि नै विशेष तयारी सुरु हुँदो रहेछ । हङकङको मङ्की हिल भन्ने ठाउँमा हुने सो कार्यक्रममा भाग लिन हजारौँ नेपाली त्यहाँ पुग्दा रहेछन् । साकेला सिलीको प्रदर्शन, सांस्कृतिक झाँकी, गीत-सङ्गीत कार्यक्रम तथा खानपिनको भव्य व्यवस्था । निकै ठूलो भीड, नेपाल नै पुगेको जस्तो । यहाँ पनि अधिक मद्यपान र भीडभाडले गर्दा केही हल्का व्यवधान र महिलाहरूको गरगहना हराउने अवस्थाको सिर्जना । गतवर्ष त कार्यक्रमको भिडियोसमेत ड्रोनको प्रयोगबाट खिचिएको थियो । यसो गर्नेमा मेरै परममित्र देवमान लिम्बू तथा उनका सहयोगीहरू थिए ।

त्यतिबेला हामी दम्पती नै हङकङ भ्रमणमा गएका थियौँ, हाम्रो विवाहको तीसौँ वर्षगाँठ मनाउन । उनको बाल्यावस्थाको करिब चौध वर्ष हङकङमा नै बितेको थियो, बाबा ब्रिटिश सेनामा कार्यरत भएकाले । उनले बाल्यकाल बिताएको र अध्ययन गरेको ठाउँ सेकंग भिलेजसम्म पुऱ्याएर डुलाउन पाउँदा मेरो मन पनि निकै खुशी भएको थियो र उचित उपहार दिएको महसुस भएको थियो । क्रिसमसको साँझ उता बस्ने धराने साथीहरूले त्यहाँको एउटा प्रख्यात कोरियन रेस्टुरेन्टमा लगेर रात्रिभोजको आयोजना गरेका थिए । निकै स्वादिलो कोरियन खाना र उतैको मदिरा ।

यी सबै मुलुकमा बस्ने नेपालीहरूको उपभोगका लागि धेरै नेपालीले रेस्टुरेन्ट, ट्राभल एजेन्सी तथा नेपाली सामानहरू पाइने पसलसमेत खोलेर बसेका छन् भने कति ठाउँमा नेपाली पत्र-पत्रिकासमेत प्रकाशन गर्छन् र ती ठाउँका समाचार राखेर अनलाइन पत्रिकाहरूसमेत निकाल्छन् । त्यस्तै ती ठाउँहरूमा बेलाबखत नेपाली चलचित्र, गीत र सङ्गीतका कार्यक्रम लिएर जाने नेपाली पनि धेरै छन् । करिब साँढे दुईदशक अघिसम्म पनि खासगरी विदेशी पर्यटक र सरकारी तथा गैरसरकारी सभासम्मेलनमा जाने नेपाली र केही धनाढ्य तथा कूटनीतिक समुदायलाई लक्षित गरेर चलाइएका अन्तर्राष्ट्रिय विमान सेवाहरूको नेपाल उडान आज आएर कैयन् गुणा बढेको छ । यसको मुख्य कारण नै कामदार नेपालीहरूको ओहोर-दोहोर निकै बढेकोले हो । त्यस्तै देशमा राजनैतिक द्वन्द्वमा क्रमिक गिरावट आई निकै हदसम्म शान्ति छाइसकेकाले पनि हालका दिनमा विदेशमा स्थायी बसोबास गर्ने नेपालीहरूको मातृभूमि आउनेक्रम निकै बढेको छ ।

आज दुनियाको जुनसुकैस्थानमा पुगेर पनि नेपालीहरू बसोबास गरेका छन् । कतै धेरै नेपाली हुन्छन् त कतै निकै कम । तर जसोतसो गरेर पनि उनीहरूले प्रत्येक चाडपर्व

मनाएकै हुन्छन् र आफ्नो संस्कृति बचाउन योगदान गरेकै हुन्छन् । यसरी विदेशमा बृहत्रूपमा मनाइएका नेपाली चाडबाडहरूमा बिस्तारै त्यताका स्थानीय व्यक्तिहरूसमेत सामेल भएर मनाउन थालेको पाइएको छ । नेपालीहरूले आफ्ना स्थानीय विदेशी साथी–सँगीलाई पनि बोलाएर, चाडको महत्त्वबारे बताएर चाड मनाउँदा उनमा पनि नेपाल घुम्न आउने चाहना कसो नबन्ला मनमा । हङकङका माथिउल्लेख गरिएजस्ता बृहत् कार्यक्रमहरूमा नेपाल पर्यटन बोर्डले पनि मद्दत तथा सहभागिता जनाइदिएमा यसबाट नेपालको पर्यटन विकासमा पनि निकै ठूलो योगदान पुग्ने थियो ।

मुलुकको विषम आर्थिक परिस्थितिहरूमा पनि विदेशमा बसेका नेपालीले पठाएको विप्रेषणका कारण अर्थतन्त्र नराम्रोसँग डगमगाउन परेको छैन । अहिले आएर कैयन् धनाढ्य गैरआवासीय नेपालीले स्वदेशका कैयन् महत्त्वपूर्ण आयोजनामा लगानी गरिरहेका छन् । लगानीमैत्री वातावरण र लगानीको सुरक्षाको प्रत्याभूति गराउन सके यस्ता लगानी झनै बढ्दै जाने पक्का छ । आज गाउँघरमा खासगरी युवा पुरुषहरूको निकै कमी देखिए पनि उनीहरूले पठाउने गरेका रकमले बिस्तारै पक्की घर खडा हुँदैछन्, थोर–बहुत खेत र चौपाया थप्न सकिएको छ, बालबच्चा स्कुल जान थालेका छन्, घरमा मीठो र पौष्टिक खाना पाक्न थालेको छ, बाबा–आमा बिरामी पर्दा अस्पतालमा गएर जँचाउन सकेका छन् र गृहिणीले समेत राम्रा लुगा र गरगहना लगाउन पाएका छन् । यही होइन र आधारभूत आवश्यकताको पूर्ति भनेको ? बाँकी सडक, बिजुली, सञ्चार, बजार, शिक्षा, स्वास्थ्य, तथा अन्य पूर्वाधारको विकास गर्ने त केन्द्रीय र स्थानीय सरकारले नै त हो नि !

विदेशबाट फर्केका कामदारले उताबाट सिकेको सीप र आर्जेको धनले यतै अझ बढी फाइदा हुने काम गर्दैछन् । विदेश जानुअघि उनीहरूमध्ये कतिजना त अल्छी अनि काम नपाएर कुलतमा फस्दै गएका थिए भने उताबाट फर्केपछि उनीहरूमा काम गर्ने जाँगर अति नै बढेको पाइन्छ । त्यस्तो बिरानो परदेशमा त त्यस्ता–त्यस्ता काम गरियो भने आफ्नै देशमा बसेर मेहनत किन नगर्ने भन्ने जोश पनि जागेर आएको हुन्छ ।

आजको युगमा कूटनीतिक नियोगहरूको काम र कर्तव्यको परिभाषा नै बदलिइसकेको छ । आजका नियोगहरूको मुख्य काम भनेको आर्थिक कूटनीति गर्ने हो । दुईदेशबीच व्यापार कसरी बढाउने, आफ्नो देशमा विदेशी प्रत्यक्ष लगानी कसरी भित्राउने, पर्यटन प्रवर्द्धन कसरी गर्ने, तथा ती देशमा कार्यरत नेपाली कामदारहरूको हितमा

काम कसरी गर्ने भन्ने हो । त्यसैले पहिलेको जस्तो कुन अवसरमा कस्तो पोशाक लगाउने, काँटा-चम्चा कसरी चलाउने, वाइन र रक्सी कसरी पिउने, आदि इत्यादि सामन्ती कूटनीतिको जमाना गइसकेको छ । मैले केही वर्षपहिले मलेसिया गएको बेला त्यहाँको नेपाली दूतावासका कर्मचारीले दिनरात त्यहाँस्थित नेपाली समाजका पदाधिकारीहरूसँग मिलेर थुनामा परेका र अलपत्र परेका नेपालीहरूलाई मद्दत गर्न गरेको प्रयत्न देखेको छु । हो, त्यस्तो कूटनीति चाहिएको छ आजको जमानामा । सरकारले पनि त्यसरी अलपत्र परेकाहरूलाई नेपाल फर्काउन लाग्ने रकमको एउटा कोष नै खडा गरेर राख्नु जरूरी छ भने अलपत्र परेको कारणसहित दोषीलाई कडा सजाय दिने व्यवस्था पनि गर्नुपर्छ । विदेशमा काम गर्न जानु नराम्रो होइन । निकै समृद्ध मुलुकका बासिन्दा पनि विदेशमा कामका लागि जान्छन् । तर सरकारले त्यस्ता व्यक्तिलाई आवश्यक तालिम दिने, सुसूचित गर्ने र उनीहरूको सुरक्षाका लागि सक्दो प्रयास गर्ने काम गर्नुपर्छ ।

स्वदेशी तथा वैदेशिक रोजगारीका लागि आवश्यक पर्ने सीपको तालिम दिने निकायहरू सरकारले खोल्नुपर्छ भने, निजी क्षेत्रद्वारा खोलिएका यस्ता निकायहरूको नियमित अनुगमन गर्नुका साथै यिनलाई प्रोत्साहनसमेत दिनुपर्छ । हुन त सरकारका विकास कार्यक्रममा पनि हरेक वर्ष यस्ता तालिम कार्यक्रमहरू समावेश गरिएका हुन्छन् तर न त सरकारी कार्यक्रम त्यति प्रभावकारी भएका छन् न ती यथेस्टमात्रामा गाउँ-गाउँसम्म पुग्न सकेका नै छन् ।

नेपालमा वैदेशिक रोजगारी मिलाउने अधिकारप्राप्त संस्थाहरूको सङ्ख्या करिब ८ सय पुगिसकेको छ । अनधिकृत संस्थाहरूको त कुरै नगरौँ । यीमध्ये अधिकांश संस्थामा कामदारहरूलाई यथेष्ट तालिम दिने कुनै व्यवस्था हुँदैन । एकाधमा भने केही दिनको छोटो तालिम दिने गरिन्छ । देशभित्रका वैदेशिक रोजगारीका संस्थाहरूले पनि विदेशका भरपर्दा रोजगारीप्रदायक संस्थादेखि लिएर ठूला-साना एजेन्टका भरमा कामदार पठाउनुपर्छ । उताका संस्थाहरूबाट धोखा भयो भने यहाँका राम्रा संस्थालाई पनि कामदारको उद्धार गर्न निकै मुश्किल हुन्छ । चीन र भारतजस्ता राष्ट्रबाट पनि लाखौँको सङ्ख्यामा दक्ष कामदारहरू विभिन्न मुलुकमा काम गर्न गइरहेका हुन्छन् । वैदेशिक रोजगारीबाट हुने आमदानीले हाम्रोजस्तो राष्ट्रमा ठूलो महत्त्व राख्छ । त्यसैले वैदेशिक रोजगारीका लागि आवश्यक सबै पूर्वाधारको व्यवस्था सरकार र विभिन्न सरोकारवालाहरूको संयुक्त प्रयासमा हुनु अत्यन्त जरूरी छ ।

# धरानको बसाइ

सन् १९९७ देखि २०१६ सम्म म एक बैंकमा कार्यरत थिएँ । सो बैंकको धरान शाखा खुल्नुभन्दा करिब अढाइ महिनापहिले (सन् २००३ जून) मलाई मेरा अग्रज किशोर महर्जनले उनको कार्यकक्षमा बोलाएर धरानमा शाखा खुल्न लागेको र मलाई त्यहाँ शाखा प्रबन्धकको रूपमा व्यवस्थापनले छनौट गरेको तथा यो एउटा राम्रो अवसर भएको पनि बताए । बैंकका निकै वरिष्ठ कर्मचारी तथा उनीबाट मैले धेरै काम सिकेकोले होला, उनको कुरामा सहमति जनाउन मलाई धेरै बेर सोच्नै परेन । मैले यत्तिमात्रै भनेँ कि एकपटक पिताजीसँग सोध्छु, किनकि उहाँ ७५ वर्षको हुनुभयो र हाम्री माताको देहावसान भएको पाँच-सात वर्ष भयो अनि अहिले हामी दाजुभाइ छुट्टिएर बुवा र मेरो परिवार एक ठाउँमा बस्छौँ । तत्पश्चात् मैले घरमा गएर मेरी पत्नीसँग सल्लाह गरेँ र मेरी मातासरहकी दिदीसँग पनि सल्लाह गरेर भोलिपल्ट बिहान नियमित व्यायामको समयमा पिताजीलाई यो कुरा डराइ-डराइ चुहाएँ । एकछिन नरमाइलो मानेझैँ गरेर सोच्नुभएपछि उहाँले भन्नुभयो कि जागिरेहरूले एउटै ठाउँमा बसेर काम गर्छु भनेर हुँदैन, संस्थाले विश्वास गरेर पठाएपछि जहाँ जान पनि तयार हुनुपर्छ र उहाँ त्यतिबेलासम्म हट्टाकट्टा नै भएकोले म जिल्लामा काम गर्न गए केही फरक नपर्ने तर केही सालपछि भने एकजना सन्तान सँगसँगै हुनुपर्ने बताउनुभयो र धरानजस्तो सुसंस्कृत र ठूलो अस्पतालसहितको व्यवस्थित शहरमा खटिएर जान पाउनु भनेको राम्रो अवसर भएको कुरा बताउनुभयो । उहाँका शब्दहरूलाई अनुमति र आशीर्वाद सम्झेर म खुशी भएँ र कार्यालयमा गएर यो प्रस्तावलाई सहजै स्वीकार गरेँ ।

किशोर महर्जन, एक खारिएका बैंकरमात्र नभई अति नै मृदुभाषी, मिलनसार र दयालु स्वभावका मान्छे । उनको लामो अनुभव र कर्तव्यनिष्ठताले गर्दा आज उनी बैंकिङ्ग क्षेत्रका हस्ति मानिन्छन् । खेलकुद, व्यायाम, भ्रमण तथा संगीतमा विशेष सौख राख्ने उनी पहिरनका पनि पारखी हुन् ।

सोही वर्षको श्रावण १ गते म विराटनगर हुँदै धरान पुगेँ । धेरैवर्ष भएको थियो धरान नगएको । तरहरा कटेपछि चारकोसे झाडी सुरु हुनेबित्तिकै मन निकै प्रफुल्ल हुन थाल्यो । धूलैधूलो उड्ने काठमाडौंबाट गएको मान्छे म, त्यहाँ पुगेपछि त त्यहाँको स्वच्छ हावा र वातावरणले गर्दा भर्खरै आँखाको मोतीविन्दुको शल्यक्रिया गरेर प्रष्ट देख्न पाएको जस्तो भएँ । धरान बजार हुँदै एकहप्ताजति त्यहाँको त्यतिबेलाको राम्रोमा गनिएको होटल आँगनमा बसेँ । धूमधाम राम्रो होटल नभए पनि वातानुकूलित कोठा भएको सो होटल सुरक्षित तथा निकै पारिवारिक किसिमको थियो । धरानमा बल्ल अहिले आएर राम्रा होटलहरू खुल्न थालेका छन् । धेरैजसा होटल काम चलाउमात्र छन् भने केही नयाँ होटेल खुल्नेक्रममा छन् । पुरानो घोपा क्याम्पमा पहिले ब्रिटिश गोर्खाको भर्ती र कल्याणकारी क्याम्प हुँदा गोरा अफिसरहरू बस्न बनाइएका दशवटा बङ्गला र गल्फ कोर्ससहितको ठूलो सम्पत्ति हालको वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट ५० वर्षका लागि भाडामा लिएर खोलिएको निर्वाणा कन्ट्री क्लबले पनि आशा गरिएजति राम्रो सेवा र सुविधा दिन सकेको छैन । यो होटललाई अलिकति चिटिक्क पारेर सेवासुविधा बढाइदिने हो भने यो यस क्षेत्रकै नामी रिसोर्ट हुन सक्छ ।

झरी सुरु भइसकेको तर हावामा आर्द्रता निकै भएकोले च्याप-च्याप पसिना आउने खालको गर्मी । होटलबाट बाहिर निस्कियो कि पसिनाले निथ्रुक्कै पार्ने । बैंकको लागि लिएको घरको निर्माण कार्यको निरीक्षण गर्न जाँदा गर्मीले निकै सतायो । हौसला पनि बिस्तारै गुम्दै गइरहेको थियो किनकि यसरी म एक्लै कहिल्यै बसेको थिइनँ र अर्को कुरा धरान काठमाडौंको दाँजोमा निकै सानो शहर र त्योमाथि त्यतिबेला माओवादी द्वन्द्वले ठूलैरूप लिइसकेको बेला । वास्तवमा त्यतिबेला काठमाडौंका अधिकांश पहुँचवालाका सन्तान र आफन्त त्यस्तो द्वन्द्वको बेला राजधानीबाहिर काम गर्न जानै मान्दैनथे र निरीह जनताका छोराछोरीलाईमात्र यस्तो परिस्थितिमा पनि जहाँ खटाए पनि काम गर्न कर लाग्थ्यो । मलाई पनि त्यसै माया गरेर उपत्यकाबाहिर पठाइएको थिएन । म जे देख्थेँ त्यही बोल्थेँ र खराबलाई असल भन्न मेरो ब्रह्मले कहिले मानेन । मेरो यस्तै खरोपनाले गर्दा कामचोर तथा असक्षम आसेपासे कर्मचारीहरू

आफ्ना नातेदार तथा साहुजी मनस्थितिका केही सञ्चालकलाई कुरा लगाउन जान्थे र उनीहरूलाई मनलागी गर्न नदिएकै कारण मलाई त्यतिबेलाको सबैभन्दा टाढाको शाखामा पठाइएको थियो । नातावाद, कृपावाद र चरम जातीय भेदभाव हुने गरेका नेपालका अधिकांश निजी क्षेत्रका व्यवसायमा सचेत, प्रष्टवक्ता र लोकतान्त्रिक विचारधाराका व्यक्तिहरूले सेवा गर्ने मौका नै पाउँदैनन् र यदि झुक्किएर पाएछन् भने पनि तिनीहरूलाई अनेक मानसिक यातना, पीडा र सकस दिएर, बढुवा रोकेर र सकेसम्म अप्ठ्यारा शाखाहरूमा खटाएर हतोत्साही बनाउने कोशिश गरिन्छ ताकि यस्ता व्यक्तिहरूले कायल भएर जागिर छोडून् । मैले चाहेको भए पिताजीको मद्दत र प्रभाव प्रयोग गरेर यो सरुवा रोक्न सक्थेँ तर म आफ्नै मेहनतले लिखित र अन्तर्वार्तामा उत्तीर्ण भएर सो बैंकमा वरिष्ठ अधिकृतदेखि सेवा सुरु गरेको मान्छे र केटाकेटी छँदादेखि नै पिताजीबाट विभिन्न राम्रा संस्कार सिकेको मान्छे भएकोले जस्तोसुकै विषम परिस्थितिको पनि सामना गरेर जिन्दगीलाई अघि बढाउनुपर्ने मान्यतामा अडिग भएकोले त्यस्ता घृणित र सामन्ती बाटो त्यतिबेला र आजसम्म कहिल्यै अपनाइनँ । बरु चार वर्षसम्म निकै मेहनतका साथ काम गरेर सो शाखालाई निकै उचाइमा पुऱ्याउन अथक प्रयास गरेँ र त्यस्तै भयो पनि । बैंकको नियममा बढीमा तीनवर्ष एक ठाउँमा पठाउने भने पनि मलाई त्यस्तो द्वन्द्वको परिस्थितिमा चार वर्षसम्म विनाबढुवा धरानमा नै राखिछाडे । मैले पनि कहिल्यै सरुवाका लागि गिडगिडाइनँ र बरु परिस्थितिअनुसार आफूलाई ढालेर धरानमा नै स्वर्ग भएको अनुभूति गरेँ र त्यहाँको बसाइको प्रत्येक पलको आनन्द लिएँ तर आफ्नो काम र कर्तव्यलाई भने कहिल्यै पनि बिर्सिनँ र यसलाई नै पहिलो प्राथमिकतामा राखिराखेँ । जिन्दगीमा यस्ता अनावश्यक झमेला बेला–बेलामा आइराख्दा रहेछन्, तर विषम परिस्थितिदेखि कहिल्यै विचलित नभएर जस्तै परिस्थितिको पनि सामना गर्न सक्नुपर्दो रहेछ र जहाँ गयो त्यहाँ नै स्वर्गीय आनन्द खोजेर रमाउनुपर्दो रहेछ । जिन्दगी बिताउने सबैभन्दा महत्त्वपूर्ण तरिका यही नै रहेछ । यसरी मैले सबै किसिमका अप्ठ्यारा हुँदाहुँदै चुपचाप आफ्नो काममा तल्लीन भएर शाखालाई निकै उचाइमा पुऱ्याइदिएपछि बैगुनीलाई गुनले मारेजस्तै भएछ र मलाई काठमाडौंमा बोलाएर बढुवाका साथै अझै महत्त्वपूर्ण कामहरूसमेत दिइयो ।

विश्वको उत्कृष्ट प्रजानन्त्र नेपालमा आएको भनिए पनि यसको फाइदा आजसम्म नेता र पहुँचवालाहरूमा मात्र सीमित छ र बाँकी जनता निरीह नै भएर बाँच्न बाध्य छन् ।

तर हामीले के बुझ्नुपर्छ भने धार्मिक र सामाजिक दुवै हिसाबले परापूर्वकालदेखि सामन्ती परिवेशमा हुर्केको हाम्रो रगतको कण-कणमा सामन्तीपना टाँसिएर बसेको छ र यो हटाउन सिर्फ ठूला विश्वविद्यालयका पढाइ र सर्वोत्कृष्ट शासन प्रणालीमात्र काफी छैनन् । यो पूरै हट्न निकै समय लाग्छ । तर समय र परिस्थितिसँगै यो कुसंस्कार बिस्तारै हट्दै भने जानेछ र यसमा हामी कत्तिको जागरूक हुन्छौँ त्यसमा यो निर्भर गर्दछ ।

धरान पुगेको केहीदिनपछिको एक रात ठूलो हुरीबतास र भयानक मेघ गर्जनसहित पानी पर्‍यो । यस्तो अवस्थाको मैले कहिल्यै सामना गरेको थिइनँ । बिजुली पनि गयो । निकै गर्मी । बिहान थाहा भयो कि तल जंगलमा रूख ढलेर इटहरीबाट आउने बिजुलीको प्रसारण लाइन नै काटियो रे र यसको मर्मत गर्न केही दिन लाग्ने भयो अरे ! अब परेन फसाद ?

होटल आँगनका मालिक रत्नकाजी तुलाधर रहेछन् । करिब ७० को हाराहारीका होचो कदका मोटा उनी गफ गर्न निकै रुचाउने । एकदिन बेलुकी खाना खाँदा उनीसँग लामो कुराकानी भयो । मैले मेरो परिचय पनि राम्रैसँग दिएँ । उनले पनि आफ्नोबारेमा निकै कुरा बयान गरे । काठमाडौँका बासिन्दा, सिकर्मी काम घरैमा सिकेका उनी सानोमा सौतेनी आमाको प्रताडना सहन नसकेर साथीहरूसँग २०-२१ वर्षको उमेरमा ४०-४५ रुपैयाँमा विराटनगरको विमानको टिकट काटेर पूर्वतिर आएपछि निकै दुख सहन पर्दा पनि काठमाडौं फर्केनछन् । पछि घोपा ब्रिटिश क्याम्पमा सिकर्मीकै काम गर्ने सिलसिलामा गोराहरूलाई निकै रिझाएर काम गरेकाले उनले राम्रै कमाइ गरेछन् । धरानमा जमिन पनि किनेछन् र हालको होटलको घर बनाएछन् । उनी पछि दुई पत्नीका स्वामी हुनुका साथै केही छोरी तथा एक छोराका बा पनि भएछन् । धरानमा राम्रा होटलहरू नभए पनि त्यतिबेला उनको होटल राम्रैमा गनिँदोरहेछ र सुरक्षित पनि । परिवारका सदस्यहरू नै खटिएर चलाइएको होटल भएकोले खाना घरको जस्तै । धेरैबेर उनीसँग भलाकुसारी गरेर म सुत्न गएँ । भोलिपल्ट बिहान उठेर म एक घण्टा बिहानीको हिँडाइ सकेर पसिना-पसिना भएर होटल फर्कँदा उनी त्यहीँ चियाको चुस्की लगाएर बसिरहेका रहेछन् । मैले उनलाई अभिवादन गरेर हिजो रातीको गफगाफ निकै रोचक भएको कुरा बताएँ । तर अचम्म, उनले मलाई ट्वाल्ल हेरेरमात्र बसे अनि "मैले तपाईँलाई चिन्न सकिनँ भाइ" भने । म त तीन छक्कै परेँ ! उनले मदिरापान पनि गरेका थिएनन् हामी अघिल्लो दिन भेट्दा, बरु

मैले अलिक धेरै पिएको थिएँ, बिरानो ठाउँको नौलो वातावरणले । अनि हिजोका केही कुरा उनलाई याद दिलाउने कोशिशमा म लागेँ । केहीछिन अडिएर उनले केही सम्झेझैँ गरेर मेरो हात समाएर क्षमा माग्दै आफूलाई बिर्सने रोग भएको कुरा बताए । उनी केहीबेरअगाडि भएको कुरा पनि झट्टै बिर्सँदा रहेछन् । मनका निकै दयालु, परिश्रमी, सबैसँग मिल्न सक्ने तथा अति नै हँसाउन खप्पिस उनीसँग चार वर्षको धरान बसाइमा मेरो दैनिकजस्तै भेटघाट र भलाकुसारी हुने गर्थ्यो । मेरो हालैको पूर्वाञ्चल भ्रमणका बेला म केही समय धरान गएको थिएँ । उनीसँग भेट त भएन तर उनका नजिकका साथीहरूसँग भेट हुँदा सुन्नमा आयो कि अहिलेसम्म शारीरिक रूपले उनी तन्दुरुस्त भए पनि उनको बिर्सने रोग भने झनै बढेको छ रे, भर्खरै खाना खाएको कुरासमेत उनले धेरैपटक बिर्सेका छन् रे र फेरि खाना खान टेबलमा बसेपछि एकघण्टाअघि खाइसक्नुभयो भन्दा उनलाई त्यो कुरा पत्याउनै गाह्रो पर्छ रे ! खैर यस्ता राम्रा व्यक्तिलाई भगवान्को आशीर्वाद सधैँ लागिराखोस् ! आज उक्त होटल उनकै कनिष्ठ सुपुत्री सीता तुलाधरले सञ्चालन गर्ने जिम्मा लिएकी छन् ।

धरान शाखाको निर्माण सकिएर सञ्चालनमा आउन केही महिना लाग्यो । त्यसपछि त बैंकको काममा म दिनभर व्यस्त नै रहन थालेँ । शाखा खुल्नुअघि धेरैपटक मैले बैंकको विराटनगर शाखामा गएर शाखा प्रबन्धकले गर्नुपर्ने काम सिकेँ । काम सिक्नेक्रममा मैले मभन्दा कनिष्ठ कर्मचारीहरूसँग सिक्न पनि कहिल्यै हिच्किचाइनँ । बैंकको व्यवसाय बलियो बनाउन विभिन्न किसिमका व्यवसायीलाई आफ्नो बैंकका सेवाहरू उपयोग गर्न अनेक तवरले आकर्षित गर्नुपर्दथ्यो । मार्केटिङ्गमा म कुशल नै थिएँ भने अतिरिक्त क्रियाकलापहरूमा पनि म अलिकअगाडि भएकोले र म कार्यरत बैंक पनि मुलुकका अग्रणी बैंकहरूमध्येको भएकोले म र मेरो टोलीका सम्पूर्ण सदस्यको अथक परिश्रमले एक वर्षमा नै धरानमा खुलेको नयाँ शाखालाई हामीले मुनाफा कमाउने शाखामा रूपान्तरण गर्न सक्यौँ । आन्तरिक व्यवस्थापन बिग्रेर धरासायी हुँदै गएको एउटा बैंकको शाखामा खाता बन्द गर्न र रकम झिक्न जानेहरूको लामो लाम लाग्दा अन्य धेरै बैंकका कर्मचारी सो बैंकको बाहिर जम्मा भएका व्यक्तिहरूलाई आफ्नो बैंकतिर आकर्षित गर्न खाता खोल्ने फारम र ब्रोशर बोकेर बसेका देखिन्थे भने मैले मेरो मातहतका कर्मचारीहरूलाई त्यस्तो काम कहिल्यै नगर्नू भनेर रोकेको थिएँ । केही ग्राहक आएर मसँग सोधपुछ गर्दा म भन्ने गर्थें कि अहिले केही समस्याले गर्दा त्यो बैंक अलिक बिग्रेको हो, तर त्यति भयो भन्दैमा भोक, प्यास र निन्द्रा नै बिथोलेर

खाता बन्द गर्न जानुपर्ने अवस्था छैन, बिस्तारै त्यसमा सुधार हुँदै जाला । सुधार हुने संकेत केही पछिसम्म पनि नदेखिएमा बिस्तारै अर्को बैंकमा गएर खाता सारे राम्रो भनेर सल्लाह दिने गर्थौं । तर एउटा आफूजस्तै बैंक अलिक ओरालो लाग्यो भन्दैमा हामीले पनि उसलाई झनै खेद्ने काम गर्ने हो भने त हामीबीचको सहयोगीभाव र भातृत्व कता जान्छ ? आखिर बिस्तारै आफ्नो व्यवस्थापनमा सुधार गर्दै त्यो बैंकले आज फेरि बजारमा निकै साख जमाइसकेको छ ।

हामी काठमाडौंवासीहरू सबै थोक राजधानीमा मात्र छ भन्ने ठान्दछौं तर राजधानीबाहिर पनि आफ्नै प्रकारको रमाइलो जिन्दगी छ भन्ने कुरा यो नेपाल खाल्डो नछोडेका धेरैलाई थाहा छैन । पूर्वाञ्चलको मधेस र भित्रीमधेसका धेरैठाउँ यातायातको दृष्टिले निकै सुलभ छन् । उदाहरणका निम्ति नेपाल र भारतको सिमाना जोगवनीजस्तो समथर ठाउँदेखि भेडेटारजस्तो काठमाडौंकै हाराहारीको उचाइमा रहेको रमणीयस्थल पुगेर ठन्डी हावाको आनन्द लिन मोटरगाडीमा एक-डेढ घण्टामात्र लाग्छ । खाद्यान्न, सागसब्जी, फलफुल, दूध र मासुजन्य खानाहरूको उत्पादन यो क्षेत्रमा प्रचुरमात्रामा हुने भएकाले यिनको मूल्य पनि राजधानीमा भन्दा कम नै छ । सबै टीभी च्यानल हेर्ने सुविधा यी ठाउँहरूमा पनि छँदैछ भने राजधानीका बासिन्दाले पाएको अत्याधुनिक सञ्चार सुविधा पनि प्रायः सबै ठाउँमा उपलब्ध छ आजकल । त्यतिबेला म कामको सिलसिलामा धरान जाँदा व्यक्तिगत प्रयोजनको लागि त्यति मोटर गाडी धरानमा नभए पनि आजकल धरानको सडकमा सवारीसाधनको निकै घुइँचो लाग्न थालेको छ ।

धरानको पूर्वीछेउबाट सेउती र पश्चिमीछेउबाट सर्दु खोला बग्ने भए पनि यी दुवै खोलाहरू प्रायः सुख्खा नै हुन्छन् । पानी पर्दामात्र यिनमा पानीको बहाव देख्न सकिन्छ । सन् २०१३ को वर्षायाममा म त्यता जाँदा सेउती खोलामा पहिले कहिल्यै नदेखेको ठूला बाढी देखेको थिएँ । धरान खासगरी सुख्खा क्षेत्रमा नै पर्दछ । पिउने पानीसमेत दक्षिणबाट पम्पले तान्दै-तान्दै धरानसम्म पुऱ्याइन्छ । हुन त धरानदेखि केही किलोमिटर पश्चिममा चतरा हुँदै त्यत्रो कोसी नदी दक्षिणतर्फ बगिरहेकी छिन्, तर योजना र सायद रकम अभावले गर्दा होला, त्यो पानी धरान ल्याउन सकिएको छैन । बेला-बेलामा चारकोसे झाडीबाट पम्पमार्फत पानी धरान ल्याउने कुरा सुन्नमा आउँथ्यो र त्यसको प्रारम्भिक कार्यसमेत धेरैवर्षसम्म हुन सकेन । तर अहिले थाहा हुन आएअनुसार चारकोसे झाडीमा डिप वोरिङ्ग गरेर धरानवासीलाई यथेष्ट पानी वितरण गर्ने कार्यले केही समयमा नै सार्थकता पाउँदैछ । घोपा क्याम्पमा भने पहिलेदेखि नै

ब्रिटिशहरूले धरानको उत्तरीक्षेत्रमा पर्ने शिवजट्टाबाट पानी ल्याएको कुरा सुनेको थिएँ, तर आजकल त्यो स्रोतबाट आएको पानी पनि नपुग हुन थालेको छ रे !

धरान धार्मिक र सांस्कृतिकरूपले निकै धनी भएर हो कि यहाँ मठ-मन्दिरहरू पनि टोल-टोलमा छन् । विजयपुर र धरानवरिपरिका स्थानहरूमा त परापूर्वकालदेखिका मन्दिरहरू छन् नै तर धरानमा पनि पछिल्ला समयमा बनाइएका भए पनि धेरै मन्दिर छन् । यीमध्ये सिंहदेवी मन्दिर, गीता मन्दिर, सिद्धिविनायक गणेश मन्दिर, विश्वकर्मा मन्दिर, आदि निकै प्रख्यात छन् । विश्वकर्माको मन्दिर तीनकुनेबाट दक्षिणको चारकोसे झाडीमा पर्छ । प्रत्येक दिन नित्यपूजा गरिने भए पनि हरेक वर्षको आश्विन १ गते यहाँ विशेष पूजा हुन्छ र यो दिन यो मन्दिरमा दर्शन गर्न आउने भक्तजनको ठूलै भीड लाग्छ ।

पानी धेरै पर्ने भएकोले वन-जंगल र बोट-बिरूवा भने यो भेगमा निकै फस्टाएका छन् । त्यसैले होला हरेक घरमा केही रूख खासगरी फलफुल, सुपारी र फूलका बिरूवा प्रशस्त रोपिएका हुन्छन् । धरान महोत्सव हुँदा घर-घरका बगैँचाहरूको प्रतिस्पर्धा नै हुने गर्छ । घोपा क्याम्पभित्र रहेको गल्फ कोर्सको हरियालीले त मन निकै आनन्दित बनाउँछ । धरानको दक्षिणी किनारामा रहेको चारकोसे झाडीमा सामुदायिक वन विकास कार्यक्रमअनुसार विभिन्न समुदायले आआफ्ना भागमा परेका वनको संरक्षण र सम्वर्द्धन गर्दै आएकाले वन फँडानी निकै हदसम्म कम भएको छ भने आवश्यक काठपात पनि व्यवस्थित तरिकाले उपलब्ध भएको छ । यो क्षेत्र सयौँ वर्षअघिदेखि नै घना जंगलले ढाकिएको रहेछ । उत्तरी भारतमा रेलको पटरी बनाउन यही क्षेत्रका रूखहरू काटेर रेलको लिक नै बनाएर काठ तथा ढुङ्गा भारततिर ढुवानी गरिएको रहेछ । त्यसैले आज पनि धरानको दक्षिण-पश्चिमी क्षेत्रको एक ठाउँलाई "रेलवे" भन्ने गरिन्छ र रेलमार्गको भग्नावशेष अझ पनि त्यहाँ देख्न सकिन्छ । धरानको दक्षिणी किनारामा विभिन्न धर्मावलम्बी तथा जातजातिको अन्त्येष्ठी गरिने गरिँदो रहेछ र त्यहाँ धेरै समाधिस्थल र पार्क पनि निर्माण गरिएका रहेछन् । चतरास्थित कोसीकिनारमा शवदाह संस्कार गर्ने तथा नदीमा बगाइदिने पनि आआफ्ना चलन छँदैछन् ।

चारकोसे झाडीका रूखहरूमा पनि बेला-बेलामा वनमारा, ऐजेरूजस्ता लहरे बोटहरू बोटबिरूवा सबै मार्ने गरी फैलिन्छन् र धेरै रूख नष्ट पारिदिन्छन् । यस्ता खतरनाक झार तथा बोटहरूलाई अंग्रेजीमा "माइल अ मिनट" पनि भनिन्छ, किनकि यी

बोटहरू पल-पलमा फैलिएर वनस्पति जगतमा महामारीकै रूप लिन्छन् । नेपालका जंगलहरूमा केहीवर्षअघिसम्म निकै फस्टाएका यस्ता बिरूवाहरू आजकल निकै कम भएका छन् ।

पूर्वीधरानको विजयपुर डाँडामा विभिन्न देवदेवीका मन्दिर छन् । पञ्चकन्या, बूढासुब्बा, दन्तकाली, र पिण्डेश्वर महादेवका मन्दिरहरूले भक्तजनमाझ विशेष महत्त्व राख्छन् । प्रत्येक साल श्रावण महिनाको सोमबार चतरादेखि चोखो पानी लिएर पैदलयात्रा गर्ने बोलबम भक्तजन हजारौँको सङ्ख्यामा पिण्डेश्वर महादेवको दर्शन गर्न आउँछन् । पिण्डेश्वर महादेवको मन्दिर परिसरमा विभिन्न देवदेवीका मन्दिर र मूर्ति प्रतिस्थापित छन् । यीमध्ये पार्वती, गणेश, हनुमान, कालभैरव, तेत्तीसकोटी देवता, सरस्वती, सन्तोषीमाता, अष्टभुजादेवी, दत्तात्रेय, आदि प्रमुख छन् । मेरा एकजना सहकर्मी कुश ढकाल धार्मिक विचारधाराका भएकाले उनैको आग्रहमा म पनि प्रत्येकजसो शनिवार बिहान विजयपुरमा अवस्थित देवीदेवताका मन्दिरहरूमा जाने गर्दथेँ । हुन त म धूमधाम आस्तिक भने होइन ।

मेरो धरान आगमनको पहिलो रातले श्रावणको पहिलो सोमबार नै टेकेको रहेछ, रातको दुई-तीन बजेतिर बोलबम-बोलबम भनेर होटलबाहिरको सडक हुँदै गेरूवा वस्त्रधारीहरूको ठूलो लस्कर अँध्यारोमा निरन्तर आएको देख्दा डर पनि लागेको थियो । त्यस्तै भोलिपल्ट बिहान व्यायामका लागि हिँड्दा साना-साना केटाकेटीले अखबार लिँदै "ब्लास्ट ब्लास्ट" भन्दा पनि डर लागेको थियो । तर पछि थाहा लाग्यो कि यो त पूर्वाञ्चलकै त्यतिबेलाको चर्चितमध्येको दैनिक अखबार ब्लास्ट टाइम्स् पो रहेछ ।

धरानमा बस्ती बस्न थालेको करिब १२५ वर्षजति भयो । योभन्दापहिले यो क्षेत्रमा हालको विजयपुरको डाँडामा मात्र मानव बस्ती थियो । सुरूमा रूख काटेर काठ चिर्ने काममा केही मानिस हालको धरानको पुरानो बजार भएको ठाउँतिर पसेर साना छाप्रा बनाएर बसेका हुन्, जुन ठाउँ पूरै घना वनले ढाकिएको थियो र चारकोसे झाडीकै हिस्सा थियो त्यो । काठ चिर्ने आरीलाई यो भेगमा धरान भनिने भएकोले यस्ता धेरै धरान राखिन र रूखहरू काटिन थालेपछि यहाँ बन्दै गएको बस्तीको नाम धरान रहन गयो । सायद ती रूख काटेर चिर्नेहरूले आफ्नो खास घरबाट यो कामका लागि निस्कने बेलामा काठ चिर्न "धरान जाने" भन्दाभन्दै यो ठाउँको नाम नै धरान

हुन पुगेको हुनुपर्छ ! काठ चिरेर भारतमा बेच्न पनि राणा प्रधानमन्त्रीहरूले नै सुरु गरेका हुन् र पछि चन्द्रशमशेरले सन् १९०० मा हालको पुरानो बजार भएको ठाउँलाई चन्द्र नगर नामाकरण गरेर त्यहाँ सरकारी अड्डाहरू स्थापना गराए । यसो गर्नुको मूल उद्देश्यचाहिँ काठको व्यवस्थित कटान, चिरान र निर्यात नै थियो । राणाहरूको आयको प्रमुख स्रोत नै वन फडानी थियो । यसको करिब ३७ वर्षपछि सन् १९३८ मा अर्का राणा प्रधानमन्त्री जुद्धशमशेरले आफ्नै नामबाट अर्को बस्ती यानि जुद्धनगरको विकास गराए, जुन अहिले नयाँ बजार भनेर चिनिन्छ । उनको पालामा खोलिएको अस्पताल पछि धरान अस्पताल भएर अहिले बन्द पनि भइसकेको छ ।

यसरी प्रशासनिक केन्द्र पनि बन्दै गएपछि र व्यवस्थित वन फडानी बढ्दै गएपछि खाली जग्गाहरूमा विभिन्न किसिमका मानिस आएर बस्न थाले अनि धरानको जनसङ्ख्या ह्वात्तै बढ्न थाल्यो । सुरुमा काठ अति नै सुलभ भएकाले काठका घरहरू नै धरानको पहिचान हुन गए । सन् १९५० को दशकमा ब्रिटिश सेनाको भर्ती र पेन्सन क्याम्प धरानको फुस्रे र घोपामा खुलेपछि यो शहर झनै गुल्जार हुँदै गएको हो । यही बेलादेखि धरान राजनीति, संस्कृति, साहित्य र कला, यी सबै विधाको केन्द्र बन्दै गयो । यहाँ अवसरको खोजीमा पहिलेदेखि नै विभिन्न जातजाति आएर बस्न थालेकाले यो धरान शहरलाई मानवशास्त्रका विद्यार्थी तथा खोजकर्ताहरूका लागि एउटा खुल्ला विश्वविद्यालय नै भने पनि हुन्छ ।

विक्रम संवत् २०४५ को भूकम्पमा धेरै घरहरूमा क्षति भएपछि भने पक्की घरहरू बन्न थालेका हुन् । त्यतिबेलासम्म अधिकांश घर काठका हुन्थे यहाँ । आजको धरान आधुनिक राम्रा घरहरूले भरिएको निकै व्यवस्थित शहर भइसकेको छ । पूर्वाञ्चलमा फेसनको केन्द्र भनेर परिचित यो शहर बिस्तारै शिक्षा, स्वास्थ्य, अनि पर्यटनको पनि केन्द्र बन्दै विकसित हुँदैछ । माथि पहाडमा जति विकास हुँदै जान्छ, धरानको महत्त्व आर्थिक हबको रूपमा झनै बढ्दै जानेछ ।

छ–सात दिनको बसाइमा मलाई लामो समयसम्म म अलिक बस्न सक्तिनँ कि जस्तो न्यास्रो लाग्न थालेको थियो । यसरी घरपरिवार छाडेर म कहिल्यै एक्लै लामो समयसम्म बाहिर बसेको थिइनँ । म सानो छँदा पिताजी पाकिस्तानका लागि नेपाली राजदूत नियुक्त हुनुभयो अनि हामी सपरिवार इस्लामाबादमा करिब साँढे चार वर्ष बसेका थियौँ । त्यहाँ पनि साथीभाइ नभएर सुरुमा निकै न्यास्रो लागेको थियो तर

पछि रमाइलो नै लाग्न थाल्यो । त्यतिबेला पाकिस्तानको विद्यालयबाट स्कुले शिक्षा सकेको हुँ मैले ।

एकदिन शनिबार बिहान एकजना रञ्जित श्रेष्ठ मार्सेली नाम भएका भाइ, जोसँग त्यहीँ चिनाजानी भएको थियो, ले मन्दिर जाऔँ दाइ भने । उनको मोटरसाइकलमा म पनि हुइँकिइहालेँ । विजयपुरको डाँडा । किराती र सेनवंशी शासकहरूको मूल थलो विजयपुर गढी । आजभन्दा सवासय वर्षअघिसम्म पनि यो डाँडामा मात्र व्यवस्थित बस्ती थियो । विजयपुरको डाँडामा त्यो दिन मन्दिर जानेहरूको हुल नै थियो । पहिला हामी पञ्चकन्याको मन्दिरतर्फ गयौँ । विजयपुर डाँडाको उत्तरी छेउमा अवस्थित यो मन्दिर चार मन्दिरमध्ये सबैभन्दा उचाइमा पर्दो रहेछ । धरानको दक्षिणी सिमानामा रहेको तीनकुने र सोभन्दा करिब तीन किलोमिटर उत्तरमा रहेको जिरो प्वाइन्टको उचाइमा करिब पाँचसय फिटको फरक छ, जसले गर्दा तल्लो धरानभन्दा माथिल्लो धरानमा तापक्रमको हिसाबले ठूलो फरक आउँछ, तल धेरै गर्मी र माथि शीतलता पाइने । झनै पञ्चकन्याको मन्दिर परिसरमा त रूखको छहारीसमेत पर्ने भएकोले निकै शीतल । राजा मुकुन्द सेनको पालामा बनेको यो मन्दिरको जीर्णोद्धार २०४२ सालमा गरिएको रहेछ । सो मन्दिर परिसरमा वनभोज खान आउने पनि धेरै हुँदा रहेछन् खासगरी जाडो मौसममा । सो मन्दिरको बाटोबाट अलिक पर जंगलतिर लागेपछि उहिलेको भताभुङ्गे राजाको दरवारको अवशेष भएको ठाउँ आउँदो रहेछ । तर भग्नावशेष भने केही बाँकी नभएको अवस्था ।

पञ्चकन्याको मन्दिरबाट हामी अलिक तल ओर्लिएर बूढासुब्बाको मन्दिर गयौँ । केटाकेटी छँदा बूढासुब्बाको मन्दिर र त्यहाँको बाँसका घारीहरूको बारेमा हामीले विद्यालयको सायद नेपालीको किताबमा पढेका थियौँ । सो मन्दिरमा प्रत्यक्षरूपमा पुग्दा निकै रमाइलो लागेको थियो । खासगरी किरात जातिहरूको ठूलै तीर्थस्थल भए पनि सबै जातका मान्छेहरू त्यहाँ पूजाआजा गर्न आएको पाइयो । विशेषगरी कुखुराको बलि दिइने सो मन्दिरमा बेला-बेलामा बंगुरसमेत बलि दिईँदो रहेछ । भक्तजनहरूले विश्रामका लागि कुर्सीहरू मन्दिरका छेउछाउमा बनाइदिएका छन् । केहीबेर बसेर त्यहाँ हुने पूजाआजाका दृश्यहरू हेरेर बस्दा मन निकै आनन्दित हुने । बाहिर मन्दिरको स्वरूप भए पनि भित्रपट्टि माटोको ढिस्कोजस्तो बूढासुब्बाको समाधि छ । बलि दिइएका जनावरको मुटु-कलेजो हेरेर भाग्यको भविष्यवाणी गर्ने गुरूपुरोहितहरूसँग जोखना देखाउन जाने पनि निकै हुँदा रहेछन् त्यहाँ । प्रेमी-

प्रमिकाहरू त्यहाँस्थित बाँसमा डोराहरू बाँधेर आफ्नो प्रेम सफल हुने कामना गर्दा रहेछन् । पहिले-पहिले त बाँसमा नै खोपेर नाम लेख्ने चलन रहेछ, त्यसो गर्न आजकल मनाही गरिएको छ ।

तत्पश्चात् हामी अलिक तल यानिदक्षिणतिर गएर दन्तकालीको मन्दिरमा पुग्यौँ । यो मन्दिर राजा रणबहादुर शाहको पालामा बनेको अनुमान छ । सेनवंशी राजाहरूले यो मन्दिरको सञ्चालनका लागि बिर्ताको व्यवस्था गरेबाट यो मन्दिर त्यतिबेलादेखि नै भक्तजनमाझ प्रख्यात भएको पनि देखिन्छ । दन्तकालीको मन्दिरवरपरबाट धरान शहर निकै राम्ररी देखिँदो रहेछ । किंवदन्तीअनुसार महादेवले सतीदेवीको शव बोकेर विभिन्न ठाउँमा जानेक्रममा यो ठाउँमा आएपछि उनको दाँत पतन भएको थियो रे, र त्यसैकारण यहाँ कालान्तरमा दन्तकालीको मन्दिर स्थापना भएको भन्ने कथन छ । मन्दिरका पूजारीले फुर्सदका बेला त्यहाँ जाने भक्तजनहरूलाई सो दाँतको अवशेष पनि देखाउँदा रहेछन् तर त्यो आम मानवको भन्दा निकै नै ठूलो । पशु–पंक्षी बलि यो मन्दिरमा पनि धेरै नै हुँदो रहेछ । खासगरी नवरात्रिको बेला रातीदेखि नै भीड लाग्ने र पशुबलि दिइने गरिँदो रहेछ ।

आजको एक्काईसौँ शताब्दीमा पनि पशु-पंक्षी बलि दिएर देउता खुशी हुन्छन् भनेर सोच्नु कतिसम्म जायज हो, मसँग कुनै उत्तर छैन । यदि ईश्वरकै इच्छाले प्राणी, पशु-पंक्षी, वनस्पति, तथा यो सम्पूर्ण ब्रह्माण्डको श्रृजना भएको हो भने आफ्नै सृष्टिको बलि स्वीकार गरेर के ईश्वर खुशी होलान् त भन्या ? ईश्वरको प्रार्थना गर्ने, असल तथा राम्रो हुन्छु भनेर प्रतिज्ञा गर्नेले अर्को प्राणीको निर्मम हत्या गरेर के साँच्चै धर्म होला त ? कि त ईश्वरले सृष्टिको समयमा नै गर्न हुने र नहुने कुराहरूसहितको एउटा विधान नै बनाइदिएको हुनुपर्‍यो । तर आज हामीले मान्ने शास्त्रहरू त मान्छेले नै बनाएको हो क्यार ! के यसलाई समयसापेक्ष बनाउन सकिन्न र ? परापूर्वकालमा जस्तै आज पनि विद्वान्‌हरूको कमी त पक्कै छैन । आजको युग, जुनमा मानवमात्रको होइन, हामी पशु–पंक्षी, वनस्पति, खनिज तथा प्रकृतिकै हक, अधिकार र सम्वर्द्धनको कुरा गर्छौं, यस्तो बेला हामी किन आजको समय नै नसुहाउँदा कार्यहरू गर्छौं, यो बडो गौड तथा छलफलयोग्य विषय भएको छ । हुँदा–हुँदा बालुवाटारस्थित प्रधानमन्त्री निवासमा बस्न जाने बेलासमेत कैयन् नयाँ प्रधानमन्त्री पशुबलि दिएरमात्र प्रवेश गर्ने र धर्मको नाममा बेलुकी सुरासहित सो पशुको अंगप्रत्यंग लुछेर पदबहालीको मज्जा लिने ! यो परिपाटीको अन्त्य कहिले हुने होला !

दन्तकालीको मन्दिरको दर्शनपश्चात् हामी त्यहाँबाट ५०० मिटरजति दक्षिणमा अवस्थित पिण्डेश्वर बाबाधाम गयौँ । पिण्डेश्वर बाबाधामको महिमा यो क्षेत्रमा मात्र नभई सम्पूर्ण भारतवर्षमा नै रहेछ । पिण्डेश्वर धाममा आएर शिवजीलाई पयोधारा (दूध, पानी र अमृत) चढाउने र पूजा गर्ने धोको सबै हिन्दुहरूको हुँदो रहेछ । शिवजीको मनपर्ने महिना श्रावणमा उनको प्रिय बार सोमबारहरूमा यहाँ आई पूजा गर्नाले मनोकामना पूरा हुने र मरणोपरान्त शिवलोक प्राप्त हुने भक्तजनहरूमा विश्वास छ । उक्त श्रावणको सोमबार अन्य शिव मन्दिरमा भैँ यहाँ पनि "बोल बम", यानि "शिवको भक्ति गर" भनेर गेरुवस्त्रमा हजारौँको सङ्ख्यामा भक्तजन आएर जल चढाएर पूजा गर्दछन् । यसका लागि भक्तजनहरू अघिल्लो दिन यानि आइतबार बिहान नै स्नान गरेर एकछाके उपवास बसी बेलुकी शिवको कीर्तन गरेर चतराबाट पानी लिई रातभरि हिँडेर धरानस्थित पिण्डेश्वर बाबाधाममा आएर पानी चढाउँछन् । श्रावणको सोमबार धरान शहरमा मासुको बिक्री पनि हुँदैन ।

धरानबाट २४ किलोमिटर उत्तर-पश्चिममा बराहक्षेत्र छ । भगवान् विष्णुको अवतार मानिने यो बराहको मन्दिरको सनातन धर्ममा ठूलो महत्त्व रहेछ । यो प्राचीन तीर्थस्थल ईसाको पाँचौँ शताब्दीपूर्व नै अस्तित्वमा आएको देखिन्छ । वराह पुराणमा समेत कौशिकी नदी र कोका नदीको संगम यो वराहक्षेत्रमा अवस्थित भएको कुरा उल्लेख छ । यो मन्दिरदेखि ७ किलोमिटर दक्षिण यानि धरानदेखि १७ किलोमिटर पश्चिममा स्थित चतरामा प्रत्येक १२ वर्षमा कुम्भमेला लाग्दछ । सप्तकोसी नदी पनि यहीँबाट भारततर्फ बग्ने हो । यहीस्थानबाट काठमाडौं जाने वैकल्पिक बाटोको निर्माण धमाधम हुँदैछ भने कोसीको बाँध पनि यही इलाकामा बनाउने योजना छ । यहाँबाट धरान जाने बाटो निकै कच्ची छ र यसको स्तरोन्नति हुनु अति नै जरुरी छ । वराहक्षेत्रबाट अलिकमाथि पूर्वतिर कोका नदीको किनारामा विष्णुपादुकाको मन्दिर छ । यहाँ पितृको श्राद्ध गर्न धर्मावलम्बीहरूको भीड लाग्छ । यो पनि निकै प्राचीन समयदेखिको मन्दिर र विष्णुको विशेषस्थलका रूपमा लिइन्छ ।

चतराबाट दक्षिण हुँदै गएमा पूर्व-पश्चिम राजमार्ग पुगिन्छ र योभन्दाअघि कोसी टप्पु वन्यजन्तु आरक्ष आउँछ जहाँ अर्नादेखि लिएर डोल्फिन, गोही, विभिन्न जातका चरा र पुतलीहरूको अवलोकन गर्न सकिन्छ । रूसको साइबेरियादेखि चराहरू यो ठाउँमा जाडोयाममा आउँछन् । यो ठाउँ एउटा ठूलो सिमसार इलाका हो । यहाँ भएका दुईवटा पोथी हात्ती देखेर होला आसामजस्तो टाढाबाट समेत भाले हात्तीका बथान

नै विभिन्न उपद्रो मच्चाउँदै यहाँसम्म बेला–बेलामा आइरहन्छन् । यो आरक्षभित्र एउटा अवलोकनयोग्य संग्रहालय पनि छ, जसमा यस क्षेत्रमा पाइने जनावर, चरा, सर्प, गोही, डोल्फिन तथा पुतलीहरू प्रदर्शन गरिएको छ र यो क्षेत्रका नक्साहरू पनि राखिएको छ । सेनाको पहरामा यो क्षेत्रलाई सुरक्षित राखिएको छ ।

केही वर्षअघि कोसीको एउटा बाँध फुटेर बाढी आउँदा यो क्षेत्रसँग जोडिएको ठूलो क्षेत्रफल जलमग्न हुनुका साथै यहाँको माटो पूरै बगेर यो ठाउँ बलौटे हुन पुगेको थियो र तत्पश्चात् यहाँ खेती नै हुन छाड्यो र यो ठाउँ हाल पनि बाँझो छ । तर हरेक परिस्थितिमा केही न केही अवश्य गर्न सकिन्छ भनेझैँ केही युवा उद्यमीले कोसी टप्पुसँगैको निकै ठूला यस्तै बलौटे जमिन किनेर त्यहाँ मरुभूमिको जस्तो स्वरूप बनाएर मरुभूमि सफारी खोल्न लागेका छन् भन्ने सुन्नमा आएको छ । साँच्चैमा यसो हुन सकेमा यो क्षेत्रमा पर्यटनको एउटा नयाँ आयाम थपिने पक्का छ ।

विजयपुरका चार मन्दिरको दर्शनपश्चात् रञ्जित भाइले मलाई भेडेटारसम्म घुमेर आऊँ दाइ भन्यो । केही वर्षपहिले मैले भेडेटारको बारेमा पढेको थिएँ तर धरानबाट आधाघण्टामा नै यो ठाउँ पुगिन्छ भन्ने मलाई थाहा थिएन । धरानबाट १७ किलोमिटर उत्तरमा १,४२० मिटर उचाइमा अवस्थित भेडेटार निकै मनोरम ठाउँ रहेछ । विराटनगरदेखि धनकुटासम्म नै ब्रिटिश सरकारले बाटो बनाइदिएको हो भने धरानदेखि धनकुटासम्मको पहाडी बाटो नेपालकै नमुना बाटोको रूपमा चिनिन्छ । बाटोको कुनै ठाउँमा भेडेटारजस्तै मनोरम ठाउँ खोजेर नयाँ बाटोलाई अलिक घुमाएर भए पनि त्यस्तो ठाउँमा छुवाएर लानु ब्रिटिशहरूको निर्माण शैली नै रहेछ । यसैगरी उसैले बनाएको पूर्व–पश्चिम राजमार्गको चितवन–बुटवल खण्डमा पनि उसले एक ठाउँमा मैदान छाडेर दाउन्ने भन्ने पहाडको शिरसम्म घुमाउँदै पुऱ्याएर फेरि तल झारेको छ । यो दाउन्ने आज त्यस भेगको निकै आकर्षक गन्तव्य बनेको छ र यहाँ भैरहवा र चितवनदेखि मानिसहरू वनभोज खान जान्छन् । छिमेकीराष्ट्र भारतद्वारा निर्मित त्रिभुवन राजपथको दामन र मित्रराष्ट्र जापानद्वारा निर्मित वी.पी. राजमार्गको सेल्फी डाँडालाई पनि हामीले यस्तै उदाहरणका गन्तव्यहरू भनेर चिन्न सक्छौँ ।

भेडेटारबाट धनकुटा र हिले प्रस्टै देखिँदो रहेछ भने पश्चिममा कोसी नदी टल्किरहेको र दक्षिणमा धरान, चारकोसे झाडी र इटहरीसमेत निकै राम्रोसँग देखिने । धरानभन्दा निकै चिसो मौसम र हावा सिरिरिरि चलिरहने । यहाँ बनेको अवलोकन टावर

जसलाई चार्ल्स प्वाइन्ट भनिन्छ, त्यसको टुप्पाबाट टाढा-टाढासम्मका दृश्यहरू देखेर मेरो मन निकै खुशी भएको थियो त्यतिबेला र त्यहाँबाट अर्धाङ्गिनीलाई खुशीले गद्गद् भएर मोबाइलबाट फोन गरेको कुरा म कहिल्यै बिर्सिन्नँ । रञ्जित भाइ र म त्यहाँ त्यो दिन पूरै बिताएर फर्केका थियौँ । बेलायतका युवराज चार्ल्स नेपाल भ्रमणमा आएर यो भेग हुँदै धनकुटातिर जाँदा यही डाँडाको टुप्पाबाट चारैतिरका मनमोहक दृश्य अवलोकन गरेका रहेछन् र पछि यसको नाम नै चार्ल्स प्वाइन्ट राखेर यहाँ दृश्यावलोकन गर्ने पक्की टावर बनाइएको रहेछ । तर हालैको महाभूकम्पले यसलाई पनि नराम्ररी बिगारेको रहेछ । हाल यसको ठाउँमा अर्को टावर बनाउने काम जोडतोडका साथ भइरहेको छ ।

भेडेटारको पहिलो भ्रमणपश्चात् म धेरैचोटि विभिन्न मौसममा त्यहाँ पुगेँ । हुस्सु र कुहिरो बढ्दै आएर सम्पूर्ण भेडेटार ढाक्दा होस् वा बादल आफ्नैअगाडि आएर कुहिरोमा परिणत हुँदै चिसो हावा छाडेर जाँदा, जहिले पनि यहाँ छुट्टाछुट्टै आनन्द आउने । म युवावस्थामा गीत-संगीतमा निकै लागेको मान्छे । अम्बर गुरूङ तथा दीपक जङ्गम र सी.बी. क्षेत्री र शक्ति वल्लभजस्ता ठूला हस्तीहरूसँग गीत-संगीत सिक्ने मौका पाएको मैले पछि पढाइ, गृहस्थी र जागिरसँगै बिस्तारै यो विधाबाट टाढा हुँदै गएको थिएँ । रञ्जित भाइ आफैँ पनि राम्रा गायक भएका र उनले नै भेडेटार पुऱ्याएपछि ममा फेरि संगीत साधना गर्ने रहर जागेर आयो । ऊसँग उसको गितार पैँचो मागेर म फेरि संगीत साधनामा मात्र लागिनँ बरु भेडेटारका बारेमा एउटा गीत नै रचेँ र आफ्नै स्वरमा रेकर्ड पनि गराएँ । सो गीतको भिडियो बनाउन धरानका धेरै व्यक्ति र संस्थाले मद्दत गरे । भेडेटारबारेको यो गीत र भिडियोले पछि राम्रै ख्याति पायो । धरानमा एकजना मेहरलाल श्रेष्ठ भन्ने साथी छन् जसको पुतलीलाइनमा खेलकुदका सामानहरूको राम्रो दुकान छ । उनको बुवा बनेपाबाट बसाइ सरेर धरान आएका रहेछन् । उनीहरूको बनेपामा अहिले पनि घर र पुर्खौली सम्पत्ति अलिकति रहेछ । मेहर बेला-बेलामा काठमाडौं गएर खेलकुदका सामानहरू आफ्नो दुकानको निम्ति ल्याउँछन् । म उनको दुकानको नियमित ग्राहक नै थिएँ । म काठमाडौंकै बासिन्दा भएपनि मेहरको दुकानमा पाइने सामान काठमाडौंमा खोज्न धेरै ठाउँ धाउनुपर्ने भएकाले उनीकहाँ किन्दा नै आनन्द आउने । एकदिन म त्यहाँ सामानहरू हेर्दै बसिरहेको बेला एकजना सिक्किमबाट आएका व्यक्तिले मेहरलाई भेडेटार कहाँ छ, निकै मनोरम ठाउँ पो रहेछ भनेर सोधे । मेहरले पनि तपाईँ नगएको ठाउँ मनोरम

छ भनेरचाहिँ कसरी थाहा पाउनु भयो भनेर सोध्दा उनले हालै भेडेटारबारेको एउटा साङ्गीतिक भिडियो आफूले हेरेको बताउँदै त्यही गीत गुनगुनाए ।

"जाऊँ जाऊँ साथी सँगी भेडेटारको स्वच्छ हावामा रमाऔँ,
धरनदेखि उकाली लागे पुग्छौं है सुन्दर टार ।"

अनि मेहरले त्यो गीत गाउने साथी उनी नै हुन् भनेर मपट्टि देखाउँदा ती व्यक्ति निकै खुशी भएका थिए । मलाई पनि आफूले गाएको गीत हेरेर/सुनेर सो ठाउँको अवलोकन गर्न टाढादेखि मानिसहरू आएको देख्दा निकै खुशी लाग्यो र गीत-संगीत र भिडियो-टीभीको आमसचेतनामा कत्रो भूमिका हुँदो रहेछ भन्ने कुराको हेक्का भयो ।

आज भेडेटारले पनि काँचुली फेरिसकेको छ । यहाँ नजिक र टाढाबाट आउने मानिसहरूको सङ्ख्या निकै बढेको छ । बिदाका दिनहरूमा त यहाँको भ्रमणमा निकै मानिस आउँछन् । मुलुकका विभिन्न ठाउँ तथा पूर्वाञ्चल र भारतका विहार र बंगालदेखि भेडेटारको सौन्दर्य हेर्न, प्रकृतिको आनन्द लिन र चिसो हावा खान आउने मानिसको सङ्ख्या दिनानुदिन बढ्दैछ । भेडेटारबाट राजारानी उक्लने बाटोको दुवैतिर निकै टाढासम्म खाना खाने र बास बस्ने राम्रा होटलहरू खुलेका छन् र अझै खुल्नेक्रम जारी छ । धरान र त्यहाँबाट पनि टाढाका धनाढ्यहरूले यो ठाउँमा जमिन किनेर केही दिन आराम गर्न आउने घरहरू पनि बनाएका छन् । पर्यटन प्रवर्द्धनकै निम्ति यहाँबाट प्यारा ग्लाइडिङ्ग पनि सुरु गरिएको छ । बुद्धको विशाल मूर्ति बनाउनका लागि यहाँ एउटा डाँडा नै खरिद गरिसक्यो कुनै एउटा संस्थाले । त्यस्तै पाथीभराको दर्शन गर्न जान नपाएकाहरूका लागि यहाँ सोको मन्दिर पनि बनाइएको छ । भेडेटार क्षेत्र साना पदयात्राहरूका लागि पनि निकै उपयुक्त ठाउँ हो ।

भेडेटार र काठमाडौं करिब-करिब एउटै उचाइमा अवस्थित छन् । फरक यत्ति हो कि काठमाडौं एउटा उपत्यका भएकोले यो अलिक खाल्डोमा पर्छ र यसको चारैतिर पहाडहरू छन् भने भेडेटार पहाडको टुप्पामा भएकाले यहाँबाट टाढा-टाढाका दृश्यहरू हेर्न सकिन्छ, साथै यहाँ निकै हावा चल्छ र मौसम पनि छिन-छिनमा बदलिइरहन्छ । धरान भेडेटारबाट निकै मनमोहक देखिन्छ । यदि धरानको दृश्यावलोकन भेडेटार नगई छिट्टो गर्नु परेमा धरानको उत्तरपट्टिको सारङ्गाबाट त्यो मज्जा लिन सकिन्छ । विजयपुरको डाँडाका विभिन्न कोणहरूबाट पनि धरान शहर निकै राम्ररी हेर्न सकिन्छ ।

पहिले विभिन्न टेलिभिजन तथा रेडियो र दूरसञ्चार प्रदायक संस्थाहरूको रिले टावरको प्रयोजनका लागि उपयोगमा आएको नाम्जे डाँडा अहिले भेडेटारपछिको अर्को पर्यटक गन्तव्य हुन पुगेको छ । विगत पाँच-सात वर्षमा यो ठाउँको पनि कायापलट नै भएको छ । यो भेग मगर जातिहरूको बाहुल्य भएको ठाउँ रहेछ । अक्सर नेपालको पश्चिममा बस्ने मगर र गुरूङ जातिहरू यता कहिलेदेखि बसोबास गर्न थालेका रहेछन् सो खोजको विषय नै छ । नाम्जेबाट पनि अझ उकाली लागेपछि ओख्रे भन्ने ठाउँ आउँछ । भेडेटारभन्दा पनि निकै उचाइमा रहेको यो ठाउँमा मोटरगाडीबाट जान सकिने तर डाँडाको टुप्पामा रहेको अवलोकन टावरसम्म पुग्न भने करिब आधा घण्टा हिँड्नुपर्ने । हिँड्ने बाटामा पनि ढुङ्गा छापेर भऱ्याङ बनादिएकाले भिरालो हिँडाइ भए पनि चिसो हावा र विभिन्न रूखपातका बीचबाट उक्लनुपर्ने भएकाले निकै मनमोहक अवस्था । पहाडको टुप्पामा अवस्थित अवलोकन टावरबाट धरानलगायत टाढा-टाढासम्म चारैतिर देख्न सकिने तथा बादल र हुस्सुले बेला-बेलामा चिसो हावाका साथ सबै दृश्य केही छिनका निम्ति छोपिदिएर मनमा एक प्रकारको मीठो अनुभूति प्रदान गर्ने । मानौँ कि स्वर्ग यस्तै-यस्तै हुन्छ ।

ओख्रेबाट अझै पर गएपछि डाँडाबजार (भेडेटारबाट करिब १४ किलोमिटर) र त्यसपछि राजारानी (भेडेटारबाट करिब २१ किलोमिटर) आउँदो रहेछ । यो पूरै इलाका आजकल होमस्टे गर्न जाने आन्तरिक पर्यटकहरूको प्रमुख गन्तव्य बन्दै गएको छ । राजारानी धेरैपहिलेदेखिकै नाम चलेको ठाउँ हो । अहिले आएर राजारानीसम्म मज्जाले मोटरगाडीमा जान सकिन्छ । डाँडाबजारबाट सूर्योदय र हिमालहरू हेर्न जति मज्जा आउँछ, त्यति नै मज्जा राजारानीको सानो तलैयामा नौका विहार गर्दै हरियालीको आनन्द लिन आउँछ ।

भेडेटारबाट उत्तरतिर लागेपछि ओरालो सुरु हुन थाल्छ । केही मिनेटको यात्रापछि नै नमस्ते झरना आइपुग्छ । प्राकृतिक झरनाको पानीमा भिजेर रमाइलो गर्न आउनेको यहाँ बाक्लो भीड लाग्छ । भेडेटारदेखिको यो ओराली झन्डै मूलघाट पुगेर सकिन्छ । मूलघाट भेडेटारको दाँजोमा निकै तल पर्छ । यो करिब २६४ मिटरको उचाइमा पर्छ जब कि भेडोटार १,४२० मिटर उचाइमा अवस्थित छ भने धनकुटाको बसपार्क १,१०७ मिटरमा र हिले १,८५० मिटरमा । वास्तवमा मूलघाट धनकुटा र भेडेटारबीचको खोँच नै हो, करिब यो भेगको सबैभन्दा तल्लो भाग । त्यसैले यहाँ गर्मी पनि निकै हुन्छ । यही घाट हुँदै तमोर नदी दक्षिण-पश्चिम भएर बग्छ र सप्तकोसीमा मिल्दछ ।

गर्मीका कारणले पनि मूलघाट उखु र पहाडिया जातको आँपका निम्ति प्रख्यात छ भने तमोर नदीमाथि बनेको यहाँको दुई सय मिटर लामो फलामे पुल निकै आकर्षक र प्रख्यात छ । यो पुल भएर यात्रा गर्ने जोकोहीलाई पनि यहाँ एकछिन रोकिएर फोटो खिँच्न मन लागी नै हाल्छ । तमोरबाट ऱ्याफ्टिङ गरेर सप्तकोसीसम्म पुऱ्याउने साहसिक पर्यटन सुरु भएको पनि धेरै भइसकेको छ । अहिले मूलघाटमा होटल, रिसोर्ट र खानपिनका रेस्टुरेन्टहरू धमाधम खुल्दैछन् । तमोरको किनारमा विश्रान्तिको मन्दिर छ । यो स्थलमा पूजाआजा गर्न र तमोर नदीमा विभिन्न धार्मिक कार्य गर्न टाढा-टाढादेखि श्रद्धालुहरू यहाँ आउने गर्छन् । त्यस्तै वनभोज गर्न आउनेहरूको पनि खासगरी बिदाको दिन भीड लाग्ने गर्छ ।

मूलघाटबाट उकालो लाग्दै गएपछि हामी धनकुटा पुग्छौँ । यो अर्को सुन्दर र ऐतिहासिक ठाउँ हो । राणा प्रधानमन्त्री देवशमशेरलाई भाइ चन्द्रशमशेरले पदच्युत गरेपछि रातौँरात उनलाई यही धनकुटामा ल्याएर राखिएको थियो । तर उनी केही समयमा नै यहाँबाट दार्जिलिङ्गतिर पलायन भए । राजा वीरेन्द्रले पूर्वमा निकै मन पराएको ठाउँ पनि धनकुटा नै हो । यही धनकुटाको सेरोफेरोबाट धेरै मानिस विराटनगर र अन्य पूर्वीतराईमा बसाइँ सरेका हुन् । लेखिका झमक घिमिरेको जन्मथलो पनि धनकुटा नै हो ।

धनकुटाबाट आठ किलोमिटरजतिमाथि लागेपछि हिले बजार आइपुग्छ । यो फेरि अर्को रमणीयस्थल हो यो भेगको । ठन्डा मौसम, हराभरा वातावरण, चियाको खेती, सुन्तला, जुनार र एभोकेडोका निम्ति प्रख्यात यो क्षेत्रले आफ्नै विशेषता बोकेको छ । हिलेको तोङ्वा र सुकुटी नेपालभरि प्रख्यात छ । यसैले होला यहाँको मुख्य चोकमा बडेमानको तोङवाको भाँडोको आकृतिसहित यहाँका संस्कृति झल्कने कलाकृतिहरू बनाइएका छन् । हिलेले आज आएर धनकुटालाई उछिन्दै नयाँ व्यापारिक केन्द्रको रूपमा विकास हुँदै गइरहेछ । भोजपुर र वसन्तपुर पनि हिले भएर नै जाने भएकाले यो यस भेगको प्रमुख बजारका रूपमा चिनिन्छ । सेनाको ठूलो ब्यारेक, बौद्ध गुम्बा र सुविधासम्पन्न ठूला-साना होटलहरू खुलिसकेको यो बजार निकै गुल्जार छ । यहाँबाट केही मिनेटमा नै पाख्रीबास पुगिन्छ । यहाँ बेलायती सहायतामा निर्मित पाख्रीबास कृषि अनुसन्धान केन्द्र पनि छ ।

फेरि धरानतिरै जाऔँ । एकदिन धरान नगरपालिकाका पूर्वमेयर मनोजकुमार मेयाङ्वोले

मलाई बोलाएर धरान महोत्सव हुन लागेको र प्रमुख अतिथिमा भी.सी. रामबहादुर लिम्बूलाई आमन्त्रण गरिएको तथा सो समारोहमा बजाउनका लागि एउटा धरानको वर्णन गरिएको गीत चाहिएको कुरा बताए । मैले म बनाइदिन्छु नि त भनेपछि उनले सहर्ष स्वीकार गरे । भन्न त भनिहालेँ अब समय निकै कम भएकाले कसरी बनाएर सक्ने भन्ने पीर पर्न थाल्यो । तैपनि गितारमा एउटा आकर्षक धुन भने बनाउन सुरु गरिहालेँ । म सधैँ शब्द तयार भएपछि अगाडि राखेर संगीत भर्ने गर्थें तर यसपटक शब्दविना नै पहिला धुन बनाउनतिर लागेँ ।

वासुदेव बराल भन्ने युवा भाइसँग म धरान पुगेको केही समयपछि भेट भएको थियो । उनी एकजना नाम चलेका भद्र तथा ज्योतिषि जो सनातन धर्मशास्त्रका विद्वान् व्यक्ति पनि थिए, हो उनका छोरा रहेछन् । उनले अनेक प्रकारका व्यवसायमा हात हाले, अखबार निकाले, फलामे फर्निचरको उद्योग र व्यवसाय गरे, विभिन्न सङ्घसंस्थामा सक्रियरूपमा काम पनि गरे तर पत्रिकाबाट केही राम्रै नाम कमाए पनि र उनले राम्रै व्यवसायहरूमा हात हालेको भए तापनि ती त्यति लाभदायक भने हुन सकेनन् । तर अहिले आएर होटल र पर्यटन व्यवसाय उनलाई निकै फापेको छ । वासुदेवले आफ्नो होटलमा केही दुर्लभ सामान, बाजा र कलाकारिताका वस्तुहरू संग्रह गरेर राखेका छन् । उनका भाइ विष्णु पनि धरानका नाम चलेका युवा व्यवसायी हुन् र धरान जेसीसका अध्यक्षसम्म भए र निकै काम पनि गरे । यिनै वासुदेवसँग मैले धरानबारेको गीत कसले लेखिदेला, महोत्सवको उद्घाटनभन्दाअघि बनाएर सक्नुछ भनेर भलाकुसारी गरेँ । उनले भोलिपल्टै गोपाल देवान नाम भएका गीतकारलाई मसँग परिचय गराए । गोपाल देवान साहित्यमा निकै लागिपरेका युवा रहेछन् । उनका धेरै रचनाहरू पत्र-पत्रिकामा छापिनुका साथै यिनले लेखेका गीतहरूमा नाम चलेका गायकहरूले स्वर दिएर गीत रेकर्ड गराएका रहेछन् । गायक सविन राईले गाएको "गुराँसको फेदमुनि सम्झनाको छाया, जहाँ गए नि किन लाग्छ मलाई तिम्रो माया" भन्ने गीत यिनले नै लेखेका रहेछन् । बेलुकी म बसेको ठाउँमा हामी तीनभाइ बसेर मैले सो गीतको संगीत हाल्ने, गोपालले शब्द चयन गर्ने र वासुदेवले शब्दमा छुट्न नहुने धरानका सम्पदाहरूको फेहरिस्त बनाउने काम गर्न थाल्यौँ । आखिर केही दिनमा गीत तयार भयो ।

"यो शहर धरान शहर, यो शहर सुन्दर शहर
हरियाली यसको गहना, शान्ति यसको चाहना ।"

मेरा जेठान दीपक थापा नेपालकै कुशल गितारवादक र संगीत संयोजकहरूमध्येका भएकाले उनले यो गीतको संगीत संयोजन गरिदिए । योभन्दापहिलेको भेडेटारको गीतको पनि उनैले संगीत संयोजन गरेका थिए ।

सो धरान महोत्सवको उद्घाटन बेलायतको सबैभन्दा उच्च र मर्यादित युद्ध पदक "भिक्टोरिया क्रस" का पछिल्ला विजेता श्री रामबहादुर लिम्बूबाट भएको थियो । यसै समारोहमा धरानको भानुचोकमा निर्मित घण्टाघरको पनि उनीबाटै उद्घाटन भयो । यो घण्टाघर निर्माणमा हङ्कङ्मा बस्ने धेरै नेपालीले धरान-हङ्कङ् मञ्चमार्फत नगद सहयोग गरेका थिए भने पूर्वमेयर मनोज मेयाङ्ग्वो यो पुण्य कार्यमा निकै खटेका थिए । म यसको निर्माणको प्रगति हेर्न दिनहुँजसो गइरहन्थेँ निर्माणस्थलमा । मैले पनि आफू कार्यरत बैँकबाट त्यतिबेलाको राम्रै रकम सो घण्टाघर निर्माणका लागि उपलब्ध गराएको थिएँ । त्यस्तै सो घण्टाघरको मूलढोकानजिक मेरी स्वर्गीय आमा स्नेचिलावालादेवी लोहनीको सम्झनामा एउटा विश्राम कुर्सी पनि निर्माण गर्न रकम उपलब्ध गराएको थिएँ । यस घण्टाघर परिसरमा गणेशको मन्दिर, निकै राम्रो बगैँचा र बीचमा विक्रम संवत् २०४५ को भूकम्प तथा सोमा परेर मृत्यु हुनेहरूको यादमा बनेको भूकम्प स्मारक पनि छ । यो पूरै क्षेत्रभित्र प्रवेश गर्ने मूलद्वार भने मनोज मेयाङ्ग्वोले हङ्कङ्मा बस्ने नेपालीहरूको सम्मानमा चिनियाँ वास्तुकलालाई आधार बनाएर निर्माण गराएका थिए ।

सो दिन भी.सी. रामबहादुर लिम्बूले धरान महोत्सव र घण्टाघरको उद्घाटन गर्ने बेला सो धरान सम्बन्धी गीत समारोहस्थल र धरानको टाढा-टाढासम्म सुनिने गरी निकै ठूलो आवाजमा बजाएका थिए । केही आयोजक साथीलाई मात्र सो गीत मैले र मेरी पत्नी रजनी तथा छोरी कृपाले गाएको भन्ने थाहा थियो, तर आफ्नो गीत यति भव्य कार्यक्रममा घन्किँदा मेरो भने भुइँमा खुट्टा थिएन । म निकै खुशी भएको थिएँ त्यो दिन । यसको केही वर्षपछि मलाई काठमाडौँमा एउटा निम्ता आयो धरानबाट । पढ्दा त त्यहाँ हुन लागेको अर्को धरान महोत्सवमा मलाई पनि सम्मान गर्ने योजना रहेछ । केही दिनपछि म पनि ठाँट्टिएर धरान पुगेँ र हजारौँ धरानवासीसामु गैर-धराने भएर पनि सम्मान पाएकोमा निकै खुशी भएँ ।

मलाई संगीतमा पुनः फर्काउन रञ्जित भाइ र उसका संगीत साधक साथीहरूजस्तै सृजन शर्मा नेपाल आदिको ठूलो देन छ । दाजुभाइ सृजन, रोशन, र प्रशान्त

शर्मा तीनैजना संगीतका सूक्ष्म साधकहरू हुन् । उनीहरू महिला अधिकारकर्मी, साहित्यकार तथा राजनीतिज्ञ कुन्ता शर्मा तथा मञ्जुलका छोराहरू हुन् । सृजन कुशल गितारवादकका साथै निकै खारिएका संगीत संयोजक हुन् भने उनका भाइ रोशन नेपालका प्रख्यात हवाइयन गितारवादक तथा पूर्वीय संगीतका ज्ञाता हुन् जो नियमितरूपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा आफ्नो सीपको प्रदर्शन गरिरहन्छन् । त्यस्तै प्रशान्त अति नै खारिएका गायक हुन् । सृजनले आफ्नै स्टुडियो पनि चलाइरहेका छन् धरानमा ।

हामीले एकचोटि धरानस्थित निर्वाणा कन्ट्री क्लबमा नयाँवर्षको मौका पारेर साङ्गीतिक साँझको पनि आयोजना गरेका थियौँ र मैले पनि निकै वर्षपछि केही गीतहरू गाएको थिएँ । यो कार्यक्रम हेर्न करिब ३०० जनाले टिकट खरिद गरेर आएका थिए भने सोबाट उठेको सानो नाफा हामीले धरान बास्केटबल क्लबलाई दिएका थियौँ, जसको सल्लाहकारमा म पनि थिएँ ।

खेलकुद, त्यसमा पनि फुटबल खेलले धरानमा निकै ख्याति प्राप्त गरेको छ । एन्फा एकेडेमीले पनि त्यहाँ आफ्नो प्रशिक्षण केन्द्र सञ्चालन गरिरहेको छ । बर्सेनि, निकै वर्षदेखि धरानमा बूढासुब्बा गोल्ड कप फुटबल प्रतियोगिता हुन्छ र म त्यहाँ छँदा प्रत्येक वर्ष भ्याएसम्मका खेलहरू हेर्न गर्थँ । देशभरिबाट राम्रा-राम्रा टिमहरू त्यहाँ प्रतिस्पर्धा गर्न आउँछन् । अन्य ठाउँमा हुने यस्ता फुटबल प्रतियोगिता बेला-बेलामा हुन नसक्नेस्थिति आए पनि धरानको बूढासुब्बा र पोखराको आहा गोल्डकप प्रत्येक वर्ष निरन्तररूपमा आयोजना भइ नै रहेका छन् । धरानको रंगशालामा अति नै कम पूर्वाधार छन् भने त्यो रंगशालाको पर्खालसमेत बेलायतमा बस्ने धरानवासीहरूले रकम जम्मा गरेर पठाएकाले बन्न सकेको हो । सरकारले अलिक ध्यान दिएर यो रंगशालाको निर्माणमा सक्रिय भूमिका खेलिदिनु अत्यन्त जरुरी छ भने यो रंगशालालाई नै यो क्षेत्रको मुख्य रंगशालामा परिणत गर्न सके अति उत्तम हुने थियो । जहाँ जुन खेलको संस्थागत विकास भएको छ, त्यही ठाउँलाई त्यस भेगको सो खेल सम्बन्धी मुख्य केन्द्र बनाइनुपर्छ, अनिमात्र खेल र पूर्वाधार दुवै दिगो भएर जम्छन् । धरानले निकै राम्रा फुटबल खेलाडीहरू पैदा गरेको छ । नेपाली फुटबल खेलका हालका प्रमुख प्रशिक्षक राजु शाक्य र किशोर राई पनि धरानका नै छोरा हुन् भने अन्य कहलिएका खेलाडी जस्तै भारोत्तोलनका अग्रज राजभगत प्रधानाङ्ग, फुटबलका हस्तीहरू प्रकाश वुढाथोकी, मिलन श्रेष्ठ र सुरज खालिङ, टेबुल टेनिसकी गीता

थापा र करातेलाई नेपालमा संस्थागत गर्न ठूलो योगदान दिएका वरिष्ठ खेलाडी स्थानेस्वर राई पनि धरानका नै सपूतहरू हुन् ।

साहित्य र कलामा धरानको नाम सधैँ अग्रपङ्क्तिमा आउने गर्छ । मञ्जुल, कुन्ता शर्मा, कविताराम श्रेष्ठ, गोविन्द कटवाल, वसन्त थापा, राजेन्द्रबहादुर थापा र यस्तै धेरै साहित्यकारले राष्ट्रियस्तरमा ख्याति कमाए भने दीप श्रेष्ठ, सुवर्ण लिम्बू, गंगा वरदान, सविन राई, राजेशपायल राई, लोचन भट्टराई, प्राश्ना शाक्य, निशान भट्टराई, हर्कचुम्मे, तथा प्रकाश पौडेल, आदि र अभिनयतर्फ नम्रता श्रेष्ठ, मलिना जोशी, दीपक श्रेष्ठ, प्रेम सुब्बा, नवल खड्का आदिले निकै नाम कमाएका छन् । त्यस्तै बौद्धिक तथा राजनीतिक क्षेत्रका हस्तीहरू पण्डित छविलाल पोखरेल, सूर्यप्रसाद उपाध्याय, जनार्दन आचार्य, कृष्णकुमार राई, श्याम कटवाल, चक्रबहादुर शंकर, पदम सुन्दास आदि धरानबाट नै उदाएका हुन् । धरानका पूर्वमेयर ध्यानबहादुर राई र मनोजकुमार मेयाङ्ग्वोले धरान शहरको विकासमा निकै योगदान गरे भने भर्खरै मेयरमा निर्वाचित तारा सुब्बाबाट पनि यहाँका स्थानीय जनताहरूले त्यस्तै अपेक्षा गरेका छन् । मेरो धरान बसाइको बेला चिनाजानी भएका यी मित्रको स्वभाव मलाई धेरै थाहा भएकोले उनको कार्यकालमा धरानको स्वरूपमा अझ बढी निखार आउने कुरामा म पूरै विश्वस्त छु ।

म धरानको बैंकमा कार्यरत हुँदा धरान तथा यसका नजिकका ठाउँहरू इटहरी, विराटनगर, धनकुटा, हिले आदिका धेरै बासिन्दा र विभिन्न व्यक्ति तथा संस्थासँग परिचित हुने मौका पाएँ । इटहरीको गोरखा डिपार्टमेण्ट स्टोरका बलराम आचार्यसँग पनि त्यही बेला भेट भएर पछि हामीबीच गाढा सम्बन्ध रहन गयो । उनी निकै मेहनती, धार्मिक तथा इमानदार मान्छे हुन् । मैले जानेका र पढेका व्यापारिक सीपका बारेमा म उनीसँग छलफल गर्दथेँ । उनी मेरा कुरा तुरन्तै बुझिहाल्दथे । उनको इटहरीमा अवस्थित गोरखा डिपार्टमेन्ट स्टोरको जग हाल्ने बेलादेखि नै म त्यहाँ गइरहन्थेँ र उनलाई विभिन्न सल्लाह र सुझाव पनि दिन्थेँ । आफैँ नै निपुण मान्छे उनी, मेरो सल्लाह र सुझावलाई पनि निकै ध्यान दिएर सुन्थे र लागूसमेत गर्दथे । आज उनका यस्ता आधा दर्जनभन्दा बढी विशाल स्टोरहरू पूर्वाञ्चलका विभिन्न शहरमा चलिरहेका छन् भने, दुग्ध व्यवसाय, बेकरी उद्योग तथा होटल र अन्य व्यवसाय धमाधम सुरु हुँदैछन् । तर उनमा घमण्ड, उन्माद केही पनि छैन, उनी पहिलाजस्ता थिए, आज पनि त्यस्तै नै छन् । सरल, सुकुमार, हँसमुख र दानी । उनका परिवारका सबै सदस्य यस्तै प्रकारका छन् ।

अर्को व्यक्ति धरानमा छन्, जसको केही पुस्ताले नै शिक्षा क्षेत्रमा आफ्नो समय व्यतीत गरेको रहेछ । यी हुन् बेनिन्द्र कटवाल । राम्रो पहिरनका सौखिन यिनी शिक्षाविद् श्याम कटवालका ज्येष्ठ सुपुत्र हुन् र आफ्नै दिवङ्गत आमाको नाममा विष्णु मेमोरियल स्कुल खोलेर सफलतापूर्वक चलाइरहेका छन् । सुरुमा उनीसँग भेट हुँदा यो विद्यालय निम्नमाध्यमिक तहको थियो भने बिस्तारै आज यसले कलेजकै रूप लिइसकको छ र यहाँको पढाइ पनि निकै स्तरीय छ । आज यो विद्यालयले यति प्रतिष्ठा कमाउन योग्य हुनुमा उनकै ठूलो हात छ । त्यस्तै धरानमा विप्रेषण र भ्रमण सम्बन्धी काम गर्ने व्यवसाय चलाएर बसेका कुन्दन श्रेष्ठ र निर्माण सामग्री तथा इलेक्ट्रोनिक सामानका युवा व्यवसायी नवीन राजभण्डारीसँग पनि गाढा सम्बन्ध नै बस्न गयो । उद्योगी–व्यवसायी रोशन सोनी, पवन अग्रवाल तथा उनका भाइहरू, अशोक अग्रवाल, सुनील तथा उनका बुवा देवकीनन्दन अग्रवाल, हिरा उदास, युगल श्रेष्ठ तथा उनका भाइहरू मनोज र सुरज श्रेष्ठ, अशोक ताम्राकार, सरोज श्रेष्ठ, महेन्द्र प्रधान, जीवन गुरूङ, मिन सुब्बा, भानु राई तथा उनका दाजुहरू र धेरै–धेरै धराने हस्तीसँग मेरो निकैनजिकको सम्बन्ध थियो । मसँग चिनाजानी हुँदा भर्खर व्यापारमा बामे सरिहेका गोपाल श्रेष्ठ, गोपाल आचार्य, कृष्ण पाठक तथा दिनेश श्रेष्ठजस्ता नयाँ व्यवसायीहरू आफ्नो मेहनतका कारण आज हेर्दाहेर्दै निकै नै स्थापित व्यवसायी भइसकेका छन् । बैंकको कामपछि म स्थानीय बासिन्दाजस्तै गरी सबैसँग भिजेर नै बस्ने गर्दथेँ धरानमा । धरानको चार वर्षको बसाइ वास्तवमा मेरो सम्पूर्ण जीवनभरि नै अविस्मरणीय रहनेछ ।

म भरखर धरानमा कामको लागि जाँदा मेरो मातहतमा काम गर्ने एकजना भाइ सन्दिप श्रेष्ठ थियो । ऊ निकै मेहनती र इमान्दार युवा थियो । पढाइको सिलसिलामा अस्ट्रेलिया गएको सन्दिप हाल केही वर्षका लागि उतै कुनै संस्थामा कार्यरत छ । उसका पिता कृष्णप्रसाद श्रेष्ठसँग उसले मलाई चिनायो त्यतिबेला आफ्नो घरमा बोलाएर । कृष्णप्रसाद श्रेष्ठ खानदानीरूपले नै सम्पन्न व्यक्ति रहेछन् र धरानमा निकै जग्गाजमिन रहेछ उनको । उनी समाजसेवी हुनुका साथै पिण्डेश्वर मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पनि रहेछन् । श्रावण महिनाको प्रत्येक सोमबार हुने बोलबम मेलाको व्यवस्थापन वर्षौंदेखि उनकै अध्यक्षतामा हुँदो रहेछ । उनका बाजे सुब्बा रत्नप्रसाद श्रेष्ठले चन्द्रशमशेरको पालामा धरानमा पहिलो बस्ती बसाउँदा त्यहाँका अधिकारी भएर काम गरेका रहेछन् र उनकै तजबिजमा बस्ती बस्न सुरु

भएको रहेछ । आज उनका सन्ततिहरूले उनकै नाममा पुरानो बजारको एउटा सडकको नाम नै रत्नरोड राखेका छन् । ती कृष्णप्रसाद श्रेष्ठबाट धरानबारे निकै कुरा सिक्ने मौका पाएँ मैले । उनको पूरै परिवारसँग मेरो निकै राम्रो सम्बन्ध बस्यो र आजसम्म पनि सो सम्बन्ध कायमै छ । अर्का कृष्णप्रसाद श्रेष्ठ पनि थिए धरानमा, जसलाई बीए कृष्णप्रसाद भनिन्थ्यो । यिनी धरानमा बी.ए. उत्तीर्ण हुने प्रथम व्यक्ति थिए रे ! उनी वामपन्थी विचारधाराका थिए ।

एकजना चन्द्र श्रेष्ठ नामका व्यक्ति जो धरानको नेपाली कांग्रेस पार्टीका अग्रज नेता पनि हुन्, उनीसँग पनि त्यतिबेला नै मेरो चिनाजानी भएको हो । उनी पाककलामा निपुण छन् । धेरैचोटि उनको घरमा र वनभोजहरूमा उनले पकाएका खाना मैले चाख्ने मौका पाएको छु । राजनीतिमा व्यस्त हुनु परे पनि फुर्सद भयो भने उनी खाना पकाउने र साथीभाइहरूलाई खुवाउने कुरामा व्यस्त भइहाल्ने अति रमाइला व्यक्ति । उनको आनीबानी र असल चरित्रको म निकै कदर गर्दछु । उनकै अनुयायी तथा नेपाली काँग्रेसका युवा नेता उमेश थापासँग पनि मेरो राम्रो चिनाजानी भयो । यी उमेशको राजनैतिक भविष्य मैले निकै उज्ज्वल देखेको छु ।

कलेजमा पढ्दाका सहपाठी राजु थापा, जो अझ पनि विद्युत् प्राधिकरणमा काम गर्छन्, उनलाई त्यहाँ धेरै समयपछि देख्दा म निकै खुशी भएको थिएँ । अर्का राजु थापा, जो निकै राम्रा गायक थिए हाम्रो कलेजका दिनहरूमा, उनलाई पनि धरानमा नै भेटियो । इटहरीका विनोद देवान जो अहिलेसम्म पनि मेरा अति नै घनिष्ठ भाइ हुन्, उनीसँग पनि उनको धरानस्थित सामसुङ्गको शोरूममा चिनाजानी भएको थियो । म पूर्वमा जाँदा सधैं भाइ विनोदलाई भेट्छु र उसको घरमा गएर परिवार जनसँग भलाकुसारी गर्छु । ऊ पनि व्यापारको सिलसिलामा काठमाडौँ आइरहन्छ । उसको परममित्र षडानन्द चौधरी अहिले सशस्त्र प्रहरी बलमा अतिरिक्त प्रहरी महानिरीक्षक छन् र हामीबीच निकै गाढा भाइचाराको सम्बन्ध छ । उनी पनि पूर्वकै छोरा हुन् । ब्याडमिन्टनका अन्तर्राष्ट्रिय रेफ्री उदय अर्याल भाइसँग पनि धरानमा नै चिनाजानी भएको हो । उनका पिता करिब पचास वर्षपहिले काठमाडौंबाट विराटनगरमा गएर उतै बसोबास गरेका रहेछन् भने उदय अहिले पुनः काठमाडौंमा नै बसोबास गर्दैछन् । यसरी सयौँ धरान तथा सेरोफेरोका भद्र व्यक्तिसँग मेरो चार वर्षको बसाइको दौरान चिनाजानी हुन पुग्यो ।

धरानका धेरै गल्फ खेलाडीसँग पनि मेरो निकै घनिष्ट सम्बन्ध थियो । वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानभित्र रहेको गल्फ कोर्समा मैले पनि केहीवर्ष गल्फ सिक्ने मौका पाएँ । ब्रिटिश सेनाका अफिसरहरू गल्फ खेल्नका लागि करिब ६० वर्षपहिले एकजना गोराले बनाएको यो गल्फ कोर्स नेपालकै पहिलो मानिन्छ । हराभरा वातावरणमा निर्मित यो कोर्समा शिरीषका साथै निकैथरी रूख छन् । यहाँ गल्फ खेल्न जानेक्रममा धरानका धेरै गल्फ खेलाडीसँग राम्रै सम्बन्ध स्थापित भयो । एकजना इन्द्र लामिछाने थिए, जो अति नै दिलदार, रमाइला र गल्फका कुशल खेलाडी । कहिलेकाहीँ त दिनभर पनि गर्मीमा खेलेर बसिरहन्थें । त्यसैगरी सुनिल ताम्राकार र मणि राई पनि मेरा गल्फका साथीहरू नै हुन् । उनीहरूसँग गल्फका साथै यताउती घुमघाम पनि भइरहन्थ्यो । इन्द्र लामिछानेको बराह ज्वेलर्स भन्ने सुनको पसल थियो । हेर्दाहेर्दै उनको मेहनतले गर्दा त्यो पसलले निकै प्रगति गर्न सफल भयो र यसका शाखाहरू काठमाडौंको नयाँ सडकमा दुईवटा र पोखरा, नारायणघाट, लन्डन, दुबई तथा हङ्कङ्मा समेत खुले । धरानमा उनले डिपार्टमेन्टल स्टोर र काठमाडौंमा गहना कारखानासमेत खोले । म धरान छँदा र पछि काठमाडौं फर्केपछि पनि हामी निकैपटक लामो गफगाफमा बसेका छौँ । तर केहीवर्षपहिले उनी अकस्मात् दिवङ्गत भए हङ्कङ्मा । निकै दुख लाग्यो । म उनको धरानस्थित घरमा पुगेको थिएँ उनका परिवारका सदस्यहरूलाई सान्त्वना दिन । उनकी श्रीमती यानि हाम्री भाउजु, छोरा शिव र छोरी तथा बुहारी सबै चरमशोकमा चुपचाप टोलाएर बसिरहेका थिए । मैले केहीबेर सान्त्वनाका शब्दहरू र उनीसँग मैले बिताएका पलहरू, उनले मसँग आफ्ना परिवार र जीवनबारे पटक-पटक गरेका भलाकुसारीहरू सबैसामु सुनाएँ । अनि परिवारका सबै सदस्यलाई उनले अधुरो छोडेका सबै काम पूरा गर्नुपर्ने र यो बराह ज्वेलर्स तथा अन्य उनका सृष्टिहरूका अगाडि सकेसम्म 'इन्द्र' पनि थप्नू तर कदाचित् विभिन्न कारणवश नमिल्ने भए अब आउँदा दिनहरूमा गरिने अन्य व्यवसायमा भने यसो गरे राम्रो भनेर सल्लाह दिएँ । केही समयपछि उनका छोरा शिवले एकदिन मसँग भेटेर इन्द्रबराह ट्राभल्सको नाममा दिवा र रात्रि बसहरू चलाउन सुरु गरेको कुरा सुनाउँदा निकै खुशी लाग्यो । इन्द्र दाइका सुपुत्र शिव लामिछाने ख्याति प्राप्त गायक हुनुका साथै पिताको व्यवसाय आज उनी र उनको समूहले चलाउँछ । उनले संगीतको विकासका लागि पनि केही राम्रा काम थालेका छन् । कृपा फाउन्डेशनमार्फत प्रख्यात 'कृपा अन्प्लग्ड' कार्यक्रम सञ्चालन गर्ने गरेका उनको काठमाडौँमा संगीतको विशाल स्टुडियो नै खुलेको छ । इन्द्रदाइसँगै

अर्का मित्र केशर लिम्बूसँग पनि निकै रमाइलो सम्बन्ध थियो मेरो । हाल उनी बेलायतमा बसोबास गर्छन् ।

देवराज पाख्रिन, मणि राई, सविन सापकोटा तथा उनका भाइहरू, देवमान लिम्बू, इन्द्र लामिछाने, केशर लिम्बू, सस्टीका इङ्गनाम, सन्तोश राई, सञ्जिव गुरूङ, शंकरमान शाक्य, कालुदाइ, तथा अन्य धेरै गल्फका मित्र अझ पनि मेरो मानसपटलमा आइरहन्छन् । उनीहरूसँग बिताएका क्षणहरू अझै पनि ताजा नै छन् मेरो मन–मस्तिष्कमा । गल्फ भन्ने खेल एक्लै आफैँसँग पनि खेल्न सकिने, धेरैजनासँग पनि खेल्न सकिने र अझ सबैभन्दा रमाइलो त निकै जान्ने र कमजोर तथा नयाँ खेलाडीले पनि सँगै प्रतिस्पर्धा गरेर खेल्न मिल्ने । अलिकति खेलमा एकाग्रता भएन कि खेल बिग्रिहाल्ने । हेर्दा अल्छीहरूको खेलजस्तो देखिए पनि निकै व्यायाम हुने खेल हो यो । एकैचोटि शरीर र मस्तिष्क दुवैको पूरापूर व्यायाम हुने । आज खेल बिग्रियो भने अर्कोपटक कहिले गएर फेरि राम्रो खेलौँजस्तो लाग्ने । धरानमा निकै सस्तोमा खेल्न पाइए पनि यो खेलको लागि क्लब सदस्य हुन नेपालका अन्य ठाउँमा निकै महँगो पर्छ ।

करिब दुई वर्षजति मैले धरानमा गल्फ सिक्ने र खेल्ने अवसर पाएँ । खासगरी देवराज पाख्रिन, मणि राई र सविन सापकोटाले मलाई गल्फ सिकाए । उनीहरू तीनैजना निकै उम्दा गल्फर हुन् । सविन सापकोटा वर्षमा छ महिनाजस्तो जर्मनीमा गल्फ सिकाउँछन् । उनका बुवा रिट्ठे सापकोटा पनि निकै कुशल गल्फर हुन् । धरानको निर्वाणा कन्ट्री क्लबमा अवस्थित गल्फ कोर्स निकै राम्रो र मनोरम छ । यो क्लब शशीराम भण्डारी र उनकी पत्नी मिलेर चलाउँछन् । हामीबीच निकै राम्रो सम्बन्ध भएकाले म बेला–बेलामा यो दम्पतीलाई भेट्न पनि त्यस रिसोर्टमा गइरहन्थेँ । सुरुमा उनका दाजु रविराम भण्डारीले यहाँको व्यवस्थापनको काम सम्हालेका थिए । उनी पनि निकै मिजासिला र कुशल व्यवस्थापक थिए । उनी त्यहाँको जंगलबाट च्याउ खोजेर ल्याउँथे । कुन च्याउमा विषादी हुन्छ र कुनचाहिँ खान हुन्छ भनेर उनी राम्ररी चिन्थे । तर मैले कहिले पनि त्यहाँको च्याउ खाने आँट गरिनँ ।

बिहान–बिहान म धेरैजसो यही गल्फ कोर्स भएको घोपा क्याम्प वा हालको वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको विशाल परिसरमा हिँड्ने गर्दथेँ । यहाँभित्र ब्रिटिशहरूले बनाएका करिब छवटा फुटबल मैदान, ब्याडमिन्टन कोर्ट, टेनिश कोर्ट,

स्क्वास कोर्ट र दुईवटा पौडी पोखरी थिए । तर हेर्दाहेर्दै यी संरचनाहरू आज ध्वस्त हुँदै गइरहेका छन् त्यहाँको व्यवस्थापनको कमजोरीले गर्दा । धरानको भानुचोकबाट उकालो लाग्दै जिरो प्वाइन्ट र शिवधारासम्म हिँडेर फर्कँदा ओरालो–ओरालो आउँदाको आनन्द पनि अर्कै । यो रूटमा त्यहाँका अधिकांश हस्ती भेट हुने, बिहानको समयमा । तर हिड्न सुरुचाहिँ निकै सबेरै गर्नुपर्छ । बाँजगरा, रंगशाला, र धनकुटे रोडतिर पनि हामी बिहान हिँड्न जान्थ्यौँ । एकजना सुवास सापकोटा नामका काठमाडौँका भाइ र म बेला–बेलामा खासगरी बिदाका दिनमा इटहरीसम्म गाडीमा गएर त्यहाँका विभिन्न सडक, गल्ली–गल्लीमा पनि हिँड्दथ्यौँ । गल्फ खेल्दा नै चिनाजानी भएका देवमान लिम्बूको धनकुटे रोडमा रहेको घरमा उनले आफ्नै मेहनतले एउटा सानो जिमखाना बनाएका थिए । कैयन् महिनासम्म उनी र म त्यहाँ बिहान–बिहान कसरत गर्थ्यौँ । पछि उनी हङ्कङ् बस्न जाने बेलामा उनका कसरतका सबै सामान मलाई उपहारस्वरूप दिएका थिए । उनी ढुंगामा निकै राम्रोसँग कलाकारिता गर्थे र निकै चलेको थियो उनको दुकान । केहीवर्षअघि मेरी पत्नी र म हङ्कङ् जाँदा हामीले उनलाई भेटेका थियौँ । उनको अडियो भिजुअल स्टुडियो रहेछ र भिडियो पनि ड्रोनबाट समेत खिँच्दा रहेछन् ।

बैंकको सबैभन्दा माथिल्लो तलामा मेरा लागि बस्ने पाँच कोठाको निकै राम्रो अपार्टमेन्ट थियो । दुईवटा एयर कन्डिशनर जडित स्तरीय होटलकै हाराहारीको यो अपार्टमेन्टमा बस्नलाई निकै सुविधा भए पनि एक्लै बस्नुपर्दा मलाई सुनको पिँजडामा बसेको चराजस्तो भान हुन्थ्यो । बिहान उठ्नेबित्तिकै नित्यकर्म गरेर म हिँड्न र कसरत गर्न बाहिर निस्किहाल्थेँ भने फर्केर आएपछि बैंकमुनिपट्टिको औषधी पसल र क्लिनिक सञ्चालन गर्ने विकास खड्का भाइ र उसका परिवारजनसँग चिया गफ गरेर समय कटाउँथेँ । दिनभरि बैंकमा काम गरेपछि बेलुकी भने एक–एकजना गर्दै कर्मचारीहरू घरतिर जान थालेपछि आफूमात्रै एक्लै लुरूलुरु माथिल्लो तलाको सुनको पिँजडामा जाँदा निसास्सिएको जस्तो हुन्थ्यो । झट्पट म कपडा फेरेर बाहिर घुम्न निस्किहाल्थेँ र अलिक रात परेपछि आएर फेरि एकछिन विकास भाइसँग भलाकुसारी गरेर आफ्नो कोठातिर जान्थेँ । विकास र उसका परिवारका सबै सदस्यले मलाई निकै आदर र माया गर्थे । बेला–बेलामा विकासले खाना खान मलाई उसको घरमा लैजान्थ्यो भने कैयन्चोटि म उसलाई मेरो अपार्टमेन्टमा बोलाइरहन्थेँ । सामान्य टाउको दुख्यो वा पेट दुख्यो भने पनि म उसैलाई फोन गरेर सल्लाह लिने गर्दथेँ ।

उसको भाइ कैलाश, दिदीबहिनी, भिनाजु र ज्वाइहरू सबैले मलाई निकै रूचाउँथे । अझ पनि हाम्रो सम्बन्ध त्यस्तै नै छ र काठमाडौंदेखि पनि म ऊसँग स्वास्थ्य सम्बन्धी सल्लाह लिइरहन्छु । निकै कलिलो उमेरदेखि विकास भाइले स्वास्थ्य सम्बन्धी काम थालेका हुन् । अर्का विनोद चौधरी नामका युवा पनि निकै मिजासिला थिए । उनी पनि विकास भाइसँगै काम गर्थे र मकहाँ आएर निकै गफगाफ गर्दथे ।

मैले त्यहाँका बौद्धिक युवाहरूसँग कुराकानी हुँदा सधैँ धरानको वरिपरि चक्रपथ बनाइनुपर्ने, धरानको उत्तरमा अवस्थित पहाडहरूबाट प्याराग्लाइडिङ्ग सुरु गर्नुपर्ने, गल्फको प्रचारप्रसार अझ धेरै गर्नुपर्ने, छोटा-छोटा पैदल यात्राका गोरेटाहरूको विकास गरेर यिनको प्रवर्द्धन गर्नुपर्ने, चतरासम्मको बाटो चौडा र पक्की बनाउन पहल गर्नुपर्ने, धरानमा एउटा विमानस्थल निर्माण गर्नुपर्ने र धार्मिक पर्यटनका लागि काम गर्नुपर्ने जिकिर गर्दथेँ । त्यस्तै धरानको सेरोफेरोलाई अझै हराभरा बनाउनुपर्ने र बाँकी भएको चारकोसे झाडीलाई जसरी भए पनि बचाउनुपर्ने कुरा पनि भन्दथेँ । अहिले आएर यीमध्ये केही काम हुँदै गएकाले मजस्तै विचारधारा भएका अन्य व्यक्ति पनि धरानको विकासमा लागिरहेका रहेछन् भनेर सोच्दा मनमा निकै सन्तोष हुन्छ । धरानलाई स्वास्थ्य, शिक्षा, धार्मिक र साहसिक पर्यटनस्थलको रूपमा पनि विकास गर्न सकिने निकै धेरै सम्भावना छन् । पूर्वाञ्चलबाट नजिक पर्ने भारतीय शहरहरूबाट आउने पर्यटकको सङ्ख्या बढाउन सो भेगमा प्रचारप्रसार बढाउनुपर्ने देखिन्छ । आजकल त आन्तरिक पर्यटकमात्र आकर्षित गर्न सके पनि निकै राम्रो हुन्छ, किनकि स्वदेशीहरू पनि आजकल सपरिवार देशका विभिन्न ठाउँको भ्रमण गरेर आनन्द लिन थालेका छन् ।

जाडो मौसममा इटहरी तथा विराटनगरतिर निकै बाक्लो कुहिरो लाग्ने तर धरानमा छिटै आकाश खुल्ने भएकोले पनि यहाँ एउटा विमानस्थल हुनु अति नै जरूरी छ । त्यस्तै विराटनगर विमानस्थलबाट विमानमा यात्रा गर्ने यात्रुमध्ये एकचौथाइभन्दा पनि बढी धरान र यसका नजिकका ठाउँका बासिन्दा नै हुन्छन् । यस्तै सोच राखेर करिब एकदशकभन्दा पनि केही समयअघि धरानका केही उद्यमी जस्तै अशोक अग्रवाल, मनोज मेयाङ्ग्मो आदि तथा यति इन्कर्पोरेटेड भन्ने यति एयरलाइन्सको भातृ संस्था मिलेर धरानबाट पश्चिम १७ नम्बर वडामा अवस्थित विमानस्थलका लागि निकै पायक पर्ने क्षेत्रमा केही जमिनसमेत खरिद गरेर विमानस्थल बनाउने पहल गरेका थिए तर त्यतिबेला विभिन्न कारणवश यो आयोजना सफल हुन सकेन । आज आएर फेरि

त्यही क्षेत्रमा ४०-४५ सिटसम्म क्षमताका विमान उड्न र अवतरण गर्न सक्ने खालको विमानस्थल निर्माण गर्ने सोचको विकास भइरहेको कुरा सुन्दा मनमा निकै हौसला र आशा जागेको छ । हुन त घोपा क्याम्पको हालको गल्फ कोर्समा निकैपहिले नै एउटा सानो सैनिक विमानस्थल ब्रिटिशहरूले बनाएका थिए र त्यसका केही अवशेष अझ पनि भेट्न सकिन्छ त्यहाँ ।

धरान बसाइको क्रममा एकदिन दुईजना भद्र व्यक्ति मेरो कार्यकक्षमा आएर निकैबेर बसेर गएका थिए । एकजना शिक्षा मन्त्रालयमा लामो समय काम गरेका तथा निकै लेखपढ गर्नुपर्नेजस्ता रमेश राई रहेछन् भने अर्का व्यक्ति विद्युत् प्राधिकरण, धरानका इन्जिनियर युवराज राई । उनीहरूसँग कुराकानी गर्दा मलाई निकै रमाइलो लागेको थियो । तर त्यो भेटपछि झण्डै छ-सात महिना हाम्रो भेट भएन । अनि एक साँझ मेरा साथी राजु थापा र म धरान १० का रितेश श्रेष्ठको रेस्टुरेन्टमा बियर पिउन जाँदा उनै युवराज राईसँग भेट भयो । उनी पनि गर्मीमा बियर नै लिएर बसिरहेका रहेछन् । निकैबेरको बियर गफपछि मेरो उनी र उनका नजिकका साथीभाइहरूसँग बेलुका-बेलुका र बिदाका दिनहरूमा हेलमेल बढ्दै गयो । रितेशको पसलमा निकै चिसो बियर पाइने र पसलको भित्रपट्टि सानो रेस्टुरेन्ट पनि भएको र परेको बेला हाम्रा लागि रातभरि पनि खोलिदिने भएकाले यो ठाउँ म तथा कैयन् हाम्रा समूहका साथीहरूको अखडा नै बनेको थियो । रितेश आफैँ निकै प्रकारका परिकार पकाउन माहिर मान्छे । युवराज दाइकी श्रीमती हाम्री भाउजु रूपा, तथा छोराछोरीहरूसँग पनि म नजिक भएपछि हाम्रो सम्बन्ध निकै बाक्लिँदै गयो । मेरी पत्नी पनि धरान आउँदा यो परिवार तथा उनीहरूको नजिकका व्यक्तिहरूकहाँ म लिएर जान्थेँ । भाउजुले युवराज दाइ र मलाई राखेर यिनीहरू कुम्भको मेलामा हराएका दाजुभाइ हुन् भर्खर फेरि भेट भएका भनेर जिस्कने गर्थिन् र मलाई अक्सर घरमा बोलाएर मीठा-मीठा परिकारहरू खुवाइरहन्थिन् । उनी पाककलामा निपुण छिन् । भाउजुका आमाबाबा पनि निकै मिजासिला र आज बुढेसकालमा समेत निकै फुर्तिला छन् । यही परिवारमार्फत मैले फेरि पनि आँगन होटलका सञ्चालक रत्नकाजी तुलाधर र उनका परिवार, सिंगापुर पुलिसबाट अवकाशप्राप्त अधिकृत युमकुमार तामाङ तथा दिदी प्रभा तामाङ र उनका छोराछोरी, भारतीय सेनाका दिवङ्गत लेफ्टीनेन्ट कर्नेलकी पत्नी भूमिकला लिम्बू (कर्णेल्नी दिदी), भारतीय सेनाकै अर्का अवकाशप्राप्त लेफ्टीनेन्ट कर्नेल भिनाज्यू र कमला दिदी, सरकारी सेवाबाट अवकाशप्राप्त नारायणसुन्दर

श्रेष्ठ तथा परिवार, ब्रिटिश सेनाबाट अवकाशप्राप्त मेजर दीपक थापा, व्यवसायीहरू सुनील उराव, प्रेम राई, सुवर्ण स्थापित, अस्ट्रेलियामा ट्राभल एजेन्सी सञ्चालन गरेर बसिरहेका तीर्थप्रकाश मोक्तान तथा हाङजोर्नीका डाक्टर हरि शर्मालगायत निकै व्यक्ति तथा परिवारसँग गहिरो सम्बन्ध स्थापित गर्न सकेँ । आज पनि हामी एकापरिवारका सदस्यजस्ता नै छौँ । "आफू भलो त जगत भलो" भनेर बूढापाकाले भनेको सुनेको थिएँ, त्यो उक्ति साँच्चै निकै सान्दर्भिक लागिरहेछ ।

मेरो धरान बसाइको दौरान मेरा सासूससुरा पनि धरान आउनुभएको थियो बेलायतबाट बिदामा नेपाल आउँदा । मेरा ससुरा ब्रिटिश सेनामा लामो समयसम्म काम गरेका फौजी अफिसर । धरानमा उहाँहरूका धेरै फौजी अफिसर साथी रहेछन् । एकदिन धेरैजना अवकाशप्राप्त जीवन बिताइरहेका साथीहरूलाई म बसेको ठाउँमा बोलाउनुभयो । फौजी भाषामा उनीहरू एकअर्कालाई नम्बरबाट बोलाउने । निकै रमाइलो भएको थियो त्यो दिन । त्यो दिन धेरैजना वरिष्ठ नागरिकसँग भेटेपछि बाटोमा भेट्दा म पनि सासूससुराका सबै साथीबाट ज्वाइँनानी भनेर बोलाइन थालेँ । बेला-बेलामा उनीहरूको घरमा पनि भेट्न जान थालेँ । सस्टिका इङ्गनाम, जीवन लिम्बू, भानु थापा, भुवल राई, शवनम लिम्बू, सुधिर लिम्बू आदिलाई मैले चिनेको पनि धरानबाट नै हो र उनीहरूमध्ये धेरैजनासँग मेरी श्रीमतीको हङ्कङ्को गोर्खा हाइस्कुलदेखिको चिनाजानी रहेछ ।

युवराज राईसँगै मेरो कार्यकक्षमा आएका अर्का व्यक्ति रमेश राईसँग पनि मेरो घनिष्ट सम्बन्ध रहन गयो । माओवादी जनयुद्धले धरानमा निकै प्रभाव पार्न थालेपछि म रमेश राईकै घरमा एउटा कोठा लिएर बस्न थालेँ । रातीको खाना उनको भान्सामा नै मलाई विशेष पाहुना मानेर खुवाउँथे । ठीक आठबजे पुग्नुपर्ने उनको घरमा । तर बेला-बेलामा बियर र गफको सुरमा डेरामा जान ढिलो हुने । कुनै-कुनै बेलामा त उनी निकै झोक्किएर गाली गर्थे मलाई, तर मैले कहिल्यै पनि उनको गालीलाई अन्यथा लिइनँ, किनकि मैले उनीबाट धेरै कुरा सिकेको थिएँ र मैले मेरो मनमा उनका लागि विशेषस्थान बनाएको थिएँ । उनी निकै अध्ययन गर्नुपर्ने मान्छे तर कलेजोको बिरामी तथा मधुमेह पनि अलिक कडा नै भएकाले उनले निकै परहेजमा बस्नुपर्थ्यो । ज्ञानगुनका कुराका भने उनी भण्डार नै थिए । मलाई पुस्तक अध्ययनमा पुनः फर्काउने व्यक्ति नै उनै थिए । उनकी अर्धाङ्गिनी तथा हाम्री भाउजु निकै शालीन र कुशल गृहिणी । छोरा र छोरी दुवै उच्चअध्ययन गरेका । हाल उनकी छोरी

वरिष्ठ चिकित्सक भइसकिन् भने छोरा सूचना प्रविधिका ज्ञाता र कामको सिलसिलामा अस्ट्रेलिया र नेपाल ओहोरदोहोर गरिरहन्छन् । आफूले पछिल्ला दिनहरूमा मदिरा सेवन गर्नै नहुने भएकाले आफ्ना विशेष संकलनका मदिराहरू मलाई बेला-बेलामा चखाइरहन्थे । हामी अबेला रातीसम्म विकास, धर्म, संस्कृति, इतिहास र आफ्ना अनुभवहरूबारे कुरा गरेर बस्थ्यौँ । युवराज राईले मेरो दाइको भूमिका खेलेझैँ रमेश राई मेरा धर्मपितासरहका थिए र त्यस्तै कर्णेल्नी दिदी, प्रभा दिदी र कमला दिदी सहोदर दिदीजस्ता भए । म धरानबाट सधैँका लागि फर्कने बेलामा यो समूहसँग बिदा माग्न आउँदा मैले अद्वितीय बिदाइ पाएको थिएँ । रमेश राई (धर्म बुवा) र युवराज राई (मेलामा हराएको दाइ) र म स्वयम् बलिन्द्रधारा आँशु झारेर रोएका थियौँ त्यतिबेला । म काठमाडौं फर्केको केहीसमयपछि नै रमेश दाजुको रोग बढ्दै जान थाल्यो र म झटपट एकपल्ट भेट्नसमेत गएको थिएँ । उनले "मलाई मर्न डर छैन कपिल भाइ, यो रोगबाट आज म कुन चरणबाट गुज्रिरहेको छु, त्यो मलाई राम्रोसँग थाहा छ र अब मेरो यो संसारको भोग कति छ, त्यो पनि मलाई थाहा छ, तर म थाकेको वा डराएको छैन, बरु के-के कुराको आनन्द लिन बाँकी छ, ती चीजहरू गर्दैछु" भनेर हाँसेका थिए । त्यसको केहीमहिनापछि एक साँझ म काठमाडौंमा परिवारका सदस्यहरूसँग बसेर रातीको खाना खाने बेलामा युवराज दाइले फोन गरेर रमेश दाइ आज बित्नुभयो भनेर सुनाए । हामी सबैजना भावुक भयौँ र मैले धैर्य धारण गर्न नसकेर निकैबेर मनमनै रून पुगेछु । भोलिपल्ट बिहान सात बजेको हवाईजहाजबाट म विराटनगर गएर नौ बजेभन्दापहिले नै उनको घर पुगेर अन्तिम श्रद्धाञ्जली दिएँ र चारकोसे झाडीमा उनका मातापितालाई भूगर्भस्थ गरिएको स्थलको एक छेउमा यानि माता र पितासँगै उनलाई किरँात परम्पराअनुसार माटो दिएर हामी सबै उनीसँग बिदा भएर भारी मनका साथ फर्कियौँ । आज पनि म त्यो स्थानबाट गुज्रिँदा त्यता आँखा जानुका साथै उनीमाथिको आदरले गर्दा शिर झुक्न जान्छ । उनीसँग बिताएका पलहरू र उनीबाट पाएका अर्तीहरू म कहिल्यै भुल्दिनँ । यो पुस्तक लेख्ने प्रेरणा पनि उनैबाट पाएको हुँ मैले ।

धरानमा किरात राई यायोक्खाको प्रत्येक वडामा इकाइ समितिहरू छन् । नौ र दश वडा समितिमा मलाई पनि सल्लाहकार चयन गरिएको थियो । म गैरकिराँत भए पनि मलाई सम्मानका साथ यो समितिमा राखिएकोले म पनि सकेसम्म उनीहरूको हरेक कार्यक्रममा सहभागी हुन्थेँ । किराँतहरूको उभौली र उधौलीमा गरिने चण्डीनाचको

एकमहिनाअघिदेखि नै निकै अभ्यास सुरु हुन्थ्यो । हाम्रो वडामा चण्डीनाचबारे राम्रो ज्ञान भएका केही व्यक्ति थिए । उनीहरूमध्ये प्रेम राईसँग मेरो राम्रो घुलमिल थियो । हरेक बिहानजसो म उनको शिशाको पसलमा जान्थेँ व्यायाम सकिएपछि । अनि हाम्रो चिया गफ सुरु हुन्थ्यो । त्यस्तै बेला उनले किराँत संस्कृति र चण्डीनाचबारे मलाई धेरै कुरा बताएका थिए । उनको नाच्ने सीप पनि निकै राम्रो । हाम्रो समितिका सबै सदस्य निकै मेहनती थिए र राम्रा सल्लाह र सुझावहरू दिन्थे । हाम्री मुख्य नेतृ रूपा राई भाउजु थिइन् भने त्यसपछि हामी सबैलाई होस्टे-हैँसे गर्ने भने प्रभा तामाङ दिदी थिइन् । मैले पनि चण्डीनाच नाच्न सिकेको थिएँ । कडा मेहनत र अभ्यास तथा जबर्दस्त टिमवर्कका कारण हाम्रो नौ र दश वडा दुई-तीन वर्ष लगातार चण्डीनाचमा प्रथम भएको थियो । चण्डी नाच प्रदर्शन गर्न हाम्रो टोली धरानका विभिन्न वडा, भानु चोक, सप्तरङ्गी पार्क र धरानबाहिर बेलबारी, झुम्का तथा अन्य ठाउँसम्म पुग्थ्यो । चण्डीनाचका लागि चाहिने वेशभूषा, गरगहना तथा बाजागाजाहरू हाम्रा सदस्यहरूले आफैं ल्याउँथे र कतिपय सामान हाम्रो समितिले खरिद गरेर राखेको पनि थियो । बेलाबखत हाम्रो नौ र दश वडा समितिले भोज-भतेरको पनि आयोजना गर्दथ्यो । हाम्रा रमेश राई दाजु मेरो यस्तो सक्रिय सहभागिता देखेर मलाई "कपिल किरात लोहनी" भनेर मुस्कुराउँथे ।

धरानले राष्ट्रियस्तरका साहित्यकार तथा राजनेताहरूको सम्मान गर्न पनि त्यतिकै जानेको छ । आदिकवि भानुभक्तको सालिक बनाएर भानुचोक, महाकवी लक्ष्मीप्रसाद देवकोटाको सालिक बनाएर लक्ष्मीचोक, कविशिरोमणि लेखनाथ पौडेलको सालिक बनाएर लेखनाथचोक र लौहपुरुष गणेशमान सिंहको सालिक बनाएर गणेशमानचोकको सिर्जना धरानवासीहरूले निकैपहिले गरेका हुन् । भानुभक्तको सालिक साहित्यकारहरूले बनाएको नभई यातायात व्यवसायीहरूको संस्था पूर्वाञ्चल यातायात व्यवसायी सङ्घका त्यतिबेलाका अध्यक्ष जगदीश नेपालीको अग्रतामा बनेको रहेछ र उद्घाटन तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले गरेका रहेछन् । यी जगदीश नेपाली प्रख्यात साहित्यकार महानन्द सापकोटाका सुपुत्र रहेछन् । त्यस्तै हालको नगरपालिका परिसरभित्र अवस्थित मोती स्मृति भवनमा कवि मोतिराम भट्टको सालिक स्थापना गरिएको रहेछ र यसको उद्घाटन राजा वीरेन्द्रले गरेका रहेछन् निकैअघि । यो भवन अहिले भत्काएर अर्को भवन बनाउने कुरा सुनेको थिएँ मैले, तर मोतिरामको सो सालिकलाई कता पुनर्स्थापना गरिने हो हेर्न बाँकी नै छ । विजयपुरमा अवस्थित पिण्डेश्वर क्याम्पसहातामा पण्डित छविलाल पोखरेलको सालिक राखिएको छ ।

पण्डित छविलाल पोखरेल यो भेगकै प्रख्यात साहित्यकार हुनुका साथै शिक्षा क्षेत्रमा उनले निकै ठूलो योगदान गरेका थिए । त्यतिबेलै उनले विपन्न वर्गका मानिसहरूलाई शिक्षा प्रदान गर्न निकै सङ्घर्ष गरेका थिए ।

मैले एकपटक झन्डै एकदशकभन्दा पनि अघि एक समारोहमा प्रकाशमान सिंहसँग भेट्ने मौका मिल्दा धरानले गणेशमान सिंहको त्यति राम्रो सालिक बनाएर एउटा चोकको नामाङ्कन नै उनैको नामबाट गरेको छ तर उनी काठमाडौंकै बासिन्दा भएर पनि उनको एउटा सानो सालिक शोभा भगवतीमा मात्र बनाएर नगरको मुख्य ठाउँमा किन नभएको होला भनेर सोधेको थिएँ । प्रकाशमान उनका सहोदर छोरा, त्यसमाथि राजनीतिमा राम्रो दखल राख्ने उनी आफैँले पहल गर्नुपर्ने नि भनेर मैले प्रश्न गर्दा कुरा एकदम ठीक हो तर आफ्नै बुवाको सालिक बनाउनुपऱ्यो भनेर कसरी भन्ने, त्यस्तो व्यक्तिको सालिक बनाएर राम्रो ठाउँमा अनावरण गर्नुपर्ने काम त राष्ट्रकै हो भने उनले । मैले फेरि उनलाई गणेशमान सिंह प्रतिष्ठानमा कुरा राख्यो भने त केही होला नि भन्दा, आफू पनि गरौँला र तपाईहरूजस्ता राम्रो सोच राख्ने मानिसहरूले पनि गरिदिए हुन्थ्यो भने । त्यसको केही समयपछि एकचोटि सो प्रतिष्ठानका अध्यक्ष नविन्द्रराज जोशीसँग भेट हुँदा मैले यो कुरा राखेको थिएँ र उनले योबारे प्रतिष्ठानमा निकै कुराकानी भइसकेको र निकट भविष्यमा उपयुक्तस्थानमा उनको सालिक बनाएर राखिने बताए । पछि रत्नपार्कको रानीपोखरीतिरको जमिनमा गणेशमानको सालिक अनावरण भयो र म निकै खुशी पनि भएँ तर जब सो सालिक मैले देखेँ तब निकै दिक्क लाग्यो, किनकि सालिकमा पुड्का गणेशमान उभिइरहेका थिए । कत्ति पनि नसुहाएको । मैले कुनै राष्ट्रिय दैनिक छापामा योबारे सम्पादकलाई चिठी पनि लेखेँ । सायद अरूलाई पनि मलाईजस्तै सो सालिक देखेर लाज लागेको थियो होला, केही समयपछि सो सालिकको ठाउँमा अलिक हेर्न लायकको सालिक बनाएर राखिएछ । वीर गणेशमानको छवि बल्ल पो झल्कियो त !

समग्रमा भन्नुपर्दा मेरो धरानको चारवर्षको बसाइ निकै रोमाञ्चक, ज्ञानवर्द्धक र अविस्मरणीय रह्यो । धरान एउटा खुला विश्वविद्यालय हो मानवशास्त्र (Anthropology) का विद्यार्थीहरूका लागि । धरानमा काठ चिर्ने सिलसिलामा धरानहरू खडा भएदेखि नै यहाँ विभिन्न जातजातिका मान्छे आएर बस्न थाले । र पछि जब यो शहर ब्रिटिश र भारत सरकारको भर्ती तथा पेन्सन केन्द्र बन्यो र त्यसपछि बिस्तारै यो भेगको प्रमुख केन्द्र बन्दै गयो, त्यसबेलादेखि यहाँ झनै धेरै किसिमका जात, जाति

र धर्मावलम्बीहरू निकै मिलिजुली बसेका छन् । परापूर्वकालदेखिका विभिन्न धर्म मान्ने धर्मावलम्बीबाहेक हाल आएर इसाईहरू पनि बढ्दै गएको सन्दर्भमा समेत सबै जातजाति मिलेर नै बसेका छन् र तिनको आआफ्ना मठ, मन्दिर, गुम्बा, मस्जिद र चर्चहरू शहरका विभिन्न ठाउँमा अवस्थित छन् भने मैले आजसम्म कसैले कसैलाई धर्म र जातको आधारमा होच्याएको वा घृणा गरेको त्यहाँ पाएको छैन । सबैथरीको सुखदुखमा धरानेहरू सामेल हुन्छन् र दुख तथा खुशी दुवै बाँड्छन् उनीहरू । बरु एउटा निकै रमाइलो लाग्ने कुराचाहिँ के छ भने, हिमाल, पहाड र तराई जहाँबाट आएका नेपालीहरू भए पनि उनीहरूको नेपाली बोल्ने पारा धराने नै छ । यो मैले यहाँ बयान गर्न निकै मुस्किल छ किनकि धराने नेपाली भाषा आफैँमा एउटा मौलिकता र मिठास मिसिएको छ र बोल्दा शब्द र भावलाई मिल्ने गरी लय र भावभङ्गिमा पनि मिलाउन सक्नुपर्छ । यस्तै अर्को नबुझे पनि मलाई सुनूँ-सुनूँ लाग्ने भाषा थाई पनि हो । नाके स्वर र लाडिएको जस्तो पारामा लयका साथ बोलिने यो भाषा निकै कर्णप्रिय हुन्छ । धरानमा कहिलेकाहीँ जिस्किएर भन्ने पनि गरिन्छ कि अन्य ठाउँका कुखुराले बास्दा "कुखरी काँ" भन्छन् रे तर धरानमा भने "कुखुरी काँ नि हौ" भनेर ओठमा सुर्ती हालौँला नै जस्तो गर्छन् अरे !

धरानका अधिकांश बासिन्दा निकै हँसिला, चाडबाडमा रमाउने तथा अरू बेलामा पनि फुर्सदमा रमाइलो गरिहाल्नुपर्ने किसिमका हुन्छन् । रेस्टुरेन्टमा गएर खानेपिउने चलन बल्ल विकास हुँदैछ, विभिन्न प्रकारका खानाका स्तरीय रेस्टुरेन्ट खुल्न थालेपछि । नत्र त धरानमा रमाइलो गर्ने भनेको वनभोज वा घरैमा मीठा-मीठा परिकार बनाएर हो । यदि हामीले विभिन्न पेय पदार्थका उत्पादकहरूको आपूर्तिको तथ्यांक हेर्‍यौँ भने काठमाडौं र पोखरापछि त्यस्ता उत्पादनहरू धेरै बिक्नेमा धरानको नै नाम अग्र पंक्तिमा आउँछ । १९ दिनसम्म नेपाल बन्द भएको जनआन्दोलनमा समेत अन्य ठाउँमा खानपिनका वस्तुहरूको हाहाकार हुँदासमेत धरानमा सबै चीज पाइन्थे । बन्दले निकै प्रभाव पारेको त्यो बखतमा कुनै काम नभएर दिन कटाउन मुस्किल भएपछि दिनहुँ पार्टी खाँदा-खाँदा म पनि निकै मोटाएछु । पछि त्यो बेला लागेको बोसो काट्न दुई महिना बिहानबेलुकी निकै परिश्रम गर्नुपर्‍यो । धरानमा एउटा कथन पनि छ, बिहान श्रीमान्लाई साग किन्न पठायो भने त्यो सागको मूल्य पाँचसय रूपैयाँ मुठाको पर्छ भनेर । भरे कसरी त्यस्तो भएको रहेछ भनेको त, साग किनेर फर्कँदा थाकेर एकाध बोतल बियर पनि पिएकोले रे !

काठमाडौंको खासगरी नखिपोट, तिखेदेवल र जावलाखेलतिर धरानबाट काठमाडौंमा बसाइँ सरेकाहरू बस्ने गर्छन् । यी क्षेत्रलाई पनि उनीहरूले सानो धरान नै जस्तो बनाएका छन् । धरानको कालो बंगुरदेखि रिक्सासम्म यहाँ पनि पाइन्छन् । झनै धरानमा हरेक शनिबार र बिदाका दिन गरिने सामुदायिक सरसफाइ कार्यक्रमसमेत यी ठाउँहरूमा पनि गरिन्छ । राम्रो कामको अनुशरण भएको देख्दा मनमा अर्कै आनन्द आउँदो रहेछ ।

खेलकुद, संगीत, साहित्य, कला, शिक्षा र स्वास्थ्यमा निकै अघिबढिरहेको धरान आज पनि पूर्वाञ्चलको सबैभन्दा आकर्षक गन्तव्य छ भने भविष्यमा पनि यस्तै रहिरहनेछ भन्ने कुरामा म पूरै विश्वस्त छु । सानो जमिन किनेर एउटा आधुनिक कटेरो बनाई बुढेसकालमा बिहान साग किन्न जाने र हरेक चाडबाड मनाउने अनि चण्डीदेखि झ्याउरेनाचसम्म नाच्ने रहर मलाई पनि लाग्दै गरेको छ । हेर्दै जाऔँ । ईश्वरले पनि "तँ माग, म पुऱ्याउँछु" भन्छन् अरे !

# चाडपर्व र धर्ममा विज्ञान तथा प्रविधिको प्रभाव

विज्ञान र प्रविधिको तीब्र विकासले गर्दा विश्व झन्-झन् खुम्चिँदै गएको छ । आजको विज्ञान नै यसको विकासको अन्तिम फड्को पनि होइन । यो त सुरुआतमात्र हो । पछि विज्ञानले कस्ता-कस्ता प्रविधिको विकास गर्ला त्यो त कल्पना पनि गर्न गाह्रो छ । हामी मानव जातिमा अन्य प्राणीभन्दा उम्दा दिमाग जडित छ । तर अरबौँ मान्छेमा केहीले मात्र आफ्नो दिमाग घुमाएर विभिन्न चीजको आविष्कार गर्न सफल भएका छन् । संसारमा आविष्कार गरिएका अति नै महत्त्वपूर्ण वस्तुहरू जस्तै पत्थर, आगो, कपडा, फलाम, पाङ्ग्रा, कागज, बास्फ इन्जिन, बिजुली, मोटरगाडी, हवाईजहाज, आकाशवाणी, रेडियो, कम्प्युटर, इन्टरनेट, सामाजिक सञ्जाल, आदिले विश्वमा ठूला परिवर्तन ल्याएका छन् ।

संसारमा पत्थरबाट निर्मित उपकरणहरू आजभन्दा करिब २० लाख वर्षअघि आविष्कार भएका थिए । यिनको आविष्कारपश्चात् सिकार खेल्न, मासु तथा अन्य खाद्य पदार्थ काट्न, पिँध्न, तथा दैनिक आवश्यकताका वस्तुहरू बनाउन यी विभिन्न आकार र मोटाइका पत्थरहरूको प्रयोग हुन्थ्यो । १०,००० वर्ष अघिसम्म पनि ढुङ्गा-पत्थरको महत्त्व अधिक मात्रामा थियो । त्यसैले पनि त्यो युगलाई ढुङ्गेयुग भनिन्थ्यो ।

सुरुमा बिजुली चम्केर र चट्याङबाट तथा पत्थरहरूको घर्षणले आगो पैदा भए पनि आगो बाल्न मानव जातिले निकैपछिमात्र जान्यो । बाल्न निकै कठिन हुने भएकोले यसलाई जोगाएर राख्न पनि सिक्यो । भारतमा आगो बनाउने काम गर्ने एक जातिलाई अग्निहोत्री भनिने चलन थियो र यो थर भएका मान्छेहरू आज पनि प्रशस्त

छन् । आगो बाल्न जानेपछि पनि मानव जातिले धेरै किसिमका सुविधाका वस्तु बनाउन जाने । मासु पोल्न, पकाउन, ताप्न, हतियारहरू बनाउन, जनावरहरूबाट बच्न आदि इत्यादिबाट सुरु भएर आज आगोको महत्त्व कहाँ–कहाँ छ भन्ने कुरा त हामीलाई थाहा छँदैछ ।

आश्रय यानि जाडो, गर्मी, वर्षा, हिउँ, जनावर आदिबाट बचेर सुविधाजनक जीवन जिउने ठाउँको विकास गर्नु पनि मानव जातिलाई उत्तिकै जरूरी थियो । गुफाबाट सुरु गरे पनि कालान्तरमा साना–साना कटेराहरू बनाएर मानिसहरू तिनमा बस्न थाले । यस्तै सयौँ आश्रय भएका ठाउँ बस्तीमा बदलिए र समाजको निर्माण हुँदै गयो । यस्ता बस्तीहरू प्रायःजसो नदीनाला र वनजंगलको नजिक बसाइन्थे ता कि पानी र खानाका निम्ति धेरै टाढा जान नपरोस् । प्रचीन मानव सभ्यता यस्तै ठाउँहरूमा पाइएको छ । यसरी आश्रयहरू बनाइन थालिएको पनि ५–७ लाख वर्ष नै भइसकेको छ ।

करिब ४ लाख वर्षअघि लाज छोप्नभन्दा पनि जाडो, गर्मी, हावा, पानीबाट शरीरलाई बचाउन मानव जातिले जनावरहरूको भुत्लासहितको छाला वा पात–पतिङ्गर बुनेर पहिलो लुगा बनाए । पछि जनावरको हाडबाट सियो र टाँक बनाएर कपास, ऊन तथा अन्य वस्तुबाट कपडा बुन्न सुरु भएको हो । आज कपडा शरीर र लाज छोप्नमात्रभन्दा पनि मान्छेको जात, धर्म, व्यवसाय, देश, फेसन आदि चिनाउने माध्यमसमेत भएको छ । कपडाजस्तै खुट्टाको बचावका लागि जुत्ताको आविष्कार भएको थियो । आज घरमा लगाउनेदेखि लिएर विभिन्न समय र अवसरमा लगाउने भिन्दाभिन्दै किसिमका जुत्ता हरकोहीसँग हुन्छन् भने कति मान्छे अझै पनि खाली खुट्टा नै हिँड्छन् । एसियाका कैयन् मुलुकमा घरभित्र तथा मन्दिरहरूमा जाँदा जुत्ता फुकालेर जाने चलन पनि छ ।

गुफामा बस्ने आदिम मानवहरूले नै पाङ्ग्राको पनि विकास गरेका हुन् । उनीहरूलाई आवश्यक पर्ने ढुङ्गा, रूख–पात, सिकार आदि गुफासम्म ढुवानी गर्न रूखका गोला मुढाहरूबाट पाङ्ग्रा बनाउन सुरु भयो । त्यसैको निरन्तर विकास हुँदा–हुँदा पाङ्ग्राकै कारण यातायात, धागो कात्ने चर्खा, घट्टदेखि लिएर बिजुलीका टर्वाइन, मेसिन, इन्जिन आदि बने ।

फलामको आविष्कार पूर्वीअफ्रिकामा इस्वी संवत्भन्दा १,५०० वर्षअघितिर भएको

पाइन्छ । फलाम र त्यसपछि स्टीलसँगै आधुनिक हतियार, भाँडाकुँडा, यातायातका साधन, मेसिनरी र निकै धेरै वस्तुको आविष्कार हुन पुग्यो ।

विभिन्न ठाउँका गुफाहरूमा नक्सा र स्केचको आधारमा त्यतिबेलाका वस्तुस्थिति र सोचहरूको वर्णन गरिएको पाइन्छ । पहिलो शताब्दीतिर चीनमा बन्न थालेको कागज सातौँ शताब्दीतिर कोरिया र जापानमा गएर निकै परिष्कृत भयो । तत्पश्चात् अरब र युरोपमा समेत कागजमा लेख्ने चलन बढ्दै गयो । आज कागज, प्रेससँगै इलेक्ट्रोनिक माध्यमबाट लेख्ने र प्रसार गर्ने प्रविधिले गर्दा लेखन र मुद्रण व्यवसायमा ठूलै क्रान्ति आएको छ भने ज्ञानका नयाँ-नयाँ भण्डारहरू औँलामा नै छन्, मात्र ज्ञान हासिल गर्ने चाहना हुनुपर्छ । लेख्नलाई चराहरूको प्वाँखको चलन पाचौँ शताब्दीतिरदेखि नै चलेको हो । चराहरूमा पनि हाँस र कागको प्वाँखबाट राम्रो अक्षर लेख्न सकिने मान्यता थियो त्यतिबेला । दाहिने हातले लेख्नेहरूका लागि चराको देब्रे पखेटाको प्वाँख ठीक हुने मानिन्थ्यो भने देब्रे हातले लेख्नेलाई दाहिनेतिरको प्वाँख । एउटा चराबाट दशवटासम्म राम्रा कलम बन्थे । सन् १९२० सम्म पनि संयुक्त राज्य अमेरिकाका प्रधान न्यायाधीशहरू यस्तै कलम प्रयोग गर्दथे । बाँसलाई ताछेर कलम बनाउने चलन पनि धेरैपहिलेदेखिकै हो । आज सिसाकलम, डटपेन, तथा आधुनिक कलमहरूले गर्दा प्वाँख र बाँसका कलमहरू इतिहासमा सीमित भइसके ।

विज्ञान तथा प्रविधिले ल्याएको बदलावमा धर्म पनि अछूतो रहन सकेको छैन । यानि यसको प्रभाव धर्ममा पनि निकै धेरै परेको छ । ईश्वर छ भन्ने मान्यता सायद रोग-व्याधी, मृत्यु, प्राकृतिक प्रकोप, अनिकाल, लडाइँ, अशान्तिजस्ता दुखदायी परिस्थितिको सामना गर्न मानवजाति वा ईश्वरका मशिहा (दूत) भनिने मान्छेहरूले स्थापित गरेका हुन् । आदिम युगमा पृथ्वीबाहिरबाट विभिन्न यानमा चढेर आएका यहाँका मानवजातिभन्दा पनि बुद्धिमान प्राणीहरूलाई देखेर पनि तिनीहरू हामीभन्दा ठूला, शक्तिशाली भएकाले उनीहरूले पक्कै पनि हाम्रो भलो गर्छन् भनेर पुजिन थालिएको हुन सक्छ । विश्वका विभिन्न ठाउँमा ठूला-ठूला अप्राकृतिक र इन्जिनीयरिङ्ग दृष्टिले अति नै सिद्ध मैदान र भयङ्कर ठूला कलाकृतिहरू अन्तरिक्षबाट आएका गैरपृथ्वीवासीहरूले लाखौँ वर्षपहिले आएर बनाएका कथनहरू सुन्नमा आइरहन्छन् । आज यस्ता आश्चर्य र रहस्यले भरिएका विशाल कलाकृतिको हवाईजहाजबाट अवलोकन गर्न हजारौँ पर्यटक र अन्वेषक दक्षिण अमेरिका जाने गरेका छन् । दक्षिणी अमेरिकाका कैयन् गुफाका भित्ताहरूमा आदिम मानवहरूले अन्तरिक्ष यान र त्यसमा

सवार गैरपृथ्वीवासी यात्रीका आकृतिहरू कुँदेर बनाएका चित्रहरू अझै पनि संरक्षित अवस्थामा नै छन् । यिनै अवस्थाहरू र भय आदिले गर्दा मानवजातिमा आफूभन्दामाथि कोही अरू भएको, यो पृथ्वी, मानव, जीवजन्तु तथा बोटबिरूवा र सम्पूर्ण कुरा नै ईश्वरको सिर्जना हो र हामीले ईश्वरलाई पुज्नुपर्छ भन्ने भावना सन्तान-दरसन्तानमा सर्दै रगतमा नै टाँसिएर बसेको छ । समाजको निर्माण भएपछि नागरिकहरूलाई ठीक बाटोमा हिँड्न तथा अनुशासित बनाएर राख्न पनि धर्मरूपी लिखित वा अलिखित संविधानको सुरूआत भएको हुनुपर्छ । ठाउँ र समयअनुसार धर्मबारे विभिन्न सोच तथा मान्यता बन्न थाले तथा यसको प्रचारसमेत तीब्ररूपमा हुन थाल्यो । धर्म प्रचार र धार्मिक नीतिनियम अनि चाडबाड आदिको व्यवस्था गर्न धर्मगुरूहरू प्रकट हुन थाले भने प्रतिभाशाली, त्यागी र प्रखर वाक्‌कला भएका चिन्तक धर्मगुरूहरू नै बेला-बेलामा ईश्वरका प्रतिनिधि भएर यो संसारमा आउने गरेका मान्यताहरू परापूर्वकालमा पनि थिए र अहिलेसम्म छँदैछन् ।

विश्वमा मानिसआएका सबैजसा धर्महरूमा विभिन्न साना-ठूला कारणले गर्दा अनेक हिस्सामा चिरा परेका छन् र यिनमा आस्था राख्नेहरू पनि विभाजित छन् । जस्तै क्रिस्चियन धर्ममा नै क्याथोलिक, प्रोटस्टेन्ट, अर्थोडक्स, एङ्गिलकन, आदि गरी करिब तीन दर्जन हाँगा छन् । त्यस्तै इस्लाम धर्ममा पनि शिया र सुन्निजस्ता प्रमुख हाँगाहरूबाहेक अन्य धेरै विश्वास छन् । यस्तै हिन्दु, बौद्ध, यहुदी, सिख, जैन आदि सबै धर्म पनि विभिन्न भागमा विभाजित छन् । यस्ता विभाजनका मूल आधार नै यिनका व्याख्याता गुरूहरूका फरक धारणाहरू हुन सक्छन् । त्यसैले गर्दा एउटै धर्म माने पनि त्यसलाई पालना गर्ने तौरतरिकामा भने फरक पर्न जान्छ । आजको वैज्ञानिक र आमसञ्चारको युगमा आआफ्ना धर्म र विश्वासहरूका बारेमा थप ज्ञान हासिल गर्न पहिलेजस्तो कठिन छैन, ज्ञानको भण्डार जहाँतहीँ छ, खाली इच्छा शक्ति हुनुपर्‍यो ज्ञान लिने ।

धर्म र धार्मिक क्रियाकलापसँगै साहित्य र संगीतको पनि ठूलो विकास भएको छ विश्वमा । रहनसहन र खानपानको त कुरै नगरौँ । खासगरी क्रिस्चियन धर्मकै प्रभावले गर्दा चर्चबाट सुरु भएको क्वायर र विभिन्न धुनसहितको संगीत नै आज पश्चिमी संगीतको आधार बनेको छ । त्यस्तै काला जातिहरूले आफ्ना मृत आफन्तको अन्त्येष्टिपश्चात् पीरमर्का भुल्न हचुवाको भरमा बजाएको संगीत नै कालान्तरमा ज्याज संगीत हुन गयो । इस्लाम धर्ममा पनि मस्जिदमा गरिने अल्लाहको पुकार,

धार्मिक गीत-संगीत, सुफी गीतहरू तथा कव्वाली आदिले आफ्नै प्रकारको मौलिक संगीत सिर्जित भएको छ । हिन्दु, बौद्ध, सिख, जैन, आदि धर्महरूको शास्त्रोच्चारण नै सांगीतिक पारामा हुन्छ भने, विभिन्न अवसरमा गरिने भजन-कीर्तनले गर्दा पूर्वीय संगीतमा इस्लामले जस्तै ठूलो प्रभाव पारेको छ । धर्मको प्रचारप्रसारसँगै विभिन्न देश तथा जातिमा कुनै धर्म पुगेपछि सो धर्मलाई पालना गर्ने तौरतरिका र सोसँग सम्बन्धित कीर्तन, संगीत, बाजा-गाजा र रहनसहन अनि खानपिन तथा धार्मिक कलाकौशलमा समेत त्यो क्षेत्रको प्रभाव पर्न जान्छ । उदाहरणका निम्ति बौद्ध धर्मको नै कुरा गरौँ । नेपाल, भारत, जापान, कोरिया, चीन, वा थाइल्यान्ड, म्यानमार, श्रीलंका आदिका बौद्ध धर्मावलम्बीहरूको रहनसहन, लवाइखवाइ र अझ विभिन्न ठाउँका बुद्धका मूर्ति नै हेरौँ न । ठाउँअनुसार यी सब फरक हुन्छन् । अरू धर्ममा पनि यस्तै हो ।

मानवजातिले गाउँ-बस्ती बनाएर बस्न थालेदेखि नै भूत-प्रेतबारे चिन्तन पनि सुरु भएको देखिन्छ । आफ्नो बस्तीभित्र बस्दा सुरक्षित महसुस गर्ने मानिसहरू बस्तीबाट अलिक एकान्तमा जानासाथ भूत-प्रेतले तर्साउने डरमा पर्ने गर्थे र यस किसिमको डर आजसम्म पनि कायमै छ । पहिले जंगलमा नै बस्ने मानवजाति बस्ती बनाएर बस्न थालेपछि वन-जंगलमा दाउरा र सिकार खोज्न पस्दा पनि भूत-प्रेतको डरले त्रसित हुन थाले । यस्तै परिस्थितिबाट वनदेवीस्थानहरूको पनि स्थापना हुन थाल्यो । भूत-प्रेत पनि आफ्ना इलाकाका इष्ट र अन्य इलाकाका दुष्ट मान्न थाले मानव मस्तिष्कले । यस्ता धारणा यस भेगका मानवमा मात्र नआएर पश्चिमी तथा अमेरिकी भूभागहरूमा पनि देखिन थाले । विश्वका विभिन्न ठाउँका नयाँपुराना साहित्यमा पनि यस्ता कुराहरूले निकै ठाउँ पाएको हामीले देख्न सक्छौँ । यो हिसाबले हेर्दा मान्छे विश्वको जुन कुनामा बसेको भए पनि र त्यतिबेला आजको जस्तो आमसञ्चारको विकास हुँदै नभएको भए पनि मानव दिमागले उस्तै-उस्तै प्रकारले सोच्ने गरेको पाइन्छ । डर, त्रास, खुसी, र सुख-दुखको अवस्थामा विभिन्न समयमा विभिन्न भूगोलमा लेखिएका साहित्य तथा अन्य लेखनहरूबाट पनि यी कुराको पुष्टि हुन जान्छ । विश्वमा प्रचलित सबैजस्ता धर्ममा भूत-प्रेतको व्याख्या निकै महत्त्वका साथ गरिएको हुन्छ ।

आजको विश्व, यातायात र सञ्चारको तीव्र फड्कोले गर्दा निकै सानो भइसकेको छ । सबै प्रकारका धर्म, कर्म, रीतिरिवाज र रहनसहनका बारेमा आज टेलिभिजन तथा

अन्य इलेक्ट्रोनिक माध्यमबाट घरैमा बसेर जानकारी लिन सकिन्छ । तर आजभन्दा केही सय वर्षअघिसम्म पनि एक ठाउँको मान्छे अर्को ठाउँमा जाने भनेको निकै कठिन कुरा थियो । झनै एक महादेशबाट अर्कोमा जाने भनेको त कल्पनाबाटै बाहिरको कुरा थियो । यस्तो अवस्थामा पनि कैयन् व्यक्ति फेरि घर फर्कने कल्पना नै त्यागेर टाढा-टाढासम्म अन्वेषण भ्रमणमा निस्कन्थे र तिनै महान् यात्रीहरूको यात्रा डायरीबाट विभिन्न ठाउँ तथा त्यहाँको धर्म, संस्कृति र रहनसहनका बारेमा जानकारी प्राप्त हुन्थ्यो । व्यापारी, बसाइँ सराइ गर्दै हिँड्ने र फिरन्ते जीवन गुजार्ने समुदायहरूबाट पनि अन्य ठाउँका जानकारी पाउँथे त्यतिबेलाका मान्छेहरूले । लडाइँमा कब्जामा परेका भूभागका बासिन्दाहरूलाई आफ्नो धर्म लाद्ने काम निकै पहिलेदेखि सुरु भएको हो । यसरी पनि कैयन् ठाउँमा बृहत्‌रूपमा धर्म परिवर्तन भएको छ । धर्मलाई राष्ट्रवाद र राष्ट्रको कानुनको रूपमा हेर्ने चलन निकैपहिलेदेखिको हो । केही अति नै विद्वान् नास्तिक विचार पनि व्यक्त गर्थे पुरानो जमानामा । त्यस्ता स्वतन्त्र तथा निडर विचारकहरू त्यतिबेला समाजका भँडुवा र काफिरमा गनिन्थे र धेरै त्यस्ता दार्शनिकले मृत्युदण्डसमेत पाएको कुरा इतिहासका दस्तावेजहरूमा पढ्न सकिन्छ । आज विश्व निकै हदसम्म नरम र लचक भइसकेको छ र आफूलाई लागेका कुरा व्यक्त गर्ने अधिकार पनि धेरैजसा ठाउँका बासिन्दालाई प्राप्त छ भने अझै पनि धर्मको कुरामा आफ्नो छुट्टै र अनौठो मत राख्नेहरू धेरै ठाउँमा एक्लिनुपर्ने स्थितिका साथै उनको जीउज्यान नै खतरामा पर्न सक्ने भएकाले लुकेर बस्न बाध्य छन् । यसरी धर्मको अन्धआस्था र विश्वास अधिकांश मानव जातिको रगतको कण-कणमा बसेको हुन्छ ।

आजभन्दा पचास-साठी वर्षअघिसम्म पनि धर्म र यसको प्रचार-प्रसार र यसलाई पालना गर्ने विधि परापूर्वकालमा जस्तै जस्ताको तस्तै नै एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरण हुँदै गएको थियो । मनोरञ्जनका साधनहरू अति नै सीमित, आधुनिक यातायात तथा सञ्चारको सञ्जाल नगण्य अवस्थामा रहेको र विश्वमा नै लोकतन्त्रको सिद्धान्त शैशव अवस्थामा रहेको बेला धर्मको निकै ठूलो महत्त्व थियो । सनातनमात्र होइन सबै धर्मको यस्तै अवस्था थियो । पूजाआजा लगाउनु, सप्ताह तथा अन्य धार्मिक क्रियाकलापमा सामेल हुनु र चाडपर्वहरू धूमधामसँग मनाउनु त्यसबेलाको दिनचर्या नै थियो । समाजसेवा र पुण्य गर्ने माध्यम नै मुख्यतया मठमन्दिर बनाउनु, गरिबगुरुवालाई खुवाउनु र दानदक्षिणा दिनुमात्र थियो । राजामहाराजाहरू आफूले शासन गर्दा लिनुपरेका कडा र हिंसात्मक कदमहरूको पाप र पश्चात्तापबाट बच्न

प्रायश्चित्त दान गर्ने गर्थे । यस्ता दान गर्दा सयौँ गाई, स्वर्णमुद्रा, आदि दान गर्दथे । धर्मग्रन्थहरूको प्रकाशनसमेत सर्वसुलभ नहुने भएकाले यस्ता दस्तावेज निकै हिफाजतसाथ वंशानुगतरूपमा हस्तान्तरण हुँदै जान्थे । भनाइको तात्पर्य यस्ता धार्मिक ग्रन्थहरूको महत्त्व निकै धेरै थियो त्यतिबेला । सनातन धर्मका ग्रन्थहरू संस्कृतमा मात्र पाइन्थे भने इस्लाम धर्मका ग्रन्थहरू अरबीकमा । आज जुनै धर्मका ग्रन्थहरू पनि स्थानीय भाषाहरूमा पनि उपलब्ध हुँदै गइरहेका छन् भने, इन्टरनेटबाट नै धर्मग्रन्थहरू तथा यिनका बारेमा लेखिएका विभिन्न लेख पढ्न सकिन्छ । तीर्थयात्रा पनि त्यति सुलभ थिएन पहिले–पहिले । आज एकाध महिनामा हुने धेरै तीर्थ जीवनभरको समय लगाएर गर्थे त्यतिबेला । हज गर्न मुसलमानहरूलाई साउदी अरबजस्तो त्यतिबेलाको विकट र टाढाको ठाउँमा जानुपर्ने भएकाले जिन्दगीमा एकपटक हज गर्न पाए हुन्थ्यो भन्ने चाहना हुन्थ्यो र हज गरेर आउनेहरू गर्वका साथ आफ्नो नामको अगाडि "हाजी" राख्ने गर्दथे । हुन त हजजस्तो पुण्यको काम गर्ने मुसलमानले आज पनि आफूलाई हाजी भन्न पाउँदा निकै गौरवान्वित महसुस गर्छ । फरक यत्ति हो कि पहिले जिन्दगीमा एकपटक गर्न पाए भाग्यमानी महसुस हुने यो हज आज यातायातको निकै धेरै विकासले गर्दा र मक्का–मदिना पनि अति नै विकसित र सुलभ तीर्थस्थल भएकोले जीवनमा एकभन्दा बढीपटक हज गर्ने मुसलमानहरूको सङ्ख्या बढ्दै गइरहेको छ ।

सन् १९६७ मा यानि ५० वर्षअघि संयुक्त राष्ट्र सङ्घका महासचिव यु थान्टले नेपाल भ्रमण गर्दा उनी लुम्बिनी पनि गएका थिए । बर्मामा जन्मेका उनी बौद्ध धर्मावलम्बी थिए, त्यसैले नेपाल आएको मौकामा उनले गौतम बुद्धको जन्मस्थल लुम्बिनीको भ्रमण गरेका थिए । भनिन्छ, उनी त्यहाँ गएर एकछिन रोएका थिए रे ! यो रुवाइ आफू बुद्धको त्यतिबेलाको विकट जन्मस्थल पुग्न पाएकोले वा त्यस्तो महत्त्वपूर्ण तीर्थस्थलको नाजुक हालत देखेर हो, खै के कारणले आएको थियो ! हुन सक्छ यी दुवै कुरा कारकतत्व थिए उनको रुवाइको । आज विभिन्न मुलुकमा बस्ने बौद्ध धर्मावलम्बीहरू नेपाल आएर निकै सुविधाका साथ लुम्बिनी पुग्छन् र त्यहाँको शान्त वातावरणमा बुद्ध जन्मेको स्थलको दर्शन गरेर निकै हर्षित हुन्छन् । अझ एकाध वर्षमा त नजिकका बौद्ध धर्मावलम्बीको बाहुल्य भएका मुलुकहरूबाट सीधा हवाई सम्पर्कसमेत हुनेछ, गौतम बुद्ध क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निमार्ण सम्पन्न भएपछि । सोही अवधिमा त्यहाँ ठूला–ठूला होटल र अन्य आवश्यक पूर्वाधार पनि

बनिसकेका हुनेछन् ।

आजको मेरो उमेरहाराहारीका मान्छे सबै २०१५–२० सालपछि जन्मेका भए पनि हामीमध्ये धेरैले आज र हिजोका धेरै धार्मिक गतिविधिको सूक्ष्म अध्ययन र अनुभव गर्न पाएका छौँ । हाम्रो बाल्यकालसम्म विभिन्न चाडबाडको निकै व्यग्रताका साथ प्रतीक्षा गरेर हामी धूमधामसँग मनाउँथ्यौँ । गठेमङ्गलकै उदाहरण लिऊँ, त्यसदिन बिहानदेखि फलामको औँठी किन्नेहरूको भीड लाग्थ्यो भने बेलुकीपख भूत, प्रेत, पिचासलाई खोलामा सेलाउन जाने भीडभाडको पनि हामी निकै आनन्द लिएर अवलोकन गर्दथ्यौँ । त्यस्तै कृष्ण जन्माष्टमी आउनुभन्दा केहीदिन अघिदेखि घर-घरमा साँझपख लाखे नचाउने चलनले निकै रमाइलो हुन्थ्यो । दशैँको त कुरै छोडौँ । घटस्थापनादेखि महानवमी यानि नौरथाभरि नै बिहान सबेरै उठेर देवीदेवताको मन्दिरमा दर्शन गर्न जानेहरूको भीडै लाग्थ्यो । यसरी काठमाडौं उपत्यकामात्र होइन, विभिन्न चाडपर्वमा सिङ्गो नेपालमा नै आआफ्ना प्रकारका रमाइला कार्यक्रमका साथ चाडपर्व मनाइन्थ्यो ।

वास्तवमा त्यतिबेला चाडपर्व नै मनोरञ्जनका प्रमुख साधन थिए र आजको जस्तो व्यस्त जनजीवन पनि थिएन । मानिसहरू यति फुर्सदिला थिए कि महिलाभन्दा पुरुषहरू नै घरको पूजाआजामा ज्यादा खटिन्थे र बिहानभरि पूजाकोठामा पूजाआजा, जप, न्यास-ध्यान गरेर बस्दथे । आज पनि यस्ता मान्छे प्रशस्तै भेटिन्छन् । हामी सबैको संसार निकै सानो थियो । राम्रो लुगा लगाउन ठूलै चाडपर्व कुर्नुपर्थ्यो भने मिष्ठान्न भोजनका निम्ति पनि चाडबाड नै आउनुपर्थ्यो । अन्य मनोरञ्जनका साधन नगण्य नै हुन्थे । त्यसैले होला राणाकालीन नेपालमा चाडबाड तथा खुशियाली मनाउन हप्तादिनसम्म बेला-बेलामा जुवा फुकाउने चलन थियो । वर्षमा एकाध पटक सर्कस, मेला आदिको आयोजना पनि हुने गर्थे र यस्ता अवसरमा मानिसहरूको सहभागिता बाक्लैसँग हुने गर्थ्यो । अन्य मनोरञ्जनको कमीले गर्दा शिवरात्रिमा नेपाल र भारतका विभिन्न ठाउँबाट आउने अनेकथरीका साधु-सन्तका विभिन्न भावभङ्गीमा हेर्न मानिसहरू महिनौँसम्म व्यग्रताका साथ यो चाडको प्रतीक्षामा बस्थे र शिवरात्रिका दिन पशुपतिनाथको मन्दिरमा गएर दर्शन गर्नुका साथै साधुहरूलाई हेरेर आनन्द लिन्थे । कैयन् मान्छे उनीहरूसँग मागेर भाङ-धतुरो र गाँजा पनि खान्थे अनि घर आउँदासम्म ती लागू पदार्थले नछोडे साधुले दिएको प्रसाद हो भनेर गाली खानबाट बच्थे । मैले पनि एकचोटि शिवरात्रिमा एकजना साधुसँग मागेर भाङको लड्डु खाएको

थिएँ । त्यो लड्डु खाएको केही क्षणमा नै मलाई रिँगटा लाग्न थालेर एकछिनमा होस आउने र एकछिनमा होस-हवास गुम्ने, डर लाग्नेजस्ता अनौठा अनुभूतिहरू भएर म कसरी घरसम्म आएँ आज सम्झँदा अचम्म लाग्छ । म त्यतिबेला करिब तीनचार दिन बिरामी परेको थिएँ र त्यसपछि मैले भाङ कहिल्यै खाएको छैन ।

तीज र दशैँ-तिहार टाढा-टाढा बिहे गरेर पठाइएका चेलीहरूको माइती आउने चाड हुन्थे । वर्षमा एकाधपटक यस्तै चाड मनाउने बहानामा चेलीबेटीहरूले माइतीघर आएर आमासँग दुखसुखका कुरा बाँड्न पाउँथे भने बालसखाहरूसँग भेट हुने बेला पनि यस्तै चाडपर्व हुने गर्थे । घरमा एकाबिहानै उठेर सुरु गर्नुपर्ने बढारकुँढार, लिपपोत, गाईवस्तुलाई घाँस हाल्ने, नित्यपूजाको सर्जाम बटुल्नेदेखि टाढा पँधेरोमा पानी लिन घण्टौँ हिँडेर जाने, घरमा आएर धुवाँले रंङ्गमङ्गिएको अँध्यारो भान्सामा खाना पकाउने र सबैले खाएपछि आफ्नो मुख जुठो गरेर भान्सा लोटाएर लिपपोत गर्ने र भाँडा माझ्ने अनि खेतमा काम गर्न जाने, गाईभैँसी चराउने र तिनका लागि घाँस काटेर भारी भरि-भरि ओसार्ने, मही मथ्ने, खाजाका निम्ति मकैभटमास भुट्ने, ढिकी र जाँतो गर्ने, लुगा धुने, बच्चा हेर्ने, सासूससुराको सेवा गर्ने, राती फेरि खाना पकाउने, खुवाउने र अन्तिममा बचेखुचेको खाएर भान्सा चिट्ट पारेर भाँडा माझ्ने काम र गाईभैँसीलाई खुवाएर गोठमा पु¥याएपछि बल्ल केही घण्टा सुस्ताउन कोठातिर पस्ने । हो, यी र यस्तै अनगिन्ती काममा झेलिएर बसेका चेलीहरू केहीदिनका लागि चाड मनाउन माइत आउँदा कति खुशी हुन्थे होलान् यी सब दैनिकीबाट मुक्त हुन पाएकोमा । तर आज अवस्था बदलिँदै गएको छ । विवाहपश्चात् अधिकांश गाउँले महिलाको दिनचर्या माथि उल्लेख गरेझैँ नै भए पनि उनीहरू आजको अत्याधुनिक सञ्चार माध्यमले गर्दा टाढा भए पनि आमाबाबुसँग नियमित कुरा भने गरी नै रहेका हुन्छन् । हुन त गाउँका अधिकांश युवा कामको सिलसिलामा विदेशिएका र आज गाउँले महिलाहरूको दायित्व अझ बढ्दै गएको भए पनि उनीहरूको जीवनशैलीमा निकै परिवर्तन आउन थालेको छ ।

तीज तथा अन्य चाडबाड मनाउने शैलीमा पनि परिवर्तन आउन थालेको छ भने यस्ता चाडको नाममा अश्लीलता तथा भडक पनि बढ्दै गएको छ । विवाह, व्रतबन्ध तथा अन्य अवसरमा पहिले-पहिले घरमा नै भोजभतेर लगाउने चलन थियो भने पछि त्यस्ता भोजहरूको व्यवस्था मिलाउने क्याटरिङ व्यवसाय सुरु भयो र आज त टोल-टोलमा पार्टी व्यवस्थापन गर्ने पार्टी प्यालेस खुलेका छन् । एक किसिमले

हेर्दा यस्ता व्यवसाय गर्नेलाई भोजको ठेक्का दिएपछि आयोजकहरूले धेरै धपेडी गर्न नपर्ने र पाहुनाहरूको स्वागत गर्न बसेमात्र पुग्ने भएकाले निकै सजिलो र व्यवस्थित भएको छ आजको भोज, तर मौलिक खाना तथा पहिलेजस्तो घरको वातावरण यी भोजहरूमा पाइँदैन । हुन त भोज गर्ने जग्गा नै कतिजनाको घरमा छ र अब ! भोज भन्नेबित्तिकै रक्सी, बियर, वाइन तथा अन्य पेय पदार्थ हुनैपर्ने भएको छ आजकल । महिलाहरूमा समेत यस्ता मदिराजन्य पेय पदार्थ सेवन गर्ने भनेको सामान्य भइसक्यो । मदिरा सेवन गरेपछि बिहे, व्रतबन्ध, तीज, दशैँ, तिहार वा जेसुकैलाई अवसर बनाएर आयोजना गरेको भोज भए पनि ठूलो-ठूलो आवाजमा संगीत बजाएर नाच्नैपर्छ आजकल । मदिरा सेवनपछि सबैले जानेका हुन्छन् नाच्न । अनि मोबाइलबाट फोटा, भिडियो र सेल्फी पनि खिच्नै पर्‍यो ।

नयाँ वर्ष, चाहे त्यो अंग्रेजी क्यालेन्डरको होस्, वा नेपाली क्यालेन्डरको होस् वा नेवारी, गुरूङ, मगर, तामाङ, शेर्पा, राई, लिम्बू जसको नै किन नहोस्, त्यसको उपलक्ष्यमा भोज, खानपिन, नाचगान, आदि-इत्यादि भइ नै हाल्छ । भोजको मज्जासँगै समय बितेको पनि पत्तै नहुने । त्यस्तै फागु खेलेर आनन्द लिने प्रचलन पनि पहिलेदेखिकै हो र यी पनि निकै परिमार्जित भएका छन् आजकल । समाजका सबैथरीका खासगरी युवा-युवती तथा अधवैंशेहरू विभिन्न रंगको टीका लगाएर तथा मुहार र शरीर रंगाएर यो चाड मनाउँछन् । फागु खेल्दा पनि कडा रंगहरू प्रयोग गर्ने, फोहर पानीका लोलाहरू हान्ने, महिलाहरूलाई फागुको बहानामा यौनदुराचार गर्न खोज्नेजस्ता कुकृत्य गर्ने व्यक्तिहरू पनि सक्रिय हुन्छन् ।

हामी केटाकेटी छँदा मेरी आमाले आषाढ महिनातिरै इन्द्रचोकको हनुमानसाहुको पसलमा गएर हामी सबै दाजुभाइ दिदीबहिनी, आफ्नो र बुवाका लागि र घरमा काममा सघाउनेहरूका लागि कपडाहरू किन्नुहुन्थ्यो । डिल्लीबजारमा एकजना डिल्लीराज भन्ने सूचीकार थिए । उनको पसलमा आषाढतिरै कपडा र नाप दिएपछि करिब भाद्रमा लुगा तयार हुन्थ्यो । भन्नुको मतलब, त्यतिबेला लुगा सिलाउने आधुनिक पसल पनि धेरै थिएनन् र दशैँमा नै नयाँ लुगा सिलाउन दिने त्यतिबेलाको चलनले गर्दा सिलाइ पसलहरू एकदम व्यस्त हुन्थे । डिल्लीराजको एउटा खुट्टा थिएन तर उनी एकदम मेहनती थिए । एकै खुट्टाले उफ्रँदै पसलमा यताउता गरेर उनी ग्राहकको शरीरको नाप लिन्थे र आफ्नो पसलमा भएका कपडा पनि ग्राहकहरूलाई देखाउँथे । हामी दाजुभाइका कमिज र पाइन्ट एउटै कपडाका हुन्थे । एकचोटि लगाएर ठीक भएपछि आमाले ती

कपडा दशैं सुरु भएपछिमात्र दिनुहुन्थ्यो । हामी दशैंलाई व्यग्रताका साथ पर्खेर बस्थ्यौं ।

नेपालमा हरेक वर्ष मनाइने चाडपर्वहरू पनि पचासौं छन् । विभिन्न देवदेवीको साधनामा केन्द्रित चाडबाडहरू जस्तै कृष्णाष्टमी, रामनवमी, बडादशैं, गणेशचौथी, सरस्वतीपूजा, लक्ष्मीपूजा, शिवरात्रि, आदि करिब-करिब प्रत्येक देवदेवीलाई सम्झेर मनाइन्छ भने कृषिप्रधान देशसमेत भएको हैसियतले परापूर्वकालदेखि नै काठमाडौं तथा अन्य ठाउँमा आफ्ना रीतिरिवाजअनुसार घाम-पानीका लागि पूजाआजा गरिन्छ । धान रोप्ने बेलामा हिलोसँग खेलेर रोपाइँपर्व मनाइन्छ भने पानीको निम्ति मच्छिन्द्रनाथको रथ तान्ने र त्यस्तै पानी पुगेपछि इन्द्रलाई धन्यवाद दिन इन्द्रजात्रा । त्यस्तै खेतीको पहिलो फसल काटेको उपलक्ष्यमा थारूहरूले निमन पर्व मनाउँछन् । जनावरहरूको कदरको रूपमा नाग पञ्चमी, कुकुर तिहार, काग तिहार, गाई तिहार, गोरु पूजा, आदि गर्ने चलन पनि छ । हात्तीलाई पनि गणेशजीको प्रतीक मानेर पुजिन्छ । त्यस्तै बाँदर यानि हनुमानलाई रामको भक्तको रूपमा पूजा गरिन्छ र यसो गरेमा बलवान् होइन्छ भन्ने धारणा छ ।

एकातिर हामी पशुपन्छीलाई यसरी पुज्छौं भने अर्कोतिर धर्मका नाममा तिनै पशुपन्छीलाई बलि दिने बहानामा निर्मम तरिकाले वध गरेर प्रसाद भन्दै मासु खान्छौं । आजको २१ औं शताब्दीमा यो कस्तो नसुहाउने प्रथा ! पशुहिंसाको विरोधमा त कति राष्ट्र र सङ्घसंस्थाहरू दिनरात लागिरहेका छन् भने हामी पढेलेखेका विद्वान् भनाउँदाका बुद्धिको स्तर यतिसम्म गिरेको छ । के हामी अब उपरान्त हिंसारहित चाड मनाउँछौं भनेर आजै प्रण गर्न सक्दैनौं ? एकपल्ट हामी सबैले योबारे सोचौं न ! यो बिलकुल सम्भव छ । खैर !

जाडो सकिएर बिस्तारै सूर्यले दिशा बदल्न सुरु गर्ने दिन माघे संक्रान्तिको रूपमा सूर्यको पूजा गरिन्छ । सूर्यको ताप बढ्दै गएर जाडो कम हुँदै जाने भएकाले यो पूजा गरिने गरिएको हो । त्यस्तै मिथिलामा खासगरी मनाइने छठ पर्व पनि सूर्यको बहुगुण र सम्पूर्ण जीवहरूको अस्तित्व उनैको प्रतापले रहेको हुनाले उनलाई धन्यवाद भन्न आज मुलुकभरि नै सूर्यलाई जल चढाएर मानिन्छ । खुम्बु क्षेत्रका शेर्पाहरूले मानवजातिको रक्षाका निम्ति मानी रिम्दु पर्व मनाउँछन् । थ्याङ्वोचे गुम्बामा तीन दिनसम्म पूजा गरेर सुरु हुने यो पर्वमा दश दिनसम्म विभिन्न मन्त्र पढिन्छन् । यस्तै दुम्जे पर्व मनाउँदा शेर्पाहरूले विभिन्न किसिमका मुकुन्डो लगाएर नाच्ने गर्छन् ।

नेपालमा मनाइने चाडहरूमा बाउ-आमाको मुख हेर्ने वा सम्झने, गुरुको पूजा गर्ने,

दाजु-भाइको पूजा गर्ने, आफ्नै पूजा गर्ने र साना-साना कन्याहरूको पूजा गर्ने आदि छन् । थारूहरूमा पनि आफ्ना दाजुभाइको दीर्घायुका लागि शमाचखेवा पर्व मनाइन्छ । जनै लगाएर र डोरो बाँधेर आफ्नो रक्षा गर्ने चाडको रूपमा मनाउँदै आएको जनैपुर्नेलाई दाजुभाइ र दिदीबहिनीबीच माया र स्नेह बढाउने र राखी बाँध्ने चाडका रूपमा पनि लिइन्छ । आफ्नो पतिको रक्षा र दीर्घायुका निम्ति महिलाहरू तीजको व्रत बसेर यो चाड मनाउँछन् । खासगरी मधेसमा र पश्चिम नेपालमा पनि गौरा पर्वको नाममा महिलाहरूले शिवजीकी पत्नी गौरीको पूजा गरेर आफ्नो पतिको दीर्घायु र सुस्वास्थ्यको कामना गर्दछन् । गौरा पर्वको महत्त्वपूर्ण पाटो भनेको देउडा नाच पनि हो । त्यस्तै मौसमअनुसारको खानपिन गर्ने चाडहरू पनि मनाइन्छन्, जुनमा सातु-सर्बत, दही-च्यूरा, घ्यू-चाकु-कन्दमूल, खीर, खिचडी, आदि खाइन्छ ।

गाईजात्रा र घोडेजात्राजस्ता मनोरञ्जक जात्राहरू पनि काठमाडौं उपत्यकामा मनाउने चलन निकै पहिलेदेखि नै छ । राजा प्रताप मल्लको छोराको निधन भएर शोकमा परेकी रानीलाई केही गरेर पनि सामान्य अवस्थामा ल्याउन नसकेपछि उनले काठमाडौंमा हरेक वर्ष भाद्र महिनाको कृष्णपक्षको पहिलो दिन गाईजात्राको सुरूआत गरे । आफन्तको मृत्यु भएकाका परिवारजनहरूले सो दिन गाईलाई सिँगारेर हनुमानढोका दरबार क्षेत्र घुमाउने प्रचलन छ । यसको मुख्य उद्देश्य प्रताप मल्लकी रानीलाई उनको मात्र होइन, अरू कति धेरै मान्छेका आफन्तहरूको पनि मृत्यु भइरहेको हुन्छ र यो एउटा नियम नै हो संसारको भनेर बुझाउनु थियो । उनलाई अलिकति भए पनि हँसाउन त्यो दिन विभिन्न प्रकारका भावभङ्गिमामा आएका मान्छेहरूको झाँकी पनि देखाउन थालिएको थियो । त्यही परम्पराको निरन्तरताको रूपमा आजसम्म पनि यो दिनमा साँच्चैको गाई र मान्छेलाई गाईजस्तो बनाएर हनुमानढोकातिर घुमाउने र हाँस्य-व्यङ्ग्य गर्ने दिनको रूपमा चर्चित छ ।

घोडेजात्राको कुरा गर्दा पौराणिक कथाहरूमा उल्लेख भएबमोजिम एकजना गुरूमापा नामको भक्षक (राक्षस), काठमाडौं शहरको नजिकको वनमा बस्थ्यो, उसले भर्खरका किशोर र किशोरीहरूलाई निकै दुख दिन्थ्यो र तिनीहरूलाई बेपत्ता पारिदिन्थ्यो रे ! उसलाई टुंडी भनेर पनि चिनिन्थ्यो । पछि तान्त्रिकहरू र शहरवासीहरूले उसलाई हालको टुँडिखेल (उसैको नामबाट राखिएको) को खरीको बोटनिर बस, हामी तिमीलाई प्रत्येक वर्ष भात र राँगाको मासु खुवाउँछौं भनेर आग्रह गरेपछि उसले मानेर त्यहाँ आएर बस्यो अरे ! उसको मृत्युको दिन शहरवासीहरूले खुशी भएर

उसको शवमा घोडा दौडाएर खुशियाली मनाएकाले त्यो बेलादेखि घोडेजात्रा मनाउन थालिएको भन्ने कथन छ । आज पनि घोडेजात्राको अघिल्लो दिन टुँडिखेलमा गुरुमापाको लागि एक भाग भतेर राखिन्छ । कालान्तरमा यो चाड घोडदौड र घोडचढी प्रदर्शन गर्ने चाड बन्यो भने आज जब आमजनताले घोडा राख्ने चलनको अन्त्य भयो, तब यो चाडमा बिस्तारै सेना र प्रहरीले घोडचढी र घोडादौड गर्नुका साथै विभिन्न कवाज देखाउने प्रथा सुरु भयो ।

सञ्चार माध्यमले ठूलो फड्को मारेकाले नै यस्ता विभिन्न चाड र तिनका महत्त्वबारे विश्वका जुनै कुनामा बस्नेहरूलाई पनि थाहा हुन्छ र यस्ता चाड उनीहरू आआफ्ना ठाउँमा नै बसेर मनाउँछन् । आजकल त इलेक्ट्रोनिक माध्यमबाट विश्वको जुनसुकै कुनामा बसेर पनि आफूले पूजा गर्न खोजेको देवदेवीको मन्दिरमा वा गुम्बाहरूमा ई-पूजा पनि गर्न सकिन्छ । यस्तै आफूलाई मन परेका आफ्ना मानिसहरूको, समुदायको र राष्ट्रकै समृद्धिको कामनासहित विभिन्न मन्दिर, गुम्बा, मस्जिद, गुरुद्वारा, चर्च तथा अन्य धार्मिकस्थलमा इलेक्ट्रोनिक माध्यमबाट भेटी पठाएर प्रार्थना गराउने प्रचलन पनि विश्वभरि नै बढ्दै गइरहेको छ । कैयन् धार्मिक संस्कार गर्न आजकल पुरोहितहरू पनि पाउन मुस्किल हुने भएकाले त्यस्ता कार्य गराउने भिडियोहरू पनि बनेका छन् ।

विभिन्न पत्रपत्रिकामा धार्मिक लेख तथा समाचारहरू प्रकाशित हुन्थे पहिले । तर त्यस्ता पत्रपत्रिका तथा तिनको प्रकाशन पनि सीमितमात्रामा नै हुने गर्थ्यो भने पाठक पनि बिरलै हुन्थे । पढेलेखेकाले सुनाएको भरमा धर्म र संस्कृतिका बारेमा मान्छेहरू जानकारी राख्ने गर्थे । नेपालमा रेडियो निकैपहिले भित्रिए पनि राणा शासन छँदासम्म तिनैका भाइभारदार र उच्चपदाधिकारीहरूले मात्र विशेष अनुमति लिएर रेडियो घरमा राख्न पाउँथे । रेडियो पनि कोठाको एउटा भित्ताभरिको ठूलो हुन्थ्यो रे त्यतिबेला ! करिब ६० वर्षजति भयो नेपालमा रेडियो आमसञ्चार माध्यमको रूपमा विकास भएको र घरघरमा पुग्न थालेको । खासगरी बिहानको कार्यक्रमको सुरुआत धार्मिक कार्यक्रमबाट हुने र विभिन्न रोचक धार्मिक कुरा र भजन सुन्न पाइने भएकाले रेडियो भएका घरका मान्छेहरू निकै चाखका साथ यस्ता कार्यक्रम सुन्थे । धेरै धार्मिक कार्यक्रम सञ्चालक आजसम्म पनि हामीमाझ परिचित छन् ।

नेपालमा टेलिभिजनको आगमनपश्चात् त्यसमा पनि खासगरी बिहानको समयमा धार्मिक कार्यक्रमहरू प्रसारण हुन थाले । तिनै रेडियोमा बोल्ने र नयाँ प्रस्तुतकर्ताहरू

पछि टेलिभिजनमा पनि देखिन थाले । भारतीय टेलिभिजन च्यानलहरूबाट रामायण तथा महाभारतजस्ता महान्ग्रन्थ र महाकाव्यका नाट्यरूप कथानकहरू प्रसारण हुन थालेपछि दर्शकहरूको देवी, देवता र ऋषिमुनि, अनि त्यसबेलाको परिवेशका बारेमा आउने कल्पनामा पनि ठूलो बदलाव आउन थाल्यो । यसअघिसम्म सोबारेमा चित्रकारिताको आधारमा मात्र कल्पना गरिन्थ्यो । चित्रहरू बन्नुभन्दापहिले कस्तो कल्पना आउँथ्यो होला मानवजातिलाई देवी-देवताबारे, सोच्नै गाह्रो !

भारतीय तथा विदेशी टेलिभिजन च्यानलहरूले पनि विभिन्न धर्म सम्बन्धी कार्यक्रम प्रस्तुत गर्छन् । केही टेलिभिजन च्यानल त धर्मकर्मबारेमात्र पनि छन् । बाइबल, पुराण, गुरुग्रन्थसाहिब वा कुरान जुनसुकै धर्मग्रन्थमा पनि मानवजातिले लिनुपर्ने असल बाटोका बारेमा निकै कुरा उल्लेख गरिएको हुन्छ । मानिस जति नै विकसित भए पनि ऊ धर्मको कुरामा निकै अनुशासित र डर मान्ने हुँदो रहेछ । बाबुआमाको निधनपश्चात् आफ्नो संरक्षक ईश्वर हुन्छ भन्ने मनोवैज्ञानिक मान्यता अधिकांश मानवमा हुँदो रहेछ । लक्ष्मीप्रसाद देवकोटाजस्ता ईश्वरमा आस्था नराख्ने व्यक्तिले पनि पशुपतिको आर्यघाटमा अन्तिम श्वास लिनु केहीछिनअगाडि आफ्ना नजिकका मान्छेहरूका सामु ईश्वर हुँदो रहेछ भनेका थिए रे ! यस्तै चन्द्रमामा खुट्टा राखेर आइसकेका वैज्ञानिकहरूसमेत बुढेसकालमा चर्च जान्थे अरे ! ईश्वर वा ईश्वरीय तत्त्व र शक्ति भए पनि वा नभए पनि मानवजातिमा वंशाणुगतरूपमा ईश्वरमाथिको आस्था र भय भित्रसम्म लुकेर बसेको हुन्छ, चाहे ऊ जति नै नास्तिकरूपमा प्रस्तुत किन नहोस् ।

पाकिस्तानी टेलिभिजन च्यानलहरूले पनि इस्लामिक धार्मिक कार्यक्रमहरू प्रसारण गरिरहन्छन् । म फुर्सदको समयमा खासगरी बेलुकीपख बेला-बेलामा यस्ता कार्यक्रमहरू हेर्ने गर्छु । आफू मुसलमान नभए पनि मुसलमान धर्मगुरुहरूको प्रवचन सुन्दा रमाइलो नै हुन्छ । उर्दु र हिन्दी करिब-करिब मिल्ने र म पनि पाकिस्तानमा केहीवर्ष बसेको भएर भाषा बुझ्न गाह्रो हुँदैन । खासगरी सामाजिक र व्यावहारिक कुराहरूबारे ती मुसलमान धर्मगुरुहरूले कुरानलाई आधार मानेर दिने प्रवचन सुन्दा धेरै कुरा जानिने । यसरी टेलिभिजनमार्फत धार्मिक प्रवचनहरू प्रसारण हुँदा एकैचोटिमा लाखौँ-करोडौँ मानिसले अवलोकन गरिरहेका हुन्छन् ।

समाजमा विभिन्नथरीको काम गर्न भनेर जातपातको व्यवस्था भएको थियो परापूर्वकालमा, जुन एक प्रकारले चरमसामन्ती सोचमा आधारित व्यवस्था थियो । यही जातपात र धर्मको

विवादले विश्वमा धेरै लडाइँझगडा भए र आजसम्म हुँदैछन् भने यस्तै जातपातको घेराबन्दी र चरम गरिबीलाई हतियार बनाएर विभिन्न धर्मका धर्मावलम्बीले विगत दुई-तीनसय वर्षदेखि विश्वभरि नै धर्म परिवर्तन गराउँदै हिँडिरहेका छन् । एकातिर पश्चिमी मुलुकहरू धन, विवेकशीलता र ज्ञानविज्ञानमा बाँकी विश्वभन्दा निकैअगाडि छौँ भनेर घमण्ड गर्छन् भने अर्कातिर उनीहरू विभिन्न आयोजनाका नाममा धर्म परिवर्तनका लागि अरबौँ रुपैयाँ ल्याएर सोझा मानिसहरूलाई आफ्ना पुर्खौंदेखि चलिआएका आस्था, विश्वास र संस्कृति छताछुल्ल हुने गरी छिया-छिया पारेर आफ्नो धर्ममा लाग्न अनेक छलछाम र टुनामुना गर्नसमेत पछि पर्दैनन् । हामीले नै चिनेका कैयन् व्यक्ति दशैँमा टीका नलगाउनेमात्र होइन घरमा भएका देव-देवीका फोटा र मूर्तिहरूसमेत लछारपछार पारेर दोबाटामा फ्याँक्दै सभ्य र आधुनिक भएको उद्घोषण गर्छन् । तर उनीहरूले यो कुरा बुझेका छैनन् कि एक किसिमको आफ्नो मौलिक पाखण्ड छाडेर अर्को पाखण्डमा उनीहरू जकडिन पुगिरहेका छन् भनेर । हामीकहाँ चाडबाडका बेला कैयन् विदेशी तथा अन्य धर्मावलम्बी आइरहेका हुन्छन् र उनीहरू हामीसँगै रमाएर हाम्रा चाडहरूको आनन्दसमेत लिन्छन् र टीकाटालो पनि गर्छन् र डोरोसमेत लगाउँछन् । हामी पनि त विभिन्न धर्मावलम्बीका चाडमा रम्छौँ, क्रिस्मसको आनन्द लिन्छौँ, आजकल इद पनि मनाउँछौँ तर आफ्ना पुर्खौली मूल्य र मान्यतालाई पनि हामी त्यसैगरी निभाइरहेका हुन्छौँ । म पनि धूमधाम धार्मिक व्यक्ति नभए पनि छोरा-छोरी तथा आउँदा सन्ततिले आफ्नो संस्कृति जोगाएर राखून् भनेर दशैँको पूजा नौ दिनसम्म गुरु राखेर गर्छु तथा पिताजीलाई पनि महाअष्टमीका दिन सपरिवार देव-देवीका मन्दिरहरू घुमाउँछु भलै उहाँले कुनै मन्दिरमा गएर पूजाआजा नगरे पनि र उहाँको यो विषयमा आफ्नै धारणा भए पनि ।

समाजमा आफ्ना धर्म, मूल्य र मान्यतालाई मान्न सबैले पाउनुपर्छ तर कसैको गरिबी र विवशताको फाइदा उठाएर धर्म फैलाउने नाममा आफ्नो र अर्काको संस्कृति नै खतम गर्नु किमार्थ हुँदैन । नेपाल विश्वमा नै एउटा यस्तो राष्ट्र हो जहाँ विभिन्न जातजाति तथा धर्मावलम्बी निकै मेलमिलापका साथ बस्छन् र एकअर्काको धर्म र संस्कारको कदर गर्छन् । आधुनिक प्रविधि र विज्ञानको सहायताले अझै एकअर्काका राम्रा पक्षहरूबारे ज्ञान हासिल गर्ने अवसर मिलिरहोस् र आधुनिकताको नाममा आफ्ना पुर्खादेखि चलिआएका मूल्य र मान्यताहरू माटोमा नमिलून् । यही नै मूलमन्त्र हुनुपर्छ हामी सबैको ।

तर एउटा कुरा केमा ध्यान दिनुपर्छ भने धर्मलाई समय-सापेक्ष बनाउन सक्नुपर्छ ।

धर्ममा उल्लेख भएका आजको समाजमा त्यति सान्दर्भिक नहुने कुराहरूलाई धर्मको मूलभूत सिद्धान्त नखल्बलिने गरी समय र परिस्थितिअनुसार परिष्कृत गर्दै पनि जानुपर्छ । आजको समयमा पशुपन्छी बलि दिनु बिलकुलै सान्दर्भिक छैन । त्यसैले यस्ता कुरीतिहरू त्याग्दै जानुपर्छ । जुन ईश्वरले सम्पूर्ण जगत्को सृष्टि गऱ्यो, उसलाई हामीले भोग चढाउनुपर्छ र ? तैपनि सांकेतिक हिसाबले कुभिन्डो वा नरिवलको बलि पनि दिन सकिन्छ, जुन शास्त्रमा नै लेखिएको छ । त्यस्तै हिन्दु मन्दिरहरूमा खासगरी नेपालमा थरी-थरीका फूल, अबिर, धूप, चामल, जौ, तिल तथा अन्य पूजा सामग्रीसहित पूजा गरिन्छ र पूरै मन्दिरपरिसर सधैँ यस्ता वस्तुहरूले गर्दा सफा रहन सक्तैन । यस्ता वस्तुहरू चढाउने कुनै खास ठाउँ तोकेर पूजाआजा गर्न सके मठमन्दिर सफा रहने थिए । भारतमा यसरी मन्दिर सफा राख्ने कामको सुरुआत भइसकेको छ । त्यस्तै ईश्वरलाई भोग चढाउने नाममा चामल तथा अन्य खाद्य वस्तु वर्षमा कति ठूलो परिमाणमा खेर फ्याँकिन्छन् होला, जब कि विश्वमा र हाम्रै भेगमा कति मानिस भोकभोकै मर्नुपर्ने स्थिति छ । हो मन्दिरमा चढाएका केही अन्न चराचुरुङ्गी तथा पशुहरूले खान पाउँछन् । यस्तो व्यवस्था पनि मन्दिरको कुनै निश्चित भागमा मात्र गरिनुपर्छ । घरैमा पनि चराचुरुङ्गीका लागि केही अन्न तथा पानी कतै कुनामा राखिदिन सकिन्छ । दशैँ तथा अन्य चाडपर्वमा टीकामा अक्षता हाल्ने चलन पनि छाड्दै जानु उत्तम हुन्छ । सबै धर्ममा खासगरी चाडपर्वको बेलामा गरिबगुरुबाहरूलाई खाना खुवाउने, कपडा बाँड्ने तथा आर्थिकरूपमा मद्दत गर्ने चलन छ । यो नै ठीक तरिका हुन सक्छ । त्यस्तै सबै धर्ममा दान, चन्दा आदिको प्रावधान हुन्छ र त्यस्ता धार्मिकस्थलहरूमा चन्दा बाकस पनि राखिएको हुन्छ र आजकल त प्रविधिको प्रयोगले पनि मठ-मन्दिर, गुरुद्वारा, मस्जिद, गुम्बा तथा चर्चमा पुण्यका निम्ति आर्थिक सहयोग पठाउन सकिन्छ । यस्तो रकमको सही उपयोगले धार्मिकस्थलहरूको मर्मतसम्भारका साथै ठूला-ठूला अस्पताल, विश्वविद्यालय तथा पूर्वाधारहरूको निर्माणका साथै पशुपन्छी तथा बोटबिरुवाहरूको पनि सही सम्वर्द्धन गर्न सकिन्छ । हामी टाढा जानै पर्दैन, भारत वा थाइल्यान्डलाई नै हेरे पुग्छ । यसरी आजको युगमा पुण्य कमाउन र आफ्नो आस्थाको धार्मिकस्थल सफासुग्घर राख्न नयाँ तरिकाहरू अपनाउन सकिन्छ, जसको मद्दतले आम जनतादेखि लिएर सम्पूर्ण प्राणीको रक्षा गर्न सकियोस् । आधुनिक सञ्चार र प्रविधिको सही उपयोग गर्न सिकौँ र विभिन्न ठाउँका धर्म-कर्म र रीतिरिवाजबारे अझै बढी ज्ञान हासिल गरौँ ।

# नेपालको विकासक्रम

विक्रम संवत् २०२०–२०३० को दशकतिरसम्म पनि नेपाल अति नै पिछडिएका मुलुकहरूमध्ये पदर्थ्यो । हुन त अहिले पनि नेपाल अल्पविकसित राष्ट्र नै हो । काठमाडौंबाट निकै नजिकमा अवस्थित गाउँ, शहर तथा सदरमुकामहरू पुग्नसमेत बाटोघाटोको ठूलै समस्या थियो त्यतिबेला । निकै सुस्त गतिमा शहरी सडक तथा राजमार्गहरू बनाउने कार्य भइरहेको थियो । यद्यपि, २००७ सालअघिको दाँजोमा विकास कार्य, त्यसमा पनि पूर्वाधार विकासमा निकै काम हुँदै थियो । दातृराष्ट्रहरू जस्तै भारत, चीन, रूस, बेलायत, अमेरिका, जापान, आदिको यातायात, कृषि, ऊर्जा, शिक्षा, स्वास्थ्य, सञ्चार, उद्योग, वाणिज्य, पर्यटन आदि महत्त्वपूर्ण पूर्वाधारका क्षेत्रमा सहयोग क्रमशः बढ्दै गइरहेको थियो । प्रजातन्त्र आएपश्चात् खुला भएको हाम्रो मुलुकमा संयुक्त राष्ट्र सङ्घमा कार्यरत भूगर्भविद् टोनी हेगेनले पूरै नेपाल भ्रमण गरेर लेखेको सचित्र पुस्तक "नेपाल" विश्व बजारमा आएपछि तथा तेन्जिङ नोर्गे शेर्पा र एड्मन्ड हिलारीले सगरमाथाको सफल आरोहण गरेको खबरले विश्वमा सनसनी मच्चाएपछि नेपाल हेर्न आउने पर्यटकको सङ्ख्या दिनानुदिन बढ्न थाल्यो । त्यतिबेला नेपाल ज्यादै नै सुन्दर थियो । हराभरा, स्वच्छ हावा, खुला आकाश र धरती । वास्तवमा प्राकृतिक सौन्दर्यलाई विकासले निकै कुरूप बनाइदिन सक्छ यदि विकासक्रममा वातावरण र प्राकृतिक सौन्दर्य जोगाउने उपायहरू राम्ररी र प्राथमिकताका साथ समाहित नगरिएमा । हाम्रोजस्तो अल्पविकसित मुलुकमा यस्ता कुरालाई प्राथमिकता दिने चलन अझै चलिसकेको छैन तर योजना बनाउने बेलामा "वातावरण संरक्षण" र "वातावरणीय अध्ययन" जस्ता राम्रा शब्दहरू भने आजकल पर्न थालेका छन् ।

२०३० सालताका मेरा पिताजी राष्ट्रिय योजना आयोगको सदस्य हुँदा म १० वर्षको थिएँ र उहाँको पूर्वाञ्चल भ्रमणमा एकपटक जाडोको बिदा पारेर मातासहित म पनि सामेल भएँ । अहिलेसम्म याद ताजै छ, योजना आयोगको ल्यान्डरोभरमा काठमाडौंदेखि हेटौंडासम्मको त्रिभुवन राजपथको यात्रामा गाडी लागेर मैले झण्डै दुई दर्जनभन्दा बढी पटक वमन गरेको थिएँ र निकै शिथिल भएको थिएँ । प्रजातन्त्रपश्चात् भारत सरकारको सहयोगमा निर्मित यो राजमार्ग निकै घुमाउरो छ । अहिले त धेरै घुम्तीहरू मिलाइसकिएको छ । तर काठमाडौंसँग जोड्ने अन्य बाटो नभएकोले होला अरू विकल्पै थिएन । त्यस्तै फर्कँदा सिमभञ्ज्याङ्गमा हिमपात भएर हामी करिब २० घण्टा हिउँले ढाकेको सडकमा अलपत्र परेका थियौं । अहिलेजस्ता होटल र खाना खाने ठाउँ त्यतिबेला त्यो भेगमा नगण्य भएकाले हामीले घरमा लान भनेर किनेका मिठाई तथा अन्य खाना त्यहीँ सकिएका थिए र जाडोले गर्दा रात कटाउन हम्मे-हम्मे परेको थियो । तर हामीले के पनि भुल्नुहुँदैन भने भारतले त्यतिबेला बनाइदिएको यो राजमार्गले गर्दा नै राजधानीसम्म पहिलो सडकबाटो पुगेकोले एक किसिमको विकासको लहर नै आएको थियो ।

२०३० सालतिरको सुरूका दिनहरूमा पूर्व-पश्चिम राजमार्गको पथलैयादेखि पूर्वको बाटो बनेर प्रयोगमा आउन थालिसकेको भए पनि ठूला-ठूला नदीहरू जस्तै वाग्मती, कमला, कन्काई आदिमा पुल बनिसकेका थिएनन् र खोलैबाट गाडी तार्नुपर्थ्यो । बाटोमा पर्ने नयाँ बस्तीहरू निकै साना थिए । आज तिनै साना बस्तीहरूले शहरको रूप लिइसकेका छन् । पथलैयादेखि विराटनगरसम्म आज ठूला-साना गरेर धेरैवटा शहर बनिसके । इटहरी, लहान, बर्दीवास, ढल्केबर, लालबन्दी आदि केही समयअघिसम्म साना बस्ती मात्र थिए भने आज आएर यिनले शहरको रूप धारण गरिसकेका छन् । वीरगञ्ज, जनकपुर, राजविराज र विराटनगर जुन पहिले अति नै अव्यवस्थित शहर थिए, आज आएर यिनमा पनि केही परिवर्तन आउन थालेको छ ।

पूर्व-पश्चिम राजमार्गका दुवैतिर घना जङ्गल थियो । निकै रमाइलो महसुस हुन्थ्यो त्यतिबेला घना जङ्गलको सुनसान बाटोमा मोटरगाडी चढ्दा । बाटोमा निकै कम सवारी साधन भेटिन्थे । जङ्गली जनावरहरू यदाकदा फुत्त बाटो काट्दा वा झुन्ड बनाएर सडकमा बसिरहेको हेर्न पाउँदा कस्तो आनन्द आउँथ्यो । यस्ता दृश्यहरू हेर्न आजकल नेपालगञ्जबाट पश्चिमतिर लाग्ने पूर्व-पश्चिम राजमार्गको बर्दिया राष्ट्रिय निकुञ्जभित्रबाट गएको सडकमा बेला-बेलामा पाइन्छ । यस्ता दृश्य हेर्न पाइने

राजमार्गहरू निकै कम भइसके । राजमार्गका दुवैतिर बस्ती बसेर पनि यस्तो अवस्था आएको हुन सक्छ । वास्तवमा राजमार्गबाट दुई-तीन सय मिटरभित्रसम्म घरटहरा बनाएर बस्ती बसाउन नै दिनुहुँदैन । यी क्षेत्रमा कृषिसम्म मात्र गर्न दिनुपर्ने हो र बस्ती भने अलिकभित्र बसाउनुपर्छ । यसो हुँदा दुर्घटनाको सम्भावना पनि कम हुन्छ र सडकमा यातायात पनि विनाअवरोध चल्न सक्छ । ठाउँ-ठाउँमा पसल, इन्धनपम्प, गाडी मर्मत गर्ने ठाउँ, शौच गर्ने ठाउँ र खानपिनको व्यवस्था हुनुपर्छ । यी ठाउँ पनि मुख्य राजमार्गलाई कुनै पनि अवरोध नहुने गरी अलिक छेउमा छुट्टै लेनबाट जाने हुनुपर्छ र मुख्य राजमार्ग र यस्ता पार्किङ भएको ठाउँमा फलामे बार राखेर छुट्टाउनुपर्छ तथा यस्ता ठाउँहरूमा बाटो काट्न आकाशे पुलहरू पनि बनाइदिनुपर्ने हुन्छ । हाल भइरहेका राजमार्गहरूको दुवैपट्टिका दुई-तीन फिटका खाली जमिन, जो साइड दिँदा प्रयोग हुन सक्छन्, त्यहाँ पनि कालोपत्रे गरेर रंगले बाटो र त्यस्तो ठाउँ प्रस्ट छुट्टिने गरी विभाजन गर्न सकियो भने अहिलेको भन्दा सबैतिर छ फिट चौँडा भइहाल्छ सडक । पूर्व-पश्चिम राजमार्गमा कैयन् ठाउँहरूमा यस्तो कार्यको थालनी भइसकेको पनि देखेको छु मैले । त्यस्तै राजमार्गका खाल्डाखुल्डी टालिदिइहाल्नुपर्छ र यस्ता द्रुत गतिमा एकसुरले यातायात चल्ने सडकहरूमा चालकको ध्यान आकृष्ट हुने गरी विज्ञापनका बोर्डहरूसमेत राख्न दिनुहुँदैन ।

त्यतिबेला विराटनगरको बरगाछीमा साँच्चै नै बर र पीपलका रूखहरू दुवैतिर भएकाले शीतलताको अनुभूति हुन्थ्यो । जहाँ साइकल, केही मोटरसाइकल र स्कुटर, गाडी आदि निजी सवारी साधनहरू चलिरहेका हुन्थे भने सार्वजनिक यातायातका लागि रिक्सा, गोरु गाडा र केही अति नै थोत्रा बस र जिप देखिन्थे । हाम्रो मामाघरको विराटनगरस्थित तीनटोलियामा ठूलो जमिनको बीचमा एउटा पक्की बङ्गला र एउटा ठूलो गोदाम पनि थियो । हामी त्यही घरमा करिब दुई हप्ता बसेका थियौँ त्यतिबेलाको भ्रमणमा भने पिताजी तथा अन्य सरकारी अधिकृत त्यहाँबाट पनि पूर्वका झापालगायत अन्य स्थानको भ्रमणमा जानुभयो । सो घर परिसरमा नरिवलका रूखहरू दश-पन्ध्रओटा थिए होलान् । त्यस्तै आँप र लिच्चीका रूखहरू पनि थिए । स्थानीय फलफूल, माछा, मासु र दाल, भात, तरकारी, दूध, दही, तथा मिठाई नै हाम्रा विशेष खुराकी हुन्थे । आजका जस्ता स्तरीय भोजनालयहरू त्यतिबेला थिएनन् । बाजेको होटल भन्ने भोजनालय निकै प्रख्यात थियो त्यतिबेला, अनि कलाकन्द तथा अन्य मिठाई पाइने प्रख्यात दुकानहरू पनि थिए ।

त्यसपछि पनि म वर्षको एकाध पटकजस्तो विराटनगर गइरहन्थेँ, खासगरी म दोस्रो दशकमा हिँडिराख्दा । त्यतिबेला नेपाल वायुसेवाको मात्र हवाईजहाज सेवा थियो तथा दिनमा एक उडान मात्र विराटनगरको निम्ति हुन्थ्यो । स्थलमार्गमा भने भर्खरै मात्र रात्रिबसहरू सुरु भएका थिए र तिनको सेवा पनि राम्रो थियो । म धेरैजसो विराटनगर जाँदा रात्रिबसमा सफर गर्थें र पछि विमानबाट फर्कन्थेँ । विराटनगरको तत्कालीन महेन्द्रचोकबाट रिक्सा चढेपछि आधा घण्टाजतिमा विमानस्थल पुगिन्थ्यो । बाटो निकै खाली हुने र सडकका दुवैतिर बर, पीपल तथा विभिन्नथरीका रूख रोपिएका थिए, र दायाँवायाँ खेत नै धेरै देखिन्थे । त्यो आधा घण्टाको रिक्साको सफर निकै रमाइलो हुन्थ्यो । आज रिक्सा करिब-करिब विस्थापित नै भइसके अनि तिनको ठाउँ विद्युत्‌ीय रिक्साहरूले लिएका छन् भने यो सडक अति नै व्यस्त भएको छ । यस्ता विद्युत्‌ीय रिक्साहरूमा पनि छोटो दूरीको यात्रा गर्न त रमाइलो नै हुँदो रहेछ । यस्ता विद्युत्‌ीय रिक्साहरू आजकल मधेसका सबैजसा शहरमा चलनचल्तीमा छन् । विराटनगर विमानस्थलदेखिबाहिर मुख्य सडकसम्मका दुवैतिर पहिला-पहिला खेत र आँपका बगैँचा देखिन्थे भने आज आएर यो ठाउँ काठमाडौंको झमेलजस्तो होटल र रेस्टुरेन्टले भरिन थालेको छ र यी होटल र रेस्टुरेन्ट वास्तवमा स्तरीय पनि छन् । मुख्य सडकको कुरा गर्दा बरको गाछी त अब देखिन छोडिसक्यो, छ लेनको यो सडकको दुवैतिरका भाग गाडीका बिक्रीकक्ष र रेस्टुरेन्टले भरिँदै गइरहका छन् । बरगाछी चोकमा एउटा मोटो रूखको आकृतिसहितको ट्राफिक पोस्ट बनाइएको छ । यही हो अबको बरगाछी । यहाँबाट दक्षिणतर्फको सडक पनि चौँडा गर्ने काम भइरहेको छ भने सडकका दुवैतिर केही विशाल व्यापारिक भवन बन्दैछन् र केहीको निर्माण कार्य सकिएर व्यवसायसमेत सञ्चालनमा आउन थालिसकेको अवस्था छ । एउटा कुरा, यो बरगाछीदेखि महेन्द्रको सालिक भएको पुरानो चोकसम्म आजभन्दा डेढ दशकपहिले नै नेपालकै पहिलो सबैभन्दा चौँडा सडक बनिसकेको थियो ।

आज इटहरीदेखि मेची सिमानासम्म मोटरगाडीमा जाने हो भने प्रत्येक पाँच मिनेटमा एउटा शहरोन्मुख बस्ती आउँछ । सडकको दुवैतिर प्लटिङ गरेर बिक्रीका लागि राखिएका जग्गाहरू देखिन्छन् । यसो हेर्दा धूमधाम विकास भएजस्तो देखिए पनि वास्तवमा यो अस्तव्यस्तताको पराकाष्ठाको नमुनाबाहेक केही होइन । उर्वर खेतहरू फाँड्दै बस्ती बसाउने र पूर्व-पश्चिम राजमार्ग तथा अन्य राजमार्गका दायाँ-वायाँ पूरै बस्ती बस्नु भनेको भोलि गएर कस्तो प्रकारको शहरीकरण गर्नु होला ! सरकारले नै

नीतिनियम बनाएर कडाइका साथ लागू गरी कृषि क्षेत्र, औद्योगिक क्षेत्र, वन क्षेत्र, खानी क्षेत्र, राजमार्ग क्षेत्र, र शहरी क्षेत्र आदि क्षेत्र छुट्याउन सक्नुपर्छ ।

पूर्व-पश्चिम राजमार्गको निर्माण पूर्वबाट नै भएकाले पश्चिमका धेरै ठाउँमा कि त हवाईजहाजबाट यात्रा गर्नुपर्थ्यो, त्यो पनि सबै ठाउँमा विमानस्थल थिएन, नत्र भने भारत भएर बस वा रेलमा सफर गर्नुपर्थ्यो । निकै कठिन यात्रा । दिनरात हिँडेर सफर गर्न पनि डरमर्दो हुन्थ्यो किनकि त्यतिबेला तराईमा घना वनजङ्गल हुने भएकाले जनावर र लुटेराहरूको खतरा निकै थियो । नेपालसँग जोडिएका भारतका शहरहरू पनि त्यति गतिला थिएनन् भने ती शहरसम्म छोटागजी रेलमात्र चल्थे । नेपालबाट वनजङ्गल फँडानी गरेर बेचेका काठले भारतमा हजारौँ किलोमिटर रेलको लाइन बन्यो भने नेपालतर्फ राणाशासनको समयमा रक्सौल-अमलेखगञ्ज ३९ किलोमिटर रेल लाइन मात्र बन्यो १९८४ सालसम्ममा त्यो पनि काठ ओसार्नकै निम्ति । यो रेल चढेर रक्सौलदेखि अमलेखगञ्जसम्म ओहोरदोहोर गर्न मिल्ने भएपछि अमलेखगञ्जदेखि लरीमा भीमफेदीसम्म पुगेर त्यहाँबाट काठमाडौं उपत्यका जान अलिकति सजिलो भएको थियो । तर यो रेल सेवा अहिले बन्द भइसकेको छ । यस्तै जनकपुर-जयनगर ३२ किलोमिटरको रेलमार्ग भारतीय सीमा शहर जयनगरदेखि नेपालको जनकपुरसम्म बनेको थियो । त्यसपछि बरु भएको रेल सेवा जीर्ण भएर बन्द भयो तर नयाँ भने थपिएन र अहिले आएर भने यसलाई सुधार गरेर बडागजी रेल चलाउने सुरसार हुँदैछ । त्यस्तै धरानदेखि भारतको सिमानासम्म ढुङ्गा र काठ ओसार्न पनि रेलको लाइन बिछ्याइएको थियो, र यसको भग्नावशेष अझै पनि देख्न सकिन्छ ठाउँ-ठाउँमा । अर्को एउटा रेल भने काठमाडौंको भृकुटी मण्डपमा रमाइलोका लागि राखिएको छ र त्यो पनि नचलाएको निकै भइसक्यो होला !

अब आएर बल्ल आधुनिक रेल सेवाको सञ्जाल बढाउने योजनाहरू अघि बढेका छन् र यही जयनगर रेललाई स्तरोन्नति गरेर रेलसेवालाई बिस्तारै तराईको पूर्वबाट पश्चिम र पहाडी इलाका र राजधानीसम्म पुऱ्याउने योजनाहरू सुस्त गतिमा भए पनि कार्यान्वयन हुनेक्रममा छन् । यसरी अर्को एक दशकसम्ममा नेपालका केही महत्त्वपूर्ण ठाउँमा रेल सेवा सञ्चालन हुने लक्षण देखिएको छ । नेपालसँग सिमाना जोडिएका दुईवटै छिमेकी मुलुकको रेलको सञ्जाल व्यापक छ । दुवैले बेलाबखत नेपालको राजधानीलगायत विभिन्न ठाउँमा रेल पुऱ्याउने आश्वासन दिन्छन् तर यो सपना कहिलेसम्ममा साकार हुँदै जाला हेर्न बाँकी नै छ । काठमाडौंको विशालनगरमा एउटा

ठूलै घरमा "रेल विभाग" भनेर साइनबोर्ड टाँगेको मैले केही समयपहिले देखेको थिएँ । यस्तै रेल सञ्जालको विकासका लागि सरकारले २० वर्षे योजना पनि बनाइसकेको छ । यो बीस वर्षमा चार हजार किलोमिटर रेलको लाइन बिछ्याउने योजना छ सरकारको र सुनिएअनुसार धेरै विदेशी लगानीकर्ता नेपालमा रेल सेवा सुरु गर्न इच्छुक पनि छन् अरे ! पूर्व-पश्चिम रेल, काठमाडौं-पोखरा-तराई रेल, काठमाडौं-वीरगञ्ज-रक्सौल रेल, काठमाडौं-चीन रेल आदिबारे सोच भइरहेको छ । योजना र संविधान बनाउन नेपाल माहिर भइसकेको छ, अब कार्यान्वयन सिक्न नेता, कार्यकर्ता, कर्मचारीतन्त्र, सभासद्, मन्त्रीहरूलाई कहाँ पठाउने होला ! छिमेकी राष्ट्रहरूलाई नै हेरेर सिके पनि हुन्थ्यो नि !

विराटनगर मैले बाल्यकालमा पहिलो पटक गएको निकै समयसम्म उस्ताको उस्तै नै रहिरह्यो । तर विगत करिब एक दशकदेखि यो शहर पनि निकै फैलिएको छ । आज विराटनगरमा यात्रीहरू बस्ने स्तरीय होटल पनि निकै थपिइसके भने राम्रा र स्तरीय रेस्टुरेन्ट पनि धमाधम खुलिरहेका छन् । केही वर्षपहिले हाम्रो मामाघरको बङ्गला र गोदाम भएको ठाउँमा जाँदा मलाई निकै दुख लाग्यो । पर्खालहरू पूरै भत्किएको, घर जीर्ण अवस्थामा चिन्नै नसकिने भइसकेको र खाली जमिनमा ठूला-ठूला घाँसहरू पलाएका । निकै भावुक बन्न पुगेको थिएँ म त्यतिबेला । अनि झनै त्यसको एक-डेढ वर्षपछि त्यहीस्थानमा जाँदा त त्यो हामी बसेको बङ्गला पनि भत्काइसकिएको रहेछ र पूरै जमिन बिक्री भएर सो ठाउँमा प्लटिङ गरेर एक दर्जनजति साना घरहरू बनिसकेका रहेछन् । पछि बुझ्दा हाम्रो मावलीमा पनि यस्ता घरजग्गाको हेरचाह गर्ने मान्छे पहिलेजस्तो नपाइने भएकाले बिस्तारै यस्ता टाढाका सम्पत्तिहरू बेचिँदै गएका रहेछन् ।

हालै विराटनगर महानगरमा परिणत भएको छ । स्थानीय निर्वाचनसँगै यो महानगरमा मेयर र अन्य पदाधिकारीले काम गर्न थालेपछि र महानगरले पाउनुपर्ने अतिरिक्त बजेट आउन थालेपछि यो शहरले काँचुली फेर्ने कुरामा कुनै शङ्का छैन । आज विराटनगरमा भारतीय सीमादेखि इटहरीसम्मको सडकलाई ६ लेनको बनाउने काम भइरहेको छ र केही वर्षमा यो सडकको निर्माण सम्पन्न भएर धरानसम्म नै चौँडा सडक बनेपश्चात् यो क्षेत्रको कायापलट पक्कै हुनेछ । यहाँ चक्रपथको निर्माणकार्य पनि भइरहेको छ । विराटनगरका भित्री भागहरूमा पनि चिल्ला सडक, व्यवस्थित ढल, सडक बत्ती र राम्रा घर बनाउने कामले तीब्रता पाएको महसुस भयो मलाई

हालैको लामो बसाइबाट । केही वर्षभित्रमा चार-पाँचओटा विशाल बजार खुल्ने भएका छन् भने तिनका पूर्वाधारहरू अहिले धमाधम ठडिँदैछन् । नजानिदो तवरले विराटनगर पूर्वाञ्चलको स्वास्थ्यको पनि केन्द्र बन्दै गएको छ । केही समयपहिलेसम्म यो कुराको सम्भावना धरानमा थियो भने वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण तथा स्वास्थ्य संस्थाभन्दा पनि राजनीतिको अखडा बन्दै गएपछि धरानलाई उछिनेर विराटनगर स्वास्थ्यको हब बन्दै गएको हो ।

धरान, इटहरी, इनरुवा, दुहबीजस्ता घना बस्तीका शहरहरूको सबैभन्दा नजिकको विमानस्थल पनि विराटनगरमा नै पर्छ र यसको पनि स्तरोन्नति गरेर क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा परिणत गर्न सके यो क्षेत्रको विकासका निम्ति यो एउटा कोसेढुंगा नै साबित हुने थियो । भारतको जोगवनी नाका पनि यहीँबाट नै जाने हो । कुनै समयमा यानि विक्रम संवत् १९८०-८५ सम्म पनि विराटनगरभन्दा यसको पूर्वमा अवस्थित रंगेली बढी चल्तीको ठाउँ रहेछ र विराटनगर एउटा सानो बस्ती मात्र रहेछ । पछि कृष्णप्रसाद कोइरालाले आफू पनि विराटनगरमा बसाइ सरेर यो शहरलाई बिस्तारै गुल्जार बनाउँदै लगेका रहेछन् भन्ने कुरा बुझिनमा आयो । ९० सालको महाभूकम्पको लगत्तै १९९३ मा प्रधानमन्त्री जुद्धशमशेरको पालामा विराटनगर जुट मिलको स्थापना भयो । यो धेरैपछिसम्म पनि नेपालको ठूलो उद्योगमध्ये पर्दथ्यो । २००४ सालमा यो मिलका मजदुरहरूले विभिन्न मागसहित हडताल गरे । सो हडतालको नेतृत्व गिरिजाप्रसाद कोइरालाले गरेका थिए भने अन्य मजदुरसँगै तारिणीप्रसाद कोइराला र मनमोहन अधिकारी पनि हडतालमा सक्रिय थिए । पछि सो हडताललाई नेपाली काङ्ग्रेस पार्टीले समर्थन गरेर राणा शासनको विरोधको सुरुआत त्यहीँबाट गऱ्यो ।

पटुवा (सनपाट) यानि जुटको खेती नेपालको पूर्वीमधेशदेखि सिमाना जोडिएका भारतीय भूभाग र बङ्गलादेशसम्म हुन्छ । यसबाट बोरादेखि डोरीसम्म र अन्य धेरै सामान बनाउन सकिन्छ । प्लास्टिक र नाइलनका बोरा र डोरीहरू बन्नुभन्दा पहिलेसम्म जुटको महत्त्व निकै नै थियो । नेपाल र बङ्गलादेशको निर्यातमा जुटले अति नै विशेषस्थान ओगट्ने गरेको थियो । तर आज आएर पटुवाको खेती निकै घटिसकेको छ, किनकि यसको उपयोग दिनानुदिन घट्दो छ । हामी सिर्फ बोरा र डोरी बनाएर बसेकाले नेपालमा यसको खेती निकै घट्यो भने बङ्गलादेशमा त्यहाँका उद्यमीहरूले जुटका नयाँ-नयाँ सामानहरू उत्पादन गर्न थालेकाले यसको खेती अझै पनि त्यहाँ

राम्रै भइरहेको छ । बङ्गलादेशमा जुटको कार्पेटको उत्पादन निकै नै हुन्छ र यो निकै आकर्षक र ऊनको कार्पेटको दाँजोमा सस्तो पनि भएकाले विश्वभरि ठूलो मात्रामा निर्यातसमेत हुन्छ । बङ्गलादेश नेपालजत्रो क्षेत्रफल भएको मुलुक भए पनि जनसङ्ख्याको हिसाबले विश्वमै अति घना जनसङ्ख्या भएको मुलुक भएकोले कुनै बेला संयुक्त राष्ट्र सङ्घ र विकसित मुलुकहरूले पनि यो मुलुक सधैँ गरिब नै रहने र यहाँ जति रकमको सहयोग पठाए पनि बालुवामा पानी हालेजस्तो मात्र हुने तर्क गर्दथे । तर यो मुलुकले आफ्ना मौलिक उत्पादनहरूलाई नयाँरूपमा प्रस्तुत गरेर, अनि लघु, साना तथा मझौला व्यवसायहरूलाई विशेष प्रकारले प्रोत्साहन दिएकोले आज यो देशले त्यति ठूलो जनसङ्ख्यालाई पनि आफ्नो आधारभूत आवश्यकता पूरा गर्न सक्नेस्तरमा पुर्‍याएको छ र आज ऊ एउटा सफल राष्ट्रका रूपमा उभिन सक्षम भएको छ । नेपालमा पनि आफ्नो पहिचानसहितको पुरानो वस्तु - जुट लोप हुन लागेको अवस्थामा सरकारले प्लास्टिक र नाइलनका बोराहरू वर्जित गरेर भए पनि यसलाई प्रोत्साहन दिनुपर्ने हो । विक्रम संवत् २०७१ देखि पूरै बन्द भएको नेपालको पहिलो अग्रणी उद्योग विराटनगर जुट मिल फेरि खुलेको छ, जुन अति नै राम्रो कुरा हो । ६० बिगाहा क्षेत्रफलमा आफ्नै विद्युत् उत्पादन सुविधासमेत भएको यस उद्योगलाई चाहिने विद्युत्को माग निकै धेरै भएको तर विद्युत् प्राधिकरणको विद्युत्को आपूर्ति अनियमित र कम भएको, मजदुर हडताल र व्यवस्थापन साझेदारसँगको खटपट अधिक भइरहने भएकाले बन्द भएको यो पुरानो मिल पुनः सञ्चालनमा आएपछि जुटका सामानको उत्पादन पनि बढ्ने र सयौँ मजदुरहरूले रोजगारीसमेत पाउने भएका छन् ।

वीरगञ्ज फलामको ताप्के, कराही तथा अन्य भाँडाकुडा र भन्टाको तरकारीका निम्ति प्रख्यात थियो कुनै बेला । त्यहाँ पनि हाम्री माताको एकजना नजिककी दिदी र उहाँका परिवार अझै पनि बसोबास गर्छन् र हामी त्यहीँ पाहुना लागेका थियौँ सानो छँदाको भ्रमणमा । हेटौँडामा औद्योगिक क्षेत्रको स्थापना विक्रम संवत् २०२० तिर भएकोले त्यहाँ विभिन्न किसिमका साना तथा मझौला उद्योग खासगरी काठ तथा कृषिजन्य वस्तुसँग सम्बन्धित उद्योगहरू सञ्चालित थिए । हाल त्यहाँ करिब पाँच दर्जन उद्योग सञ्चालनमा छन् । त्यतिबेलाका सरकारहरूले मुलुकमा औद्योगिक प्रवर्द्धन गर्नका निम्ति यस्ता औद्योगिक क्षेत्रहरू विभिन्न ठाउँमा खोलेका थिए र यिनलाई निरन्तरता त्यसपछिका सरकारहरूले समेत दिएका छन् । काठमाडौं उपत्यकाका तीनैवटा ठूला शहर काठमाडौं (बालाजु), पाटन र भक्तपुरमा यस्ता

औद्योगिक क्षेत्रहरू छन् । त्यस्तै धरान, हेटौँडा, पोखरा, बुटवल, वीरेन्द्रनगर, नेपालगञ्जजस्ता शहरमा औद्योगिक क्षेत्रहरू स्थापित छन् । ठाउँ तथा कच्चा पदार्थ र आवश्यक श्रमशक्तिको आधारमा मुलुकका विभिन्न ठाउँमा स्थापित यस्ता औद्योगिक क्षेत्रमा सोहीबमोजिमका वस्तुहरूको उत्पादन हुन्छ । हाल आएर विशेष आर्थिक क्षेत्र (स्पेसल इकोनोमिक जोन) का नाममा पनि यस्ता औद्योगिक ग्रामहरूको विकास हुन थालेको छ । सरकारले करिब दुई दशकअघिदेखि मुलुकका व्यापारिक हिसाबले महत्त्वपूर्ण विभिन्न सीमाक्षेत्रमा सुख्खा बन्दबन्दरगाहहरूको पनि विकास गर्न थालेको छ । यस्ता व्यवस्थित ठाउँहरू जहाँ वस्तु आयात र निर्यातका सबै खाले सुविधा हुन्छन् र जहाँको सम्पूर्ण तथ्याङ्क व्यवस्थित तवरले सम्बन्धित निकायसम्म इलेक्ट्रोनिक सूचना सञ्जालमार्फत प्रसार भइरहेको हुन्छ, त्यहाँ यस्ता निकायको व्यवस्थापन र उत्पादित वस्तु र व्यापारको अनुगमन गर्नसमेत सहज हुन जान्छ ।

त्यतिबेला होटलहरूमा बस्ने चलन खासै नभएको र निम्नकोटीका एकाध होटल तथा लज मात्र हुने भएकाले इस्टमित्रकहाँ पाहुना लाग्ने चलन निकै थियो । राजविराज र जनकपुरजस्ता शहरको स्थिति पनि यस्तै-यस्तै नै थियो । मनोरञ्जनका लागि एकाध सिनेमा हल, चियाचमेनाका लागि केही साना होटल यी शहरहरूमा थिए । स्थानीय परिकारको बाहुल्य । जोगवनी, रक्सौल, सुनौली, रूपैडियाजस्ता भारतीय सीमाका बजारहरूमा लत्ताकपडा किन्ने, सिनेमा हेर्ने, र रेलगाडी हेर्नेहरूको भीड देखिन्थ्यो । नेपालतिरका शहरभन्दा उताका निकै 'गुल्जार' थिए तर फोहर भने दुवैतर्फ बराबर ।

घरमा खाना पकाउन दाउरा र भूसे चुलो तथा लोताका स्टोभहरू नै प्रयोगमा थिए । स्थानीय कृषि उपज र कुटीर उद्योगका उत्पादनहरू नै धेरै प्रयोगमा थिए भने श्रृंगार-पटारका सामान भारतबाट व्यापारीहरूले ल्याएर बेच्थे । तराईका घरहरूमा सानाठूला भकारी तथा दैनिक आहारका लागि साना करेसाबारीहरू र केही चौपाया र हाँस-कुखुरा पालिएका हुन्थे । तेल, पीठो, मसलाहरू गाउँ-गाउँमा नै कुटेर तयार गरिन्थे । भन्नुको मतलब, त्यतिबेला हाम्रा गाउँघरहरू आजजस्तो खाद्य पदार्थमा त्यति परनिर्भर थिएनन् ।

सरकारी तथा केही निजी विद्यालय बिस्तारै खुल्दै आए भने केही कलेज शहरी इलाकामा खुलेका थिए । नेपालको पूर्वी भागमा शिक्षाको निकै पहुँच थियो, राजधानी छाडेर अन्य भागको दाँजोमा । तर राती पढ्न भने टुकीकै सहारा लिनुपर्थ्यो धेरै

ठाउँमा । मनोरञ्जनका साधनको कमी, बिजुलीको पहुँच सीमित ठाउँमा मात्र भएकाले र रात्रि जीवन भन्ने नै नभएकोले साँझ परुञ्ज्यालसम्म सबै घरका चुलामा खाना पाकिसकेका हुन्थे र रातले टेक्ने बेला त सुत्ने बेला नै भइसकेको हुन्थ्यो । रेडियो नेपाल, भारत, श्रीलङ्का र अन्य देशका रेडियो कार्यक्रमहरू ब्याट्रीवाला रेडियोमा सुन्दाको आनन्दै अर्कै हुन्थ्यो । भूतप्रेतका कथा तथा अन्य दन्त्य कथामा बालबच्चाहरू निकै रमाउँथे । उच्चअध्ययनका लागि केही विद्यार्थी काठमाडौंतिर लाग्थे भने धेरैजसोको भारतका विभिन्न शहरमा पढ्न जाने चलन थियो । माघ महिनाको स्वस्थानीको कथा, मलमासमा पढिने पुरुषोत्तम महात्म्य तथा एकाहा, सप्ताह, नवाह आदिका कथाहरूले निकै महत्त्व राख्थे ।

पोखरामा २०३२ सालतिर राष्ट्रिय विकास परिषद्को सम्मेलन हुँदा पिताजीसँग फेरि सपरिवार म पनि पोखरा जाने भएँ । नौबीसेदेखि पोखरासम्मको पृथ्वी राजमार्ग भर्खरैमात्र तयार भएको थियो । यो नयाँ राजमार्ग करिब-करिब रित्तो नै हुन्थ्यो, गाडीहरूको चाप कम भएकोले । त्यतिबेला नौबीसेबाट यो राजमार्गमा अगाडि बढेपछि यसको अन्त्य एकैचोटि पोखरामा गएर हुन्थ्यो र त्यहाँबाट अघि बढे सिद्धार्थ राजमार्ग हुँदै भैरहवासम्म पुग्न सकिन्थ्यो । त्यसैले यो राजमार्ग त्यतिबेला खासगरी काठमाडौंबाट पोखरा नै जानका निम्ति बनेको थियो भने बाटोमा पर्ने धेरै गाउँ-बस्तीका बासिन्दालाई पनि यो मार्गले निकै फाइदा पुऱ्याएको थियो । तर पछि बिस्तारै आँबु खैरेनीबाट गोरखा, मुग्लिङबाट नारायणघाट, डुम्रेबाट लमजुङ र गल्छीबाट त्रिशूली जाने सडकहरू यही राजमार्गलाई छोएर बनेकाले पृथ्वीराजमार्ग अति नै व्यस्त बाटो हुन थाल्यो । अब यो राजमार्गलाई चौँडा पार्ने वा यसो गर्न नसके नदीको अर्कोतर्फ यस्तै सडक बनाएर एकतर्फी गर्ने तथा ठाउँ-ठाउँमा पुल बनाएर दुई सडकलाई जोड्ने अनि अन्य यातायातका साधनजस्तै रेलमार्ग निर्माण गर्नेबाहेक अरू विकल्प छैन ।

मलाई याद छ, हामी पोखरा अलिक अबेला यानि करिब बेलुकी सात बजेतिर पुग्दा खाना खाने होटल, जो सीमित सङ्ख्यामा थिए, सबै बन्द भइसकेका थिए । एउटा बन्द हुन लागेको खाना खाने होटलमा अलिकति बचेको निस्तो डढेको भात र अन्डा खानुपरेको थियो । पोखराको जनसङ्ख्या निकै पातलो थियो भने त्यहाँ ब्रिटिश तथा भारतीय सेनामा काम गर्ने धेरै व्यक्तिका घर भएकाले उनीहरूले ल्याएका विदेशी सामानहरू जस्तै साडी, जुत्ता, घडी, ब्याग, आदि किन्न उनीहरूको घरमा धेरै मानिस

दिनहुँ जान्थे । हामी पनि गएका थियौँ । विदेशमा बस्ने भएकाले उनीहरूको ठाँट र फुर्तीफार्ती पनि निकै बढेको हुन्थ्यो र त्यहाँ जानेहरू पनि उनीहरूलाई ठूलै मान्छे ठान्थे । आज पनि विदेशमा बस्ने नेपाली भनेपछि उसले उता के काम गर्छ, उसको सोचाइको धरातल कति छ, केही नहेरी उसलाई निकै सम्मानका साथ हेरिने चलन छ, खैरो कपाल भएका विदेशीको त कुरै नगरौँ, सबै भगवान्‌जस्ता ! त्यतिबेला विदेशमा नोकरी गर्ने मान्छे निकै कम हुन्थे । भूपि शेरचनको नजिकको साइनो पर्ने एकजना महिलाले "भाउजुको होटल" भनेर बिन्दवासिनी मन्दिरनेर एउटा भोजन गृह खोलेकी थिइन् । त्यहाँ कोदोको रक्सी, सितन र खाना खान जानेको ठूलै भीड लाग्थ्यो । काठमाडौंको असनतिरको जस्तै पुराना नेवारी शैलीका घरहरू थिए त्यता । फेवाताल निकै सफा थियो तर आजको जस्तो घरैघर र होटलैहोटल भएको गुलजार लेकसाइड थिएन, तैपनि त्यतिबेलाका ती ठाउँहरू आफ्नै किसिमले मनमोहक थिए ।

काठमाडौंकै कुरा गर्दा पनि राजधानीको धेरैजसो जमिन जुनमा अहिले घर बनेका छन्, त्यतिबेला हराभरा खेत र तरकारीबारी थियो । सफा बाग्मती, मनहरा, विष्णुमती, धोबीखोला तथा तुलनात्मकरूपले केही फोहर टुकुचासहित अन्य साना खोलाहरूमा निकै पानी बग्ने गर्थ्यो । गाडीको चाप पनि त्यतिबेला नगण्य हुने भएकोले हालको नयाँसडकसमेत खाली-खाली हुन्थ्यो । केही नयाँ ढाँचाका रेस्टुरेन्ट नयाँसडक र रत्नपार्कमा खुलेका थिए भने आजको ठमेल स्याल कराउने एकान्त ठाउँ थियो । पर्यटकहरू त्यतिबेला हनुमान ढोका र यसको नजिकको झोँछेतिर केन्द्रित हुन्थे । हिप्पीहरू, लामा-लामा कपाल, खुइलिएको जिन्सको पाइन्ट र नाङ्गा खुट्टा तथा काँधमा एउटा झोला र जोगीका जस्ता टीका अनि सधैँ गाँजा खाएका जस्ता ! खिचापोखरीमा हाम्रो मामाघर, सँगै यी पर्यटकहरूलाई भाँडामा दिन राखेका मोटरसाइकल र साइकलहरू । लगेपछि फर्काउने हुन् या होइनन् भन्ने चिन्ता व्यवसायीहरूलाई ! स्वयम्भूको पछाडि तथा अन्य अनकन्टार ठाउँका झाडीमा मोटरसाइकल फ्याँकेर उनीहरू बेपत्ता भएका कुरा पनि त्यहाँ सुनिन्थे । यिनले युरोप र अमेरिकादेखि चढेर आएका बसहरू काठमाडौंका सडकमा आजसम्म पनि यात्रुहरू बोकेर दौडिरहेका नै छन् ।

घण्टाघरको घडीको मधुर साङ्गीतिक ध्वनि त्यतिबेला टाढा-टाढासम्म प्रष्ट सुनिन्थ्यो । त्यतिबेला सायद नेपालकै सबैभन्दा फराकिलो सडकखण्ड काठमाडौंको दरबारमार्ग नै थियो होला । राजदरबारसामुन्नेको यो सडक, जसको दुवैतर्फ विभिन्न विदेशी

वायुसेवा तथा ट्राभल एजेन्सीका कार्यालय हुन्थे, निकै भव्य तथा सफा थियो । आज आएर यो दरबारमार्ग पनि भीडभाड र कोलाहलमा बदलिएको छ तर यसको वैभव कायम नै छ, किनकि यहाँ विदेशी ब्रान्डका लत्ता-कपडाका पसल, रेस्टुरेन्ट र पाँचतारे होटलहरूको लस्कर नै छ ।

प्रदर्शनीमार्गस्थित प्रदर्शनीस्थलमा रमाइलो मेलालगायत अन्य प्रदर्शनी तथा चाडबाडका समयमा सस्ता बजारसमेत लाग्थे । २०३१ सालमा सम्पन्न राजा वीरेन्द्रको शुभराज्याभिषेक समारोहमा टुँडिखेललगायत काठमाडौंका मुख्य सडक र हनुमान ढोकातिरका गल्लीहरू निकै झकिझकाउ पारिएका थिए । राजधानी शहर भएकोले होला काठमाडौं त्यतिबेला पनि शिक्षा र स्वास्थ्यको केन्द्र नै थियो र अझै पनि छ ।

त्रिभुवन विमानस्थल त्यतिबेला निकै सानो थियो तर जेट विमान उडान तथा अवतरण गर्नेस्तरकै थियो । विमानस्थलको सुरक्षा व्यवस्था निकै फितलो थियो । त्यतिबेलासम्म नेपाल निकै शान्त देशमा गनिन्थ्यो । कतिपटक पिताजीलाई विमानस्थलमा लिन उहाँका चालकसँग गएको बेला पर्खनेक्रममा कहिलेकाहीँ म हालको आन्तरिक टर्मिनलसँगै रहेको ह्याङ्गरसम्म गएर मर्मतका लागि राखिएको "यती" नामक बोइङ ७२७ जेट विमानको भित्रसम्म पनि विनारोकटोक गएको छु । तर २०३१ सालमा जब नेपाल राष्ट्र बैंकको ३० लाख रुपैयाँसहित हालको नेपाल एयरलाइन्सको ट्विन ओटर विमान विराटनगरबाट अपहरण गरेर नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले भारतको फरवेशगञ्ज पुऱ्याए, त्यसपछि भने सबै विमानस्थलको सुरक्षा व्यवस्थामा कडाइ गर्न थालियो ।

त्यतिबेलासम्म काठमाडौंमा गर्मीमा हल्का गर्मी र जाडोमा कठ्याङ्ग्रिने जाडो हुन्थ्यो । जाडो मौसममा बिहानभर कुहिरोले ढाक्थ्यो र चौरहरूमा शीतले सेतै तुसारो छाडेको हुन्थ्यो । शीत परेर ढाकिएका काउलीको स्वादै अर्कै खालको मीठो हुन्थ्यो । माघमा झरी परेपछि काठमाडौंका चारैतिरका डाँडा केही दिनका लागि हिउँले सेताम्मे हुने गर्थे । वर्षामा बाग्मती, विष्णुमतीलगायत काठमाडौंका साना-साना खोलाहरूमा समेत ठूलै भेल आउने गर्थ्यो । चारैतिर हरिया डाँडा भएको र उत्तरतिर डाँडाको पछिल्लोपट्टि गगनचुम्बी हिमालका चुचुराहरू देखिने सफा वायुमण्डलीय काठमाडौं त्यतिबेला अति नै सुन्दर र मनमोहक थियो भने विश्वका कुनाकाप्चाबाट आउने कैयन् पर्यटक त यहाँ अवतरण गर्नेबित्तिकै विमानस्थलको भुइँ नै चुमेर खुशीले गद्गद् हुन्थे ।

दक्षिणकाली, साँखु, सूर्यविनायक, गोदावरी, बूढानीलकण्ठ, गोकर्ण, सुन्दरीजल, धुलिखेल तथा यस्तै काठमाडौंबाट नजिकका धार्मिक तथा रमणीयस्थलहरूमा त्यतिबेला वनभोज गर्न जानेको ठूलै लर्को लाग्थ्यो, त्यो पनि खासगरी जाडोयाममा । यी स्थलहरू अहिलेभन्दा निकै सफा र शान्त थिए ।

एकपटक विक्रम संवत् २०५३ तिर म फेरि पहिलेकै ठाउँहरूको भ्रमणमा निस्केको थिएँ । त्यतिबेला म त्रिभुवन राजपथबाट नभई नौबीसे-मुग्लिङ-नारायणगढ हुँदै पूर्वतिर लागेको थिएँ । माताजीको केही महिनापहिले स्वर्गारोहण भएकाले बिरक्तिएर म घुम्न निस्किएको थिएँ । त्यतिबेला मेरो सम्पादकत्वमा एउटा अङ्ग्रेजी पत्रिका "द माइलस्टोन" प्रकाशनमा थियो । त्यसका लागि सामग्रीसमेत खोज्ने उद्देश्यको त्यो भ्रमणमा म विभिन्न नगरपालिका तथा त्यहाँका मेयरसँग भेट्न पनि निस्केको थिएँ । जनआन्दोलनपश्चात्को प्रजातान्त्रिक माहौलमा केन्द्रीय सरकारमा निकै भाँडभैलोको स्थिति थियो । तर धेरैजसा स्थानीय निकायले भने उदाहरणीय कार्यहरू गरेका थिए । हेटौँडा, धरान, भरतपुर, पोखरा, भैरहवा, बुटवल, नेपालगञ्ज, आदि नगरपालिकाहरूले विकास सम्बन्धी धेरै राम्रा कार्य गरेका थिए । नगर सफाइ, सडक तथा ढल निर्माण, व्यवस्थित शहरीकरण तथा हरियाली कायम गर्न यिनले ठूलो काम गरेका थिए । लाग्थ्यो, केन्द्रीय सरकारले स्थानीय विकास-निर्माण योजनाहरूको मूल्याङ्कन गरिदिने, आवश्यक रकम जुटाइदिने, प्राविधिक सहयोग पुऱ्याइदिने, र विकास-निर्माण कार्यको अनुगमन गरिदिनेमात्र गरेर बाँकी काम स्थानीय सरकारलाई नै गर्न दिने गरे देशले कति छिटो फड्को मार्थ्यो होला ! तर अफशोच ! त्यतिबेलाका पार्टीहरूबीचको खिचातानी, झगडा तथा पार्टीहरूभित्र नै टुट्नेफुट्ने प्रवृत्तिले गर्दा निर्वाचित स्थानीय निकायहरू धेरै समयसम्म टिक्न पाएनन् र लामो समयसम्म निर्वाचित प्रतिनिधिविहीन नै भएर बस्न बाध्य भए । आज आएर फेरि स्थानीय निर्वाचन सम्पन्न भएको छ र दशकौँपछि स्थानीय तहमा जनप्रतिनिधिहरूले काम गर्न थालेका छन् । आजको हाम्रो देशको संविधानअनुसार स्थानीय सरकारबाहेक प्रान्तीय सरकार र राष्ट्रिय सरकार गरी तीनओटा तहमा बसेर जनप्रतिनिधिहरूले काम गरिरहेका छन् ।

त्यतिबेला काठमाडौंबाट भरतपुर पुगेर मैले केही नगरपालिकाको अध्ययन भ्रमण सुरु गरेँ । केहीवर्ष पहिलासम्म एकाध पक्की घर भएको यो शहरमा त्यतिबेला निकै धेरै घर बनिसकेका थिए । चितवन राष्ट्रिय निकुञ्ज पनि त्यहीँबाट जाने भएकोले यो ट्रान्जिट प्वाइन्टजस्तो पनि भएको थियो । स्तरीय होटलहरू धमाधम खुल्दै थिए,

रेस्टुरेन्टहरू पनि । नगर विकास योजनाअन्तर्गत व्यवस्थित घडेरीहरू पनि विकास हुँदै थिए । सडकका दुवैतिर हरियाली ल्याउने कामहरू, आदि, इत्यादि । मेयरसँग उनकै कार्यकक्षमा भेट भयो । अनेकन् नयाँ योजना सुरु गर्न लागेको जानकारी । निकै उत्साह । हेटौँडामा त्यस्तै उत्साह र उमङ्ग । नगर सफाइमा विशेष ध्यान । सडक बत्तीहरूको जडान धमाधम भइरहेको, सडकका छेउछाउमा अशोकका वृक्षहरू रोपिँदै । सडकहरू चौँडा पार्न र कालोपत्रे गर्न उपभोक्ता र नगरपालिकाहरूबीच साझेदारीको सुरुआत हेटौँडाका तत्कालीन मेयर डोरमणि पौडेलले गरेका थिए । उनको कार्यकालमा हेटौँडा नगरपालिकाले निकै धेरै काम गरेको थियो भने यो नगरका राम्रा कामहरूको अवलम्बन अन्य नगरले पनि गरेका थिए । आज आएर तिनै डोरमणि प्रदेश नम्बर ३ का मुख्यमन्त्रीमा चयन भएका छन् र उनको कार्यकालमा यो क्षेत्रको चौतर्फी विकास हुने कुरामा ठूलै जनसमुदाय विश्वस्त छ ।

हेटौँडालाई ३ नम्बर प्रदेशको अस्थायी राजधानी बनाइएलगत्तै त्यहाँको चहलपहल ह्वात्तै बढेको छ । आधारभूत पूर्वाधार तयार भइसकेको यो शहरको वरिपरि भविष्यमा फैलिन सक्ने प्रशस्त जमिन उपलब्ध छ । त्यस्तै यहाँ पानीको पनि दुख छैन । योजनामा परेको निजगढ विमानस्थलसमेत हेटौँडाबाट नजिक पर्छ भने भारतसँगको सबैभन्दा ठूलो भन्सार नाका भएको शहर वीरगञ्ज पनि ज्यादै नजिक पर्छ । मुलुकका अन्य प्रदेश तथा प्रमुख व्यापारिक शहरसम्म आउजाउ गर्न हेटौँडा निकै पायक पर्ने ठाउँमा अवस्थित छ । यी सबै तथ्यले यो शहरलाई भविष्यमा नेपालको राजधानी बन्ने सौभाग्य प्राप्त छ । त्यसैले सरकार तथा सरोकारवालाहरूले अहिलेदेखि नै नेपालको राजधानी क्रमिकरूपमा हेटौँडामा सार्ने र बरु ३ नम्बर प्रदेशको राजधानी काठमाडौँलाई बनाउनेतिर गहन सोच राख्नु जरुरी छ । काठमाडौँमा हाल भएका सरकारी संरचनाहरूमा प्रदेशका कार्यालय सारेर प्रदेशको राजधानी मात्र बनाउन सकेमा यो शहरको वास्तवमा नै ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय केन्द्रको रूपमा विकास हुने थियो र यहाँको जनसङ्ख्या तथा वातावरणमा पनि केही मात्रामा सुधार आउने थियो ।

हेटौँडाको अवलोकनपश्चात् म वीरगञ्जतिर लागेँ । त्यहाँ पनि त्यस्तै प्रकारको विकास कार्य त्यतिबेला । भारतीयहरूलाई लक्षित गरेर खोलिएका विदेशी सामानका पसलका लस्कर । भन्सार नाकादेखि शहरको बाहिरी भागबाट बाइपास सडक बनाउने तामझाम । यी सबै शहरमा डिस एन्टेना राखी देशीविदेशी टीभी च्यानल हेर्ने

व्यवस्था । सबै नगरपालिकाका आआफ्नै वास्नयन्त्रहरू । यो सबै देखेर देशमा केही हुँदै रहेछ भन्ने मैले ठहर गर्न सकेँ । यी सबै कामका लागि आवश्यक जनशक्ति र विकासको प्रतिफलको उपभोग गर्न शहरी जनसङ्ख्याको वृद्धि हुँदै गएको महसुस हुन्थ्यो ।

जनसङ्ख्याको वृद्धिसँगसँगै बस्ने, खाने, पढ्ने, औषधोपचार गर्ने, मनोरञ्जन, पानी, बिजुली, यातायात, बजार, आदि सबै कुराको बन्दोबस्त हुँदै जान्छ । यसरी नै शहरीकरणको क्रम अघि बढ्ने हो । तर यसलाई व्यवस्थितरूपमा कसरी अघि बढाउन सकिन्छ भनेर नियमितरूपमा सोच्ने, योजना बनाउने र कार्यान्वयन गर्ने काम भने केन्द्रबाट भन्दा पनि स्थानीय निकायको मातहतमा गर्न सक्यो भने अझ बढी प्रभावकारी हुन सक्छ । जुन कुरा तत्कालीन निर्वाचित स्थानीय निकायहरूको कार्यबाट पनि साबित भएको थियो । हामीले शहरमा मात्र नहेरेर गाउँस्तरीय निकायहरूको त्यो बेलाको विकास निर्माण कार्यको अध्ययन गऱ्यौं भने त्यसबाट पनि हामी यो कुरालाई प्रमाणित गर्न सक्छौँ । अब प्रान्तहरूले पनि आआफ्ना इलाकाको विकास योजना आफैँ बनाउँदै कार्यान्वयन गर्दै जानुपर्छ ।

अध्ययनकै क्रममा जनकपुर र राजविराजजस्ता पुराना शहरहरू घुम्दा भने खासै नबदलिएको महसुस भयो । जनकपुरलाई त पर्यटनकै हिसाबले पनि अति नै महत्त्वपूर्ण गन्तव्यको रूपमा विकास गर्न अझै पनि केले रोकेको छ थाहा हुन सकेको छैन । यो शहर मैथिल साहित्य र कलाको पनि केन्द्र नै हो । त्यस्तै विराटनगरजस्तो पुरानो शहर, जुन त्यतिबेलादेखि नै मुलुकको दोस्रो ठूलो शहरमा गनिन्थ्यो, जहाँबाट राणा शासनको अन्त्यको मुख्य बिगुल फुकियो, र जुन शहर मुलुकको सबैभन्दा ठूलो औद्योगिक शहरको रूपमा पहिलेदेखि नै परिचित थियो, त्यहाँ पनि विकास निर्माणको खासै चासो वा संकेत देखिएन, सिवाय एकाध नयाँ होटल र रेस्टुरेन्ट, तथा केही यातायातका साधनमा आएको वृद्धि । तर जब म इटहरी र धरान गएँ, त्यहाँ भने निकै परिवर्तन पाएँ । पहिलेको सानो बस स्टपजस्तो बस्ती भएको इटहरीले नगरको रूप लिइसकेको रहेछ र यो त्यस भेगका पहाडबाट झर्ने धेरैको नयाँ घर तथा व्यवसायिक केन्द्रको रूपमा विकास हुँदै रहेछ । तरहरा कृषि केन्द्र, जहाँ धान तथा माछाको अनुसन्धान गर्ने काम अझसम्म पनि हुन्छ, त्यसको बाहिरतिर पनि आबादी बढ्नेक्रम सुरु भइसकेको रहेछ । खासगरी विगत एक दशकजतिमा विराटनगर, दुहवी, खनार र इटहरी करिब-करिब जोडिएको जस्तो नै भइसक्यो । चारकोसे झाडीले गर्दा

धरान यी शहरहरूभन्दा अलिक अलग छ । तर चारकोसे झाडी पनि चारैतिरबाट मिचिँदै गइरहेको छ । यो फँडानी नरोक्ने हो भने यो भेगले ठूलै वातावरणीय समस्या झेल्नुपर्ने हुन्छ छिटै । यी वन-जङ्गलहरू यस भेगका गहना नै भएकाले जसरी भए पनि यहाँका बासिन्दाहरूले यिनको संरक्षण गर्नैपर्छ । आज मुलुकका विभिन्न ठाउँमा रेल, सडक, जलविद्युत् तथा अन्य पूर्वाधार निर्माण गर्नका निम्ति हजारौँ रूख कटान गर्नुपर्ने स्थिति छ, तर यदि हामीले विकासका नाममा यी रूखपातहरू कटान मात्र गर्‍यौँ भने मुलुकमा छिटै भयानक विनाशको सुरूआत हुन थाल्दछ । त्यसैले विकासका नाममा जति यस्ता रूखहरू कटान गर्नुपर्ने हुन्छ त्यसको दोब्बर वा अझ तेब्बर बढी सङ्ख्यामा हामीले बाँझा जमिनहरूमा वृक्षरोपण गर्नैपर्छ र ती रोपिएका बिरूवाहरूलाई नहुर्कुञ्ज्यालसम्म हेरचाह गर्नैपर्छ ।

कोसीटप्पु क्षेत्रकै कुरा गरौँ । विशाल कोसी नदी, यसमा बनेका मनमोहक टप्पुहरू र वरिपरीका जङ्गल र ठूला घाँस अनि सिमसार जमिनहरूले गर्दा यो क्षेत्र कति मनमोहक र जङ्गली जनावर र चराचुरूङ्गीहरूको प्रियस्थान बनेको छ । यस क्षेत्रको यस्तै विशेषता भएकोले २०३३ सालतिरै यहाँ कोसीटप्पु वन्यजन्तु आरक्षको स्थापना गरिएको थियो । करिब १७५ वर्ग किलोमिटरमा फैलिएको यो आरक्ष क्षेत्रभित्र ५०० भन्दा बढी किसिमका बोटबिरूवा पाइन्छन् भने जनावरमा जङ्गली भैँसी (अर्ना), हात्ती, जरायो, बँदेल, स्याल, आदि भेटिन्छन् । माछाका पनि करिब २०० जात यहाँ पाइन्छन् । गङ्गा नदीमा पाइने एक प्रकारको डोल्फिन पनि यहाँ यदाकदा देखिन्छन् । विभिन्न प्रकारका छेपारा, भ्यागुता, कछुवा, सर्प, घडियाल र गोहीको वासस्थान पनि हो यो आरक्ष । चराका त कुरै नगरौँ ! करिब ४८५ थरीका चराको वासस्थान हो यो क्षेत्र । खासगरी असोजदेखि चैत्रसम्म चराहरू विभिन्न ठाउँबाट बसाइँ सर्दै कोसीटप्पु क्षेत्रमा बस्न आउँछन् । यसरी बसाइँ सर्नेक्रममा चराहरू साइबेरिया र चीनदेखि पनि यता आउने गर्छन् । करिब एक दशकअघिसम्म काठमाडौंको नारायणहिटी दरबार र केशरमहलमा अवस्थित रूखहरूमा समेत यस्ता चरा टाढा-टाढादेखि बसाइँ सर्दै आउनेजाने गर्थे । तर आजकलको कोलाहलको वातावरण र ती क्षेत्रका रूखहरू कटान र ठूला भवनहरू बन्नेक्रम बढेपछि यस्ता चराहरू आजकल देखिन छाडेका छन् । काठमाडौंको नागार्जुन, फर्पिङको टौदह आदिमा भने अझै पनि विभिन्न प्रकारका चरा आएर महिनौँ बस्ने, गुँड बनाउने तथा बच्चा कोरल्ने-हुर्काउने काम सकेर चैतपछि बिस्तारै फेरि उत्तरतिर फर्कने गर्छन् । यस दौरान कैयन् चरा अन्य

चरा, जनावर र मान्छेको शिकारसमेत हुन्छन् । कोसीटप्पुमा खासगरी बकुल्ला, जुरेली, ढुकुर, जलेवा, लाटोकोसेरो, विभिन्न थरीका चील, सुनचरी, गरूड, गौँथली, आदि पाइन्छन् । यसरी हिउँदमा उत्तरबाट नेपाल आएका चराहरू उतै फर्कनेबित्तिकै ग्रीष्म ऋतुमा दक्षिण र दक्षिणपूर्वबाट चराहरू आएर नेपालका विभिन्न ठाउँमा बसी गुँड बनाउने, बच्चा हुर्काउने र तीन-चार महिनाको बसाइपश्चात् दक्षिणतिर नै फर्कने गर्छन् । आकाशमा उड्ने यी पंछीहरूलाई नेपाल मन पर्नुको कारण यहाँको मौसम, हरियाली र खोला-नाला अनि मिल्दोजुल्दो खाना पनि होला !

पछिल्लो समयमा नेपालका केही ठाउँहरूमा चराचुरूङ्गी तथा जङ्गली जनावरहरूका हितका लागि यिनीसँग सम्बन्धित अनुसन्धान र संरक्षणका केन्द्रहरू पनि स्थापित हुँदै गएका छन् । नवलपरासीमा केही वर्षअघि गिद्द र चिलहरूलाई लक्षित गरेर उनीहरूको निम्ति एउटा तथाकथित रेस्टुरेन्ट खोलिएको थियो । जहाँ विभिन्न व्यक्तिहरूले आफ्ना घरखेतमा मरेका चौपायाहरू लगेर जिम्मा लगाएपछि चिल र गिद्द आई त्यहाँ खाने गर्दथे । रेस्टुरेन्टमा दर्शकहरूका लागि छुट्टै कक्ष बनाइएको थियो । जहाँबाट उनीहरू आफ्ना खानाको पनि स्वाद लिँदै चिल र गिद्दले सिनो खाएको हेर्न सक्दथे भने ती चराहरूले अरूले आफूहरूलाई हेरेको चाल पाउदैनथे । त्यस्तै हालै मात्र सुन्नमा आएअनुसार चितवनको सौराहामा वन्यजन्तुहरूको उपचारका निम्ति एउटा अस्पताल नै निर्माणाधीन छ रे ! अमेरिकाको डेन्भरस्थित कुनै वन्यजन्तु संरक्षण कोष र विश्व वन्यजन्तु कोषले नेपाल सरकारसँगको सहकार्यमा करिब तीन करोड रूपैयाँमा यो अस्पताल बनाउन लागेका रहेछन् । यस्तै हात्ती प्रजनन केन्द्र, गोही फार्महरू, डोल्फिन फार्म तथा माछाका अनुसन्धान केन्द्रहरू पनि मुलुकका विभिन्न ठाउँमा स्थापित भएका छन् ।

५०-६० प्रजातिका चरा दक्षिण एसियाका भारत, श्रीलङ्कादेखि लिएर दक्षिणपूर्वी एसियाका मलेसिया, थाइल्यान्ड र म्यानमारसम्मबाट यहाँका विभिन्न ठाउँ जस्तै बर्दिया, लुम्बिनी, चितवन, आदिमा आउँछन् । बढ्दो जल तथा वायु प्रदूषण, वनजङ्गल कटान तथा योजनाविनाका विकास निर्माण र मानव बसाइसराइले गर्दा चराहरूको चहलपहल पनि बिस्तारै घट्दै गएको छ । यो राम्रो लक्षण भने पक्कै होइन । हामीले नेपाललाई अहिलेको भन्दा राम्रो बनाउन नसके पनि योभन्दा बिग्रनचाहिँ दिनुभएन र यस्ता निरीह र मेहनती चराहरूको सिकार गरेर खाने वा यिनलाई पिँजडामा थुनेर राख्ने तथा यिनका वासस्थान र क्रीडास्थलहरू नष्ट गर्ने

कामसमेत रोक्नु अति जरूरी भएको छ ।

नेपालमा वन्यजन्तु, चरा-चुरूङ्गी, तथा वनस्पतिको संरक्षणका निम्ति राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, र संरक्षण क्षेत्रहरू स्थापना भएका छन् । चितवन, बर्दिया, सगरमाथा, शे फोक्सुण्डो, रारा, खप्तड, लाङ्टाङ्, शिवपुरी, बाँके, र मकालु-वरूण राष्ट्रिय निकुञ्जहरू, कोसी टप्पु, शुक्लाफाँटा, ढोरपाटन, र पर्सा वन्यजन्तु आरक्षहरू तथा अन्नपूर्ण, गौरीशंकर, कञ्चनजङ्घा, अपिनम्वा, मनास्लु र कृष्णसार संरक्षण क्षेत्रहरू मुलुकका विभिन्नस्थानमा अवस्थित छन् । यी क्षेत्रहरूमा विभिन्न लोपोन्मुख जीवजन्तु र वनस्पति तथा प्राकृतिक सम्पदाहरूको संरक्षण गरिएको छ भने यी क्षेत्रहरू पर्यटनका हिसाबले मात्र नभई विभिन्न विधामा अध्ययनरत विद्यार्थी तथा शोधकर्ताहरूको अनुसन्धान केन्द्र पनि बनेका छन् ।

नेपालमा सिमसारहरू पनि विभिन्नस्थानमा अवस्थित छन् । नेपालमा जलाशय, ताल, पोखरी, नदी, खोला, नाला, धाप, आदि केही प्रकारका सिमसार छन् र तीमध्ये कति त सुक्दै पनि गइसके र बस्तीमा परिणत पनि भइसके । नेपालमा पनि सिमसार नीति २०६९ सालमा आएर तर्जुमा भएको छ । सिमसारको सही उपयोग र संरक्षण गर्न सकेमा तालहरू पुरिँदै जाने समस्याबाट जोगाउनका साथै विभिन्न जैविक विविधताको समेत संरक्षण गर्न सकिन्छ । सिमसार पनि पर्यटक आकर्षण गर्ने प्रमुख थलो बन्न सक्छ । नेपालमा केही समयअघिदेखि बन्न सुरु भएको सामुदायिक वन संरक्षण कार्यले अझसम्म बच्न सकेका सिमसार क्षेत्रको समेत संरक्षण हुँदै आएको छ । मुलुकका विभिन्न ठाउँमा भएका सिमसार संरक्षणका प्रयासले गर्दा यी क्षेत्रहरू आन्तरिक पर्यटन र वनभोजका प्रमुख केन्द्रका रूपमा पनि विकास हुँदै गइरहेका छन् ।

धरान नगरपालिका, जुन पूर्वको अधिकांश संस्कृतिको एउटा जिउँदो सङ्ग्रहालय हो, त्यसको विकासमा त्यसबेलाको स्थानीय सरकारले निकै काम गर्दै गरेको महसुस भयो । व्यवस्थित शहरीकरणका लागि अथक प्रयास, सडक र ढलको ठूलो सञ्जाल टोल-टोलमा निर्माणाधीन अवस्थामा देख्न पाइयो । २०४५ सालमा गएको भूकम्पले गर्दा धेरै घर तथा संरचना भत्किएका थिए धरानमा । त्यस्तै हालत थियो भक्तपुरको । काठका घरहरूको बाहुल्य भएको धरानमा भूकम्पपश्चात् बिस्तारै नयाँ पक्की घरहरू बन्न थाले । एउटा रमाइलो पक्ष मैले के पनि देखेँ धरानमा भने, खासगरी अलिक

ठूलो जग्गा हुने व्यक्तिहरूले आफ्नो पुरानो काठको घर पनि यथावत् राखेर नयाँ घर बनाउँदा रहेछन् । यसरी नयाँ परिवेशमा धरानको पुरानो रहनसहन र कलाकृति पनि जोगिइरहने जुक्ति पनि गर्दै रैछन् धरानेले ! त्यतिबेला आजभन्दा पनि सङ्गीत, कला, र साहित्यको क्षेत्रमा धरान सशक्त थियो । आज धरानमा जहाँतहीँ आधुनिक घरहरू देखिन्छन् भने सार्वजनिक र निजी सवारी साधनको अधिक चापले गर्दा भने यहाँका प्रमुख सडकहरू दिउँसोको समयमा सधैं सवारी साधनहरूले खचाखच हुन्छन् । यहाँको पुरानो बजारले पनि काँचुली फेर्दैछ । काठमाडौंमा थोरै जग्गा सडकमा पर्ला भनेर मानिसहरू अदालत धाएर सडक विस्तार कार्य रोक्नतिर लाग्छन् भने धरानको पुरानो बजारका बासिन्दाले सडक चौँडा हुन्छ भने हामी चाहिनेजति जग्गा र घरको हिस्सा दिन तयार छौँ भनेर उदारताको नमुना प्रस्तुत गरिरहेका छन् ।

धरान बिस्तारै पूर्वाञ्चलमा शिक्षाको केन्द्र बन्दै गइरहेको छ । वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पनि यहीँ अवस्थित भएकोले पनि यो स्वास्थ्य र शिक्षाको समेत केन्द्रबिन्दु भएको छ यो भेगमा । राम्रा-राम्रा विद्यालय, कलेज र होस्टेलहरूको उचित व्यवस्था भएकोले पहिले-पहिले दार्जिलिङ्गतिर पढाउनका निम्ति नानीहरू लिएर उता जाने मान्छेहरू पनि आजकल धरानमा आउन थालेका छन् ।

इलाम, धनकुटा, भोजपुर, वसन्तपुर, म्याङलुङ, चैनपुर, सिन्धुली, चरिकोट, रामेछाप, ओखलढुङ्गा, गोरखा, पाल्पा, बाग्लुङ, आदि पहाडी बस्तीहरूले पनि आज आधुनिकतालाई अँगालेर आफ्नो मौलिकता गुमाउँदै गएका छन् । तर हालैको मेरो इलाम, धनकुटा, पाल्पा, बाग्लुङ आदिको भ्रमणबाट ती पहाडी शहरहरूमा पुराना घरहरू र पुरातात्विक महत्त्वका संरचनालाई जोगाउने अलिकति भए पनि प्रयास भइरहेको मैले पाएँ ।

माथि बयान गरिएका केही शहर र बस्तीका स्वरूपमा हाल निकै परिवर्तन आइसकेको छ । आज मेचीदेखि महाकालीसम्मका सयौँ साना बस्ती शहर वा शहरोन्मुख हुनेक्रममा अघि बढ्दैछन् । ठाउँ-ठाउँमा शहरी विकास गर्नमा राजा वीरेन्द्रको ठूलो देन छ भने, स्थानीय निकायहरूको, खासगरी २०४६ सालको जनआन्दोलनपछिका निर्वाचित स्थानीय सरकारहरूको यसमा विशेष योगदान छ । एक दशकसम्म चलेको माओवादी जनयुद्धले गर्दा पनि ठूलो सङ्ख्यामा मानिस सदरमुकाम र नजिकका

ठूला बस्तीहरूमा बसाइ सर्न थाले अनि यिनै बस्तीहरूले आजका धेरै शहरको रूपमा रूपान्तरित हुने मौका पनि पाए । त्यस्तै मधेश आन्दोलनले गर्दा पनि त्यताका धेरै भागबाट खासगरी पहाडियाहरू भित्रीमधेशतिर सर्न बाध्य भए । यसरी आजका दमक, इटहरी, बर्दिवास, हेटौँडा, भरतपुर, बुटवल, आदि शहरहरू छोटो अवधिमा नै निकै जनघनत्व भएका शहरमा बदलिँदै गइरहेका छन् । तर मेरो हालैको केही ठाउँका भ्रमणले के पनि देखाएको छ भने नेपालीहरू चाहे पहाडिया हुन्, मधेसी हुन् वा हिमाली हुन्, सबैमा आफ्नो मातृभूमि नेपालको माया छ । सबै सहिष्णुताका साथ बस्न चाहन्छन्, सबैको मुखमा विकास, हातेमालो र अपनत्वको भावना अहिले पनि उत्तिकै छ । जसरी काठमाडौं र अन्य पहाडी शहरमा पहाडिया र मधेसीबीच भेदभावविनाको मेलमिलाप र सद्भाव छ, त्यो मधेशका शहरहरूमा पनि झन्-झन् बढ्दै गएको छ । मैले यो कुरा हालैको नेपालगञ्ज, भैरहवा, जनकपुर र विराटनगरको भ्रमणमा पनि महसुस गरेँ । मानिसहरू केवल विकास, रोजगारी, सुख, शान्ति र समृद्धि चाहन्छन् । अन्य झैझगडा, तनाव, र घृणामा समय गुजार्ने फुर्सद कसैमा छैन ।

भैरहवाको विकास त्यहाँ ब्रिटिश क्याम्प खडा भएदेखि र गोरखपुरमा भारतीय गोर्खाहरूको पेन्सन क्याम्प खुलेदेखि नै बिस्तारै हुँदै गएको हो । पछि लुम्बिनीको गुरुयोजनाको काम सुरु भएपछि र यसको प्रचारप्रसार हुन थालेदेखि लुम्बिनी भ्रमणमा आउने स्वदेशी र विदेशीलाई लक्षित गरेर पनि त्यहाँ धेरै होटल खुले । आज आएर भारत र नेपालमा अवस्थित बुद्धिस्ट सर्किट र भारतसँगको व्यापारको मुख्य मार्ग भैरहवा पनि बन्दै गएपछि र अझ भन्नै पर्दा अन्य ठूला उद्योगसँगै यो भेगमा सिमेन्टका ठूला कारखानाहरू खुलेपछि त यो शहरमा चहलपहल ह्वात्तै बढेको छ । केही वर्षपछिबाट चालू हुने क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र भारतको सिमानादेखि बुटवलसम्म बन्दै गरेको ६ लेनको सडक निर्माणले गर्दा त अहिलेदेखि नै भैरहवा साँच्चैको 'गुल्जार' शहरमा परिणत हुँदै गइरहेको छ ।

लखनउको नजिक अवस्थित नेपालगञ्ज शहर पहिलेदेखि नै मासु र दुग्धजन्य परिकारहरूका लागि प्रख्यात थियो । तर यो शहर पनि धेरै वर्षसम्म सुतेरै बसेको थियो । हाल आएर सुदूरपश्चिममा विकास निर्माणका कामहरू तीव्र गतिमा हुन थालेपछि नेपालगञ्ज पनि त्यही तादातमा ठूलो शहर बन्दै गइरहेको छ । नेपालगञ्जदेखि कोहलपुरसम्मको ६ लेनको सडकले पनि यो भेगमा विकासको ठूलै लहर ल्याउन थालेको छ । नेपालगञ्जमा हालका दिनहरूमा करिब एक दर्जन

ठूला होटल खुल्ने सुरसारमा छन् । यो सडकसँगै नेपालगञ्ज मध्य र सुदूरपश्चिम नेपालको व्यापारिक केन्द्र नै बन्दै गइरहेको छ । नेपालगञ्जबाट भारतको सीमा शहर रूपैडिया हुँदै भारतको लखनउ पुग्न १८७ किलोमिटरको मात्र यात्रा गरे पुग्छ । राप्ती नदीको किनारमा अवस्थित बर्दिया राष्ट्रिय निकुञ्ज नेपालगञ्जबाट ज्यादै नजिक पर्छ । यो निकुञ्ज चराहरूको वासस्थानका रूपमा निकै प्रख्यात छ भने यहाँ गोही, डोल्फिन, नीलगाई, हरिण, बँदेल तथा हात्तीहरू पनि हेर्न पाइन्छ । जुम्ला, डोल्पा, रारा ताल, शे फोक्सुण्डो ताल, कैलाश मानसरोवर आदि हिमाली पर्यटन गन्तव्य जान पनि पर्यटकहरू पहिला नेपालगञ्ज नै जान्छन् भने सुर्खेत, कर्णाली पुल, बाँके राष्ट्रिय निकुञ्ज, ठाकुरद्वारास्थित ठाकुरबाबाको मन्दिर पनि नेपालगञ्जका नजिकका पर्यटक गन्तव्यहरू हुन् । नेपालगञ्जभित्र नै पनि वागेश्वरी मन्दिर, हरिबाबा आश्रम, सदरलाइन, घरबारी टोल, गणेशपुर, आदि पुग्न लायकका गन्तव्य हुन् ।

कैलालीको धनगढीको कथा पनि यस्तै छ । २०३३ सालतिर स्थापना भएको यो शहर निकै वर्षसम्म जस्ताको तस्तै रह्यो । तर हाल आएर भने यसले बिस्तारै सुदूरपश्चिमको एउटा व्यवस्थित शहरको रूप लिँदैछ । सुदूरपश्चिमका विभिन्न जातजातिको बसोबासस्थल भएकोले यो शहर सही अर्थमा बहुसांस्कृतिक शहरको रूपमा विकास हुँदैछ । राम्रा होटल, शिक्षण संस्था, अस्पताल, विमानस्थल र बसपार्कको व्यवस्थासँगै आज यो शहरले उपमहानगरपालिकाको रूप लिइसकेको छ । भारतको शाहजहाँपुर र बरेलीबाट धनगढी धेरै नजिक पर्दछ । त्यस्तै भारतको नैनीताल, देहरादून, मसुरी, हरिद्वारजस्ता प्रख्यात ठाउँहरूमा धनगढीबाट सहजै पुग्न सकिन्छ । धनगढी आफैँमा पनि शिवपुरीधाम, नैनादेवी, रामजानकी, बन्देवी, पशुपति, र शिव मन्दिरजस्ता धार्मिकस्थलहरू छन् भने यहाँ एयरक्राफ्ट म्युजियम जानेको पनि भीड लाग्दछ । क्याप्टेन वेद उप्रेतीले स्थापना गरेको यो जेट विमानभित्र खोलिएको सङ्ग्रहालयमा हवाईजहाजहरूको इतिहास सम्बन्धी निकै कुराको जानकारी लिन सकिन्छ भने यसको अवलोकन गर्न भारतदेखि मानिसहरू आउने गर्दछन् । हालै काठमाडौंमा पनि यस्तै म्युजियम खोलेको छ उनको संस्थाले । मैले पनि काठमाडौंमा हालै खोलिएको यस्तै म्युजियम निर्माण अवधिमा क्याप्टेन उप्रेतीलाई केही सुझाव दिएको थिएँ । उनको प्रयासले वास्तवमा नै विद्यार्थीहरूलाई हवाईजहाजको इतिहास बुझ्न निकै सहज भएको छ भने यो प्रयासले पर्यटन विकासमा पनि मद्दत पुऱ्याएको छ । नवीनतम् जेट विमान एयरबस ए ३३० बनाइएको यो सङ्ग्रहालय हालसम्म

विश्वमा नै एउटै मात्र हो । धनगढीबाट नै अपी हिमालको आधार शिविर, खप्तड, शुक्लाफाटा, बडिमालिका, टीकापुर, घोडाघोडी ताल, परशुरामधाम, आदि प्रख्यात पर्यटकीयस्थलहरू पनि पुगिने हो ।

राणाशासक र उनका भारदारहरूका सयौँ मोटरगाडी फर्पिङ, भीमफेदी, हेटौँडाका गोरेटा र खोलानालाहरू हुँदै सयौँ भरियालाई बोकाएर काठमाडौं ल्याइन्थे । यही बाटोबाट हिँडेर, पाल्कीमा, र हात्ती-घोडा चढेर लाखौँ धनी र गरिब नेपालीले उपत्यकाभित्र र बाहिर ओहोरदोहोर गदर्थे राजधानी र तराईबीचको यात्रा तय गर्न । तर त्यतिबेलाको राणा सरकारले कहिले पनि यो बाटोलाई मोटरगाडी चल्ने कच्ची सडक भए पनि बनाउने चेष्टा नै गरेन । कारण, राणा सरकार यो राजधानीमा आउने र जाने हरेक व्यक्तिको कडा निगरानी राख्न चाहन्थ्यो र कुनै किसिमले आफ्नो निरङ्कुश शासनमा कतैको हस्तक्षेप चाहँदैनथ्यो । आज विश्वका धेरै निरङ्कुश शासन भएका राष्ट्र वातावरणीय र सांस्कृतिक कारणहरू देखाएर यसरी नै अलग पहिचानका साथ अलिक टाढा भएर बस्न रूचाइरहेका छन् । विक्रम संवत् १९८० तिरदेखि काठमाडौंमा मोटरगाडी भित्रिन थालेको हो । वीरगञ्जदेखि भीमफेदीसम्म मात्र मोटर बाटो थियो भने त्यहाँबाट काठमाडौंको थानकोटसम्म साना गाडीलाई तीस-पैँतीसजना र ठूलालाई नब्बे-सयजना भरियाले लामा-लामा काठ (नोल) हरूमाथि राखेर बोकेर भीमफेदी, कुलेखानी, मार्खु, चित्लाङ र चन्द्रागिरि हुँदै एकदेखि दुईहप्ता लगाएर थानकोट पुऱ्याउँथे ।

विकासको कुरा गर्दा हुन त कैयन् सामन्ती सोचाइका व्यक्ति त्यतिबेला र अहिले पनि राणा शासकहरूले ठूला-ठूला दरबारहरू बनाएर मुलुकको विकास गरेका र आजसम्म पनि कैयन् महत्त्वपूर्ण कार्यालय तिनै दरबारमा रहेका तथ्यहरू दिन्छन् । तर हामीले के भुल्नुहुँदैन भने त्यतिबेला मुलुकको ढुकुटीमा हालीमुहाली गरेर तिनले आफ्नो सुख र सुविधाका लागि ती दरबार बनाएका थिए । खासगरी जङ्गबहादुरको बेलायत र फ्रान्स यात्रापछि युरोपेली ढाँचाका यस्ता दरबारहरू काठमाडौंमा बन्न सुरु भएका थिए र यी दरबारभित्र सुख-सयल र साज-सज्जाका वस्तुहरू पनि उतैबाट आउन थाले । स्कच ह्विस्कीसमेत जङ्गबहादुरले नै भित्राएका हुन् नेपालमा ठूलो मात्रामा । योभन्दापहिले यदाकदा यस्ता खाद्य र पेय पदार्थहरू ब्रिटिश रेजिडेन्सीबाट उपहारका रूपमा श्री ३ हरूलाई पठाइन्थे पनि होला । यी राजा-महाराजाका सालिकहरूसमेत पछि बेलायतबाट नै बनेर आउन थाले । तर यी सब समृद्धि राजा-महाराजाहरूका

लागिमात्र आएका थिए । राणा प्रधानमन्त्रीहरूभन्दा पहिले भीमसेन थापालगायत शासकहरूले पनि भारतमा देखेर आएकाले त्यतिबेलाका आधुनिक घर, मठ मन्दिर र धरहरा आदि बनाउन लगाएका थिए । हामीले यो कुरा भुल्नुहुन्न कि यस्ता सम्पूर्ण संरचना सरकारी ढुकुटी खर्चिएर नै बनेका हुन् भनेर ।

राणा शासनमा जङ्गबहादुरदेखि रणोद्दीपशमशेरसम्मको शासनकालमा खासै मुलुकको ढुकुटी रित्याउने कार्य भएको थिएन । तर जब आफ्नै काका रणोद्दीपशमशेर तथा जङ्गका छोराहरूको हत्या गरेर वीरशमशेर तथा उनका भाइहरू सत्ता कब्जा गर्न सफल भए, तत्पश्चात् प्रायः सबै राणाशासकले राज्यको ढुकुटी तथा प्राकृतिक स्रोतको अथाह अपचलन तथा दोहन गरे । त्यतिबेलाका कैयन् भारदारका अनुसार चन्द्रशमशेरले सिंहदरबार बनाउँदा मुश्किलले पचास लाख रूपैयाँ खर्च गरेका थिए रे ! त्यो रकम फलामका सत्तरी, फलामे किला–काँटा तथा कर्कट पाता र यहाँ नपाइने निर्माण सामग्री, तथा सजावटका सामानहरू भारत र बेलायतबाट मगाउन खर्च भएको थियो । नत्र, बाँकी सम्पूर्ण निर्माणकार्य सैनिक, प्रहरी, पिपा, नोकर–चाकर तथा कैदीहरूको श्रमबाट गरिएको थियो भने काठपातजति जङ्गबहादुरले छोटो दूरीमा सिकार गर्न निर्माण गरेको काठमाडौंको छरिया भन्ने संरक्षित जङ्गल पूरै फँडानी गरी ल्याइएको थियो । १९६० सालमा यो दरबारको निर्माण सम्पन्न भएलगत्तै चन्द्रले अब उपरान्त जो श्री ३ महाराज हुन्छ ऊ यो दरबारमा बस्नेछ भनेर दुई करोड रूपैयाँमा सिंहदरबार मुलुकलाई बेचे । सो रकम जङ्गबहादुर प्रधानमन्त्री छँदा संकटकाल वा दैवीप्रकोपको समयमा मात्र खर्च गर्ने गरी एघार करोड रूपैयाँ जम्मा गरेर बनाइएको सरकारी कोषबाट चन्द्रले झिकेर लिएका थिए । उनीभन्दापहिले यसो गर्ने कसैले आँट गरेका थिएनन् । परलोक हुनुभन्दा केही समयअघि पनि तिब्बतसँग लडाइँ गर्न सरकारी कोषबाट निकालेको अढाई करोड रूपैयाँ चन्द्रले भीमशमशेरलाई दिए भने सो रकम भीमले आफू श्री ३ भएपछि फिर्ता गरेनन् भन्ने कुरा इतिहासमा उल्लेख छ ।

१९५९ सालमा सिंहदरबार बनाउन भनेर काठमाडौंनजिकको छरिया भनिने वन पूरै फँडानी गर्न लगाएका चन्द्रले त्यसको दश वर्ष पनि नबित्दै १९६९ सालमा एकजना ब्रिटिश नागरिकसँग मिलेर बर्दियातिरको वन फँडानी गर्न दिएर करोडौं रूपैयाँ हात पारेका थिए । नौजना श्री ३ महाराजमध्ये रणोद्दीपशमशेरपछिका अधिकांशले तराईका वन नराम्ररी फँडानी गरे अनि काठजति ब्रिटिश भारतमा खासगरी रेलको पटरी राख्ने

कामका लागि निर्यात गरिए । वनविनाश नै राणाहरूको आयको प्रमुख स्रोत थियो । त्यस्तै जाडो छल्ने, मन बहलाउने तथा ब्रिटिश शासकहरूलाई खुशी पार्ने निहुमा राणा शासकहरूले हजारौँ बाघ, भालु, चितुवा, अर्ना, हात्ती, मृग, गोही, सर्प, अजिङ्गर, चराचुरूङ्गी आदिको सिकार गरे । यस्ता हिनामिना, भ्रष्टाचार र लुट राणाशासनका बेला खासगरी वीरशमशेरको पालादेखि मोहनशमशेर प्रधानमन्त्री हुँदासम्म नै संस्थागत भइसकेको थियो । जङ्गबहादुरले वन फडानी गरेको इतिहासमा कतै उल्लेख छैन, बरु उनले वन फँडानी गर्ने र विनासूचना रूखपात काट्नेलाई सजाय दिन कानुन नै बनाएको कुरा पनि इतिहासमा पढ्न पाइन्छ । तर उनकै पालादेखि नै जङ्गली जनावरहरू सिकारको नाममा यति धेरै मारिए कि यसको कुनै लेखाजोखा नै छैन । त्यतिबेला ब्रिटिशहरूलाई खुसी तुल्याउने सबैभन्दा ठूलो उपाय नै पहिलो, नेपालको तराईका जङ्गलहरूमा सिकारको हप्तौँ दिनसम्मको कार्यक्रम बनाउनु र दोस्रोमा, परिआएको बेलामा चाहिएजति गोर्खाली उनीहरूका शत्रुसँग लड्न पठाउनु थियो । बेलायतबाट राजपरिवारका महत्त्वपूर्ण सदस्य तथा कूटनीतिज्ञ र भारतस्थित उच्चपदाधिकारीहरूलाई सिकारमा आमन्त्रण गर्दा सकेसम्म प्रधानमन्त्री आफैँ जान्थे र सयौँ पशु, पन्छी तथा गोही–सर्पहरू मारेर फोटा खिचाउनुका साथै उपहारको रूपमा थुप्रा जिउँदा पशुपन्छी पनि दिएर पठाइन्थे । राणा शासकको आफ्नै आनन्दका लागि आयोजना हुने खालका एकाध सिकार क्याम्पको त कुरै नगरौँ । राणा शासनको अन्त्यपछि पनि राजाहरूले सिकार खेल्ने काम बन्द गरेका थिएनन् । यसरी यो पूरै १०४ वर्षको राणा शासनका दौरान नेपालमा जङ्गली जनावर तथा पशुपन्छीहरूको निकै ठूलो संहार भएको थियो । त्यस्तै बेलायतको कुनै देशसँग सम्बन्ध बिग्रियो कि राणा शासक ब्रिटिशहरूलाई सैन्य सहायता चाहिन्छ कि भनेर पत्राचार गरिहाल्थे ।

ब्रिटिशलाई खुशी तुल्याउने बहानामा गाउँ–गाउँबाट जबरजस्तीसँग तालिम नै नलिएका युवाहरूलाई भारतीय उपमहाद्वीप र सोभन्दा पनि निकै-निकै टाढाका बिराना ठाउँहरूमा लडाइँ गर्न पठाइएको थियो । खासगरी प्रथम र दोस्रो विश्वयुद्धताका झन्डै आठ–दशलाख नेपाली युवाले ज्यान गुमाएका वा बेपत्ता भएका थिए । यी कार्यहरूले गर्दा नेपालमा निकै वर्षसम्म पुरूष र महिलाको जनसङ्ख्याको अनुपातमा ठूलो अन्तर आएको थियो ।

२००७ सालपछि सरकारी स्वामित्वमा आएका दरबार तथा अन्य निकाय जस्तै नेपाल राष्ट्र बैंक आदिले खरिद गरेका राणाकालीन दरबारहरूमा धेरै समयसम्म

यानि २०७२ सालको महाभूकम्पले तिनलाई ध्वस्त नपारूञ्ज्यालसम्म पनि विभिन्न कार्यालय सञ्चालित थिए । तर जेजति यस्ता भवन राणाहरूकै स्वामित्वमा थिए, ती कि त मोजमस्ती गर्न धन नभएर बिक्री गरिए, या त भागबन्डामा परेर भत्काइए । जङ्गबहादुरको थापाथलीस्थित दरबार यस्तै भागबन्डाको सिकार भएर टुक्रा-टुक्रा भई आज सानो भग्नावशेष पनि बाँकी छैन । वीरशमशेरको सेतो दरबारको ठूलो ढोका, जुन विश्वज्योति सिनेमा हलअगाडि अवस्थित छ, त्यसलाई मात्र जोगाउनसमेत न त महानगरपालिका, न सरकार, न उनका दरसन्तान राणाजीहरूलाई नै मतलब छ । यस्तै जङ्गबहादुरको थापाथली दरबारको ठूलो ढोका केही वर्षअघिसम्म जीर्ण अवस्थामा थियो । यसका बडेमानका काठका ढोकाहरू पनि त्यहीँ छेउमा अलपत्र लडिरहेका हुन्थे केही वर्षअघिसम्म र यो ढोकासँगै एउटा सानो घर थियो, जुन दरबारकै एक हिस्सा थियो, यसको छतमा हनुमानको मूर्ति स्थापना गरिएको थियो । तर राणाजीहरूको अंशबन्डा हुने बेलामा मूल दरबारको त कुरै छोडौँ, यी ढोका र हनुमानको मन्दिरसम्म पनि संरक्षण गर्ने चासो कसैले लिएको देखिएन । जङ्गबहादुर र उनीपछिका श्री ३ महाराजहरूले मुलुकको ढुकुटीमा हालीमुहाली गरेर अकुत सम्पत्ति कमाएका थिए भने उनका आसेपासेले पनि यसमा ठूलो हिस्सा पाएका थिए र मुलुकभरिका जग्गाजमिन वीरताको नाममा आफ्नो बनाएका थिए । तर कालान्तरमा निकै कम राणाजीले पुर्खाबाट प्राप्त गरेको सम्पत्ति जोगाएर राख्न सके । त्यस्तै निकै कमले मात्र आफ्ना सन्तानलाई उच्चशिक्षा दिन सके । तर कैयन् राणा परिवारका व्यक्ति आज पनि आफ्ना बुद्धि, विवेक र उच्चशिक्षाका कारण नेपालमा मात्र होइन, विश्वका विभिन्न मुलुकमा गएर निकै ख्याति कमाएर सुखी जिन्दगी बिताइरहेका छन् भने कतिजनाले घरको काठपात, इँटा, साजसज्जाका सामान, आदिसमेत बेचेर आफ्नो जीवन गुजारा गर्नुपरेको छ ।

यी सब कुरा गरे तापनि हामीले खासगरी नेपाल राष्ट्रलाई बचाएर राख्न जङ्गबहादुरले खेलेको कूटनीति कहिल्यै बिर्सनुहुँदैन । त्यतिबेला उनी शासनमा नआएका भए नेपाल कुनै पनि बेला ब्रिटिशको भारतमा विलय भइसक्ने अवस्था थियो । उनका सबै भाइले उनलाई सघाएका कारणले नै त्यतिबेला जङ्गले बेलायतलाई खुशी तुल्याएर र उसको साम्राज्य बढाउनमा नेपालको अहम् भूमिका रहने कुराको महसुस बेलायतलाई उनले गराउन सकेकाले नै नेपाल त्यतिबेला स्वतन्त्र राष्ट्र भइरहन सम्भव भएको थियो । त्यस्तै देवशमशेरले छोटै अवधिमा भए पनि मुलुकमा केही सामाजिक सुधार ल्याउन खोजेको

कुरा पनि हामीले बिर्सनुहुँदैन । वीर, चन्द्र र जुद्धका पालामा पनि नेपालमा विकासका धेरै पूर्वाधार निर्माण गरिएका थिए । खानेपानी, बिजुली, शिक्षण संस्था, अस्पताल, बाटाघाटा, पुलपुलेसा, उद्योग धन्दा, आदि निर्माण गर्न र व्यवस्थित शहरीकरण गर्न तथा केही जटिल सामाजिक कुरीतिलाई हटाउन उनीहरूले गरेका पहल निकै महत्त्वपूर्ण छन् ।

लिच्छवि र मल्ल राजाहरूले आफ्ना लागि दरबार बनाए पनि उनीहरू जनतामाझ नै बस्थे भने उनीहरूले आफ्ना दरबारभन्दा पनि मठ, मन्दिर र पाटीहरू धेरै बनाउन लगाए । आज काठमाडौं उपत्यकामा पर्यटकहरूलाई देखाउने मुख्य कुरा नै लिच्छवि र मल्ल राजाहरूका पालामा बनेका मठ, मन्दिर, धारा, पाटी, स्तुपा, कलाकृति उनका संस्कृति झल्कने नृत्य र उनैका खानाका परिकारहरू नै हुन् ।

हो, १०४ वर्षको राणाशासनको समयमा केही महत्त्वपूर्ण विकास कार्य र सामाजिक सुधारका काम पनि भएका थिए । तर त्यत्रो लामो अवधिमा भएका त्यति थोरै कामले खासै धेरै महत्त्व राख्दैनन् । तैपनि माथि उल्लेख भएजस्तै त्यतिबेला पनि केही राम्रा काम भने पक्कै भएका थिए । त्यस्तै जङ्गबहादुरले जे आशयले जसरी सत्ता आफ्नो हातमा लिएका भए तापनि त्यतिबेला छिन्नभिन्न हुन लागेको शासन व्यवस्थाले उनकै कारण स्थायित्व पाएको हो र मुलुक स्वतन्त्रसमेत भइरहन सकेको हो । हुन त अधिकांश राणा प्रधानमन्त्री तथा उनका परिवारका सदस्यले आफ्ना भोग-विलासका लागि दरबारहरू बनाउनुका साथै केही सानातिना विकास कार्य गरेको भए तापनि केही प्रधानमन्त्रीले भने केही उदाहरणीय र महत्त्वपूर्ण काम पनि गरेका थिए ।

शिक्षाको क्षेत्रमा रणोद्दीपसिंहको शासनकालमा देवशमशेरले आफ्नो रेखदेखमा संस्कृत पाठशाला र विद्यार्थीहरूको पोषणका लागि पाकशालासमेत खोले । वीरशमशेरले वि.सं. १९४९ मा काठमाडौंको रानीपोखरीको पश्चिमपट्टि दरबार हाई स्कुल बनाउन लगाए । सुरुमा दश वर्ष सम्भ्रान्तहरूलाई मात्र पढाउने व्यवस्था भए पनि १९५९ सालदेखि भने दुनियादारले पनि त्यहाँ पढ्न पाउन थाले । चन्द्रशमशेरले १९८१ सालमा त्रि-चन्द्र कलेजको उद्घाटन गरे । त्यतिबेला उनी निकै भावुक भएर "यो कलेज खोलेर मैले आफ्नो खुट्टामा आफैँ बन्चरो हानेँ" भनेका थिए रे ! पद्मशमशेरले पनि आफ्नो छोटो शासनकालमा छात्रहरूका लागि पद्मोदय हाई स्कुल र छात्राहरूका लागि पद्मकन्या विद्याश्रम खोलिदिए । यसरी उनले महिलाहरूलाई पनि पढ्न प्रोत्साहन गरेका थिए । जङ्गबहादुर र देवशमशेरले आफ्ना कार्यकालमा बेलायतमा जस्तै महिलाहरूको

जमघट आफ्नो दरबारमा गराएका थिए तर यसले निरन्तरता पाउन सकेन ।

स्वास्थ्यको क्षेत्रमा वीरशमशेरले १९४७ सालमा वीर अस्पतालको उद्घाटन गरे भने चन्द्रशमशेरको पालामा १९८३ सालमा त्रि-चन्द्र सैनिक अस्पताल खुल्यो । जुद्धशमशेरले १९९१ सालमा काठमाडौंको उत्तरतिर शिवपुरीमा अवस्थित टोखामा क्षयरोग उपचार केन्द्र पनि खोले ।

यातायाततर्फ चन्द्रशमशेरले उपत्यकामा चाहिने सरसामानको ढुवानी गर्न मकवानपुरको धुर्सिङ्देखि काठमाडौंको मातातीर्थसम्म रज्जुमार्ग (रोपवे) बनाउन लगाए १९८२ सालमा । यसको लम्बाइ २२ किलोमिटर थियो । पछि यो रोपवेको २०२१ सालतिर संयुक्त राज्य अमेरिकाले मर्मत गरिदिएर हेटौँडासम्म पुऱ्याइदिएको थियो भने काठमाडौंतर्फ यो टेकुमा आएर सकिन्थ्यो । आज यो रोपवे पूरै बन्द भइसक्यो भने यसका भग्नावशेषहरू अझै पनि ठाउँ-ठाउँमा देख्न पाइन्छन् ।

चन्द्रशमशेरकै पालामा १९८४ सालदेखि रक्सौल-अमलेखगञ्ज र जयनगर-जनकपुर छोटागजी रेलवे सेवा सुरु भयो । यस्तै भीमशमशेरले १९३५ सालमा बालाजुदेखि नुवाकोटसम्म बग्गी हिँड्ने बाटो बनाए । चन्द्रशमशेरको पालादेखि नै राजा त्रिभुवनलाई विशेष निगरानीमा राखेका राणाशासकहरूले उनलाई सधैँ आफ्नो शासनका बाधकका रूपमा लिने गरेका थिए । जुद्धशमशेरले त एकचोटि गोरखामा लगेर नजरबन्द गर्ने भनेर गोरखा दरबारको सरसफाइसमेत गराएका थिए रे ! यस्तै कारण र प्रयोजनका निम्ति पनि यो बग्गी मार्ग बनेको हुन सक्छ ।

जलविद्युत्तर्फ चन्द्रशमशेरले १९६६ सालमा काठमाडौंमा बिजुली ल्याउनका लागि फर्पिङमा जलविद्युत् आयोजनाको निर्माण गर्न लगाए । कुनै किल्वर्न नाम गरेका बेलायती इन्जिनियरलाई यो काम दिएर त्यसको दुई वर्षपछि यानि १९६८ सालमा ५०० किलोवाटको यो आयोजना सम्पन्न भई विद्युत् वितरण सुरु पनि भयो । यो पहिलो विद्युत् प्रणालीको नाम त्रि-चन्द्र ज्योति राखियो र काठमाडौंको टुँडिखेलअगाडि हालको विद्युत् प्राधिकरणको प्रधान कार्यालय भएको ठाउँबाट नै विद्युत् वितरण गर्न थालियो । यसपछि एकैचोटि १९९४ सालमा जुद्धशमशेरको पालामा पनौती जलविद्युत् आयोजनाको निर्माण गरेर अर्को २,४०० किलोवाट बिजुली निकालियो ।

अन्य विकास कार्यमा वीरशमशेरले १९४८ सालमा शिवपुरीबाट पानी ल्याएर काठमाडौंमा वीरधाराहरूमार्फत पिउने पानी वितरण गर्न लगाए । त्यस्तै उनकै शासनकालमा भक्तपुरमा पनि १९५४ सालदेखि पानी वितरण सुरु भयो । यही साल अमलेखगञ्जमा पनि देवशमशेरको पहलमा धाराबाट पानी वितरण सुरु भयो । चन्द्रशमशेरले पनि आफ्नो पालामा पाटन, पोखरा र धनकुटामा खानेपानी आयोजनाहरू सुरु गरे । भीमशमशेरको पालामा पनि मोरङमा पिउने पानी वितरण सुरु भयो भने काठमाडौंका कैयन् ठाउँमा त्रि-भीम धारा जडान गरिए ।

वीरशमशेरले १९४४ सालमा चिठीमा टिकट टाँस्ने कार्यको सुरुआत गरे भने वीर पुस्तकालय पनि स्थापना गरेका थिए । काठमाडौंको घण्टाघर पनि वीरकै पालामा १९५१ मा बनेको हो । चन्द्रशमशेरले नेपाल अधिराज्यको पहिलो पटक नापी गराएका थिए । देवशमशेरले १९५७ सालमा गोरखापत्र निकाल्न सुरु गरे । १९९० सालमा सेतो दरबार आगलागीले ध्वस्त भएपछि जुद्धशमशेरले दमकल मगाई जुद्ध वारुणयन्त्र सुरु गरे । जुद्धकै पालामा १९९४ सालमा नेपाल बैंक लिमिटेडको सुरुआत भयो भने यही साल जावलाखेलमा चिडियाखाना पनि खुल्यो ।

समाज सुधारका कार्यहरूको कुरा गर्दा देवशमशेरले प्रधानमन्त्री हुनेबित्तिकै १९५७ सालमा उपत्यकाका तीनै शहरका ठाउँ-ठाउँमा उजुरी बाकस राख्न लगाए । चन्द्रशमशेरले १९७७ सालमा मुलुकबाट सतीप्रथाको अन्त्य गरे र आइन्दा सती जान बाध्य पार्नेहरूलाई कडा कारबाही हुने कानुन पनि बनाए । १९७९ सालमा उनैले पशुबलि पनि वर्जित गर्न खोजेका थिए तर त्यतिबेलाका गुरूज्यू-पुरोहित र रूढिवादी भारदारहरूको दबाब र विरोधले गर्दा उनले यो काम गर्न सकेनन् बरु आफू बाँचुञ्ज्यालसम्म चन्द्रले आफ्नो दरबारभित्र भने पशुबलि बन्द गरे । त्यस्तै चन्द्रले नै १९८१ सालमा दासप्रथाको उन्मूलन गरे । पशुपतिनाथको गुठीबाट ३७ लाख रुपैयाँ झिकेर दास-दासीहरू मुक्त गराए । त्यसैले त्यतिबेला यी मुक्त दास-दासीहरूलाई शिवभक्त भनिन थालियो । यी मुक्त दास-दासीहरूलाई छिटै उनले वीरगञ्जनजिकै भिक्षाखोरी भन्ने ठाउँमा बसोबास गराए । पछि यो ठाउँको नाम दास-दासी मोचन (अमलेख) को नामबाट अमलेखगञ्ज राखे । दासप्रथा उन्मूलन गर्न देवशमशेरले पनि पटक-पटक कुरा निकालेका थिए तर छोटो शासनकालले गर्दा उनले यो तथा अन्य राम्रा काम गर्न भ्याएनन् । तर वीरशमशेरले गरेका विकास र सुधारका कामहरूमा भने देवले पनि सघाएका थिए उनलाई । जुद्धशमशेरले १९९० सालमा १२ वर्षमुनिका

कन्या र १६ वर्षमुनिका कुमारहरूलाई विवाह गर्न प्रतिबन्ध लगाइदिए । त्यस्तै यिनले १९९३ सालमा विवाह तथा अन्य समारोहमा हुने भडक कम गर्न ऐन बनाए तर यो खासै लागू भएन । जुद्धले नै आमाबाबुको क्रिया १३ दिन बसेपछि बर्खी बार्न नपर्ने कानुन १९९८ सालमा बनाए तर यो पनि खासै लागू हुन सकेन ।

फेरि जलविद्युत्कै कुरा गरौँ । चन्द्रशमशेरको पालामा विक्रम संवत् १९६८ मा फर्पिङ जलविद्युत् आयोजना बनेर ५०० किलोवाट विद्युत् उत्पादन हुन थालेपछि यो विद्युत् उत्पादन एसियामै अग्रणी उत्पादनहरूमध्येमा पर्दथ्यो । योभन्दा १३ वर्षपहिले भारतको दार्जिलिङ्गमा १९५५ सालमा र कर्णाटकमा १९५९ सालमा साना जलविद्युत् केन्द्रहरू बनेका थिए । विश्वको पहिलो जलविद्युत् आयोजना संयुक्त राज्य अमेरिकाको विस्कन्सिनमा वि.सं. १९३९ मा बनेको अनुमान छ । झन्डै सय वर्षअघिदेखि विद्युत् उत्पादन गरिरहेको मुलुक भए पनि र जुन मुलुकको भू-बनोट र पानीको मात्राले ८४,००० मेगावाट जलविद्युत् निकाल्न सम्भव छ भन्ने कुरा विभिन्न अध्ययनले देखाए पनि नेपालले आजसम्म १,००० मेगावाट जलविद्युत् पनि उत्पादन गर्न सकेको छैन र कुल जनसङ्ख्याको करिब २५ प्रतिशत जनता अझै पनि टुकी बालेर नै गुजारा चलाइरहेका छन् भने भुटानले समेत नेपाललाई विद्युत् उत्पादनमा दशकौँपहिले उछिनिसकेको छ । तर केही समयअघिदेखि निर्माण कार्य सुरु गरिएका विभिन्न जलविद्युत् आयोजनाको निर्माण धमाधम सम्पन्न हुँदै गइरहेकाले अबको पाँच वर्षमा नेपालमा करिब २,५०० मेगावाट विद्युत् थपिने सम्भावना देखिएको छ । यसो हुनुको मुख्य कारण नेपालमा ऊर्जाको आवश्यकता पनि निकै बढ्दै गएकोले हो । यसरी उत्पादन हुने अधिकांश विद्युत् मुलुकभित्र नै खपत हुन सक्नेस्थिति छ । खासगरी दोस्रो जनआन्दोलनपश्चात् मुलुकमा बिस्तारै लगानीका अवसर बढ्दै गएपछि जलविद्युत्मा पनि लगानी बर्सिन थालेको हो । हाल मुलुकका निजी क्षेत्रले नेपाल विद्युत् प्राधिकरणले भन्दा पनि बढी विद्युत् उत्पादन गरिरहेको अवस्था छ । एकातिर बैंकहरूले यो क्षेत्रमा लगानी बढाउँदै लगेका छन् भने अर्कोतिर नेपाल राष्ट्र बैंकले पनि बैंकहरूलाई आफ्नो कर्जा लगानीको केही प्रतिशत ऊर्जा विकासमा लगाउन निर्देशन नै दिएको छ ।

कुल १,४८,७०० मेगावाट जलविद्युत् उत्पादन गर्न सक्ने सम्भाव्यता बोकेको भारतको ३१० गिगावाटको कुल ऊर्जा उत्पादनमध्ये कोइलाबाट ६१ प्रतिशत र त्यसपछि दोस्रोमा जलविद्युत्बाट करिब १५ प्रतिशत ऊर्जा उत्पादन हुन्छ र बाँकी पेट्रोलियम

पदार्थ र आणविक भट्टीबाट । यो १५ प्रतिशत जलविद्युत् भनेको पनि ४८,००० मेगावाट हुन आउँछ । अहिले आएर भारतले सौर्य र हावाबाट विद्युत् उत्पादन गर्ने ठूला-ठूला आयोजनाहरू सुरु गरेको छ । त्यस्तै पाकिस्तानमा करिब २४,००० मेगावाट ऊर्जा उत्पादनमध्ये २९ प्रतिशत यानि ६,६०० मेगावाट ऊर्जा जलविद्युत्बाट प्राप्त हुन्छ । अफगानिस्तानमा करिब ६०० मेगावाट विद्युत् उत्पादन हुन्छ र जसमध्ये अधिकांश जलविद्युत् नै हो । जलविद्युत् आयोजनाहरू यो देशको स्वर्ण युग यानि सन् १९५० पछिका एकाध दशकहरूमा बनेका थिए, जुन बेला राजा जहिर शाह त्यहाँ राज्य गर्दथे । लामो गृहयुद्ध र लडाइँले गर्दा अफगानिस्तानका धेरै विद्युत् प्रसारण लाइन जर्जर अवस्थामा छन् भने नयाँ आयोजनाहरू पनि निकै वर्षसम्म ठप्प भए । हाल आएर पहिलेको तुलनामा यो राष्ट्रमा कलह निकै घटेको छ र आज बिस्तारै यहाँ विकासको लहर आइरहेको छ भने ऊर्जाको माग पनि निकै बढ्दैछ । अबका केही वर्षमा अफगानिस्तानलाई कम्तिमा ३,००० मेगावाट विद्युत्को आवश्यकता पर्ने देखिएको छ । श्रीलङ्कामा करिब ४,००० मेगावाट ऊर्जा उत्पादन हुनेमध्ये १,८०० मेगावाट ऊर्जा जलविद्युत्बाट प्राप्त हुन्छ । बङ्गलादेशको ऊर्जा उत्पादन हेर्ने हो भने कुल १३,००० मेगावाट उत्पादनमध्ये जलविद्युत्को २३० मेगावाट मात्र छ । विद्युत् उत्पादनमा बङ्गलादेश खासगरी प्राकृतिक ग्यासमा निर्भर छ र भविष्यमा कोइलाबाट विद्युत् उत्पादन गर्ने तथा अन्य मुलुकबाट ऊर्जा आयात गर्ने योजनामा छ यो मुलुक, किनकि यसको ऊर्जा आवश्यकता सन् २०३० सम्ममा करिब ३४,००० मेगावाटको हाराहारीमा हुने अनुमान छ । यस्तै माल्दीभ्सको करिब १५० मेगावाट ऊर्जामध्ये अधिकांश नै पेट्रोलियम पदार्थबाट उत्पादन हुन्छ । अब हामी भुटानलाई हेरौँ, यो देशको जलविद्युत् उत्पादन गर्न सक्ने क्षमता करिब ३०,००० मेगावाटको छ भने हालसम्म यहाँ १,६०० मेगावाट विद्युत् उत्पादन हुन्छ र अधिकांश उत्पादन जलविद्युत्बाट नै हुने हो । करिब ३,००० मेगावाटका जलविद्युत् आयोजनाहरू निर्माणाधीन अवस्थामा छन् भुटानमा । भुटानको आफ्नो खपत निकै कम भए पनि उसको अधिकांश उत्पादित र निकट भविष्यमा उत्पादन हुने जलविद्युत् भारतमा र केही बङ्गलादेशमा समेत निर्यात गर्ने उसको योजना छ ।

माथि प्रस्तुत सार्क राष्ट्रहरूको विद्युत् उत्पादनबाट हामीलाई छर्लङ्ग हुनजान्छ कि मुलुकको सर्वाङ्गीण विकासका लागि ऊर्जाको कति महत्त्व हुन्छ भनेर । ऊर्जा उत्पादन आफ्नै देशमा नभएर परनिर्भर हुनुपर्ने मुलुक आजको

संसारमा प्रभावशाली र तागतवर पनि हुन सक्तैन । नेपालले प्रचुर मात्रामा ऊर्जा उत्पादन गर्न सकेको खण्डमा आफूलाई बढी भएको ऊर्जा भारत र सम्भवतः बङ्गलादेशले समेत खरिद गर्ने निश्चित छ । यसरी भारतलाई जलविद्युत् बिक्री गर्ने हैसियत नेपालले बनाउन सकेको खण्डमा एक त भारतसँगको व्यापार घाटा पनि स्वात्तै घटेर जानेछ भने अर्कोतर्फ नेपालको महत्त्वसमेत निकै हदसम्म बढ्नेछ । आजको जमानामा हिमालपारि चीनमा समेत ऊर्जा निर्यात गर्ने सम्भावना प्रचुर मात्रामा छ । यसरी नेपालले विभिन्न छिमेकी मुलुकहरूलाई जलविद्युत् बिक्री गरेर आफ्ना चौतर्फी विकासका लागि सो रकम खर्चन सक्दछ ।

वि.सं. २०४९ सालमा आएको नयाँ जलविद्युत् नीतिपश्चात् भने नेपाल विद्युत् प्राधिकरण र सरकारबाहेक निजी क्षेत्रले समेत विद्युत् उत्पादन गर्न सक्ने अवस्था बनेपछि कैयन् नयाँ आयोजना बनिसकेका छन् भने धेरै यस्ता आयोजना बन्नेक्रममा छन् । केही वर्षपहिलेसम्म जलविद्युत् आयोजनाहरूलाई ऋण दिन हिच्किचाउने बैंकहरू आज उनीहरूको कार्यालयमा धाउने भएका छन् । करिब १८ प्रतिशत जनसङ्ख्या लघु जलविद्युत् र वैकल्पिक ऊर्जाबाट प्राप्त विद्युत्को प्रयोग गर्ने भएका छन् आजकल । सौर्य ऊर्जाले गर्दा पनि काठमाडौं र कैयन् ठूलासाना गाउँशहरका सडकहरू राती उज्याला हुन थालेका छन् ।

करिब दुई वर्षपहिले मैले र मेरी पत्नीले हङकङको भ्रमण सकेर काठमाडौं फर्कनेक्रममा त्यहाँबाट रातीको उडानको हवाई टिकट खरिद गरेका थियौँ । विमान साँझपख हङकङबाट उड्दा त्यहाँको झिलिमिलीले हामीलाई निकै रोमाञ्चित तुल्याएको थियो । त्यसपछि विमान करिब आधा बाटो नपुगुञ्ज्यालसम्म तल धरतीमा आकलझुकल मात्र बत्तीहरू देखिए, किनकि हामी चीनको मानव बस्ती कम भएका इलाकामाथिबाट उडिरहेका थियौँ । जब विमान चीनको कुन्मिङ शहरको माथि पुग्यो, तब फेरि निकै झिलिमिली देख्न पाइयो तर हङकङको दाँजोमा धेरै नै कम । त्यसपछि हामीले म्यान्मार र चीनको सिमानानिर आइपुग्दा एउटा सानो शहरको झिलिमिली देख्यौँ भने कलकत्ताको माथि उड्दा भने कुनमिङभन्दा निकै धेरै झिलिमिली तर गज्याङमज्याङ बत्तीहरूले नै यो शहरको गञ्जागोलस्थिति दर्सायो । किनकि, कलकत्ता निकै ठूलो र पुरानो शहर भएकोले कुनमिङजस्तो हालैमा योजनाबद्ध तवरले बनाइएको शहर होइन यो तर कुनमिङभन्दा दशौँ गुणा ठूलो र विशाल जनघनत्व भएको शहर भने पक्कै हो । नेपाल पस्नुभन्दापहिले सायद पटनामाथिबाट उड्यो क्यार विमान, तल

केही राम्रै उज्यालो देखिएको थियो । त्यसपछि निस्पट्ट अन्धकार । यो देखेपछि हामी नेपाल पसेको पक्काजस्तो भयो । सायद चितवनमाथि उड्दा होला केही बत्तीहरू बलेको देखिएको अनि फेरि अन्धकार । जब विमान काठमाडौं पस्यो, पहाडहरूमा र उपत्यकाभित्र पनि ठाउँ-ठाउँमा सेता र पहेँला बत्तीहरू बलेको देखियो । सेताजति धेरैजसो सौर्य ऊर्जा प्रयोग गरेर विद्युत् कम खपत गर्ने चिमहरू बालिएका बत्ती रहेछन् भने ठाउँ-ठाउँमा निकै उज्याला बत्तीहरू देखिएको चाहिँ लोड शेडिङ्गले गर्दा ती ठाउँहरूमा मात्र विद्युत् आपूर्ति भइरहेको संकेत रहेछ । तर बत्ती नभएका सडक र घरहरूमा भने सौर्य ऊर्जा र इन्भर्टरले गर्दा केही उज्यालो देखिएको रहेछ । आजकल लोड शेडिङ्ग नगण्य भएकाले हवाईजहाजबाट साँझ काठमाडौंमाथि उड्दा अलिक धेरै झिलिमिली देखिन्छ रे !

आर्थिक विकासको पहिलो खुड्किलो नै पूर्वाधार विकास रहेछ र त्यसमा पनि अति महत्त्वपूर्ण भूमिका सडक सञ्जालले खेल्दो रहेछ । मुलुकका कुनाकन्दराहरूसम्म सडक पुग्नु अति नै आवश्यक छ । सडक यातायात अन्य यातायातभन्दा सस्तो र दिगो यातायात पनि हो । सडक पुग्नेबित्तिकै सो ठाउँका उत्पादनहरू देशविदेशमा पुग्न सक्छन् भने मुलुकभित्र पाइने कुनै पनि वस्तु सो ठाउँमा पनि सुलभ तरिकाले पुग्न सक्छ । सडक पुगेका ठाउँहरूमा अन्य पूर्वाधारका साथै अस्पताल, स्वास्थ्य चौकी, सुरक्षा निकाय, विद्यालय, होटलहरू, खाद्यान्न, निर्माण सामग्री, तथा सम्पूर्ण आवश्यक वस्तु सहजै भित्रिन्छन् र विकासको लहर तरङ्गित भइहाल्छ ।

मुलुकको विकासमा ऊर्जाको पनि अति नै अहम् भूमिका हुन्छ । परापूर्वकालमा ऊर्जाको माग, उपयोग र महत्त्व आजजस्तो हरेक क्षेत्रमा नभएकोले आज र उबेलाको विकासको परिभाषा नै फरक छन् । उतिबेला कृषि, कुटीर उद्योग र यातायात सबै मान्छे र जनावरको श्रमबाट सञ्चालन हुन्थ्यो । दाउरा, गुइँठा, कोइला, खानेतेलजस्ता ऊर्जाका साधन नै त्यतिबेला प्रचलनमा थिए । तर खासगरी अठारौँ शताब्दीदेखि बिस्तारै विभिन्न किसिमका मेसिनको आविष्कारका साथै तिनलाई चलाउन अन्य किसिमका ऊर्जा चाहिने भयो । वाष्प इन्जिनका रेल र मेसिनहरू कोइलाको तापबाट चल्न थाले । तत्पश्चात् पेट्रोलियम पदार्थ निकाल्न थालेपछि यसका विभिन्न उत्पादन जस्तै मट्टितेल, पेट्रोल, डिजेल, ग्यास, आदि ऊर्जाका नयाँ साधनहरू प्रचलनमा आउन थाले । जलविद्युत्को विकासक्रमपछि भने अटुटरूपमा बगिरहने पानीको उपयोगले ऊर्जा उत्पादन गर्ने होड चल्न थाल्यो । जलविद्युत्ले

वातावरण विनाश हुन पनि दिँदैन र यो एकपटक बनेपछि अति नै सस्तो ऊर्जाको स्रोत भइरहन्छ ।

आर्थिक विकासका लागि पुँजीको पनि उत्तिकै महत्त्व हुन्छ । २००७ सालमा राणा शासनको अन्त्य भएपछि विभिन्न राष्ट्र र अन्तर्राष्ट्रिय विकास संस्थाहरूले समेत नेपाललाई सहयोग गर्न थाले । सुरुमा भारतले हेटौँडादेखि काठमाडौंसम्मको त्रिभुवन राजपथ बनाइदिएपछि राजधानी र मध्यतराई तथा भारतबीच सम्पर्क सहज हुन गयो ।

विश्वभरि नै शहरीकरणको ठूलो लहर आएको र अबका गाउँहरूले पनि बिस्तारै शहरकै स्वरूप लिँदै जाने भएकाले विशेषगरी सार्वजनिक यातायात, पानी, व्यवस्थित बसोबास, फोहर व्यवस्थापन, महामारीको रोकथाम, खाद्य पदार्थको सहज उपलब्धता र समग्र शहरी विकासमा सरकार र सबै पक्षको विशेष ध्यान जानु जरूरी छ । सरकार र नगरपालिकाहरूले सेवा तथा कल्याणकारी भावले यी सब कार्यको समयमा योजना बनाउनुका साथै कार्यान्वयन गर्नु जरूरी छ भने निजी क्षेत्रले व्यावसायिक तवरले नै राम्रो सेवा प्रदान गरेर आफूलाई चुस्त र स्फूर्त सेवाग्राहीको रूपमा प्रस्तुत गर्नुपर्ने हुन्छ । निजी क्षेत्रको संलग्नताविना शहरीकरणका यी कार्यहरू सम्भव नै छैनन् आजको सन्दर्भमा । सरकार र नगरपालिकाहरूको दायित्व पूर्वाधार बनाउनु र भएका पूर्वाधारहरूको मर्मत तथा सम्भार गर्नु तथा शहरी विकासको दीर्घकालीन खाका बनाउनु हो भने दिगोरूपमा सार्वजनिक यातायात, फोहर व्यवस्थापन, आवश्यक सरसामानको आपूर्ति, तथा व्यवस्थित बसोबासजस्ता सेवासुविधाहरूको जिम्मा भने निजी क्षेत्रले नै लिनुपर्छ ।

संयुक्त राष्ट्र सङ्घको हालैको एउटा अनुसन्धानले विश्वमा आजको साढे ७ अरब जनसङ्ख्यामध्ये झन्डै ५४ प्रतिशत यानि ४ अरब जनसङ्ख्या शहरी क्षेत्रमा बसोबास गरिरहेको र सन् २०५० सम्ममा थप साढे २ अरब जनसङ्ख्या शहरी क्षेत्रमा बसोबास गर्नेछ तथा यो परिवर्तन सबैभन्दा बढी एसिया र अफ्रिका महादेशमा हुने बताएको छ । घना जनसङ्ख्या भएका मुलुकहरू जस्तै भारत, चीन र नाइजेरियामा यस्तो परिवर्तन र वृद्धि सबैभन्दा बढी हुने देखिन्छ भने यी तीनै राष्ट्र अहिलेदेखि नै त्यसको तयारीमा जुटिसकेका छन् र हामीमा भने स्थितिले विस्फोटकरूप लिइसकेपछि मात्र तात्ने बानी छ ।

आज काठमाडौं उपत्यकालाई मुलुकका अन्य ठाउँसँग जोड्ने करिब आधा दर्जन नाका छन् । हेटौँडा–काठमाडौं जोड्ने मात्र दुई–तीनओटा वैकल्पिक बाटाहरू बनिसके भने अझ निकै चौँडा सुरूङसहितको द्रुतमार्गसमेत योजनामा परिसकेको छ । त्यस्तै धुलिखेलबाट मध्यतराईको बर्दिबास निस्कने नयाँ बाटोले पनि पूर्व जाने यात्रीहरूलाई निकै सुविधा दिएको छ भने चतरा हुँदै काठमाडौं आउने अर्को वैकल्पिक मार्ग पनि बन्नेक्रममा छ ।

काठमाडौँ उपत्यकाकै कुरा गर्दा पहिलेभन्दा अहिले यहाँको जनसङ्ख्या निकै नै बढेको छ र यो उपत्यका दिनानुदिन घरैघरले भरिँदैछ । महाभूकम्पपश्चात् भत्किएका कैयन् सार्वजनिक घरहरू भएका ठाउँहरूमा खुला क्षेत्र बनाउन सकिने अवसरलाई सरकारले गुमाइरहेको देख्दा यसपछि पनि हुन सक्ने प्राकृतिक प्रकोपहरूलाई हामी कति छिटो भुल्दा रहेछौँ र त्यस्ता परिस्थितिहरूसँग सामाना गर्ने पूर्वतयारी हामी गर्दा रहेनछौँ भन्ने कुरा साबित हुँदै गइरहेको छ । जति सडक चौडा पारे पनि यहाँको ट्राफिक जाम कम हुने लक्षण छैन । त्यसैले यो शहरका बासिन्दाहरूलाई एक ठाउँबाट अर्को ठाउँमा आवत्जावत् गर्न यातायातका अन्य वैकल्पिक साधनहरूबारे सोच्ने बेला भइसकेको छ । सडक चौडा पार्ने, ठाउँ–ठाउँमा फ्लाइओभरहरू बनाउने, सार्वजनिक यातायातमा सकेसम्म ठूला बसहरूलाई बढावा दिने तथा कैयन् अति व्यस्त ठाउँहरू जस्तै नयाँसडक, ठमेल, दरबारमार्ग जस्ता क्षेत्रमा जान शुल्क तिर्नुपर्ने जस्ता व्यवस्थाहरू पनि गर्दै गर्नुपर्छ । यीबाहेक वैकल्पिक यातायातको साधन जस्तै मोनो रेल र ठूला केबलकारसमेत छिट्टै ल्याउनुपर्छ यो शहरमा । केही ठाउँहरूमा रेल नै पनि चलाउन सकिन्छ भने भूमिगत रेल भने हाललाई नसोचे पनि हुन्छ किनकि सडकका झिना खाल्डाहरूसमेत टाल्न नसक्ने हाम्रो व्यवस्थापनले त्यति ठूलो योजनाको कार्यान्वयन कसरी गर्ला र यसको दिगो व्यवस्थापन पनि कसरी गर्ला अनि यस्ता बृहत् परियोजनाका लागि चाहिने ठूलो धनराशी कसरी जुटाउन सक्ला ! यस्ता कुराबारे सोच्दै नसोचि बकमफुसे कुरा गर्नु कत्तिको उचित होला ? अर्को कुरा हामीले यस हिमाली क्षेत्रमा जान सक्ने ठूला–ठूला भूकम्पहरूको पनि ख्याल राख्न सक्नुपर्छ ।

मोनो रेल शहरी यातायातको निकै राम्रो साधन हुनुका साथै सुरूमा निकै खर्च लागे पनि यसको निर्माण छिट्टै गर्न सकिन्छ र यो सुरक्षित पनि हुन्छ । टाढा नगई बैंकक र क्वालालम्पुरमा गएर नै यसको प्रभावकारिताको अवलोकन गर्न सकिन्छ । त्यस्तै हालै केही वर्षअघि फ्रान्सको सरकारले स्वयम्भूदेखि बौद्धसम्म केबलकारको

निर्माण गरिदिने कुराका साथै यसको सम्भाव्यता अध्ययनसमेत गरेका थियो । यस्ता केबलकार निकै ठूला हुन्छन् र जमिनदेखि निकैमाथिबाट ओहोरदोहोर गर्छन् । यातायातका साथै दृश्यावलोकनमा समेत यो निकै उपयोगी हुन सक्छ ।

नेपालमा सडक यातायातको विकासमा भारत, चीन, जापान, बेलायत, रूस आदि देशहरू र एसियाली विकास बैंकजस्ता अन्तर्राष्ट्रिय विकास संस्थाहरूको ठूलो भूमिका छ । केही अन्य देशले पनि कृषि विकासको क्रममा ग्रामीण कृषि सडकहरू बनाउन मद्दत गरेका छन् । छिमेकी राष्ट्र भारतकै मद्दतले काठमाडौं आउने पहिलो राजमार्ग त्रिभुवन राजपथ बनेको हो । त्यस्तै सिद्धार्थ राजमार्ग, तराईका हुलाकी मार्ग आदि बनाउन पनि भारतले मद्दत गरेको छ । अर्को छिमेकी राष्ट्र चीनले पनि अरनिको राजमार्ग, पृथ्वी राजमार्ग, नारायणगढ-मुगलिङ सडक, आँबुखैरेनी-गोरखा सडक, काठमाडौंको चक्रपथजस्ता सडकहरू निर्माण गर्न मद्दत गरेको छ भने कोसी राजमार्ग र पूर्व-पश्चिम राजमार्गका केही भाग बेलायती सहयोगले बनेका हुन् । त्यस्तै जापान सरकारले पनि वी.पी. राजमार्ग, कर्णाली पुल, काठमाडौं र अन्य ठाउँका पुराना पुललाई विस्थापित गरेर नयाँ पुलहरू बनाउन निकै मद्दत गरेको छ । आज आएर नेपालले सडक विकासमा विदेशी अनुदान सहयोगमात्रभन्दा पनि ऋण सहयोग र आफ्नै स्रोतको पनि उपयोग गर्न थालेको छ । त्यस्तै सडक यातायातको विकासमा नेपाली सेनाको पनि ठूलो योगदान रहने गरेको छ । मुलुकका धेरै ठाउँ खासगरी दुर्गम पहाडी इलाकाहरूमा सडकका लागि बाटो खोल्ने, पहाड र चट्टान फोर्नेजस्ता कामहरू सेनाले गरिदिएर मुलुक र जनता दुवैलाई निकै राहत पुऱ्याएको छ । नेपाली सेना निकै गौरवशाली इतिहास बोकेको हो, तर आज नेपालले कसैसँग पनि लडाइँ गर्नुपर्ने अवस्था नभएको भए तापनि मुलुकभित्र नै हुन सक्ने आन्तरिक द्वन्द्व, शान्ति सुरक्षा, प्राकृतिक प्रकोप, रोगका महामारी तथा अन्य विकास कार्यमा नेपाली सेनाले ठूलो भूमिका खेलिरहेको छ । अन्तर्राष्ट्रिय मान्यताअनुसार पनि प्रत्येक राष्ट्रमा जनसङ्ख्याको करिब २ प्रतिशतको हाराहारीमा सुरक्षाकर्मी हुनु जरूरी छ । सेना, सशस्त्र र जनपद प्रहरी गरेर नेपालमा करिब-करिब २ प्रतिशत सुरक्षाकर्मी कार्यरत नै छन् । नेपालका सेना तथा अन्य सुरक्षाकर्मीले विदेशमा गएर शान्ति सुरक्षाका निम्ति सफलतापूर्वक काम गर्न थालेको पनि झन्डै पाँच दशक हुन लागिसक्यो । यसरी सेना तथा अन्य सुरक्षाकर्मीको सहयोगमा विभिन्न विकासकार्य सम्पन्न गर्न सक्नाले हामीले सुरक्षा निकायहरूका लागि त्यतिका रकम खर्चेको पनि ठीक साबित भएको छ ।

मुलुकमा निर्माणाधीन हुलाकी मार्ग, मध्यपहाडी लोकमार्ग र उत्तर-दक्षिण राजमार्गहरू धमाधम बन्नेक्रममा छन् । विकासको सबैभन्दा महत्त्वपूर्ण अङ्ग नै यातायात हो र त्यसमा पनि सडक यातायातले ठूलो भूमिका खेलेको हुन्छ । यातायातको विकासले मुलुकको कायापलट हुने कुरामा कुनै शङ्का नै छैन । यातायातको विकास भए मुलकका जुनै पनि ठाउँमा आवश्यक सामग्री पुऱ्याउन सकिन्छ भने त्यहाँ उत्पादित वस्तुहरू पनि मुलुकभर पुऱ्याउन र विदेशमा पनि निर्यात गर्ने अवसर मिल्छ । त्यस्तै आजकल आन्तरिक पर्यटनले समेत बृहत्‌रूप लिइसकेकाले जनतालाई मुलुकका विभिन्न ठाउँका यात्राक्रममा त्यहाँको स्थानीयताको मनोरञ्जनसहित जानकारी लिन अति नै सहज हुन्छ र यसबाट रोजगारी र आम्दानीका अवसर पनि प्रशस्त सिर्जना हुन जान्छ ।

यातायातको पहुँच भएका आर्थिक, व्यापारिक, सामाजिक र सांस्कृतिक केन्द्रहरू बिस्तारै साना-ठूला शहरमा रूपान्तरित हुँदै जान्छन् । यसरी व्यवस्थित बसोबास भएका ठाउँहरूमा समाजलाई आवश्यक पर्ने पानी, बिजुली, अस्पताल, शिक्षण संस्था, कार्यालय आदि पुऱ्याउन पनि निकै सहज हुन्छ । विभिन्न बस्ती मिलेर शहर, शहरहरू मिलेर महानगर बन्छन् । एक कुनामा बस्ने मानिसहरूलाई आवश्यक सरसामान र सेवासुविधा प्राप्त गर्न अर्को कुनामा जान नपरेपछि आफैँ अनावश्यक हिँडडुल कम भएर जान्छ, जसले गर्दा शहरमा भीडभाड पनि कम हुन जान्छ ।

रेलमार्गको विकासले पनि मुलुकको समग्र विकासमा ठूलो मद्दत पुऱ्याउँदछ र यो वातावरणमैत्रीसमेत हुन्छ । हाम्रोजस्तो पहाडी मुलुकमा रोपवे र केबलकारको समेत ठूलैरूपमा विकास हुनु जरूरी छ । आजकल यस्ता बृहत् आयोजनाहरूसमेत निजी क्षेत्रले निर्माण र सञ्चालन गर्न सक्ने भइसकेको छ । यस्ता आयोजनाको निर्माण र सञ्चालनका निम्ति ठूला कम्पनीहरूको स्थापना गरेर आमजनतालाई समेत शेयरधनी बनाएर विकास कार्यमा सहभागी बनाउँदा निकै राम्रो हुन्छ । नेपालसँग सिमाना जोडिएका दुवै छिमेकीराष्ट्र भारत र चीनले विभिन्न रेल आयोजनामा सहयोग गर्ने बाचा गरिसकेका छन् र आउँदो एक दशकभित्र नेपालका विभिन्न महत्त्वपूर्ण ठाउँ रेल सञ्जालमा जोडिनेछन् भनेर आशा गर्ने अवस्थाको सिर्जना हुँदैछ हालको राजनैतिकस्थिरताको स्थितिलाई विचार गर्दा । आउँदा केही वर्षमा नै मधेशका विभिन्न जिल्लामा रेल चल्न थाल्ने भइसकेको छ ।

यातायातकै कुरा गर्दा नेपालमा हवाई यातायातको विकास पनि निकै नै भएको हो । भूपरिवेष्ठित मुलुकका लागि अन्तर्राष्ट्रिय हवाई सेवाले निकै ठूलो महत्त्व राख्दछ । धेरैपहिले हवाई सेवा सुरु गरेको भए पनि चरम भ्रष्टाचार र राजनैतिक हस्तक्षेपले गर्दा नेपालको राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्स खासगरी अन्तर्राष्ट्रिय हवाई सेवा क्षेत्रमा निकैपछाडि पर्‍यो । तर आज बिस्तारै हवाई क्षेत्रमा पनि केही राम्रा पहलकदमी हुन थालेकाले दर्जनौँ स्वदेशी विमान कम्पनीले आन्तरिक र बाह्य उडानहरू सफलताका साथ गरिरहेका छन् । नेपाल विश्वमा यस्तो मुलुक पनि हो जुन मुलुकमा आफ्नो सानो क्षेत्रफल र कठिन भौगोलिक बनोट भए तापनि क्षेत्रफलको हिसाबले सायद विश्वका अन्य देशमा भन्दा पनि धेरै विमानस्थलहरू छन् । विश्वका अति संवेदनशील र उच्चभूभागमा अवस्थित विमानस्थल पनि यहीँ छन् । कति गन्तव्यहरू पुग्न त विमानमा बसुञ्ज्यालसम्म ईश्वरको प्रार्थना नै गरिरहनुपर्ने कहाली लाग्दो परिस्थितिको सामना गर्नुपर्ने हुन्छ । कैयन् नयाँ तथा खारिएका विमान चालकले समेत आफ्नो अमूल्य ज्यान नेपालमा विमान चलाउँदा गुमाइसकेका छन् भने त्योभन्दा निकै बढी सङ्ख्यामा स्वदेशी र विदेशी यात्रुसमेत विमान दुर्घटनामा परेर दिवङ्गत भएका छन् । हुन त हवाई यातायात नै अन्य सबै यातायातका साधनहरूभन्दा सुरक्षित मानिन्छ र हो पनि । खैर, एकाध दुर्घटना भयो भन्दैमा विमानमा सफर गर्न नै डराउनुहुँदैन र विमानको सफरविना कैयन् गन्तव्य पुग्न व्यवहारिक दृष्टिले पनि सम्भव हुँदैन । धेरैजस्ता यस्ता दुर्घटना मौसम र प्राविधिक कारणले भएका हुन्, नत्र नेपाली विमान चालकहरूको कुशलतामा त कुनै शङ्का नै गर्नुपर्दैन । सरकारले विमान यात्राका लागि सबै विमानस्थल पक्की गर्नुका साथै यात्रुको सुरक्षा र चापलाई ध्यानमा राखेर आवश्यक उपकरणहरू र व्यवस्था मिलाउनु जरूरी छ । हुन त विगतमा पनि विभिन्न राष्ट्र जस्तै भारत, जापान, फ्रान्स आदिले हवाई सुरक्षा तथा सबै समय र मौसममा विमान उड्न र अवतरण गर्नका लागि त्रिभुवन विमानस्थल र अन्य विमानस्थलमा विभिन्न उपकरण जडान गर्न मद्दत पुर्‍याएकै छन् । हालै मात्र काठमाडौंको फुल्चोकीमा नेपालको पूरै भूभागलाई समेट्न सक्ने नयाँ राडार पनि जडान गरिएको छ । मुलुकमा संकलन गरिने हवाई यातायात कर होस् वा सडक कर होस्, वा अन्य कर किन नहुन्, ती जेका लागि असुली गरिएका हुन्, त्यस्ता रकमहरू छुट्टाछुट्टै कोषमा जम्मा गरेर राखेर परिआएको बेला तिनै पूर्वाधारहरूको मर्मत, सम्भार र विस्तारमा खर्च गर्न सक्ने हुनुपर्छ । तर यहाँ कुरा ठीक उल्टो हुन्छ । सबै राजस्व एउटै ढुकुटीमा हाल्यो र त्यो रकम जतातत‍ै बेहिसाब खर्च गर्‍यो । यस्तो बेथिति र

अरूको भरले कतिञ्जेल मुलुक चल्न सक्छ र !

विमानहरूको बढ्दो उडान र अवरतरणलाई त्रिभुवन विमानस्थलले धान्न निकै हम्मे परिरहेको छ । त्यसैले यसको विस्तार र स्तरोन्नति सकेसम्म छिटो गर्नुपर्ने हो तर चरम भ्रष्टाचार, योजना कार्यान्वयनमा ढिलासुस्ती र सरकारी अकर्मण्यताले गर्दा यस्ता कार्यहरू कहिल्यै ठीक समयमा हुँदैनन् । यो नै सबैभन्दा ठूलो विडम्बना हो । भएका विमानस्थलको विस्तार र स्तरोन्नति त गर्न नसक्ने हामीले अर्को वैकल्पिक विमानस्थल बनाउने सपना मात्र देखेर के गर्ने ! भएका विमानस्थलको विस्तार, मर्मत–सम्भार र वैकल्पिक विमानस्थल जुन निजगढमा बनाइने भनिएको छ, त्यसको निर्माण पनि छिटै सुरु गर्नु अति नै आवश्यक भइसकेको छ । हुन त भैरहवा र पोखरामा पनि क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलहरूको निर्माण कार्य भई नै रहेको छ र आउँदा एकाध वर्षमा त्यहाँ अन्तर्राष्ट्रिय उडानहरू हुने कुराको अब पक्कापक्की भइसकेको छ । भैरहवामा अन्य पर्यटकका साथै विश्वभरिका बौद्धधर्मावलम्बीलाई सीधा उडानमार्फत ल्याउन सके कति राम्रो हुने थियो । त्यस्तै पोखराको सौन्दर्यको मज्जा लिन विदेशबाट सीधै त्यहाँ पुग्न सकिने दिन पनि कहिले आउला, यसको व्यग्र प्रतीक्षामा छन्, खासगरी पर्यटन व्यवसायीहरू ।

पहिलो रोपवेको विकास भएको पचासी–नब्बे वर्ष भइसकेको भए पनि पछिल्ला समयमा नेपालमा यस्ता रज्जुमार्गहरूको विकास हुन सकेन । बरु सञ्चालनमा भएका समेत मासिइँदै गए । हिमाली क्षेत्रबाट स्याउ तथा अन्य कृषि उपज यस्ता साधनहरूबाट ढुवानी गर्न सके कति राम्रो हुने थियो ! त्यस्तै ठाउँ–ठाउँमा उत्पादन गरिने दूध, तरकारी, अनाज तथा अन्य खाद्य पदार्थ ढुवानी गर्न र कृषिको प्रवर्द्धन गर्न यस्ता रज्जुमार्गहरूको ठूलो सञ्जाल विछ्याउन पाए हाम्रा गाउँघरहरू कति समृद्ध हुन्थे होलान् ! यस्ता रज्जुमार्गहरू त मुलुकभित्रकै प्रविधि र स्थानीय स्रोतबाट नै बन्न सक्छन् । खाली होस्टेमा हैँसे गरिदिने स्थानीय निकायहरू र थोरै सघाइदिने सरकारी वचनबद्धता भए पुग्छ । केबलकार पनि दुई दशकदेखि एउटै मात्र थियो, मनकामनासम्म जाने । यो केबलकारको स्थापनापश्चात् मनकामना जाने स्वदेशी तथा विदेशीहरूको सङ्ख्या निरन्तर बढिरहेको छ भने यो भेगको आर्थिक र भौतिक विकास पनि निकै भएको छ । अब आएर धमाधम यस्ता यातायातका साधनमा लगानी बढिरहेको छ । काठमाडौंको चन्द्रागिरिमा केबलकार सञ्चालनमा नै आइसक्यो भने पोखराको सराङकोट र दोलखाको कालिञ्चोक भगवतीको मन्दिरसम्म छिटै

केबलकार पुग्ने भएको छ । यस्तै मुलुकका अन्य यस्ता गन्तव्यमा पनि केबलकार पुऱ्याउनु निकै जरूरी छ ।

नेपालमा यतिका धेरै नदीनाला छन् तर हामीले विरलै मात्र नदीजन्य यातायातको विकास गर्न सकेका छौँ । ठूला-ठूला नदीहरूमा भित्र-भित्रसम्म मोटरबाट चल्ने ठूला डुङ्गा तथा होभरक्राफ्टहरू चलाएर यातायात सुगम बनाउनुका साथै व्यवसाय र पर्यटन विकासमा पनि यस्ता यातायातका साधनहरूलाई उपयोगमा ल्याउन सकिन्छ । त्यस्तै विभिन्न ताल तथा पहाडी नदीमा पनि छोटा दूरीका यस्ता यातायातका साधनहरूको विकास गर्ने प्रचुर सम्भावना छन् । तर हामीले के पनि विचार गर्नुपर्छ भने विकासका नाममा पर्यावरण र ताल तथा नदीहरूको सौन्दर्य र शान्तपना नै ध्वस्त हुने काम भने गर्नुहुँदैन ।

नेपालमा हाल आएर यहाँ आउने विदेशी पर्यटकको सङ्ख्या बढाउन मुख्य अवरोध नै अन्तर्राष्ट्रिय विमानस्थलको कमी र भएका विमानस्थलहरूमा पनि आवश्यक उपकरण र आधारभूत सेवाको कमी र भ्याइनभ्याइको स्थिति नै हो । विभिन्नस्तरका होटलको सङ्ख्या मुख्य पर्यटक गन्तव्यहरूमा ह्वात्तै बढे पनि विमानस्थलको साँघुरोपनाले गर्दा धेरै पर्यटक नेपाल आउन सकेका छैनन् । जति पनि पर्यटक नेपाल भ्रमणमा आउँछन्, उनीहरूको बसाइ पनि निकै कम दिनको हुने गरेको छ । यसको मुख्य कारण पर्यटन सम्बन्धी पूर्वाधार तथा नयाँ गन्तव्यहरूबारे सोच कम हुनु र मनोरञ्जनका साधनहरूको कमी, बाटाघाटाको सञ्जाल थोरै हुनु र भएकाको पनि दुरावस्था, चरम प्रदूषण र राजनैतिक अस्थिरता नै हो । अहिलेका प्रमुख गन्तव्य भनेका काठमाडौं, पोखरा र चितवनको त्रिकोण र लुम्बिनी मात्र हुन् । खै पूर्वाञ्चलका इलाम, अन्तुडाँडा, ढापपोखरी, धनकुटा, हिले, भोजपुर, भेडेटार, कोसी टप्पु, जनकपुरको जानकी मन्दिर, दोलखा, पश्चिमका कैयन् वन्यजन्तु आरक्ष, कर्णाली, जुम्ला, रारा ताल, फोक्सुन्डो ताल आदि क्षेत्रलाई गन्तव्य बनाउन सकेको ? पर्यटकहरू गन्तव्यको एकतर्फी यात्रा मोटरगाडी, रेल आदि यानि स्थलमार्गबाट गर्न रूचाउँछन् भने फर्कँदा हवाईमार्गबाट । स्थलमार्गबाट विभिन्न ठाउँ तथा त्यहाँका संस्कृति, रहनसहन, प्राकृतिक सौन्दर्य हेर्दै यात्रा गर्नुको मज्जा नै अर्कै हुन्छ तर त्यसका लागि सर्वप्रथम सडक राम्रो अवस्थाको हुनुपर्‍यो, यात्रा पनि सुरक्षित हुनुपर्‍यो, हराभरा, स्वच्छ वातावरण तथा हेर्न लायकका दृश्य, ठाउँ-ठाउँमा शौच गर्ने राम्रो व्यवस्था, खानपिनको राम्रो व्यवस्था र स्थानीय वस्तुहरूको विनाठगी किनमेल गर्ने वातावरण पनि भयो भने सुनमा सुगन्ध नै हुन्छ ।

अन्तर्राष्ट्रिय विमानस्थलको सङ्ख्या बढाउनु, भएकाको क्षमता बढाउनु, स्थलमार्गबाट आउनेहरूका लागि सडक तथा रेल सञ्जालको राम्रो विकास गर्नु, ठाउँ–ठाउँमा केबलकारको निर्माण गर्नु, नयाँ तथा पुराना पर्यटक गन्तव्यहरूको प्रचारप्रसार तथा यात्राका लागि सर्वसुलभ माध्यमहरूको विकास गर्नु, मनोरञ्जनका साधनहरू जस्तै फन तथा अम्युजमेन्ट पार्क, चिडियाखाना, रात्रि बजार तथा खुला रेस्टुरेन्ट, संग्रहालय, आर्ट ग्यालरी, साहसिक पर्यटनका साधन, सांस्कृतिक कार्यक्रम, सडक मनोरञ्जन तथा मेला आदिको राम्रो व्यवस्था गर्न सकेमा पर्यटक आगमन बढाउन र बसाइ लम्ब्याउन सकिन्छ । अहिले नेपाल आउने विदेशी पर्यटकहरू खासगरी अन्य मुलुकको भ्रमणमा जाँदा नेपाल पनि गइहालूँ भनेर आउने अधिक छन् । अब हाम्रो कोसिस स्तरीय विदेशी पर्यटकहरूलाई नेपाल नै जाने भनेर हाम्रो देशलाई प्रथम गन्तव्य बनाएर आउने बनाउन सक्ने हुनुपर्‍यो । यसो हुँदा उनीहरूले यहाँको बसाइमा निकै धेरै खर्च गर्ने थिए । त्यस्तै भारतीय र चिनियाँ पर्यटक अझ धेरै भित्राउन सक्नुपर्छ ।

धार्मिक पर्यटनका निम्ति धेरै काम गर्न अझै बाँकी छ । पहिला धार्मिक पर्यटनस्थलहरूको पहिचान र तिनको राम्रो व्यवस्थापन गर्नुपर्‍यो, र त्यसपछि त्यस्ता स्थानमा जाने प्याकेजहरू बनाउनुपर्‍यो । हिन्दू र बौद्ध धर्मावलम्बीहरूलाई यसरी प्याकेज बनाएर विभिन्न धार्मिकस्थलको भ्रमण गराउन सके धार्मिक पर्यटनबाट पनि मुलुकले ठूलै लाभ लिन सक्छ । पर्यटनको माध्यमबाट विदेशी मुद्रामात्र कमाउने नभई, स्थानीय वस्तु र सेवाको बिक्री गरेर रोजगारीको सिर्जना गर्नसमेत ठूलो मद्दत मिल्छ । नेपालमा सनातन र बौद्ध धर्म मान्नेहरूका लागि अति महत्त्वपूर्ण तीर्थस्थल धेरै सङ्ख्यामा छन् । ती स्थलहरूमा पुग्नका लागि सुगम यातायात व्यवस्था, सुलभ बासस्थान, सफा तथा स्वस्थकर खाना तथा पूजाआजाको राम्रो व्यवस्था गर्न सके धेरै धार्मिक पर्यटक आउने थिए । त्यस्तै आउन नसक्नेहरूका लागि ई–पूजाको पनि बन्दोबस्त मिलाउनुपर्छ सबै तीर्थस्थलमा र उनीहरूका निम्ति गरिदिएको पूजाको भिडियोसमेत इन्टरनेटमार्फत पठाइदिने बन्दोबस्त हुनुपर्छ । त्यस्तै आजकल बुद्ध, शिव, मञ्जुश्री आदिका विशाल मूर्तिहरू कुँदेर विभिन्न पार्कमा स्थापना गर्ने तथा विभिन्न ठाउँमा भ्युटावर निर्माण गर्ने चलन पनि चलेको छ । साँगाको शिवजीको विशाल मूर्ति होस् वा पोखराको बौद्ध गुम्बा होस्, त्यहाँ पुगेर पूजा तथा अवलोकन गर्ने स्वदेशी तथा विदेशी पर्यटकको भीड दिनानुदिन बढ्दैछ । पूर्वको भेडेटार र दमकमा पनि यस्ता

विशाल बौद्धमूर्तिहरू स्थापना हुनेक्रममा छन् ।

आन्तरिक पर्यटकको सङ्ख्या दिन पर दिन बढ्दै गइरहेकाले आजकल पर्यटकीयस्थलका होटलहरू जुनसुकै बेलामा पनि खचिखचाउ भरिएका हुन्छन् । यस्ता होटलहरूले केही समयपहिलेसम्म पनि विदेशी पर्यटकमा मात्र भर पर्नुपर्ने हुन्थ्यो भने आज नेपाली नै उनीहरूका मुख्य ग्राहक हुन थालेका छन् । पर्यटकीय सम्भावना भएका गाउँघरमा झन् होमस्टे नै सुरु भएका छन् । आफू बसेका घरमा नै पाहुनाको सत्कार गर्नुका साथै उनीहरूलाई खासगरी गाउँका परिकारको स्वाद प्रदान गर्ने यस्ता घरायसी होटलमा सुविधाजनक बसाइको राम्रै प्रबन्ध गरिएका हुन्छन् भने तुलनात्मकरूपमा यिनीहरू सस्ता पनि छन् । बटुवाहरूलाई राती पिँढीमा बास दिने चलन परापूर्वकालदेखिको नै हो । भानुभक्तबारेको एउटा गीति कवितामा पनि "घरबेटी नानी, आँगनमा देऊ न मलाई बास" भनिएको छ । होमस्टे त्यस्तै सशुल्क बास बस्न पाइने आधुनिक सुविधायुक्त बन्दोबस्ती हो पर्यटन क्षेत्रमा ।

आन्तरिक पर्यटक तथा व्यवसायीहरूलाई लक्षित गरेर नै मुलुकका विभिन्न ठाउँमा महोत्सव आयोजना गर्ने होड नै चलेको छ आजकल भने वनभोजस्थलहरूको विकास पनि तीब्ररूपमा भएको छ । खाना महोत्सव, औद्योगिक मेला, पुष्प मेला, कृषि मेला, धार्मिक तथा पर्यटकीय मेला, आदिले गर्दा ती ठाउँहरूको भ्रमण गर्ने इच्छा सबै घुमन्तेमा जागेर आउने रहेछ । पूर्वमा कन्याम, माईपोखरी, राजारानी, भेडेटार, मूलघाट, बेतना सिमसार, आदि वनभोजस्थलका रूपमा प्रख्यात छन् भने पश्चिममा बूढीताल, घोडाघोडी ताल, टीकापुर पार्क, गोदावरी, मणिमुकुन्दसेन उद्यान, कर्णाली नदी किनार, ठाकुरद्वारा, ढकेरी, लुम्बिनी, दाउन्ने, आदि प्रख्यात छन् । प्रमुख पर्यटकीयस्थल जस्तै काठमाडौं, पोखरा र चितवनवरपरका स्थलहरूको त कुरै छोडौं । शहरी इलाकामा बसोबास गर्ने मानिसहरूमा वर्षमा केहीपटक एकाध रात कतै एकान्त र मनमोहकस्थलमा गएर बस्ने आदत पनि पर्दै गएको छ । यस्तो हुनुमा विभिन्न किसिमका सञ्चारका साधनले पनि ठूलो भूमिका खेलेका छन् ।

हामीले सगरमाथाको देश भनेर मात्र पर्यटकहरू आउँदैनन् । दक्षिण र दक्षिण-पूर्वी एसियामा मनोरम र सबै पूर्वाधारले भरिपूर्ण पर्यटक गन्तव्य निकै छन् । सगरमाथाको टाकुरामा पहिलोपल्ट सन् १९५३ को मे २९ तारिखमा तेन्जिङ नोर्गे शेर्पा र न्युजिल्यान्डका सर एडमन्ड हिलारी पुगेका थिए । उनीहरूभन्दा पहिले कसैले पनि

सगरमाथा चढ्न नसकेका भनिए पनि डेबिड म्यालोरी नामका बेलायतीले १९५३ भन्दा केहीअघि नै सगरमाथा चढेर फर्कनेक्रममा उनको मृत्यु भएको कुराले केही समयपहिले निकै चर्चा पाएको थियो । यसपछि करिब आठ हजारको हाराहारीमा विभिन्न देशका पुरुष, महिला, वृद्ध, विकलाङ्ग आदिले अनेकन रेकर्डसहित यो ८,८४८ मिटरको सगरमाथा आरोहण गरिसकेका छन् । यसको उचाइमा हालैको भयानक भूकम्पको प्रभाव कस्तो रह्यो भन्ने अध्ययन पनि हालै सुरु गरिएको छ ।

साहसिक पर्यटनको क्षेत्रमा पनि क्रमिकरूपमा विकास हुँदै गए पनि धेरै कार्य अझै गर्न बाँकी नै छ । त्यसैले हामीले नेपाल विश्वको अद्वितीय रमणीयस्थल हो भनेर गर्व गरेर मात्र पुग्दैन, बरु हामीसँग भएका यति धेरै प्राकृतिक सम्पदा र सम्पत्तिलाई कसरी पस्केर विश्वभरका पर्यटकलाई नेपाल जाऊँ–जाऊँ लाग्ने बनाउने हो, सोबारे विशेष ध्यान दिनु जरुरी छ । हामीले नेपाल आइसकेका पर्यटकहरूको बसाइ कसरी लम्ब्याउन सकिन्छ, र उनीहरूले नेपालबाट के–के सामान चिनोका रूपमा खरिद गरेर आफ्ना मुलुकमा लग्न सक्छन् भन्ने कुराको पनि निकै अनुसन्धान गर्नुपर्छ । केही वर्षअघिको मेरो जर्मनीको बर्लिन शहरको भ्रमणमा त्यहाँको ऐतिहासिक बर्लिन पर्खाल भत्काइएपछि त्यसका अवशेषहरूलाई काँचका आकर्षक भाँडाभित्र टाँसेर बेच्ने गरेको देख्दा निकै रमाइलो अनुभूति भएको थियो । के हामीले पनि धरहराका भग्नावशेषलाई यसैगरी काँचभित्र टाँसेर धरहराकै आकृतिमा बेच्न सक्दैनथ्यौँ त ? त्यति गरेको भए धरहरा पुनर्निर्माण गर्ने खर्च नै त्यसैबाट निकाल्न सकिन्थ्यो । तर अफसोच धरहराका भग्नावशेषका इँटाहरू सुरुमा टुडिखेलमा राखिएका भए पनि हाल आएर तिनको अत्तोपत्तो छैन भने बचेखुचेका सबै अवशेष टुँडिखेलमा डोजर लगाएर सम्याइसकिएको छ ।

नेपालले यातायात सञ्जालको दिगो विकास, प्रचुर मात्रामा विद्युत् उत्पादन, कृषि र सिँचाइको विकास, पर्यटन, दुर्गम ग्रामीण क्षेत्रका जनता, खासगरी किसान र उद्यमीहरूलाई सरल र सुलभ वित्तीय पहुँच तथा व्यावसायिक तथा प्राविधिक शिक्षाको विकासमा विशेष ध्यान दिन सक्यो भने यो मुलुक धेरै नै समृद्ध हुन सक्ने थियो । यीबाहेकका अन्य विकास कार्य माथि उल्लेखित क्रियाकलापहरूसँगसँगै आफैँ हुँदै जाने कुरा हुन् । हाम्रो देश दुई अति विशाल र विकासको खुड्किला चढिरहेका औद्योगिक राष्ट्रहरूका बीचमा अवस्थित भएकोले हाम्रो विकास यी दुई देशका विकासको लपेटाले नै हुन सक्छ । हाम्रा राजनैतिक पार्टीहरूले विकास, राष्ट्रियता,

वैदेशिक सम्बन्ध, राष्ट्रियस्तरका नीति, नियम र कार्यक्रमका बारेमा राष्ट्रिय सहमति कायम गरी जसको सरकार बने पनि यी कुरालाई प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्छ र भारत र चीनलाई कसरी मेलमिलापमा लान सकिन्छ, हाम्रो मुलुकको बाटो भएर यिनीहरूबीचको व्यापार कसरी बढाउन सकिन्छ, दुवै छिमेकीसँग समान मित्रता कसरी कायम गर्न सकिन्छ, के-के कुरामा उनीहरूसँग सहयोग माग्ने र के-के कुरामा उनीहरूलाई हानी नहुने गरी हामीले आफैँ निर्णय गर्ने हो त्यसबारे हाम्रा नेता, पार्टी, कर्मचारीतन्त्र र सरकार प्रमुखहरूले विशेष ध्यानका साथ सोच्नुपर्छ । यही नै हाम्रो सफल कूटनीति हुन सक्छ ।

बडामहाराज पृथ्वीनारायण शाहले विशाल नेपाल बनाउने उनको सपनालाई साकार बनाउन नेपालको एकीकरण अभियानको थालनी गरे भने उनका केही सन्तति र अनुयायीले उनको सपना साकार बनाउन ज्यानको बाजी राखेर लडे । आखिर नेपाल निकै ठूलो राष्ट्र बन्न सफल पनि भयो । तर त्यतिबेलाका शासकहरूमा कूटनीतिक चातुर्यको कमी, रणनीतिक योजना बनाउने खुबीको कमी र बाउ-बाजेले आर्जेको मुलुकको रक्षाभन्दा पनि मोजमज्जामा अधिक समय खेर फाल्न थालिएको तथा दरबारिया षड्यन्त्र र झैझगडा निकै नै बढेकाले हामीले हाम्रा वीर पुर्खाले रगतपसिना बगाएर गरेका बृहत् एकीकरणलाई बचाएर राख्न सकेनौँ र मुलुकको ठूलो भूभाग गुमाउन बाध्य भयौँ । तत्पश्चात् पनि दरबारिया षड्यन्त्रकै कारण कैयन् सपूतले अनाहक ज्यान गुमाउनुपर्‍यो र अन्त्यमा जङ्गबहादुरको उदय भयो । कोतपर्वको उत्पाती रक्तपातसँगै उनको हातमा शक्ति आएपछि पनि मुलुकमा १०४ वर्षसम्म हत्या, हिंसा, षड्यन्त्र, थिचोमिचो र मुलुकको प्राकृतिक स्रोत र सम्पत्तिमा चरम ब्रह्मलुट भए पनि वास्तवमा यिनै जङ्गबहादुरले मुलुकको शासन आफ्नो हातमा लिएर अङ्ग्रेजहरूलाई विभिन्न तरिकाले खुशी तुल्याएर सम्बन्ध सुधार गर्न सकेकाले नै आज हामी नेपाली भएर बाँच्न सफल भएका छौँ । नत्र भने त्यति नै बेला नेपाललाई अङ्ग्रेजहरूले भारतमा गाभ्ने थिए । नेपाललाई जोगाउन जङ्गबहादुरको ठूलो योगदान थियो भने उनका छोरा, भतिजाहरू फेरि मोजमस्ती र थिचोमिचो अनि ब्रह्ममलुटमा नै तल्लीन भएर बसे बाँकी राणाशासनको समयमा । यस दौरान माथि उल्लेख भएझैँ छिटफुट केही सुधारका काम र आफ्नै सुखसयलका निम्ति केही विकास कार्य भने भएका थिए ।

विक्रम संवत् २००७ मा नेपालमा राजा र जनता मिलेर राणाशासनको अन्त्य गरेपछि

भने नेपाल बल्ल खुला हुन पुग्यो । तर त्यसपछिका दिनहरूमा पनि राजा र नेताहरूको असमझदारी र नेपालको महत्त्वपूर्ण भौगोलिक अवस्थिति तथा उत्तरमा विशाल साम्यवादी मुलुक चीन भएकाले नेपालको राजनीतिमा बाह्य हस्तक्षेप र चलखेल बढ्दै गयो । तर नेपालका शासकहरूले यस्तो विषम तर प्रचुर अवसर भएको परिस्थितिलाई बुझेर यसबाट खासै फाइदा उठाउन सकेनन् र आजसम्म पनि कूटनीतिमा विफल नै भइरहेका छन् । मुलुकको कूटनीति र विकासका पूर्वाधार निर्माणमा राजा महेन्द्र, विश्वेश्वरप्रसाद कोइराला, टंकप्रसाद आचार्य र राजा वीरेन्द्रले निकै ठूलो भूमिका खेलेका हुन् त्यतिबेला । तर मुलुकभित्रको आपसी झैझगडा र फूटले गर्दा अरूले फाइदा लिने र चलखेल गर्ने मौका पाए यहाँ । तैपनि त्यतिबेला र त्यसपछि पनि विभिन्न राजनैतिक उतारचढाव भए तापनि नेपालमा केही न केही विकास कार्य भई नै रहेका छन् । आज आएर नेपालका जनता निकै सचेत भइसकेका छन् भने यस्तोस्थितिमा जनतालाई झुक्याएरै मात्र हिँड्छु भन्ने धारणाको कल्पनै गर्न सकिँदैन । धेरैजसा राजनैतिक पार्टी पनि राष्ट्रको विकासका लागि अब डटेर लाग्नुपर्ने समय आएको कुरामा सहमत छन् भने उनका पार्टी घोषणापत्रहरूमा पनि सकारात्मक कुरा र नयाँ विचारधाराले ठाउँ पाउन थालेका छन् । नयाँ पिँढीको संलग्नताको उदाहरण पनि हो यो । हामीले हाम्रो राष्ट्रले बिस्तारै विकास गरेर हाम्रा सन्ततिले सुखको अनुभूति गर्न पाउनुका साथै नेपाली हुनुमा गर्व गर्नेछन् भन्ने आधार के छ भने हालै करिब एक दशकसम्म राजनैतिक भाँडभैलोले गर्दा मुलुक गृहयुद्धमा जाकिए पनि आज तिनै राजनीतिज्ञहरूको सुझबुझले गर्दा नेपालमा नयाँ सङ्घीय गणतान्त्रिक संविधानअन्तर्गत विभिन्न चरणका निर्वाचन पनि सम्पन्न भए भने मुलुकमा शान्ति निकै हदसम्म बहाली भइसकेको छ । यो सब विदेशीको मद्दत वा विदेशबाट विशेषज्ञहरू आएर भएको नभई नेपालका यिनै नेता, बुद्धिजीवी, प्रशासक, सुरक्षाकर्मीहरू र जनताको साझा प्रयासले सम्भव भएको हो । भताभुङ्ग भएको अल्पविकसित राष्ट्रमा आफ्नै आन्तरिक प्रयासले शान्ति पुनर्बहाली भएको उदाहरण विश्वमा हाल आएर नेपाल मात्र नै होला ! त्यसैले पनि अब हाम्रा राष्ट्र निर्माणका नाइकेहरू धेरै अनुभवी भइसके वा अर्को अर्थमा खारिइसके भन्दा अत्युक्ति नहोला ! म हरेक नकारात्मक कुरालाई सकारात्मक तवरले हेर्ने आशावादी प्राणी भएकोले मेरो चश्मा दोषी भएको पक्कै होइन होला, हेर्दै जाऔँ !

मुलुकमा आएको आमूल राजनैतिक परिवर्तन, सङ्घीय संरचना, समावेशीकरण,

प्रजातान्त्रिक प्रक्रिया, व्यापक सचेतना र जागरूकताले गर्दा आउँदा दिनहरूमा हाम्रो गौरवशाली मातृभूमि नेपाललाई निकै विकसित र समृद्धताको बाटोतिर लम्कन मद्दत पुग्नेछ र आउँदा पिँढीले निकै सुखका साथ जीवनयापन गर्न पाउनेछन् भन्ने कुरामा कुनै शङ्का नै छैन । वश, राजनैतिक पार्टी, नेता र सरकार तथा सरोकारवालाहरूले एउटा प्रतिबद्धता जनाउनुपर्‍यो कि राष्ट्रिय स्वार्थ, अखण्डता, प्राकृतिक स्रोतको उपयोग, विकासका प्रमुख योजना तथा नीति, मुलुकको कूटनीति, छिमेकी राष्ट्रहरूसँगको सम्बन्ध र प्रजातान्त्रिक मूल्य र मान्यताहरूसँग अब आइन्दा कुनै खेलबाड हुने छैन र स्थापित भइसकेका यी मूल्य र मान्यताहरू जोजसका सरकार आए पनि यिनमा कुनै नकारात्मक परिवर्तन आउने छैन र यस्ता अहम् मामिलाहरूमा सधैँ राष्ट्रिय सहमति रहनेछ भनेर ।

# केही रमाइला क्षणहरू

योभन्दाअघिका अध्यायहरूमा मैले केही महान् व्यक्तिहरूका बारे, प्राकृतिक प्रकोप, भ्रमण, विकास, बसाइसराइ तथा अन्यबारे धेरै लेखेँ । हप्तामा छ दिन निकै काम गरेपछि सप्ताहान्तमा केही रमाइलो गरेर हलुका हुने सबको हक नै भएजस्तै ज्यादा अहम् मुद्दाहरूमा धेरै घोरिएपछि केही हल्काफुल्का कुरा गरेर मनका बोझ हटाउनु पनि अति नै आवश्यक हुन्छ । त्यसैले यो अध्यायमा म आफू र आफ्नाअगाडि विभिन्न कालखण्डमा घटेका केही रोचक घटनाहरूका बारेमा इमान्दारीपूर्वक वर्णन गर्नेछु । यहाँ उल्लेखित धेरैजसा घटनाहरू हामी युवावस्थामा छँदाका भएकाले केही अल्लारे र मदिरासँग सम्बन्धित कुराहरू बढी परेका छन् । सुरु पो बरु कताबाट गर्ने हो ! अँ याद आयो ।

**गाईलाई घाँस हाल्नु पर्दैन ?:** कुरा वि.सं. २०४२ तिरको हो । नेपाल टेलिभिजनको स्थापना भर्खरैमात्र भएको थियो । त्यतिबेला रेडियो नेपालबाहेक गीत-संगीत रेकर्ड गर्ने अन्य निकाय थिएनन् । रत्न रेकर्डिङ्ग संस्थानले कि त रेडियो नेपालमा नै वा भारतमा आफ्ना गीतहरू रेकर्ड गराउँथ्यो । रत्न रेकर्डिङ्ग संस्थानमार्फत गीत रेकर्ड गर्नु भनेको त्यतिबेला ठूलो गौरवको कुरा हुन्थ्यो किनकि सोही संस्थाले रेकर्ड वा क्यासेटको रूपमा गीतहरू बजारमा समेत पुऱ्याइदिन्थ्यो । त्यतिबेला रेडियो नेपालमा गीत गाउने र रेकर्ड गर्ने भन्ने कुरा पनि निकै ठूलो हुन्थ्यो । अहिलेजस्तो सयौँ एफएम रेडियो वा टेलिभिजन नभएको बरु रेडियो नेपाल एकमात्र रेडियो स्टेशन भएकाले गीत बजाउने निकाय त्यहीमात्र थियो । गायकहरूको स्वर परीक्षा हुन्थ्यो र उत्तीर्ण हुनेहरूले मात्र रेडियोमा गाउन र गीत रेकर्ड गराउन पाउँथे । म पनि

निकै मेहनत गरेर २०३८ सालमा स्वर परीक्षामा उत्तीर्ण भएको हुँ । यसका निम्ति वरिष्ठ संगीतकार शक्तिवल्लभले मलाई निकै अभ्यास गराएका थिए र पूर्वीय संगीतमा आधारित निकै कठिन गीत प्रस्तुत गरेको थिएँ मैले । त्यसपछि रेडियो नेपालमा मैले ४-५ वटा एकल गीत आफ्नो स्वरमा रेकर्ड गराएको छु भने कैयन् गीतमा संगीत पनि दिएको छु र अन्य सयौँ गीतमा गितार तथा अन्य वाद्यवादनका साजहरू बजाएर साथ दिएको छु । गाए र बजाएवापत निकै सानो रकम (एउटा रेकर्डिङ्गको १०-१५ रुपैयाँ) समेत प्रदान गर्दथ्यो रेडियो नेपालले । तर त्यो रकमले पनि विद्यार्थी जीवनमा ठूलो माने राख्दथ्यो ।

यस्तै बेलातिर मेरा गुरु अम्बर गुरूङका जेठा छोरा किशोर गुरूङले आफ्नै निवासमा एउटा सानो तथा रेडियो नेपालपछिको पहिलो निजी स्टुडियो चलाएका थिए । उनी पश्चिमी शास्त्रीय गितार वादनमा अमेरिकाबाट दीक्षित विद्यार्थी हुन् र संगीतका निकै ठूला ज्ञाता पनि हुन् । उनका भाइ राजु गुरूङ ड्रमका त्यस्तै ज्ञाता हुन् भने अर्का भाइ शरद् किबोर्डका । अम्बर गुरूङका तीनैजना छोराले अमेरिकाका महाविद्यालयहरूमा संगीत नै अध्ययन गरेका हुन् र आआफ्ना विषयका विश्वस्तरका ज्ञाता हुन् । उनकै घरमा एकजना सुनील पराजुली नामका युवा गायकको गीति एल्बमको काम भइरहेको थियो । मलगायत कैयन् गायक र वाद्यवादक यो काममा लागेका थियौँ महिनौसम्म । एकजना स्याक्सोफोन र कन्सर्टो फ्लुट बजाउने ब्यारी नामका अमेरिकी नागरिक पनि हामीसँगै काम गर्थे । अम्बर गुरूङ तथा उनको परिवार त्यतिबेला काठमाडौंको ज्ञानेश्वरमा भूतपूर्व प्रधानमन्त्री कीर्तिनिधि विष्टको घरसँगैको घरमा बस्दथे । सुनील पराजुलीको एउटा अलिक कठिन गीतको एकदिन रेकर्ड गर्ने काममा झन्डै पूरै दिन लाग्यो । बारम्बार त्यो गीतको रेकर्ड गर्दा-गर्दा सबैजना थाकिसकेका थिए । बल्लतल्ल एउटा टेक सही भयो । अनि हामी सबैजना खुशी भएर त्यो टेकलाई श्रवण गर्न बस्यौँ । सुनीलले निकै राम्रोसँग गाएका थिए त्यो गीत । तर गीतको अन्त्यतिर पुग्दा अकस्मात् केही हल्लाखल्ला पनि रेकर्ड भएको थाहा भयो । त्यो भागलाई फेरि बजाएर सुन्दा त त्यहाँ अर्कै स्वरबाट "गाईलाई घाँस हाल्नु पर्दैन ?" भनेर कसैले चिच्याएको आवाज पनि पो रेकर्ड भएको रहेछ । को रहेछ त्यसरी कराउने भनेर बाहिर गएर सुनेको त अर्को घरबाट कीर्तिनिधि विष्ट पो गोठालालाई गाली गर्दै रहेछन् । हामी सबैजना निकैबेर हाँस्यौँ र त्यो गीतको रेकर्डिङ्ग अर्को दिन पुनः गर्ने गरी बिदा भयौँ ।

कीर्तिनिधि विष्ट नेपालका वरिष्ठ राजनीतिज्ञ, इमानदार, मिलनसार तथा राष्ट्रप्रेमी

व्यक्ति थिए । उनी कैयन् पटक नेपालका प्रधानमन्त्री भए । राजा महेन्द्रका निकै मन परेका व्यक्ति थिए उनी र भनिन्छ, चितवनको दियालो बङ्गलामा राजा महेन्द्रको अन्तिम शय्या उनैको काख बनेको थियो, यानि कीर्तिबाबुकै काखमा राजा महेन्द्रले अन्तिम स्वास फेरेका थिए । राजा वीरेन्द्र पनि उनलाई निकै मन पराउँदथे तथा युवराज दीपेन्द्र पनि उनकै काखमा हुर्केका थिए ।

राजदरवारमा मात्र होइन, उनी विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई या पुष्पलाल, मनमोहन वा एउटा साधारण मान्छे जसका पनि प्यारा नै थिए । उनलाई चीनवादी भन्ने गरिन्थ्यो किनकि भारतीय सुरक्षा चौकी र सल्लाहकार नेपालबाट हटाउनमा उनको ठूलो हात थियो तर उनी आफैं भन्ने गर्दथे कि उनी कुनै छिमेकी देशतिर ढल्केका वा विरोधी भएका नभई उनले सधैं मातृभूमिको हितमा काम गरेका थिए भनेर । भारत वा चीनका राष्ट्राध्यक्षहरूसँग डटेर वार्ता गर्न सक्ने हैसियत पनि राख्दथे उनी । राजा ज्ञानेन्द्रको शासनको अन्तिम समयतिर उनी र डा. तुलसी गिरि संयुक्तरूपमा सरकार प्रमुख भएर काम गरे । यो कुराले उनीहरू अलिक बदनाम पनि भए । तर अनेक राम्रा काम गरेका भए पनि साना कुराहरूलाई लिएर सरकारले उनको मृत्युलाई कुनै साधारण व्यक्तिको मृत्युसरह लियो र उनको अन्तिम संस्कारमा राजकीय सम्मान दिन पनि ऊ चुक्यो । हुन त टंकप्रसाद आचार्यलाई पनि त्यतिबेला यस्तै अपमान गरिएको थियो । एउटा सानो फौजी अधिकृतको मृत्यु हुँदा त सेनाले कत्रो सम्मान दिएर बिदाइ गर्छ भने प्रधानमन्त्री भइसकेका व्यक्ति जो सधैं मातृभूमिका सच्चा सेवक भएर रहे, उनको यस्तो उपहास गरियो । उनको आत्माले चिर शान्ति पाओस् र उनी हाम्रो मन-मस्तिष्कमा सधैं बसिरहून् !

**सानो छँदाको दशैं** : साना छँदा दशैं-तिहारजस्ता चाडबाड हामी निकै उत्साहित भएर मनाउँथ्यौं । दशैंभन्दा केही महिनाअगाडि नै दशैंमा लगाउने कपडा सिलाउने काम सुरु हुन्थ्यो भने, दशैं आउने-आउने बेलातिरदेखि नै हामी चंगा उडाउने गर्दथ्यौं । विद्यालयको अन्तिम घण्टी बज्नेबित्तिकै दौडादौड हुन्थ्यो घर पुग्नका लागि । लुगा फेर्न र खाजा खान पाएको छैन, हामी लट्टाई र चंगा लिएर घरका कौसीतिर पुगिहाल्थ्यौं । म सानै भएकोले चंगामा कागजको पुच्छर हालेर पनि उडाउँथें । विभिन्न मन्दिरमा देवीहरूलाई बलि दिन दुईचार वटा बोका ल्याइएका हुन्थे घरमा । घरको काम सघाउनेहरूले "आज कुन बोका काट्ने सानोबाबु" भनेर जिस्कँदै सोध्दथे मलाई । म पनि फुरूङ्ग भएर योचाहिँ काट्ने भनेर देखाउँथें । आज यस्ता काटमारमा

रमाएका क्षणहरू सम्झेर मलाई एकदम पश्चात्ताप हुन्छ । हुन त हाम्रो घरमा यसरी बलि दिन बन्द गरेको २० वर्ष नाघिसकेछ । तर आजकल पनि मन्दिरहरूमा दशैँका बेला पशुबलि दिनेहरूको ठूलै भीड लाग्ने गर्छ । निर्मम बलिपश्चात् मन्दिर परिसरमा रहेका पशुका रौँ खुइल्याउने र सफा गर्ने ठाउँमा भीडभाड गर्दै आफूले लगेका पशुका शरीर र टाउका साटिएलान् भनेर निकै एकाग्रताका साथ आँखा यताउता गर्दै नगरी "ऊ मेरो टाउको, मेरो टाउको यता दिनुस्, त्यो मेरो आन्द्रा-भुँडी पनि यता दिनुस्" भनेको सुन्दा हाँसो र घृणा दुवै लाग्छन् । हुन त म पनि मांसाहारी नै हुँ र अरू बेला धेरै नखाए पनि दशैँमा रातो मासु निकै खान्छु । तर पशुबलि भने मैले छाडिसकेँ र सबैलाई छाड्न अनुरोधसमेत गर्दछु ।

त्यतिबेला र अहिले पनि दशैँको अर्को रमाइलो भनेको हल्का जुवा-तास खेल्नु हो । सानो छँदाको दशैँमा हाम्रा दिदी, दाइहरू तास खेल्न रूचाउँथे भने म लंगुरबुर्जा खेल्ने भनेपछि निकै खुशी हुन्थेँ । एकचोटि म र एकजना टोलको साथी भएर एकाबिहानै पञ्चकुमारीको मन्दिरअगाडि हामीजस्तै केटाकेटीहरूलाई लंगुरबुर्जा खेलाउन बस्यौँ । टोलमा एकजना हौडेदाइ भन्ने मानिस थियो । ऊ प्रत्येक शनिवार खसी काटेर मासु भाग लगाएर बेच्ने गर्दथ्यो । एक भागको २० रूपैयाँ । एक भागमा करिब दुई किलो मासु हुन्थ्यो । भागको मासुमा पशुको अंगको सबै भागको थोरै-थोरै मासु राखिएको हुन्थ्यो । त्यसैले यस्तो भागको मासु सबैले मन पराउँथे । त्यो दिन पनि हौडेदाइ दशैँमा काट्न भनेर खसी किन्न जान लागेको रहेछ । हामी केटाकेटीहरू दुईचार पैसा राखेर खेलिरहेको लंगुरबुर्जाको खालमा हौडेदाइ आएर पैसा थाप्न थाल्यो । यस्ता खेलमा प्रायः खेलाउने मान्छेले नै जित्दछ । त्यहाँ पनि त्यस्तै भयो । हौडेदाइ हार्दा-हार्दा खसी किन्न भनेर लिएर आएको ३५० रूपैयाँ सबै हार्‍यो । त्यतिबेला एउटा ठूलै खसी तीन-चार सय रूपैयाँमा आउँथ्यो तर आजकल त त्यस्तै वजनको खसीको मूल्य १५,००० रूयैयाँभन्दा कम छैन क्यार ! एकछिनमा हौडे दाइकी बूढी आएर उनलाई निकै गाली गरिन् । हामी दुईभाइ निकै प्रफुल्लित भएर घरतिर लाग्यौँ र जितेको पैसा आधा-आधा बाँड्यौँ । पछि मेरी माताको कानमा यो कुरा परेछ र मलाई निकै हप्काउनुभयो । आज पनि त्यो कुरा सम्झँदा हाँसो पनि उठ्छ र हौडेदाइ सम्झेर माया पनि लाग्छ । दशैँमा मामाघर जाँदा पनि खिचापोखरीको एउटा कुनामा खेलाउने लंगुरबुर्जाको खालमा म गइरहन्थेँ । दशैँमा डमरु बजाउन पाउँदा पनि निकै खुशी लाग्थ्यो ।

प्रत्येक शनिवार बिहान चार बजे नै हौडेदाइ डिल्लीबजारको कुमारीस्थानअगाडि खसी डोऱ्याउँदै आएर पानी तताउन थाल्थे र खसी काट्ने बेला भएपछि त्यहाँबाट करिब ३०० मिटर टाढा रहेको उनको डेरामा सुतिरहेको छोरालाई "ए मोरो सुरे छिटो आइज, खसी समात्ने बेला भयो, सुरेकी आमा पनि आइहाल्" भनेर चिच्याउँथ्यो । जवाफमा छोरा सुरे पनि "हुन्छ बुवा, म आइहालेँ" भनेर कराउँथ्यो । यी दुई बाउ-छोराको दूर-संवाद सुनेर पूरै टोल उठ्दथ्यो, अनि हौडेदाइको खसीको मासुको भाग सुरक्षित गर्न इच्छुक टोलवासी ऊ भएतिर जान्थे । आज हौडेदाइ कता बस्छन् कुन्नि, जीवित पनि छन् या छैनन् !

दशैंको अर्को रमाइलो पक्षचाहिँ घरमा बन्ने मीठाई, खाना तथा अचारहरू थिए । हाम्री माताले दशैंको बेला पारेर फुरनदाना, खट्टे, लालमोहन, रसबरी, गुलियो र नुनिलो निम्की, सेल, पुरी, गोजिया, मूला र काँक्राको अचार, आदि बनाउनुहुन्थ्यो । यी मीठा खानेकुराहरू बनाउन उहाँलाई सहयोग गर्न केही सहयोगी हातहरू पनि सामेल हुन्थे । हामी तीनभाइ मिलेसम्म खुसु-खुसु भण्डार कोठामा गएर खासगरी लालमोहन र रसबरी चोरेर खान्थ्यौँ, दशैं आउनुअगावै । एकचोटि जेठो दाइले साथीहरू बोलाएर अलिक धेरै नै लालमोहन र रसबरी झिकेर खुवाएछन् । भोलिपल्ट माताजी आएर हेर्दा त भाँडाहरू रित्तै । कसले चलाएको भनेर सोध्दा कोही बोलेनन् र सुटुक्कसँग जेठोदाइ फरार भए । माताको होहल्लापछि पिताजीले थाहा पाउनुभएछ । मलाई र माहिला दाइलाई बोलाएर सोध्नुभयो । हुन त हामीले पनि केही डल्ला लालमोहन र रसबरी चोरेर खाएका थियौँ तर हामी दुवैले थाहा छैन भन्यौँ । अनि हाम्रा पिताजीले मुस्कुराउँदै "मलाई पनि थाहा छैन, तर तिमीहरूबाहेक अरू कसले झिकेर खायो होला त । लौ खाई हालेछौ तिमीहरूले, अब फेरि बनाउनुपर्ने भयो, त्यसैले यो लालमोहन र रसबरीको चास्नी पनि तिमीहरू नै खाऊ, किन खेर फ्याँक्ने ?" भनेर भाँडा उठाएर हाम्रो शिरदेखि खनाइदिनुभयो । हामी दुईजना दाजुभाइ चास्नीमय भयौँ । म रून थालेँ भने माहिला दाइ टाउको निहुराएर हाँस्न थाल्यो । पिताजी त्यहाँबाट फर्केको केही छिनपछि जेठादाइ आएर हामीलाई हेरेर खुबै हाँस्न थाले । खास बदमास उनी थिए तर सजाय हामीले मात्र भोग्नुपऱ्यो ।

**धरानको एक्लोपना** : धरानमा म चार वर्षसम्म बैंकको काममा बसेँ । एक्लै बस्नुपरेपछि बेला-बेलामा एकदम नरमाइलो हुने । खासगरी बिदाका दिनहरूमा र बेलुकीका एकाध घण्टा निकै एक्लो भइने । बेलुकी काम सकेर एक-एकजना गर्दै

बैंकका कर्मचारीहरू घर जान थालेपछि न्यास्रो लाग्नुका साथै घरपरिवारको सम्झना आउन थाल्थ्यो । त्यतिबेला अहिलेजस्तो सामाजिक सञ्जाल जस्तै फेसबुक, ट्विटर, आदि थिएनन्, त्यसैले पनि मन बहलाउन निकै मुस्किल हुने । केहीपछि भने पुस्तक पढ्ने र गीतसंगीत साधना गर्ने आदत पनि बसाउन थालैँ । यस्तो परिस्थितिलाई पार लगाउन मदिराको पनि सहारा लिँदा रहेछन् मदिरा प्रेमीहरू । हुन त यस्ता मदिरा प्रेमीहरूलाई सोध्यो भने उनीहरूले जेसुकै समस्याको समाधान पनि यसैको सेवनले हुने ठोकुवा गर्छन् । मैले पनि त्यो बिरानो वातावरणबाट पार पाउन निकै महिना मदिराको सहारा लिएँ । लामो बिदामा काठमाडौंमा परिवारसँग बसेर उता फर्केको दिन झनै नरमाइलो लाग्थ्यो । अनि बेलुकी भएपछि हाम्रा विशेष अखडाहरू थिए जहाँ हामी साथीहरू जम्मा भएर पिउने काम गर्थ्यौँ । एकजना रितेश श्रेष्ठ छन् जसको रेस्टुरेन्टमा निकै चिसो बियर पाइने र पिउन पनि विभिन्न बैंकका कर्मचारी, वीपी अस्पतालका डाक्टरहरू तथा हामीले चिनेका धरानका धेरै युवाहरू आउँथे । गफ, मदिराको चुस्की अनि सुकुटीदेखि बङ्गुर तथा कुखुराका परिकार र भटमास । मज्जा नै अर्कै । अनेक किसिमका गफ, हँस्सी, ठट्टा र कहिले को झ्याप त कहिले को । त्यस्तै अर्को रेस्टुरेन्ट सुदर्शन भाइले खोलेको । कुखुराको पांग्रा, पखेटा र फिला पोलेको र भटमास साँधेको, साथमा विभिन्न किसिमका मदिरा र बियर । अनि नानाथरीका कुरा । समय कटेको त थाहा नै नहुने ।

बाहिर धेरै पिइन्छ भनेर एकताका खानेकुराहरू किनेर घरैमा पिउन थालैँ । एकदिन त बोतलमा चिनो पनि लगाएर लौ आज यत्तिमात्र पिउने भनेर पिउन सुरु भयो । पिउँदै जाँदा कस्तो हौसला बढ्दै जाने । भोलिपल्ट बिहान उठ्दा निकै टाउको दुखेको । म छक्क परेँ ! बोतलमा चिनो लगाएर पिउँदा पनि किन टाउको दुखेको होला, माल नक्कली परेछ कि क्या हो भनेर बैठक कोठामा गएर बोतल हेर्छु त केको नक्कली हुनु, जति पिउँछु भनेर चिनो लगाएर राखेको थिएँ, त्यतिमात्र बोतलको तल झरेर बसिरहेको रहेछ । नपिउनु पर्ने सबै पेटमा गएपछि मेरो टाउको नदुखेर कसको दुखोस् त !

धेरै पिएर सुतेको दिन आधा रातमा शौचालयमा गएर ऐनामा आफूलाई आफैँ गाली गर्थें म । "थुक्क मोरो, घिच्न नै नपाएको जस्तो कति कुकुरको मूत घिच्छस्" अनि फेरि अर्को मनबाट "अबदेखि साँच्ची यसरी पिउँदिन, प्रमिस" पनि भन्थें । यो कुरा सकिन नपाउँदै फेरि अर्को मनले "पिउँदैनस् मोरो । हरेक जँड्याहाले बिहान भन्ने

कुरा यस्तै नै हो । कुकुरले गुहु खान छाड्छ र तैंले जाँड छाड्ने ?" लगत्तै अर्को मनले "साँच्चि खान्न अबदेखि पत्या न भन्या" भन्थ्यो । आखिर यी सब कुरा आफ्नै मनबाट आएकाले भरे बेलुकी फेरि पिउने ठाउँ राख्न अर्को मनले "ल भैगो अबदेखि त्यसरी नखा है त ? अबदेखि थोरै खानू" भन्थ्यो । अनि म ऐनामा हेरेर एकछिन मुस्कुराएर कोठातिर जान्थेँ ।

एकदिन त नयाँ साल मनाएको, बिदाको दिन भनेर दिउँसै धेरै बोतल बियर पिइएछ साथीहरूसँग बसेर । बैंकका गार्डहरूले पिएर आएको थाहा पाउलान् र बेइज्जत होला भनेर बियरले ठीक्क लाग्दा नै म केही बोतल घरमा गएर पिउनलाई स्टक किनेर बैंकको माथिल्लोतलामा अवस्थित मेरो बासस्थानमा लागेँ । त्यो दिन पनि टेलिभिजन हेर्दै चिसो बियर एकाध बोतल पिएर म सुतेँ । वास्तवमा म बेलुकीको छ बजे उठेको रहेछु निन्द्राबाट तर मैल त बिहानको छ बजेको जस्तो पो ठानेछु । सधैँ बिहान पाँच बजे घुम्न निस्कन्थेँ, लौ ढिलो भयो भनेर हत्त न पत्त दाँत माझेर कसरत गर्ने कपडा र जुत्ता पनि लगाएँ । बाहिर यसो हेर्छु त अरूबेलाको बिहानभन्दा अलिक हल्ला बढी सुनियो, अनि माथि कौसीमा गएर पनि नजर दौडाएँ । भानुचोक अरूबेला बिहान धरानबाहिर जाने बसहरूको हर्न बजेर व्यस्त हुनेमा आज त रिक्सैरिक्सा र मान्छेको भीडमात्र छ बा ! यस्तो त दिउँसो र बेलुकामात्र हुन्थ्यो । फेरि तल कोठामा गएर घडी हेरेँ, सवा छ बजेको छ । अब कसलाई सोध्ने अहिले बिहान हो कि बेलुका हो भनेर । तल बैंकका गार्डहरूलाई सोधौँ भने के भन्ठान्लान्, काठमाडौंमा श्रीमतीलाई फोन गरेर सोधौँ भने उल्टै गाली खाइने, अब परेन फसाद ! रञ्जित भाइ, जो धरानमा सुरुमा पुगेको केहीदिनपछि चिनाजानी भएको थियो, हो उसैलाई सोध्नुपर्‍यो भनेर फोन लगाएँ, सधैँ अबेलासम्म सुत्न मन पराउने भाइले दुई कलमा नै फोन उठायो । यो फेरि अर्को आश्चर्य ! तैपनि सोध्छु जे पर्ला उसैगरी टर्ला भनेर "रञ्जित भाइ एउटा कुरा सोध्छु, तर यो कसैलाई पनि नसुनाउनू है" भनेँ, उसले "भन्नुस् न दाइ के कुरा हो" भन्यो । मैले "भाइ अहिले बिहान हो कि बेलुका हो" भन्दा "हे दाइ, म यहाँ दिनभरि पट्यार लागेर बसिरहेको छु, दाजुचाहिँ एक्लै नयाँ साल मनाएर एक निन्द्रा सुत्न पनि भ्याइसकेको ? अहिले बेलुकी हो दाजु बेलुकी, पर्खनुहोस् म आइहाल्छु अनि दाजुभाइ गएर मोहनको बाबाको दुकानमा एकाध बोतल चिसो फेरि पिउनुपर्छ" भनेर फोन राख्यो । म पनि छक्क परेर त्यही बिहान हिँड्ने कपडा र जुत्तामा नै तल ओर्लेँ । टोलका चिनेजानेका युवाहरूले "कता दाइ ? बेलुकीको

घुमफिरमा ?" भनेर सोधिहाले, गफ गर्न त हामी पनि के कम र हत्त न पत्त "आज नयाँ वर्षको सुरुआत भाइहरू, सकेसम्म र भ्याएसम्म आजदेखि बेलुकी–बेलुकी पनि घुम्न निस्कूँ कि भनेर नि ।" भनिहालेँ । "सकेसम्म र भ्याएसम्म" भन्नुको आशयचाहिँ भोलिबाट फेरि मलाई कसरत गर्न बेलुकी निस्केको देखेनन् र सोधे भने "काम धेरै हुने, निस्किनै नपाइने भन्या" भन्न पनि पाइने भएर उम्कने ठाउँ राखेको थिएँ । यत्तिकैमा रञ्जित भाइ आइपुग्यो र दाजु-भाइ फेरि दारु अड्डातिर चल्यौँ ।

**मोटापाले हद नाघेपछि :** धरानमा एकजना दाइ थिए जसलाई म निकै आदर हेर्ने गर्दथेँ । अहिले त उनी परलोक भइसके तर मेरो धरान बसाइको दौरान उनीसँग म दिनहुँजसो भेट्ने गर्दथेँ । शिक्षा मन्त्रालयको जागिरबाट अवकाश पाएका उनी केही समय धनकुटाको जिल्ला शिक्षा कार्यालयमा पनि सरुवा भएका रहेछन् । सानो कदका उनी एकताका ज्यादा मोटाएर १२० किलोसम्मका भएका रहेछन् । अब भएन भनेर धनकुटा छँदा नै खानपिन कम गरेर हरेक बिहान सूर्योदय हुनुभन्दापहिला नै धनकुटा बजारको उकालीओराली सडकमा हिँड्न थालेछन् । एकदिन ठन्डी अँध्यारोमा नै कालो लुगा, कालै जुत्ता र पञ्जा अनि कालै टोपी लगाएर सधैँझैँ ओरालो बाटोमा हिँडिरहेका बेला पर पछाडिपट्टि ढ्याङ्ग दूधको भाँडा पोखिएको झैँ आवाज आएछ । एकछिन अडिएर केही नदेखिएपछि उनी अगाडि बढेछन् । हिँड्न पुगेर फर्केर त्यही ठाउँनिर आइपुग्दा त्यहाँ निकै मान्छे जम्मा भएका र दूधको भाँडा लडेर दूध छर्पस्ट पोखिएको देखेछन् । नजिकै मान्छेहरू कुरा गर्दै रहेछन् कि झिसमिसे अँध्यारोमा नै त्यो ठाउँमा कताबाट कालो भालु आएकोले दूधवालाले भरिएको दूधको भाँडा नै फ्याँकेर भागेछ । हाम्रा ती दाइले आफ्नो शरीर माथिदेखि तलसम्म हेरेछन् । स्थूल, डल्लो, पूरै कालो र झट्ट हेर्दा भालुजस्तै । अरूहरूले उनलाई देखेर हाँस्नुभन्दापहिले नै उनी हत्त न पत्त टोपी र पञ्जा फुकालेर बिस्तारै त्यो ठाउँबाट सुईँकुच्चा ठोकेछन् । वास्तवमा अँध्यारोमा त्यो दूधवालाले उनलाई नै भालु भन्ठानेर दूधको भाँडा फ्याँकेर भागेको रहेछ ।

**बालसखाको ज्यादती :** मेरो एकजना बालसखा छ, जो अरूबेला निकै भद्र भए पनि जब मदिरा रगतमा दौडन थाल्छ, ऊ अति नै उग्र स्वभावको भइदिन्छ । बीचमा मदिरा छुँदै नछुने कसम खाएको पनि थियो, तर लुकीछिपी पिउनेचाहिँ गरिरहेको रहेछ । यस्तै केहीवर्षअघिको कुरा हो, मेरै घरमा भएको एउटा रात्रिभोजमा उसलाई मैले मदिरा शाखाको जिम्मा दिएको थिएँ, किनकि उसले पिएको नदेखेको निकै भइसकेको

थियो र हाम्रो घरका सबैलाई ऊ निकै बदलिइसकेको छाप परेको थियो । भोज सुरु भएको केही समयपछि ऊ अकस्मात् बाहिर प्रकट भयो र उसको भावभङ्गीमामा पनि ठूलो परिवर्तन आइसकेको मैले महसुस गरेँ अनि उसको नजिक के पुगेको मात्र थिएँ, ऊ आफैँले, जिब्रो लरबरिएको स्वरमा "मैले रक्सी खाएँ भनेर हेर्न आएको होलास् होइन, अलिकति पिएको मात्र हो" भन्यो । मैले उसलाई "हेर्, यहाँ आएका कसैले पनि तेरो उग्ररूप देखेका छैनन् त्यसैले बिन्ती छ तँ भित्र गएर केहीबेर आराम गरेर बाहिर आइज" भनेँ । ऊ मसँग झोक्किएर भित्र गयो र आरामको साटो त झनै रक्सी थपेर निकै मातिएर पो निस्केछ ! उसकी श्रीमतीले निकै सम्झाउन खोज्दा ऊ नमानेर एकछिन घुमेर आउँछु भनेर बाहिर निस्कियो । घरमा धेरै पाहुनाहरू आएकाले मैले पनि पछि ख्याल राखेनछु । केही समयपछि एकजना साथीले फोन गरेपछि पो म झसङ्ग भएँ । त्यो साथीले फोन गरेर त्यो मातिएको साथीको त भर्खरै ठूलो गाडी दुर्घटना भयो भनेर सुनायो । म स्तब्ध भएर घरमा चलिरहेको भोज नै छोडेर घटनास्थलतिर गएँ । उसले रक्सीको सुरमा गाडी कुदाएर सडकमा राखिएको डिभाइडर आठवटा ढालेछ र त्यो आठौँ डिभाइडर एउटा ट्याक्सीमा गएर बजारिँदा ट्याक्सीको अगाडिको भाग नराम्ररी कुच्चिएछ । उसको गाडीको पनि अगाडिको भाग हेर्नै नसकिने गरी कुच्चिए पनि ऊ र ऊसँग गएको अर्को व्यक्तिलाई कुनै चोट लागेनछ । म त्यहाँ पुग्दा त्यो ठाउँ रणभूमिजस्तो देखिएको थियो र उसको गाडीलाई क्रेनले तानेर लग्ने काम भइरहेको थियो । उसको अत्तोपत्तो थिएन । मेरो त हंसले नै ठाउँ छोड्यो । नजिक हिँडिरहेको ट्राफिक प्रहरी भाइलाई सोधेँ, त्यो गाडी हाँक्ने मान्छेलाई कता लगेको छ र उसलाई चोटपटक लाग्यो कि लागेन भनेर । उसले त्यो व्यक्तिले निकै मदिरा सेवन गरेको रहेछ र भाग्यले त्यसको ज्यान बचेको कुरा बताए र उसलाई त्यहाँ नजिकको थानामा लगिएको पनि बताए । उनकै भनाइअनुसार केही समयपहिले त्यो ठाउँमा दुईवटा डिभाइडरलाई ठक्कर दिँदा एउटा जिप पल्टेर त्यसको चालकको मृत्यु नै भएको थियो रे ! उनीसँग केहीबेर कुरा बुझेर म उसले भनेको थानामा गएँ र थानाका प्रमुखसँग त्यो साथीको बारेमा सोधपुछ गरेँ । तिहारको बेलामा त्यस्तो दुर्घटना काठमाडौंका धेरै ठाउँमा भएको रहेछ । थानाका प्रमुखले पनि हेर्दा भलाद्मी देखिए पनि त्यसरी मदिरा सेवन गरेर गाडी चलाउन नहुने, तै कसैलाई पनि चोटपटक लागेन । अब उसको स्वास्थ्य परीक्षण गरेर भोलिपल्ट सम्पूर्ण हानीनोक्सानीको लेखाजोखा र सो रकम भुक्तान गरेपछि मात्र आइन्दा यस्तो कार्य नगर्ने लिखित सर्तमा उसलाई छाड्न सकिने कुरा बताए । मैले अस्पताल लगेर

परीक्षण गरौँ र म उसलाई लिएर जान्छु अनि भोलि थानामा पेस गर्छु भनेर आग्रह गरेपछि उनले वाकीटकीबाट आफूभन्दा ठूला हाकिमलाई सोधे अनि मतिर फर्केर त्यसो गर्न मिल्ने तर मैले लिखितरूपमा जिम्मा लिएर लग्नुपर्ने र भोलि ऊ थानामा हाजिर हुन नआएमा मलाई अप्ठ्यारो पर्ने पनि बताए । मैले मन्जुर गरेँ । यत्तिकैमा ती थानाका प्रमुखको कार्यालयबाट गीत गाएको आवाज आयो । हामी दुवैजना छक्क परेर उनको कार्यालयमा पुग्दा त एउटा अचम्मको दृश्य देख्यौँ । त्यही साथीलाई अस्पताल लग्ने भनेर थाना प्रमुखको आदेशमा बन्दी कक्षबाट सो कार्यालयमा ल्याएर राखिएको रहेछ र उसलाई कुरेर बस्न एकजना महिला प्रहरीलाई राखिएको रहेछ । त्यो मेरो साथीले त मदिराको सुरमा गीत गाएर ती महिला प्रहरीलाई जिस्काइरहेको पो रहेछ ! उनीचाहिँ कुर्सीमा बसेर उसको हर्कत देखेर छक्क परेर बसिरहेकी । गीत पनि "घुम्तीमुनि लेट भयो, सानी नानीलाई बाटैमा भेट भयो" भन्ने गाइरहेको ! सो कोठामा पुग्नेबित्तिकै उसको अगाडि गएर एक चड्कन गालामा हानेँ मैले अनि फेरि केटाकेटीजसरी रुन थाल्यो । त्यहाँ उपस्थित सबैजना हाँस्न थाले । मैले सो महिला प्रहरीसँग माफी पनि मागेँ तर उनले "यस्तो कुरा भइरहन्छ दाजु, केही भएको छैन" भनेर कस्तो भद्र जवाफ दिइन् ।

उसलाई वीर अस्पतालमा मदिरा सेवन गरेको प्रमाणित गर्न लगियो । त्यहाँ पनि गीत गाउँदै ऊ आकस्मिक कक्षतिर प्रवेश गऱ्यो, एकातिर म र अर्कातिर एकजना प्रहरीको साथमा । त्यहाँ ड्युटीमा बसेका चिकित्सकले उसको मुख सुँघेर नै "ल ल भयो भयो, उसले मदिरा सेवन गरेको छ, बाहिर लग, उसले भित्र सबै बिरामीलाई डिस्टर्ब गर्छ, म लेख्दिहाल्छु" भनेर बाहिर पठाए । बल्ल-बल्ल अबेला राती मैले थानामा गएर उसको जिम्मा लिएको कागजमा हस्ताक्षर गरेपछि उसलाई भोलि हाजिर गराउने सर्तमा मेरो जिम्मामा छोडिदिए । घर फर्कँदा, भोज सकिएर सबै गइसकेका । उसकी श्रीमती रोइरहेकी । बत्ती पनि रहेनछ । मैनबत्ती बालेर उसकी श्रीमतीले उसलाई र मलाई खाना तताएर ल्याइदिइन् । उसलाई अझै पनि रक्सीले छाडेको थिएन । ऊ एकदम खुशीको मुद्रामा थियो । मैनबत्ती बलेको देखेर पनि "क्यान्डल लाइट डिनर ? वाह" भन्यो । उसकी श्रीमती रिसाएर अब घिच्ने कि नघिच्ने भनेर गाली गरेपछि एकाध चम्चा खाना खाएर बैठक कोठामा नै घुप्लुक्क सुत्यो । म पनि सुत्न गएँ । बिहानको दुईजति बजेको हुँदो हो, तलको कोठाबाट को रोएको आवाज आयो । दौडेर तल हेर्न गएको त त्यही साथी धुरुधुरु रोइरहेको रहेछ । उसलाई हिजोको

घटनाको अलि–अलिमात्र कुरा याद रहेछ । अधिकांश दृश्य त गायब नै भएको रहेछ । रूँदा पनि भन्दै थियो "सीन गायब भयो" । मैले हिजोका सबै कुरा भनेपछि जिब्रो टोकेर फेरि रून थाल्यो । पूरा होस आएकै थिएन । मैले "ल अहिले सुत्, जे–जे हुनु भइसक्यो, अब भोलि सबै मिलाउँला भनेपछि आँखा चिम्लेर बच्चाले सुत्न खोजेजस्तै गरेर अर्कोतिर फर्कियो ।

भोलिपल्ट दश बजे म आफ्नो कार्यालयमा बिदा मागेर उसलाई लिएर थानामा हाजिर हुन गएँ । त्यहाँ दुर्घटनाग्रस्त ट्याक्सीका चालक र मालिक पनि आएका रहेछन् । उनीहरूको ट्याक्सीको अगाडिको भाग त हिजोको दुर्घटनामा परेर निकै नै क्षति पुगेको थियो, तर उनीहरूले यही मौकामा अन्य ठाउँका फुटेका बत्ती र कुच्चिएका ठाउँहरू पनि हिजोकै दुर्घटनामा परेर त्यस्तो भएको भनेर क्षतिपूर्तिको माग गर्न थाले । निकैबेरको दोहोरो भनाभनपछि बल्ल एउटा निर्णयमा पुगेर उनीहरूलाई क्षतिपूर्ति दिएर मिलापत्रमा दुवै पक्षले हस्ताक्षर गऱ्यौँ । अब आयो डिभाइडर फुटेको क्षतिपूर्ति । आठवटा सिमेन्टका डिभाइडर फुटाएको पनि मोटो रकम तिर्नुपऱ्यो । ट्राफिक प्रहरीले पनि क्रेनको सेवा लिएवापतको बिल पठाएको रहेछ । उसको गाडी उचालेको र बग्गीखानासम्म पुऱ्याएको खर्च पनि राम्रै तिरियो । अब बाँकी भयो, उसले मदिरा सेवन गरेर गाडी चलाएको जरिवाना । आजभन्दा झन्डै आठ वर्षअघिको घटना भएकोले र त्योबेला यस्तो किसिमको घटनामा दिने सजाय खासै नतोकिएकाले होला, उसले जेजति पनि हर्जाना र जरिवाना तिरेर छुट्यो त्यो आजको तुलनामा केही पनि होइन । अहिले त्यस्तो घटना घट्यो भने त प्रहरीले हिरासतमा राखेर ठूलै मुद्दा चलाउन सक्छ ।

अब आइन्दा यस्तो गल्ती नगर्ने बाचासहितको कागजमा हस्ताक्षर गरेर प्रहरीले उसलाई छोडेपछि उसले मलाई दरवारमार्गको एउटा रेस्टुरेन्टमा लगेर आज तिर्नु परेको कुल रकमको हिसाब निकाल्यो । करिब एकलाख छब्बीस हजार रकम तिर्नुपरेछ उसले ट्याक्सी, डिभाइडर, क्रेन र जरिवानासमेत गरेर । त्यत्रो दशाबाट उम्केर आएको मान्छे "ल समस्या समाधान भएको उपलक्ष्यमा अब फेरि पिउन बस्ने होइन त ?" पो भन्छ ! मैले "अब तँ एक वर्षसम्म यस्ता मात लगाउने कुनै चीज खाँदैनस्, हिजो मेरो भोजको कार्यक्रम र निन्द्रा अनि आजको मेरो नोकरी बिथोलेकोले तँ आज हेरेर बस्छस् र तेरो बाँकी भएको पैसाले म आज महँगो मदिरा र खाना खान्छु, ल बस्" भनेर उसलाई देखाउँदै स्कच ह्विस्की र सितन मज्जाले खाएर उसलाई लोभ्याएर

बसैं । आफू तृप्त भएपछि उसलाई बिल भर्न लगाएँ अनि मेरो घर पुगेपछि "तैँले एउटा ठूला खर्च त बिर्सिरहेको छस् बाबु, तैँले तेरो गाडी बनाउने खर्चको बारेमा विचार गरेको छस् ?" भन्दा ऊ झसङ्ग भयो । केही हप्तापछि मलाई उसले फोन गरेर गाडी बनाउन साँढे तीनलाख रुपैयाँ लागेको कुरा बतायो । एकछिनको मदिराको अधिक सेवनले गर्दा उसले झन्डै ज्यान गुमाएको थियो, तर ज्यान बचे पनि उसले करिब-करिब पाँचलाख रुपैयाँ भने गुमायो नै । मानसिक तनाव त अलग्गै छ।

**आफ्नो प्यारो राजा** : कुरा विक्रम संवत् २०४३ तिरको हो । पौष १४ गते राजा वीरेन्द्रको जन्मदिन । सार्वजनिक बिदा पनि परेको र उही साथी र म घुम्दै दिउँसोतिर भृकुटी मण्डपको टुकुचाको पुलसँगैको एउटा खाजा घरमा गएर खाजा र रक्सी खायौँ । साथीले अलिक धेरै पिएछ, बेसुरा कुरा गर्न सुरु गऱ्यो । अनि केहीबेर भृकुटी मण्डपभित्रका पसलहरू घुम्दै हामी महेन्द्र पुलिस क्लबनिर के आइपुगेका मात्र थियौँ, रत्नपार्कतिरबाट राजा वीरेन्द्रको सवारी आउँदै रहेछ, सोही पुलिस क्लबमा उनको जन्मदिनको कार्यक्रम मनाउन आउनेक्रममा । त्यहाँ बाहिर गृहमन्त्रीदेखि उच्चपदस्थ प्रहरी अधिकृतहरू सबै लामबद्ध भएर राजाको स्वागत गर्न बसिरहेका रहेछन् । एकदम शान्त वातावरण, कोही पनि बोलेको छैन । यत्तिकैमा मेरो साथीले प्याक्क "आफ्नो प्यारो राजाको जन्मदिनमा नखाए कहिले खाने त" भनिदियो । एकचोटि सबैजना हल्ल हाँसेर फेरि तुरन्तै शान्त भए । मेरो मुटुले ढ्याङ्ग्रो ठोक्न थालिसकेको थियो । फेरि त्यो साथीले मुखमा चुरोट राखेर "कसैसँग लाइटर छ ? चुरोट सल्काउनुपऱ्यो" भन्यो । फेरि एकपटक छोटो हाँसो सुनियो । म झनै झस्किन थालेँ, आज यसले बितायो भनेर । यत्तिकैमा एउटा लाइटर ट्याक्क बल्यो उसको चुरोटको अगाडि । त्यो लाइटर बाल्ने व्यक्ति हाम्रै टोलका हाम्रा एकजना साथीका बुवा रहेछन् र गुप्तचर प्रहरीका अधिकृत । उनले हाम्रोनजिक आएर बिस्तारै "तिमीहरूले अहिलेसम्म केही नराम्रो बोलेका छैनौ, अब योभन्दा बढी केही नबोल्नू" भने । अनि रातो बत्ती पिलिक-पिलिक पार्दै पुलिस र सेनाका मोटरसाइकल र गाडीहरूको साथमा राजाको गाडी आएर पुलिस क्लबभित्र पस्यो । सबै अनुशासित भएर बसेका मानिसहरू यताउता निस्केर आफ्नो बाटो तताउन थाले र मैले पनि त्यो साथीको हात समाएर घरतिर लगेँ ।

**भक्तपुरको मसलादार रक्सीको कमाल** : वि.सं. २०४१ तिरको कुरा हुनुपर्छ, मेरा जेठा दाजुको बिहे सकिएको केही महिनापछि माहिलो दाजुको बिहे आउँदै थियो एकाध

दिनमा । एकदिन मेरा पिताजीले बिहेमा विभिन्न किसिमका रक्सीहरू राख्नुपर्ने र कतिजनाले त भक्तपुरमा मसला हालेर बनाएको रक्सी पिउन मन पराउने कुरा भनेर मलाई भक्तपुरबाट बीस लिटर सबैभन्दा राम्रो रक्सी किनेर ल्याउन भनेर आवश्यक रकम पनि दिनुभयो । म मेरो यही चतुर साथी र अर्को साथी विनयलाई लिएर गाडीमा भक्तपुर गएँ । हामी सबै त्यतिबेला २१-२२ वर्षका ठिटाहरू थियौँ । भक्तपुरमा पुगेर त्यहाँको सबैभन्दा राम्रो रक्सी पाउने घरको माथिल्लो तलामा गएर मैले र मेरो चतुर साथीले विभिन्न किसिमका रक्सी साना-साना गिलासमा चाख्यौँ । चाख्दाचाख्दै अलि-अलि रक्सी लागेको जस्तो भइसकेको थियो । अनि सबैभन्दा राम्रो भनिएको रक्सी प्लास्टिकको जरकिनमा २० लिटर राख्न लगाएर हामी भक्तपुरको पुरानो बाटोतिरबाट काठमाडौंका लागि प्रस्थान गर्‍यौँ, किनकि पुरानो बाटोमा गाडीहरूको आवागमन निकै कम हुने भएकाले त्यहाँ ट्राफिक प्रहरीहरू पनि त्यति बस्दैनथे । भक्तपुरबाट केही पर पुग्नेबित्तिकै त्यो चतुर साथीले जरकिनको बिर्को खोलेर त्यसैबाट दुई बिर्को रक्सी पियो । मलाई पनि त्यसै गरेर दियो । अर्को साथी विनयले नपिउने भएकोले ऊअगाडि सिटमा बसेर मेरो दिशानिर्देशकको काम गरिरहेको थियो । यसरी पिउँदै गाडी चलाएर हामी घर जानुपर्नेमा हाम्रो कलेज रत्नराज्य क्याम्पस पो पुगेछौँ । केटाहरू घाम तापेर बसिरहेका रहेछन् । रक्सीले भरिएको गाडी आएपछि के चाहियो र उनीहरूलाई ! कलेजको क्यान्टिनबाट गिलास र चनाको तरकारी ल्याएर गाडीमा नै बसेर रक्सी सुईंक्याउन थालिहाले । हेर्दाहेर्दै रक्सी त आधाभन्दा कम भइसकेछ । अति नै भयो भनेर मैले ल अब पुग्यो भनेर विनय र म घरतिर लाग्यौँ । घर पुग्दा पिताजी र दाजुहरूले मेरो हालत र गाडीभित्र गरेको फोहर अनि निख्रिन लागेको रक्सीको जरकिन देखेर मलाई निकै गाली गरे । म लुसुक्क परेर आफ्नो कोठामा परेँ ।

भोलिपल्ट फेरि पिताजीसँग पैसा मागेर साथी विनय र म गएर भक्तपुरको त्यही पसलबाट रक्सी चाख्दा पनि नचाखेर २० लिटर हाल्न लगाएर सीधै घर आयौँ । हाम्रा पिताजीले थाहा नपाएर बिहेको भोजको दिन त्यही चतुरलाई रक्सीहरू भण्डारण गरेर राखेको कोठाको जिम्मा दिनुभएछ । उसलाई के चाहियो र ! रक्सीको लागि सितन मगाउँदै त्यहीँ बसेर पिउँदा-पिउँदा साथी त त्यहीँ सुतेछ । राती मैले उसलाई बल्लतल्ल उठाएर मेरो कोठामा ल्याएर सुताएँ । तर एकैछिनमा त उसले यस्तोसँग बमन गरिदियो कि मेरो बिछौना र उसले लगाएको सम्पूर्ण कपडा उसैको दुर्गन्धित

बमनले दूषित हुन पुग्यो । रक्सी र उसले खाएका खानाहरूको घिनलाग्दो गन्ध कोठाभरि । के गर्ने कोठा त सफा गर्नै पऱ्यो ! ऊ बेहोस भएर सुतिरहेको थियो, फेरि घरको कौसीमा लुगा सुकाउन राखेको चिम्टाले नाक थुनेर पूरै कोठा सफा गरेँ । कस्तो हरिबिजोग !

**ए राजा खा भन्या, चिसो हुन्छ :** एकचोटि राजा वीरेन्द्र देशका विभिन्न ठाउँहरू घुम्नेक्रममा एकथरी आदिवासीहरूको बस्तीमा गएर रानी तथा केही उच्च पदाधिकारीहरूको साथमा हेलिकप्टरबाट ओर्लेछन् । यो बस्तीका बासिन्दाहरू फिरन्ते आदिवासी रहेछन् । नेपाली भाषा पनि धेरथोरमात्र बोल्दा रहेछन् । राजा आएका छन् भन्ने खबर पाएपछि यिनका मुखियाले गाउँलेहरूका साथ आएर राजारानीलाई स्वागत गरेर आफ्नो घरको आँगनमा लगेछन् र "ए राजा, रानी, ल यहाँ बस्" भनेर सुकुलतिर देखाएछन् । वास्तवमा त्यहाँ राजारानी आउन लागेको कुरा सुरक्षाकर्मीहरूले आएर पहिलै मुखियालाई बताइसकेकाले उसले खानपिनको समेत बन्दोबस्त मिलाइसकेको रहेछ । उसले इसारा गर्नेबित्तिकै उसका मातहतका आदिवासीहरूले ठूला–ठूला भाँडामा सबैले झिकेर खानेगरी च्यूरा, सेल, रोटी, मासु, तरकारी, फलफुल, मिठाई र रक्सी ल्याएर अगाडि राखेछन् । अनि मुखियाले "ए राजा, ल पहिले खा" भनेछन् । अरूतिर हेर्दै "तिमारू पनि खा राजासँगै" भनेछन् । रानी ऐश्वर्य खिति-खिति हाँस्न थालिछन् मुखियाको कुरा सुनेर । यो देखेर राजाले अंग्रेजीमा "नहाँस, यिनीहरूको बोल्ने तरिका नै यस्तै हो, उसले मानसम्मान गरेर हामीलाई खान आग्रह गरेको हो" भनेर आफू खान थालेछन् । मुखियाले "ए रानी, चिसो हुन्छ छिटो खा, त्यो रक्सी पनि खा, हिजोमात्र पारेको हो, छिटो लाग्छ, छिटै छाड्छ" भनेछन् । पुनः मुस्कुराएर रानीले पनि खान थालिछन् । अब पऱ्यो फसाद राजासँग जाने अन्य उच्च पदाधिकारीलाई । राजाले खाइरहेको एउटै भाँडाबाट कसरी खाना झिकेर खाने ! यो देखेर राजाले सबैजनालाई लाज नमानी खान आग्रह गरेछन् र मुखियाले दिएको गाउँले मदिरा पनि पिएछन् । पछि कुराकानीको क्रममा राजाले मुखिया र त्यहाँ उपस्थित आदिवासीहरूलाई आफूले के गरिदिए उनीहरू खुशी हुने थिए भनेर सोध्दा एकजना आदिवासीले "राजा, हप्तामा एकपटक राँगाको मासु र रक्सी पठा, त्यति खान पाए हामी निकै खुशी हुन्थ्यौँ" भनेछ । यो सुनेर राजा, रानी र उनीसँग जाने सबै हाँस्न थालेछन् । जाने बेलामा भने गाउँको मुखियाले "राजा, हामी आदिवासी, फिरन्ते हौँ, हामीलाई शिक्षा दे, अलिकति खेत दे, खानपिउन पुगोस्, धेरै यहाँबाट

अबदेखि टाढा घुमिरहनु नपरोस्, तर हाम्रो संस्कृति पनि लोप नहोस् । यति गर्न सक्, तँहरूलाई हाम्रा सन्तान दरसन्तानले कहिल्यै बिर्सने छैनन्" भनेछन् । राजाले हँसिलो मुहार पारेर "हुन्छ म कोशिश गर्छु" भनेछन् र उनीहरू सबै हेलिकप्टरमा सवार भएछन् । गाउँलेहरू भने एकछिन् हेलिकप्टरको हावासँगै पछि-पछि दौडेछन् र हेलिकप्टरलाई आँखाले देख्न छाडेपछि थाकेर त्यतै थकाइ मार्न बसेछन् ।

**साथी जेम्स** : हामी कलेजमा छँदाका एकजना साथी पुरूषोत्तमलाई उसको जुंगा खैरो रंगको भएको र ऊ निकै गोरो भएकोले कसैले जेम्स भनेर नाम राखिदिएछ । आजसम्म पनि हाम्रा अधिकांश साथीहरूलाई उसको खास नाम पुरूषोत्तम हो भनेर थाहा छैन, तर जेम्स भनेपछि उसलाई सबैले चिन्छन् । ऊ निकै भलाद्मी र हँसिलो मान्छे । जस्तै दुख पर्दा पनि ऊ हाँसिनै रहन्थ्यो र भन्ने नै हो भने त ऊ हामीभन्दा अग्रज नै विद्यार्थी थियो । जहाँ जाँदा पनि ऊ भएन भने त्यति रमाइलो हुँदैनथ्यो र उसलाई साथीहरूले जति जिस्काए पनि ऊ रिसाउँदैनथ्यो र झनै हाँसेर त्यस्ता कुराहरू हल्कासँग लिन्थ्यो । कहिलेकाहीँ वनभोजहरूमा मदिरा पिएपछि त उसका कुरा सुन्न सबै साथीहरू झुम्मिन्थे र ऊ हामीलाई निकै हँसाउँथ्यो । एकदिन उसलाई पछाडि बसाएर म मोटरसाइकल चलाइरहेको थिएँ । ज्ञानेश्वरमा एक्कासि समथर सडकबाट मैतीदेवीतिर जाने ओरालोमा मोटरसाइकल ओर्लँदा ऊ हुत्तिएर मोटरसाइकलबाट खसिसकेको रहेछ तर मैले थाहा नपाएर ऊसँग कुरा गर्दै निकै तलसम्म पुगिसकेपछि पो ऊ नबोलेको देखेर पछाडि छाम्दा त साथी त छैन त ! हत्त न पत्त बाइक रोकेर पछाडि हेर्छु त हातले पछाडि समाउँदै बिचरा साथी त इन्तु न चिन्तु भएर आउँदै रहेछ । ऊ मेरोसामु आएपछि मैले निकैपटक माफी मागेँ तर ऊ यस्तो बेलामा पनि हाँसिनै रहेको थियो ।

यही ओरालोमा एकपल्ट निकै समयपहिले म र मेरी श्रीमती मोटरसाइकलमा ओरालो ओर्लँदा अर्कोतर्फबाट राजकुमार दीपेन्द्र आफैँले चलाएको जिपले साइरन बजाउँदै आएर हामीलाई झन्डै लडाएको थियो । तर उनले हाम्रो कुनै मतलब नराखी गाडी हुइँक्याउँदै अगाडि बढेका थिए । बच्चादेखि नै उनको यस्तै प्रकारको उग्र स्वभाव थियो । तर उनी परे जन्मजात राजखान्दानका मान्छे र राजाका उत्तराधिकारी । तैपनि जुन जनताका राजा भएर उनको पुर्खाका कैयन् राजाले मुलुकको सेवा गरे, उनमा यस्ता गुण कमै थिए । उनी रणबहादुर, गीर्वाणयुद्धजस्ता सनकी थिए । पृथ्वीनारायण, प्रतापसिंह, बहादुर शाह, त्रैलोक्य, त्रिभुवन, महेन्द्र, वीरेन्द्र र ज्ञानेन्द्रको

जस्तो स्वभाव थिएन उनको । त्यही भएर पनि कालान्तरमा उनले राम्रोनराम्रो अनेक कार्य गरेको भए पनि, आखिर इतिहासमा उनको नाम एउटा रहस्यमय तरिकाले लेखिन गयो । तर विडम्बना, आज केही जनताका छोरासमेत दीपेन्द्र र पारस बनेर निकै विवादित बनी हिँडिरहेका छन् र उनका बाउ–आमा सायद वीरेन्द्र र ज्ञानेन्द्रजस्तै "के गर्ने" भनेर निरीह भएर आफ्नै छवि बिग्रँदा पनि किंकर्तव्यविमूढ भएर हिँड्नु परेको छ । यस्तो परिस्थिति यहाँमात्र होइन, जहाँ पनि र जस्तो वातावरणमा पनि एकाध फेला परिरहन्छन् । लालनपालनमा आउने केही कमीकमजोरीले पनि यस्तो अवस्थाको सिर्जना हुन्छ भने यस्ता व्यक्तिहरूलाई सुधारेर ठीक बाटोमा लग्न निकै कठिन हुन्छ । तर पारसकै कुरा गर्दा केही वर्षपहिलेका पारस र आजका पारसमा निकै बदलाब आएको छ । सायद उमेरले परिपक्क बनाउँदै लगेर पनि होला ! खैर !

फेरि जेम्सतिर नै जाऔँ । ऊ वास्तवमा हामी अन्य साथीभन्दा उमेरको हिसाबले अलिक जेठो भए पनि निकै मिजासिलो र हाम्रो खास साथी भइरह्यो । झन् ऊ र म त एउटै टोलको बासिन्दा । उसलाई दशैँतिहारमा जुवा खेल्न निकै रमाइलो लाग्ने । दिनभरि तास खेलेर जितेको पैसाले हामी केहीबेर मदिरा सेवन गर्दथ्यौँ, अनि कौडा खेल्ने अखडाहरूमा गएर च्याँखे थाप्ने । ऊ अन्तिममा सधैँ हार्थ्यो । बिस्तारै जित्दै गएको पैसा ऊ जथाभावी तरिकाले च्याँखेमा राख्थ्यो र अन्त्यमा टाट घोषित हुन्थ्यो । तैपनि ऊ खित्का छोडेर हाँस्थ्यो र "जुवा कभी नहीँ हुवा" भनेर घरतिर जान्थ्यो । केही समयपहिले ऊ मलाई भेट्न घरमा आयो । निकैबेरको भलाकुसारीपछि बल्ल "म त चारपाँच दिनपछि अमेरिका जान लागेको । छोराछोरी उतै पढिरहेका छन्, एक वर्ष बस्छु, ग्रिन कार्डसहित फर्कन्छु, अनि बेला–बेलामा मात्र जान्छु" भन्थ्यो । मैले ठीकै छ, उताको संस्कृति पनि बुझेर आउनुपर्छ, अमेरिका आफैँमा एउटा संसार छ र पूरै घुम्न निकै समय लाग्ने कुरा बताएँ । उसले मजस्तो साथी त्यहाँ सधैँ खट्कने कुरा बतायो । यस्तो सुन्दा भने मलाई अलिक नरमाइलो पनि लाग्यो । आखिर विदेशीजस्तो देखिएर साथीहरूले जेम्स भनेर नाम राखेको साथी आज यो उमेरमा आएर जेम्सहरूकै देशमा बस्न गयो ।

**बिस्केट जात्राको गाईजात्रा** : कुरा वि.सं. २०४२ सालतिरको हो । नयाँ वर्षको दिन । म र मेरा साथी विनय नेपाल मेरो कोठामा गफ गरेर बसिरहेका थियौँ । त्यतिकैमा मेरा पिताजी आएर "नारायणमान विजुक्छेले बिस्केट जात्राको भोजमा बोलाएका छन्, हिँड् एकछिन भक्तपुर गएर आऊँ" भन्नुभयो । म पनि साथी विनयलाई साथमा

लिएर पिताजीको साथी रामचन्द्र महर्जनलाई माइतीघर-थापाथलीस्थित उनको घरबाट गाडीमा राखी भक्तपुरतिर लाग्यौँ । भक्तपुरको सुकुलढोकामा निकै भीड लागिसकेको थियो । मैले गाडी रोक्न पाएको छैन पिताजी र उहाँको साथी गाडीबाट ओर्लेर वायाँतिरको गल्लीमा कता पस्नुभयो, भीडभाडमा पत्तै भएन । गाडी एउटा साइडमा लगाएर हामी कुरेर बस्न बाध्य भयौँ । भीड झनै बढिरहेको, सबैजना चाडपर्वको खुशियालीमा देखिन्थे । तर हामी भने के गर्ने र कहाँ जाने भन्ने असमञ्जसमा परेका थियौँ । त्यसमाथि साथी विनयले घरमा पनि थाहा नदिई आएको, मलाई त घर पुऱ्याइदिनुपऱ्यो भनेर हैरान पार्न थाल्यो । नजिक भए पो पुऱ्याएर फेरि आउनु, त्यसमाथि भीड यति बढिसकेको थियो कि हिँड्ने ठाउँ पनि थिएन । बल्लतल्ल गाडी एउटा सुरक्षित कुनामा राखेको थिएँ ।

यत्तिकैका एउटा मानिस जात्रा मान्दै टन्न रक्सी पिएर हामी भएको नजिकै आएर सडकको किनारमा सुत्यो । पूरै अचेत अवस्थामा थियो त्यो व्यक्ति । साथीहरू घच्घच्याउँदै थिए उसलाई । तर ऊ मुर्दासरि अचेत ! दिउँसो दुई बजे हामी त्यहाँ पुगेको, घडीको सुई घुमेर तीन, चार, पाँच, छ, गर्दै अँध्यारो नै भइसक्यो, पिताजी र उहाँको साथीको अत्तोपत्तो छैन, त्यसमाथि साथीको कर-कर । म त पागलजस्तो भइसकेको थिएँ । रात ढल्कँदै गएपछि भीड घटेर फाट्टफुट्टमात्र मानिसहरू हिँडिरहेका थिए । त्यो रक्सीले मात्तिएर आएको मानिस पनि सुतेको ठाउँबाट उठेर लड्खडाउँदै र बर्बराउँदै आफ्नो गन्तव्यतिर लाग्यो तर हाम्रा वृद्धबालकसरिका मानिसहरूको पत्तो थिएन । सोधौँ भने कसैलाई चिनेको थिएन र घरमा फोन गर्न पनि सबै पसल बन्द भइसकेको अवस्था । रात झन्-झन् बित्दै थियो र मुसो पनि नहिँड्ने चकमन्न वातावरण । खाली साथी विनयको बिलापमात्र सुनिने । यत्तिकैमा करिब साँढेबाह्र बजेतिर टाढा गल्लीबाट गुन-गुन आवाज आउन थाल्यो र केही मानिसको साथमा दुईजना मानिस अलिक ढलमल गर्दै आएको देखियो । जति-जति उनीहरू नजिक हुन थाले त्यति-त्यति मेरा पिता र उहाँको साथीको शरीरको आकृति प्रष्ट हुँदै गयो । नजिकमा आएपछि त मेरा पिताजी र साथी रामचन्द्र अंकल नै रहेछन् । पुऱ्याउन आउनेमा नारायणमान विजुक्छे (रोहित) आफैँ र अन्य व्यक्ति । रोहितले "ए छोराहरू पनि आएका रहेछन्, भित्र आउनुपर्ने नि" भने, पिताजीले "भीडभाडमा भुसुक्कै बिर्सेछौँ हामीले त" भन्नुभयो, जिब्रो लड्बडाउँदै । दिनभरि भोक, प्यास र अनावश्यक तनावले ग्रस्त हामीलाई निकै रिस पनि उठेको थियो तर कसलाई देखाउने ? सबैजना

गाडीमा बसेपछि मैले बेतोडले गाडी दौडाएँ । हाम्रा पिताजी "बिस्तारै हाँक् बाबु" भन्दै हुनुहुन्थ्यो भने उहाँको साथी आत्तिएर "साँढे आउँछ, स्यालले बाटो काट्छ" भन्दै थिए । हाँसो र रिस दुईटै उठेको अवस्था । पिताजीका साथीलाई उनको घरमा पुऱ्याएर हामी पनि बल्लतल्ल घर पुग्यौँ । भोलिपल्ट मेरा साथी विनयले भक्तपुरबाट माइतीघर आउनमात्र १४ मिनेट लागेको बतायो । हुन त बाटो खाली थियो मध्यरात भएकोले । आज पनि बिस्केट जात्रा भन्नेबित्तिकै म यही घटना झल्झल्ती सम्झन्छु ।

**कुकुरलाई बिस्कुट** : मेरो एकजना सानैदेखिको साथी माधव थापा छ । आजकल ऊ आफ्नो परिवारको साथमा स्कटल्यान्डमा बसोबास गर्छ । सानैदेखि ऊ अति नै हँसिलो र हँसाउने खालको व्यक्ति थियो । हामीले कैयन् नाटकमा र बालकलाकारको रूपमा पनि एकसाथ काम गरेका थियौँ । ऊ नाटकको अभ्यास गर्न भक्तपुरको कटुञ्जे भन्ने त्यो बेलाको गाउँदेखि आउँथ्यो । नेपालको निकै समयसम्म राष्ट्रिय गानको रूपमा गाइने "श्रीमान् गम्भीर नेपाली" का रचनाकार तथा वरिष्ठ साहित्यकार स्वर्गीय चक्रपाणि चालिसे त्यही गाउँमा जन्मेका थिए । आज कटुञ्जे बृहत् काठमाडौंको एउटा महत्त्वपूर्णस्थल भएको छ भने यहाँका बाटाहरू सबै चौडा र कालोपत्रे भएका छन् र आधुनिक घरहरू भएको निकै रमणीयस्थल बनेको छ यो ठाउँ ।

एकदिनको कुरो हो माधव कलेजमा ढिलो आइपुग्यो । हामी सबै साथीले उसलाई अबेला आउनुको कारण सोध्दा एउटा कुकुरले उसलाई त्यो दिन बिहान टोकेको र उसले एउटा औषधीको पसलमा गएर मलमपट्टी गर्न जाँदा पसलेले हाललाई एउटा टिटानसको सुई लगाउनुपर्ने र यदि त्यो कुकुर दश दिनभित्र मरेको खण्डमा कुकुरको टोकाइबाट सर्ने रेबिज भन्ने विष हटाउन चौधओटा सुई पेटमा लगाउनुपर्ने कुरा बताएछन् । ऊ निकै निराश थियो त्यो दिन । त्यसको कैयन् दिनसम्म पनि उसको ढिलो आउनेक्रम जारी नै रह्यो । हामीलाई उसको कमी यो हिसाबले पनि महसुस हुन्थ्यो कि उसले हामीलाई निकै रमाइला कुराहरू सुनाएर हँसाइरहन्थ्यो । एकदिन मैले फेरि उसलाई आजकल किन अबेला आइरहेको नि भनेर सोध्दा उसले निकै अचम्मको उत्तर दियो हामीलाई । यो सुनेर हामी त अक्क न बक्क भयौँ । उसले भन्यो कि त्यो कुकुर यदि मरेको खण्डमा उसले चौधवटा सुई लगाउनुपर्ने भएकोले ऊ दिनहुँ त्यो कुकुर भएको ठाउँमा गएर त्यसलाई बिस्कुट खुवाउँछ रे, त्यो कुकुर नमरोस् भनेर ! धेरै दिनसम्म उसको यो कुरा सुनेर हामी दंग परिरह्यौँ ।

**पौडी खेल्न नजान्दाको पीडा :** वि.सं. २०४६ सालतिर मेरो "जेनेरेशन फाइव, आर्थिक-सामाजिक तथा वातावरणीय अनुसन्धान केन्द्र" नामको फर्मको कार्यालय बागबजारको मुख्य सडकमा दुई तलामाथि राखेको थिएँ । यो फर्म खोल्दा म २३-२४ वर्षको थिएँ होला । यो फर्ममार्फत मैले सानातिना धेरै प्रकारका अनुसन्धानमूलक कामहरू गरेँ । यही फर्ममार्फत मैले "द माइलस्टोन" नामको द्वैमासिक अंग्रेजी पत्रिका पनि प्रकाशित गर्ने गरेको थिएँ । त्यतिबेला यो पत्रिकाले निकै ख्याति पनि कमाएको थियो । करिब तीन वर्ष यो पत्रिका बजारमा छाइरह्यो । यसको नेपाली संस्करण "कोशेढुङ्गो" पनि एक अंक प्रकाशित भयो तर आर्थिक र मानव संसाधनका कठिनाइहरूले गर्दा आखिर यो पत्रिका बन्द गर्न म बाध्य भएँ । यही फर्ममार्फत मैले एउटा "नेपाल इन्स्टिच्युशनल म्यानपावर डाइरेक्टरी" पनि वार्षिकरूपमा प्रकाशित गर्ने गरेको थिएँ । यो डाइरेक्टरी निकै नै उपयोगी तथा लोकप्रिय भएको थियो त्यतिबेला । करिब ८ वर्षजति यो डाइरेक्टरी प्रकाशित भइरह्यो । यो फर्मको सञ्चालन निकै वर्षसम्म मेरी पत्नी रजनीले पनि गरिन् । यही फर्मअन्तर्गत एउटा कम्प्युटर तालिम केन्द्र पनि सञ्चालनमा थियो । विभिन्न कार्यालयहरूमा मसलन्द आपूर्ति गर्ने र छपाइ गर्ने काम पनि यो फर्मले गर्दथ्यो । यसको कार्यालय पछि दरवारमार्गमा हालको साइनो रेस्टुरेन्टको पहिलो तलामा केही वर्ष र त्यसपछि ज्ञानेश्वरमा सरेको थियो । दरवारमार्गमा हुँदा यही कार्यालयबाट बेलायतको "गोर्खा सेक्युरिटी गार्ड्स्" नामक सुरक्षा सम्बन्धी मानव संसाधन उपलब्ध गराउने फर्मसँग मिलेर पनि हामीले केही समय काम गऱ्यौँ ।

बागबजारमा कार्यालय छँदा प्रजातन्त्रका लागि हुने गरेका प्रदर्शन, जुलुस, राजनैतिक पार्टीहरू र प्रहरीको घम्साघम्सी र प्रजातन्त्र प्राप्तिपछिका जुलुसहरू माथि झ्यालबाट प्रत्यक्ष देख्न सकिन्थ्यो । यस्तैबेला एकदिन हाम्रा एकजना ध्रुव खनाल नामका दाइ त्यहाँ आइपुगे । हामी साना छँदादेखि नै उनी निकै फुर्तिला थिए र धेरै प्रकारका खेलहरू खेल्दथे । तीमध्ये पनि उनी फुटबल र एथलेटिक्सका त नाम चलेका खेलाडी नै भइसकेका थिए । हाम्रो घरसँगैका छिमेकी दाइ उनी हाम्रा दाजुहरूका अभिन्न मित्र पनि हुन् ।

उनले मलाई केही दिनअगाडि घटेको एउटा घटना यसरी सुनाए । "हेर बाबु, अस्ति शनिवार म मेरा छ-सातजना साथीसँग बालाजुको पौडी पोखरीमा पौडन गएको थिएँ । अन्य खेल धेरथोर जाने पनि आफूलाई पौडन नआउने । त्यसैले पौडी

पोखरीको तीन फिट गहिराइमा केहीबेर शरीर भिजाएर सात फिट गहिराइ भएको ठाउँमाथि सुस्ताएर के बसेको थिएँ, एउटा साथीले पछाडिबाट धकेलिदियो । मेरा साथीहरूले मलाई पौडी खेल्न पनि राम्रो आउँछ भन्ठानेका थिए । झ्याम्म पानीमा खस्नेबित्तिकै म बिस्तारै पिँधमा पुगेँ । सात फिट गहिरो । अब परेन फसाद ! तलबाट मानिसहरू पौडी खेलेको, झ्याम्म हाम फालेको र पानी बेस्मारी हल्लिएको मात्र देखिने, बाँकी सबै शून्य । मैले पनि मेरो इहलीला आजसम्म रहेछ, लौ यस्तो गतिले मर्ने भएँ भनेर सोच्न पुगेछु । केहीबेरपछि श्वास लिन निकै गाह्रो भएपछि मेरो अन्तर–आत्माले नै मेरा हातहरूलाई बेस्कन माथि–तल गर्न लगाएछ र म त अकस्मात् तैरिएर पानीको सतहमाथि आइपुगेछु । हत्त न पत्त मैले पोखरीको डिलमा समाएर एकछिन लामो श्वास लिएँ र मनमनै आम्मै, म त बाँचेछु गाँठे भनेर भ-याङ समाउँदै पोखरीबाट बाहिर निस्कैँ । त्यतिकैमा मेरा साथीहरू आएर ओहो तँ त पौडी पनि कस्तो जान्दो रहेछस् । झन्डै दुई मिनेट पानीभित्र बसेर निस्कियो भाइ यो त ! हामीलाई पनि सिकाइदे न पो भन्न थाले ! आफू कत्रो भाग्यले बाँचेर निस्किएको छु, उनीहरूलाई केही थाहा छैन । तैपनि उनीहरूलाई वास्तविकता केही नभनेर मैले पौडीको निपुर्ण खेलाडीजस्तै गरेर हुन्छ सिकाइदिउँला भनेँ । यसरी मैले ज्यान पनि जोगाएँ र पौडीको तथाकथित ज्ञाता पनि भएर फर्किएँ ।" उनको कुरा सुनेर हाँसो पनि उठ्यो र माया पनि लाग्यो । उनले फेरि थपे, "त्यसैले बाबु, तिमी राम्रो पौडी खेल्छौ भन्ने थाहा पाएर नै म तिमीलाई भेट्न आएको । लौ न मलाई पनि पौडी सिकाइदिनुपऱ्यो ।" मैले एकछिन सोचेर उनलाई म दिनहुँ नारायणी होटलको पौडी पोखरीमा बेलुकीपख जाने गरेको र यदि उनी पनि सिक्न साँच्चै जाने हो भने आजै त्यहाँ केही महिनाको सदस्यता लिएर जान सक्ने र छोटो समयमा नै काम चलाउ खेल्न सक्ने बनाइदिने कुरा मैले बताएँ । त्यही दिनबाट उनी मसँग पौडी सिक्न जान थाले अनि हेर्दाहेर्दै केही महिनामा त राम्रै खेल्ने भए । यो रमाइलो घटना म बेला–बेलामा सम्झेर आफैँ रमाइरहन्छु ।

**यात्रामा सकस** : कुरा सन् २०१० को डिसेम्बर महिनाको हो । हाम्रा ठूलादाजुले उनकी सुपुत्री प्रीतिको बिहेमा जसरी भए पनि आउनुपर्ने नत्र राम्रो नहुने कुरा न्युजिल्यान्डदेखि फोन गरेर भनेपछि मलाई भतिजीको बिहेमा त्यति टाढा जान करै लाग्यो । मेरी अर्धाङ्गिनीको राहदानीको म्याद सकिइरहेकोले भिसाको लागि निवेदन दिन समय नपुग्ने भएकोले ममात्र जाने भएँ । प्रवेशाज्ञाका लागि न्युजिल्यान्डको

नयाँदिल्लीस्थित राजदूतावासमा काठमाडौंको ट्राभल एजेन्सीमार्फत राहदानी र निवेदन फारम पठाउनुपर्ने रहेछ । मेरा एकजना साथी प्रेम डंगोल पनि मेरो साथमा उता जाने भए । उनको नेपालमा पर्यटन सम्बन्धी राम्रै व्यवसाय छ र यही व्यवसायको प्रवर्द्धनका निम्ति उनी बेला-बेलामा विभिन्न देशको भ्रमणमा निस्किरहन्छन् र न्युजिल्यान्डमा पनि उनका धेरै साथी रहेछन् । हामी दुवैले एकैसाथ सबै आवश्यक कागजातसहित भिसाका निम्ति निवेदन भारत पठायौँ । अक्सर आठ हप्ता लाग्दो रहेछ भिसाको प्रक्रिया पूरा हुन । तर सो समय नाघिसक्दा पनि हाम्रो भिसा आएको थिएन । निकै ताकिता लगाएपछि हामी नेपालबाट प्रस्थान गर्नुपर्ने दिनको अघिल्लो दिनमात्र हाम्रो भिसा लागेको ईमेल पायौँ हामीले अनि राहदानीचाहिँ दुईचार दिनपछि पठाइदिने भनेर लेखेको रहेछ जबकि हामी भोलिपल्ट नगए त बिहे नै छुट्ने भयो । साथी प्रेमले फेरि उनको दिल्लीको सम्पर्कको प्रयोगबाट हाम्रा राहदानीहरू राजदूतावासबाट संकलन गर्न लगाएर एकजना व्यक्तिलाई हवाईजहाजको भाडा र खर्च पठाएर सोही दिन काठमाडौंसम्म ल्याउने बन्दोबस्त मिलाए । बेलुकी हतार-हतार हामीले लत्ता-कपडाहरू प्याकिङ गर्‍यौँ र बेहुला-बेहुली र अन्य व्यक्तिहरूलाई दिने उपहारहरू पनि किन्यौँ । भोलिपल्ट बिहानभरि यात्राको तयारी गरेर कार्यालयमा गई बिदा स्वीकृत गराएर आवश्यक विदेशी मुद्रा सटही तथा कार्डहरूमा रकम जम्मा गरेर बल्ल-बल्ल त्रिभुवन विमानस्थल पुग्यौँ । त्यहाँ पनि अति नै भीड । सिल्क एयरको काउन्टरमा टिकट र राहदानी अनि सुटकेसहरू बुझाएर बोर्डिङ पास र पासपोर्ट च्याप्दै हामी एकतलामाथिको अध्यागमनको हलमा पुग्यौँ । त्यहाँ पनि त्यस्तै भीड । जहाज छुट्ला भन्ने डर भइसकेको अवस्था । बल्लतल्ल लाममा बसेका यात्रुहरूलाई हारगुहार गरेर हामी अघि बढ्यौँ र अध्यागमन पार गरेर सुरक्षा जाँच कक्षतिर बढ्यौँ । त्यहाँ पनि निकै भीड भइसकेको । लाममा बसेर सुरक्षा जाँच सक्काएर प्रतीक्षालयमा पुग्न झन्डै आधा घण्टा लाग्यो । हाम्रो जहाजमा करिब-करिब सबै यात्रु चढिसकेका रहेछन् । हामी नै अन्तिम यात्रु रहेछौँ । हतार-हतार हवाईजहाजमा गएर आआफ्ना सिटमा बस्यौँ । त्यतिबेला पो थाहा भयो कि हामीसँगसँगै चेक इन गरेका यात्रुहरूलाई पनि भिन्दा-भिन्दै ठाउँको सिट दिएको रहेछ । प्रेम जहाजको अर्कोतिरको अगाडिको भागमा परेछन् भने मेरो सिट पछाडिपट्टि दुईजना महिलाको बीचमा । झ्यालपट्टिको सिटमा बस्ने महिला चिनियाँमूलकी सिंगापुरियन युवती रहिछन् भने दायाँतिर एकजना अंग्रेजी पनि नबुझ्ने युरोपियन वृद्धा ।

विगत केही हप्ताअघिदेखि हामी राहदानी र अन्य झमेलाले गर्दा मानसिकरूपले बेचैन भएका थियौँ भने यात्राको अघिल्लो दिनदेखि त झनै धपेडी र चिन्ता । यस्तो अवस्थामा यात्राको दिन मज्जाले घरबाट बिदा भएर विमानस्थलको आवश्यक प्रक्रिया सकेर केहीबेर प्रतीक्षालयमा सुस्ताइकन विमानतिर जान पाए कति मज्जा हुने थियो ! तर विमानमा चढेपछि पनि साथी कता, आफू कता, त्यो पनि दुईजना अपरिचित महिलाको बीचमा पाँच घण्टा बस्नुपर्ने । खैर ! विमानमा बसिसकेपछि पनि हवाई ट्राफिक समस्याले गर्दा एक घण्टा त्यतिकै राखिदिए विमानमा । सिंगापुरबाट अकल्यान्डको यात्राको ट्रान्जिट समय एक घण्टामात्र थियो । काठमाडौंमा ढिला हुनुको मतलब सिंगापुरबाट अगाडि जाने जहाज छुट्नु थियो । यो अर्को नयाँ चिन्ताको विषय हुन गयो । मेरो दायाँपट्टिकी विदेशी महिला किताब पढेर बसिरहेकी थिइन् । यसो छोइयो भने पनि रिसाएर हेर्ने । कस्तो आपत् ! पाँच घण्टामा कति पटक शौच गर्न जानुपर्ने हुन्छ, अब यस्ती अपठ्यारी महिलालाई कसरी भन्ने होला ! कस्तो आपत् ! म हिमालयन बैंकमा सुरुमा काम गर्दा पृथ्वीबहादुर पाँडे सो बैंकका कार्यकारी निर्देशक थिए । उनीसँग मैले केही वर्ष उनको कार्यकक्षमा वरिष्ठ अधिकृतको रूपमा काम गर्ने मौका पाएँ । निकै कडा स्वभावका भए पनि उनीबाट मैले बैंकिङ र व्यवस्थापनका धेरै कुराहरू सिक्ने मौका पाएँ । उनी अक्सर विदेश गइरहन्थे र बिजनेस क्लासमा यात्रा गर्दथे । कहिलेकाहीँ बिजनेस क्लासको टिकट पाइँदै पाइएन भने हामीले उनका ट्राभल एजेन्टलाई बिजनेस क्लासको ठीकपछाडिपट्टि हिँड्ने बाटोसँगैको सिट रोक्नका निम्ति आग्रह गर्नुपर्दथ्यो । बिजनेस क्लासको ठीकपछाडिपट्टिको सिट त खुट्टा फैलाएर बस्न सजिलो हुने भएकाले ठीक थियो, तर झ्यालतिर किन लिन नखोजेको होलाजस्तो लाग्थ्यो हामीलाई । आफैँलाई परेपछि पो थाहा भयो कि बाटोपट्टिको सिटमा बस्न पाउँदा बेला-बेलामा निस्किएर शौचालय जान र खुट्टा तन्काउन निकै सजिलो हुँदो रहेछ र एकातिर बाटो हुने भएकोले कोचम्कोच पनि हुँदैन रहेछ ।

सिल्क एयरको विमानबाट पाँच घण्टाको सफर पूरा गरेर हामी सिंगापुर पुग्यौँ । झ्यालतिर बसेकी चिनियाँ युवतीलाई भने निकै कुरा गर्नुपर्ने रहेछ । हिमालहरूका बारेमा पनि सोधिन् उनले । मैले सगरमाथा र कन्चनजंघा हिमालमात्र देखाउन सकेँ किनकि मलाई हिमालहरूबारे त्यति ज्ञान थिएन । बरु उनी पो नक्सा नै अगाडि राखेर यो फलानो हिमाल, यो फलानो हिमाल भनेर देखाउन थालिन् । कर्के आँखाले

यसो उनको नक्सामा हेरेर मैले पनि एकदुईओटा हिमाल उनलाई देखाएँ । करिब ३०,००० फिटमाथिबाट धरान र धनकुटा क्षेत्रको अति नै मनोरम दृश्य हेर्न पाउँदा मन निकै खुशी भयो । ती युवती डायरी लेखिरहँदी रहिछन् । खाना ल्याउन अलिक ढिला गरेका थिए परिचारिकाहरूले, अनि उनले डायरीमा निकै भोक लागेको तर विमानमा खाना दिन पनि ढिलो भएको व्यहोरा अंग्रेजीमा लेखिहालिन् । उनीसँग बेला-बेलामा कुरा गर्दै र दायाँतिर बसेकी वृद्धाको टठ सहेर भए पनि निस्केर पटक-पटक शौच गरेर र शरीर तन्काउँदातन्काउँदै हामी सिंगापुर पुगिहाल्यौँ । नभन्दै त्यहाँ पुगेपछि बाहिर निस्किन पाएको छैन, हाम्रो नाम भएका प्लेकार्डहरू बोकेर बसेका विमानस्थलका कर्मचारीहरूले हाम्रो विमान छुटेकोले त्यो दिन वायुसेवाकै खर्चमा होटलमा राख्ने र भोलिपल्ट बिहानै अर्को उडानमा अकल्यान्ड पठाउने कुरा गरे । मलाई एक प्रकारले खुशी पनि लाग्यो एकरात भए पनि मज्जाले सुतेर थकाइ मार्न पाउने भएकोमा । विमानस्थलबाट हामी शहरको मुख्य भागमा वायुसेवाले हाम्रा लागि मिलाइदिएको होटलमा गयौँ । सानो भए पनि निकै आधुनिक होटल रहेछ । बत्तीका स्विचहरू पनि अनौठा । स्नान कक्षमा गएर यसो पर्दा लगाउन खोज्छु पर्दा नै छैन । ठूला-ठूला काँचका ऐनावाला झ्यालहरू थिए । पर्दा नदेखेपछि बाहिरबाट भित्र नदेखिने होला भनेर म पनि पूरै वस्त्र उतारेर मज्जाले नुहाउन थालेँ । रात निकै परिसकेकोले सडक खाली नै देखिन्थ्यो । स्नानपश्चात् कपडा फेरेर कोठामा बत्तीका स्विचहरू खोजेर बाल्दै जाँदा त एउटा स्विचबाट त स्नान कक्षका झ्यालहरूमा माथिबाट सरर्रर पर्दा पो झर्छ त ! अघि त म पर्दाविना नै पो स्नान गरिरहेको रहेछु । मेरी बास्सै ! एकैछिनमा घुम्न हामी बाहिर निस्कियौँ । मेरो साथीलाई पनि त्यस्तै परेको रहेछ, उनले सुनाए । बाहिरबाट होटलमा यसो हेरेको त, अन्य केही कोठामा पनि पर्दा नलगाइकन निर्वस्त्र स्नान गर्दै रहेछन् मानिसहरू हामी झुक्किएझैँ नै । निकै हाँसो उठ्यो ।

भोलिपल्ट हामी छिटै तयार भएर विमानस्थल पुग्यौँ । धेरै वर्षपछि सिंगापुर फेरि हेर्न पाउँदा निकै खुशी लाग्यो । त्यो दिन विनाहतार सबै काम आरामले भयो । भरे विमानमा पसेर बोर्डिङ पास हेर्दा त त्यो उडानमा पनि हामीलाई भिन्दा-भिन्दै ठाउँहरू परेछन् । साथी प्रेम बडेमानको हवाईजहाजको बीचतिरको भागमा दुईजना राम्री युवतीका बीचमा परेर निकै प्रसन्न मुद्रामा देखिन्थे । म पनि एकजना जापानी वृद्धा मसँगैको झ्यालको सिटमा परेकी र मचाहिँ बाटोसँगैको सिटमा परेकाले खुशी

नै थिएँ । करिब नौ घण्टाको उडान थियो त्यो । सिंगापुरबाट उडेर दक्षिणतिर गई अस्ट्रेलियाको उत्तर-पश्चिमी किनाराबाट पूर्व हुँदै पूरै अस्ट्रेलिया छिचोलेर सिड्नीको माथिबाट अक्ल्यान्ड जाँदो रहेछ जहाज । निकै रमणीय दृश्यहरू करिब ३५,००० फिट माथिबाट देखिए । जेट विमानमा अस्ट्रेलिया छिचोल्न झन्डै पाँच घण्टा लाग्दो रहेछ । एउटा महादेश नै पो त हो नि !

मसँग बस्न पुगेकी जापानी महिलालाई एकदम रुघाखोकीले सताएको रहेछ । अनि उसको पेट पनि निकै खराब भएको रहेछ । प्रत्येक पन्ध्र मिनेटजस्तोमा उसलाई सिट छाडेर शौचालयमा जान दिनुपर्ने । रुघाले गर्दा आफूसँग ल्याएका टिस्यु पेपर पूरै सकेर परिचारिकाहरूसँग मागेर नाक सफा गर्दै आफ्नो खुट्टाको छेउमा डङ्गुर बनाइसकेकी । त्यतिबेला मलाई आफैँमाथि बिस्मात लाग्यो । किन मलाई नै यस्ता मान्छेहरूको फेला पर्छ भनेर । विमानमा दिएको खाना पनि त्यो वातावरणले गर्दा खान सकिनँ मैले । आफ्नो त्यस्तो हालत भइराखेकाले साथी प्रेमचाहिँ के गरिरहेको छ भनेर यसो ऊतिर आँखा दौडाएको त उसको त झनै बिजोग भएको रहेछ । राम्री विदेशी केटीहरूका बीचमा बस्न पाएँ भनेर दंग परेको साथी त ज्यादै दिक्क भएर बसिरहेको रहेछ । किनकि ती दुईटी केटी नै बहिरा र बोल्न नसक्ने रहेछन् । त्यसैले सांकेतिक भाषामा कुरा गर्दा रहेछन् । दुईजनाले मेरो साथीका अगाडि हरदम हात र औँला नचाउँदै कुरा गर्दा-गर्दा साथी त वाक्कदिक्क भइसकेछन् । हाँसो पनि लाग्यो मलाई । उनी पनि मतिर फर्केर अमिलो मुस्कान फर्काए ।

केही घण्टापछि सहने हदै नाघेकाले मैले विमानकी परिचारिकालाई गएर हाम्रो सिट सारिदिन विनम्र अनुरोध नै गरेँ र यसको कारण पनि बताएँ । उनी पनि हाँसिन् र विमान खाली-खाली नै भएकाले अगाडि राम्रो सिटमा लगेर हामीलाई बस्न दिइन् । अर्को खाना र दुईचार पेग मदिरा मागेर खाएपछि मज्जाको निन्द्रा लागेछ एकछिन् दुवैजनालाई । यस्तै कुरा करिब दुई वर्षपहिले म र मेरी श्रीमती जर्मनी जान भनेर विमानस्थलको प्रतीक्षालयमा बसेर बोर्डिङ पास हेर्दा पनि खट्किएको थियो । बिजनेस क्लासमा यात्रा गर्न धेरै रकम तिरेर टिकट किन्दा पनि अर्कै-अर्कै ठाउँको सिट दिएको रहेछ । पछि मैले त्यो विमानसेवाका कर्मचारीलाई बोलाएर भनेपछि उनले सँगसँगैको सिट मिलाइदिए र आबुधाबीबाट बर्लिन जाने विमानमा पनि सँगै बस्ने बन्दोबस्त मिलाइदिए ।

हामी न्युजिल्यान्डमा तीन हप्ताजस्तो बसेर भतिजीको बिहेमा सामेल भई दाजु र उनको परिवारसँग धेरै दिन त्यहाँका धेरै ठाउँको भ्रमण गरेर फेरि सिंगापुर फर्कियौँ र त्यहाँ दुई दिनसम्म बसेर घुमघाम गऱ्यौँ । खाना र सरसामान सस्तै भए पनि त्यहाँ होटल भने निकै महँगो । हामी राम्रै होटलमा बसेका थियौँ तर ज्यादै महँगो । त्यसैले एउटै कोठामा दुई भाइ दुई रात बस्यौँ । त्यहाँको स्नानकक्षको ढोकामा गोलो किसिमको घुमाएर खोल्ने खालको लक राखेको थियो । यो लक कदाचित् बिग्रियो भने मरिगए खुल्दैन । मैले एकपटक पहिले पनि नेपालमा यस्तै लक बिग्रिएर दुख पाएकोले म यस्तो लक भएको ठाउँमा अलिक सतर्कता अपनाउँछु । त्यसैले म त्यो होटलको स्नानकक्षमा जाँदा पनि भित्रबाट लक लगाउँदिनथेँ । बरु झुक्किएर साथी छिर्ला भनेर गीत गाएर सबै काम गर्थें त्यहाँभित्र । हामी काठमाडौं फर्कने दिन बिहान चार बजे उठेर सामानहरू सुटकेसमा मिलाएर हालेँ अनि स्नानकक्षमा गएर नित्यकर्म सकेर म तयार भएँ । मेरा साथी पनि स्नानकक्षमा पसेर भित्रबाट लक गरेछन् र नित्यकर्म गरेछन् । स्नानादि सकेर उनी के बाहिर निस्कन खोजेका मात्र थिए, ढोका त खुल्दै खुलेन । लक साँच्चै नै बिग्रेछ । त्यो स्नानकक्षमा फोन पनि जडान गरिएको थिएन । यदि एक्लै त्यस्तो अवस्थामा परेको भए त मानिसको ज्यानसमेत जान सक्छ कसैले थाहा नपाएर । हर प्रयत्न गर्दा पनि नखुलेपछि मैले तल रिसेप्सनमा गएर मद्दत मागेँ । एकजना कर्मचारीमात्र बसिरहेका रहेछन् तर उनले पनि वास्तै गरेनन् । केही नलागेर टुलबक्स मागेर म आफैं कोठामा गएर ढोकाको तल भएको भेन्टिलेशनको प्वाल ठूलो पार्न त्यहाँ लगाइएका फल्याकहरू भाँच्न थालेँ । बल्लतल्ल एउटा मान्छे निस्किन सक्ने प्वाल बनाएर उनलाई तानेँ बाहिर । उनी पसिना–पसिना भएका थिए । अहिले प्रहरीलाई खबर गर्ने भन्नथाले । मैले "अहिले प्रहरीमा खबर गरेमा हामीलाई पनि साक्षीको रूपमा केही दिन जान नदेलान्, बरु काठमाडौं पुगेर त्यहाँको पर्यटन केन्द्रमा विस्तृत उजुरी हालौँला र अहिले केही फोटो पनि खिँचेर लगौँ" भनेँ । ज्यादै तीतो अनुभव बोकेर हामी विमानस्थल पुग्यौँ र त्यहाँस्थित पर्यटन सूचना केन्द्रको काउन्टरबाट ठेगानाहरू मागेर हामी काठमाडौंका लागि विमानको प्रतीक्षालयमा पुग्यौँ । साथी प्रेमलाई असह्य भएर उनले विमानस्थलबाट नै सिंगापुरमा बसोबास गर्ने उनकी पुरानी व्यापारिक चिनियाँ साथीलाई फोन गरेर सबै कुरा बताए । पछि ती चिनियाँ महिलाले त्यही दिन सो होटलमा प्रहरीहरू लिएर गई स्नानकक्षमा फोन नराखेको र ग्राहक त्यसरी फसेको जानकारी पाउँदा पनि कर्मचारीले वास्ता नगरेको अनि होटलमा चरम लापरवाही हुने गरेको कुराको पर्दाफास गरेपछि त्यहाँको

प्रशासनले कारवाही अगाडि बढाएको कुरा थाहा हुनमा आयो ।

**गाडी चलाउनुको सकस :** आजकल सडक चौडा पार्नेक्रममा हाम्रो घरतिरको साँघुरो सडक पनि केही चौडा भएको छ । तर काठमाडौंका सम्पूर्ण सडकको दायाँवायाँ सटर हालेर किराना पसलदेखि चिया र भट्टी पसल अनि फर्निचर, साग-सब्जी, फलफुल, पान, हजाम, अखबार आदिका पसलहरू हुने भएकाले यी दुकानहरूको बाहिर मोटरसाइकलहरू पार्क गर्नका लागि सडक चौडा पारेको जस्तो भएको छ । त्यस्तै निकै पैसा लगाएर किनिएका मोटरगाडीहरू सडकमा जथाभावी पार्क गरिएका हुन्छन् । साइकल, मोटरसाइकल, ट्याम्पो, ट्याक्सी, माइक्रो, बस र केजाति सवारीहरूको त भेल नै लागिरहेको हुन्छ जुनैदिन पनि सडकमा । त्यसमाथि मान्छे र जनावरहरू कमिलासरि जहाँतहीँ स्याउँस्याउँती बाटाका दायाँवायाँ र अगाडिपछाडि हिँडिरहेका हुन्छन् । यी सबको गन्तव्य कता हो र यी सबै साँच्चै व्यस्त नै हुन्, यो पत्ता लगाउँदा पनि एउटा राम्रै खोज प्रतिवेदन निस्केला ! यीबाहेक सडकको किनारमा मकै पोलेर बस्ने, कात्रा र अन्य फल काटेर बेच्ने, चना, केराउ, बदाम बेच्ने, चटक देखाउने, र हुँदा-हुँदा दिउँसो नै टन्न रक्सी धोकेर सडकमा लम्पसार पर्ने र सडकको बीचमा आनन्दले मुखमा केही चपाउँदै सोचमा मग्न देखिने गाई-गोरुहरूका दृश्य काठमाडौं शहरको मुख्य भागमा पनि सामान्य भइसके । त्यसमाथि धूलैधूलोका बीचमा सडकमा मोटरै खाने खाल्डा-खुल्डीहरू । अब हामी आफैं सोचौं, यस्ता सडकमा गाडी चलाउँदाको अनुभव कस्तो होला !

केही समयपहिले एकचोटि म आफ्नो गाडी चलाउँदै कार्यालयतर्फ जाँदै थिएँ यिनै दृश्यहरू र स्थितिलाई छिचोल्दै, अकस्मात् विपरीत दिशाबाट पछाडि युवतीलाई राखेको एउटा मोटरसाइकल आएर भन्डै मेरो गाडीलाई ठक्कर दिने हिसाबले नजिकबाट ओल्टेकोल्टे पार्दै अघि बढ्यो । मभन्दा अगाडिको गाडी आत्तिएर सडकको पेटीमा नै पुगेर अड्यो । मैले पनि हत्त न पत्त ब्रेक दाबैं र दायाँवायाँ गर्दै गाडी नियन्त्रणमा ल्याएँ । मेरोपछाडिको ट्याक्सीले नियन्त्रणमा बस्न नसकेर मेरो गाडीको पछाडि ड्याम्म जोतेर सँगैको अर्को मोटरसाइकल र साइकललाई लडाइहाल्यो । आफ्नो गाडीमा पनि जोतेकोले म गाडी साइड लगाएर गाडीबाट उत्रैं र पछाडि गएर निरीक्षण गरैं तर मेरो गाडीलाई केही भएनछ, बरु ट्याक्सीकै अघिल्लो भाग अलिक खोस्रिएछ । साइकल र मोटरसाइकल सवारहरू पनि यतिबेलासम्म लडेको ठाउँबाट उठिसकेका थिए । तमासेहरू पनि टन्न उपस्थित भइसकेका अवस्था । तै कसैलाई

पनि घाउचोट लागेनछ । यत्तिकैमा ट्राफिक प्रहरी भाइ पनि आइपुग्यो । मलाई अरूभन्दा पनि त्यो सुस्केो मोटरसाइकलवालादेखि रिस उठिरहेको थियो, त्यस्तो लापरवाहीसँग मोटरसाइकल कुदाएको देखेर । लड्ने मोटरसाइकल र साइकलका यात्रीहरू भने ट्याक्सीमाथि खनिन थाले । उसलाई अप्ठ्यारो पर्ला भनेर बचाउका निम्ति अन्य ट्याक्सीहरू पनि रोकेर तयारी अवस्थामा बसेका देखिए । कस्तो एकता यिनीहरूको जस्तो लाग्यो । एकैछिनपछि त्यो मेरो गाडीमा जोत्ने ट्याक्सी चालक त ममाथि पो खनिन्छ बा ! मैले ब्रेक लगाएकोले उसको गाडी मेरोपछाडि ठोक्किएको अरे ! केही तमासे पनि उसको कुरामा सही थाप्न थाले । ट्याक्सी चालक झनै मतिर उफ्रँदै "गाडी चलाउन आउँदैन तपाइँलाई ? लाइसेन्स लिएको कति भो ?" पो भन्छ । मलाई पनि झन्न रिस उठिसकेको थियो । तैपनि मैले आफ्नो रिसलाई काबुमा राखेर "लाइसेन्स त मैले ऊ जन्मेको समयभन्दा पनि पहिले लिएको र त्यतिबेला गाडी काठमाडौंको खाली तथा व्यवस्थित सडकमा चलाउँदा निकै रमाइलो हुने तर अहिले भने करिब एक दशकदेखि गाडी चलाएको छैन भने पनि हुन्छ" भनेँ । मेरो बोली झर्न पाएको छैन, ऊ र अन्य ट्याक्सी चालक ट्राफिक प्रहरीलाई हेर्दै दश वर्षअघिदेखि गाडी नचलाएको व्यक्तिले लाइसन्स कसरी पायो र यस्तो मान्छेलाई गाडी चलाउन दिन हुन्छ ? भन्ने जिकिर गरे । मलाई पनि असह्य भएर "तिमीहरूचाहिँ गाडी चलाइरहेका छौ र ?" भन्न पुगेछु । झनै उतर्सिएर एउटा चालकले "तपाईं पागल त हुनु भएन ?" भनेर प्रतिप्रश्न गरिहाल्यो । केहीबेर मौन भएर मैले पनि "ल भन, यहाँ ककसले गाडी चलाएको छ ?" भनेँ । सबै छक्क परेर बसिरहेका थिए । अनि मैले उनीहरूलाई "हेर्नुस, यहाँ गाडी चलाउने होइन, छलाउने हो । गाडी चलाउन खै र बाटो ? यहाँ त गाडी छलाउँदै जाने हो" भनेँ । एकछिन सन्नाटा छाएपछि ठूलो हाँसोको फोहरा नै छुट्न थाल्यो । ट्राफिक प्रहरी पनि निकै हाँसेर सिट्ठी बजाउँदै बाटो खाली गराउन थाले ।

**धमलाको झमेला :** केही समयअघि म काठमाडौंको आन्तरिक विमानस्थलमा विराटनगर जानका निम्ति विमान कुरेर बसिरहेको थिएँ । दशैंको बेला भएर होला विमानस्थलमा निकै भीडभाड थियो । विभिन्न गन्तव्यमा जाने जहाजका कर्मचारीहरू तयारी अवस्थामा भएका रूटका यात्रुहरूलाई विमानतर्फ जान आग्रह गर्दै थिए । जति यात्रु विमानतर्फ जान्थे, त्यति नै यात्रुहरू त्यो हलमा विमान कुर्न भित्रिँदै थिए । त्यतिकैमा एकजना परिचित यात्रु सो हलमा प्रवेश गर्‍यो । उसको हाउभाउ निकै

अनौठोको थियो । उसलाई ककसले चिने भनेर ऊ निकै गौरसँग यताउता आँखा डुलाइरहेको थियो । निकै अजङ्गको नाक भएको तथा टल्कने सुटमा सुसज्जित त्यो व्यक्ति ऋषि धमला थियो । मैले धेरै पत्रकार चिनेको पनि छु तर क्यामरा देख्यो कि अगाडि पुगिहाल्ने र जहाँतहीँ छाउन कुख्यात यी पत्रकारका जस्ता कारनामाहरू अरूका बिरलै सुनेको हुँला । त्यो दिन पनि निकै हडबड तथा धाकरवाफका साथ उसले विमानतर्फ जाने मूल ढोकानिरको बुद्ध एयरको सूचना काउन्टरमा आएर निकै कडक स्वरमा "सिमराको विमान कुन बेला उड्छ ?" भनेर सोध्यो । काउन्टरकी महिलाले जहाज टाइममा नै छ भनेपछि ऊ "ल ठीक छ" भनेर ठम-ठम गर्दै चारैतिर पुनः आँखा दौडाउँदै विशिष्ट यात्रु कक्षतिर अघि बढ्यो र भित्र पस्यो । म त तीन छक्क परेँ कि यो मान्छे कहिलेदेखि त्यो श्रेणीमा पुगेको रहेछ भनेर ! यो त निकै ठूलो मान्छे पो भइसकेछजस्तो लाग्यो । मजस्तै कौतुहल हुने केही अन्य यात्रु पनि यस्तै कुरा गर्दै थिए । यत्तिकैमा एक युवक बुद्ध एयरकै काउन्टरकी महिलासँग आएर निकै भद्र तरिकाले आफ्नो गन्तव्य जाने जहाजबारे सोधपुछ गर्दै थियो । अनि केहीबेर यताउति घुमेपछि त्यो व्यक्ति पनि विशिष्ट यात्रु कक्षको बाहिर गएर त्यहाँ उभिइरहेको कर्मचारीलाई आफ्नो परिचयपत्र देखाएर निकै शिष्टतापूर्वक सो कक्षभित्र पस्यो । मैले निकै घोत्लिएर त्यो युवकलाई मैले कहाँ देखेको थिएँ भनेर सोच्दा-सोच्दा बल्ल सम्झेँ, ऊ त चौधरी ग्रुपका अध्यक्ष विनोद चौधरीको जेठो छोरा निर्वाण चौधरी पो थियो । ऊ त पऱ्यो एउटा ठूलो व्यापारिक घरानाको मान्छे, जसले सो घरानाका कैयन् उद्योग-व्यापारको प्रत्यक्ष निगरानी गर्छ र जुन घरानाले प्रत्येक वर्ष ठूलो धनराशि सरकारलाई कर तिर्छ । यस्ता महत्त्वपूर्ण व्यापारिक मान्छेहरूलाई त त्यस्ता विशिष्ट यात्रु कक्षको प्रयोग गर्न सुहाउँछ पनि, तर त्यो पहिलो व्यक्ति, दौरा न सुरुवालको खल्ती । मानिसहरूलाई व्यर्थमा किन फुर्ती बढ्छ होला कुन्नि !

मैले पनि सुनेकै कुरा त हो नि, केही समयपहिले कुनै प्रधानमन्त्रीको छिमेकी राष्ट्रको भ्रमणकै बेला पत्रकारहरूलाई विमानसम्म प्रधानमन्त्रीको अन्तर्वार्ता लिन छोडिँदा यिनै धमला विमानमा पसेर सुटुक्क एउटा सिटमा बसिकन सो मुलुकमा पुगेका रहेछन् र त्यहाँ अकस्मात् प्रकट भएका थिए रे विनाकुनै औपचारिक कागजातका साथ । विमानस्थलका कर्मचारीले कागजात माग्दा उनले प्रधानमन्त्रीसँग आएको भनिदिएर एकछिन तनाव नै पैदा गरिदिएका थिए रे ! फेरि ती प्रधानमन्त्रीले "तपाईँ पनि अति नै गर्नुहुन्छ बा धमलाजी" भनेर कागजात मिलाइदिन आफ्ना भ्रमण दलमा सरिक कुनै

अधिकृतलाई अह्राएका थिए रे !

केही वर्षअघि एकचोटि बिहान १० बजेतिर धमलाको पुतलीसडकस्थित रिपोर्टर्स क्लबको बाहिर एकजना भद्रजस्ता देखिने व्यक्तिले बाटोको बीचमा बसेर "ए धमला, बाहिर निस्की" भनेर पूरै सडक जाम गरेर कराइरहेका थिए । के कारणले ती भलाद्मी पागलजस्ता भएर कराउन बाध्य भएका थिए, त्यो भने थाहा हुन सकेन, तर केही छिनपछि ट्राफिक प्रहरीको गाडी आएर उनलाई नियन्त्रणमा लिएपछि बल्ल बाटो खुलेको थियो । निकै वर्षसम्म पुतलीसडकमा कार्यालय राखेका धमलाले कुन सूत्र पक्रेर भृकुटीमण्डपभित्रको एउटा ठूलै पसल कोठा हात पारेछन् र कार्यालय सारेछन् बुझ्नै सकिएन ! केही दिनअघि बिहानीको विहारको समयमा पो त्यहाँ पुग्दा उनको रिपोर्टर्स् क्लबको साइन बोर्ड टाँगिएको देखियो !

टेलिभिजनमा धमलाका कार्यक्रमहरू हेर्दा त उनी राम्रै सवालहरू गर्छन् नेता तथा विभिन्न क्षेत्रका हस्तीहरूलाई । तर बेला-बेलामा उनलाई क्यामरामा छाइरहने र मानिसहरूका अगाडि अभिनेता बन्ने तथा विभिन्न खाले उत्पात मच्चाएर समाचार बनिरहने भूतले किन सताउँछ, यो कुनै मनोवैज्ञानिकले लेखमार्फत यो कुन फोबिया वा मेनियाअन्तर्गतको मनोरोग हो बताइदिए हुने थियो !

**विमानस्थलको एक्सरे मेसिन बिग्रँदाको सास्ती :** विराटनगरको विमानस्थल काठमाडौंपछिको सबैभन्दा व्यस्त विमानस्थल हो । दिनहुँ यो विमानस्थलमा करिब दुई दर्जनजति उडान र अवतरण हुन्छन् । आजभन्दा एक दशकअघिभन्दा त अहिले यो विमानस्थल निकै नै व्यवस्थित भइसकेको छ, तैपनि अझै यसमा धेरै सुधार ल्याउनु निकै आवश्यक छ । सुरक्षा जाँच सकिएपछि विमानको प्रतीक्षा गर्ने हललाई पनि वातानुकूलित बनाइएकाले यात्रुहरूलाई निकै सहज भएको छ आजकल । तर हालैको बाढीले गर्दा यो विमानस्थलको एक्सरे मेसिन र अन्य उपकरण पानी पसेर बिग्रन गए । पानी पनि खोला बगेझैँ भेल नै पसेको थियो यहाँ अनि निकै दिनसम्म विमानस्थल बन्द पनि भएको थियो ।

हालैको मेरो पूर्वाञ्चलको भ्रमणपछि काठमाडौं जानका लागि विराटनगर विमानस्थल पुग्दा त्यहाँ निकै ठूलो भीड देखियो । पछि बुझ्दै जाँदा त्यहाँको एक्सरे मेसिन हालैको पानीले बिगारेकाले यात्रुका बाकस र ब्यागहरू खोलेर सम्पूर्ण मालमत्ता जाँच गरेपछिमात्र

ती सामानहरू जहाजमा हाल्नका लागि लगिँदा रहेछन् । त्यस्तै जहाजको प्रतीक्षा गर्ने कक्षमा जानुभन्दापहिले पनि हातमा बोक्ने झोला र यात्रुहरूको जाँच प्रहरीहरूले एक-एक गरेर आफैँ गर्नुपर्ने अवस्था रहेछ । यही कारणले गर्दा त्यहाँ प्रत्येक यात्रु र उनका सामानको सुरक्षा जाँच गर्न निकै समय लाग्ने भएकाले विमानस्थलको प्रस्थानकक्ष सधैँ खचाखच भरिँदो रहेछ । केही दिन मेसिन नबनुञ्ज्याल यस्तो अवस्था हुनु त खासै नराम्रो होइन, तर नेपालमा कुनै पनि वस्तु बिग्रेपछि त्यसको मर्मत-सम्भार हुन निकै समय लाग्ने गर्दछ । त्यो दिन पनि हाम्रो जहाज आइनपुगेकोले हामी प्रतीक्षालयमा बसिरहेका थियौँ तर अर्को विमानसेवाको जहाज निकैबेर कुरेर बस्दा पनि यसका केही यात्रुको सुरक्षा जाँच नै नसकिएकाले सो विमान बाँकी यात्रुहरूलाई छाडेर नै जान बाध्य भयो । यो देखेर निकै नराम्रो पनि लाग्यो मलाई ।

यसै सन्दर्भमा हालै फेसबुकमा आएको फोटोसहितको समाचारअनुसार कुनै एकजना भलाद्मीले आफ्नो ट्विटरमा "विराटनगर विमानस्थलको एक्सरे मेसिन बिग्रेर यात्रुहरूलाई निकै सकस, यस्तो दुरावस्था कहिलेसम्म" भनेर प्रश्न ठड्याएछन् । जवाफमा सरकारी निकाय (सायद प्रधानमन्त्रीको कार्यालयका कर्मचारी) ले पनि "तपाईँको जिज्ञासा तथा मर्का हामीले पढ्यौँ र सो समस्याको छिटो समाधानका लागि हामीले स्वास्थ्य मन्त्रालयलाई खबर गरिसकेका छौँ" भनेर लेखेछन् । कस्तो स्फुर्त प्रशासन छ हाम्रो । ओहो !

**खराब कामको सही उपयोग :** सन् १९८१ मा पाकिस्तान एयरलाइन्सको कराचीबाट पेशावर जानका लागि उडेको बोइङ ७२० जेट विमानलाई "अलजुल्फिकार" नामको आतङ्ककारी राजनैतिक समूहले अपहरण गऱ्यो । यो समूह पाकिस्तान पिपल्स पार्टीको भातृ संगठन थियो र भूतपूर्व प्रधानमन्त्री तथा पाकिस्तान पिपल्स पार्टीका नेता जुल्फीकार अलि भुट्टोलाई सैनिक शासनका बेला फाँसी दिई मारिएकोले उनैका छोरा मुर्तजा भुट्टोले खडा गरेका थिए । सो अपहरणमा मुर्तजा स्वयम् पनि सामेल थिए । सुरुमा सो जहाज काबुलमा उतारिए पनि त्यहाँबाट सिरियाको राजधानी डमास्कस पुऱ्याइएको थियो । १३ दिनसम्म गरिएको अपहरणमा एकजना सेनाका मेजरलाई मारेर हवाईजहाजबाट जमिनमा फ्याँकेपछि पाकिस्तानी सरकारले अपहरणकारीहरूको मागअनुसार पाकिस्तान पिपल्स पार्टीका ५० जना कार्यकर्तालाई विभिन्न कारागारबाट निकालेर अपहरणकारीहरूले भनेको ठाउँमा लगेर मुक्त गर्न मानेको थियो । यो अपहरणका मुख्य पात्र मुर्तजा भुट्टो भए पनि उनकी दिदी बेनजीर भुट्टोले भने यो कार्यको जेलबाट नै भत्सर्ना गरेकी थिइन् । हामी त्यतिबेला इस्लामाबादमा नै

बस्दथ्यौँ । कालान्तरमा मुर्तजाको हत्या भयो भने प्रधानमन्त्री भइसकेकी बेनजीरलाई पनि आमसभामा जाँदा बम प्रहार गरेर हत्या गरियो ।

अपहरणमा परेका व्यक्तिहरूको हवाला दिँदै पछि छापिएका समाचारहरूअनुसार काबुलबाट डमास्कसका लागि विमान उडेपछि रातीको समय भएकाले चालकहरूले अपहरणकारीहरूलाई झुक्याएर विमान पाकिस्तानमा नै अवतरण गर्ने योजना बनाएका रहेछन् तर उनीहरूले यो कुराको सुइँको पाएर चालकहरूमाथि हातपात पनि गरेछन् र कडा धम्की दिएछन् । फेरि चालकहरूले इन्धन कम भएको बहाना बनाउँदा पनि उनीहरूले सो कुरालाई विश्वास गरेनछन् र डमास्कस नै लैजान जोड गरेछन् । जहाजले लिनुपर्ने उचाइ लिइसकेपछि अपहरणकारीहरूले चालकहरूलाई जहाजको ककपिटबाट बाहिर बोलाएर धम्काउन र लछारपछार गर्न थालेछन् । यत्तिकैमा ककपिटभित्र जाने ढोका अकस्मात् ढ्याम्म बन्द भएछ । अब परेन फसाद ! लाख कोशिश गर्दा पनि सो ढोका नखुलेपछि अपहरणकारीहरू पनि डराएर पानी-पानी भएछन् । चालकविनाको जहाज अनन्त आकाशमा आफैँ उडिरहेको अवस्था । अगाडिका सिटहरूमा बस्ने यात्रुहरूले पनि यो कुरा थाहा पाएछन् तर बोल्ने वा चिच्याउने कसैको हिम्मत भएन । अब विमान कुनै पनि बेला दुर्घटनामा पर्ने कुरामा कुनै शङ्का नै थिएन । यत्तिकैमा एकजना अमेरिकी यात्रुले अपहरणकारीहरूलाई आफ्नोसामु बोलाएर आफूले सो ढोका खोलिदिन सक्ने बताएछन् । हत्त न पत्त उनलाई अगाडि बोलाएर ढोका खोल्ने कोशिश गर्न दिइएछ । सो अमेरिकीले पनि आफ्नो ब्यागबाट एउटा फलामे तार झिकेर विमानको ककपिटमा जाने सो ढोकाको साँचो हाल्ने प्वालमा सो तार छिराएर कान चनाखो पार्दै एकछिन विभिन्न कोणबाट घुमाएर आखिर सो ढोका खोलिदिएछ । तत्कालका लागि भए पनि सबैजना खुशी भएछन् । ताली बजाएछन् । अपहरणकारीहरूले सो अमेरिकीलाई अङ्कमाल गरेर हात मिलाउँदै उनको सिटसम्म पुर्‍याएछन् । पछि ती विदेशीसँग सोध्दा उनले आफू चोरी गर्ने पेशामा भएको र विभिन्न ठाउँका ठूला होटलहरूमा बस्ने धनाढ्यका कोठामा उनीहरू नभएका बेला यसै गरी पसेर बहुमूल्य वस्तुहरू साफ पार्ने गरेको तर आज त्यही कुकृत्य गर्ने पेशामा प्रयोग गर्ने गरेको आफ्नो खूबीबाट आफूसहित त्यत्तिका मानिसहरूको ज्यान बचाउन पाएकोमा ठूलै पुण्य गरेको महसुस भएको बताएछन् । अरूबेला पक्राउमा परेका भए निकै खराब व्यक्तिमा दरिने तथा कडा कानुनी उपचार पाउने भए तापनि त्यो दिन सबै यात्रुका लागि उनी मसिहा नै साबित भएछन् ।

# मेरो प्रेम कथा

सन् १९८१ मा पाकिस्तानबाट विद्यालयस्तरको पढाइ सकेर म काठमाडौं फर्कें । मलाई विमान चालक बन्ने इच्छा भए पनि मेरा मातापिताको भने म डाक्टर, इन्जिनियर वा अर्थशास्त्री बने राम्रो हुने विचार थियो । मेरो पनि पाइलटपछिको अर्को धोको भने बुवाजस्तै अर्थशास्त्री नै बन्ने थियो । त्यस्तै म एउटा चर्चित गायक र सङ्गीतकार पनि बन्न चाहन्थें । पाकिस्तानमा पढ्दा पनि विद्यालयमा हामी तीन मित्र, म यानि कपिल, अर्का इन्द्रशिष् र तेस्रा मुनब्बर मिलेर "किम्स ब्यान्ड" बनाएका थियौं । हामी अङ्ग्रेजी, पाकिस्तानी, बङ्गाली र नेपाली गीतहरू गाउँथ्यौं । राजकुमार इन्द्रशिष् राय निकै कुशल गितारवादक थिए भने मुनब्बर हुसेन ताल वाद्य बजाउँथे । म पनि काम चलाउ गितार बजाउँदथें । हामी तीनैजना गाउँथ्यौं । एकचोटि रावलपिन्डीमा आयोजित अन्तरविद्यालय गायन प्रतियोगितामा हामीले तेस्रो पुरस्कार पनि पाएका थियौं । उनीहरूसँग भेट नभएको करिब ३४ वर्ष भएछ । कहाँ छन् होला र कस्ता भए होलान् ! फेसबुकमा खोज्दा पनि भेट हुन सकेको छैन उनीहरूसँग ।

पिताजी राजदूत भएर पाकिस्तान जानुभएको करिब तीन वर्ष भइसकेको र राजदूतको कार्यकाल अक्सर चार वर्षको हुने भएकाले म त्यहाँ बसेर पढाइ गर्नु भनेको एक वर्षजतिपछि निकै वर्षका निम्ति एक्लै बस्नु थियो । त्यसमाथि मेरो रुचि नेपालमा गएर सङ्गीत क्षेत्रमा पनि लाग्ने भएकोले मैले नेपालमा नै गएर पढ्ने निधो गरें । यो एक प्रकारले मेरो गलत निर्णय पनि थियोजस्तो लाग्छ अहिले सोच्दा । सङ्गीतको कुरा गर्दा भारत र पाकिस्तान पूर्वीय सङ्गीतका खानी नै हुन् । भारतमा जस्तै पाकिस्तानमा पनि सङ्गीतका धेरै घराना छन् । मेहदी हसन, नूरजहाँ, मलिका

पुखराज, फरिदा खानम, इक्वाल बानो, नाहिद अख्तर, बडे गुलाम अली, गुलाम अली, आलम लोहार, शौकत अली, राहत फतेह अली खान, नसरत फतेह अली खान, उस्ताद अमानत अली खान, मुन्नी बेगम, तथा अन्य धेरै सङ्गीत साधकको घर पाकिस्तान नै हो । पाकिस्तान वास्तवमा नै पूर्वीय सङ्गीतको भण्डार हो । त्यस्तो ठाउँबाट म फेरि काठमाडौंमा सङ्गीत सिक्न आएँ । त्यस्तै शिक्षामा पनि पाकिस्तान निकै स्थापित राष्ट्र हुँदाहुँदै म नेपालमा किन अध्ययन गर्न आएँ, म आफूलाई नै थाहा छैन ! काँचो उमेरको अल्लारेपनाले गर्दा होला !

करिब चार वर्षको पाकिस्तान बसाइपछि म पाकिस्तानमा सैनिक तालिम लिएर फर्कन लागेका नेपाली सेनाका एकजना अधिकृतको साथमा नेपाल फर्किएँ । श्रावण–भदौको मौसम थियो, काठमाडौं उपत्यकाभित्र विमान प्रवेश गर्नेबित्तिकै हराभरा डाँडा र यिनको काखमा हरिया धानका खेतका गह्रा अनि राता माटाले पोतेका फुसका छाना भएका घर र टाढा हरिया पहाड अनि तीभन्दा पनि टाढा चाँदीजस्ता सेता र चम्किला हिमालहरू देख्दा म एकछिन खुशीले पागल नै हुन लागेको थिएँ । तर जब म विमानस्थलमा उत्रेर भन्सार कक्षमा पुगेँ, त्यतिबेलाको त्यहाँको दरिद्र अवस्था, अस्तव्यस्तता र बाहिर ट्याक्सी चालकहरूको तानातान र उही पुरानो चाला देखेर त्यहाँ कुनै परिवर्तन नभएको महसुस गरेँ । आज त्रिभुवन विमानस्थलको यति धेरै विकास भइसक्दा त यसको यस्तो बेहाल छ भने त्यतिबेला झनै कस्तो थियो होला । काठमाडौं आएर म केही वर्ष दिदी र भिनाजुको अभिभावकत्वमा आफ्नै घरमा बसेँ । आएको केही दिनपछि यस पुस्तकका सम्पादक उदयचन्द्र खनालले एकदिन बेलुकी घुम्न जाऔँ भनेर मलाई नयाँ सडक, इन्द्रचोक हुँदै मासाङ्गल्लीमा लगे । उनले “आजकल काठमाडौंमा गजबको मीठो मःमः पाइन्छ र खानका निम्ति पैसा तिरेर टोकन लिएपछि आफ्नो पालो आउन झन्डै एक घण्टा लाग्छ” भने । हामीले डेढ–डेढ प्लेटको पैसा तिऱ्यौँ । दुई सटरको कोठामा एउटा कुनामा बडेमानका डेक्चीमा ठूलो आवाज आउने स्टोभहरू बालेर मःमः पाकिरहेको र पसलको भित्र र बाहिर खान आउनेको भीड । मःमः को टोकन लिएर हामी फेरि एकछिन घुम्न गयौँ र करिब आधा घण्टाजति घुमफिर गरेर फर्कँदा हाम्रो पालो बल्ल आउन लागेको कुरा थाहा भयो । पालो आएपछि तातो-तातो मःमः मा दुईडाडु अचार हालेर पसलमा काम गर्ने मानिसले हामीलाई मःमः को प्लेट र चम्चा थमाए । निकै तातो मःमः मा चिसो अचार हालेपछि खान ठिक्कको हुँदो रहेछ मःमः । साँच्चै नै मैले यति मीठो मःमः कहिल्यै

खाएको थिइनँ । त्यो दिन सधैँका लागि एउटा यादगार दिन भयो । यसपछि पनि म धेरैचोटि यस्ता मःमः पसलहरूमा खान गएँ । पछि-पछि त यस्ता पसल यति धेरै खुले कि, नेपालीमा एउटा थेगो नै बन्यो - कुनै पनि चीजको सिको गरेर त्यस्तो इलम अरूहरूले पनि गरे भने "मःमः पसल खोलेजस्तो" भन्ने चलन आज पनि छ ।

म काठमाडौं फर्केको समयतिर यहाँ खासगरी साँझको समयमा विद्युत् खपत बढ्ने भएकाले कहिल्यै बत्ती बल्दैनथ्यो । चिमभित्रको फिलामेन्ट रातो भएको मात्र देखिन्थ्यो तर बत्ती बल्दैनथ्यो । त्यतिबेला विद्युत् उत्पादन पनि अहिलेको दाँजोमा निकै न्यून थियो । सन् १९८२ मा कुलेखानी जलविद्युत् आयोजना सम्पन्न भएपछि भने निकै राहत महसुस भएको थियो । त्यतिबेलाको घरमा बसेर गरिने मनोरञ्जन भनेको कि त रेडियो र क्यासेटमा गीत तथा अन्य कार्यक्रम सुन्ने, नत्र सीमित पढ्ने सामग्री तथा चेस, क्यारम आदि खेल्ने वा सङ्गीतको अभ्यास गर्ने मात्र थिए ।

खाली समयमा कराते सिक्न थालेँ । म प्रत्येक बिहान साँढेचार बजे सडकमा दौडन निस्कन्थेँ । त्यतिबेला मेरो शरीर र वजन निकै नै मिलेका थिए । मेरा बालसखा किशोर डंगोल र म कराते सिक्न जान्थ्यौँ र हामीले धेरै वर्षसम्म सँगै सिक्यौँ पनि । त्यतिबेलासम्म मार्शल आर्टले वैधता पाइसकेको थिएन नेपालमा । त्यसैले लुकीछिपी सिक्नुपर्दथ्यो । कलेजमा पढाइ नहुँदासमेत सँगैको कानुन क्याम्पसमा अध्ययनरत किशोर र म घर गएर व्यायाम गर्ने कपडा फेरेर फेरि हाम्रो क्याम्पसको बाटो हुँदै नै दशरथ रङ्गशालामा व्यायाम गर्न दोडँदै जान्थ्यौँ । हाम्रो घरअगाडिको छिमेकमा मेरो अर्को बालसखा विपुल जोशी उसको बुवाआमासँग बस्दथ्यो र आजसम्म पनि ऊ यतै बस्छ । ऊ गितार बजाउन निकै सिपालु थियो । काम नभएको बेला ऊ र म गितार बजाएर बस्थ्यौँ । पछि सङ्गीतमा शौक भएका अन्य साथी राजेन्द्र अर्याल, नरेन्द्र प्यासी, प्रदीप माथेमा, प्रमोद पाण्डे, गणेश थापा, राजन शर्मा, विनोद गुरूङ, विजय वैद्य, आदिसँग सङ्गीत साधना गर्न थालियो र एउटा "कला परिवार" नामको साङ्गीतिक टोलीसमेत बनायौँ हामीले । नयाँ सडकमा हालको नेपाल एयरलाइन्सको कार्यालयको पश्चिमपट्टि संकटाको मन्दिर जाने बाटोमा प्रख्यात सङ्गीतज्ञ सी.बी. क्षेत्रीसँग गितार र स्टाफ नोटेशन पनि सिक्न थालेँ । डिल्लीबजारमा सङ्गीतकार शक्ति वल्लभसँग पनि सङ्गीतबारे धेरै कुरा सिक्ने मौका पाएँ मैले ।

मित्र गणेश थापा, प्रमोद पाण्डे र विनय नेपालले कलेजमा रमाइला-रमाइला गफ

सुनाउने भएकाले उनीहरूका कुराकानी सुन्न सबैजना रुच्चाउँथे । यी तीनैजना साथी खूबै अनुशासित पनि थिए । मलगायत हाम्रा साथीहरूमध्येका पेमा लामा, अनिल राणा, दिलीप अधिकारी, शशी थापा, रोशन कुँवर, राजेन्द्र अर्याल, आदि भने बेला–बेलामा विभिन्न किसिमका भाँडभैलो पनि गरिरहन्थ्यौँ । कहिलेकाहीँ दिउँसै मद्यपान गरेर हामी कलेजमा विभिन्न किसिमका हुन्डरी मच्चाउँथ्यौँ र कोही पनि हाम्रो प्रतिवाद गर्ने आँट गर्दैनथे । तर यी गणेश थापा, प्रमोद पाण्डे वा विनय नेपाल अगाडि परे भने हामी अलिक हच्किन्थ्यौँ । यी तीनैजना हाम्रा हर्कतहरू देखेपछि हामीलाई गाली गर्न थाल्थे, त्यसैले यिनीहरूको मान राख्न पनि हामी त्यस्तो बेला यिनका अगाडि सकेसम्म पर्दैनथ्यौँ ।

हामी कलेज पढ्न जाने समयसम्म निजी कलेजहरू हुँदैनथे । त्रिभुवन विश्वविद्यालयअन्तर्गतकै सरकारी कलेजहरूमा पढ्नुपर्दथ्यो । तर पढाइ भने राम्रै हुन्थ्यो । कलेजमा भर्ना हुन तिनको क्षमता थोरै हुने भएकाले भर्ना हुनुभन्दापहिले प्रवेश परीक्षा उत्तीर्ण हुनुपर्दथ्यो । मैले अमृत साइन्स कलेज, त्रिचन्द्र कलेज, पाटन कलेज र रत्नराज्यलक्ष्मी कलेजमा प्रवेश परीक्षा दिएको थिएँ । पाकिस्तानमा निकै राम्रो नतिजा ल्याएर उत्तीर्ण भएकोले यहाँ पनि म चारैओटा कलेजमा नाम निकाल्न सफल भएँ । दिदी तथा माहिला दाजुले रत्नराज्य कलेजमा अध्ययन गरेकाले मलाई पनि त्यहाँ नै भर्ना हुन मन लाग्यो नत्र मेरो अर्को प्राथमिकतामा त्रि–चन्द्र कलेज थियो किनकि मेरा जेठा दाजुले त्यहाँबाट कलेजको पढाइ सकेका थिए । विज्ञान शिक्षा अध्यापन गराउने कलेजहरूमा समेत नाम निस्केकोमा मैले त्यता भर्ना नभएर अर्को भूल गरेँ कि जस्तो लागेको थियो । रत्नराज्यलक्ष्मी क्याम्पसमा भर्ना भएपछि म र अर्का साथी राजीवले विद्यालयस्तरको पढाइमा सबैभन्दा बढी अङ्क प्राप्त गरेर भर्ना भएकोले दुई वर्षसम्म हामीले छात्रवृत्ति पनि पायौँ । क्याम्पसमा छँदा मुख्य काम कक्षामा बसेर अध्ययन गर्ने नै हुन्थ्यो भने राजनीतिले ओतप्रोत विद्यार्थीहरू विद्यार्थी संगठन र बाहिरी राजनीतिक प्रभावले गर्दा बेला–बेलामा कक्षा बहिष्कार गर्न आह्वान गर्दथे । यसरी नै हामीले जेनतेन प्रथम वर्ष सक्कायौँ । यस्तैबेलातिर म रेडियो नेपालसँग पनि आबद्ध भएर स्वर परीक्षामा समेत उत्तीर्ण भएँ । रेडियो नेपालमा गीतहरू रेकर्ड हुँदा गितारवादक भएनन् भने मलाई बजाइदिन आग्रह गर्दथे सङ्गीतकारहरू । यसो गर्दा आफूलाई अनुभव पनि प्राप्त हुने र कलाकारहरूसँग परिचय पनि हुने । मैले निकै नै गीतमा गितार बजाएर साथ दिएको रहेछु त्यहाँ ।

एउटा गीतमा वाद्यवादन गरेको १५ रुपैयाँ पाइन्थ्यो क्यार ! यसरी धेरै गीतमा बजाएर हामी एकमुस्ट डेढ-दुई सय रुपैयाँ बुझ्दथ्यौँ रेडियो नेपालबाट, जुन रकम त्यतिबेला हामी विद्यार्थीहरूको खल्तीखर्चका लागि निकै उपयोगी हुन्थ्यो । राम्रा कुराहरू निकै सिकेका भए पनि रेडियो नेपालका केही कलाकारको संगतबाट नै मदिरापान गर्न पनि सिकेँ मैले । रेडियो नेपालको वार्षिकोत्सव प्रत्येक वर्ष जाडो महिनामा पर्छ । त्यस्तै, केही वार्षिकोत्सवमा मलाई पनि साँझको सीधा प्रसारणमा गीत गाउन र गितार बजाइदिन बोलाइएको थियो लगातार । यस्तैमा त्यतिबेलाका केही ख्यातिप्राप्त गायक तथा सङ्गीतकारका पछि लागेर सिंहदरबारको बाहिर ट्राफिक प्रहरीको कार्यालयकै लाइनमा भएका भट्टीहरूमा गएर मैले पनि रक्सीको स्वाद लिन थालेँ र बिस्तारै म निकै नै बिग्रिएँ । पाकिस्तानमा पिताजी राजदूत हुँदा घरमा नै विभिन्न खालका विश्व प्रसिद्ध मदिरा प्रशस्त मात्रामा हुँदा पनि कहिल्यै नपिएको मैले आखिर भट्टीमा गएर निम्नकोटीको मदिराबाट कुलत सुरु गरेँ ।

प्रवीणता प्रमाणपत्र प्रथम वर्षमा अध्ययन गर्दा छात्रहरूबाहेक आकलझुकल छात्राहरूसँग पनि गफगाफ गरिन्थ्यो भने धेरैजना सहपाठी छात्रासँग राम्रै दोस्ती थियो । पाकिस्तान जानुअघि नेपालको विद्यालयमा अध्ययन गर्दा पनि छात्रछात्रा मिसिएर सहशिक्षा हासिल गरेको मलाई पाकिस्तानमा छात्र मात्र पढ्ने विद्यालयमा अध्ययन गर्दा छात्रा साथीहरूको कमी निकै महसुस भएको थियो । क्याम्पसमा फेरि सहशिक्षा हासिल गर्दा भने निकै खुशी लागेको थियो । यसै समयमा मैले केही नाटकमा समेत विभिन्न भूमिकामा अभिनय गरेको थिएँ । एउटा नाटकमा त म असी वर्षको बूढो बनेर पनि खेलेको थिएँ । हाम्रा साथीहरू राजीव उपाध्याय, विजय लामा, विमल बस्नेत, राजेन्द्र थापा, ज्योति घिमिरे, रोशन कुँवर, म, आदि मिलेर "द ग्रान्ड स्ल्याम" भन्ने साङ्गीतिक समूह पनि बनाएका थियौँ । रत्नराज्य कलेजको बयान गरेर हामीले एउटा गीत पनि आफैँ बनाएका थियौँ । राजीव उपाध्याय र विजय लामा अङ्ग्रेजी गीत निकै राम्रो गाउँथे । म नेपाली गीतहरू गाउँथेँ । त्यस्तै सितारवादक विजय वैद्यसँग मिलेर पनि मैले धेरै प्रकारका सङ्गीत सिर्जना र प्रस्तुति गरेको थिएँ त्यतिबेला । हाम्रो कला परिवार पनि निकै सशक्त भएर निस्किरहेको थियो । म, नरेन्द्र प्यासी, प्रमोद पाण्डे, ईश्वर राई, गणेश थापा, किरण पाण्डे, प्रेमराजा महत, मिलन मोक्तान, सुरेन्द्र श्रेष्ठ, मञ्जु सिंह, स्वस्तिका भट्टराई, मिरा दुखी, भिगा माथेमा, मिना पाण्डे, रजनी थापा, आदि गायन तथा सङ्गीतमा थियौँ । हामी साहित्य सिर्जना,

रङ्गकर्म र विभिन्न बौद्धिक क्रियाकलापमा पनि सक्रिय थियौँ त्यतिबेला । मलगायत, राजीव उपाध्याय, रविन्द्र मिश्र, प्रकाश सायमी, ऋषि भट्टराई, गोविन्द शर्मा, पवन बुढाथोकी, उत्तम राजकर्णिकार, मिरा "दुखी", सुशील पन्त, प्रकाश रिमाल, ब्रजेश खनाल, कमलकान्त मैनाली, सोमनाथ भट्टराई, कृष्ण कार्की, सुरेन्द्र के.सी., सिंहबहादुर श्रेष्ठ, रवि थापा, दिवाकर पाण्डे, रवि सिंह, रमेश श्रेष्ठ तथा अन्य धेरै मित्र थियौँ यस्ता क्रियाकलापमा । हाम्रो क्याम्पसमा सबै छात्रछात्राबीच निकै सौहार्दपूर्ण सम्बन्ध थियो । स्नातकोत्तरको अन्तिम वर्षको परीक्षाको तयारीका निम्ति मित्र प्रमोद पाण्डे, ऋषि भट्टराई र म करिब दुई महिनाजति दिनरात कोठामा बसेर पढाइ गरेका थियौँ र आखिर परीक्षामा सफलसमेत भयौँ ।

बेला-बेलामा हामी साङ्गीतिक कार्यक्रमहरू हेर्न प्रज्ञा भवन, राष्ट्रिय सभागृह, राष्ट्रिय नाचघर आदिमा गइरहन्थ्यौँ । दार्जिलिङको "कार्निभल ब्यान्ड", "द फोर्बिडन फ्रुट", अम्बर गुरूङका छोराहरूको ब्यान्ड "ब्रदरहुड", "प्रिज्म", जापानी ब्यान्ड "गोडाइगो", रुना लैला, मेहदी हसन, गुलाम अली आदिका कार्यक्रम तथा विभिन्न नेपाली हस्तीका गीतका कार्यक्रम हामी सकेसम्म नछुटाई हेर्ने गर्दथ्यौँ । त्यस्तै रत्न रेकर्डिङ्ग संस्थानले बर्सेनि आयोजना गर्ने प्रतिभाको खोजीमा हाम्रो कला परिवारका कैयन् कलाकारले भाग लिएका थिए । कैयन् वर्षसम्म त म "प्रतिभाको खोजी" मा गितारवादकसमेत भएको थिएँ । कलेज भर्ना हुनुभन्दा केही समयअघि काठमाडौंको नयाँ सडकस्थित प्युखामा साथी राजीव उपाध्यायको "द भिजन ब्यान्ड" को प्रस्तुतिले पनि निकै प्रभाव पारेको थियो मलाई । त्यस्तै एकचोटि अमृत साइन्स क्याम्पसमा नयाँ विद्यार्थी स्वागत कार्यक्रममा "द न्याप्सोडी ब्यान्ड" को प्रस्तुति निकै राम्रो लागेको थियो मलाई । सो ब्यान्डमा हङकङको ब्रिटिश सेनाका अधिकृतका छोराहरू, जो गोरखा हाई स्कुल, हङकङबाट पढेर फर्केका हुन्, उनीहरूमध्येका दीपक थापा, नीमा लामा र सचिन सिंह थिए । म कलिला, कुशल गितारवादक र गायक दीपक थापाबाट निकै प्रभावित भएको थिएँ त्यतिबेला । सोही अवसरमा हाम्रा विद्यालयका साथी ईश्वर राईका दाजु नरेन्द्र राईले पनि राम्रो गीत गाएका थिए "एकान्त रातमा सम्झैं तिमीलाइ" भन्ने बोलको । यो कार्यक्रमपछि मलाई दीपक थापासँग भेट्ने र साथी बनाउने निकै इच्छा जागेको थियो । हामी पनि त्यतिबेला कलेजहरूका साङ्गीतिक कार्यक्रममा निकै भाग लिन्थ्यौँ । कला परिवारका मैले र नरेन्द्र प्यासीले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सङ्गीत सम्बन्धी प्रशिक्षण लिने अवसर पनि पाएका थियौँ । वरिष्ठ सङ्गीतकार

अम्बर गुरूङसँग करिब दुई वर्षसम्म सङ्गीत सिक्ने अवसर मिल्यो त्यतिबेला । हामी पाँचजना – म, नरेन्द्र प्यासी, रिता राई, कुवेर राई र एकजना अर्को साथी थियौँ त्यो समूहमा । सोही समयमा मैले वरिष्ठ सङ्गीतकार दीपक जङ्गमसँग पनि केही समय सङ्गीत सिक्ने अवसर पाएँ । वरिष्ठ सङ्गीतकार दीपक जङ्गमकी अर्धाङ्गिनी बेनी जङ्गम र श्रीमती सकुन्तला प्रधान त्यतिबेला रत्नराज्यलक्ष्मी क्याम्पसमा सङ्गीतको प्राध्यापन गर्दथे भने उनीहरूसँग सङ्गीत सिकेका कैयन् विद्यार्थी आज यो क्षेत्रका प्रख्यात हस्तीसमेत भएका छन् ।

प्रथम वर्षको परीक्षापश्चात् केही दिनको बिदापछि फेरि क्याम्पस खुल्यो । हामी दोस्रो वर्षमा पुग्यौँ भने हामीभन्दा कनिष्ठ विद्यार्थीहरू पनि प्रथम वर्षमा भर्ना भएर क्याम्पस आउन थाले । हामी केही दिनसम्म क्याम्पसभित्रको मुख्यद्वारमा खासगरी नयाँ छात्राहरू हेर्नका लागि ढुक्न थाल्यौँ । पहिलो दिनमा आएका नयाँ छात्राहरू नै एकसाएक थिए । तीमध्ये एउटी काली–काली, चिल्ला गाला र कालो कपाल भएकी, मङ्गोल ढबकी, सेतो सुरुवाल र सुन्तला रङ्गको कुर्ता र कोहलापुरी चप्पल लगाएर हातमा सानो रुमाल र काँधमा ब्याग बोकेकी, छोटै कदकी, सोझी देखिने नयाँ छात्रा भित्र पस्दा मलाई के भयो कुन्नि, त्यो दिनदेखि अरू कोही होइन, उसैको मात्र माया लाग्न थाल्यो । पहिलोचोटि देख्नेबित्तिकै मेरो मनमा उसका निम्ति माया बसिसकेको थियो । त्यो दिन घर गएर निकैबेर उसैका बारेमा सोचेर बसेँ । मनमा अनेक कुरा खेल्न थाले । "त्यो केटीको नाम के होला, कहाँ बस्छे होला, पहिला कता थिई, कसैसँग उसको प्रेम सम्बन्ध छ कि छैन होला, मलाई दिउँसो देखी कि देखिन, देखेको भए मबारे के सोच राखी होला" जस्ता कुरा मनमा खेलिरहे । राती सुत्नुअघि कहिले बिहान होला, कलेज कुन बेला जाने होला र उसलाई फेरि देख्न पाइएला, या कलेज आउने हो कि होइन ऊ भन्नेजस्ता कुराहरू सोचेर म निदाएछु ।

अर्को दिन बिहान अन्य दिनमा भन्दा पनि चिटिक्क परेर म क्याम्पस गएँ । आज ऊ झनै राम्री देखिएकी थिई र एकजना अर्की साथी पनि थिई ऊसँग । ऊ पर आफ्नो कक्षामा नपसुञ्ज्यालसम्म मैले एकनासले हेरिरहेँ । ऊ धुमधामकी राम्री पनि थिइन । ठीकैकी थिई । ऊभन्दा राम्रा नयाँ केटीहरू पनि भर्ना भएका थिए क्याम्पसमा तर मेरो मनमा किन त्यही केटी बसेकी होला, बुझ्नै सकिनँ मैले ! यो बिहान–बिहान उसलाई कुरेर बस्नेक्रम धेरै दिनसम्म चल्यो । एकदिन उनीहरू सबैजना साथी–साथी क्याम्पसको बर्दीअनुसारको ढाकाको किनारा भएको सेतो साडीमा कलेजी चोलो

लगाएर आएछन् । यो लुगामा ऊ झनै राम्री देखिएकी । साथीहरूसँग निकै जिस्किने तथा घुलमिल गर्ने स्वभावको म, बिस्तारै एकोहोरो हुँदै गइरहेको रहेछु । साथीहरूले "के भएको छ आजकल तँलाई" भनेर सोध्न पनि थाले । एकदिन दिउँसो चिया पिउन हामी साथी-साथी कलेजको चमेना गृहमा जाँदा ऊ उसका केटा र केटी साथीहरूसँग बसेर चिया पिइरहेकी रहिछ । तीमध्ये केही केटा निकै हिरो पल्टेर गफिँदै थिए उनीहरूसँग भने उनीहरू तिनका कुरा खूबै रूचिका साथ सुनेर रमाउँदै थिए । त्यतिबेला ती केटाहरू देखेर मलाई निकै ईर्ष्या पनि लागेको थियो । उसका केही सँगी मलाई हेर्दै एकआपसमा मुस्कुराउँदै थिए भने उसलाई मैले हेर्दा निकैचोटि हाम्रा आँखा जुधेर ऊ अर्कोतर्फ फर्किने गर्दैथिई । मैले खासै कुरा बुझ्न सकेको थिइनँ, तर हामीमध्येका एउटा चतुर साथीले भने मेरो कानमा आएर "त्यो केटीले तँलाई मन पराउँदी रहिछ अनि आफ्ना साथीहरूसँग पनि कुरा गरिसकेकी छजस्तो छ" भन्यो । ऊ भने तीमध्येकै अर्की केटीको ताकमा रहेछ ।

एकदिन दिउँसो हामी साथीहरू फुर्सदको बेलामा उनीहरूको कक्षाको छेउबाट हिँड्दै गर्दा त्यही कक्षाबाट गितार बजेको आवाज सुन्यौँ । भित्र यसो च्याएको त त्यही केटी र उसका केही सँगी गितार बजाएर गीत गाइरहेका रहेछन् । मेरो चतुर साथीले कक्षाको ढोका खोलेर "हामीले पनि सुन्न मिल्छ कि, हामीसँग पनि एकजना गायक छ" भनेर सुनायो उनीहरूलाई । उनीहरूको अनुमति पनि पाइयो र हामी कक्षा कोठाभित्र गयौँ । मलाई निकै रमाइलो लागेको थियो उसको सामु यसरी जान पाएकोमा । तीमध्ये दुईजना केटी बिमला र श्रीधरा त मैले सानो छँदादेखि नै चिनेका रहेछन् । चिनापर्चीको क्रममा उनीहरूले आ-आफ्नो परिचय दिँदै स्वस्तिका भट्टराई, सरला पोखरेल, मिना गौतम, गीता पाण्डे, बिमला सिंह, श्रीधरा देवकोटा, मिनु सापकोटा, सहनशीला शर्मा, हरदीप कौर, आजरा बानो भनेर आ-आफ्ना नाम भने । अब आयो उसको पालो । उसले आफ्नो नाम भन्ने बेलामा म निकै उत्सुक भएको थिएँ र नाम सुन्न कान ठाडो पारेँ । उसले लजालु स्वरमा "रजनी थापा" भनी । कति राम्रो नाम ! मलाई त उसको हरेक चीज राम्रो लाग्ने भइसकेको थियो । हामीले पनि आ-आफ्नो परिचय दियौँ उनीहरूलाई । त्यतिबेला मलगायत राजेन्द्र अर्याल, विनय नेपाल, गणेश थापा, उत्तम शाही र किरण पाण्डे थियौँ क्यार त्यहाँ ! स्वस्तिकाले आफैँ गितार बजाएर एउटा चर्चित अङ्ग्रेजी गीत "बाइ बाइ माइ लभ" खूबै मज्जाले सुनाइन् । अनि त्यसपछि मलाई गाउन आग्रह गरे उनीहरूले । म अलिक घमण्डी

तथा लजालु स्वभावको थिएँ त्यतिबेला । त्यसैले भाउ खोजेर केहीबेर चुप लागेर बसेँ । मेरा साथीहरूले पनि "गाइदे न त" भनेपछि र त्यसमाथि रजनीले नै मुस्कुराएर "गाउनुहोस् न" भनेपछि मैले हुन्न भन्नै सकिनँ । मैले आफैँले सधैँ गाउने गरेको "मुटुभरि भरिको, मेरो माया, आँखाभरिको मेरो चाहना, स्वीकारिदेऊ, मेरी मायालु" भन्ने गीत गाएँ । गीत गाउँदा पनि बेला-बेलामा उसैलाई हेर्दै गाएको रहेछु, ऊ लाज मान्दै थिई भने उसका सँगीहरू मुसुमुसु हाँस्दै थिए । अनि पालो आयो उसैको । मैले पनि "गाऊ न" भनेर आग्रह गरेँ । उसले तपाइँले गितार बजाइदिनुपर्छ भनिन् र हल्का बजाएर देखाइन् पनि । अनि मेरो गितारको सुरमा उनले एउटा निकै राम्रो गीत गाइन् "आँखामा तिम्रो सम्झना छ, निद मलाई आउँदैन, आफ्नो भन्ने मायालुको तस्वीर नहेरी सुख छैन" । गाउँदागाउँदै बेला-बेलामा ऊ मतिर पुलुक्क हेर्थी र लाजले टाउको निहुराउँथी । मनैदेखि गाई उसले । सबैले उसको गीतको प्रशंसा गरे । मैले "कस्तो राम्रो गीत रहेछ, कसको गीत हो यो ?" भनेर सोध्दा उसले "यो मेरो दाजु दीपक थापाले निकैअघि लेखेर सङ्गीत हाल्नुभएको गीत हो" भनी । म त तीन छक्क परेँ ! एक त रजनी नै मेरो मनभित्र बसिसकेकी र त्यसमाथि मैले निकै मन पराएको गायक तथा गितारवादक दीपक थापा त उसको दाजु पो रहेछन् ! केहीबेर भलाकुसारीपछि हामी फेरि भेट्ने बाचासहित छुट्टियौँ ।

त्यसपछिका दिनहरूमा भेट हुँदा हामी "के छ" भनेर एकअर्कासँग छोटो संवाद गरेर हल्का मुस्कुराएर हिँड्न थाल्यौँ । मैले मेरा साथीहरूलाई त्यो केटी मलाई एकदम मन परेको कुरा बताएँ । अनि उनीहरू पनि "त्यो केटीको हाउभाउ हेर्दा उसले पनि तँलाई निकै मन पराउँछेजस्तो लाग्छ" भन्न थाले । रेडियो नेपालमा मेरो गीतको रेकर्ड गर्नका निम्ति केही हप्तापछिको दिन तोकिएको लिस्ट निस्किएको रहेछ । एउटा आफ्नै कक्षाकी सखी मिरा "दुखी" ले "सुनाऊँ कसलाई आज म, मेरा जिन्दगीका कथाहरू, देखाऊँ कसलाई छाती चिरेर, मेरा मनका वेदनाहरू" भन्ने शब्दहरू चयन गरेर एउटा निकै मार्मिक गीत लेखेकी थिइन् । मैले यसो विचार गरेँ कि यही गीत किन रेकर्ड नगर्ने ? मैले यो गीतको सङ्गीत भर्दा कतै-कतै महिलाहरूले आलाप दिने ठाउँहरू पनि राखेको थिएँ । यी ठाउँहरूमा यिनै केटीहरूलाई आलाप सिकाएर गाउन दिए भइहाल्यो नि भनेजस्तो लाग्यो । एक त आफ्ना कलेजका साथीहरूले रेडियोमा गाउने अवसर पाउने र अर्कोतिर सो गीतको अभ्यास गर्ने निहुँमा केही हप्ता दिनहुँ रजनीसँग भेट पनि हुने । मैले त्यही दिन उनीहरूसँग यो प्रस्ताव राखेँ । पहिला त उनीहरू

रेडियोमा गाउनुपर्ने भनेर आनाकानी गर्न थाले, तर पछि उनीहरूले मेरो प्रस्तावलाई स्वीकार गरे । अनि कलेजको समयभन्दा पहिला हरेक बिहान नयाँ सडकको मैले गितार सिक्ने ठाउँमा भेटेर अभ्यास गर्ने अनि सबैजना सँगै कलेज जाने सहमति भयो । रजनी र उसका केही संगीहरू त्यतिबेला नयाँसडकको इङ्लिश ल्याङ्ग्वेज सेन्टरमा बिहान-बिहान अङ्ग्रेजी सिक्न पनि जाँदा रहेछन् । भोलिपल्टदेखि हामी अभ्यासमा जुट्न थाल्यौँ । उसको सामिप्यमा गीत अभ्यास गर्दा मलाई निकै रमाइलो लाग्थ्यो । एकदिन बिहान रजनीबाहेक सबैजना गीत अभ्यास गर्ने ठाउँमा आए तर ऊ भने देखिइन । एकदम खिन्न भयो मेरो मन अनि मैले सोधिहालेँ, रजनी खै त भनेर । उसका साथीहरूमध्ये एकजनाले "उसको घर भैरहवा जानुपर्ने भएकोले अब ऊ आउन नपाउने भई" भनी । मलाई एक्कासि एकदम रिस उठनुका साथै निराशा पनि जागेर आयो र मैले "त्यो केटीले धोखा दिन्छे भन्ने मलाई पहिले नै लागिरहेको थियो" भनेँ । तर मेरो कुरा सकिँदानसकिँदै ऊ त टुप्लुक्क कोठाभित्र आई । मलाई जिस्काउन पो ऊ बाहिर लुकेर बसेकी रहिछ । म त लाजले मुखै देखाउन नसक्ने भएँ । सबैजना हाँस्न थाले । अनि मैले पनि हाँसेर ऊसँग माफी मागेँ । त्यो दिन अभ्यास सकेर कलेज जाने बेलामा बाटोमा ऊ र म गफ गर्दै अरूभन्दा अघि-अघि अलिक टाँस्सिएर हिँड्दै रहेछौँ, पछाडिबाट उसका साथीहरूले जिस्काएपछि पो हाम्रो होस खुल्यो । धेरै दिनको अभ्यासपछि एकदिन हाम्रो यो गीत रेडियो नेपालमा रेकर्ड भयो । त्यतिबेला राम्रै लागेको त्यो गीत आज आएर सुन्दा ठाउँ-ठाउँमा बेसुराजस्तो सुनिँदो रहेछ, तर गीत साँच्चै नै राम्रो छ ।

बिदाको दिन थियो, स्वस्तिकाले मलाई घरमा फोन गरिन् । उनीहरू सबैजना रजनीको घरमा जम्मा भएका रहेछन् र मलाई पनि आउनु भनेर बोलाइन् । म केहीबेरमा नै तयार भएर बानेश्वरस्थित उनीहरू बसेको घर खोजेर पुगेँ । केहीबेरको गफगाफपश्चात् मैले भेट्न खोजेको दीपक थापा पनि हामी गफिँदै गरेको बैठक कोठामा आए अनि रजनीले उनलाई मेरो साथी कपिल भनेर मलाई चिनाई । मलाई निकै खुशी लागेको थियो त्यति बेला । रजनीका बाबा ब्रिटिश सेनामा हेड क्लर्कजस्तो गोर्खा रेजिमेन्टको महत्त्वपूर्ण पदबाट अवकाश पाएका रहेछन् । उनी ब्रिटिश सेनामा जागिरे हुँदा नै रजनी र उसका दाजु दीपक नेपालमा जन्मेर मलायामा लगिएका रहेछन् र पछि उनीहरूको विद्यालयको अधिकांश शिक्षा हङकङमा सकिएको रहेछ । रजनीका भाइ र बहिनीहरू भने उतै जन्मेका रहेछन् । रजनीले आफ्नो १४ वर्षको

मलाया, सिंगापुर र हङकङ बसाइमा खासगरी पौडीमा निकै महत्त्वपूर्ण प्रशिक्षण लिने मौका पाएकी रहिछ । उसले पौडीमा उद्धार गर्नेसम्मको अन्तर्राष्ट्रियस्तरको तालिम हासिल गरेकी थिई । पौडी प्रतियोगिता जितेर पाएका पदक त निकै धेरै छन् उसका र उसका भाइबहिनीहरूका । उसका दाजु दीपक थापाले हङकङको टम्ली म्युजिक सेन्टरबाट सङ्गीतमा स्नातक गरेका थिए । उनकै प्रभावले गर्दा रजनी र उसका सबै भाइबहिनी सङ्गीतमा निकै रुचि राख्ने भए । वास्तवमा यो परिवारका सबै सदस्य गीत, सङ्गीत र कलामा निकै अभिरुचि राख्ने र सौखिन नै छन् आजसम्म पनि । दीपकका भाइ प्रकाश पनि कुशल व्यास गितारवादक हुन् ।

हाम्रा पिताका अति नै मिल्ने साथी कृष्णमान श्रेष्ठ एकदिन आफ्नी छोरी कोहीनुर दिदी र उदय भिनाजुलाई लिएर हाम्रो घरमा आए । साथमा एकजना जापानको हिराशिमा विश्वविद्यालयका प्राध्यापक डा. हिगुमा पनि आएका थिए । उनले ती डा. हिगुमासँग मलाई जापानमा अध्ययन गराउने अवसर मिलाइ दिन कुरा भएको र ऊ पनि यो कुरामा निकै सकारात्मक भएकोले भेटाउन ल्याएको कुरा गरे । मसँग डा. हिगुमाले केहीबेर अनौपचारिक अन्तर्वार्ता लिए, अनि उनी केही प्रभावित नै भएको जसरी मेरो लागि के–के गर्न सकिन्छ गर्ने भनेर मेरो फोटो पनि खिचेर लगे । उदय भिनाजु र कोहीनुर दिदीको डिल्लीबजारमा पेन्सन वासना नामको सानो होटल थियो र अहिले त यो ठूलै होटल भइसकेको छ । भिनाजुले मलाई केही दिनपछि बोलाएर "तयारी गर्दै गर्नू, मिल्ने सम्भावना निकै छ" भनेका थिए । यो कुरा मैले मेरा कलेजका नजिकका साथीहरूसँग पनि गरेको थिएँ । एक साँझ म घरमा बसिरहेको बेला मलाई कसैले फोन गरेछ, पिताजी आफैँ आएर "तँलाई कोही केटीले फोन गरेको छ" भन्नुभयो । लाज पनि लाग्यो र को रहेछ मलाई फोन गर्ने भनेर फोन उठाउँदा त रजनी पो रहिछ ! उसले "के छ हालखबर, एउटा कुरा सोध्नु थियो" भनिन् । मैले आफ्नो ठीक भएको कुरा भनेर के कुरा रहेछ त्यो बुझ्न खोज्दा उसले "तिमी जापानमा केही समयपछि अध्ययनका निम्ति जाने कुराले खुशी पनि र दुख पनि लागेको छ । खुशी यस अर्थमा कि तिमीले त्यस्तो विकसित मुलुकमा पढ्न पाउँदा तिम्रो भविष्य राम्रो हुन जानेछ, र दुख यस अर्थमा कि तिमीजस्तो साथी हामीले गुमाउनुपर्छ ।" भनिन् । मैले उसको जिज्ञासामा भनेँ कि "अहिले निश्चित भइसकेकै छैन, त्यसमाथि म यदि पढ्न गएँ भने पनि सम्पर्कमा भइहाल्छु नि" । ऊ फेरि अलिक अक्मकिएर "त्यो त ठीक छ, तर के म तिमीलाई कुरेर बसिरहन सक्छु ?" भनिन् । मलाई के

भनूँ के भनूँजस्तो भएर, "भोलि कलेजमा खाली समयमा हामी दुईजना पुस्तकालयमा भेटौँ अनि त्यहीँ योबारे विस्तारमा कुरा गरौँला है" भनेँ मैले । भोलिपल्ट पुस्तकालयमा निकैबेर हामी कुरा गरेर बस्यौँ । अनि हिजोको कुराकाबारेमा मैले बिस्तारै कोट्याउन सुरु गरेँ । मैले जिस्काउने पाराले "तिमी मलाई किन र कहाँ कुरेर बस्ने नि ?" भनेर सोधेँ । उसले कुनै जवाफ दिइन । लाजले हो वा डरले हो ऊ चुप लागेर टाउको निहुर्‍याएर बसिरही । मैले निकै आँट गरेर उसको हात समाएँ । उसको नरम हात यसरी पहिलोचोटि समाउँदा त करेन्ट लागेको नै महसुस भयो । उनी हल्का मुस्कानसहित टाउको निहुराएर नै बसिरहेकी थिई । अनि मैले उसलाई "मेरो माया लाग्छ ? कति लाग्छ ?" भनेर सोधेँ । यो प्रश्न सोध्दा मेरो मुटुको धडकन निकै बढेको थियो, कहीँ ऊ रिसाउने पो हो कि भनेर । तर जब उसले मतिर मायालु नजरले हेरेर "धेरै लाग्छ" भनेर मेरो हातलाई दह्रोसँग पक्रिई, त्यसपछि बल्ल मलाई हलुका महसुस भयो । मेरो सम्पूर्ण शरीरमा काउकुती लागेको जस्तो भयो, मजस्तो भाग्यमानी कोही छैनजस्तो लाग्यो र म कुनै सिनेमाको नायक नै हुँ किजस्तो भान हुन थाल्यो र सारा संसार नै बिर्सिएर मैले उसलाई च्याप्प पक्डेर उसको ओठमा निकै लामो चुम्बन गरेछु र "म तिमीलाई धेरै माया गर्छु रज्जु, आई लभ यु" भनेछु । जवाफमा उसले पनि "आई लभ यु टु कप्पु" भनी । एकैछिनमा हाम्रो होश खुल्दा त पर पुस्तकालयमा कार्यरत दाइ र दिदी त हामीलाई एकदम नियालेर हेरिरहेका रहेछन् र हामीसँग आँखा जुध्नेबित्तिकै उनीहरू लाजले होला त्यहाँबाट बाहिरिए । तै त्यतिबेला पुस्तकालयमा अरू कोही रहेनछ । हामी पनि त्यहाँबाट बाहिरियौँ र बेलुकी फोनमा कुरा गर्ने बाचाका साथ आआफ्ना कक्षामा गयौँ ।

ऊसँग अब दिनमा कलेजमा र साँझबिहान फोनमा कुरा हुन थाल्यो । अहिलेजस्तो त्यतिबेला मोबाइल फोन थिएन । त्यसैले घरको फोनबाट कुरा गर्नुपर्दथ्यो । घरमा एउटै मात्र फोन हुने भएकोले अरूले पनि फोनको प्रयोग गर्नुपर्ने हुन्थ्यो । तर हाम्रो फोनको कुरा निकै लामो हुन थाल्यो र हामी दुवैजनाको घरमा हामीले धेरै लामो फोन गरेको भनेर गाली खान थाल्यौँ । फोनमा कुरा गर्दा कोही अगाडि आइदिएर कुरा गर्न नमिल्ने भयो भने हामी "रारा चाउचाउ" भन्दथ्यौँ । यति भनेपछि कुरा बुझिहालिन्थ्यो र हामी फोन राखिहाल्थ्यौँ । यो रारा चाउचाउ हाम्रो जिब्रोमा आउनुको कारण पनि अनौठो थियो । त्यतिबेला थापाथलीको नेपाल राष्ट्र बैंकको ढोकाको ठीकअगाडिपट्टि केही शिक्षित बेरोजगारले सरकारबाट सुविधायुक्त कर्जा लिएर एउटा

रेस्टुरेन्ट खोलेका थिए र त्यहाँ रारा चाउचाउका विभिन्न परिकार पाइन्थे । हामी फुर्सदका बेलामा हप्तामा एकाध दिन खाजा खाने बेलामा त्यही रेस्टुरेन्टमा जान्थ्यौँ र घण्टौँसम्म गफ गरेर बस्थ्यौँ । कलेजमा पनि बिस्तारै आफ्ना साथीहरूलाई छाड्दै हामी दुईजना मात्र एकान्ततिर घुम्न जान थाल्यौँ । मेरो चतुर साथीले पनि हामीसँग उठबस गर्दागर्दै रजनीकी साथीसँग प्रेम गर्न सफल भयो र पछि उनीहरूको बिहेसमेत भयो । उसका अन्य केही सखीको पनि कलेजकै साथीहरूसँग प्रेम विवाह भयो ।

यस्तै बेलातिर मेरो मोटरसाइकल पनि आइपुग्यो जुन मेरा पिताजीले जापानबाट मगाउनुभएको थियो । जेठो दाइ मोटरगाडी मात्र हाँक्ने र माहिला दाइ त्यति धेरै मोटरसाइकल नचलाउने भएकाले म मात्र चलाउँथेँ । दिउँसो कलेज गएर रजनीसँग सल्लाह हुन्थ्यो घुम्न जानेबारे र हामी सबैको आँखा छलेर कहिले धुलिखेल, पनौती, कहिले दक्षिणकाली, कहिले ककनी, त कहिले बूढानीलकण्ठ र सुन्दरीजल त कहिले पूरै चक्रपथ घुम्न जान्थ्यौँ । यसरी हामीले प्रेमको बहानामा काठमाडौँका धेरै ठाउँ तथा रेस्टुरेन्ट घुमेछौँ । दिनभरि घुमेर बेलुकी थकित भएर घर पुग्न पाएको छैन फेरि फोन गर्न मन लागिहाल्ने । त्यतिले पनि नपुगेर म फेरि भेट्न बेलुकी अँध्यारो भएपछि उसको घरको बाहिर पुग्थेँ । अनि बाहिर बाटामा कुराकानी गरेर हामी आआफ्नो घर पस्थ्यौँ । बिस्तारै कलेजमा सबैले थाहा पाउन थाले हाम्रो प्रेमका बारेमा । उसकी माहिली बहिनी निशा पनि हाम्रै कलेजमा भर्ना भई केही वर्षपछि । कान्छी छाया भने पद्मकन्या क्याम्पसमा । उसको भाइ प्रकाश पनि हाम्रो कलेजमा आइरहन्थ्यो । उसका र मेरा कैयन् साझा साथी थिए र ऊ पनि मेरो साथीसरह नै थियो । मलाई कलेजमा भेट्न आउँदाआउँदै हाम्रै कलेजमा अध्ययनरत एउटी केटीसँग उसको प्रेम सुरु भएछ र पछि बिहे पनि भयो उसैसँग । रजनीका बहिनी र दाजुभाइलाई मेरो र उसको सम्बन्धबारे थाहा थियो र पनि उनीहरू मलाई राम्रै व्यवहार गर्दथे । तर उसका आमाबाबालाई भने म त्यति मन खाएको मान्छे थिइनँ । सायद, म ब्राह्मण परिवारको र उसको बाबा मगर र आमा गुरूङ परिवारका भएकाले भोलि छोरीले दुख पाउली भनेर डराएको पनि हुन सक्छ । अर्को कारण एकाधपटक उसका आमाबाबा घरमा भएका बेला म त्यहाँ जाँदा मैले राम्रोसँग अभिवादन पनि गरेको थिइनँ । म अर्कै प्रकारको अलिक नबोल्ने तथा लजाउने खाले मान्छे भएकाले मलाई त्यसरी मानसम्मान गर्न र अभिवादन गर्नै आउँदैनथ्यो । जुन वास्तवमा गलत आदत हो । तर म खराब भएर नै मैले उहाँहरूलाई बेवास्ता गरेको चाहिँ थिइनँ । उसको घरमा

त्यो केटा निकै रक्सी पिउँछ, झगडा गर्छ, अति नै बिग्रेको छ भन्ने खबरहरू पनि पुगेका रहेछन् । हुन त म त्यतिबेला निकै नै बिग्रेको पनि थिएँ । रक्सी पिउने र झगडा गर्ने काम पनि मैले नगरेको होइन । त्यस्तै आदतले गर्दा मैले घरमा आमाबुवा र अन्य व्यक्तिलाई पनि हैरान पारेको थिएँ त्यतिबेला ।

डिल्लीबजारमा एउटा रेस्टुरेन्ट थियो जहाँ प्रिज्म बैन्डका सदस्यहरू र सङ्गीत क्षेत्रमा लागेका अन्य कलाकार अक्सर बेलुकीपख आउने गर्दथे । म पनि साथीहरूसँग बेलाबखत त्यहाँ गइरहन्थेँ । रजनीका दाजु दीपक थापा पनि त्यहाँ भेट्टिइरहन्थे । उनीहरूका समूहमा सुवर्ण लिम्बू, देव राना, शिशिर अधिकारी, पेम्बा लेप्चा, रोज कपुर, नोर्बु छिरिङ, प्रकाश गुरूङ, मदनसिंह नेपाली, डेनियल कार्थक, आदि हुन्थे । सङ्गीत र निकट भविष्यमा हुने कार्यक्रम तथा अन्य विधाबारे त्यहाँ रोचक कुराहरू हुन्थे । म उनीहरूका कुरा सुनेर बसिरहन्थेँ । मलाई यी सबैले राम्रैसँग चिन्दथे, किनकि म पनि रेडियो नेपालमा दिनहुँजसो जान्थेँ त्यतिबेला । यी र यस्तै विभिन्न ब्यान्डसँग आबद्ध कलाकारहरू त्यतिबेला केही स्तरीय होटलमा रातीको समयमा साङ्गीतिक कार्यक्रम प्रस्तुत गर्दथे । उनीहरूको आम्दानी पनि राम्रै हुन्थ्यो । दीपक पनि सोल्टी होटलमा काम गर्दथे त्यतिबेला ।

निजी स्टुडियोहरू नआइसकेका भएर त्यतिबेला रेडियो नेपाल नै गीतसङ्गीत रेकर्डिङ गर्ने एउटैमात्र स्टुडियो थियो । पछि किशोर गुरूङले घरैमा एउटा सानो चार ट्र्याकको स्टुडियो खोले, सोही समयमा म्युजिक नेपाल पनि चार ट्र्याकको स्टुडियोसहित खुल्यो । यीसँगै बिस्तारै राम्रा स्टुडियोहरू थपिँदै गए । सङ्गीतकार गोपाल योञ्जनले पनि आफ्नो घरमा नै स्टुडियो खोले । निजी स्टुडियोहरू खुलेदेखि नै रेडियो नेपालमा मात्र गीतहरू रेकर्ड गर्नुपर्ने बाध्यता भएन । तर जसले पनि पैसाका भरमा रेकर्ड गर्न सक्ने भएर गीतहरूको स्तर भने नराम्रोसँग घट्यो त्यतिबेला केही समयका निम्ति । तर आज आएर यस्ता स्टुडियोहरूलाई स्तरीय रेकर्डिङ गर्न नै भ्याइनभ्याइ छ । यही समयमा एफ एम रेडियोहरू र टेलिभिजन पनि सुरु भएकाले नेपालमा सङ्गीत र प्रसारणका क्षेत्रमा ठूलो परिवर्तन आयो । गीतसङ्गीत र कलाकारिताका अन्य विधाका श्रोता र दर्शकको पहुँच ह्वात्तै बढेकाले कलाकारहरूको लोकप्रियता र जीवनस्तर पनि बढ्दै गयो । आज कलाकारितामा मात्र लागेर पनि राम्रैस्तरमा बस्न सक्ने क्षमता कलाकारहरूको भएको छ ।

क्याम्पसद्वारा आयोजित विविध सांस्कृतिक कार्यक्रममा एकपटक मैले सङ्गीत संयोजक भएर गीत र सङ्गीत सम्बन्धी सबै कार्यक्रम आफ्नो जिम्मामा लिएको थिएँ र यो कार्यक्रम निकै सफल पनि भएको थियो । ती कार्यक्रममा पनि रजनी र उसका साथीहरूले समूह गीतहरू गाएका थिए । मेरै सङ्गीतमा उनीहरूले यो कार्यक्रममा एउटा निकै राम्रो गीत पनि गाएका थिए, जसको बोल थियो, "माथि झरना झरिरहेछ, तल खोला बगिरहेछ, किन मलाई तिम्रो यादले साह्रै नै सताइरहेछ" । रजनीले हाम्रो अर्को ब्यान्ड "द ग्रान्ड स्ल्याम" बाट पनि एउटा अंग्रेजी गीत गाएकी थिई कलेजको एउटा कार्यक्रममा र धेरैले उसको गायकीको सऱ्हनी गरेका थिए त्यतिबेला ।

ऊसँग चिनाजानी भएको बिस्तारै चार वर्षजति नै भइसकेको थियो ।  दिन पर दिन हाम्रो सम्बन्ध निकै गाढा हुँदै गएको थियो । कहिलेकाहीँ मेरो बदमासीको खबर पाई भने ऊ केही दिनसम्म मसँग सम्पर्कमा नै आउँदिन थिई र पछि फेरि मलाई बोलाएर कतै रेस्टुरेन्टमा बसेर सम्झाउँथी । कहिलेकाहीँ म यही कुराले घरमा झगडा गरेर हप्तौँसम्म साथीहरूको डेरामा गएर बस्थैँ । मेरी माताले म ऊसँग भेटिरहन्छु भन्ने लागेर होला उसलाई फोन गरिकन "कपिललाई सम्झाएर घर पठाइदेऊ" भन्नुहुँदो रहेछ । त्यस्तो बेला म वास्तवमा ऊबाट पनि टाढा नै भएर एक्लै बसेको हुन्थैँ । अनि उसले विभिन्न साथीबाट म भएको ठाउँ पत्ता लगाइकन मलाई लिन आएर सम्झाइबुझाइ गरेर घरको बाहिरसम्म पुऱ्याएर फर्कन्थी । मेरा लागि पनि उसले आफ्नो घरमा धेरैपटक गाली खाएकी थिई । तर म नै भनेर ऊ किन बसेकी होला, कुन्नि ! यो मायाले पनि मान्छेलाई अन्धो नै बनाइदिंदो रहेछ । कहाँ–कहाँका मान्छेहरू मायाको जालमा फसेर सारा दुनिया नै बिर्सने गरी एकअर्काको नजिक हुने र जिन्दगी जिउने बाचा गर्दा रहेछन् । धेरैजसो यस्तो सम्बन्ध केही क्षणका निम्ति मात्र हुने गर्छ भने केही जोडी जिन्दगीभर नै जमेर र रमाएर बस्न सक्दा रहेछन् । मेरैवरिपरि मैले यस्ता धेरै उदाहरण देखेको छु तर अरूका बारेमा अनावश्यक चासो गर्नु राम्रो होइन । सबैको जिउने आआफ्नै शैली हुन्छ ।

एकचोटि म ऊ र उसका भाइबहिनीका साथमा साझाको रात्रिबस चढेर भैरहवा पनि गएको थिएँ एक दिनको निम्ति । त्यहाँ उनीहरूका पुर्खौली घर र मामाघरमा दिनभरि बसेर, उसका काका र बाजेबज्यैहरूसँग भेटेर हामी बेलुकीको बसबाट फेरि काठमाडौं फर्केका थियौँ । रात्रिबसमा हामीले पूरै रात गफ गरेर बिताएका थियौँ । भारतीय र ब्रिटिश सेनाबाट अवकाश पाएर फर्किएका सेनाहरूको जीवनशैली पनि

निकै छोटो समयमा हेर्न पाएँ त्यतिबेला । रजनीकी बज्यै र काकाले निकै मीठा व्यञ्जनहरू बनाएर खुवाएका थिए । उसको बाबा र आमाको पनि सानै उमेरमा प्रेम विवाह भएको रहेछ । बाबा मगर र आमा गुरूङ । उनीहरूको घर र मामाघर शहरको वारि र पारि पर्दारहेछन् । गाढा प्रेममा डुबेका हाम्रा ससुराज्यूले आफ्ना भाइहरूको मद्दतले गुरूङसिनी प्रेमिकालाई भगाएका रहेछन् । रजनीका काका र मामाहरू सबै ब्रिटिश सेनामा नै रहेछन् त्यतिबेला ।

रजनीका बाबापट्टिका जिजुबुवा गुल्मीको भार्सेबाट तल मधेसमा झरेर भारतीय ब्रिटिश सेनामा भर्ती भएका रहेछन् र दोस्रो विश्वयुद्धमा पनि लड्न गएका रहेछन् । त्यस्तै उसका हजुरबुवा भने भारत स्वतन्त्र भएपछि भारतीय सेनामा भर्ती भएका रहेछन् । अवकाशपश्चात् त्यतिबेलाका त्यो भेगका लाहुरेहरूले भैरहवाको म्यौडीहवा र पक्लिहवा तथा बुटवलतिर बसोबास गर्न थालेका रहेछन् । यसको मुख्य कारण ब्रिटिश सेनाले त्यतिबेला पक्लिहवामा ठूलो भर्ती क्याम्प खडा गरेको रहेछ र अर्को कारण भारतको गोरखपुरमा भारतीय सेनाको पेन्सन क्याम्प तथा अवकाश प्राप्त सेनाहरूका लागि कल्याणकारी कार्यालय पनि अवस्थित रहेछ । भारत सरकारले आफ्ना भूतपूर्व सैनिकहरूका लागि निकै धेरै सेवासुविधा दिने गरेको रहेछ । उनीहरूलाई रेल तथा अन्य सार्वजनिक यातायातमा विशेष छुटसहित विशेष सुविधा, आजीवन विशेष मानसम्मान, पेन्सन लिन जाँदा बेला-बेलामा रासन, लत्ताकपडा तथा पेय पदार्थहरू वितरण, स्वास्थ्योपचारमा आजीवन विशेष सुविधा, सीपमूलक तालिम तथा अवकाशप्राप्त सेनाका परिवारहरूलाई शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरिएको छ । ब्रिटिश सेनाले पनि यस्ता निकै सेवासुविधा प्रदान गर्छ आफ्ना अवकाशप्राप्त फौजीहरूलाई । राष्ट्रवादी भनाउँदाहरूले विदेशी सेनामा काम गर्ने नेपालीहरूलाई आफ्नो रगत विदेशमा बेचेको वा अन्य नराम्रा संज्ञा दिने गर्छन् तर हामीले के बुझ्नुपर्छ भने सच्चा राष्ट्रवादी यिनै लाहुरे नेपालीहरू हुन्, किनकि मुलुकमा चरम गरिबी, थिचोमिचो र जातिपातीको भेदभाव भएका बेलामा पनि मातृभूमिलाई दुख नदिएर उनीहरू मुलुकबाहिर गई आफ्नो ज्यानको बाजी राखेर वीर गोर्खाली रूपमा लडेर भए पनि आफू र आफ्नो परिवारलाई पालनपोषण गर्न सक्षम भएका छन्, र आज पनि छन् । उनीहरूको बहादुरीले गर्दा नै आज विश्वमा नेपाललाई वीरहरूको देश भनेर चिनिन्छ, र भन्ने नै हो भने उनीहरूको मद्दत नलिई फिरङ्गीहरूले पनि यो भेगमा विजय हासिल गर्न नसक्नेस्थिति भएकाले नै हामी नेपाली सधैँ स्वतन्त्र भएर

बाँच्न पाएका हौँ । तिनै लाहुरेहरूले मातृभूमिमा पठाउने गरेका रकम, तिनले पेन्सन वापत पाउने पैसा, तिनले विदेशबाट सिकेर आएको अनुशासन, तौरतरिका र सीपका कारण पनि नेपालको अर्थतन्त्र निकै हदसम्म धानिन सकेको छ ।

एकदिन कलेजबाट हामी आआफ्ना घर फर्केपछि अकस्मात् रजनीसँग केही दिनसम्म भेट हुन सकेन । फोन गर्दा पनि अरूले उठाउने तथा "रजनी छैन" भन्ने जवाफ पाउन थालेँ । कलेजमा पनि उसलाई भेट नहुने र उसका साथीहरूलाई पनि ऊ कहाँ छे भन्ने कुरा थाहा नभएको जानकारी पाएपछि म निकै चिन्तामा परेँ । धेरै दिनसम्म यस्तो अवस्था झेल्नुपरेपछि मैले एकदिन उसकी एकजना सँगीलाई विशेष आग्रह गरेर उसको घरमा गएर बुझ्न पठाएँ । पछि थाहा लाग्यो कि उसलाई उसका आमाबाबाले भैरहवामा पठाएका रहेछन् । अझ कुरा के पनि सुन्नमा आयो भने उसको उतैबाट बिहे गरिदिने योजना छ रे ! म त छक्क परेँ र ठूलो चिन्तामा डुबेँ । अब के गर्ने ! केही दिन त म पागलजस्तो नै भएँ । त्यही बेलातिर म र मेरा साथी राजेशले अर्का एकजना साथी माधवलाई भैरहवामा बुझ्न पठाउने निधो गऱ्यौँ । साथी माधव पनि भैरहवा गएर केही दिन बसेर रजनीका काकासँग समेत भेटेर आएछ तर रजनी कहाँ छिन् भन्ने कुरा पत्ता लगाउन भने सकेनछ । मैले केही दिन निकै रक्सी पिएँ र पछि यसरी समस्याको समाधान हुँदैन भन्ने लागेर अब म आफैँ उसलाई खोज्न जाने विचारमा पुगेँ । केही साथीलाई मसँग जानका लागि आग्रह गरेँ तर उनीहरूले विभिन्न बहाना बनाएर जान मानेनन् । हुन पनि यो भ्रमण निकै खतरनाक साबित हुन सक्दथ्यो । बल्लतल्ल साथी किशोर डंगोलले मसँग भैरहवा जान सहमति जनायो । त्यसपछि हामी दुईजनाले सल्लाह गरेर त्यतिबेला हनुमान ढोकाको प्रहरी कार्यालयमा कार्यरत एकजना उच्च प्रहरी अधिकृत नारायणसिंह ठकुरी, जो हाम्रो घरनजिकका छिमेकी पनि थिए, उनलाई भेट्न हामी त्यहाँ गयौँ र मैले सबै कुरा बिस्तारका साथ उनलाई सुनाएँ । उनले मलाई धेरै व्यवहारिक सल्लाह दिए र उनका साथी भैरहवामा कार्यरत वरिष्ठ प्रहरी अधिकृतलाई पत्र लेखिदिए । हामी सो पत्र लिएर घर फर्कियौँ ।

केही रकमको बल्लतल्ल जोहो गरेर पिताजीको चालकलाई भैरहवा गएर रजनीको हालखबर बुझ्ने र सकेदेखि उसलाई लिएर आउने कुरा गर्दा ऊ निकै तर्सियो र पिताजीको अनुमति नलिई गएमा उसको जागिरसमेत जाने भनेर हामीसँग जान मान्दै मानेन । बल्लतल्ल उसलाई फकाएर म र किशोर बेलुकीपख हाम्रै गाडीमा भैरहवाको निम्ति रवाना भयौँ । गुरूजी थानकोट पुगेपछि शौच गरेर आउँछु भनेर निस्केको

थियो, अलिक समय लगाएर मात्र फर्कियो । पछि थाहा भएअनुसार जागिर जाने डरले उसले कुनै दोकानबाट हाम्रा पिताजीलाई फोन गरेर मेरो करकापमा भैरहवा जान लागेको खबर गरेको रहेछ । बाटामा निकै कुरा खेले । भैरहवा गएर भेट हुने हो वा होइन, भेट भए उसले मसँग जान मान्ने हो वा होइन, के कारणले उसलाई यसरी अकस्मात् लुकाउनुपरेको हो । यस्तै-यस्तै कुराहरू मनमा खेलाउँदाखेलाउँदै हामी राती नौ बजेतिर मुग्लिङ पुग्यौँ । त्यहाँ एउटा थकाली रेस्टुरेन्टमा खाना खान पस्यौँ । निकै नै तनावले गर्दा मैले दुई पेग खुकुरी रम पिएँ र एकछिन रुन पनि आएछ मलाई । होटलमालिक दम्पती हामी देखेर छक्क परिरहेका थिए, यिनीहरूलाई के भएछ भनेर । खानापश्चात् हामी नारायणघाटतिर लाग्यौँ । बाटोमा ठूलो पानी पऱ्यो । बल्लतल्ल नारायणगढ पुगेर हामीले सीधा बाटो समायौँ । यतिबेलासम्म पनि नारायणगढमा नारायणी पुलनजिकको हेटौँडा, परासी र काठमाडौं जाने चोक नै मुख्य चहलपहल हुने ठाउँ थियो । बुटवल हुँदै राती करिब दुई बजेतिर हामी भैरहवा पुगेछौँ । योभन्दा पहिले म रजनी र उसका भाइ-बहिनीसँग एकचोटि भैरहवा गएको थिएँ । त्यहाँ त्यो रात पुगेर म सुनौली जाने र पक्लिहवा जाने करिब उस्तै बाटाहरू देखेर झुक्किएछु । सोध्नलाई कोही पनि थिएनन् त्यतिबेला सडकमा । अनि पक्लिहवा जाने चोकमा नै हामी रोकिएका रहेछौँ र गुरुजीले बिहानसम्म कुरेर मानिसहरूलाई सोधेर जाउँला भन्यो । मेरो त मन नै मानेन । तिमीहरू यतै बसिराख म हिँड्दै घर पत्ता लगाएर आउँछु भनेर गाडीबाट निस्किएँ । अगाडि पवन मिस्ठान्न भण्डारको बोर्ड देखेपछि ठीक बाटो समाएको थाहा लाग्यो । म अँध्यारोमा हिँड्दैहिँड्दै आधारातमा अघि बढ्दै गएँ । टाढा-टाढा कुकुरहरू कराइरहेका आवाज र चकमन्न अँध्यारो थियो त्यतिबेला । ठाउँ-ठाउँमा मधुरा बत्ती बलिरहेका देखिन्थे । मेरो ध्येय नै रजनीको घर र मामाघर पत्ता लगाउने र उसलाई जसरी भए पनि खोजेर आफूसँग लैजाने थियो, त्यसैले त्यस्तो एकान्त र बिलकुल पराया ठाउँमा आधारातमा एक्लै हिँड्दा पनि मलाई पटक्कै डर लागेन । झन्डै आधा घण्टा हिँडेपछि चिने-चिनेजस्ता घरहरू भएको ठाउँमा पुगेँ र रजनीको घर र मामाघर ठम्याएँ पनि, तर त्यहाँ सोधपुछ गर्ने कोही पनि थिएनन् । त्यसैले मैले बिहान फेरि आउने गरी फर्कने निर्णय गरेँ र गाडी भएको ठाउँमा फर्कें ।

बिहान उज्यालो भएपछि हेर्दा म गएको बाटो ठीकै भएको कुरा थाहा पाएँ । हामी रोकिएको चोकबाट अलिक उत्तरतिर प्रहरी कार्यालय रहेछ । पहिला हामी त्यहाँ

गयौँ । हाम्रै टोलतिर पहिले बसिसकेका एकजना सहायक निरीक्षक रहेछन् । उनीसँग कुराकानीपछि उनले चिया मगाएर एकछिन कुर्न भने । हामीले त्यहाँका प्रमुख रूपालशमशेर राणालाई कुरेर बस्यौँ । दश बजेमात्र कार्यालय खुल्ने भए पनि उनले सहायक निरीक्षकको आग्रहले गर्दा हामीलाई उनी व्यायाम गर्न जाने बेलामा नै भेटे । मैले काठमाडौँबाट ल्याएको चिठी दिनुका साथै उनलाई आफूलाई परेको मर्का सबै भनेँ । उनले "आजको जमानामा पनि अभिभावकहरू सन्तानको इच्छाविपरीत किन यस्तो व्यवहार गर्छन्, बुझ्नै नसकिने" भने । मसँग आवश्यक जानकारी लिएपछि उनले यो काम यति सजिलो नभएको कुरा पनि बताए । उनका अनुसार केही दिन लगाएर सबैभन्दा पहिले त्यो केटी त्यहाँ आफ्नो घर वा मामाघरमा छ वा छैन पत्ता लगाउनुपर्छ । यदि हामी त्यहाँ पुगेको थाहा पाए भने उसका परिवारले उसलाई अर्कै ठाउँमा लगेर लुकाउँछन् त्यसैले धेरै खुला भएर जान नहुने बताए । उनले "त्यो केटीलाई यो दुईचार दिनमा घरका मान्छेहरूले ललाइफकाइकन उसको मन बदलिसकेका पनि हुन सक्छन् । त्यसैले यदि उसले मेरो यो केटासँग कुनै सम्बन्ध छैन भनिदिई भने त ठूलै फसाद पर्छ । यस्ता घटना धेरै घटेका पनि छन् । त्यसैले केही दिन लगाएर बिस्तारै ऊसँग कुरा गर्ने माहौल बनाउने र यदि ऊ सकारात्मक नै छ तर उसको परिवारका मान्छेहरूसँग कुरा गर्ने वातावरण बन्ने सम्भावनाचाहिँ छैन भने उसलाई लिएर आफ्नो बाटो हिँड्नुपर्छ । हुन त यस्ता कुराहरू प्रहरी कार्यालयमा लेखाएर जाँदा राम्रो हुन्छ, तर यदि त्यहाँबाट निस्कने बेलामा कुनै प्रकारको तनाव भयो वा भाग्नुपर्नेस्थिति आएमा सीधै काठमाडौँतिर हानिइनुपर्छ । मानवताको हिसाबले गर्नुपर्ने काम जस्तै उनीहरूलाई सम्झाउने आदि काम हामी गरौँला" भने । उनको कुरा एकदम ठीक र व्यवहारिक भए पनि मेरो एकोहोरो भइसकेको मनले मान्न सकेन । हामी सम्पर्कमा भइरहने कुरा बताएर त्यहाँबाट बाहिरियौँ । बाहिर पुग्दानपुग्दै ती मद्दतगार प्रहरी सहायक निरीक्षकले सानो स्वरमा "सकिन्छ भने भगाएर टाप ठोक बाबु, हामीकहाँ सोध्न आएछन् भने हामी लुम्बिनीतिर खोज्न गएझैँ गरौँला । तर त्यहाँ गलत कामचाहिँ केही नगर्नू" भने ।

हामी पनि गाडीमा उसको घर भएतिर नै गयौँ । हिजो म जुन ठाउँबाट फर्केको थिएँ, त्यही नै ठाउँ म्यौडिहवा रहेछ, यानि उनीहरूको घर भएको ठाउँ । सो ठाउँभन्दा अलिक वर नै गाडी रोकेर मैले गुरूजीलाई अगाडि हेरिरहने र मैले हात हल्लाउनेबित्तिकै गाडी कुदाएर ल्याएर घुमाइहाल्ने निर्देशन दिएँ । अनि किशोर र

म एउटा रिक्सामा बसेर अघि बढ्यौँ । रजनीको घर दायाँपट्टि देखियो । उसका काका घरबाहिर बसेर एउटा बच्चालाई पढाउँदै चिया पिइरहेका थिए । सो घरभन्दा अलिकअगाडि गएपछि उसको मामाघर पनि वायाँपट्टि भेटियो । सो घर सकिनेबित्तिकै पक्लिहवा जाने बाटैको चिया पसल भएको छाप्रोअगाडि हामी रिक्साबाट ओर्लियौँ र त्यो चिया पसलमा गएर चिया माग्यौँ । त्यहाँ केही युवा पनि चिया पिउँदै थिए । उनीहरूमार्फत नै कुरा बुझ्ने विचार गरेँ मैले । किशोरलाई खुसुक्क सोबारे जानकारी दिएर मैले उनीहरूलाई दीपक थापाको घर कुनचाहिँ रहेछ भनेर सोधेँ । उनीहरूले "उः त्यो साइबाबाको मन्दिरसँगैको त हो नि" भने । मैले "भैरहवामा एउटा साङ्गीतिक कार्यक्रम गर्ने भनेर हामी गाउन र बजाउन आएको तर ऊ आइपुग्यो कि आइपुगेन थाहा नै भएन, अहिले घरमा गएर बुझ्नुपर्ला" भनेँ । यत्तिकैमा उनीहरूमध्येकै एउटा युवकले "दीपक त देखेको छैन, बरु उसको बहिनी रजनीलाईचाहिँ हिजो बेलुकी यहाँ मामाघरमा बाजेबज्यैसँग देखेको थिएँ" भन्यो । यो कुरा सुन्दा मलाई निकै खुशी लाग्यो, किनकि ऊ आखिर यहीँ रहिछे भन्ने कुराको पुष्टि पनि भयो । यो सुन्नेबित्तिकै किशोर फुत्त पसलबाहिर निस्कियो । मैले कुरा बुझिहालेँ, ऊ त्यहाँ रजनीको मामाघरमा कहीँ रजनी देखिन्छे कि भनेर हेर्न गएको थियो । मैले पनि उनीहरूसँग कुरा गर्दै चियाको पैसा पनि तिर्न भ्याइसकेको थिएँ । ती युवाहरू दीपक आउने कुरा सुनेर निकै उत्साही थिए । यत्तिकैमा किशोर आएर मेरो कानमा रजनी त्यहीँ घरको आँगनमा बसिरहेको कुरा बतायो । म पनि ती युवाहरूलाई "एकछिन है" भनेर किशोरसँग उसको मामाघरबाहिर गएँ । साँच्चिकै रजनी उसकी सानीमाकी छोरीसँग कुरा गरेर घरको आँगनमा बसिरहेकी रहिछ । मैले इसारा गरेँ, उसले पनि मलाई देखिहाली र दौडेर मूलढोकामा आई । घरमा लगाउने गाउनजस्तो माथिदेखि तलसम्मको लुगामा खाली खुट्टा नै दौडेर आएकी थिई ऊ । मैले गुरूजीलाई इसारा गर्नासाथ उनले गाडी हुँइक्याएर हाम्रोअगाडि आएर गाडी घुमाइहाले । अनि मैले "हिँड जाऔँ हामी तिमीलाई लिन आएको" भनेँ । तर उसले "होइन त्यसो नगरौँ" पो भन्न थाली । बिहान प्रहरी कार्यालयमा प्रहरी प्रमुखले "उसको मन बदलिइसकेको हुन सक्छ" भनेको कुरा  मेरो दिमागमा झल्याँस्स आयो । उता अघि चिया पिएको पसलका केटाहरू पनि पसलबाहिर बसेर हेर्दै थिए । मैले उसलाई "म अन्तिमचोटि भन्दैछु है, अब म फेरि-फेरि आउँदिन, हिँड छिटो" भनेँ ।  उसले "होइन, त्यसो गर्नुपर्दैन के" भन्दैथिई मेरो मन नै नमानेर गाडीको पछाडिको ढोका खोलेर उसको हात तानेर उसलाई गाडीभित्र हुलेँ अनि आफू पनि बसेँ । किशोर पनि हत्त न पत्त

अगाडि बस्यो र गाडी हावासरि दौडिहाल्यो र बाटोमा चरिरहेका कैयन् कुखुरा र चरा गाडीमा ठोक्किएको आवाजसमेत सुनियो । पछाडि हेर्दा त ती केटाहरू हामीलाई लखेट्दै रहेछन् । हामी बेपत्ता भइहाल्यौँ । आधा घण्टाजतिपछि आइपुग्ने बाटोको एउटा पुल नभएको नदी सायद "बहुला खोला" हो क्यार, त्यहाँ ठूलो बाढी आएको रहेछ । गाडी तारिदिन भनेर मानिसहरू बसेका हुँदा रहेछन् । केही नहेरी त्यतिबेलाको चारसय रुपैयाँ दिएपछि उनीहरू दश-एघारजनाले धकालेर गाडी नदीपारि तारिदिए । अब त हामी निकै सुरक्षित भइहाल्यौँ । आजको जस्तो मोबाइलको जमाना भएको भए हामीलाई भैरहवामा समाउन नसके पनि बुटवलमा पक्कै समाउँथे उसका नातेदारहरूले । फेरि एकाबिहानै भएकोले पनि रजनीको घरबाहिर धेरै मानिस जम्मा भइसकेका थिएनन् ।

बाटोमा रजनीसँग धेरै कुरा भयो । खासमा मेरी आमा र उसकी आमाको केही महिनाअघिदेखि हाम्राबारेमा बेला-बेलामा फोनमा कुरा हुँदो रहेछ र दुवैतर्फ नचाहिँदा कुरा सुनाइदिनेहरूका कारण बिस्तारै उहाँहरूको सम्बन्ध बिग्रँदै गएर केही दिनअघि भनाभनको स्थितिमा पुगेको रहेछ । यसको केही दिनअघि उसका नातेदारहरूबाट रजनीको बिहेका लागि प्रस्तावहरू पनि आएका रहेछन् र उसका आमाबाबाले पनि भैरहवामा उसका बाजेबज्यैकहाँ राखेर उपयुक्त वर मिले आउँदो दशैँमा टीकाटालो गरेर पठाइदिने भनेर सुटुक्क भैरहवा पुऱ्याएका रहेछन् । भैरहवा पुग्नुभन्दापहिले केहीदिन ऊ उसकी फुपू पर्नेको घर बुटवलमा बसेकी रहिछ । त्यसैले मेरो साथी माधवले उसलाई भेट्न नसकेको रहेछ । हामी भाग्नुभन्दा एक दिनअगाडि मात्र उसको आफ्नो मामाघरका बाजेबज्यैसँग मेरोबारेमा कुरा भएको रहेछ । उसले आफू त्यही केटासँग बिहे गर्न पाए मात्र गर्ने नत्र आत्महत्यासम्म पनि गर्न सक्ने कुरा बताएकी रहिछ । उसका बाजेबज्यैले "एकपल्ट त्यो केटालाई बोलाउनू, हामी कुरा बुझ्छौँ, जातपातको हामीलाई मतलब छैन, र यदि हामीलाई पनि त्यो केटा मन पऱ्यो भने तिमीहरूको बीचमा कोही आउन सक्ने छैन, उसैसँग बिहे गरिदिन्छौँ" भनेका रहेछन् । झनै बाजेले त "तेरा आमाबाउले  यही घरबाट भागेर बिहे गरेको बिर्सिसके रे ?" पनि भनेछन् । त्यसैले रजनीले मलाई भित्र लगेर बाजेबज्यैसँग भेटाउन खोजेकी रैछ बिहान । मैले कसरी बुझ्ने ती कुरा ! बाटोमा यस्तै कुरा गर्दागर्दै कति छिटो नारायणघाट पुगिसकिएछ । त्यहाँ उसलाई एउटा चप्पल किनिदिएँ । माथिपट्टि किशोरको जिन्सको ज्याकेट लगाई । त्यहीबेला मलाई मनमा एउटा कुरा फुऱ्यो ।

सिँदुर र पोते किनेर लगाइदिने ता कि कसैको उजुरी परेर नागढुङ्गामा प्रहरीले सोधपुछ गऱ्यो भने, हामी वालिग हौँ र हामीले आफ्नै इच्छाले बिहे गरेका हौँ भन्न सकियोस् ।

किनमेल र चियाचमेनापश्चात् हामी नारायणघाटबाट मुग्लिङतिर लाग्यौँ । रजनीको भन्दा पनि अबको चिन्ता घरतिरका मानिसहरूको थियो । किनकि हामीले आज जे गऱ्यौँ, यो कुरा हामी दुवैको घरमा सजिलैसँग लिइने कुरा थिएन । तैपनि अबका क्षणहरूमा हुने अप्ठ्यारालाई जसरी भए पनि पार गर्ने प्रण हामीले हाम्रो भैरहवादेखिको यात्रामा नै गरेका थियौँ । मुग्लिङमा हामी हिजो राती खाना खाएको रेस्टुरेन्टमा नै गयौँ । हिजो म रून्चे अनुहार लगाएर पसेको थिएँ र मसँग गएकाहरू पनि गम्भीर मुद्रामा थिए भने आज हामी सबै हँसिला भएर पसेका थियौँ त्यहाँ र साथमा एउटी युवती पनि थिई । होटल मालिक दम्पतीलाई कुरा बुझ्न धेरै समय लागेन । उनीहरू हामीले नबोलाए पनि हाँस्दै हाम्राअगाडि आएर कहाँसम्म गएर ल्याएको बहिनीलाई भनेर सोध्न थाले । मेरो साथी किशोरले हाँसेर छोटकरीमा हाम्रो हिजो र आजको कहानी सुनाइदियो । उनीहरू थकाली दम्पती रहेछन् । त्यसै त जातैले आतिथ्यमा सिपालु, झनै हिजोको म र आजको हामी देखेर उनीहरूलाई निकै रमाइलो लागेछ । आज खाना हाम्रोतर्फबाट भनेर उनीहरू विशेष व्यञ्जन बनाउन थाले । मैले पनि सबैका सामु रजनीको सिउँदोमा सिँदुर हालिदिएँ र पोते पनि लगाइदिएँ, यद्यपि, यहाँ न कुनै पुरोहित वा जन्ती नै थिए साक्षीका रूपमा । एकछिन रमाइलै भयो । रेस्टुरेन्टका मालिक दम्पतीको मेजमानीमा मीठो खाना पनि खायौँ । अनि उनीहरूसँग बिदा भएर फेरि काठमाडौंतिरको सफरमा अघि बढ्यौँ । त्यतिबेला मोबाइल फोन नहुने भएकोले काठमाडौं र भैरहवामा आज हाम्रो बिहानको भागाभागपछि के-के भयो थाहा हुनै सकेन । मनमा कता-कता डर लागिरहेको थियो । बाटोमा कुनै व्यवधान नभएकाले हामी सजिलैसँग नागढुङ्गानिर पुग्यौँ । नागढुङ्गा पुग्नुभन्दा करिब आधा किलोमिटरजतिअगाडि सडकको किनारमा एकदम चिनिने गरेर मेरो मोटरसाइकल पो रोकिइराखेको रहेछ । होन्डा, बा.अ.म. ५२५ । हाम्रा गुरूजीले चिनेर गाडी साइड लगाइहाले । कसले ल्याएछ भनेर म पनि गाडीबाट ओर्लेर हेर्छु त त्यही हाम्रो कलेजको चतुर साथी आफ्नी प्रेमिकालाई लिएर सडकको किनाराको घाँसे मैदानमा पल्टेर गफ गरिरहेको रहेछ । मैले उनीहरूका अगाडि गएर "किन त्यहाँ आएर बसेको" भनेर सोधेँ । उसले मेरो पिताजीले पठाएको भन्यो ।

उसका भनाइअनुसार त्यो दिन बिहान मेरा पिताजी उसलाई लिएर रजनीको घरमा जानुभएको रहेछ । अघिल्लो दिन हाम्रा गुरूजीले फोन गरेर भैरहवा जान लागेको कुरा सुनाएपछि रातभरि निन्द्रा नलागेर उहाँले त्यहीँ हाम्रो घरनिर नै बस्ने त्यो साथीलाई घरमा बोलाएर "रजनीको घरमा गएर कुरा गर्नुपर्‍यो, कपिल हिजो बेलुकी भैरहवा गएछ, उसले भैरहवामा कसैलाई चिनेको छजस्तो लाग्दैन, त्यहाँ उसलाई केही भयो भने के गर्ने" भन्नुभएछ । अनि पिताजी र त्यो साथी बानेश्वरस्थित उसको घरमा गएर उसका आमा-बुवासँग कुरा गर्न थालेछन् । उसका बुवाले आफ्ना छिमेकी तथा घरमा आइरहने एकजना अवकाशप्राप्त न्यायाधीशलाई पनि बोलाएछन् जो हाम्रा पिताजीसँग पनि परिचित नै व्यक्ति रहेछन् । बातचितको क्रममा हामी दुईको बिहे गरिदिने कुराले ठाउँ पाउँदै गरिरहेका बेला अकस्मात् फोनको घण्टी बजेछ र रजनीकी आमाले फोन उठाउँदा उसका काकाले भैरहवाबाट गरेका रहेछन् । उनले "रजनीलाई त्यो केटा आएर रातो गाडीमा भगाएर लग्यो र प्रहरी थानामा गएर मौखिक उजुरी दिँदा उनीहरूले पनि  खोजिदिने हलुका आश्वासनमात्र दिएर एउटा प्रहरी भ्यान लुम्बिनीतिर लाग्यो" भनेछन् । यो सुनेर रजनीका बाबाले एकछिन प्रहरीप्रति पनि आक्रोश प्रकट गर्नुभएछ । त्यहाँ घरमा आएका अवकाशप्राप्त न्यायाधीशले रजनीका बुवा र आमालाई "हेर्नोस्, तपाइँहरू र लोहनीजी दुवैथरी मैले चिनेको मान्छे, यो कुरा अलिकअघि थाहा पाएको भए म पहिले नै मिलाइदिने थिएँ, तर अहिले पनि केही बिग्रेको छैन, जे भयो भयो अब केटा र केटी काठमाडौं आएपछि यिनीहरूको बिहे गरीदिनुहोस्" भनेछन् । उनैले रजनीकी आमातिर फर्केर "ल अब टीकाटालोको सामान तयार पारेर आउनोस्" भनेछन् । एकैछिनमा टीकाटालो गरेर बिहे छिनेको अवसरमा बिहानै मदिरा र सितनले मुख मीठो गरेर मेरा पिताजी र त्यो साथी घर फर्केछन् । घरमा टीका लगाएर मुसुमुसु हाँसेर झुम्दै आएका पति देखेर हाम्री आमा छक्क पर्नुभएछ । एकछिन रिसाउनु पनि भएछ । त्यसपछि मेरा पिताजीले त्यो साथीलाई "घरको मोटरसाइकल लिएर थानकोट र नागढुङ्गामा जानू र यदि त्यहाँ कदाचित् प्रहरीमा कुनै उजुरी परेकाले कुनै अप्ठ्यारो परिस्थिति सिर्जना हुन गएमा सल्टाउने कोसिस गर्नू र नसके मलाई त्यहाँ नजिकबाट फोन गरेर खबर गर्नू" भन्नुभएकाले ऊ पनि आफ्नी प्रेमिकालाई लिएर त्यहाँ आइपुगेको रहेछ । तर त्यहाँ कुनै व्यवधान भएन र हामी सजिलैसँग थानकोट कटेर घर पुग्यौँ ।

घरमा पुग्न पाएको छैन मलाई मेरा परिवारजनले अब रजनीलाई उसको घरमा

पुऱ्याइदिनुपर्ने र केही समयपछि हाम्रो बिहे गरिदिने कुरा गरे । तर त्यत्रो संघर्ष गरेर उसलाई भैरहवासम्म गएर आफ्नो जीउज्यानको माया मारेर ल्याएपछि मैले सुस्क्क उसलाई घर पठाइदिनुपर्ने कुरा मलाई पच्दैपचेन । त्यसैले मैले यो कुरा मानिनँ । अनि मैले उसलाई यदि यसरी उसको घर पठाउनुपर्ने हो भने म पनि यहाँ नबस्ने अडान लिएर रजनीलाई लिएर घरबाट बाहिरिएँ । तर जाने कहाँ ? एकछिन त म निकै अन्योलमा परेँ । त्यहीबेला मेरा अति नै निकट मित्र राजेश शर्मा र माधव थापा म घर आएँ कि आइनँ भनेर बुझ्न मेरो घर आउँदै रहेछन् । उनीहरूसँग एकछिन भेटेपछि राजेशले यदि घरमा बस्नै नमिल्ने हो भने केही दिनका निम्ति उसको घरमा बसे हुने कुरा गऱ्यो । उसको घरमा डेरा गरेर बस्ने एकजना फ्रेन्च नागरिक केही महिनाका निम्ति आफ्नो मुलुक गएको रहेछ । उसैको घरमा गयौँ हामी । उसका मातापिता धर्मसंकटमा परे । राखौँ भने मेरा मातापिताले के भन्ठान्लान् र नराखौँ भने आफ्नो घरमा सधैँ आइरहने आफ्नो छोराका साथीलाई कसरी त्यस्तो रातीको समयमा हुँदैन भन्ने । सायद उसका पिताले मेरो घरमा फोन गरेर मेरा पिताजीसँग कपिल आएको र निकै अप्ठ्यारो परिस्थिति परेकोले राख्न बाध्य भएको कुरा गरेछन् क्यार, एकैछिनपछि उनी हामीसामु आएर अलि हलुका मुद्रामा "ल बधाई छ तिमीहरूलाई, तिमीहरू यहीँ बस बाबु, पहिला खाना खान आऊ" भने । त्यस्तो स्नेह दिने आफ्ना आमाबाबुलाई छाडेर यसरी साथीकहाँ बस्नुपरेकोमा हामी दुवैजना निकै दु:खित भएका थियौँ, तर हाम्रो यस्तो विषम समयमा साथी राजेश वास्तवमा भगवान् नै भएर प्रकट भएको थियो र उसका मातापिताले पनि निकै उदारता देखाएकाले हामी ठूलो संकटबाट मुक्त भएका थियौँ केही दिनका लागि । करिब एक महिना हामी उसैको घरमा बस्यौँ । तर हामी दुवैजनालाई अब धेरै त्यहाँ बसेर उनीहरूलाई अप्ठ्यारो परिस्थितिमा धकेलिदिनुहुँदैन भन्ने लागेर मैले राजेशलाई अब केही दिनमा हामी त्यतै कतै नजिकमा एउटा डेरा खोजेर बस्छौँ, बरु डेरा खोज्न र आवश्यक मालमत्ता खरिद गर्न जाने बेलामा उसको मद्दत चाहिने कुरा गरेँ । उसले "अहिले के भएको छ र एकाध महिना यतै बसे भइहाल्यो नि" भन्यो । तर उसको घरमा पनि उनीहरूका इष्टमित्र आइरहन्थे, सबैलाई उनीहरूले कति स्पष्टीकरण दिइरहने भन्ने लागेर मैले "नजिकमा बसेमा हामी दिनहुँ तेरो घरमा आइहाल्छौँ, आमाबुवासँग भेट भइहाल्छ, के भएको छ र" भनेपछि ऊ आखिर सहमतिमा पुग्यो । उसकै पहलमा उसको घरबाट केही तल एउटा कोठा पनि पाइयो पहिलो तलामा । हामी यसरी घर छाडेर भर्खरै भागी-बिहे गर्नेलाई हतपत कसैले पनि घर दिँदैनथ्यो । तत्पश्चात्

राजेश र उसका दुईजना बहिनीलाई लिएर हामी इन्द्रचोक गयौँ र हाम्रा हातका औँलामा भएका दुईओटा साना-साना औँठी बेचेर डसना, तकिया, ओढ्ने र पकाउने तथा खाने भाडाहरू किन्यौँ । अनि केही दिनलाई पुग्ने रासन पनि किन्यौँ । डेरामा आएर भुइँओछ्यान लगाएर एउटा कुनामा सानो पकाउने ठाउँ पनि बनायौँ । खाने प्लेटहरू प्लास्टिकका किनेका थियौँ । अलिकति चामल, तयारी चाउचाउ, प्याज, आलु र तेल-मसला पनि किनेका थियौँ । यो घरमा डेरावालाहरूका लागि घरको पछाडि बारीमा चर्पी र धारा बनाइदिएको थियो । रात-बिहान जहिले शौच गर्नुपरे पनि त्यहीँ जानुपर्दथ्यो । कोठाको मासिक भाडा तीन सय रुपैयाँ थियो । कस्तो घरमा हुर्केका हामी दुवै आज यस्तो अवस्थामा जिउन बाध्य भयौँ भन्ने लाग्यो । तर यो सब हाम्रा घरका मान्छेले गर्दा भएको भन्दा पनि हामीले समाजमा चलिरहेको कुरीति, पुरातन मूल्य र मान्यताको विपरीत हिँडेकाले त्यस्तो भएको थियो । भिन्दाभिन्दै जात र परिवेशमा हुर्किएका हामीलाई प्रेमले बेजाति पनि भनेन र आआफ्ना मूल्यमान्यता त्याग्नुहुन्न पनि भनेन, बरू यही प्रेमका कारण हामीले सारा संसार, आफन्त, र बाउआमासमेत छाडेर एउटा अँध्यारो कोठामा कोचिएर बस्न मञ्जुर गरेका थियौँ । तैपनि हामी दुईको सङ्गमले गर्दा हामी त्यस्तो अवस्थामा पनि निकै खुशी थियौँ ।

केही दिनपछि मेरा जेठा दाजु आएर हामीलाई घर भित्राउने प्रस्ताव ल्याए । घरबाट रजनीका लागि केही कपडा पनि ल्याइदिएका रहेछन् । दाजुसँग बज्रवाराहीको मन्दिरमा गएर दर्शन गरी त्यहाँ रजनीलाई घरबाट पठाएका सिँदुरपोते लगाइदिएर हामी घरमा भित्रियौँ । मातापिता पनि घरको मूल ढोकामा आउनुभएको थियो हाम्रो स्वागत गर्न । त्यही दिन रजनीको घरमा पनि भित्राउने कार्यक्रम रहेछ । यो सब बन्दोबस्त हाम्री आमाहरूले फेरि फोनमार्फत एकापसमा वार्तालाप गरेर मिलाएका रहेछन् । म र रजनी मेरा दुई दाजुहरूसँग बानेश्वरस्थित रजनीको घरमा पुग्यौँ । हामीले त उनीहरूको परिवारका सदस्य मात्र हुन्छन् भनिठानेका थियौँ तर त्यहाँ त निकै धेरै मानिस बोलाइएको रहेछ । घण्टौँसम्म पुरोहितले बिहेमा गर्नुपर्ने संस्कारहरू नै गरे । अनि सबैजनासँग चिनाजानी र भोजभतेर चल्यो । केही दिनपछि रजनीलाई उसको माइतीमा छाडेर म घर आएँ र त्यतिबेला एकदुई दिन बिराएर उसलाई भेट्न जाने गरेको थिएँ । म त्यतिबेला निकै रक्स्याहा भएको थिएँ । झनै घरमा एक्लो भएका बेला त धेरै पिउने भएछु । एकदिन कतैबाट रक्सी धेरै नै पिएर म रजनीको माइतीमा पुगेछु । मैले पिएर आएको छु भन्ने थाहा भएर पनि मेरा सासू र

ससुराहरू थाहा नपाए जसरी बसिरहेका थिए तर मैले फेरि पिएर ढुन्मुनिन थालेपछि मेरी सासूले सम्झाउने हिसाबले मलाई "यसरी पिउनु हुँदैन बाबु" भनेर भन्दा म निकै रिसाएछु । त्यहाँ एकछिन भनाभन नै पऱ्यो । सम्पूर्ण भूल मेरो नै थियो । मैले जबरजस्ती रजनीलाई समातेर फेरि उनीहरूको घर छाडेर पुरानो डेरामा नै लिएर गएँ । पछि मलाई निकै पश्चात्ताप पनि भएको थियो यो कुराले । निकै दिन डेरामा नै कैद भएर बसेँ म । तर यस्तो हुँदा र मेरै भूल हुँदा पनि रजनी लुसुक्क मसँगै आएर बसिन् ।

वास्तवमा मलाई बाजागाजाका साथमा बेहुला भएर साथीभाइ र इष्टमित्रहरूलाई लिई जन्ती जाने र दुलही घरमा भित्राउने ठूलो इच्छा थियो । तर त्यो इच्छा पूरा हुन नसकेकोमा र मैले आफूले मन पराएकी केटी बिहे गर्न यति धेरै संघर्ष गर्नुपरेको अनि आमाको मन नराम्रोसँग दुखाउनुपरेकोमा म सधैँजसो खिन्न रहन्थेँ र मेरो भित्री मनमा यस्ता कुराहरू लुकेर बसेकाले होला मबाट विभिन्न किसिमका भाँडभैलो बेला–बेलामा भइरहन्थे ।

केही दिन काम नगरी बसे पनि व्यवहार चलाउन काम त गर्नै पऱ्यो । तर भन्नेबित्तिकै कहाँ काम पाउने र ? कसैसँग पैसा माग्न पनि आफूले नजानेको काम । घरमा रासन र पैसा पनि सकिन लागिसकेको थियो । निकै सोचेपछि मैले मेरा एकजना साथीलाई "कुनै काम नपाए ट्याक्सी नै चलाउने काम भए पनि पाए हुन्थ्यो" भनेँ । उसले हाँस्दै, "विचार गरौँला, अहिले नै नआत्तिई" भन्यो । बेलुकीपख ऊ सीधै मलाई भेट्न आयो, अनि केहीबेर टहल्न जाँदा उसले एकजना चिनेको मानिसको ट्याक्सीको चालकले भर्खरै जागिर छोडेकोले उनको ट्याक्सी त्यसै घरमा थन्किरहेको र उसले तिनलाई मेरो बारेमा कुरा गर्दा "त्यस्तो अप्ठ्यारो परेको भए अर्को काम नबनुञ्ज्यालसम्म चलाए भइहाल्यो नि त" भनेछन् । भोलिपल्टदेखि नै मैले दिनमा केही घण्टा ट्याक्सी चलाउन थालेँ । त्यतिबेला ट्याक्सीमा अहिलेको जस्तो डिजिटल मिटर हुँदैनथ्यो । बिजुलीको मिटरजस्तै ठूलो र मिटर चलाउनुपर्दा माथिको भागलाई घुमाएर तलतिर लानुपर्दथ्यो । बिहान र दिउँसो त ठीक हुन्थ्यो तर बेलुकीपख र रातीको समयमा भने असल मानिसहरूका साथसाथै मदिरापान गरेका, हुल्याहाजस्ता युवाहरू पनि ट्याक्सीमा सवार हुन्थे । अश्लील शब्दहरू बोल्ने, ट्याक्सीमा नै झगडा गर्ने र ओर्लने बेलामा तर्साएर पैसा नदिने ताकमा बस्ने । तर उनीहरूको मसँग केही लाग्दैनथ्यो । पैसा नतिर्नेलाई र हूलदङ्गा गर्न खोज्नेलाई त म एकैछिनमा

ठीक ठाउँमा ल्याइदिइहाल्थेँ । आखिर मैले पनि वर्षौँसम्म आत्मरक्षाका लागि कराते सिकेको थिएँ र दिनहुँ व्यायाम पनि जो गर्दथेँ । त्यो सब यस्ता परिस्थितिहरूमा काम आएको थियो । एकदिन साँझपख मेरो ट्याक्सीमा केही विदेशी पर्यटक चढेर पाटनबाट ठमेल जाँदै थिए । उनीहरूका कुराकानी म सुनिरहेको थिएँ । उनीहरूलाई बौद्धनाथको स्तुपा हेर्ने निकै इच्छा रहेछ । मैले अङ्ग्रेजीमा "यदि तपाइँहरूलाई बौद्ध जाने इच्छा छ भने म भोलि बिहान तपाइँहरू बसेको होटलमा आएर तपाइँहरूलाई बौद्ध र सेरोफेरो घुमाइदिन सक्छु भनेँ । उनीहरू निकै खुशी र उत्साहित भए अनि मेरो प्रस्ताव स्विकारे पनि । भोलिपल्ट मैले उनीहरूलाई होटलबाट लिएर बौद्धनाथको स्तुपाका विभिन्न ठाउँ घुमाइदिएँ र ती ठाउँहरूका बारेमा आफूले जानेका कुराहरू पनि बताइदिएँ । त्यतै चियानास्ता खाएपछि उनीहरूलाई गोकर्णको जङ्गलबाहिरसम्म घुमाएर फेरि उनीहरूको होटलसम्म पुऱ्याइदिएँ । उनीहरू निकै खुशी भएर मेरो नाम सोधे र मबारे निकै जिज्ञासाहरू राखे, तर मैले उनीहरूलाई साधारण ट्याक्सी चालककै परिचय मात्र दिएँ । उनीहरूलाई नेपालका ट्याक्सी चालकहरू पनि निकै राम्रो अङ्ग्रेजी बोल्नुका साथै गाइडको कामसमेत जान्दा रहेछन्जस्तो लाग्यो होला ! म मनमनै हाँसेर आफ्नो काममा लागेँ । ट्याक्सीबाट भएको आम्दानीबाट साहुलाई र आफूलाई राम्रै आर्थिक सहयोग भइरहेको थियो ।

यस्तैमा एकदिन साथी राजेशले उसको कार्यालयका कर्मचारीहरूको सात–आठ परिवार हङकङ घुम्न जान लागेको कुरा सुनायो । मैले उसलाई मैले भनेका सामानहरू ल्याइदिएमा आफूले ती सामान व्यापारीहरूलाई बेच्ने बन्दोबस्त मिलाइदिने र यसो भएमा उनीहरूको घुमाइको खर्च त्यसबाटै उठ्ने र मलाई पनि अलिकति पैसा आउने बताएँ । उसले उसका साथीहरूसँग यसबारे कुरा गर्ने आश्वासन दियो । नेपाल वायुसेवा निगम वा अन्य धेरै देशका वायुसेवाले आफ्ना कर्मचारी र उनका परिवार वर्षको एकचोटि बिदामा देश–विदेश घुम्न जाऊन् भनेर केही टिकट प्रदान गर्ने गर्छन् । बेलुकी मेरो साथी आएर मसँग सामानको लिस्ट माग्यो । मैले पनि यहाँ बिक्ने घडी र क्यामराको मोडलदेखि लिएर अन्य सामानको लिस्ट बनाएर दिएँ । उनीहरूले उता गएर ती वस्तु खरिद गर्ने अधिकतम मूल्य पनि मैले लेखिदिएँ । यसअघि मैले केही समय हङकङ, सिंगापुर र थाइल्यान्डबाट सामानहरू ल्याएर नेपालमा बिक्री गर्ने काम पनि गरेको थिएँ । त्यसैले कुन–कुन वस्तुमा राम्रो फाइदा हुन्छ र ती वस्तुहरू कहाँ लगेर तुरन्त बेच्न सकिन्छ भन्नेबारे मलाई राम्रो ज्ञान र

अनुभव थियो । केही हप्तापछि राजेशका साथीहरू नेपाल फर्किए र मैले भनेका सामानहरू पनि आफूले ल्याउन सक्नेजति ल्याएछन् । मैले केही दिनमा नै ती सब सामान लगेर सम्बन्धित व्यापारीहरूलाई बेचिदिएँ र उनीहरूलाई कबुल गरेको रकम पनि हस्तान्तरण गरिदिएँ । यो बिक्रीबाट मैले पनि ठूलै रकम कमाउन सफल भएँ । निकै गाह्रो परिरहेको बेलामा एकाएक मलाई राम्रै आमदानी हुन गयो । यो आम्दानीसँगै मैले ट्याक्सी चलाउन पनि बन्द गरेँ ।

साथीहरूले एउटा भोज गर्नुपर्‍यो भनिरहेकाले एकदिन राजेश र म किनमेल गर्न गयौँ । खाद्य र पेय पदार्थ सबैथोक जुटाएर हामीले करिब पन्ध्र–बीसजनाजति साथीलाई दिउँसोतिर मेरै डेरामा आउन फोन गरेर निमन्त्रणा दियौँ । मेरो डेराको माथि ठूलो कौसी थियो । त्यहीँ खुवाउने र पिलाउने निधो भयो । राजेशका पिता पनि अति नै रमाइला मानिस, उहाँ पनि कार्यालय जाने बेलामा आएर मासु चाखेर जानुभयो । दिउँसो साथीहरू आएर निकैबेर खाइपिइ गरेर फर्किए । एकछिन आराम गर्नुपर्‍यो भनेर हामी के बसेका मात्र थियौँ, मेरा माता र पिता पो आइपुग्नुभएछ घर खोज्दै–खोज्दै । माथि कोठामा आएर बसेपछि मेरी आमाले चारैतिर नजर दौडाएर दिक्क अनुहार लगाएर मलाई हेर्नुभयो । उहाँ घरगृहस्थी गरेर बस्नुभएकोले मेरो दशा देखेर दिक्क हुनुभएको थियो, तर बुवा अर्कै प्रकारको मानिस भएकाले उहाँले मेरो कोठामा कुनै खराबी देख्नुभएन बरु मलाई बोलाएर "उः त्यो रक्सी हाल् त एक पेग बाबु" भनेर हाँस्न थाल्नुभयो । मैले गिलास सफा गरिकन एउटा ठूलै पेग रक्सी बनाएर दिएँ अनि रजनीले मासु तताएर दिइन् । आमा निकै भावुक भएर हामीलाई हेरिरहनुभएको थियो, कहिले हाँस्नुहुन्थ्यो त कहिले टोलाउनुहुन्थ्यो । मलाई दिउँसोदेखि नै ज्वरो आउलाजस्तो भएको थियो । बुवाआमा आउँदा अझै कमजोरी भइरहेको थियो । आमाले "मामाघरमा कान्छो मामाले तिमीहरूलाई आज बस्ने गरी आओ भनेर निम्ता गरेको छ । हामीसँगै गाडीमा हिँड र भोलि फर्कनू" भन्नुभयो । मैले हस् भनेँ । रजनीले अलिकति मासु बाँकी रहेछ, त्यो हाम्रा गुरूजीलाई दिइन् । उसले पनि त्यहाँ भएका भाँडाहरू तल लगेर माझेर ल्याइदियो । हामी जान तयार होउञ्ज्यालसम्म पिताजीले हाँस्दै अर्को ठूलै पेग भ्याइहाल्नुभयो । बाटोमा उहाँले "अब तिमीहरू केही दिनमा आफ्नो घर आओ, अनि छिटै राम्रो साइत हेरेर तिमीहरूको बिहे पनि गरिदिउँला" भन्नुभयो । मैले सहमति जनाएर टाउको हल्लाएँ । मामाघरमा हामी त्यो रात मामा, माइज्यू र भाइहरूसँग गफगाफ गरेर बितायौँ । मामाले पनि अब घर

जानुपर्छ भन्नुभयो । उहाँ मलाई निकै माया गर्नुहुन्थ्यो । रजनी र म मोटरसाइकलमा घुमेको पनि उहाँले केही पटक देख्नुभएको रहेछ । उहाँ हाम्रो बिहे होस् भन्ने नै पक्षमा हुनुहुन्थ्यो । वास्तवमा मेरी आमाले मैले उहाँहरूको आग्रह मान्दिनँ कि भनेर मामाले सम्झाइदेओस् भनेर मामाघर जानु भन्नुभएको जस्तो लागेको थियो मलाई । भोलिपल्ट हामी बिहानको खाना खाएर आफ्नो डेरातिर फर्कियौँ । मामा र माइज्यूले अब एकदुई दिनमा नै घर फर्किनू र यदि अप्ठ्यारो लाग्यो भने हामीलाई बोलाउनू भन्नुभएको थियो । डेरामा पुगेपछि मलाई निकै नै ज्वरो आयो । दुईदिनसम्म त रजनीले पानीको पट्टी लगाइदिएर सिटामोल खुवाएर स्याहारिन् । पछि राजेशले मेरो घरमा फोन गरेर आमालाई निकै बिरामी भएको कुरा भनिदिएछ । आमाले पनि "म गाडी पठाइदिन्छु बाबुले दुवैजनालाई घरसम्म ल्याइदिनु है" भन्नुभएछ । राजेश आएर "तिमीहरू अब तयार होऊ, घरबाट गाडी आउन लागेको छ, म पनि साथमा जान्छु" भन्यो । गाडी आएपछि हामी सबैजना मेरो घरमा गयौँ ।

मंसिर ७ गते हाम्रो बिहे साँखुस्थित इष्टदेवी बज्रयोगिनीको मन्दिरमा हुने पक्का भयो । हाम्रा पिताजीले उहाँका मित्र राजनीतिज्ञ जोगमेहर श्रेष्ठलाई भनेर उनको साँखुमा अवस्थित पुर्खौली घरमा एकरात बस्ने व्यवस्था मिलाउनुभएको थियो । ठूलै जत्था लिएर हामी साँखु पुग्यौँ । जोगमेहर श्रेष्ठले पनि त्यहाँ बस्ने, खाने र पिउने राम्रै व्यवस्था मिलाइदिएका रहेछन् । दिदीभिनाजु, दाजुभाउजुहरू, रजनीका भाइबहिना तथा हाम्रा केही साथिहरू बेलुकी नै त्यहाँ पुगेका थियौँ । रातभरि तास, गफ, हँस्सीठट्टा र खानपिन चलिरह्यो । बिहान चार बजेतिर हामी साँखुको उकालो चढ्न थाल्यौँ । माथि मन्दिरमा पुगेपछि पूजापाठ सुरु भयो । मेरा बुवाआमा र मामामाइज्यूहरू बिहेको दिन बिहान सीधै मन्दिरमा आइपुग्नुभयो । पूरै विधिअनुसार बिहे सम्पन्न भयो । त्यहीँ वनभोज खाएर हामी घर फर्कियौँ । घर आएर रजनी र मेरो कुरा पनि भयो हाम्रो बिहेका बारेमा । मुग्लिङ, बज्रवाराही, रजनीको माइत र बज्रयोगिनीमा गरेर मैले उसको सिउँदोमा चारचोटि बिहेको सिँदुर हालेछु । केही दिनपछि हाम्रो बिहेको भोजको पनि आयोजना भयो ।

सम्धीनी भेटको दिन हाम्री माताकी आमा पनि रजनीको माइतमा जाने हुनुभयो । त्यहाँ उहाँले केही पनि नखाने भन्नुभयो । यस्तो सुनेर रजनीकी हजुरआमाले हामीसँग जात नमिलेकोले हजुरले हाम्रो घरमा केही पनि खान्न भन्नुभएको होला भनेपछि हाम्री हजुरआमाले "त्यस्तो होइन, ल पहिला पानी दिनुहोस् हजुरकै हातबाट, अनि

त्यसपछि मासुबाहेक के-के पाकेको छ सबैथोक ल्याउनुहोस्" भनेर मज्जाले खाइपिइ गर्नुभयो । रजनीको माइतमा पनि सबै खुसी भए । हाम्री माता सोझी हुनुहुन्थ्यो अनि मेरा लागि कस्ता-कस्ता सपना देख्नुभएको थियो होला तर हेर्दाहेर्दै के-के भयो भयो । त्यसैले उहाँ निकै भ्रमितजस्तो हुनुभएको थियो र यी सबै कुराहरू हल्का मुस्कानका साथ हेरिरहनुभएको थियो । पछि घर फर्केर मलाई उहाँले "तेरा सासू, ससुरा तथा ससुरालीका सबै मानिस निकै असल र रमाइला रहेछन् । मलाई यस्ता होलान्जस्तो लागेको थिएन बाबु । म निकै खुशी छु आज" भन्नुभएको कुरा म आजसम्म पनि सम्झन्छु । रजनीलाई पनि उसकी आमाले "मलाई कपिलको घरका मानिसहरूले तँलाई नराम्रो व्यवहार गर्लान् र तैँले जिन्दगीमा दुख पाउलास् भन्ने ठूलो डर लागेको थियो तर उनीहरू त ज्यादै खुला र उदार हृदयका रहेछन्, अब म ढुक्क भएँ" भन्नुभएछ । यस्ता कुरा अलिकअघि नै मेरो र रजनीको घरमा थाहा भएको भए हाम्रो विवाह कति रमाइलोसँग हुने थियो होला । जे होस्, त्यतिबेलाको असहज परिस्थितिले गर्दा हामीले जेजति हन्डर र ठक्कर खायौँ, त्यो अवस्था नै हाम्रा लागि बाँकी जीवनको बाटोमा अघि हिँड्ने ठूलो पाठ हुन गयो ।

करिब एक वर्षजति म ससुरालीमा गइनँ, दम्भ र लाज दुवै कारणले गर्दा । तर अर्को वर्ष बिहे गरेकै दिन जब छोरी कृपाको जन्म भयो, रजनीको माइती र मेरो घर दुवैतिर खुशीको सीमा नै रहेन र पहिलेका सबै कुरा दुवैतिरकाले बिर्सिए । त्यसपछि हामीबीच कहिल्यै वैमनस्यताको स्थिति आइपरेन । छोरी कृपा रजनीको माइतीमा पहिली नातिनी भएकीले सबैकी प्यारी । यता घरमा पनि सबैभन्दा कान्छी भएकीले सबैले माया गर्ने । कृपा जन्मेको करिब साँढे तीन वर्षपछि यानि विक्रम संवत् २०४७ आषाढमा छोरा कृपेशको जन्म भयो । जनआन्दोलनमा निकै खटिनुभएका मेरा पिताजीको मस्तिष्कमा रक्तस्राव भएर उहाँ राजाबाट बहुदलीय व्यवस्थाको घोषणा भएको केही समयपछि नै वीर अस्पतालमा भर्ना गरिइनुभयो । केही हप्तासम्मको उपचारपश्चात् चामत्कारिक हिसाबले उहाँको स्वास्थ्यमा सुधार हुँदै गएपछि उहाँलाई अस्पतालले घर पठाएको थियो । त्यसको केही हप्तापछि नै कृपेश जन्मेको हो । पिताजीको स्वास्थ्यमा क्रमिक सुधार आएको खुशियालीका साथसाथै छोरा कृपेशको जन्मले झनै हर्षित भएका थियौँ हामी ।

हामी दुवैजना रत्नराज्य कलेजमा स्नातक प्रथम र द्वितीय वर्षको कक्षामा अध्ययन गर्नका निम्ति बिहान छ बजे नै घरबाट हिँड्थ्यौँ । राजनैतिक अस्थिरता, बन्द र

हडतालले गर्दा हाम्रो प्रवीणता प्रमाणपत्र र स्नातक तह दुवै सकेर उत्तीर्ण हुँदा झन्डै छ वर्ष बितेछ । रजनीका अन्य सँगीको बिहे पनि भटाभट हुँदै गयो यो समयको दौरानमा । म पनि पढाइ र नोकरी दुवै गर्न थालेँ । अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा भएका विकास आयोजनाहरूमा झन्डै दश वर्षसम्म काम गरेछु मैले । सन् १९९३ मा म अर्थशास्त्रमा स्नातकोत्तर पनि उत्तीर्ण भएँ । रजनीले भने पढ्ने इच्छा हुँदाहुँदै पनि स्नातकोत्तरको अध्ययन सक्काउन सकिनन् घरायसी कामकाज तथा बालबच्चाहरूको लालनपालनले गर्दा । उनको अध्ययन स्नातक उत्तीर्णमा नै सीमित हुन पुग्यो । केटाकेटीको लालनपालन र पछिल्लो समयमा हाम्री मातालाई मुटुको रोगले सताउन थालेपछि उहाँको पनि देखभाल गर्नुपर्ने भएकाले उनले त्यसपछिको शिक्षा र कतै जागिर खोज्नेबारे सोच्ने फुर्सदै भएन । बरु मैले सुरु गरेको कम्प्युटर तालिम केन्द्र र "नेपाल इन्स्टिच्युशनल म्यानपावर डाइरेक्टरी" को काम उनैले सम्हाल्न थालिन् । करिब छ–सातजना कर्मचारी थिए हाम्रा यी काममा सघाउने । मैले "जेनेरेशन फाइव, आर्थिक, सामाजिक तथा वातावरणीय अनुसन्धान केन्द्र" नामको संस्था पनि चलाएको थिएँ र सोमार्फत धेरै अनुसन्धानमूलक कार्य पनि हामीले गऱ्यौँ भने सो संस्थामार्फत नै माथि उल्लेखित डाइरेक्टरी र "द माइलस्टोन" नामक द्वैमासिक अङ्ग्रेजी पत्रिका पनि प्रकाशित गर्ने गर्दथ्यौँ । यी सबै काममा रजनीले निकै वर्षसम्म मलाई सघाइन् ।

हामीले स्थापना गरेको पर्पल इभेन्ट नेपाल डट कमको पनि व्यवस्थापन रजनीले नै सम्हालेकी थिइन् । धेरै किसिमका कामको अनुभव बटुलिसकेको यो संस्थाबाट हामी विभिन्न सामाजिक रीतिहरूको समेत इभेन्ट व्यवस्थापन गर्ने योजनामा थियौँ । रजनीले केही वर्षपहिले श्रद्धेय हिमालयशमशेर राणाका दुईओटा पुस्तक प्रकाशन गर्ने कार्यमा पनि निकै सघाएकी थिइन् ।

हाम्रो विवाह भएको केही समयपछि एकदिन म बिहानको खाना खाँदै गर्दा मेरो चतुर साथी आएर खाइरहेको खानासमेत छोड्न लगाएर मलाई ट्याक्सीमा राखेर इन्द्रचोकतिर लग्यो । मैले उसलाई के भयो भनेर सोध्दा उसले "ज्यादै फसाद पऱ्यो, मलाई मद्दत गर्" भन्दै त्यहाँस्थित राँकी बजारमा चुरा, पोते र सिँदुर पो किन्न थाल्यो । उसको यस्तो चाला देखेर मलाई कुरा बुझ्न समय त लागेन तर उसको यो काम अलिक पचेन । किनकि उसकी प्रेमिका स्वजाति नै थिइन् र मेरो बुझाइमा उनीहरूले मागी बिहे नगरेर यसरी भागी बिहे गर्नै पर्दैनथ्यो । सामानहरू किन्ने काम

सकिएपछि उसले मलाई बालाजु लग्यो, जहाँ उसकी प्रेमिका आफ्नी अर्की साथीको कोठामा बसिरहेकी थिइन् र त्यहाँ बिहेको तयारी हुँदै थियो । मैले उसलाई बाहिर बोलाएर त्यसो नगर्न निकै सम्झाएँ, तर उसले दुवैजनाको घरमा उनीहरूको प्रेमको विषयलाई लिएर ज्यादै तनाव भएको कुरा बतायो । यो साथीका बुवा, आमा, काका र भाइबहिनीहरूसँग म निकै परिचित भएकोले बडा अप्ठ्यारोमा परेँ । तर अन्य विकल्प नभएकोले चुप लागेर तमासा हेर्ने पक्षमा नै म पुगेँ । उसकी प्रेमिका हाम्री रजनीको पनि ज्यादै मिल्ने साथी भएकीले मैले उसलाई पनि बोलाएँ । त्यस्तै केही अप्रिय घटना होला भनेर साथी राजेशलाई समेत त्यहाँ बोलाएँ । म्हेपीको मन्दिरमा चैतको महिनामा साथी र उसकी प्रेमिकाको संक्षेपमा बिहे भयो । पुरोहितले पनि बिहे सकिएपछि हामीतिर हेरेर "आज जे भयो भयो, तर आइन्दा चैत महिनामा बिहे कसैले नगर्नू" भने । हामी सबैजना गलल्ल हाँस्यौँ ।

भूकम्पले हामी दुवैलाई बारम्बार पछ्यायो । हाम्रो विवाह भएको केही समयपछि नै विक्रम संवत् २०४५ सालमा ठूलो भूकम्पन भयो । यो भूकम्पमा भक्तपुरदेखि धरानसम्म निकै धनजनको क्षति भयो । बिहानको करिब पौने पाँचजति बजेको हुँदो हो, म व्यायाम गर्न कोठाबाट के निस्कन मात्र लागेको थिएँ, फलामे दराज नै ढल्ला जसरी भूकम्प सुरु भइहाल्यो । केही सेकेन्डमा यो रोकियो पनि । सुतिरहेकी रजनीले जर्‍याकजुरूक उठेर मलाई अँगालो हाल्न पुगेकी थिइन् डरले । भूकम्पन रोकिएपछि मैले जिस्केर भनेको पनि थिएँ कि दिनमा एकपटक यस्तो झट्का आएदेखि त धेरै माया पाइने रहेछ भनेर । त्यस्तै २०४७ सालतिर पनि बिहानीपख भूकम्पको धक्का महसुस भएको थियो । यस पटकको हाँसो उठ्ने कुरा त के हुन गयो भने, मैले भर्खरै जन्मेको छोरालाई जुरुक्क बोकेर रजनी र छोरीलाई भने छोडेर बाहिर जान लागेको रहेछु । मानिसलाई प्रकृतिले पनि कति स्वार्थी बनाउँदो रहेछ । त्यस्तै २०७२ सालको भयानक भूकम्पमा म आफ्नै कोठाको ढोकाको चौकोस पक्रेर हल्लिरहेको थिएँ भने रजनी ठीक तल भान्साको ढोकाको चौकोस पक्रेर निरीहजस्तो भएर कराइरहेको माथिबाट मैले सुनिरहेको थिएँ । त्यो बेलाको भूकम्पबाट बच्न पाएकोमा हामीहरूले नयाँ जीवन पाएको महसुस गरेका थियौँ । तर दैवको लीला अर्कै रहेछ । ज्यादै रहस्यमय !

२०७२ सालको भूकम्पका कारण हामी धेरै दिनसम्म घरबाहिर ग्यारेजमा बस्न बाध्य भयौँ । तर यस्तो बेलामा पनि हाम्रो परिवारका सबै सदस्य निकै सक्रिय भएर

हामीले भूकम्प पीडितहरूलाई मद्दत गऱ्यौँ । काठमाडौंको सेरोफेरो, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ, गोर्खासम्म हामीले उद्धारकार्य र सामग्री पठायौँ । काम चलाउ घर र शौचालय बनाउनसमेत मद्दत गऱ्यौँ । यो सब काम गर्न हामीलाई विश्वका विभिन्न मुलुकमा भएका हाम्रा साथीहरू, इष्टमित्र र संघ-संस्थाले पनि सघाएका थिए । हाम्रो संस्था "पर्पल इभेन्ट" मार्फत धेरै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्वयम्सेवीले सघाएका थिए त्यतिबेला । रजनीले त्यतिबेलाको सो कार्यमा देखाएको सक्रियता हामी कहिल्यै बिर्सन सक्दैनौँ । रकम संकलन गर्दा होस् वा उद्धार सामग्रीको जोहो वा स्वयम्सेवकहरूको व्यवस्थापन, यी सब काममा उसको भूमिका निकै अहम् रह्यो । त्यतिबेला म काम गर्ने संस्थामा नै एकजना हरि भण्डारी सहयोगीका रूपमा काम गर्दथ्यो । ऊ निकै भरपर्दो थियो र हामीलाई उसले ज्यादै सघाउँथ्यो हाम्रा यस्ता कामहरूमा । तर त्यही वर्षको दशैँ सकिन नपाउँदै उसको अकस्मात् हृदयघात भएर निधन भयो । हामी सबैलाई उसको अल्पायुमा भएको निधनले निकै दुखी बनायो । रजनीका सानातिना किनमेलदेखि धाराबिजुलीको रकम तिर्नसमेत उसैले सघाउँथ्यो भने घरमा कुनै कार्यक्रम भयो भने ऊ बिहानदेखि आएर सहयोग गर्दथ्यो । उसको निधनले पनि रजनीलाई निकै चोट पुगेको थियो । "मानिसको जीवन के रहेछ र कपिल, होस गर है, जुन बेला जे पनि हुन सक्छ, त्यसैले समय खेर नफाल" भन्थिन् रजनी ।

आफ्नो कामबाट फुर्सद मिलेका बेला घरमा होस् वा बाहिर, म धेरैजसो सङ्गीत साधनामा बिताउँथेँ । म गितार र किबोर्ड निकै राम्रो बजाउँथेँ । रजनी मसँग रिसाएको बेलामा अक्सर "यो सङ्गीत पनि मेरो सौता नै हुन लाग्यो, गितार र किबोर्ड लिएर बसेपछि कपिललाई म पनि नचाहिने भयो अब" भन्ने गर्दथिन् । छोरा कृपेश मैले वाद्यवादन गरेको हेरेर बसिरहन्थ्यो निकै सानो उमेरदेखि । हेर्दाहेर्दै आज ऊ साङ्गीतिक यात्रामा धेरैमाथि पुगिसकेको छ । गितार र ड्रम बजाउन ऊ सिद्धहस्त भइसकेको छ भने उसको गायकी पनि निकै राम्रो छ । ख्याति प्राप्त ड्रमवादक देव राना र गितारवादक ज्योति घिमिरेसहित कृपेश र उसको साथी प्रतीकले "द जेन्टलमेन्स ब्यान्ड" नामक साङ्गीतिक समूह खडा गरेका छन् र कहिलेकाहीँ म पनि यही ब्यान्डका कार्यक्रमहरूमा एकाध गीत गाएर आफ्नो सङ्गीतको शौक पूरा गर्ने गरेको छु । देव राना तथा ज्योति घिमिरेजस्ता खारिएका प्रख्यात सङ्गीतज्ञसँग सिक्नु र बजाउन पाउनु उनीहरूका लागि अहोभाग्य नै

हो । छोरी कृपा र धर्मपुत्री चाँदनी भने कोरियोग्राफीमा निकै सिपालु छन् र स्कुले छात्र-छात्राहरूलाई बेला-बेलामा नृत्य सिकाउँछन् । उनीहरूले "पर्पल इभेन्ट्स नेपाल डट कम" नामक संस्थामार्फत विभिन्न मनोरञ्जक कार्यक्रम र समाजसेवा पनि गर्ने गरेका छन् । रजनी र मेरो प्रयासले हाम्रा यी सन्ततिलाई राम्रो बाटोमा लगाउन सकेकोमा धेरै खुशी हुन्छ मन ।

करिब आधा दशकपहिले एउटा दैनिक छापामा जेलमा आजीवन कैद भोगिरहेकी महिलाले कारागारमा नै जन्माएको बालकका बारेमा खबर पढेपछि मैले रजनीलाई त्यो बालकलाई पढाइदिने जिम्मेवारी हामी लिऊँ न भनेर भनेपछि उनले सबैभन्दा पहिले बालककी आमालाई भेट्न जाऔँ र कुरा बुझौँ भनिन् । हामी भोलिपल्टै गोर्खा कारागारमा गएर ती महिलासँग भेट्यौँ । खेतमा काम गरिरहँदा नाताले देवर पर्नेले हातापाइ गर्न आउँदा बचाउका लागि माटाको ठूलो डल्लाले हिर्काउँदा टाउकोतिर लागेर उसको मृत्यु भएकोले ती कलिली विवाहित केटीलाई ज्यान मुद्दा लागेको रहेछ र उसलाई आजीवन कारावासको सजाय सुनाइएपछि उनका सबै आफन्तले उसलाई भेट्न पनि छाडेका रहेछन् । पछि कारावासमा नै छोरा जन्मिएपछि त्यहीँका प्रहरी र अन्य कर्मचारीको स्याहारसुसारमा नै त्यो बालक हुर्कँदै गएको रहेछ । हामीले ती महिलालाई हामी उनको छोरालाई उचित शिक्षाको प्रबन्ध मिलाउन आएका भनेपछि तिनी एकछिन निकै भावुक बनेर रोइन् । सोही दिन हामी गोर्खाको जिल्ला प्रशासन कार्यालयमा गएर ती बालकको सम्पूर्ण शिक्षाको जिम्मा लिने सम्झौता गरी उसलाई तत्कालीन प्रमुख जिल्ला अधिकारीको सहयोगमा त्यहाँस्थित प्रख्यात विद्यालय "सेन्ट जोसेफ स्कुल" मा भर्ना गर्नुका साथै त्यहीँ खुलेको एउटा व्यवस्थित छात्रावासमा बस्ने बन्दोबस्त गरी आमा-छोरा दुवैजनालाई लुगाफाटो किनिदियौँ, साथै ती महिलालाई उनका छोरा विद्यालयमा भर्ना भएको उपलक्ष्यमा उनीसँगै बस्ने अन्य कैदी महिला तथा कारागारका कर्मचारीहरूको मुख मीठो गराउन अलिकति रकम दिएर हामी घर फर्केका थियौँ । यस्ता कार्यहरू गर्न रजनीले मलाई सधैँ हौस्याउँथिन् भने मेरा पिताजी पनि बेला-बेलामा मलाई भन्ने गर्नुहुन्छ कि कसैलाई सहयोग नै गर्ने हो भने **विद्यादान** गर्नुपर्छ भनेर । आज त्यो बालक "सविन मजकोटी" गोर्खाको सोही विद्यालयमा कक्षा पाँचमा अध्ययन गर्दछ भने उसकी आमा पनि कारागारमुक्त भएर काठमाडौंमा नै साधारण मजदुरीको काम गर्दछिन् ।

त्यस्तै रजनीकै मञ्जुरी प्राप्त भएपछि मैले हिमालयन बैंकमा कार्यरत एकजना गाडी

चालकको आकस्मिक निधन हुँदा र आफू काम गर्ने संस्थाले कुनै वास्ता नगरेकाले उनकी छोरीको शिक्षाको जिम्मा पनि लिएँ । हाल ती केटी सेन्टमेरिज स्कुलमा अध्ययनरत छिन् र पछि भने मेरै जोडबल र आग्रहले बैंक प्रशासनले सो कर्मचारीको घर कर्जासमेत मिनाहा गरिदियो र मैले सबै कर्मचारीहरूलाई विनम्र आनुरोध गरेर करिब १० लाख रुपैयाँ चन्दा पनि उठाइदिएँ । यसरी नै मैले अर्का मृतक कर्मचारी हरि भण्डारीको निधन हुँदा पनि बैंकले कुनै वास्ता नगरेपछि उसकी छोरीलाई स्नातकोत्तर तहमा भर्ना हुन ठुलै रकम मेरो सञ्चय कोषबाट सापटी लिएर उनले अध्ययन गर्न खोजेको एक ख्याति प्राप्त कलेजमा जम्मा गरिदिएको थिएँ र पछि लज्जित भएर बैंक प्रशासनले मेरै आग्रहमा उसको पनि घर कर्जा माफ गरेको थियो र साथै उसका परिवारका लागि पनि त्यति नै रकम चन्दा उठाइदिएको थिएँ मैले । सो ख्याति प्राप्त कलेज एक प्रभावशाली व्यक्तिले नै खोलेका हुन् । मैले उनलाई भेटेर त्यतिबेला ती विद्यार्थीका बाबु बितेर परेको अपठ्यारो सबै बताएर यस्ती जेहेन्दार छोरीलाई अलिकति छुट दिएर भर्ना गरीदिनुपर्‍यो भन्दा उनले यो कुरालाई निकै हल्कासँग लिएर उनीहरूको बोर्डमा राख्नुपर्छ भने, तर सुनुवाइ भने भएन । संस्थागत सामाजिक दायित्वको बखान गर्ने कैयन् निजी संस्थाहरू वास्तवमा यति झिनामसिना कुरामा पनि कञ्जुस्याइँ गर्दछन् भने तिनका उच्च पदस्थ कर्मचारीहरू घुमफिरमा नै बर्सेनि यस्ता एकाध कर्मचारीको निधनमा दिनुपर्ने सहयोगभन्दा दशौँ गुणा बढी रकम अपचलन गर्दछन् । उनका लागि निरीह कर्मचारी भन्नाले उनैले भर्ती गरेका बेकम्मा आसेपासे मात्र पर्दछन् । खैर, सबै संस्था यस्ता छैनन् ।

रजनीले हङकङमा छँदा पौडीको विशेष प्रशिक्षण लिएकी रहिछन् । उनी त्यसबेला हङकङमा आफ्नो विद्यालय र अन्तरविद्यालयस्तरका पौडी प्रतियोगिताहरूमा सधैँ उत्कृष्टस्थान हात पार्ने खेलाडी थिइन्, त्यसैले पछि उनका बाबाआमाले उनलाई पौडीको उच्चस्तरको औपचारिक तालिममा नै भर्ती गरिदिएकाले उनले पौडीमा उद्धार गर्ने तालिमसमेत सफलतापूर्वक पूरा गरी अन्तर्राष्ट्रियस्तरको पौडी उद्धारकर्ताको स्तरमा आफूलाई पुर्‍याएकी थिइन् । मलाई पनि राम्रो पौडी खेल्न उनैले सिकाएकी हुन् । उनीजस्ती पौडीविज्ञ आमा पाएकाले हाम्रा दुवै सन्तान पौडीमा खप्पिस भए । हाम्रो एउटा पौडी प्रशिक्षण केन्द्र स्थापना गर्ने योजना पनि थियो, तर त्यो योजनामा नै सीमित रहन गयो ।

चौध वर्षसम्मको बाल्यकाल हङकङमा बिताएकी रजनीलाई एकपटक फेरि पनि उता

जान मन लागेको थियो । त्यसैले दुईवर्षअगाडि हाम्रो बिहे भएको ३० वर्ष पुगेको अवसरमा मैले उनलाई के उपहार दिऊँ भनेर सोध्दा उनले हङकङ घुम्ने भनेकीले हामी करिब दुई हप्ताका निम्ति हङकङ गएका थियौँ र उनले आफ्नो बाल्यकालमा बसेका ठाउँहरू र पढेको विद्यालय गोर्खा हाई स्कुल अनि डिज्नील्यान्ड, भिक्टोरिया पिक तथा अन्य कैयन् ठाउँ घुमेका थियौँ । तर त्यतिबेला उनलाई जान मन लागेका अझै केही ठाउँ जस्तै ओसन पार्क, लान टाउ द्वीप, क्रुज यात्रा, बिगबसमा बसेर हङकङ शहर अवलोकन, विभिन्न ठाउँका चिनियाँ खाना खाने, आदि कार्यहरू छुटेकाले उनी फेरि कुनै बेला हङकङ भ्रमणमा निस्कने योजनामा थिइन् ।

घरगृहस्थीमा रजनी निकै पारङ्गत थिइन् । उनकी आमाले तीनैजना छोरीलाई सानै उमेरदेखि खाना पकाउन र घरका अन्य काम गर्न सिकाएको कुरा उनले मलाई भनेकी थिइन् । हाम्रो घरमा हाम्रा आमा, बाबा, दाइ तथा भाउजुहरू सबैजना रजनीले पकाएको खाना निकै मीठो मानेर खान्थे । घरका तीनजना बुहारीहरूले पालैपिलो गरेर खाना पकाउँदा विभिन्न स्वादका मिष्ठान्न भोजन दिनहुँ खान पाइने । हाम्री आमाले पकाएपछि त सबैलाई माथ खुवाउने खाना पाक्थ्यो । पिताजीले हप्तामा एकदुई पटक साथीहरू बोलाएर भोज गरिरहनुहुन्थ्यो । यी सब भोजमा खाना पकाउने आमा र तीनजना बुहारी नै हुन्थे । कहिलकाहीँ हाम्री दिदीले पनि आएर सघाउनुहुन्थ्यो । विवाह भएको केही दिनपछि एकदिन हाम्रा आमा, दिदी र भाउजुहरूसँग बसेर गफ गरिरहँदा "बकुला पनि पाइने बेला भयो, कस्तो मीठो हुन्छ । तार्दा पनि मीठो र छिपछिपे झोल बनाउँदा पनि मीठो, झनै छिप्पिएपछि भुटेर खाँदा त कस्तो मीठो" भनेर गफ हुँदै रहेछ । बेलुकी म कार्यालयबाट घर आएपछि रजनीले मलाई "तिमीहरूको घरमा त बकुल्लो पनि खाँदा रहेछन् हगि ! म त खान्न है । बिचरा त्यसको मासु कति नै हुन्छ र ? छ्या !" भनिन् । अनि दिउँसो सबैजना बसेर गरेको कुरा पनि सुनाइन् । मलाई निकै हाँसो उठ्यो र उसलाई मैले "कस्ती लाटी तिमी त ! त्यो चरा बकुल्लो कहाँ भनेको हो र ? तरकारीको पो त कुरा गरेको । त्यो गेडागुडीमा पर्छ के !" भनेपछि उनी झनै छक्क परिन् । ब्रिटिश सेनाका अधिकांश परिवारका घरमा आलुको तरकारी निकै मीठो बनाइन्छ । उनीहरू कैयन् सब्जी जस्तै मूला, काउली, गाजर, काँक्रो, चुकन्दर आदि सलादका रूपमा काँचै खाने गर्छन् । फौजमा छँदा सिकेर नै होला, आजकल धेरै नेपाली भान्साहरूमा यस्तै चलन आइसके ।

रजनीले विवाह भएपछि नै घरमा धोतीचोलो लगाएर बस्न थालेकी हुन् । यो चलन उनको माइतीतिर थिएन । त्यतिखेर अक्सर सबै विवाहित महिलाले धोतीचोलो लगाउँथे भने अहिले आएर छोरीबुहारीहरू सलवार-कुर्ता र कमिजप्यान्ट पनि निर्धक्क लगाएर हिँड्छन् । हाम्रो समाज निकै उदार छ । पछि-पछि भने हाम्रो घरमा पनि धोतीचोलोको चलन बिस्तारै हराउँदै गयो । रजनीले मेरी आमासँग पूजाआजा गर्ने विधि, सनातन धर्मका विभिन्न संस्कार आदि सिकेर ब्राह्मण बुहारीजस्ती नै भइसकेकी थिइन् र कहिलेकाहीँ उनले माइतमा गएर आफ्नी आमाका पूजाआजाका विधिहरू सच्चाइदिएपछि उसकी आमाले "यो काली त ठेट बाहुनी पो भइसकिछे बाबै" भन्ने गर्नुहुन्थ्यो रे ! उनलाई घरमा केटाकेटी छँदादेखि माया गरेर उनकी आमाले बोलाउने नामचाहिँ "काली" रहेछ । अरूबेला हाम्री आमा र दिदी, भाउजुहरूसँग बसेर सौभाग्यका पहिरन लगाएर तीज तथा अन्य पूजामा सरिक भए पनि रजनी श्राद्ध आदिमा आफैँ पन्छिएर अलिक पर बस्ने गर्दथिन्, हुन त यसो गर्न कसैले पनि उनलाई कर गरेका थिएनन् । दशैँको पूजामा भने घटस्थापनादेखि पूरै नवरात्रिभरि रजनी र म दुवैजना बसेर पुरोहित बाजेको सहायताले दुर्गापूजा गर्ने गर्दथ्यौँ ।

रजनी मेरी आमाकी बुहारी मात्र नभएर सधैँ सँगै बसेर गफ गर्ने साथी नै भएकी थिइन् । दुईजनाको कुरा ज्यादै मिल्थ्यो । यसरी सँगै धेरै वर्ष बिताएकाले उनले मेरी आमाबाट धेरै कुरा सिक्ने मौका पाइन् । विक्रम संवत् २०५१ तिर अचानक हाम्री मातालाई मुटुको रोगले दुख दिन थाल्यो । मधुमेह र उच्चरक्तचापको निकै वर्षदेखिकी बिरामी उहाँ खानपान खासै बार्नुहुँदैनथ्यो । हेरेर भन्दा छेरेर नै मरेको बेस भन्नुहुन्थ्यो उहाँ हाँस्दै । झनै दशैँतिहारका बेला त ज्यादा चिल्लो सेवनले गर्दा बर्सेनि यस्तै बेलातिर बिरामी हुनुहुन्थ्यो । मुटुको रोग देखिनुभन्दा केही समयअघि पनि उहाँका चिकित्सक डा. सञ्जीव ढुंगेलले "मैले जति यसो गर्नू, उसो नगर्नू भने पनि हजुरहरू पटक्कै टेर्नुहुँदैन अनि ठूलो रोगले समातेपछि त्यो सञ्जीव ढुंगेल नै खराब भनेर सबैले भन्छन्" भनेर निकै बिलौना गरे । वास्तवमा उनी निकै खारिएका चिकित्सक हुन् । हामीले आमालाई भारतको नयाँ दिल्लीसमेत लग्यौँ । त्यहाँ इस्कोर्टस् अस्पतालमा उहाँको मुटुको शल्यक्रिया तत्काल गर्नुपर्ने कुरा पत्ता लागे पनि दुईदिनसम्म उहाँलाई पिताजी, हाम्रा भिनाजु, मैले र रजनीले धेरै सम्झाउँदा पनि शल्यक्रिया गर्न नमानेर एकचोटि नेपाल गएर सबैलाई नभेटी नगर्ने अडान लिनुभयो । आखिरमा हाम्रा पिताजीले भनेको कुरा म कहिल्यै बिर्सिन्नँ । उहाँले

"तिमीलाई हामीले झुक्याएर शल्यक्रिया गराउन मिल्दैन । तिम्रै इच्छाबमोजिम मात्र गर्ने हो । मलाई थाहा छ कि यो कुनै सानोतिनो शल्यक्रिया होइन, तर एउटा कटु सत्य के पनि हो भने यो नगरेमा तिमी बाँच्ने सम्भावना ९९ प्रतिशत क्षीण छ तर शल्यक्रिया गर्दागर्दै ज्यान जाने १ प्रतिशतभन्दा पनि कम सम्भावना छ । यसपछि पूरै स्वस्थ हुने सम्भावना भने ९९ प्रतिशत नै छ । त्यसैले तिमी आफैँ भन के गर्ने ? तिम्रो दीर्घजीवन हामी सधैँ चाहन्छौँ र हामी सबै तिमीलाई अत्यन्त धेरै माया गर्छौँ तर तिमी आफूले पनि आफ्नो शरीरलाई माया गर्नुपर्छ र बुझिदिनुपर्छ ।" तर उहाँले फेरि पनि रट लगाउनुभयो "मलाई थाहा छ, म एकचोटि नेपाल गएर सबैसँग भेटेर अनि मात्र गराउँछु शल्यक्रिया ।" हामीलाई पनि थाहा थियो कि उहाँ नेपाल फर्केपछि फेरि शल्यक्रियाका निम्ति कहिल्यै तयार हुनुहुन्न, तैपनि पछि फेरि दिल्ली लगेर उपचार गर्ने आशामा हामी नेपाल फर्कियौँ । आखिर त्यस्तै भयो । उहाँले कसैको पनि कुरा सुन्नुभएन । त्यसपछि करिब दश महिनाजति अस्पताल जानेआउनेक्रम चलिरह्यो र जेनतेन जिन्दगी चलिरह्यो र एकदिन बिहान उहाँलाई मुटुको भयानक व्यथा सुरु भयो । हामीले तुरन्त अस्पताल पुऱ्यायौँ तर उहाँलाई केही घण्टाभन्दा बढी बचाउन सकेनौँ । ५९ वर्षको उमेरमा नै उहाँले देहत्याग गर्नुभयो । एकवर्षसम्म अत्यन्तै शोक भयो र सबै वर्जित कुरा बारेँ मैले । रजनीले पनि एकवर्ष मसँगै बरखी बारिन् । उहाँलाई गुमाउनुपरेकोमा हामी निकै समयसम्म मानसिकरूपले कमजोर भयौँ ।

हाम्रो परिवारमा अंशबन्डा भएपछि जेठा दाजुको परिवार बिस्तारै न्युजिल्यान्डतिर बसाइँ सऱ्यो । माहिला दाजुको परिवार र हाम्रो परिवार बुवाले बनाएको घरको आफूआफूलाई परेको भागमा बस्न थाल्यौँ । पिताजीसँग हाम्रो परिवार बस्ने भयो र अझसम्म पनि हामी सँगै बस्छौँ । माहिलो दाजुको पनि ५२ वर्षको उमेरमा नै देहावसान भयो करिब पाँच वर्षअघि भने उनका परिवार अस्ट्रेलियामा बसोबास गर्न थाले ।

हाम्रा छोरी र छोरालाई विद्यालय पुऱ्याउने र घर ल्याउने तथा घरमा पढाउने सम्पूर्ण जिम्मेवारी रजनीले लिएकी थिइन् । माताको देहावसानपछि घरगृहस्थी र मेरा पिताजीको हेरचाह गर्ने काम पनि खासगरी उनैमा थपियो । तर आजसम्म पनि हाम्रा पिताजी तन्दुरुस्त हुनुहुन्छ भने सकेसम्म आफ्नो हेरचाह आफैँ गर्न रुचाउनुहुन्छ ।

मेरो कार्यक्षेत्र केही वर्षका निम्ति धरानमा हुँदा रजनीले केही महिना उतै बसेर

मेरो बन्दोबस्ती सबै गरिदिएर फर्किएकी थिइन् । त्यसपछि पनि बेला-बेलामा धरानमा आएर उनी पनि मसँग बसिदिन्थिन् । त्यतिबेला पनि उनैले मेरा पिताजी, केटाकेटी र घरगृहस्थी सम्हालिन् यता घरमा । त्यति नै बेला मैले आफ्नो नोकरीको सुविधावापत पाएको घर कर्जाअन्तर्गत आफू बसोबास गरिरहेकै घर यानि पिताबाट प्राप्त घरजग्गामा केही कोठा थपेर यसको मर्मतसम्भार गराएँ । म धरानमा नै भएकोले रजनीले नै यो कामको जिम्मा लिएर करिब एक वर्ष यही काममा निकै व्यस्त रहिन् उनी । त्यस्तै छोरीको प्रवेशिका परीक्षाको समयमा पनि म घरमा नभएकोले उनैले उसको खानपान र पढाइको जिम्मा लिनुपर्‍यो । वास्तवमा मेरा छोरी र छोराको लालनपालन सबै रजनीले नै गरेकी हुन् र उनैका रेखदेखमा उनीहरू हुर्केका हुन् । हुन त नेपाली परिवेशमा यो कुनै नौलो कुरा होइन, तर पनि आजकल आमाबुवा दुवै जागिरे हुनुपर्ने बाध्यताले गर्दा केटाकेटीहरू दिनको अधिकांश समय विद्यालयमा र त्यसपछि घरमा आमाबाबुविना नै बस्नुपर्ने हुन्छ । तर यस्तो परिस्थितिमा केटाकेटीले व्यवहारिक कामहरू भने बाध्यताले गर्दा पनि धेरै सिक्छन् ।

रजनीलाई देशविदेश घुम्ने निकै शौक थियो । वर्षको चारपाँचचोटि हामी देशभित्रका विभिन्न स्थलको भ्रमणमा जान्थ्यौँ । त्यस्तै पछिल्ला केही वर्षमा उनी र म युरोपका कैयन् देशको भ्रमणमा दुईपटक गयौँ । उनका बाबा, आमा, भाइ, बहिनी पनि बेलायतमा बस्ने भएकाले हामी झन्डै डेढ महिना त्यता पनि बस्न गयौँ । त्यतिबेला बेलायतमा बस्ने मानिसहरूले मनाउने दशैँ र तिहार पनि हेर्न पाइयो र खासगरी ब्रिटिश सेनाबाट अवकाशप्राप्त व्यक्तिहरूका परिवार त्यहाँ कसरी बसोबास गरिरहेका छन्, त्यो पनि देख्ने मौका पाइयो । लन्डनका प्रख्यात ठाउँहरू जस्तै महारानी एलिजावेथ द्वितीया बस्ने बकिङ्घाम राजप्रासाद, लन्डन आई, बिग बेन, लन्डन टावर, विभिन्न विषयका संग्रहालयहरू, ट्राफल्गार स्क्वायर, हाइड पार्क, म्याडम टुसाउड्स वाक्स म्युजियम, विम्वल्डन टेनिस कोर्ट, टेम्स नदीमा नौका विहार, केन्सिङ्टन राजप्रासाद, लन्डन डन्जियन, वेस्टमिन्सटर एवे, ओटु पार्क, विन्डशोर किल्ला, अक्सफोर्ड विश्वविद्यालय, आदि हेर्ने मौका पायौँ हामीले । त्यस्तै रजनीका आमाबाबाको साथमा हामीले पर्यटक बस चढेर पूरै लन्डनको शयर पनि गर्‍यौँ । रजनीको भाइ प्रकाशले पनि हामीलाई उसको मोटरगाडीमा लन्डनका विभिन्न ठाउँ घुमायो । मेरी माहिली साली अर्थात् रजनीकी बहिनी निशाले त हामीलाई जापानी, कन्टिनेन्टल, चाइनिज र भारतीय खाना पाइने विभिन्न खाले प्रख्यात रेस्टुरेन्टहरूमा

तथा लन्डनमा हुने प्रख्यात मनोरञ्जक कार्यक्रमहरू हेर्नसमेत लगिन् । लन्डनस्थित विश्वप्रख्यात रोयल अल्बर्ट हलमा साङ्गीतिक कार्यक्रम हेर्न पाउँदा भने हामी दुवैलाई निकै आनन्दको अनुभूति भएको थियो ।

मैले विभिन्न प्रख्यात शहरका भूमिगत रेलहरूमा सफर गर्ने मौका पाएको छु । तर लन्डनको भूमिगत रेलजस्तो व्यवस्थित रेलसेवा कतै पनि पाएको छैन । लन्डनको जुनै कुनामा पनि सजिलै र कम समयमा यात्रा गर्न सकिने तथा निकै सुरक्षित पनि । सडकबाट यात्रा गर्दा तिनै ठाउँहरू पुग्न घण्टौं लाग्ने । वास्तवमा नै बेलायतले आफ्ना नागरिकहरूलाई निकै सुखमा राखेको छ । युरोपका अन्य शहरमा हेरी यहाँका मान्छेहरू अलिक शिष्ट पनि लाग्यो मलाई ।

तिहारको मौका पारेर हामी स्कटल्यान्ड पनि गएका थियौं । लन्डनबाट स्कटल्यान्ड हामी रेलमा गएका थियौं । बाटोमा खेत, वस्तुभाउका चरन क्षेत्र, हावाबाट बिजुली निकाल्ने मिलका लामबद्ध टावरहरू, आणविक ऊर्जा उत्पादन गर्ने भट्टी तथा सानाठूला शहरहरू पनि देख्न पायौं । रजनीका दाजु दीपक पनि उता पुगेको अवसर परेकाले एडिनबरामा नेपाली र विदेशीहरूसामु मैले एउटा एकल गायन कार्यक्रम पनि प्रस्तुत गरेको थिएँ र करिब डेढ दर्जन नेपाली गीत गाएको थिएँ । हामी त्यसबेला हाम्रा परममित्र माधव थापाको घरमा पाहुना लागेर बसेका थियौं । माधवले स्कटल्यान्डका विभिन्न महत्त्वपूर्ण ठाउँमा हामीलाई डुलायो । निकै मनमोहक ठाउँ थियो स्कटल्यान्ड । बिचरा साथी र उसकी अर्धाङ्गिनीले हामीलाई उनीहरूको मूल शयनकोठा नै छाडिदिएर आफूहरू छोरीहरूको कोठामा बसेका थिए केही दिनका लागि ।

माधवले त्यतिबेला हामीलाई एडिनबराका केही प्रख्यात ठाउँ घुमायो । उसैले एडिनबरा किल्ला, कार्ल्टन हिल, पुरानो शहरका केही भाग, अत्याधुनिक संसद् भवन, तथा विभिन्न गल्फ कोर्स र घोडा दौडका मैदानहरूको पनि भ्रमण गरायो । हाम्रा अर्का पुराना मित्र चरण प्रधान, र शर्मिली लामा बहिनीका घरहरूमा पनि हामी गएका थियौं । स्कटल्यान्ड निकै हराभरा तथा रमणीय ठाउँ रहेछ ।

हामी जर्मनी पनि गयौं जहाँ रजनीकी कान्छी बहिनीको परिवार बसोबास गर्छन् । हामी त्यतिबेला जर्मनीका साथै बेल्जियम, हल्यान्ड र फ्रान्स पनि गएका थियौं ।

बेल्जियम र हल्यान्ड पनि कम मनमोहक थिएनन् । बेल्जियमको राजधानी ब्रसेल्समा हामीले धेरै ऐतिहासिक स्थलहरूको भ्रमण गर्‍यौँ । त्यहाँको ग्रान्ड प्यालेसको कलाकृति र यस्ता सम्पदाको संरक्षणका कार्यहरू देखेर हामी निकै प्रभावित भएका थियौँ । शहरको मुटुमा अवस्थित युनेस्को सम्पदा सूचिमा पनि परेको यो पुरानो दरवारको वरिपरि टाउन हल, राजप्रासाद र सङ्ग्रहालयहरू पनि रहेछन् । यस स्थलकै नजिकमा एउटा सोह्रौँ शताब्दीमा कुँदिएको मेनेक्केन पिस नामक काँशको सानो मूर्ति भएको ठाउँ रहेछ र यसको नामजस्तै सो मूर्तिमा भएका बालकले शौच गरिरहेको जस्तो गरेर उनको लिंगबाट पानीको फोहरा निस्किरहेको हुँदो रहेछ । त्यस्तै त्यहाँस्थित एटोमियम भन्ने उद्यानको पनि भ्रमण गर्‍यौँ हामीले । सन् १९५८ मा खुलेको विज्ञान तथा प्रविधि सम्बन्धी यो संग्रहालय निकै नै रोचक रहेछ । त्यस्तै मिनी युरोप, जहाँ युरोपका हेर्न लायकका अधिकांश स्थानका साना-साना नमुनाहरू बनाएर प्रस्तुत गरिएको छ, त्यो हेर्दा आफू पुगिसकेका तथा जान बाँकी ठाउँहरूको राम्रो झझल्को पाइँदो रहेछ । बेल्जियम मिठाई र चकलेटहरूका निम्ति पनि प्रख्यात भएकाले हामीले घर फर्केर आफन्तहरूलाई बाँड्न धेरै प्रकारका नबिग्रने मिठाई र चकलेटहरू किनेका थियौँ । त्यस्तै नहर, हावाबाट चल्ने पुरातन विन्डमिल र फूलका ठूला-ठूला मैदानहरू भएको देश नेदरल्यान्ड्सको  राजधानी एम्स्टरड्याममा घुमफिर गर्दा पनि निकै रमाइलो महसुस भयो । यहाँका कलाकृति, पुरातन भवन, नहर तथा विश्वप्रसिद्ध संग्रहालयहरूको अवलोकन गर्दाको मज्जा अर्कै भएको थियो । झनै त्यहाँका सडकहरूमा चल्ने आधुनिक ट्राम चढेर शहर घुम्दा मन निकै खुशी भयो । यहाँका कैयन् रेस्टुरेन्टहरूमा अफिम खान छुट रहेछ । अफिमलाई पनि सुगन्धित बनाइएको हुँदो रहेछ । कफी पसलहरूमा कफी र अफिमको बास्ना मिसिएर आउँदा नै कस्तो आनन्द आउने । एम्स्टरड्याममा रेडलाइट एरिया यानि यौन व्यवसाय खुल्ला गरिएका क्षेत्रहरू पनि रहेछन् ।

फ्रान्सको राजधानी पेरिसको आइफल टावर चढ्दा रजनी ज्यादै नै खुशी भएकी थिइन् । यसको माथि चढ्नको निम्ति विशाल लिफ्टहरू जडान गरिएका रहेछन् र माथि चारैतिर निकै चौडा बार्दलीबाट पूरै पेरिस शहर देखिने । त्योभन्दा पनि माथिको बार्दलीबाट त निकै टाढासम्मको अवलोकन गर्न सकिने रहेछ । यो साँच्चै नै विश्वको महान् आश्चर्यको नमुना नै रहेछ । तर आइफल टावरको वरपर लुटपाट र चोरी गर्न बसेका मानिसहरूबाट निकै सतर्क रहनुपर्ने रहेछ । त्यहाँ हामीले खुला

पर्यटक बसमा चढेर पेरिसका मुख्य-मुख्यस्थल सबैजसो अवलोकन गऱ्यौँ । त्यस्तै नदीमा ठूलो नौकामा बसेर हामीले पेरिसका ऐतिहासिकस्थल तथा पुराना पुलहरूको पनि अवलोकन गऱ्यौँ । एलिजि राजप्रासाद, आर्क डे ट्रियम्फ, सेन्ट च्यापल गिरिजाघर, सेन्ट सल्फाइस गिरिजाघर, ग्रान्ड प्यालेस, फ्लेम अफ लिबर्टी, फ्रेन्च रिभोल्युशनमा त्यहाँका शासकहरूको जिलेटिनको प्रयोगले शिरच्छेदन गरिएको स्थल, प्रख्यात लुभ्र संग्रहालय, राजकुमारी डायनाको गाडी दुर्घटना भएको स्थल र अन्य कैयन् महत्त्वपूर्ण स्थलहरू छोटो समयमा नै अवलोकन गऱ्यौँ । लुभ्र संग्रहालय र अन्य ऐतिहासिकस्थलको घुमघामपछि मलाई "ल डाभिन्सी कोड" नामक उपन्यासमा बयान गरिएका ठाउँहरूको निकै झझल्को आयो । पेरिसमा चारवटा अन्तर्राष्ट्रिय विमानस्थलहरू रहेछन् । फेसनको केन्द्र पेरिसमा आयोजित एउटा फेसनशो पनि हेऱ्यौँ हामीले । पेरिसबाट जर्मनीको कोलोनसम्म हामी निकै छिटो चल्ने रेलमा सफर गरेका थियौँ ।

र्‌हाइन नदीको किनारमा अवस्थित जर्मनीको कोल्न शहरको भ्रमणको दौरान हामीले ऐतिहासिक कोल्न क्याथेड्रल, लुड्‌विग संग्रहालय, संगीतकार विथोभेनको शालिक र उनको जन्मस्थल तथा संग्रहालय, कोल्न पार्क, आदि ठाउँहरू घुम्यौँ । त्यस्तै यहाँबाट नजिकका डुसेल्डर्फ र बोनको पनि भ्रमण गऱ्यौँ र फर्कँदा फ्राङकफर्ट शहर घुमेर हामी नेपाल फर्कियौँ ।

यसको केही वर्षपश्चात् हामी फेरि जर्मनी गयौँ । योचोटि जर्मनीको बर्लिनदेखि बोन र त्यहाँबाट फ्रेङ्कफर्टसम्म द्रुत रेलमा सफर गऱ्यौँ । यसको मज्जा नै अर्कै ! जर्मनीका गाउँ तथा साना शहरहरू रेलबाटै भए पनि हेऱ्यौँ । उनलाई खानपिन गर्नभन्दा पनि बढी रमाइलो ठाउँ-ठाउँको भ्रमण गर्दा र मन परेका कपडा र जुत्ताहरू खरिद गर्न पाउँदाका क्षणहरूमा हुने गर्थ्यो । जर्मनीको राजधानी बर्लिन एकचोटि जानैपर्ने गन्तव्य रहेछ । दोस्रो विश्वयुद्धपछि पूर्वी र पश्चिम जर्मनी दुवैले पर्खाल लगाएर यो शहरको अंशबन्डा गरेका थिए । हिटलरको समयका ऐतिहासिक भवनहरू र उनले आत्महत्या गरेको भनिएको भवनको भग्नावशेषदेखि लिएर नयाँ र पुरानो बर्लिनका विभिन्न भागहरू हेर्नलायकका रहेछन् । प्रसिद्ध ब्रान्डनबर्ग गेट, बर्लिन टावर, संसद् र व्यवस्थापिका भवन, विशाल पार्क, यहुदीलाई मारेका स्थलहरू, बर्लिन पर्खालका भग्नावशेषस्थलहरू र दुई देशबीच पहिलेको ऐतिहासिक सीमाचौकीस्थल आदि अवलोकन गर्दा निकै ज्ञान बढेको थियो ।

घुम्ने नै क्रममा उनी र म नेपालका कैयन् महँगा रिजोर्टहरूमा पनि बस्यौँ । टाढा जान नसके धुलिखेल मात्र गएर भए पनि हामी एकाध रात बसेर आउँथ्यौँ । प्राकृतिक दृश्यहरूको अवलोकन गर्दै एकाध दिन सुनसानमा बस्न उनी निकै रमाउँथिन् ।

विगत ३० वर्षमा हामी धेरै पटक भैरहवा गयौँ । त्यहाँ आजकल रजनीकी सानीआमाका परिवार मात्र बस्छन् । बाँकी सबैजसा नजिकका नातेदार विदेशमा नै छन् । एकजना काका भने बुटवलमा घर बनाएर बस्छन् । भैरहवा जाँदा हामी सधैँ उनकी सानीआमा तथा उनका परिवारहरूको घरमा भेटघाट गर्न जान्थ्यौँ । उनका एकजना बहिनीज्वाइँ दुष्यन्त थापा सिद्वार्थनगर नगरपालिकाका पुराना तथा वरिष्ठ कर्मचारी पनि हुन् । पछिल्लो समयमा रजनीको भैरहवामा माइती भनेकै यिनै सानिआमाको घरपरिवार र बुटवलमा बस्ने काकाको परिवार थियो । हाम्रा सासूससुराले पनि आफुहरू विदेशमा बस्ने भएकाले धेरैजसो जमिन बिक्री गरिसक्नुभएको छ । तर अझै पनि उहाँहरूका पुर्खौली घर र ससुराली घर राम्रै अवस्थाका छन् त्यहाँ । केही वर्षपहिले रजनीका आमाबाबा नेपाल आएका बेला भैरहवामा केही हप्ताका लागि जानुभएको थियो । रजनी र म पनि मेघौलीमा अवस्थित एउटा निकै महँगो रिजोर्ट "वाराही रिसोर्ट" मा एक रातको लागि बस्न गएका थियौँ । निकै अनकन्टार ठाउँमा अवस्थित त्यो रिसोर्टमा त्यो साँझ हामी मात्र पाहुना रहेछौँ । ज्यादै मनमोहक वातावरण र सुविधाजनक सो रिसोर्टमा हामी मात्र पाहुना भएर बस्दा अलिक डरजस्तो पनि लागेको थियो । तर हामीले त्यहाँको भरपूर आनन्द भने लियौँ । भोलिपल्ट हामी त्यहाँबाट फर्कने बेलामा रजनीकी आमाले उहाँहरूलाई लिन भैरहवा आउन अनुरोध गर्नुभयो । सासूको अनुरोध शिरोपर गर्दै म केही हदसम्मको जोइटिङ्ग्रेले पनि तुरन्त मञ्जुरी दिइहालेँ । पहिले भन्न डराएकी रजनी मेरो मञ्जुरीपछि निकै खुशी भइन् । एकातिर आमाबाबुलाई लिन जान पाइने भने अर्कोतिर आफू जन्मेको र माइतीघरमा फेरि गएर भाइबहिनालाई भेट्न पाइने । के चाहियो र ! त्यो दिन बेलुकीतिर हामी भैरहवा पुग्यौँ । हाम्रा सासूससुरा दुष्यन्त ज्वाइँकहाँ नै बस्नुभएको रहेछ । सासूज्यूले पनि सोही दिन बेलुकी त्यहाँबाट केही घरपरको आफ्नो घर र माइतीको फोटो खिच्न जाने भनेर हामीलाई पनि सँगै जान भन्नुभयो । उहाँको माइती यानि रजनीको मामाघर, जहाँबाट करिब ३० वर्षपहिले मैले रजनीलाई भगाएको थिएँ, त्यही घरभित्र घुमेर बाहिर मूल ढोकामा आएपछि मेरी सासूज्यूले ससुराज्यूलाई "ए बाबा, ल ल भिडियो खिच त, मेरी छोरीलाई यो ज्वाइँले कसरी यहाँबाट भगाएको रहेछ, एकचोटि

फेरि एक्सन रिप्ले गरौँ त" पो भन्नुभयो । म लाजले निकै मथ्थर भएँ । उहाँको पुनः आग्रहपश्चात् मैले रजनीलाई च्याप्प समाएर बोक्दै गाडीमा हुलेँ । बाबाले भिडियो खिच्न भ्याइहाल्नुभयो । निकै हाँस्यौँ हामी त्यसपछि ।

त्यस्तै एकचोटि रजनी र मेरो खटपट परेर म उनलाई कहाँ जान लागेको पनि थाहा नदिएर भैरहवाको हवाई टिकट काटेर उता लागेँ । तर विमान के उडेको मात्र थियो, मौसमको खराबीले यत्ति धेरै हल्लायो कि बयान गरेर साध्य छैन । भैरहवामा ओर्लेपछि मलाई नयाँ जीवन पाएसरह भयो । यसरी म त्योभन्दापहिले पनि यस्तै सानातिना खटपटमा सीधा विमानस्थल गएर विराटनगरको विमान चढेर धरान पुगेको छु । धरान जाँदा उनलाई त्यति चित्त दुखेको थिएन, तर उनलाई नलगेर उनैको माइती शहर भैरहवा जाँदा भने निकै समयसम्म पनि चित्त दुखाइन् । मलाई पनि यसो गरेकोमा निकै पश्चात्ताप भयो ।

प्रत्येक वर्ष हाम्रो बिहेको वार्षिकोत्सव र हाम्री छोरी कृपाको जन्मदिन एकैदिन पर्ने भएकाले हामी यी दुवै उत्सवमा हाम्रा र छोराछोरीका साथी र परिवारका सदस्यहरू भेला गराएर केक काट्नेदेखि लिएर मीठो-मीठो खाना खाएर रमाइलो गर्दथ्यौँ । रजनीको सिउँदोमा चारचोटि सिँदुर हालेर हामी दुलाहादुलही भएका भए पनि हामीले हाम्रा आमाबाबाले गरिदिएको मंसिर ८ गतेको बिहेको दिनलाई वास्तविक वार्षिकोत्सवको रूपमा मान्ने गरेका थियौँ ।

हेर्दाहेर्दै हाम्रो बिहे भएको २५ वर्ष पनि पुगेछ । समयले कति छिटो कोल्टे फेर्छ, मानिसले थाहा नै पाउँदैनन् । सबैथोक हिजो गरेजस्तो लाग्छ तर एक जुग नै बितिसकेको हुँदो रहेछ । यसरी बिहे भएको २५ वसन्त पार भएको अवसरमा हाम्रा छोरी र छोराले करिब सयजना इष्टमित्र बोलाएर रात्रिभोजको आयोजना गरेका थिए । नजिकका नातेदार, पुराना-नयाँ साथी, केटाकेटीका साथी र हितैषीहरू सरिक सो कार्यक्रम निकै रोचक भएको थियो । पिताजी, दिदी, भिनाजु तथा हाम्रा अग्रजहरूबाट आशीर्वाद लिएर सुरु भएको त्यो कार्यक्रम नाचगान र खानपिनपश्चात् राती अबेलासम्म चलेको थियो । एकचोटि फेरि हामी बेहुला-बेहुलीजस्तै भएका थियौँ त्यतिबेला । मैले सो अवसरमा एउटा निकै आकर्षक उपहार दिएको थिएँ रजनीलाई । उनी र हाम्रा केटाकेटीहरू मिलेर हामीलाई पनि त्यस्तै उपहार दिएका थिए । त्यो दिन हाम्री छोरी कृपाको जन्मदिन पनि थियो । उसलाई पनि हामी सबै मिलेर

आशीर्वाद र उपहार दिएका थियौँ । यस्ता अवसरमा आदानप्रदान हुने उपहार सानै भए पनि निकै बहुमूल्य हुन्छ, किनकि त्यो एकअर्काको प्रगाढ मायाको एउटा प्रतीक हुने गर्छ ।

मेरो व्रतबन्ध अलि ढिलो यानि २१ वर्षको उमेरमा भएको थियो । ढिलो गरेपछि लाज पनि लाग्ने रहेछ । कपाल काट्ने बेलामा पञ्चेबाजा घन्किन थालेपछि टोलमा बिहे नै भन्ठानेर ठूलै भीड लागेको थियो । झनै लाजमर्नु भयो । व्रतबन्ध हुँदा म कलेजमा नै अध्ययनरत थिएँ । साथीभाइहरूका साथै रजनी पनि आएकी थिइन् भोजमा । मेरोजस्तै मेरो छोरा कृपेशको व्रतबन्ध पनि ढिलै भयो । घरमा धेरै वर्षपछि भएको यो शुभकार्य मैले भव्यताका साथ नै सम्पन्न गरेँ । हुन त म पनि तडकभडकको विरोधी नै हुँ तर छोराको यस्तो शुभकार्यमा उसका साथीभाइले राम्रोसँग खानपिन गरेर नाचगान त गर्न पाउनैपऱ्यो नि ! रजनी निकै खुशी भएकी थिइन् छोराको व्रतबन्धमा ।

त्यसको केही समयपछि एक शुक्रबारको दिन कार्यालयबाट छिटो घर आएर छोरीसँग बसेर चिया पिउँदै उसको मन जाँच्ने हेतुले "तेरो बिहे त पाँच–छ वर्षपछि गर्नुपर्ला, के हतार छ र होइन नानी" भनेको मात्र के थिएँ, उसले त "३० वर्ष पुग्न लागिसकेँ म थाहा छ बाउ तिमीलाई, अब पनि नगरेर कहिले गर्ने" पो भन्छे बा ! म त छक्कै परेँ । अनि "कोसँग गर्ने नि ?" भनेको त, मोबाइबाट फोटो देखाएर "योसँग" पो भन्छे ! म त छानाबाट खसेजस्तै भएँ । तर केटो भने झट्ट हेर्दा जोडा मिल्ने खालको र भद्र नै देखिने रहेछ । "अनि कहिलेदेखिको चिनाजानी नि" भनेर सोधेको त सातआठ वर्ष भइसक्यो रे ! "ग्यालेक्सी स्कुलमा पढ्दा त्यहाँकी प्रधानाध्यापिका गीता राणाका दाजुको छोरा विशाल थापासँग चिनाजानी भयो, मान्छे असलै रहेछ" रे ! "ल भेट्न बोला, पढेलेखेको र भलाद्मी रहेछ भने विचार गरौँला, नत्र मिल्दैन" भनेँ मैले । राती रजनीसँग कुरा गरेको त उसलाई त यो सब पहिले नै थाहा थियो रे ! मलाई किन नभनेको भन्दा म रिसाउँछु भनेर नभनेको रे ! म त जिल्ल परेँ । भोलिपल्ट आफ्नो एकजना नातेदारसँग ती केटा आए । हेर्दा राम्रै रहेछ । मैले के गर्दो रहेछ भनेर ह्विस्की निकालेँ, तर उसले पिउन मानेन र उसको नातेदार र म भने पिउँदै गफ गर्न थाल्यौँ । खानापश्चात् घर जाने बेलामा निकै लाज मान्दै उसले ज्याकेटको खल्तीबाट कागजहरू निकालेर "अङ्कल हजुरले मेरो शैक्षिक प्रमाणपत्रहरू हेर्ने भन्नुभएको थियो रे, मैले ल्याएको छु" भन्यो । मलाई त हाँसो पनि लाग्यो र लाज

पनि । मैले "होइन होइन बाबु मैले त त्यसै जिस्केर पो भनेको त" भन्दै सबै कागज उसैलाई फर्काइदिएँ । ऊ पनि झनै सर्माएर कागज खल्तीमा राखेर अभिवादन गरेर गयो ।

केही दिनपछि बिहे छिन्ने दिन पनि आयो । केटापट्टिबाट उसका बाबा, आमा, दिदीबहिनीका परिवार, फुपूहरू गरेर करिब बीस–पच्चीसजना हामीकहाँ आए भने हाम्रातर्फबाट पिताजी, हाम्रो परिवार, दिदी, भिनाजु, भान्जा आदि बसेर कुराकानी गरी बिहे गर्ने पक्कापक्की गर्‍यौँ । बिहे छसात महिनापछि मात्र हुने भयो । बेलुकी मैले रजनीलाई "बिहे गरिदिने त भन्यौँ, तर त्यत्रो पैसा पो कहाँबाट जुटाउने होला" भनेँ । उसले "भन्नेबित्तिकै नगद त कसैसँग पनि हुँदैन, अब बिस्तारै बन्दोबस्त गर्नुपर्छ, थोरै जमिन बेच्न परे पनि बेचौँला, बैंकबाट कर्जा लिउँला, तिम्रो कार्यालयबाट पनि त सापटी लिन सकिएला नि । नआत्त कपिल, तिमी आँट, म पुर्‍याउँछु भनेर देवताले पनि भन्छन् रे ! समय छँदैछ, सबै ठीक हुन्छ" भनिन् । उनका कुराले मन अलिक हलुका भयो ।

बिस्तारै तयारी गर्दागर्दै बिहेको समय पनि आइहाल्यो । हामी सबै व्यस्त हुन थाल्यौँ । इष्टमित्र कोही नछुटून्, बिहेमा चाहिने सामग्री कुनै कम नहोस् भनेर हामीले बनाएको फेहरिस्त धेरैजनालाई देखायौँ । निकै रमाइलो गरेर गर्नुपर्छ छोरीको बिहे भनेर हामी लागिपर्‍यौँ । आखिर सबैको उपस्थिति र धार्मिक रीतिअनुसार राम्रैसँग बिहे सम्पन्न भयो । यो बिहेको भोजलाई मैले पिताजीका पुराना हितैषीहरूसँग पुनर्मिलन गराउने थलो पनि बनाएँ । धेरै पुराना नेता, पत्रकार, बुद्धिजीवी, नातेदार, आदिको जमघट गराएर बिहेको भोज पनि गरियो । जति धेरै सादगीको कुरा गरे पनि र अन्य कुरामा सम्झौता गरे पनि यस्ता अवसरमा आफन्तलाई नै नबोलाएर त हाम्रा संस्कारहरू सम्पन्न हुनै सक्तैनन् । आखिर हामी सामाजिक प्राणी नै हौँ नि । हामीलाई समाजका हरेक तप्काका मानिसहरूसँग घुलमिल नै गर्नुपर्छ । एककप चिया मात्र नै भोजको मेनुमा किन नहोस्, यस्तै अवसरमा नै हो अरूबेला नभेटिने सबैसँग भेट हुने । छोरीको बिहे सम्पन्न गर्न सकेकोमा म र रजनी दुवै निकै खुशी थियौँ । हामी पनि अब सासू, ससुरा र सम्धिनी, सम्धी भएका थियौँ । यसमा पनि रजनीले मलाई पाठ पढाउन थालिहालिन् "कपिल अब हाम्रो पनि बुढेसकाल सुरु हुन लाग्यो, तिमी अब अलिक गम्भीर हुन सिक है" भनेर । कति हाँस्नु उनका कुरा सुनेर, होइन होइन भन्दा पनि उनले मलाई बिस्तारै बूढो नै बनाइदिन लागिन्झैँ लाग्यो ।

हामीबीच साना-साना कुराहरूमा निकै झगडा परिरहन्थे । ठूलो कुरामा भने कहिल्यै परेन किनकि त्यस्तो ठूलो झगडाको विषय कहिल्यै पनि हाम्रोअगाडि आएन । हामी अरूले भनेका कुराहरू पनि हतपत विश्वास गर्दैनथ्यौँ । तर साना कुराहरू "त्यो बिस्त्वा कसले जान्ने भएर काटेको ?; मैले त्यो फोटो त्यहाँ टाँगेको थिएँ, अहिले कसरी उता पुग्यो ?; के रे, तिमी पोखरा जान लागेको ? मलाई नलग्ने ? ल हेरूँ त मविना कसरी जाँदारहेछौ; फेरि कुकुरको बच्चा ल्यायौ, अब म यो घर छोडेर जान्छु" जस्ता सानातिना कुराहरूमा हाम्रो लडाइँ परिरहन्थ्यो । म एक हप्ता कार्यालयको काममा व्यस्त हुने र ऊ घरमा बस्दा-बस्दा दिक्क हुने । शनिबारको दिन मलाई बिहानभरि व्यायामशालामा गएर लामो समय व्यायाम, साउना र वाष्प स्नान गर्न मन लाग्ने, तर उनलाई हप्तामा एकदिन त्यही समयमा एकचक्कर नघुमाई नहुने । दुईटैको कुरा ठीक तर दुईमध्ये एक मात्र गर्न मिल्ने ।

एउटा कुरा भने रजनीको निकै राम्रो । म कतिचोटि साथीहरूसँग बेलुकी रेस्टुरेन्टमा खानपिन गर्न जाँदा ती साथीका पत्नीहरूले फोन गरेर हैरान पारेको देख्दछु । तर रजनीले यस्तो कहिल्यै गरिनन् । अति नै ढिलो गऱ्यो भने मात्र "तिम्रो घर आउने बेला भएन कपिल ?" भनेर फोन गर्ने अथवा सन्देश पठाउने मोबाइलमा, बस ! तर कहिलेकाहीँ बिहानपख हामी चिया गफ गरिरहेका बेलामा भने, "हेर कपिल, जिन्दगीको कुनै भर छैन, कहिले के हुन्छ थाहा छैन, त्यसैले यसको पूरापूर मज्जा लिन सक्नुपर्छ । समय खेर नफाल । सधैँ खुशी हुने कोसिस गर, समस्यासँग डटेर लड । समस्या र चुनौती नै भएन भने त जिएको के रमाइलो भयो र ? हरेक दिन बिहान बिछौनाबाट उठ्नेबित्तिकै एकछिन चराहरूको चिरबिर सुन, लामो सास फेर एकछिन केही नसोची, भगवान्लाई आज पनि जिउन पाएकोमा धन्यवाद देऊ र आजको दिन पनि सद्विचार, राम्रो काम र खुशीसाथ बिताउने प्रण गर । जीवन साँच्चै रमाइलो छ ।" भन्ने गर्थिन् । कहिलेकाहीँ कसै-कसैले उनलाई "भाउजु, दाइ त आजकल फलानीसँग अलिक धेरै घुलमिल गर्ने हुनुभएको छ, अलि ख्याल गर्नुस् है" जस्ता कुराहरू सुनाए भने उनले "मेरो कपिल त्यस्तो छैन, ऊ सबैसँग उस्तै व्यवहार गर्छ, जोसँग पनि अलि नजिक हुन जान्छ, तर उसले नराम्रो विचारले कहिल्यै त्यस्तो गरेको हुँदैन । हो लोग्ने मान्छेहरू घरमा स्वास्नी भए पनि अलिकति परस्त्रीतिर ढल्कन्छन् तर एउटा हदसम्म बसेर अलिकति जिस्कने, घुलमिल गर्ने गर्दैमा ऊ बिग्रिसक्यो भन्न मिल्दैन" भनिदिन्थिन् । कहिलेकाहीँ कतै उनीसँगै जाँदा

कुनै महिलासँग यसो जिस्कियो भने घरमा आएर "आज खूब रमाइलो गरिस् होइन ? स्वास्नीको अगाडि लाज लागेन ? अरूका स्वास्नीले जस्तै झ्यामझ्याम्ती चड्कन हान्नुपर्ने, मजस्ती सोभ्रmी स्वास्नी पाएर बचिस्" भन्थिन् । म हाँसेर उडाइदिन्थेँ । वर्षमा कहिलेकाहीँ सानो कुरामा पनि हाम्रो बोलचाल एक हप्तादेखि भ्रmन्डै एक महिनासम्म पनि बन्द हुन्थ्यो । सँगै सुत्ने, सँगै खाने तर नबोल्ने । अनि रिस मरेपछि छोराछोरीलाई "तिम्रो आमालाई यसो भन, तिम्रो बाउलाई यसो भन" भनेर एकअर्कालै सुन्ने नै गरेर बोलचाल खुलाउने गर्थ्यौँ हामी । यसो गर्दा पनि एक किसिमको मज्जा नै हुन्थ्यो ।

मेरो कार्यालयको कार्यव्यस्तताले गर्दा म धेरैजसो समय घरमा हुँदैनथेँ । बिहान छिटो उठेर व्यायामशालामा व्यायाम गर्न निस्केपछि म प्रायजसो त्यतैबाट कार्यालय जान्थेँ । रजनीले भ्याएसम्म मलाई बिहानको हलुका नास्ता कार्यालयमा नै पठाइदिन्थिन् । त्यसैले बेलुका घर छिटो पुगेका बेला र खासगरी बिदाका दिनहरूमा हामी सबैजना सँगै बसेर खाना खान्थ्यौँ । रजनीको एउटा आदत के पनि थियो भने, उसलाई खानासँग अलिकति दूध-भात खानै पर्दथ्यो । त्यसैले हामी बेला-बेलामा उनलाई "तिमी बिराली हौ ?" भनेर जिस्क्याउँथ्यौँ । उनी पनि मुस्कुराएर बस्थिन् । तर वास्तविकतामा भने उनलाई बिरालो पटक्कै मन पर्दैनथ्यो । हाम्रा पिताजीलाई बिरालो औधी मन पर्ने भएकोले उहाँको कोठामा आउने बिरालाहरूलाई उहाँ खाना दिएर पल्काउनुहुन्छ । त्यसैले कसैलाई मन नपरे पनि हाम्रो घरमा बिरालालाई खेद्न अलिक मुश्किल नै पर्छ । सानो छँदा म र मेरा माहिला दाजु मिलेर हाम्रो घरमा धेरै परेवा पालेका थियौँ । एकताका त पचहत्तर जोडीसम्म पुगेका थिए परेवा । ती परेवाहरू ज्यादै राम्रो नश्लका थिए । बेला-बेलामा बिरालो आएर हाम्रा परेवाहरू मारेर खाइदिन्थ्यो । त्यसैले मलाई पनि बिरालो मन पर्दैनथ्यो । हाम्रो पुरानो टोलमा हाम्रा छिमेकी खनाल बन्धुहरूमध्ये धेरैजना परेवा पाल्ने शौक राख्दथे । हाम्रा अग्रजहरू मधु, बलराम, रामेश्वर र द्वारिकाले पालेका परेवाहरूबाट प्रभावित भएर नै हामीले पनि परेवा पाल्न थालेका थियौँ ।

रजनीको बालककालमा एकपटक एपेन्डिसाइटिसको शल्यक्रिया भएको रहेछ । त्यसपछि उनी हाम्रा शिशुहरूको जन्म हुँदा दुईपटक अस्पताल भर्ना भएकी थिइन् र पछि पत्थरीको शल्यक्रियाका लागि पनि एकपटक उनी अस्पताल भर्ना भएकी थिइन् । यीबाहेक बेला-बेलामा उनी सामान्य बिरामी परेको मात्र थाहा छ मलाई ।

तर करिब एक वर्षअघिदेखि उनमा मधुमेह देखिएकाले उनी बरोबर चिकित्सककहाँ स्वास्थ्य परीक्षणका लागि गइरहन्थिन् ।

वि.सं. २०७३ साल मंसिर महिनातिरदेखि रजनीलाई यदाकदा पेट खराब हुने, कहिले कब्जियत हुने त कहिले धेरैपटक शौचालय जानुपर्ने, अनि पेट फुलिरहनेजस्ता समस्या आउन थाले । त्यो पनि केही दिन साधारण समस्या रहने र फेरि ठीक हुने । हामीले पनि साधारण ग्यास्ट्रिक भनेरै यो समस्यालाई केही हप्ता त्यति गम्भीररूपमा लिएनौँ । तर बिस्तारै यो समस्या बारम्बार देखिन थाल्यो । आधारातमा ग्यास बढेर बिस्कुट आदि खानुपर्ने हुन थाल्यो । यत्तिकैमा सातौँ राष्ट्रिय खेलकुद प्रतियोगिता पूर्वाञ्चलमा हुने र हाम्रो क्योकुशिन बुदोकाई कराते संघले पनि ठूलै टोली लिएर धरानमा हुने प्रतिस्पर्धामा भाग लिन जाने भएकोले रजनीले पनि जाने इच्छा गरिन् । त्यसैले मुलुकका विभिन्न ठाउँबाट भाग लिन जाने प्रतिस्पर्धी सीधै धरान पुग्ने गरी हाम्रो संघका केही पदाधिकारीसहित यस संघका महासचिव तथा प्रमुख प्रशिक्षक राजेन्द्र सुवेदी र हामी दुईओटा मोटर गाडीमा बनेपा–बर्दिबास सडकमार्ग यानि वी.पी. कोइराला राजमार्ग हुँदै पूर्वतिर लाग्यौँ । हामीले आफ्नो साथमा धरान पुगेर हाम्रा खेलाडीलाई बाँड्ने खेलकुदका पोशाकहरू र अन्य सरसामान पनि लिएर गएका थियौँ ।

वी.पी. कोइराला राजमार्गको परिकल्पना वि.सं. २०१५ तिर नै भइसकेको भए पनि पञ्चायती सरकारले नेपालको प्रथम प्रजातान्त्रिक चुनावबाट चुनिएर बनेका प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला र उनको सरकारले बनाएको योजनालाई कार्यान्वयन गर्न निकै कन्जुस्याइँ गऱ्यो । २०४६ सालको जनआन्दोलनको सफलतापश्चात् बल्ल यो आयोजना फेरि ब्यूँतियो र करिब ३८ वर्षपछि जापान सरकारको सहयोगमा २०५३ सालमा बन्न सुरु भएर १५८ किलोमिटर लामो यो सडकको निर्माण चारओटा चरण पार गरेर बल्ल २०७२ तिर सम्पन्न भयो । हाल यो सडक निर्माण भएपछि यात्रुहरूलाई काठमाडौं र नेपालका खासगरी पूर्वी भागहरूबीचको भ्रमणमा निकै सुविधा पुगेको छ । भाडाका माइक्रोबस, जिप र निजी गाडीहरू ज्यादा ओहोरदोहोर गर्ने यो सडकबाट विभिन्न ठाउँको निकै रमणीय दृश्यावलोकनसमेत गर्न सकिन्छ ।

दशरथ रङ्गशालाबाट सुरु भएको हाम्रो यात्राको पहिलो विराम धुलिखेलमा भयो, जहाँ एक–एक कप चिया पिएर हामी अघि बढ्यौँ । धुलिखेलदेखि नेपालटारसम्मको

बाटो ठाउँ-ठाउँमा निकै बिग्रिएको रहेछ । नेपालटारनिर दुईचारओटा क्रसर उद्योग सञ्चालनमा रहेछन् र तिनका उत्पादन ओसार्न दिनहुँ ओहोरदोहोर गर्ने सयौँ ट्रकका कारण यो सडकखण्ड यसरी जीर्ण बन्न पुगेको रहेछ । हलुका सवारीलाई मात्र आवागमन गर्न अनुमति दिइएको यो सडकमा क-कसलाई नजराना चढाएर यस्ता टिपरहरू विनारोकटोक दौडन पाएका हुन् केही थाहा हुन सकेन । नेपालमा नियमकानुनको कुनै पर्वाह नै छैन । मित्रराष्ट्र जापानले वैकल्पिक मार्गका रूपमा बनाइदिएको यो कम चौडाइको तर अति नै सुन्दर बाटोमा साना गाडीहरू मात्र चल्न दिएर यसको बेला-बेलामा मर्मतसम्भार गरिरहे त यो बाटो वर्षौँ टिक्ने थियो र यो बाटो भएर यात्रा गर्दा भिन्दै किसिमको आनन्द आउने थियो । हामी भकुण्डेबेसी पुगेर केहीबेर सुस्तायौँ । यो भकुण्डेबेसी सुख्खा ठाउँ छ तर यो निकै ठूलो फाँट हो । अहिले यो राजमार्गले गर्दा बिस्तारै यसले शहरको रूप लिँदै गइरहेको छ । केही वर्षअघि काठमाडौँको आन्तरिक विमानस्थल स्थानान्तरण गर्न विभिन्न ठाउँका सम्भाव्यता अध्ययन गर्दा भकुन्डेबेसी पनि सम्भाव्यस्थलहरूको फेहरिस्तमा परेको थियो ।

रोसी खोला, सुनकोसी, दूधकोसी, गुवाङ्ग खोला, गडौली खोला, रातो खोला र कमला नदीका किनार-किनार भएर जाने यो बाटो केही घुमाउरो र उकालोओरालो भएको भए पनि आफ्नो सवारी साधनको गति सीमित राखेर चलाएमा निकै सुरक्षित छ । खुर्कोटबाट मन्थलीतिर जाने बाटो पनि बनिसकेकाले आजकल रामेछापका वासिन्दालाई निकै सजिलो भएको छ । बाटोमा सेल्फी डाँडा भनिने एउटा डाँडाको टुप्पाबाट यो सडक गएको छ, जहाँ गाडी रोकेर मानिसहरू फोटा खिच्छन् । मनमोहक दृश्यहरू आउने गरी आफ्नो सेल्फी खिचिने भएको भएर यस्तो नाम राखिएको होला । अलिक घुमाउरो बाटो भएर निकैमाथि चढेपछि सिन्धुलीगढी पुगिने आड भञ्ज्याङ पुगिँदो रहेछ । यो ठाउँ सायद यो सडकमा पर्ने सबैभन्दा अग्लो ठाउँ होला । काठमाडौँ फर्कनेक्रममा हामी यही ठाउँमा गाडी रोकेर हिँड्दै करिब आधा घण्टामा ऐतिहासिक सिन्धुलीगढी पुगेका थियौँ । आड भञ्ज्याङबाट तल-तल ओर्लिँदै गएपछि ढुङ्ग्रे भञ्ज्याङ हुँदै पीपल भञ्ज्याङ, चियाबारी र सिन्धुली बजार यानि कमलामाई नगरपालिका अनि गौरीडाँडाको भाडी नाघेर तल भरेपछि यो बाटोले बर्दिवासमा पूर्व-पश्चिम राजमार्गलाई भेट्दो रहेछ । बर्दिवासबाट केही किलोमिटरको दूरीमा नै ढल्केबार आइपुग्यो । राजेन्द्र भाइको आग्रहमा हामीले त्यहाँस्थित एउटा

प्रख्यात खाजा खाने ठाउँमा बसेर माछा, मासु, अचार, तरकारी र च्यूरा मनग्य खायौँ । वास्तवमा नै निकै मीठा परिकारहरू बन्दा रहेछन् त्यहाँ । राजमार्गका विभिन्न ठाउँमा आफ्नै खालका विशेषता बोकेका खाना खाने होटल हुन्छन् र यसरी घुम्न जाँदा त्यस्ता होटलहरूमा गएर खाँदा आफ्नै किसिमको आनन्द आउँछ । कति घरको मात्र खाना खानू !

दिनभरिको गाडीको सफरपछि हामी बेलुकीपख कोसी नदी तरेर इटहरीतर्फ लाग्यौँ । कोसी नदी तरेको केही बेरपछि नै मैले चलाएको गाडीको गति बिस्तारै घट्दै इनरूवा पुग्नुभन्दापहिले एउटा अनकन्टार ठाउँमा गएर रोकियो । ओर्लेर हेर्दा त इन्जिनतिरबाट इन्धन निस्किएर सडकमा धाराजसरी नै झरिरहेको रहेछ । अब पर्‍यो फसाद ! पछाडि आउँदै गरेको अर्को गाडीका साथीहरूलाई फोन गरेँ । उनीहरू पनि केही छिनमा त्यहाँ आइपुगेर गाडीको बोनेट खोलेर हेरे अनि इन्धन निस्केको ठाउँमा प्लास्टिकले बाँधिदिए । सडकमा डिजलको धारा बगेकाले हामी सबै मिलेर छेउछाउबाट बालुवा खोजेर पोखिएको डिजलमा हाल्यौँ । आगलागी होला भन्ने ठूलो डर । सानो छँदादेखिका साथी सिंहबहादुर श्रेष्ठ, जो अहिले सशस्त्र प्रहरी बलका महानिरीक्षक भएका छन्, उनलाई र पकलीस्थित सशस्त्र प्रहरी बलको पूर्वाञ्चलका प्रमुख मेरा साथी सुरज श्रेष्ठलाई फोन गरेर मद्दत मागेँ । उनीहरूले नजिकको थानाबाट एउटा भ्यानमा केही सहयोगी पठाइदिएकाले उनीहरूको ठूलो मद्दतले हाम्रो गाडी तानेर इनरूवा लगियो । त्यहाँ ग्यारेजमा लगेर देखाउँदा डिजलको एउटा पाइप फुस्केर त्यस्तो भएको थाहा भयो । यतिबेलासम्म धरानका मेरा भाइ रञ्जित मार्सेली पनि चालकसहित आफ्नो गाडी लिएर त्यहाँ आइपुगे भने अर्का भाइ विनोद देवान इटहरीबाट इनरूवाका उनका साथीहरूलाई मद्दत गर्न फोन मिलाउँदै थिए र पछि उनी पनि साथीहरूसहित आइपुगे । रात अलिक बितिसकेको र एउटा सामान पनि फेर्नुपर्ने भएकाले त्यो रात गाडी त्यहीँ ग्यारेजमा छाडेर हामी इटहरी गयौँ । जानुभन्दापहिले सशस्त्र प्रहरी बलका सबै सहयोगी मित्रलाई मुरी-मुरी धन्यवाद दिएर हामी आफ्नो बाटो लाग्यौँ । धरानमा होटलकोठा नपाएकाले हामीलाई भाइ विनोद देवानले इटहरीमा होटल मिलाइदिएका थिए । खाना खाएर हामी आ-आफ्नो कोठामा सुत्न गयौँ । रजनी र म निकैबेर कुराकानी गरेर बस्यौँ त्यो रात ।

भोलिपल्ट रञ्जित भाइ र उसको चालक हामीलाई लिन आए । अनि सँगै नास्ता गरेर हामी सबैजना फेरि इनरूवा गयौँ र गाडी बनेपछि रञ्जित भाइको चालकलाई

सो गाडी एकचोटि फेरि विराटनगरस्थित ठूलो ग्यारेजमा देखाएर ल्याउन छोडेर हामी धरान गयौँ । त्यहाँ हाम्रा खेलाडीहरू बसेका होटलमा गएर हामीले उनीहरूलाई आवश्यक खेलकुदका कपडा र सामानहरू हस्तान्तरण गर्‍यौँ भने हाम्रा प्रमुख प्रशिक्षक तथा गुरु राजेन्द्र सुवेदीले सबै खेलाडीलाई आवश्यक निर्देशनहरू दिए अनि मैले सबैलाई उत्कृष्ट खेल प्रदर्शन गर्न शुभकामना दिएँ । रजनी पनि यो समारोहमा निकै चाखपूर्वक सरिक थिइन् । त्यो दिन हामी केहीबेर भाइ रञ्जितको घरमा गएर उसकी आमा, पत्नी र छोराछोरीसँग चिया गफ पनि गर्‍यौँ । उसकी आमालाई मैले आफ्नै आमाजस्तो सम्झने गरेको छुँ । त्यसैले यो परिवार मेरो आफ्नै परिवार भएको छ । सानै छँदा बुवाको देहावसान भए पनि रञ्जित भाइले त्यही आमाको आशीर्वाद र अर्ति मानेर बिस्तारै आज निकै राम्रो प्रगति गरिसकेको छ । पत्नी एउटा प्रतिष्ठित विद्यालयमा शिक्षिका छिन् भने छोरा र छोरी दुवै निकै जेहेन्दार र प्रतिभाशाली विद्यार्थी हुन् ।

बेलुकी हामी हाम्रा धरानका दाजु र भाउजु युवराज राई र रूपा राई तथा परिवारलाई भेट्न उनीहरूका घरमा गयौँ । धेरैपछि भेटघाट भएकाले ज्यादै रमाइला गफहरू गर्‍यौँ ।  इटहरीमा गोरखा डिपार्टमेन्ट स्टोरका मालिक बलराम आचार्य र भाउजुले रातीको खाना खान बोलाएकाले हामी त्यता गयौँ । बलराम दाइसँग पनि मेरो धरान बसाइको बेला नै चिनाजानी भएको हो र भेटघाट र बैंकिङ्ग कारोबारका क्रममा नै घनिष्ट सम्बन्ध बस्न गयो र हुँदाहुँदै उनको परिवारसँग हाम्रो पारिवारिक सम्बन्ध नै रहन गयो । त्यो दिन पनि उनी, भाउजु तथा छोराबुहारीहरूसँग उनको इटहरीस्थित स्टोर भएको घरको छ तलामाथिको निवासमा धेरैबेर खूबै मीठा खानपिनका साथ रमाइला गफ गरेर बित्यो । बलराम दाइ धेरै दुख र मेहनत गरेर आज त्योस्तरमा पुगेका मान्छे भए पनि उनीमा घमण्ड, नचाहिँदो उन्माद वा बडप्पन केही पनि छैन । ज्यादै सरल किसिमका छन् उनी र उनका परिवारका सबै सदस्य । छतमा एउटा करेसाबारी पनि बनाएकी रहिछन् भाउजुले । हामीले निकै उत्सुकताका साथ अवलोकन गर्‍यौँ । कुरैकुरामा बलराम दाइले "दिनभरि मेहनत गरेर काम गर्नुपर्छ, ग्राहकलाई ठगी गरेर एक पैसा पनि कमाउनुनपरोस् र कर्मचारीहरूलाई पनि आफ्नो परिवारका सदस्यजस्तै गरेर सक्दो पारिश्रमिक र सुविधा दिन सकियोस्, अनि परिवार, साथीभाइ र शुभेच्छुकहरूसँग यसरी नै हँस्सीठट्टा गरेर खानपिन गर्न र बेला-बेलामा घुमफिर गरिरहन पाइयोस् अरू के चाहिन्छ र यो जीवनमा" भने । रजनी

र म दुवैजनाले उनको त्यस्तो राम्रो कुराको निकै सह्राहना गऱ्यौँ ।

भोलिपल्ट बिहानैदेखि हामी धरानको रङ्गशालामा कराते प्रतियोगिता हेर्न गयौँ । धरानका जनता खेलकुदका पारखी नै हुन् र त्यहाँ प्रत्येक वर्ष बूढासुब्बा गोल्ड कप फुटबल प्रतियोगिता सञ्चालन हुन्छ । यो फुटबल म्याच हेर्न धरान र वरिपरिका ठाउँका बच्चाबच्चीदेखि बूढाबूढीसम्म धरान रङ्गशालामा आउँछन् । तर अपसोचको कुराचाहिँ के छ भने ठाउँ प्रशस्त भएर पनि अझसम्म त्यहाँ राम्रो रङ्गशाला बन्न सकेको छैन । रङ्गशाला परिसरको पर्खाल भने बेलायतमा बस्ने धरानेहरूका सहयोगले हालै मात्र ठडिएको छ । एउटा काम चलाउखाले खुला किसिमको कभर्ड हल भने बनेको रहेछ अहिले । त्यही ठाउँमा कुनै तयारी नै विना राष्ट्रिय कराते प्रतियोगिता गराएको थियो खेलकुद परिषद्ले ।

रजनी बिहानका खेलहरू निकै अभिरुचिका साथ हेरेर त्यहीँ नजिकमा बस्ने भूमिकला लिम्बू दिदी, जसलाई हामी कर्णेल्नी दिदी भन्छौँ, हो उनैको घरमा बिहानको खानासहित सबै पुराना दिदीसँग भेट्न गइन् । म भने बेलुकीसम्म त्यहीँ बसेँ र खाना खाने समयमा भने एकछिन कर्णेल्नी दिदीकहाँ नै गएँ । ७० वर्ष पुग्न लागेकी हाम्री भूमिकला दिदीको जन्मस्थान देहरादून हो र उनी मगर परिवारमा जन्मेकी हुन् । पछि भारतीय सेनामा भर्ती भएर नर्सको काम गरिरहेकी उनको धरानबाट सोही सेनामा भर्ती भएका तथा निकै छिटो उच्च पदमा पुग्न सफल एकजना लिम्बू केटासँग भेट भएछ र सो भेट बिस्तारै प्रेममा परिणत भएर उनीहरूको बिहे भएछ पल्टनमा छँदै । अनि, पछि हाम्रा भेनाज्यू भारतीय सेनाको लेफ्टिनेन्ट कर्णेलसम्मको पदमा पुगेर अवकाश पाएपछि दुवैजना धरानमा नै एउटा बङ्गला बनाएर बस्न थालेछन् । अवकाश प्राप्त उनका पतिका अन्य शौकबाहेक उनी रूखका जराहरूमा विभिन्न कलाकारिताका वस्तु बनाउन पनि सिपालु रहेछन् । तर यो जोडीले सुखसाथ जीवन बिताइरहेको दैवलाई मञ्जुर रहेनछ र त बिचरा कर्णेल भेनाज्यूलाई अकस्मात् आफूसँग लिएर गएछ । निस्सन्तान यो जोडीमध्ये एउटाको देहावसान भएपछि बिचरी कर्णेल्नी दिदी एक्ली हुन पुगिन् । तर फौजमा सिकेको अनुशासन र आफू पनि सानैदेखि बलियो मनकी भएकीले कर्णेल्नी दिदी आज पनि खुशी र सुखी जिन्दगी बिताइरहेकी छिन् । उनका हामीजस्ता धेरै भाइबहिनी छन् । जाडो याममा भने उनी प्रत्येकवर्ष आफ्नो माइतीघर देहरादूनमा बस्न जान्छिन् । भारतीय सेनामा काम गरेर अवकाश पाएका फौजीहरूलाई भारतमा जीवनभर मान-सम्मान गरिँदो

रहेछ । एकचोटि म धरानमा कार्यरत हुँदा उनलाई हामी सबै भाइबहिनी मिलेर भारतको जोगवनीमा देहरादून जानका निम्ति रेलसम्म पुऱ्याउन गएका थियौँ । उनले जोगवनीस्थित भारतीय रेलका अधिकृतलाई आफ्नो भारतीय सेनाबाट अवकाश प्राप्त गरेको कागजात देखाउनेबित्तिकै त्यो अधिकृतले आफैँ गएर रेलमा टिकट जाँच्ने कर्मचारीलाई उनको विशेष ध्यान राख्न अनुरोध गरेको देख्दा निकै खुशी र गर्व लाग्यो । कर्णेल्नी दिदी रजनीलाई निकै माया गर्थिन् त्यसैले होला केही महिनाअघि रजनी बिरामी भएको थाहा पाउनेबित्तिकै उनलाई भेट्न काठमाडौं आएकी थिइन् । मलाई पनि उनी निकै माया गर्छिन् र बेला-बेलामा भेट हुँदा यसो गर्दा राम्रो हुन्छ र यसो गर्दा नराम्रो हुन्छ, स्वास्थ्यको सधैँ ख्याल राख्नुपर्छ भनेर सम्झाइरहन्छिन् । रजनीका आमाबाबासँग एकाध पटक भेटेको भए पनि उनको निकै राम्रो सम्बन्ध छ ।

भोलिपल्ट पनि हामी करातेका अन्तिम खेलहरू हेर्न रङ्गशाला गएका थियौँ । त्योभन्दापहिले हामी सबैजना धरानको बिजयपुरमा अवस्थित चारओटा मन्दिरहरूको दर्शन गर्न पञ्चकन्या र पाथिभरा मन्दिर पुग्यौँ । त्यसपछि हामीले बूढासुब्बाको मन्दिरमा दर्शन गरेर त्यहाँको प्रख्यात बाँसको घारीमा धागो बाँधेर अरूले झैँ हाम्रो मायाप्रेम पनि सधैँ रहिरहने र हाम्रो बिछोड कहिल्यै नहुने विश्वास आफूमा राख्यौँ । दन्तकाली र पिण्डेश्वर महादेवको पनि दर्शन सकेर हामी रङ्गशालातिर लाग्यौँ । हिजो र आजका खेलहरूमा हाम्रा खेलाडीले निकै राम्रो खेलको प्रदर्शन गरे । हाम्रो क्योकुशिन बुदोकाई कराते समूहले सबैभन्दा बढी पदक जित्न सफल भयो यसपालिको प्रतियोगितामा । इटहरीको भाइ विनोद देवानको साथमा हामी धरानको शिवधारामा दिउँसोको खाना खान गएका थियौँ । एकजना गुरूङ जातका निकै गफाडी मान्छे, जसलाई "एयाच ब्रो" भनेर चिन्छन् स्थानीयले रेस्टुरेन्ट खोलेका छन् त्यहाँ । उनले लोकल कुखुरा र भात-दाल मीठो खुवाउँछन् । साथमा उनका हावादारी गफ सुन्न पाइने । कहिलेकाहीँ त पेट मिची-मिची हाँस्नुपर्ने हुन्छ । खाना बन्न अलिक समय लागेकाले हामी विभिन्न विषयमा कुरा गरेर बस्यौँ । रजनी निकै खुशी थिइन्, यसपालिको भ्रमणले गर्दा । फेरि जाडोको समय भएकाले वातावरण पनि निकै रमाइलो । काठमाडौंबाट हामीले चिनेका करातेका धेरै हस्ती पनि यसपालि धरान आएका थिए । भाइ दमन बस्नेत पनि भएकोले रमाइलो नै भएको थियो । विनोद देवान पनि पहिले टाइक्वान्डोका राम्रा खेलाडी रहेछन् । मेरो उनीसँगको चिनजान म धरानमा बैंकमा काम गर्दाखेरिको हो । उनको घर इटहरीमा छ । पहिले

उनको धरानमा इलेक्ट्रोनिक सामानको बिक्रीकक्ष थियो भने पछिल्लो समयमा निर्माण सम्बन्धी ठूलै व्यवसाय चलाएर बसेका छन् उनी । मलाई आफ्नो ठूलो दाइ नै मान्छन् उनले । इटहरीका प्रभावशाली युवा पनि हुन् उनी । त्यो दिन बेलुकी हामी उनैको घरमा खाना खान गएका थियौँ । उनकी पत्नी खाना पकाउन सिपालु छिन् । रजनी पहिलोचोटि उनीहरूकहाँ गएकीले बुहारीले झनै विशेष परिकारहरू बनाएकी रहिछन् । मज्जाले गफिँदै मीठो खाना खायौँ । भोलिपल्ट काठमाडौं फर्कनुपर्ने भएकाले हामी छिटै होटलतिर लाग्यौँ । रजनीले राती सुत्नुभन्दाअघि यसपालिको भ्रमणमा निकै रमाइलो भएको र धेरैजनासँग भेटघाट गर्न पाएकोमा मलाई धेरै धन्यवाद दिइन् । वास्तवमा हामी लोग्नेस्वास्नी भए पनि एकदम मिल्ने साथी थियौँ । उनले मलाई मेरा बुवा, आमा र परिवारका अन्य सदस्य तथा सबैका अगाडि "कपिल", "तिमी" भनेर नै सम्बोधन गर्थिन् । त्यो उनको ममाथिको माया, विश्वास अनि अथाह स्नेहले गर्दा भएको मेरो बुझाइ छ । मैले पनि उसलाई मेरी पत्नीको रूपमा भन्दा पनि सबैभन्दा मिल्ने साथीको रूपमा नै लिएको थिएँ । यसपालिको भ्रमणले उसमा थप खुशी ल्याउन सकेकोमा मलाई पनि एक प्रकारको आनन्दको अनुभूति भएको थियो । म वास्तवमा पूर्वाञ्चलको भ्रमण गर्दा सधैँ हवाई मार्गबाट नै जान्थेँ । यो पटक भने उनैको आग्रह वा भनौँ करकापले स्थलमार्ग र त्यो पनि पहिलोचोटि बी.पी. राजमार्ग भएर यात्रा गरेका थियौँ ।

भोलिपल्ट छिटै उठेर हामी काठमाडौंको लामो यात्राका निम्ति तयार भयौँ । करिब–करिब कोसी ब्यारेज नाघुञ्ज्यालसम्म पनि बाक्लो कुहिरो लागेको थियो । रजनी र म मात्र हाम्रो गाडीमा सवार भएकाले बाटोभरि गफ गर्दै अघि बढिरहेका थियौँ । यो भ्रमण सकिन पाएको छैन, उनले फेरि सौराहा, भरतपुर र भैरहवा जाने कार्यक्रम बनाइसकेकी थिइन् । बर्दीवासमा खाना खाएर हामी उत्तरतर्फ बी.पी. राजमार्ग पक्रेर अघि बढ्न थाल्यौँ । बाटो खाली भए पनि निकै घुमाउरो र साँघुरो भएकोले यो बाटोमा बिस्तारै गाडी चलाउनु नै उत्तम हुन्छ । म गाडी चलाइरहेको भएर मैलेभन्दा पनि रजनीले बाहिर देखिएका दृश्यहरूको पूरापूर आनन्द लिइरहेकी थिइन् । आड भञ्ज्याङ पुगेर त्यहाँबाट धुले बाटो समाएर हामी सिन्धुलीगढीको अवलोकन गर्न अघि बढ्यौँ । सडकमा सुन्तला बेच्न बसेका स्थानीय व्यापारीलाई सोध्दा त्यहीँमाथि हो, गाडी पनि मज्जाले जान्छ भनेकाले आँट गरेर अघि बढेका हामीलाई गढी पुग्न हम्मे–हम्मे नै पर्‍यो । अनकन्टार र निकै बिग्रेको भीरालो हिले बाटो हुँदै

गाडी कोल्टे पार्दै चलाउँदा डर पनि लाग्यो । बल्लतल्ल आधा घण्टाजतिमा हामी सिन्धुलीगढीभन्दा करिब २०० मिटरजति तलको ठूलो घमाइलो चौरमा पुग्यौँ र ढुक्क भयौँ । यस्तो ऐतिहासिक ठाउँमा पुग्ने बाटोको पनि किन त्यस्तो बिजोग अवस्था बनाएर राखेको होला । त्यो चौरमा पनि केही परिवार खाना पकाएर वनभोज खाने सुरसारमा थिए । हामी पनि केहीबेर त्यहीँ घाम तापेर बस्दै सुन्तलाको आनन्द लिन थाल्यौँ । करिब २०० मिटर भऱ्याङको खुड्किला चढेर स्याँ-स्याँ भएपछि हामी गढीमा पुग्यौँ । किल्लाजस्ता पर्खाल तथा भित्रपट्टि सेना बस्नका निम्ति बनाइएका घरहरू, खानेपानीको पोखरी, रसद राख्ने भण्डार आदिको भग्नावशेषमात्र भएको त्यो अग्लो भूभागबाट टाढा-टाढासम्मका दृश्यहरू देखिँदा रहेछन् । त्यहाँस्थित खानेपानीको पोखरीमा कहाँबाट पानी ल्याएर भर्दा होलान् त्यतिबेला ! यस्तो ऐतिहासिकस्थलको पनि संरक्षण गर्न सकेको छैन सरकारले । हामीले धेरै फोटा खिच्यौँ त्यहाँ ।

हामी सिन्धुलीगढीमा त्यो दिन पुग्दा मलाई झट्ट कृष्णविक्रम थापाको "सिन्धुली गढी नि घुमेर हेर्दा, सुन्तली माई, कतिमा राम्रो दरबार, माऱ्यो नि मायाले माऱ्यो" भन्ने लोक गीतको याद आएको थियो र त्यहाँ मैले गाएको पनि थिएँ त्यो गीत रजनीलाई सुनाउँदै । त्यतिबेला मैले रजनीलाई म धरानमा बैंकमा काम गर्दा कृष्णविक्रम थापा बेला-बेलामा आइरहने र मसँग रक्सी पिउन पैसा मागिरहने कुरा सुनाएँ । एकदिन त मैले "तपाइँ त्यस्तो राम्रो गीत गाउने मान्छे यसरी मागेर हिँड्नुहुन्छ ? रक्सी पनि बढी भयो" भनेर हप्काएको थिएँ, तर उनले "बूढो भइसकेँ, गाएर कमाइ हुँदैन यो देशमा, के गर्ने, तपाइँजस्तै हितैषीलाई भेटेर भलाकुसारी गर्ने त हो नि" भनेका थिए । म माया गरेर अलिकति पैसा दिने गर्दथेँ उनी जहिले आए पनि । तर एकदिन अकस्मात् उनको मृत्यु भएको खबर सुनेर मलाई निकै चोट परेको थियो । त्यसको एक हप्तापछि नै हाम्रो साङ्गीतिक समूहको काठमाडौंको दरबारमार्गमा भएको एउटा कार्यक्रममा मैले उनको त्यो गीत पनि गाएको थिएँ । त्यतिबेला दीप श्रेष्ठ दाइ र ओमविक्रम विष्ट दाइले मेरो गायकीको तारिफ गर्दै कृष्णविक्रम थापालाई उनको मृत्युको बेला सम्झेर गीत गाइदिएकोमा मसँग खुशी भएका थिए र मलाई धन्यवाद पनि ज्ञापन गरेका थिए ।

ब्रिटिशहरूले कलकत्तामा इस्ट इन्डिया कम्पनी खडा गरेर भारतका त्यतिबेलाका विभिन्न राज्य कब्जा गर्दै गइरहेका थिए । युरोपका पनि कैयन् शक्तिशाली राष्ट्रलाई परास्त गर्न सफल बेलायतीहरूले विक्रम संवत् १८२४ मा सिन्धुलीगढीमा आक्रमण

गर्दा भने ठूलो पराजय भोग्नुपरेको थियो । सो लडाइँमा अमरसिंह थापाको अगुवाइमा लोग्नेमान्छे मात्र नभई स्वास्नीमान्छे र बच्चाहरूले समेत लडेर फिरङ्गीलाई हराएका थिए । बन्दुक र तोपका अलावा गोरखालीका प्रमुख हतियार नै धनुकाण, खुकुरी, ढुंगा र लट्ठी थिए भने बेलायतीहरू अत्याधुनिक बन्दुक र तोप लिएर लड्न आएका थिए । सिन्धुलीगढी निकैपहिलेदेखि नै एउटा महत्त्वपूर्ण तथा रणनीतिक किल्लाको रूपमा परिचित थियो । अब यो एउटा ऐतिहासिक हिसाबले महत्त्वपूर्ण पर्यटनस्थलका रूपमा विकसित हुँदै गइरहेको छ र वी.पी. राजमार्ग पनि यो गढीनजिकैबाट जाने भएकोले आउँदा दिनहरूमा यो स्थलमा भ्रमण गर्न आउने मानिसको संख्या झनै बढेर जाने कुरामा कुनै शंका छैन । अझ यो सिन्धुलीगढीनजिकका अग्ला ठाउँहरू केही वर्षभित्रमा हिल स्टेशनका रूपमा विकसित भई यहाँ पर्यटकीय होटल र रिजोर्टहरू बनेर काठमाडौंदेखि तराईसम्मका आन्तरिक पर्यटक र विदेशीहरू आएर केही दिन बिताउने वातावरण बन्लाजस्तो लाग्छ मलाई । यो ठाउँ सुन्तला र जुनारका निम्ति पनि ज्यादै प्रसिद्ध छ ।

सेल्फी डाँडा पुग्ने बेलामा गाडी चलाउँदाचलाउँदै म झन्डै सुतेको रहेछु । त्यस्तो भीरबाट गाडी तल खसेको भए हाम्रो गाडी र हाम्रो शरीरका साना-साना टुक्रा मात्र भेटिने थिए होला । हे भगवान्, सम्झँदा पनि कहाली लाग्ने ! तै म ब्यूँझिहालेछु पछाडिका हाम्रा साथीहरूको गाडीको हर्न सुनेपछि । सेल्फी डाँडामा पुगेर पानी पिउनुका साथै मुख मज्जाले धोएपछि बल्ल टाठो भएँ म । नेपालटारदेखि धुलिखेलसम्म ट्रकहरू र खाल्डाखुल्डी छिचोल्दै हामी बल्लतल्ल घर आइपुग्यौँ । करिब पाँच दिनको हाम्रो पूर्वको सुखद यात्रा आखिर पूरा भयो ।

फागुन ५ गते मेरो जन्मदिन भएकोले एउटा केक काटेर साधारण तरिकाले पारिवारिक वातावरणमा मनायौँ । २० वर्ष काम गरेको संस्था अकस्मात् छाड्न बाध्य भएकाले दिनहुँजसो मन दुखिरहन्थ्यो । त्यसमाथि मानसिक तनाव दिइरहने काम केही व्यक्तिहरूबाट भइरहेको थियो । यस्तोमा मलाई सान्त्वना दिने र मेरो मनोबल उच्च राख्न मद्दत गर्ने काम रजनीबाट भइरहेको थियो । जागिर छाडेपछि केही हप्ता घरमा आराम गरेर बस्दा त रमाइलो नै लागेको थियो तर यसरी घरमा दिनभरि बस्दा-बस्दा छिटै नै मलाई वाक्कदिक्क लाग्न थाल्यो र मनमा एक प्रकारको आत्मग्लानिसमेत हुन थाल्यो । त्यसैले अब जागिर खोज्नुपर्ने निष्कर्षमा हामी पुग्यौँ । हुन त मेरा पिताजीले अबको समय पत्रकारिता र अन्य सामाजिक कार्य र अनुसन्धानमूलक काममा लगाए

राम्रो हुने बताउनुभएको थियो तर मलाई केही वर्ष विकास आयोजनाहरूमा काम गर्ने अझै इच्छा थियो । त्यसैले संयुक्त राष्ट्र संघ, एसियाली विकास बैंक, विश्व बैंक, र अन्य अन्तर्राष्ट्रिय विकास नियोगका मलाई सुहाउँदो कुनै रिक्त पदको विज्ञापन आएको छ कि भनेर दिनहुँ छापामा हेर्न थालैँ ।

त्यति नै बेलातिर म विभिन्न सामाजिक संस्थाका कार्यक्रममा पनि सामेल हुन थालैँ । इन्ह्युरेड इन्टरनेशनलसँगको मेरो सम्बन्ध झन्डै २५ वर्षपहिलेदेखिकै हो । डा. गोपालकृष्ण सिवाकोटी त्यतिबेलादेखिकै मेरा मित्र हुन् । मैले राष्ट्रिय निर्वाचन पर्यवेक्षण समितिसँग आबद्ध भएर सन् १९९४ देखि दोस्रो संविधान सभासम्मका सबै निर्वाचनमा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूलाई लिएर निर्वाचन पर्यवेक्षण गरेको अनुभव छ । हालैको आमनिर्वाचनमा पनि मैले पर्यवेक्षण गरेको थिएँ । विश्वमा नै संविधानसभाको निर्वाचनमा पर्यवेक्षण गर्न पाउनु भनेको ठूलो उपलब्धि मानिन्छ भने मेरो यस्ता दुईओटा निर्वाचनको पर्यवेक्षण गरेको अनुभव छ । त्यसैले मानव अधिकार, निर्वाचन पर्यवेक्षण, पत्रकारिता तथा लेखन क्षेत्रमा अबका दिनहरूमा पुनः कार्य गर्ने सोच पनि मैले बनाइसकेको थिएँ । एक किसिमले म एउटा स्वतन्त्र पन्छीजस्तै भएको थिएँ ।

एकदिन बिहान छापा पढ्दा संयुक्त राष्ट्र संघको मलाई निकै मिल्दोजुल्दो एउटा रिक्त पदको विज्ञापन पढैँ । नजिकका साथीभाइ र रजनीसँग सल्लाह गर्दा यसमा दर्खास्त दिए राम्रो हुने राय पाएपछि मैले सो पदमा दर्खास्त दिएँ, इन्टरनेटमार्फत । केही समयपछि मेरो ईमेलमा लिखित परीक्षाका निम्ति चुनिएको सन्देश आयो । परीक्षाका लागि इन्टरनेटमार्फत धेरै कुरा पढैँ र एकपटक फेरि यो उमेरमा आएर नोकरीका लागि लिखित परीक्षा दिन गएँ म । परीक्षामा सोधिएका प्रश्नहरू मैले जवाफ दिन सक्ने नै किसिमका थिए, राम्रैसँग लेखेर आएँ ।

रजनीको पेटको समस्या फेरि बिस्तारै बढ्न थाल्यो । र एकदिन बिहान मैले उनको पेटमा छाम्दा एउटा अलि कडा वस्तु त्यहाँ भएको जस्तो महसुस भयो मलाई । उमेरले गर्दा उनको महिनावारी पनि ढिलो हुँदै गएकोले सुक्नेक्रममा थियो भने पाठेघरमा नै कुनै प्रकारको समस्या आएको हो कि भनेर मैले उनलाई त्यो दिन अस्पतालमा स्वास्थ्य परीक्षणका निम्ति लिएर गएँ । यसअघि पनि उनी करिब एक वर्षदेखि मधुमेहको औषधी सेवन गरी नै रहेकी थिइन् । स्वास्थ्य परीक्षणका क्रममा पाठेघरमा कुनै समस्या नभएको देखियो । अनि चिकित्सकले एउटा अल्ट्रासोनोग्राम

पनि गरेर हेरौँ न त भनेर सो परीक्षण गर्दा त पेटमा ठूलो ट्युमर भएको र त्यो कलेजोसम्म पुगेको देखियो । चिकित्सकले मलाई सुटुक्क उनलाई क्यान्सर भएको र यो निकै फैलिसकेको तथा तुरन्त अरू परीक्षण गरिहाल्नुपर्ने कुरा बताए । म त छानाबाट खसेसरि नै भएँ । मेरो दिमागले काम नै गर्न छाड्यो । तैपनि निकै संयम राखेर मैले उनलाई घर पुऱ्याएर भाइसमानका मित्र समीर दाहाललाई गएर भेटेँ । उनले पनि उनका एकजना चिकित्सक साथीसँग सल्लाह गर्न मलाई उनीकहाँ लिएर गए । ती चिकित्सकले मलाई धैर्यतापूर्वक पत्नीको अन्य स्वास्थ्य परीक्षण गर्न तथा केही नराम्रो देखिए पनि नआत्तिन सल्लाह दिए । मैले कुरा बुझिहालेँ । वास्तवमा मामला निकै पेचिलो भइसकेको थाहा भयो । बेलुकी अस्पतालमा भेट्ने गरी म सबैसँग बिदा भएर दशरथ रङ्गशालामा हाम्रो करातेको एउटा महत्त्वपूर्ण भेटघाट कार्यक्रममा भाग लिन त्यतातिर गएँ । मोटरसाइकलमा त्यता जाने बेलामा मलाई निकै रुन आयो । मोटरसाइकल चलाउँदै म निकै रोएछु । रङ्गशाला पुगेर हाम्रा करातेका प्रमुख प्रशिक्षक तथा महासचिव राजेन्द्र सुवेदी भाइसँग एउटा कुनामा गएर उनलाई सबै कुरा भनेर म फेरि निकै रोएछु । उनले मलाई उनकी सासूलाई पनि त्यस्तो भएको र सात वर्षसम्म बाँचेको तथा आजकल अनेक प्रकारका औषधी आइसकेकाले भाउजुलाई केही नहुने भनेर निकै सान्त्वना दिए । उनको कुराले मन केही शान्त पारेर म घरतिर गएँ र छोराछोरीलाई राखेर बिस्तारै सबै कुरा बताएँ । उनीहरू पनि निकै निराश भए । सोही साँझ अस्पतालमा लगेर सी.टी. स्क्यान पनि गरेर हेऱ्यौँ । मेरै निकैनजिकको भाइ डा. अजित खनालले आफूसँगै काम गर्ने चिकित्सकलाई सो परीक्षण गर्न लगाए । राती करिब १२ बजे उनले मलाई फोन गरेर क्यान्सर निकै फैलिइसकेको र उपचार हुन नसक्ने बताए । उनका भनाइअनुसार रजनीलाई सजिलो पार्ने काम मात्र गर्न सकिने र केही महिना वा वर्षमात्र उनलाई बचाउन सक्ने कुरा बताए । मैले मेराअगाडि अन्धकारबाहेक केही देख्न सकिनँ । दैवले मलाई नै किन यसरी दन्ड दिइरहेको होलाजस्तो लाग्यो । रातभरि मलाई छटपटी र डरत्रासले सताइरह्यो । भोलिपल्ट नै भारतको राजधानी नयाँदिल्लीमा लग्ने निधो गरेँ । इन्टरनेटमा त्यहाँका अस्पतालहरूको विवरण हेर्दा राजीव गान्धी क्यान्सर अस्पताल तथा अनुसन्धान केन्द्रमा लाँदा उपयुक्त हुने देखेँ मैले । राती नै छोरीलाई त्यहाँ हामी आउन लागेको कुराको सन्देश पठाउन लगाएँ । रजनी र मेरो कलेजकी साथी हरदीप कौरको पनि दिल्लीमा घर भएका व्यक्तिसँग नै विवाह भएकोले उनलाई पनि फेसबुकमार्फत सम्पर्क गरेँ । साथी राजीव उपाध्यायले पनि मद्दत गऱ्यो मलाई यी

सब काम गर्न । छोरी दुई जीउकी भएकीले ऊ र ज्वाइँ भएर घर कुरेर बस्ने र पिताजीको रेखदेख गर्ने निधो भयो भने रजनीसँग म, छोरा, धर्मपुत्री र छोराछोरीकी चिकित्सक साथी जाने भयौँ । चाहिने सामानहरू लिएर हामी दिल्लीका लागि रवाना भयौँ । पिताजी पनि निकै निराश हुनुभयो रजनीको स्वास्थ्य बिग्रेको कुराले । दिदी, भिनाजु, भाञ्जा, बुहारी तथा नजिकका छिमेकीहरू बिदाइका लागि आएका थिए । एकछिन रूवाबासी र सन्नाटा छायो । हामी हवाईजहाजबाट नयाँदिल्ली पुग्यौँ र त्यो दिन ठूलै होटलमा गएर आराम गर्‍यौँ । साथी हरदीपले भोलिपल्टका निम्ति अस्पतालमा नाम लेखाइदिइसकेकी रहिछन् । त्यसैले उनले हामीलाई त्यो दिन सोही होटलको रेस्टुरेन्टमा रातीको खाना खान लगिन् । उनकी छोरी तेजल पनि साथमा आएकी थिइन् ।

हरदीप काठमाडौंको रत्नराज्य कलेजमा पढ्दादेखिकी रजनीकी निकै मिल्ने साथी हुन् । विवाहपश्चात् उनी नयाँदिल्लीमा बसोबास गर्न थालेकी हुन् । उनको घरपरिवारको निर्माण सम्बन्धी ठूलो र निकै पुरानो व्यवसाय रहेछ र उनी आफ्ना श्रीमान्लाई उनको व्यवसायमा सघाउँदी रहिछन् । हाम्रो दिल्ली बसाइ उनको मद्दतले गर्दा निकै सहज भयो । भोलिपल्ट हामी अस्पताल गयौँ । रजनी अस्पतालको ढोकामा टाँगिएको बोर्डमा क्यान्सर अस्पताल लेखेको देखेर झस्किइन् र "ओह् नो" भनिन् । मलाई मनमा निकै दुख लाग्यो तर म केही पनि देखाउन नसक्ने बाध्यतामा थिएँ । मैले हत्त न पत्त "क्यान्सरको शंका त नेपालका डाक्टरले पनि गरेकै हुन्, त्यसैले छिटोभन्दा छिटो निको पार्न हामी भारतकै यति ठूलो र विशेष अस्पतालमा आएका हौँ नि" भनेर स्थितिलाई सामान्य बनाइदिएँ । सरकारी अस्पताल भएकोले अलिक धेरै भीड हुँदो रहेछ त्यहाँको मुख्य हलमा । क्यान्सरका विभिन्न चरणका बिरामी स्वास्थ्य परीक्षण तथा उपचारका लागि आएका र आफ्नो पालो पर्खिरहेका थिए । नेपालका विभिन्न ठाउँबाट आएका नेपाली पनि धेरै नै देखिए । हरदीपको पहलले गर्दा रजनीको अस्पतालको कागजात निकै छिटो तयार भयो । बाहिर भीडभाड भए पनि यो अस्पतालका विभिन्न कक्ष निकै व्यवस्थित रहेछन् । पहिलो चरणको परीक्षणका क्रममा पुनः अल्ट्रासोनोग्राम पनि गरियो र सबै परीक्षण सकिएपछि एकजना चिकित्सकले हरदीपलाई काठमाडौंको परीक्षणको रिपोर्ट र त्यो दिनका परीक्षणका रिपोर्टहरू हेर्दा रजनीको शरीरमा क्यान्सर निकै बढिसकेको कुरा बताएछन् । हरदीपले मलाई एकान्तमा लगेर मैले बलियो मन गरेर बस्नुपर्ने कुरा बताइन् र यस्तो अवस्थामा

बिरामी अक्सर एक वर्षजति मात्र बाँच्ने कुरा त्यो चिकित्सकले भनेको भनेर सुनाइन् । म एकछिन फेरि भक्कानो छाडेर रून थालेँ । उनले मलाई निकै सम्झाएपछि मैले आफूलाई नियन्त्रणमा ल्याएँ । उनले यसैगरी मेरो छोरा कृपेशलाई पनि सम्झाएकी रहिछिन् क्यार ! ऊ पनि गम्भीर मुद्रामा बसिरहेको थियो । तर मैले केटाकेटीहरूसँग यस्ता कुरा गर्न नै चाहिनँ र कहिले पनि कसैसँग पनि गरिनँ । चिकित्सकहरूसँग पनि मैले बिरामीको अवस्थाबारे सोध्न नै चाहिनँ । किनकि ममा नकारात्मक कुरा सुन्न सक्ने शक्ति नै बाँकी थिएन । भित्र-भित्र म खोक्रो भइसकेको थिएँ तर बाहिर हाँसेर नै हिँडिरहेको थिएँ । हामीसँग साथमा गएकी छोराछोरीकी चिकित्सक साथीलाई त वास्तविकता थाहा नहुने कुरै भएन, उनले पनि मेरो छोरा र धर्मपुत्रीलाई सम्झाइन् होला तर बाहिर भने उनी पनि चुपचाप नै रहिन् र आफूले गर्नुपर्ने सबै सेवा र मद्दत उनी र धर्मपुत्री भएर गरिरहे । रजनीलाई पनि यी दुईजना केटी भएर निकै सजिलो भएको थियो ।

हरदीपको त्यो दिन छिटो घर जानुपर्ने भएकोले हामी अस्पतालबाट ट्याक्सीमा होटलतिर लाग्यौँ । साँझ परिसकेको र ट्याक्सीको चालकले बाटो भुलेर निकैअगाडि पुगेकोले गाडी बिग्रेको बहानामा हामीलाई बीच बाटोमा छाडिदियो । हरदीप र उनकी छोरीलाई पनि फोन नलागेर हामी त अलपत्रमा पर्‍यौँ । करिब दुई किलोमिटर हिँडाएर त्यस्तो बिरामी रजनीलाई बस बिसौनीनिर लग्यौँ । कुन दिशामा जाने भन्ने पनि थाहा छैन हामीलाई । होटलको नाम के रे भन्दा कसैलाई थाहा छैन ! सोध्न खोज्दा पनि कसैले बोल्नै नखोज्ने । अति नै दयामाया नभएका ठाडा स्वभावका हुँदा रहेछन् त्यताका अधिकांश मानिस । मैले पनि सम्झँदा-सम्झँदा बल्लतल्ल होटलको बाहिरको मेट्रो रेल स्टेशनमा जनकपुरिया स्टेशन भनेर बिहान देखेको बोर्ड सम्झेँ । हाम्रो नेपालमा पनि जनकपुर भएकोले मात्र त्यो नाम मेरो मस्तिष्कमा बसिरहेको थियो । एकजना भद्रभलाद्मी भेटिएकोले मैले उसलाई जनकपुरिया स्टेशनका बारेमा सोधेपछि उसले हामीलाई ट्याक्सी, ट्याम्पोभन्दा पनि सबैभन्दा सजिलो बसबाट जाँदा हुने बताउँदै हामीले चढ्नुपर्ने बसमा चढ्न मद्दतसमेत गर्‍यो । सयौँ स्वार्थीका माझमा पनि एकाध असल व्यक्ति हुँदा रहेछन् । हामी सबैले धन्यवाद दियौँ उसलाई । बसमा करिब एक घण्टा लाग्यो हामीलाई हाम्रो होटल पुग्न । बसमा पनि एकजना व्यक्तिले मलाई हाम्रो ट्याक्सी चालकले मोडिनुपर्ने बाटो देखाइदियो र हामी उत्रनुपर्ने ठाउँ पनि । थकित भएर हामी होटल पुग्यौँ । मन निकै भारी भएको थियो मेरो । रजनीले

होटलमा पुगेर "आज पनि मीठा-मीठा खानेकुरा मगाएर खानुपर्छ, फेरि भोलिदेखि अस्पतालनजिकको सस्तो कोठामा बसेपछि कति दिनसम्म राम्रो खाना खान पाउँदैनौ तिमीहरूले" भनिन् । उनलाई आफ्नोभन्दा पनि हाम्रो चिन्ता थियो । सबैजना निकै थाकेका भएर हामीले होटलको कोठामा नै खाना मगायौँ ।

भोलिपल्ट हामी होटल छोडेर अस्पताल गयौँ । दिउँसोको लागि बायोप्सी गर्ने समय दिए चिकित्सकले । हरदीपकी छोरी आएर हामीलाई केही दिन बस्नका निम्ति उपयुक्त अपार्टमेन्ट खोज्न मद्दत गरिन् । सस्ता कोठामा निकै कम सुविधा र अलिक राम्रा कोठा भएका अपार्टमेन्ट निकै महँगा । तैपनि केही दिन राम्रैमा बस्ने र धेरै समयसम्म बस्नुपरेमा अलिक सस्तो कोठामा सर्ने निधो भयो हाम्रो । दिउँसो बायोप्सी गर्ने काम पनि सकियो । पेटबाट सानो सुइरो कलेजोसम्म छिराएर त्यहाँको मासुको सानो टुक्रा निकाली त्यसको परीक्षण गर्ने रहेछ । ७२ घण्टा लाग्दो रहेछ त्यसको रिपोर्ट आउन । करिब चार घण्टा रजनीलाई अस्पतालमा नै सुताएर राख्नुपर्‍यो । त्यहाँबाट बाहिर निस्कँदा उनी शिथिल भएकी थिइन् । हामी सबैको मन भित्र-भित्र रोइरहेको थियो । रजनीजस्तै त्यस्ता बायोप्सी गर्न आफ्नो पालो कुरेर बस्नेमा बच्चाहरूसमेत थिए । यस्तो देख्दा मन निकै दुख्यो ।

डेरामा फर्केर हामीले चार दिनसम्म उनको रिपोर्ट कुरेर बस्यौँ । भोलिपल्ट मेरो ईमेलमा केही सन्देश आएको छ कि भनेर हेर्दा त संयुक्त राष्ट्र संघको काठमाडौँस्थित कार्यालयबाट केही दिनपछि मेरो अन्तर्वार्ता हुने खबर पठाएको रहेछ । मैले रजनीलाई यी सब कुरा भनेर अहिले उसको स्वास्थ्योपचारको काम भइरहेकोले म अब सो अन्तर्वार्ता दिन नजाने कुरा बताएँ । तर उनले त्यसो गर्न नहुने र यो एउटा राम्रो अवसर आएकोले यसलाई छाड्न नहुने कुरा बताउँदै मलाई भोलि नै काठमाडौँ गएर अन्तर्वार्ता सकेर फेरि आउनलाई आग्रह गरिन् । छोराछोरीले पनि यसै भने । हामीले साथी हरदीपलाई पनि फोन गरेर सल्लाह लियौँ र उसले पनि यो अवसर छोड्न नहुने सल्लाह दिइन् र म नहुँदा ऊ पनि दिनहुँ रजनी र केटाकेटीहरू बसेको ठाउँमा आइरहने कुरा बताएर उसैले हवाईजहाजको टिकट तुरुन्त बुक गरिदिने कुरा बताइन् । भोलिपल्ट निकै भारी मनका साथ सबैजनालाई बिरानो परदेशमा छाडेर म काठमाडौँतिर लागेँ । घर आएर पिताजी र छोरीज्वाइसँग केही दिन बसेँ अनि अन्तर्वार्ता पनि दिएँ । प्रश्न सोध्नेहरूको हाउभाउ र कुराअनुसार म चुनिइसकेको महसुस भएको थियो मलाई । उनीहरूले पनि हल्का बधाईजस्तो पनि दिए र यदि

चुनिएमा कहिलेदेखि हाजिर हुन सकिन्छ भनेर पनि सोधे । मैले यदि श्रीमती त्यति ठूलो बिरामी परेको थाहा भयो भने मैले कार्यालयमा समय दिन सक्तिनँ कि भनेर मलाई नचुन्लान् भनेर एकजना नातेदार बिरामी परेर भारतको नयाँदिल्लीमा उपचारका निम्ति भर्ना गरिएकोले एकचोटि उता गएर म दुई हप्ताजतिपछिदेखि कार्यालयमा हाजिर हुन सक्ने कुरा बताएँ । यसको भोलिपल्ट म फेरि दिल्ली फर्किएँ र धर्मपुत्री तथा अर्की डाक्टरनानी म पुगेको भोलिपल्ट काठमाडौँ फर्किए । उनीहरू फर्किएपछि एकाध दिन निकै सुन्ने भएको थियो हामीलाई ।

त्यति नै बेला अस्पतालबाट नजिक र अलिक सस्तो तथा पकाउने पनि सुविधा भएको होटल पाएकाले हामी त्यहाँ सर्‍यौँ । त्यतिबेला दिल्लीको मौसम एकदम राम्रो थियो । बाउछोरा भएर खाना पकाउँथ्यौँ, खायो, गफ गर्‍यो, लुगा धोयो, किताब पढ्यो, इन्टरनेटमा सर्फ गर्‍यो बस्यो । बेला-बेलामा साथी हरदीप र उनकी छोरी भेट्न आउँथे र घरबाट खानेकुराहरू पनि ल्याइदिन्थे । चार दिनपछि रजनीको रिपोर्ट आयो र चिकित्सकले हरदीपलाई बोलाएर क्यान्सरले झन्डै तेस्रो चरण नाघिसकेको र यस्तो अवस्थामा सामान्यतया बिरामी एक वर्षजति मात्र बाँच्ने तर गर्नुपर्ने उपचार भने अब सुरु गर्ने कुरा बताएछन् । हरदीपले ममात्र भएको बेला मलाई सम्झाएर र मन बलियो बनाउन आग्रह गरेर यो कुरा बताइन् । म एकछिन् निकै रोएँ । अनि फेरि आफूलाई सम्हालेँ । त्यसको भोलिपल्ट रजनीको केमोथेरापीभन्दाअघि गर्नुपर्ने परीक्षणहरू गर्न उनलाई अस्पतालमा भर्ना गरियो । क्याबिनमा उनलाई कुर्न राती छोरा बस्ने र दिउँसो म बस्ने निधो भयो र त्यसै गर्‍यौँ । केमोथेरापीका लागि रजनीको दायाँ पाखुराबाट एउटा "पिकलाइन" भनिने पाइप छातीसम्म धमनी भित्र-भित्र पठाइयो । यसैमार्फत केमोथेरापी र अन्य औषधी शरीरमा पठाउने रहेछ र यो पिकलाइन लामो समयसम्म राखिराखेर प्रत्येक हप्ता सफा गर्नुपर्ने रहेछ । भोलिपल्ट त्यहीँबाट रजनीलाई केमोथेरापीअन्तर्गत औषधीको पहिलो मात्रा पाँच घण्टा लगाएर दिइयो भने त्यसको अर्को दिन अर्को मात्रा पनि दिइयो । उनी हामीसँग कुरा गरी नै रहेकी थिइन् । त्यसको अर्को दिन सात दिनपछि फेरि परीक्षणका निम्ति आउने गरी अस्पतालबाट बिदा भइन् उनी । सात दिनसम्म फेरि कोठामा बस्ने र खानेबाहेक केही काम भएन । बिहान-बिहान नजिकको पार्कमा हिँड्न जान्थेँ म । टोल-टोलमा यस्ता पार्कहरू निर्माण गरिदिएको रहेछ दिल्ली नगर प्राधिकरणले । वृद्ध, महिला तथा युवाहरू आआफ्ना तालमा योगा र अन्य व्यायाम गरिरहेका भेटिन्थे । म पनि

एक घण्टा हिँडेर दूध तथा अन्य सामग्री खरिद गरिकन होटलमा फर्कन्थेँ । चिया र नास्ता बनाएर खान्थ्यौँ, अनि एक बजेतिर खाना पकाएर खान्थ्यौँ । छोरा कृपेश पनि बिहानबेलुकी बाहिर निस्केर आवश्यक सामान र औषधीहरू किनेर फर्कन्थ्यो । बेलुकी कौसीमा हावा खायो अनि फेरि खाना पकाएर खायो, सुत्यो । रजनी पनि बाहिरबाट हेर्दा स्वस्थ नै देखिन्थिन् ।

त्यति नै बेला भारतको होली पनि हेरियो डेराको छतबाटै । त्यहाँ होली सबै उमेरका मानिसले निकै डटेर खेल्दा रहेछन् । हामीलाई पनि होटलको एकजना कर्मचारी आएर हरियो टीका लगाइदियो । एकजना अर्का नेपाली पनि उसकी पत्नीको स्तन क्यान्सरको उपचारका निम्ति त्यही होटलमा आएर बसेको रहेछ । दुखसुखका कुरा गर्न आइरहन्थ्यो हाम्रो कोठाबाहिरको कौसीमा ।

सात दिनपछि हामी अस्पतालमा गयौँ । रजनीका केही परीक्षणहरू गराएर सोको रिपोर्टसहित चिकित्सकलाई भेट्यौँ । उसले सबै रिपोर्ट हेरेर अब तीन-तीन हप्तामा केमोथेरापी गर्ने र हाललाई केमोथेरापी काठमाडौंको एउटा क्यान्सर अस्पताल, जुन अस्पतालको सो राजीव गान्धी क्यान्सर अस्पतालसँग सहकार्य गर्ने सम्झौता भएको छ, त्यहीँ गरे हुन्छ भनेर त्यो अस्पताललाई एउटा चिठी पनि लेखिदिए । रजनी र छोरा उनको कक्षबाट बाहिरिएपछि उनले मलाई यो निकै भयानक रोग भए पनि यदि बिरामीले आठओटाजति केमोथेरापीको मात्रा तीन-तीन हप्तामा थेग्न सकेमा धेरै वर्षसम्म केही नहुने र त्यतिबेलासम्म नयाँ प्रविधिको विकास भएर उपचारमा अझ बढी सहजता पनि आउन सक्ने भएकाले हरेस खाइहाल्नुपर्ने बेला भएको छैन भने साथै उनलाई ईमेलमार्फत रिपोर्टहरू पठाइरहन र सम्पर्कमा बस्न पनि भने । कति असल र व्यवहारिक चिकित्सक त्यहाँका । मन निकै खुशी भयो । त्यो दिन हरदीप आफ्नो मर्सिडिज बेन्ज गाडी लिएर हामीलाई लिन आइन् । हामी बसेको होटलबाट बिदा भएर हामी उनको गाडीमा दिल्लीको मुटु यानि कनटप्लेसमा अवस्थित एउटा ठूलो होटलमा बस्न गयौँ, उनैको मेजमानीमा । क्षणिक भए पनि हरदीपको मित्रवत् सत्कार र चिकित्सकका कुराले मन निकै खुशी भएको थियो । होटलको बाईसौँ तलामा हाम्रो कोठा रहेछ । झ्यालबाट दिल्लीको रेल स्टेशनदेखि कनटप्लेस सबै देखिने । चिया र हल्का नास्ता गरेर हामी हरदीप र उनकी छोरीका साथमा त्यहाँबाट करिब एकघण्टा टाढास्थित अर्को पाँचतारे होटलको चाइनिज रेस्टुरेन्टमा गयौँ । निकै राम्रो वातावरण, खाना त्यस्तै मीठो र पुराना-पुराना कुराहरू गर्दैगर्दा निकै रमाइलो

र अविस्मरणीय भयो त्यो क्षण । हामीलाई त्यस्तो ठूलो अप्ठ्यारो परिरहेका बेलामा हरदीपले उस्तै ठूलो हृदयले हामीलाई आतिथ्य प्रदान गरिन् । रजनी निकै खुशी भएकी थिइन् त्यो दिन । फर्कँदा फोटाहरू खिच्यौँ । होटलमा आएर कति दिनदेखिको थकाइ पनि मेट्यौँ हामीले ।

भोलिपल्ट हामी काठमाडौं आइपुग्यौँ आफ्नै घरमा । रजनी पनि घर आउन पाएकोमा निकै खुशी थिइन् । जस्तै भए पनि आफ्नो घर भनेको स्वर्गसरि नै हुन्छ सबैलाई । जेजस्तो बन्दोबस्ती भए पनि आफ्नो घरमा बस्दा सबैले स्वस्थ, सुरक्षित र हर्षित महसुस गर्छन् । पिताजी पनि सबैजना घरमा आएकाले खुशी देखिनुहुन्थ्यो ।

विराटनगरमा जागिरको सिलसिलामा गएपछि मेरो मन चौबीसै घण्टा रजनीको बिग्रँदो स्वास्थ्यले गर्दा रोइरहेको हुन्थ्यो । बिहान बिछौनाबाट उठेर नित्यकर्मपश्चात् म दिनहुँ एक घण्टा हिँड्न र आधा घण्टाजति नजिकको व्यायामशालामा शारीरिक सुगठनका निम्ति जान्थेँ । यो कार्यले गर्दा मेरो स्वास्थ्य राम्रो राख्न त निकै मद्दत पुगेको थियो तर बाटोमा प्राय मानिसहरू खुशी भएर हिँडिरहेका देख्दा आफूलाई मात्र यस्तो दुखदायी अवस्था किन सामना गर्नुपरेको होला जस्तो लागिरहन्थ्यो । म रजनीकै एकजना सखीको घर भाडामा लिएर बसेको थिएँ विराटनगरको कञ्चनबारीमा । त्यो तला थपिँदै गरेको घरमा म मात्र बस्दथेँ । एउटा भान्सा, एउटा बैठक, दुईओटा सुत्ने कोठा र बाथरूम भएको त्यो घरमा म एक्लै बसेर त्यहाँको सरसफाइदेखि खाना पकाउनेसम्मका सबै काम आफैँ गर्दथेँ । व्यायाम गर्ने ठाउँमा विभिन्न क्षेत्रका मानिस खासगरी युवाहरूसँग भेट हुने भएकाले निकै मन बहलिन्थ्यो । फर्कँदा म अखबार, दूध, पाउरोटी, र सागसब्जी किनेर घर जाने गर्दथेँ । म चारपाँच महिनामात्र त्यो घरमा बसेकाले नजिकका छरछिमेकका मानिसहरूसँग त्यति धेरै घुलमिल हुन पाएन । करिब आठ घरजति निकटतम छिमेकी थिए र सबै परिवार असल नै थिए । म घरबाट बाहिर निस्कँदा वा घर पस्दा छिमेकीहरू मलाई निकै कौतुहलका साथ हेर्दथे । सायद उनीहरूलाई लाग्दो हो कि यो मान्छे को होला, कहाँ काम गर्छ होला, एक्लै बस्छ, भित्र कसरी बसेको होला, के पकाएर खान्छ होला, काम गर्न कोही राखेको छैन, कोठाहरू कसरी सफा गर्ला, सागसब्जीहरू कसरी धोला र काटकुट गर्ला, कसरी पकाउला, लुगा सुकाएको देखिन्छ, तर कसरी धोला, आदि इत्यादि । हाम्रो हल्का बोलचाल खाली साझा सरोकारका कुराहरूबारे सोधपुछ गर्दा मात्र हुन्थ्यो, नत्र देखादेख र अभिवादन मात्र हुन्थ्यो । केटाकेटीहरूसँग भने म अलिक जिस्किने

गर्थें । म बिहान पाँच बजे घुम्न निस्कँदा छेउको घरका एकजना वयोवृद्ध व्यक्ति मात्र छिटो उठेर बगैंचाका फूलहरूको अवलोकन गरिरहेका भेटिन्थे । हामी एकअर्कालाई अभिवादन गर्दथ्यौं र यदाकदा हल्का कुराकानी हुन्थ्यो । केही साना केटाकेटी पनि विद्यालय जान लागेका भेटिन्थे । त्यस्तै टोलका कुकुर र तिनका छाउराछाउरी पनि भेटिन्थे । म बेला-बेलामा बिस्कुट र पाउरोटी दिन्थें । त्यसैले मलाई देख्नेबित्तिकै पुच्छर हल्लाउन थाल्दथे ।

रजनी बिरामी नभएको भए बेला-बेलामा उनी मसँग बस्न विराटनगर पनि आइदिन्थिन् तर उनको बिग्रँदो स्वास्थ्यले गर्दा उनी मेरो कार्य क्षेत्रमा आउनै सकिनन् । उनलाई विराटनगर गएर मेरो वासस्थानको बन्दोबस्त गर्न नपाएकोमा निकै दुख लागेको थियो । मलाई दिनको दुईतीन पटक फोन गरिरहन्थिन् उनी । फोनमा भाइबर चलाऊ भनेर मलाई भनिरहन्थिन् । म पनि स-साना कुरा पनि उनलाई फोन गरेर सोधिरहन्थें ।

विराटनगरमा गर्मीको मौसममा पनि अक्सर बिहान-बिहान ठन्डी हावा चल्न थाल्थ्यो तर केही समयपछि नै गर्मी बढ्दै जान्थ्यो । कानमा म्युजिक लगाउँदै हिँड्दाको मज्जा नै अर्कै हुन्थ्यो ।  सधैं हिँड्ने बाटोमा मजस्तै कैयन् अन्य व्यक्ति पनि हिँड्थे । चिनाजानी नभए पनि एकले अर्कोलाई ध्यानसँग हेर्दथे दिनहुँ भेटिने भएर । कुनै दिन यस्ता कुनै व्यक्तिसँग भेट भएन भने आज त्यो मान्छे किन हिँडेनछ भनेर कौतुहल हुन थाल्दथ्यो मनमा । घर आएपछि पहिलो काम नै खल्ल नुहाउने हुन्थ्यो । यति गरेर सुकिलो र हलुका कपडा लगाएर म दूध उमाल्न थाल्दथें । दूधमा नै ध्यान दिएर बसे पनि कुरा खेल्दाखेल्दै कुन बेला दूध उम्लेर पोखिन थाल्थ्यो थाहा नै नहुने । यस्तो हुँदा मलाई निकै नरमाइलो लाग्दथ्यो । तर तुरन्त चुलो र यसको वरिपरि सफा गरिहाल्थें । रजनीले मलाई बिहानको चिया घरको बाहिर पिँडीमा बसेर अखबार पढ्दै र बाहिरको वातावरणको मज्जा लिँदै पिउनु भनेकीले म पनि त्यसै गर्दथें । हरियाली, चराचुरूङ्गी र आकाश तथा बादल हेरेर विभिन्न तर्कनाका साथ चिया पिउने क्षणको भरपूर मज्जा लिने गर्दथें म । रजनीसँग फोनमा कुरा गर्दा उनी सधैं "मलाई ठीकै छ, मेरो पीर गरेर नबस, निको भइहाल्छ मलाई र यदि नभएमा ५० वर्ष बाँची हालें, केको पीर गर्नू, बरु आफूचाहिँ प्रत्येक पलको मज्जा लिन सिक, के थाहा कुन बेला के हुन्छ भनेर" भन्ने गर्दथिन् । तर उनी नै त्यसरी भयानक रोगका कारण बिरामी भएर बसिरहँदा मैले जिन्दगीको आनन्द कसरी लिन सक्थें र ! मेरो

जीवन त मरेतुल्य नै भइरहेको थियो । भित्र-भित्र म निकै रोइरहेको हुन्थैँ हरपल तर बाहिर भने म सकेसम्म देखाउँदिन थिएँ कसैलाई । यो पुस्तकको लेखन कार्यले पनि विराटनगरको बसाइका बखत तीब्रता पायो । फुर्सद हुनेबित्तिकै म विभिन्न अध्यायको लेखन कार्य गर्न थाल्दथैँ । बिहान हिँड्दा र राती सुत्नुभन्दापहिले भने पुस्तकमा समावेश गर्नुपर्ने कुराहरूबारे सोच्ने तथा इन्टरनेटमा विभिन्न कुराबारे सूचना संकलन गर्ने काम गर्दथैँ । पुस्तक लेखनमा समय खर्चिन थालेपछि मेरो मनलाई पनि अलिक हलुका महसुस भएको थियो, ध्यान अन्तैतिर बाँडिएकाले ।

बिहानको खानामा अक्सर म पाउरोटी र दूध तथा फलफुल लिएर पाउरोटीमा नै मक्खन वा यस्तै पदार्थहरू हालेर कार्यालयमा खान पनि लाने गर्दथैँ । सुरुमा म सिटी सफारी भनिने विद्युतीय ट्याम्पोमा नै कार्यालयमा ओहोरदोहोर गर्ने गदथैँ । तर पछि धेरै समय बसिनेजस्तो भएर र बिदाका समयमा पनि काम लाग्ने देखेर मैले एउटा नयाँ मोटरसाइकल नै किनैँ । वास्तवमा परदेशमा बस्दा चाहिने सुविधाका सामान जस्तै एयर कन्डिशनर, टेलिभिजन, इन्भर्टर, फ्रिजर, माइक्रोवेभ ओभन आदि सबै किनेको थिएँ भने सङ्गीतको साधनाका निम्ति एउटा हार्मोनियम र गितार पनि किनेको थिएँ । सबै कुरा भएर पनि र पत्नीको त्यस्तो अवस्थामा पनि दुई पैसा कमाउन उत्तीर्ण भएर पाएको नोकरी र त्यसमा पनि आफूलाई पहिलेदेखि नै मन परेको काम भएकाले यसरी उनीबाट टाढा एक्लो भएर बस्नुपरेको भए पनि म आफ्नो काममा रमाइरहेको थिएँ ।

कतै मैले भारतका पूर्वराष्ट्रपति अब्दुल कलामको वाणी पढेको थिएँ, जसमा उनले "आफ्नो काम इमान्दारीपूर्वक गर तर कार्यथलोको धेरै माया नगर, किनकि जति नै राम्रो काम गरे पनि तिमी कुनै पनि बेला त्यहाँबाट फ्याँकिन सक्छौ" भनेका छन् । मैले पनि योभन्दा पहिलेको जागिरमा निकै इमान्दारीपूर्वक कर्मठ कर्मचारीका रूपमा काम गरेको तथा त्यहाँ सुधार ल्याउन अथक प्रयास गरेको भए पनि केही स्वार्थमा लिप्त भ्रष्ट मनोवृत्तिका व्यक्तिका कारण त्यहाँ बसिरहन मेरो ब्रह्मले मानेन । ममाथि केही खराब व्यक्तिले धेरै नराम्रा झुट्टा लाञ्छना लगाएर हल्ला पिटाएछन् । तर मलाई कुनै दुख लागेन यस्ता कुराबाट । बरु ती व्यक्तिहरूको वास्तविक उचाइ नाप्ने अवसर पाएँ मैले । सो संस्थाका उच्चतमस्थानका व्यक्तिहरूले फोनमा र भेटेरसमेत मेरो कामको कदर गरेको र मलाई धन्यवादसमेत दिएको र अझै पनि मलाई सम्झेर कुरा गरिरहने भएकाले पनि मलाई अन्य अवसरवादीका कुराले कत्ति पिरोलेको छैन बरु

यस्तो परिस्थितिमा पनि मैले केही स्वार्थी तथा घटिया व्यक्तिलाई राम्रैसँग चिन्ने मौका पाएँ । समाजमा कैयन् मानिस असल, विद्वान्, दानी, दयालु तथा दक्ष बन्ने ढोँग गरिरहेका हुन्छन् तर उनीहरू कति पानीमा छन् भन्ने कुरा बेला–बेलामा सिर्जना हुने विशेष परिस्थितिहरूको सामना गर्नुपर्ने अवस्थामा थाहा लाग्दछ । यिनका बदमासी, खुराफात र अन्यायको चुपचाप हिमायत गर्न बाध्य सोझा–साझा असल मानिस र यिनलाई पनि मूर्ख बनाएर खान पल्केका फटाहा तथा खुराफातीहरू भने लिसो भएर टाँसिएर बस्न सक्दा रहेछन् तर यिनका कुकार्यलाई प्रतिवाद गर्ने तथा यिनीहरूलाई सच्चिन घच्घच्याइरहनेहरू, जसलाई म "असाधारण व्यक्ति" भन्न रुचाउँछु, त्यस्ता व्यक्ति हजारौँमा एकाध मात्र पाइने भए पनि पुरस्कृत हुनुको साटो कोपभाजनमा पर्दा रहेछन् । अवसरवादीहरूलाई काखी च्यापेर संस्थाको ढुकुटी रित्याउन पल्केका केही यस्ता ब्वाँसाले प्रशासन र सम्बन्धित निकायहरूको समेत क्षणिक समर्थन पाएका हुँदा रहेछन् र असाधारण व्यक्तिहरूलाई हुनेसम्मको दुख दिँदा रहेछन् । तर समय बलवान् हुने भएकाले असाधारण भएर आफ्नो मानमा बस्न सक्नुमा नै सबैको कल्याण हुन्छ । यस्ता मुखुन्डोधारीहरू हाम्रोजस्तो सामन्ती समाजमा स्याउँस्याउँती पाइने भएकाले जुनै पनि संस्थामा यिनका विभिन्न संस्करण विभिन्न रूपमा पाइन्छन् । राम्रा पहिरनमा प्रस्तुत हुने, विदेश भ्रमण गरिरहने, धनको फुर्ती देखाउने, विद्वान् भएको ढोँग गर्ने, थोरै बोल्ने तर काम भने यी सबको ठीकविपरीत गर्ने यिनीहरूको खूबी हुन्छ । खैर ! सबै असल भए, आपत्विपत् बेला–बेलामा नआए त 'सन्सनीखेज' समाचारहरू नै बन्दैनन् होला नि ! मान्छे परिवर्तन चाहने प्राणी भएकाले राम्रानराम्रा सबै घटना घटिरहनुपर्ने रहेछ जीवनमा बसिबियाँलो गर्न ।

विराटनगरमा मेरो कार्यालय बरगाछीमा थियो । मोटरसाइकल किन्नुभन्दा पहिलेसम्म विद्युतीय ट्याम्पो "सिटी सफारी" मा सफर गर्दा छुट्टै रमाइलो ! कार्यालय पुगेर कार्यकक्षपछि मैले प्रत्येक दिन केहीबेर सबैजनासँग सभाकक्षमा बसेर संयुक्तरूपमा कार्य गर्ने बन्दोबस्त गरेको थिएँ । यसो गर्दा सबैका काममा समन्वय हुने र आवश्यक मद्दत पनि मिल्ने भएकाले काम गर्न निकै सहज हुन थाल्यो । दिनभरि यसरी काम गर्दा गर्नुपर्ने कार्यहरू पनि हुँदै जाने र समय बितेको पनि पत्तै नपाइने । यस्तै, बेला–बेलामा हाम्रो आयोजनाका साझेदार संस्थाहरूमा कामको सिलसिलामा गइरहनुपर्दथ्यो । बेलुकीपख हप्तामा एकाध पटक हामी सहकर्मी हाट लाग्ने ठाउँहरूमा गएर सागसब्जी, माछा तथा अन्य आवश्यक सामान खरिद गर्दथ्यौँ । घर पुगेपछि

एकछिन फेरि निकै उराठ लाग्ने, रजनीको यादले मन निकै दुख्ने हुन्थ्यो । त्यसैले म केहीबेर मेरो वासस्थानबाट नजिकै रहेको विमानस्थलनिरको एसियाटिक होटलमा केहीबेर भेटघाट गर्न र समय कटाउन जान्थेँ । यो होटल मैले निकैपहिलेदेखि चिनेका मित्र गिरिराज बस्न्यात र अन्य युवा साझेदारले केही वर्षअघि खोलेका र यो निकै सफा, आरामदायी र सुरक्षित तथा सस्तो पनि भएकाले आज निकै लोकप्रिय भएको छ । यो होटलको लब्बीमा बसेर घरमा नआउने अखबारहरू पढ्ने र त्यहाँको माहौलको अवलोकन गर्दै चिया पिउँदा समय बितेको पत्तै नहुने । त्यस्तै कहिलेकाहीँ त्यहीँनजिक खुलेको निकै चल्तिको रेस्टुरेन्ट "फिल गुड" को बगैँचामा केहीबेर बसेर रमिता हेर्दै घरमा राती खानलाई खाना अर्डर गर्दथेँ । अलिक साँझ परेपछि भने खाना पकाउने र खाने काम गर्दा र भाँडा मस्काउँदा करिब-करिब सुत्ने बेला पनि भइहाल्थ्यो । म खाना पकाउन भने सिपालु नै छु । जस्तो-जस्तो परिस्थिति, उस्तै-उस्तै तरिकाले जिउने प्रयास गर्नुपर्दो रहेछ । मनोरञ्जनका निम्ति बडेमानको टेलिभिजन पनि किनेर जडान गरेको थिएँ ।

मन निकै चञ्चल हुन्छ । यसलाई काबूमा राख्न सकियो भने मात्र मान्छेले जस्तोसुकै परिस्थितिमा पनि सुख र शान्तिको अनुभूति गर्न सक्छ, नत्र मनरूपी समुद्रको छालले कता बगाएर लान्छ पत्तै हुँदैन ।

रजनीको दोस्रो केमोथेरापी काठमाडौँकै नयाँ क्यान्सर अस्पतालमा हुने भयो, जुन अस्पतालको दिल्लीस्थित राजीव गान्धी क्यान्सर अस्पताल तथा अनुसन्धान केन्द्रसँग सहकार्य गर्ने सम्झौता पनि भएको रहेछ । हामी दिल्लीको अस्पतालका चिकित्सकले लेखेको चिठी तथा बिरामीका स्वास्थ्य सम्बन्धी रिपोर्टहरू लिएर सो अस्पतालमा पुग्यौँ । सफासुग्घर तथा शान्त त्यो अस्पतालको वातावरण निकै राम्रो थियो । सबै रिपोर्ट पढेपछि र रजनीको स्वास्थ्य परीक्षणपश्चात् अस्पतालले केमोथेरापीका निम्ति भर्ना गऱ्यो । तर उनको शरीरमा रगत निकै कम भएको र त्यसले गर्दा तागत पनि निकै घटेकाले उनलाई रगत दिनुपर्ने भयो तथा केही दिन विभिन्न औषधी दिएर उनको शरीरलाई केमोथेरापीका कडा औषधीहरू थेग्न सक्ने बनाउनुपर्ने भयो । रगत त्यसरी घटेर जानु भनेको पनि राम्रो लक्षण रहेनछ । करिब पाँच दिनसम्म उनलाई विभिन्न उपचार गरियो । मेरा छोरा कृपेश र उसका साथीहरू जस्विन र प्रतीकले रगत दिएछन् । अरू साथी पनि परिआएको बेलामा रगत दिन तयारी अवस्थामा थिए । यो उपचार सकिएपछि रजनीको मुहार निकै रातोपिरो भयो । उनका

कलेजका साथीहरू सरला, श्रीधरा, गीता, मिना आदि दिनहुँ उनलाई भेट्न जान्थे अस्पतालमा र केही साथीहरू त राती-राती पनि साथी बसिदिए । अस्पताल पनि निकै सुविधाजनक थियो । मैले त्यहाँको सबैभन्दा राम्रोमध्येको कोठामा नै रजनीलाई राख्ने प्रबन्ध मिलाएको थिएँ । दुई दिन लगाएर केमोथेरापी गरेको केही दिनपछि उनलाई घर पठाइयो अस्पतालबाट । तर उनी यसपालिको उपचारपछि निकै कमजोर हुँदै गइन् र केमोथेरापीको असरले उनको कपाल पनि झर्न सुरु भयो । त्यसैले उनी आफैँले कपाल खौरने निधो गरिन् र घरैमा छोरीहरू मिलेर खौरिदिए । मुडुलो टाउको सुहाउन त सुहाएको थियो तर यसो गर्नुपरेको नराम्रो रोगका कारणले भएकाले मेरो मन निकै रोइरहेको थियो । उनी बिस्तारै खस्किँदै गइरहेकी थिइन् वास्तवमा ।

एकदिन काठमाडौँमा उपचार गराइरहेको उक्त अत्याधुनिक क्यान्सर अस्पतालमा तेस्रो केमोथेरापी गर्न भर्ना गर्न जाँदा त्यहाँका वरिष्ठ चिकित्सकले मेरा छोराछोरीलाई अब उनको अवस्था झन्-झन् बिग्रँदै जान्छ, त्यसैले घरैमा राखेर उपचार गर्नू भनेर ठाडो तरिकाले फिर्ता पठाएछन् । उनीहरू निकै निराश भएर रजनीलाई लिएर घर फर्केछन् । केही दिन उनीहरूले यो कुरा मलाई बताएनन्, तर एकदिन भने मलाई फोनमा सबै कुरा भने । निकै दुख र आश्चर्य लाग्यो नेपालका त्यस्ता अस्पताल र चिकित्सकहरू देखेर । हो, उनलाई भयानक किसिमको रोग लागेको थियो, तर एउटा वरिष्ठ विशेषज्ञले त्यसरी पन्छिएर बिरामीलाई घर पठाउन मिल्छ र ? तीतो कुरा पनि मिलाएर भन्न र निको नहुने रोगको पनि अन्तिमसम्म औषधोपचार गर्न मिल्दैन र ? यस्तै अवस्थाका लागि नै अस्पताल खोलिएको होइन र ? कति बिरामीलाई चामत्कारिक तरिकाले पनि रोग निको भएको छ । सास होउञ्ज्यालसम्म त कोसिस जारी राख्नै पर्छ नि ! मैले मेरा छोराछोरीहरूलाई एकपटक दिल्लीको अस्पतालको चिकित्सकसँग ईमेलमा सम्पर्क गर्नलाई भनेँ । उनीहरूले पनि त्यसै गरेछन् । त्यहाँका चिकित्सकले कलेजोको एउटा परीक्षण गरेर उनले भनेको मापदन्डअनुसारको रिपोर्ट आयो भने दिल्ली लिएर आउनू भनेछन् । उनको कलेजोको परीक्षण पनि तत्कालै गर्दा मापदन्डअनुकूलकै रिपोर्ट आएकाले फेरि चिकित्सकसँग सल्लाह गर्दा बिरामीलाई लिएर आउनू भनेछन् । म विराटनगरमा भएकोले छोरी र ज्वाइँले पिताजीको हेरचाह गर्ने बन्दोबस्त मिलाएर छोरा, भाञ्जा रितेश र छोराको एकजना भाइ केटो प्रवीणसँग रजनी दिल्ली गइन् । मेरा छोरी, ज्वाइँसाहेब र रजनीकी साथी सरला परिआएमा दिल्ली जाने गरी तयारी अवस्थामा बसिराखे । दिल्ली गएपछि

भोलिपल्ट अस्पतालमा चिकित्सकले फेरि उनको कलेजोको जाँच गर्दा त बिलिरूबिन औसत मापदन्डभन्दा निकै बढेको देखिएछ । चिकित्सकले छोरा कृपेशलाई उनको कक्षमा बोलाएर क्यान्सरकै कारण कलेजो बिग्रँदै गएकाले बिलिरूबिन बढेको र यदि यो घटेमा केमोथेरापी फेरि गर्न सकिने बताएछन् । उनले काठमाडौंको त्यो अस्पताल र चिकित्सकको आफ्नो अस्पतालसँग सहकार्यको सम्झौता भए तापनि उनीहरूको त्यस्तो रूखो व्यवहार राम्रो नभएको बताएछन् । बिरामीलाई उपचार गर्न र सकेसम्म जीवन लम्ब्याउन नै विशेषज्ञता प्राप्त त्यस्ता अस्पताल खुलेकाले कसरी हुन्छ असम्भव ठानिएको कार्यमा पनि प्रयास गरिरहनु र बिरामीको अवस्था सुधार्ने कोसिसमा लागिरहनु चिकित्सकको धर्म नै भएको कुरा बताएछन् । उनले उनकैअगाडि कस्ता–कस्ता उपचार हुन नसकिने भनिएका बिरामीहरू पनि बिस्तारै तग्रिँदै गएका देखेकाले ज्यान होउञ्ज्यालसम्म उपचार जारी राख्नुपर्ने बताएछन् । यो कुरा छोराले फर्केर आएर मलाई सुनाएपछि मलाई लाग्यो, अत्याधुनिक उपकरणहरू ल्याएर भव्य अस्पताल खोल्दैमा त्यो अस्पताल राम्रो हुने होइन रहेछ, त्यहाँ काम गर्ने चिकित्सक, नर्स तथा अन्य कर्मचारीमा पनि सकारात्मक सेवाभाव हुनु जरूरी रहेछ । बिरामीलाई पनि चिकित्सक र अन्य सहायकहरू आएर सेवा गर्दा आफू ठीक हुँदै जाने अनुभूति जागोस् भलै त्यो रोग निको हुने वा उसको बाँच्ने सम्भावना निकै झिनो किन नहोस् । दिल्लीको चिकित्सकले भनेजस्तो बिलिरूबिन घटेपछि केमोथेरापी गर्ने प्रतीक्षामा हामी भए पनि बिलिरूबिन त झन्–झन् बढेर पो जान थाल्यो र रजनी पनि कमजोर हुँदै गइन् ।

अलिकपछि उनले मलाई विराटनगरमा फोन गर्नेक्रम घट्दै गयो । मेरो फोन पनि उठाउन छाडिन् । छोराछोरीलाई सोध्दा उनी जुन बेला पनि सुतिरहने र घरमा पनि धेरै नबोल्ने भएको र अरूले बोल्दा र भेट्न आउँदा पनि झर्को मान्ने तथा खुराकी पनि एकदम घटिसकेको बताए । वास्तवमा उनलाई भित्र–भित्र एकदम छिटो गाह्रो पार्दै लगेको रहेछ । क्यान्सरका कोषहरू निकै छिटो फैलिन्छन् भन्थे चिकित्सक पनि । त्यसपछि म महिना–डेढ महिनापश्चात् काठमाडौं आउँदा उनको शरीर पहिले देखेको भन्दा निकै नै घट्दै गएको र मुहार पनि कालो हुँदै गएको, आँखा पहेँलो तथा घाँटी र पाखुरा हेर्नै नहुने गरी सुक्दै गएको र हिँड्नलाई अरूको सहारा लिनुपर्ने निकै निरीह अवस्थामा पुगिसकेको देख्दा म भक्कानिएर रून मात्र बाँकी भइसकेको थिएँ तर त्यस्तो अवस्थामा पनि मैले उनैका लागि र मेरा छोराछोरीका लागि आफ्नो

मनलाई काबूमा ल्याएँ । केही दिनको बसाइ र कार्यालयको काठमाडौंमा गर्नुपर्ने काम सकेर म विराटनगर फर्कने दिन रजनीसँग बसेर सामान मिलाउन लाग्दा उनी सुक्सुकाएर रून थालिन् । यस्तो कहिल्यै गर्दिनथिन् उनी । म छिट्टै फेरि आउँछु भनेँ मैले । उनले पनि आफूलाई सम्हालेर मलाई आफ्नोसामु बोलाएर सुम्सुमाउँदै "राम्रोसँग जानू, मेरो चिन्ता नगर्नू, मलाई बिस्तारै निको हुन्छ, बरु तिमी बिरामी होलाऊ, ख्याल राख्नू आफ्नो" भनिन् । उनले भनेजस्तै उनलाई फाइदा हुँदै गएर केही समयमा उनी पहिलेकै रूपमा फर्कने हुन सके कस्तो राम्रो हुने थियो तर के गर्ने ! हामीले चिताएको जस्तो हुने सम्भावना बिलकुल थिएन र हामीले गर्न सक्ने पनि केही थिएन विलापबाहेक, त्यो पनि मनमनै । भारी मन लिएर उनलाई केहीबेर अँगालेर म फेरि केही समयपछि आउने र आफ्नोसमेत ख्याल गर्ने वाचासहित विमानस्थलतर्फ लागेँ । उनको र पिताजीको हेरचाहका लागि छोरी कृपा, छोरा कृपेश र साथमा ज्वाइँसाहेब विशाल पनि भएकाले म ढुक्क नै थिएँ ।

हामीले केही आफन्तका आग्रहमा दिल्लीकै अस्पतालसँग समेत सल्लाह गरेर उनलाई आयुर्वेदिक चिकित्सकको रेखदेखमा उनका औषधीहरू पनि खुवाएका थियौँ विश्वास नलागे पनि । तर खासै फाइदा भएको भने देखिएन । गहुँको जमराको रस, सजिवनको पात, बेलायतबाट मगाएर गहुँ तथा सजिवनको जमरा र पातको धूलो, कोइरालाको रूखको बोक्रा सुकाएर त्यसको चिया, के-के मात्र खुवाएनौँ । तर केही लागेन ।

त्यति नै बेलातिर हाम्रो आयोजनाको विराटनगरस्थित कार्यालय अब काठमाडौंमा नै सारेर सबै कर्मचारीहरू एउटै ठाउँबाट काम गर्ने र आयोजनासँग सम्बन्धित पूर्वाञ्चलका सात जिल्लामा भने काम परेका बेला भ्रमण गरिरहने कुरा भइरहेको थियो । यो र अन्य महत्त्वपूर्ण विषयमा छलफल गर्न करिब दुई महिनापछि म काठमाडौं के गएको मात्र थिएँ, त्यति नै बेला विराटनगरमा ठूलो बाढी पसेछ र विमानस्थललगायत धेरै क्षेत्र पाँच-छ फिटसम्म डुब्न पुगेछन् धेरै दिनसम्म । निकै ठूलो क्षति पुगेछ विराटनगरको सेरोफेरोमा । यस्तो बाढी तीन दशकअघि पनि एकपटक पसेको रहेछ शहरी क्षेत्रमा । तै म बसेको घरतिर भने पानी पसेनछ । यसपछि मैले करिब दुई महिनाजति काठमाडौंबाट नै काम गरेँ । रजनीको स्वास्थ्य पनि निकै खस्कँदै गइरहेको थियो । अस्पताल लाने र घर ल्याउनेक्रम बढ्दै जान थाल्यो । उसको पेट र कलेजो निकै दुख्न थाल्यो । क्यान्सरले गर्दा कलेजो पूरै काम नलाग्ने

हुँदै गयो र पेट पनि निकै फुल्न थाल्यो । खुट्टाहरू सुन्निएर पानीका फोका फुट्दै निकै नहुने घाउहरू लाग्न थाले । तैपनि अस्पताल र घरमा उपचार गर्दा-गर्दा उनलाई सजिलो पार्ने निकै प्रयत्न गर्‍यौँ हामीले । छोरी कृपा र छोरा कृपेशका चिकित्सक साथी र अन्य साथीले उनीहरूलाई निकै सघाए । मेरा छोरा-छोरीले आफ्नी आमाको दिलोज्यानले सेवा गरे । रजनीका साथीहरू पनि आइरहे । उनकी एकजना साथी सरला त दिनहुँ आएर उनको स्याहारमा नै जुटिन् ।

मेरो छोराले काठमाडौंकै अर्को निकै ठूलो अस्पतालमा उनलाई जचाउने र परेको बेला भर्ना गर्ने व्यवस्था मिलाएछ । यो अस्पताल एकदम महँगो र टाढा पनि छ तर त्यहाँका चिकित्सक र सहायकहरू सबै निकै सहयोगी र बिरामीलाई स्नेह गर्ने खालका रहेछन् । हो, यस्तै तालिमको खाँचो छ हाम्रा अस्पतालहरूमा । बेला-बेलामा त्यहाँ लगेर केही दिन राखेपछि घर आउँदा रजनी निकै तङ्ग्रेर खुशी हुन्थिन् । उनलाई जाँच्ने त्यहाँका एकजना युवा चिकित्सक र उनका सहायकहरूको टोलीसँग रजनीको तालमेल खूबै मिल्थ्यो । एकदिन म पनि काठमाडौं आएका बेला अस्पतालमा दिनभरि रजनीसँग साथी बसिरहँदा उनै चिकित्सक र उनका सहायक नर्सहरू आएर सेलाइन पानीमा आवश्यक औषधीहरू मिलाएर उनको रगतमा चढाउँदै मधुरो स्वरमा नर्सहरूसँग अङ्ग्रेजी भाषामा "म अरू कुनै उपचार चाहन्नँ, खाली म बिरामीले शान्ति पाओस्, उसलाई कुनै दुख-दर्द नहोस् भन्ने चाहन्छु" भने । उनको यो कुरा रजनीले पनि सुनिछन् । उनीहरू बाहिर निस्केपछि उनले मतिर हेरेर "कपिल, यिनीहरूले किन यस्तो कुरा गरेको ? म अब बाँच्दिनँ कि क्या हो" भनेर सोधिन् । मलाई पनि एकदम दुख लागेको थियो त्यो कुराले तर मैले हत्त न पत्त कुरा मोड्दै मुस्कुराएर "होइन, उसले भन्न खोजेको कुरा के भने, हाम्रो घरमा दिनहुँ विभिन्न थरीका मानिस भेट्न आउँछन् र तिम्रो हालचाल सोधिरहन्छन् त्यसैले तिमीलाई आराम नै पुगेको हुँदैन, तर अस्पतालमा बसुञ्ज्याल तिमीले मज्जाले आराम लिन पाऊ भन्न खोजेको हो उसले" भनेँ । सोझी बिचरी रजनीले तुरन्त मेरा कुरा पत्याएर "हो, मलाई यो अस्पताल र यहाँका कर्मचारीहरूसँग बस्दा निकै आराम महसुस हुन्छ, म एकाध वर्षमा त फेरि तङ्ग्रेर घुम्न जान सक्छु होला हगि कपिल, मलाई युरोप, अमेरिका र एकचोटि फेरि हङकङ घुमाउन लग है" भनिन् । मन धर्धर्ती रोइरहेको भए पनि मैले हाँस्ने प्रयत्न गरेर उनको कुरामा सहमति जनाएँ । त्यो दिन बेलुकी मेरो एकजना निकै मिल्ने बालसखा राजेन्द्र अस्पतालमा आयो । उसलाई मैले रजनीसँग भएको कुरा बाहिर

बसेर भनैं । वास्तवमा मैले रजनीको स्वास्थ्यको जटिलताबारे कुनै पनि चिकित्सकसँग सोधेको थिइनँ । मलाई त्यसो गर्ने हिम्मत पनि थिएन । म रजनीको स्वास्थ्यबारेका नकारात्मक टिप्पणी सुन्न पनि चाहँदिन थिएँ । तर मेरो साथीले सोही चिकित्सकलाई भेटेर बुझेछ । ती चिकित्सकले आफूले बिरामीको मनोबल बढाउन मात्र हल्कासँग कुरा गरेको तर बिरामी अब धेरै हप्ता नबाँच्ने र उनले बिस्तारै होस गुमाउँदै जाने बताएछन् । यो कुरा सुनेको दिन मलाई रातभर डर, त्रास र ग्लानिले सतायो ।

रजनीलाई बिस्तारै कलेजोतिरको पेट बेतोडले दुख्ने, पेट एकदम फुल्ने, सास फेर्न गाह्रो हुने, छटपटी हुने, खाना खान मन नलाग्ने, छिन-छिनमा शौचालय लगिरहनुपर्ने तथा रात परेपछि डराउनेजस्ता कुराहरू हुन थाले । हामीले फेरि अस्पताल लग्यौँ । त्यहाँ अक्सिजन दिएर मर्फिनको सुई तथा अन्य औषधी दिएपछि उनका यी अप्ठ्याराहरू कम हुँदै गए । करिब एक हप्ताजति हामी पालैपालो गरेर अस्पतालमा कुरेर बस्यौँ । उनलाई फाइदा भइरहेको थियो । पूर्वाञ्चलका केही पहाडी जिल्लामा तालिम तथा गोष्ठी सञ्चालन गर्न म तथा मेरा केही सहकर्मी इलाम, धनकुटा र विराटनगर जानुपर्ने थियो करिब दश दिनका निम्ति । मैले रजनीको यस्तो अवस्था भएकाले साथीहरूलाई पठाएर आफू उसैको हेरचाहमा बस्ने विचार गरेँ । छोराछोरीसँग सल्लाह गर्दा उनीहरूले "होइन हजुर आफ्नो काममा जानुहोस्, अहिले अलिक सुधार पनि भएको छ, र यदि स्वास्थ्य बिग्रँदै गएमा हामी खबर गर्छौँ अनि हजुर आइहाल्नुहोला" भने । मेरा भाञ्जा पनि नागरिक उड्डयन प्राधिकरणको इन्जिनियर भएकाले उसले त्यस्तो हतारमा आउनुपर्ने परिस्थितिको सिर्जना भएमा उसले विमानसेवाहरूलाई विनम्र आग्रह गरेर मलाई छिटोभन्दा छिटो काठमाडौं पुग्ने बन्दोबस्त गर्ने कुरा बतायो । अनि मैले रजनीसँग पनि अस्पतालमा सल्लाह लिएँ । उनले अहिले आफूलाई निकै सजिलो महसुस हुँदै गएकाले यस्तो तालिम दिने तथा कार्यालयको काममा गाउँघर जाने अवसर नगुमाउन सुझाव दिइन् । मैले फेरि पनि दोहोऱ्याएर उनलाई सोध्दा उनले हातले इसारा गरेर जानू भनिन् । सुस्मा पिताजीले रजनी यस्तो बिरामी भएको बेलामा किन जानुपऱ्यो भन्नुभयो र पछि फेरि हुन त त्यति टाढा होइन, स्वास्थ्य अलिक बिग्रेको खबर गरे भने भ्रमण छोट्याएर आउनू भन्नुभयो ।

भोलिपल्ट म कार्यालयका सहकर्मीहरूसँग विमानमा भद्रपुर गएर त्यहाँबाट बिर्तामोड हुँदै हाम्रो आयोजनाअन्तर्गतका क्रियाकलापहरूको निरीक्षण गर्दै फिक्कल र इलाम

गएर दुई दिनपछि विराटनगर फर्कें । विराटनगरको आफ्नो डेरा छाड्न तथा आफ्ना सामानहरू काठमाडौंमा पठाउन म सो घरमा जाँदा छिमेकीहरूले मलाई भेटेर "तपाइँले त हामीलाई शून्य हुने गरी छाडेर जान लाग्नुभयो" भने । मलाई पनि एकछिन निकै दुख लाग्यो । थोरै समय एकै ठाउँमा बसे पनि एकअर्कामा स्नेहको भावना कसरी बस्दो रहेछ । त्यसमा पनि हामी नेपालीको त यो बानी नै हो ।

चिकित्सकले घरमा पनि अक्सिजन दिएर राख्न तथा छातीमा मर्फिनको टेपजस्तो प्याच लगाइदिराख्ने निर्देशन दिएका रहेछन् । छोराछोरीले घरको बिछ्यौनामा सुत्न असजिलो भयो भनेर अस्पतालकै जस्तो बिछ्यौना किनेर रजनीको कोठामा राखिदिएका रहेछन् । उनीहरू पालैपालो आमाको समीपमा बसिरहन्थे एकछिन पनि एक्लो नछाडेर । पछि-पछि रजनीले मलाईभन्दा पनि यिनै छोरी र छोरालाई मात्र खोज्न थालिन् । किनकि म कार्यालयको कामका कारण विराटनगर र काठमाडौं ओहोरदोहोर गरिरहनुपर्दथ्यो र छोरी र छोराले भने सबै काम छाडेर आमाको स्याहारसुसारमा तल्लीन भएर लागेका थिए र मेरो मद्दत परेमा मलाई फोन गरिहाल्दथे ।

फेरि त्यसको दुई दिनपछि अर्को कार्यक्रमअन्तर्गत इलाम गएँ र एकदिने तालिम तथा गोष्ठी सञ्चालन गरेँ सहकर्मीहरूका साथमा । त्यहाँबाट धनकुटा जाने कार्यक्रममुताबिक बिहान धनकुटा जानुअघि छोरीलाई फोन गरेको थिएँ । उसले रजनीको स्वास्थ्य अलिक बिग्रँदै गरेको, बेला-बेलामा बेसूरा कुराहरू गर्ने, चिड्चिडिने तथा छटपटी पनि भइरहने हुन्छ भनिन् । छोराछोरीका चिकित्सक साथीहरूले जाँच्दा भने रक्तचाप, अक्सिजनको मात्रा र मुटुको चाल आदि ठीकै हुने गर्थ्यो रे ! म निकै अन्योलको अवस्थामा थिएँ । के गर्ने र के नगर्ने भनेर मेरो दिमागले सोच्नै छाडिसकेको थियो । छोरीले मलाई आफ्ना कामहरू राम्रोसँग सक्काउन सुझाव दिइन् र बिरामी भएकोले रजनीलाई यदाकदा यस्तो हुँदैमा आत्तिहाल्नुपर्ने कुरा नभएको बताइन् । दिउँसोतिर हामी धरान पुग्यौं । घटस्थापनाको दिन थियो । मन अति नै विचलित थियो । धरानमा दाजु युवराज राई र परिवार, दाजु कुन्दन श्रेष्ठ, भाइ नवीन राजभण्डारी आदिसँग भेट भयो र हामी सोही रात धनकुटा पुग्यौं । मलाई मेरा काठमाडौंका मित्र प्रेम डंगोलले धनकुटास्थित उनको होटल मुर्चङ्गामा बस्ने बन्दोबस्त मिलाइदिएका थिए । सो होटलको व्यवस्थापन एकजना खारिएका पर्यटन व्यवसायी अनिल पालले हेर्दा रहेछन् । निकै शालीन र अनुभवी उनले मलाई त्यहाँको दुई दिनको बसाइका दौरान

नेपालको पर्यटन व्यवसायको विकासक्रम र हालको अवस्थाबारे निकै कुरा सुनाए । धनकुटामा यस्तो स्तरीय होटल निकै खट्किएको थियो । हिलेमा भने एकाध निकै स्तरीय होटल खुलिसकेका छन् ।

धनकुटाको एकदिने तालिम र गोष्ठी पनि निकै सार्थक रह्यो । लघु, साना तथा मध्यम उद्यमी र बैंक तथा बित्तीय संस्थाहरूबीच सम्बन्ध स्थापित गर्ने काम पनि गऱ्यौं हामीले । यिनीहरूबीच एकअर्कासँग सहकार्य गर्ने वातावरण बनाउन सकेकोमा मनमा निकै सन्तोष भयो तर बेला-बेलामा ध्यान भने घरतिर नै पुगिरहन्थ्यो । साँझपख माथि हिलेसम्म हामी गाडीमा गएर केहीबेर घुमघाम गरेर फर्कियौं । दशैं सुरु भइसकेको हुनाले त्यहाँ बेलुकीको समयमा पनि केही राम्रै चहलपहल थियो । भोलिपल्ट बिहानको नास्तापश्चात् हामी विराटनगरका निम्ति गाडी चढेर धनकुटाबाट बिदा भयौं । गाडीमा गफ गर्दै बाटोमा देखिने यस भेगका सौन्दर्य हेर्दै हामी १० बजेतिर भेडेटार पुग्यौं । त्यहाँ एक कप चिया पिएर हामी धरानतिर ओर्लिन थाल्यौं । धरानमा पनि केहीबेर काठमाडौंका लागि कोसेली किन्ने भनेर साथीहरूले भनेकाले केहीबेर बसपार्कवरिपरि नै किनमेल गऱ्यौं र फेरि विराटनगरका लागि प्रस्थान गऱ्यौं । धनकुटाजस्तो ठन्डा ठाउँबाट विराटनगर पुग्दा निकै गर्मी महसुस भयो । हाम्रो आयोजनाको कार्यालयमा गएर केहीबेर काम गऱ्यौं अनि काठमाडौं लग्नुपर्ने सामानहरू लिएर म, चन्द्रकान्त तथा निधान भाइ विमानस्थलतिर पनि लाग्यौं । दिनभरि केही पनि नखाएकाले त्यहाँको क्यान्टिनमा बसेर खाजा मगायौं । त्यहीबेला काठमाडौंमा छोरीलाई फोन गर्दा उसको फोन उठेन र फेरि छोरालाई गर्दा पनि उठेन । मेरो मनमा एकदम चिसो पस्न थाल्यो । केहीबेरपछि छोराले फोन गरेर रजनीलाई अलिक धेरै नै सञ्चो नभएको कुरा बतायो र मलाई कतिबेला फर्कने भनेर सोध्यो । मैले हामी विमान कुरेर बसिरहेको बताएपछि उसले घरसँगैको साथीलाई गाडी दिएर मलाई लिन पठाउने कुरा बतायो । म झनै झस्कन पुगें । एकदम उकुसमुकुस हुन थाल्यो मलाई । काठमाडौंमा विमान अवतरण गरेर म बाहिर गाडीमा आएर बसेपछि पनि मैले छोराको साथीलाई केही सोध्न सकिनँ । घर पुगेर जब म मेरो र रजनीको कोठामा पुगें, मेरो हंसले ठाउँ छोडिहाल्यो । उनी आँखा र मुख खोलेर अचेत अवस्थामा अक्सिजनसहित सुतिरहेकी र चारैतिर हाम्री महालक्ष्मी माइजुलगायत हाम्रा छोराछोरी र ज्वाइँ, भाञ्जा र बुहारी, रजनीको भाइ र उसको पनि सालाभाइ तथा छोराछोरीका दुईजना चिकित्सक साथी बसेर विलाप गर्दै रहेछन् । उनी वास्तवमा

अन्तिम अवस्थामा नै पुगिसकेकी रहिछन् । मैले उनको हात समाएर "रजनी, म आइपुगेँ, तिमीलाई केही हुन्न, हामी अब अस्पताल लान्छौँ" भनेँ । तर उनले मेरो हात हल्का थिचेजस्तो मलाई महसुस भएको बाहेक अरू कुनै प्रतिक्रिया देखिएन । छोराछोरीका चिकित्सक साथीहरूले मलाई बाहिर बोलाएर "अङ्कल, अन्टी अचेत भइसक्नुभएको छ, होस छैन र बिस्तारै हातखुट्टा र दिमाग मृत हुँदै गइसकेको छ, केही समयमा नै पूरै मृत हुन्छ उहाँको शरीर । अस्पतालमा उहाँलाई जाँच गर्ने गरेको चिकित्सकलाई सोध्दा पनि उनले अन्टीलाई शान्त वातावरणमा राख्नू । परेमा म घरमा नै आउँला भनेका छन्" भने । बिहान एघार बजेतिर "कपिल खै, कुन बेला आउँछ घरमा" भनेर कैयन्पटक उनले छोरी र छोरालाई सोधेकी रहिछन् । एकछिन म निकै भक्कानिएँ तर फेरि आफूलाई नियन्त्रणमा ल्याएँ । छोरी र छोरालाई बाहिर बोलाएर संयम अपनाउन भनेँ । त्यसको केही छिनमा मेरी प्यारी पत्नी तथा मेरा छोरी र छोराकी ममतामयी माताले सधैँका निम्ति आफ्नो देहत्याग गरेर हामी सबैबाट टाढा शून्यमा बिलाउन गइन् । केहीबेर रूवाबासी र कोलाहल मच्चियो घरमा तर मैले सबैलाई संयमित रहनलाई आग्रह गरेँ । हेर्दाहेर्दै केही नभएकी हाम्री रजनीलाई यत्रो ठूलो रोग लागेर उनी आज हामी सबैलाई टुहुरो बनाएर अनन्तमा बिलाइन् । उनको मृत शरीर मात्र बाँकी भयो । ओहो ! विधिको कस्तो नियति हो यो, बीस वर्षको दौरानमा हाम्री ममतामयी सोभ्की आमा ५९ वर्षको उमेरमा नै मुटुको रोगले गर्दा परलोक हुनुभयो भने करिब ६ वर्षअघि हाम्रा माहिला दाइ पनि मृगौलाको रोगले गर्दा ५२ वर्षको भर्खरको उमेरमा नै परलोक भए अनि अहिले आएर हामी सबैकी प्यारी रजनीको ५० वर्षको उमेरमा देहावसान भयो ।

हाम्रो घरसँगै बस्ने हाम्री महालक्ष्मी माइजु र हाम्रा अति नै नजिकका पारिवारिक मित्र भोगबहादुर थापा र उनका परिवार आएर आधारातसम्म हामीलाई सम्झाइबुझाइ गरे । मैले पनि छोरी र छोरालाई निकै सम्झाएँ । जुन दिन रजनीलाई यस्तो भयानक रोग लागेको खुलासा भयो, त्यो दिन हामी छानाबाट खसेसरि भएको कुरा बताएँ । त्यसपछि सात महिनासम्म पल-पल उनको उपचारमा खटिएका हामी सबैले निकै कोसिस गर्दा पनि केही नलागेको कुरा पनि बताएँ र आज फेरि हाम्रैअगाडि उनले प्राण त्याग गर्दा हामीले टुलुटुलु हेरिरहनेबाहेक केही गर्न नसकेको कुरा पनि बताएँ । उनीहरू भावुक बनेर सुनिरहेका थिए । अनि मैले फेरि उनीहरूलाई अब भोलि बिहान भएपछि हामीले उनको शरीरलाई सदाका निम्ति उनको कोठाबाट घरबाहिर

लानुपर्ने र अनि सबै बन्धुबान्धवका साथ उनलाई पशुपतिनाथको मन्दिरमा अवस्थित आर्यघाटमा लगेर अन्तिम संस्कार गर्नुपर्ने कटु सत्य पनि सम्झाएँ । यी सब निकै पीडादायी काम भए पनि हामीले निकै संयमता अपनाएर यी सब काम र त्यसपछि गर्नुपर्ने काजक्रियाहरूसमेत गर्नुपर्ने कुरा उनीहरूलाई बताएँ ।

रातभर मैले रजनीसँग बिताएका पलहरू एक-एक गर्दै सम्झेर बसेँ । पहिलोचोटि उनलाई देखेको, कलेजका साथीहरूको आँखा छलेर विभिन्न ठाउँमा घुम्न गएको, बिहेका बेलाका सङ्घर्षपूर्ण दिन, बालबच्चा हुर्कँदाका क्षण, दुखसुखका अन्य धेरै पलहरू आदि सम्झँदै बस्दा पूरै रात छर्लङ्गै बितेछ । रजनी बिरामी परेदेखि नै हाम्रा छोरी र छोराले विभिन्न खालका अति नै विषम परिस्थितिहरूको सामना गर्नुपर्‍यो । यिनीहरूले ती सबै परीक्षाका घडी पार गर्न सके र त्यसमा मलाई यिनीहरूमाथि निकै ठूलो गर्व छ भने यिनीहरूले कलिलै उमेरमा अनेकन् असहज उतारचढाव भोग्नुपरेको र अझ आफ्नी ममतामयी माता नै गुमाउनुपरेकोमा मेरो मन निकै रोएको छ । अब बाँकी जिन्दगभर मेरो प्रयास यही नै रहनेछ कि मैले मेरा यी प्यारा छोरी र छोराको बाबु मात्र नभई आमाको भूमिका पनि खेलिरहन सकूँ ! मैले अब रजनीको माया, प्रेम र अँगालो कहिल्यै नपाउने भए तापनि हाम्रा यी सन्तति सधैँ-सधैँ हाँसिरहेका देख्न पाऊँ र रजनी जहाँ भए पनि उनले आफ्नो पतिले उसको दायित्व पूरा गरिदिइरहेको आभास उसलाई सधैँ भइरहोस् ! अलबिदा, मेरी प्रिय साथी, प्रेमिका, अर्धाङ्गिनी !

उनका अन्तिम दिनहरूतिर काठमाडौँबाट कार्यालयको काम गर्न पाउँदा मलाई रजनीका सामु बिहानबेलुकी बसिरहने मौका मिल्यो । मेरा छोरी र छोराले उनको धेरै सेवा र स्याहार गरे अन्तिम समयसम्म । छोरी कृपा रात-रातभर नसुतेर रजनीकै समीपमा बसेर खानपिन गराउने र शौचालयसम्म लाने गर्थिन्, उनीसँग कुरा गरेर बसिरहन्थिन् । छोरा कृपेश खाना पकाउनेदेखि लिएर औषधी तथा चिकित्सकको व्यवस्था गर्ने र रातोदिन उनलाई अस्पताल लग्न तयारी अवस्थामा बसिरहन्थ्यो । म आफ्नो कार्यालयको काममा पनि व्यस्त रहनुपर्ने र केही घण्टा आरामका निम्ति पनि सुत्नुपर्ने भएकोले मैले खासै उनको स्याहार गर्न नै पाइनँ । बिहान व्यायाममा जानुभन्दापहिले भने सधैँझैँ म मेरा पिताजी, रजनी र मेरो लागि तीन कप चिया बनाउने गर्दथेँ र पिताजीलाई उठाएर चिया दिएपछि रजनीलाई उठाइकन हामी दुईजना केही बेर कुरा गर्दै चिया पिउँथ्यौँ । बिहानको चिया मैले बनाउने ठेक्का पाएको निकै वर्ष भइसकेको थियो । रजनी बिरामी हुनुभन्दा निकै वर्षपहिलेदेखि

नै बिहान म व्यायाम गर्न निस्कने बेलामा सुतिरहेको मान्छे पनि “चिया” भनेर मुस्कुराउँथिन् । यस्तो किसिमले एक अर्कासँग जिस्किने र जिस्काइ रहने हाम्रो आदत नै बनिसकेको थियो । त्यस्तो भयानक रोगले ग्रस्त हुँदा पनि उनी मलाई स्वास्थ्य राम्रो राख्न सल्लाह दिइरहन्थिन् । मेरो निन्द्रा उनी जागा रहनुपरेर खल्बलियो भनेर उनले मलाई बाहिरको अर्को कोठामा सुत्ने बन्दोबस्त मिलाएकी थिइन् ।

आफ्नो व्यक्तिगत सरसफाइमा उनी निकै ध्यान दिन्थिन् । यति ठूलो बिरामी पर्दा पनि दिनभरिमा पटक-पटक दाँत माझ्ने, कुल्ला गर्ने, हरेक दिन सुकिलो लुगा फेर्ने, छोराछोरीलाई हाम्रो शयन कोठा सफा गर्न लगाउने तथा सकिनसकी घरको तलमाथि घुमेर सरसफाइ भएनभएको अवलोकन गर्दथिन् । तर बिस्तारै उनका खुट्टाहरू निकै नै सुन्निएर, पेट फुलेर र वजन स्वात्तै घटेर कमजोरीले गर्दा उनी केही कदम पनि हिँड्न नसक्ने भइन् । पछि-पछि त सुतेको अवस्थामा ढाडमा पनि पानी जम्न सुरु भयो । अन्तिम समयतिर त बेला-बेला अलिक बेसूरा कुरा पनि बोल्न थालिन् । चिकित्सकको भनाइमा त्यतिबेलासम्म क्यान्सरका कोषिकाहरू उनको दिमागसम्म पुगिसकेका थिए रे ! हामीलाई थाहा थियो कि उनलाई बचाउन असम्भवजस्तो नै छ भनेर, तर हामी कसैले पनि चिकित्सकसँग यस्ता कुराहरूबारे सोध्ने प्रयास गरेनौँ । हामीमध्ये कसैमा पनि उनको मृत्युबारेको जानकारी राख्ने हिम्मत थिएन र हामी त्यस्तो कुरा सुन्न पनि चाहँदैनथ्यौँ । हामी उनी बिरामी नै भए पनि सधैँ हामीसँगै होऊन् भन्ने चाहन्थ्यौँ । हेर्दाहेर्दै कस्ती हृष्टपुष्ट र राम्री रजनी हिँड्नै नसक्ने, कमजोर, दुब्ली र निरीह हुँदै गइन् । हामी पनि बाहिरबाट स्वस्थ भए पनि भित्र-भित्र खोक्रा र निरीह नै भइसकेका थियौँ । किन दैवले हामीलाई नै पाएको रहेछ दुख दिन ।

मेरा पिताजी अक्सर मृत्यु र भौतिक क्षतिहरूलाई सहजरूपमा लिने व्यक्ति भए पनि रजनी बिरामी भएदेखि नै निकै चिन्तित हुन थाल्नुभएको थियो । हाम्री आमाको देहावसान भएपछि पिताजीको रेखदेख गर्ने मुख्य जिम्मा नै रजनीले लिएकी थिइन् । झनै उनलाई निकै गाह्रो हुन थालेपछि पिताजी केही नबोले पनि सबै कुरा बुझेझैँ गरी गम्भीर मुद्रामा बस्ने र बेला-बेलामा त्यो कोठामा गएर उनको स्थितिको अवलोकन गर्ने गर्नुहुन्थ्यो । उनले प्राण त्यागेको राती दश बजेको समय भएकोले पिताजी आफ्नो कोठामा गएर सुतिसक्नुभएको थियो । त्यसैले मैले उहाँलाई त्यतिबेला योबारे भन्न ठीक सम्झिनँ । भोलिपल्ट बिहान उहाँको कोठामा गएर मैले निकै भूमिका बाँधेर

रजनी अब हामीसामु नभएको कुरा सुनाएँ । पिताजी अकस्मात् भक्कानिएर "हरे ! आखिर रजनी गइन् ? हरे !" भनेर निकै विलाप गर्नुभयो । उहाँको त्यति पाको उमेरमा कुनै किसिमको असहज आघात नपरोस् भनेर मैले सकिनसकि उहाँलाई "उनले निकै दुख पाएकी थिइन् यो रोगका कारण र केही दिनदेखि दुखाइ पनि बढ्दै गइरहेको थियो । यो हिसाबले त उनलाई केही समयपछि अझ गाह्रो पार्थ्यो होला बाबा यो रोगले" भनेँ । त्यति सुनेपछि भने उहाँ बिस्तारै सम्हालिनुभयो ।

बिहान हाम्रा नजिकका नातेदार महिला र रजनीका केही सँगीहरू आएर उनको शृङ्गारपटारदेखि लिएर सौभाग्यका कपडाहरू लगाई दिए, अनि मैले उनको सिउँदोमा बिहेको दिन हालेकै सिँदुर भारी मनका साथ हालेँ । हिन्दू महिलाका निम्ति यो ठूलो सौभाग्यको क्षण हो तर यस्तो सौभाग्य ग्रहण गर्ने उमेर रजनीको भइसकेको थिएन । सबैजना मिलेर उनलाई बोकेर सदाका निम्ति घरबाट बाहिर ल्याएर राखे । आर्यघाट लग्नुभन्दापहिले मैले हाम्रो घरवरिपरिका सबै छिमेकीलाई खबर पठाउन लगाएँ । अधिकांश छिमेकी हतार-हतार हामीकहाँ आइपुगे । कतिलाई त उनी बिरामी परेको पनि थाहा रहेनछ । निकै हृदयविदारक अवस्थामा उनलाई शववाहनमा राखेर हामीले पशुपतिनाथको मन्दिरको यात्रा सुरु गर्‍यौँ । उता आर्यघाटमा पनि इष्टमित्र तथा नजिकका चिनाजानीका मानिस र हितचिन्तकहरूको भीड लागिसकेको रहेछ । सबै विधिविधान सकेर उनलाई ब्रह्मनालको पानी पिलाएपश्चात् चितामा राखेर हामी सबैले अन्तिम श्रद्धाञ्जली दियौँ र छोरा कृपेशले निकै भारी मनले आफ्नी आमालाई दागबत्ती दियो । हेर्दाहेर्दै यस संसारमा सबैझैँ एक्लो आएकी रजनी एक्लै ब्रह्मलीन भइन् । उनको अस्तु बाग्मतीमा सेलाएर हामी सबै घर फर्कियौँ ।

हामीले, खासगरी रजनीले आफ्ना यी दुई सन्तानलाई कस्तो किसिमले हुर्काएका रहेछौँ र कस्तो संस्कार दिएका रहेछौँ भन्ने कुराको परीक्षामा यी दुवै शतप्रतिशत अङ्क ल्याएर उत्तीर्ण भएका छन्, यसमा निकै ठूलो गर्व लाग्छ मलाई । तर के गर्ने दूधको भारा पूरै तिरे पनि यिनले आमासँग र मैले मेरी प्यारी सङ्गी र अर्धाङ्गिनीसँग लामो समयसम्म जीवनयापन गर्ने भाग्य रहेनछ । हामीले उनलाई बचाएर यो अनमोल जीवनको पूरापूर आनन्द दिलाउन सकेनौँ तथा उनको असामयिक निधनले हामी पनि जिउँदो मुर्दाजस्तो जीवनयापन गर्न बाध्य भएका छौँ । तर के गर्ने ! संसारमा जन्म लिएपछि जेजस्तो परिस्थितिको पनि सामना गर्नुपर्ने रहेछ । आखिर दैवको खेल र यो ब्रह्माण्डको रहस्य कसले नै बुझेको छ र ?

आज उनको निधन भएको केही समय बितिसके पनि हामी प्रत्येक दिन र प्रत्येक पल राम्रानराम्रा जस्तोसुकै परिस्थितिमा पनि रजनीलाई सम्झन्छौँ, मन निकै भारी हुन्छ, ओठतालु सुक्छ, मुटुको चाल बढ्न थाल्छ, र यो पूरै संसारमा के नपुगेको के नपुगेको जस्तो अधुरो महसुस हुन्छ । म र रजनी उनलाई यस भयानक रोग नलागुञ्ज्यालसम्म पनि केटाकेटीले जस्तो गरेर जिस्किरहने, ठट्टा गरिरहने तथा एकले अर्कोलाई गिज्याइरहने गरेर बसिरहन्थ्यौँ । अब यस्तो क्षण कसरी पाउने मैले, कोसँग मेरा मनका कुराहरू गर्ने, कोसँग बसेर विभिन्न कुरामा सरसल्लाह गर्ने, कसलाई मेरा लेख र सङ्गीतका रचनाहरू सुनाउने ? जति-जति समय बितेर गइरहेको छ, त्यति-त्यति म उनको अनुपस्थितिले तड्पिरहेको छु । सामान्य अवस्था, दुख वा खुशी होस्, प्रत्येक पलमा उनको मुहार मेरा आँखाअगाडि आइरहन्छ । कसलाई भन्ने, कसलाई सुनाउने आफ्ना विरह ? परेवाको जोडीमध्ये एउटा हरायो वा परलोक भयो भने त अर्को कति दिनसम्म घाँटी फुलाउँदै गुँ गुँ गरेर विलाप गरिरहन्छ भने म त मान्छे हुँ । कति माया गरेर, कति दुखकष्ट झेलेर जिन्दगीभर सँगै जिउने र रमाउने बाचा गरेका हामी आज एकअर्काबाट यति टाढा भयौँ कि उनको जीवन नै समाप्त भयो अनि म जिउँदो मुर्दा भएर बाँचेको छु । उमेरले सानी भए पनि मलाई सबै विधामा हराउँथिन् उनी, र अहिले मृत्युपछि जीवन हुन्छ या हुँदैन र मृत्युको समयमा कस्तो अनुभूति हुन्छ भनेर जान्ने कुरामा पनि मलाई उनले उछिनिन् । ईश्वरको सायद यस्तै इच्छा रहेछ क्यार !